महालेखापरीक्षकको
अन्ठाउन्नौं वार्षिक प्रतिवेदन
२०७८



कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदन

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
अन्ठाउन्नौं वार्षिक प्रतिवेदन
२०७८



कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदन

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

प्राक्कथन



सार्वजनिक स्रोतको नियमसंगत प्राप्ति र उपयोगले मात्र नतिजा नदिने हुँदा तिनको प्राप्ति देखि प्रयोगसम्मका क्रियाकलापहरू बुद्धिमत्ता पूर्वक सञ्चालन गरी न्यूनतम लागत र समयमा तोकिएको गुणस्तरीय वस्तु वा सेवा प्राप्त गरेको तथा प्राप्त स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धि हासिल गरी सर्वसाधरणको जीवनमा सकारात्मक प्रभाव पारेको हुनुपर्दछ । महालेखापरीक्षकको कार्यालयले सूचना प्रविधि, कार्यमूलक र वातावरणीय विषयको लेखापरीक्षण गर्दा उपर्युक्त तथ्यहरू दृष्टि गरी तीनै तहका सरकार र मातहतका निकायहरूबाट सार्वजनिक स्रोत व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्तको पालना सम्बन्धमा परीक्षण, मूल्याङ्कन र विश्लेषण गर्ने गरिएको छ ।

यस पुस्तिकामा ११ विषयको कार्यमूलक, १ विषयको वातावरणीय तथा २ विषयको सूचना प्रविधि लेखापरीक्षणको अन्तिम प्रतिवेदनहरू समावेस गरिएको छ । प्रतिवेदनहरूले योजना व्यवस्थापन, अनुदान व्यवस्थापन, निकायहरूको सेवाप्रवाह, वातावरण तथा वन्य जन्तु संरक्षण, निकायहरूको सूचना प्रणाली तथा तथ्याङ्क सुंरक्षा, श्रम तथा रोजगारका साथै सर्वसाधरणको लागि सार्वजनिक यातायात व्यवस्थाहरूका सम्बन्धमा देखिएका समस्याहरू प्रतिनिधिमूलक रूपमा उजागर गरी समाधानका लागि व्यवहारिक सुझावसमेत प्रस्तुत गरिएको छ । कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनबाट निकायहरूको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सम्बन्धित क्षेत्रमा सकारात्मक प्रभाव पर्नेमा विश्वास लिएका छौं ।

कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गर्न प्राविधिक ज्ञान, विश्लेषणात्मक क्षमता, पर्याप्त समय तथा स्रोत साधनको आवश्यकता पर्दछ । यसका साथै लेखापरीक्षणमा तथ्याङ्कको विश्लेषण, प्रश्नावली, सर्वेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग सामूहिक छलफल, अन्तर्वार्ता जस्ता विधिको प्रयोग गरिने हुँदा विषयसँग सम्बन्धित निकाय तथा कर्मचारी र सरोकारवालाको सकारात्मक सहयोग जरुरी हुन्छ । लेखापरीक्षण कार्यान्वयनमा सहयोग गर्नुहुने सम्बन्धित निकायका पदाधिकारीहरू, नागरिक संस्थाका प्रतिनिधिहरू, लेखापरीक्षण कार्यमा संलग्न हुने कार्यालयका कर्मचारी, परामर्शदाता तथा सम्बद्ध सबैमा धन्यवाद व्यक्त गर्दछु ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

विषयसूची

क्र.स.	विषय	निकाय/मन्त्रालय	पेज नं.
	महालेखापरीक्षकको अन्ठावन्नौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित		I-IX
कार्यमूलक लेखापरीक्षण			
१.	काठमाडौं उपत्यका भित्रका स्थानीय तहको सेवा प्रवाह	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	१-३१
२.	काठमाडौं उपत्यकाको यातायात व्यवस्थापन	भौतिक पूर्वाधार तथा यातायता मन्त्रालय, गृह मन्त्रालय	३२-५२
३.	कृषि मल अनुदान व्यवस्थापन	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	५३-८०
४.	प्रधानमन्त्री रोजगार कार्यक्रम	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	८१-१२४
५.	भेरी बबई डाईभरसन बहुउद्देश्यीय आयोजना	उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय	१२५-१३४
६.	लुम्विनी प्रदेश अन्तर्गत खानेपानी योजना व्यवस्था	भौतिक पूर्वाधार विकास मन्त्रालय (लुम्विनी प्रदेश)	१३५-१५३
७.	विश्वबिद्यालय अनुदान आयोगको कार्य सम्पादन	विश्वविद्यालय अनुदान आयोग	१५४-१८१
८.	सिँचाइ आयोजनामा उपभोक्ता समिति परिचालन (वाग्मती प्रदेश)	भौतिक पूर्वाधार विकास मन्त्रालय, वाग्मती प्रदेश	१८२-१९६
९.	व्यवसायिक तालिमको प्रभावकारिता	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	१९७-२२६
१०.	सुरक्षित नागरिक आवास कार्यक्रम	शहरी विकास मन्त्रालय	२२७-२३६
११.	घरबास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना (गण्डकी प्रदेश)	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (गण्डकी प्रदेश)	२३७-२५९
वातावरणीय लेखापरीक्षण			
१.	राष्ट्रिय निकुञ्ज व्यवस्थापन	वन तथा वातावरण मन्त्रालय	२६१-२८४
सूचना प्रविधि लेखापरीक्षण			
१.	भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली	भूमि व्यवस्थापन तथा अभिलेख विभाग	२८६-३०५
२.	राष्ट्रिय तथ्याङ्क सुरक्षा प्रणाली	राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC)	३०६-३५१

महालेखापरीक्षकको अन्ठावन्नौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित

कार्यमूलक तथा विशेष लेखापरीक्षण

१. **कानुनी आधार** - नेपालको संबिधान २०७२ को धारा २४१ बमोजिम महालेखापरीक्षकले संघ प्रदेश र स्थानीय तह तथा कानुनद्धारा तोकिएका अन्य संस्थाको निर्धारित निकायको नियमितता मितव्ययीता कार्यदक्षता प्रभावकारिता र औचित्यसमेत बिचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम बार्षिक प्रतिबेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने ब्यबस्था छ । नेपालको संबिधान, २०१९ को तेस्रो संशोधन २०३७ पश्चात महालेखापरीक्षकको कार्यालयले कार्यमूलक तथा बिशेष लेखापरीक्षण हुँदै आएको छ । कार्यमूलक लेखापरीक्षणको विधि तथा पद्धति अपनाई २०६८ देखि सूचना प्रविधि लेखापरीक्षण र २०६९ देखि वातावरणीय लेखापरीक्षण शुरु गरी निरन्तरता दिइएको छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा समेत महालेखापरीक्षकले कार्यमूलक, वातावरण र सूचना प्रविधि विषयको लेखापरीक्षण गर्ने व्यवस्था उल्लेख छ । सोही ऐनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू उल्लेख गरेको छ । उक्त व्यवस्था बमोजिम यो वर्ष ११ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, २ विषयको सूचना प्रविधिको लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरालाई महालेखापरीक्षणको वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ । कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षणका पूर्ण प्रतिवेदनहरूलाई समेटी यो सँगालो तयार गरिएको छ ।

२. **लेखापरीक्षणको उद्देश्य** - कार्यालयबाट सञ्चालन गरिने कार्यमूलक तथा बिशेष लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण र सूचना प्रविधि लेखापरीक्षणको उदेश्य देहायबमोजिम रहेको छः

कार्यमूलक तथा बिशेष	वातावरणीय	सूचना प्रबिधि
सार्वजनिक निकायहरु र सो बाट सञ्चालन गरिने योजना, कार्यक्रम र क्रियाकलापहरुमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता सम्बन्धमा स्वतन्त्र र बस्तुनिष्ट परीक्षण गरी सुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा योगदान पुऱ्याउनु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहको छ ।	सार्वजनिक निकायहरुले कार्यक्रम, क्रियाकलाप, योजनाहरु सञ्चालन गर्दा हुने वातावरणीय जोखिमहरुको पहिचान एवं यथोचित व्यवस्थापनका उपायको अवलम्बन सम्बन्धमा परीक्षण मूल्याङ्कन गरी दिगो विकासलाई योगदान गर्नु वातावरणीय लेखापरीक्षको उद्देश्य रहेको छ ।	सार्वजनिक निकायको सूचना प्रविधिसम्बन्धी पूर्वाधार, सूचना प्रविधि नीति, सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सफ्टवेयरको पर्याप्तता, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रक्रियामा प्रचलित कानुनको पालनाको परीक्षण एवं मूल्याङ्कन सूचना प्रविधि लेखापरीक्षको उद्देश्य रहेको छ ।

३. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षण ऐन, २०७५ को दफा ५ ले महालेखापरीक्षकले, नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत बिचार परीक्षण गर्ने व्यबस्था गरेको छ । लेखापरीक्षणको लागि मुलतः ३ देखि ५ वर्षको सूचना एवं तथ्याङ्क बिश्लेषण गरिएको छ । लेखापरीक्षण गर्दा निकाय, आयोजना, कार्यक्रम, विषयसँग सम्बन्धित क्रियाकलापहरुको गहनता, कार्य प्रकृति, जोखिम र लेखापरीक्षणबाट योगदान पुऱ्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी कार्यालयबाट गरिने कार्यमूलक, वातावरण र सूचना प्रविधि लेखापरीक्षणमा देहायका क्षेत्रहरू समेटिने गरेको छ ।

कार्यमूलक	वातारणीय	सूचना प्रविधि
• कार्यालय निकायहरूको उद्देश्य, कार्यक्रम अनुसार लक्ष्य र उपलब्धि हासिल भएको, • कार्यालयको उद्देश्य र नीति स्पष्ट भएको र सोअनुरुप कार्य भएको, • कार्यालयको कार्य प्रकृतिअनुसार सेवा प्रवाहस्तर उपयुक्त र प्रभावकारी रहेको, • कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति हासिल गरेको, • लागतको तुलनामा प्रतिफल मनासिब रहेको, • कार्यक्रम कार्यान्वयनमा लागत, लाभ स्थिति प्रभावकारी रहेको • कार्यक्रम र जिम्मेवारीमा दोहोरो नभएको, • निर्धारित समयमा कार्यक्रम/आयोजना सम्पन्न भई प्रतिफल प्राप्त भएको, • पारदर्शिता एवं जवाफदेहिताको पालना, • भौतिक, वित्तीय, एवं जनशक्ति स्रोतको अधिकतम परिचालन, • श्रोतको प्राप्ति एवं उपयोगमा मितव्ययिता, • निकाय, कार्यक्रम तथा योजनाको दिगो सञ्चालन, • दिगो बिकासका लक्ष्यहरु, • अनुगमन एवं मूल्याकन प्रणाली ।	• वातावरण सम्बन्धी नीति, ऐन, नियमको पालना, • वातावरण सरंक्षण, सम्बर्धन सम्बन्धी कार्यक्रम, योजना, क्रियाकलापहरुको कार्यान्वयन, • सार्वजनिक निकायहरुले काम कारवाही, कार्यक्रम, क्रियाकलाप, योजनाहरु सञ्चालन गर्दा परेको वातावरणीय प्रभाव, • वातावरणी प्रभाव मुल्याकंन प्रतिवेदन कार्यन्वयन, • नकारात्क प्रभावलाई न्यून गर्ने उपायको अबलम्बन • सिमसार क्षेत्र संरक्षण, • बन तथा वन्यजन्तु संरक्षण, • प्राकृतिक जल भण्डार तथा मुहानहरुको संरक्षण, • फोहर मैला व्यबस्थापन, • जैबिक फोहरको व्यबस्थापन, • यातायात व्यबस्थापन, • वायुको गुणस्तर र वायु प्रदुष, ध्वनी प्रदुषण, • जौबिक बिबिधताको संरक्षण, • प्राकृतिक सम्पदाको संरक्षण, • वातावरण परीवर्तन, • अन्तराष्ट्रिय वातावरण संरक्षण सन्धी तथा सम्झौताहरु कार्यान्वयन, • दिगो बिकास एवं कार्यक्रमको दिगोपना,	• सूचना प्रणाली नीति, • सूचना प्रणालीको सञ्चालन व्यबस्था, • हार्डवेयर एवं तथ्याक व्यबस्थापन, • सूचनाको विश्वसनियता, • सूचनाको प्रभावकारीता, • एप्लीकेशन प्रणालीको उपयुक्तता, • सफ्टवेयरको प्रभावकारीता, • सूचना प्रणालीको दक्षता र गोप्यता, • सूचनाको निष्पक्षता एंव निष्ठा, • नियमितता, • जनशक्तिको दक्षता, जागरुकता, • सूचना प्रविधि पूर्वाधारको स्थिति र निकायले प्रयोग गरेको सफ्टवेयरको उपयोगले सेवा प्रवाहमा परेको प्रभाव।

४. **लेखापरीक्षणको पद्धति** - कार्यमूलक वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर प्रमुखरुपले नतिजामुलक, समस्यामूलक तथा प्रक्रियामूलक पद्धति अवलम्बन गरिएको छ । नागरिक समाजसँगको संलग्नतामा अभिवृद्धि गर्ने कार्यलाई समेत प्राथमिकता दिइएको छ । लेखापरीक्षणको विषयगत उद्देश्य र क्षेत्र समेतलाई विचार गरी मूल्याङ्कनका लागि आवश्यक सूचना, निकायहरुबाट प्रकाशित विभिन्न प्रतिवेदन, विवरण आदिको माध्यमबाट जानकारी तथा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । उपर्युक्तअनुसार प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट तात्विक महत्वका विषयहरु पहिचान गरी त्यसको पर्याप्तता, सान्दर्भिकता, तात्विकता एवं विश्वसनीयताको परीक्षण गर्न अवलोकन, प्रश्नावली, सोधपुछ, सरोकारवालासंग छलफल, अन्तरवार्ता, विशेषज्ञको रायपरामर्श समेतको आधार लिईएको छ। निकायको प्रमुख कार्य सम्पादन सूचकहरुको सेरोफेरोमा कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्याङ्कन गरी सोही आधारमा सुधारको क्षेत्रहरु सम्बन्धमा सुझाव प्रस्तुत गरिएको छ । यसका लागि निम्नानुसारका प्रमाण सङ्कलनका विधि समेत प्रयोग गरिएकोछ ।

- विद्यमान कानुन र नीतिगत व्यवस्था, नियन्त्रण प्रणाली तथा कार्ययोजनाको विश्लेषण,
- प्रश्नावली सङ्कलन, अन्तरक्रिया सरोकार समूह छलफल, अन्तरवार्ता, स्थलगत निरीक्षण, प्रतिवेदनहरुको अध्ययन, तथ्याङ्क, नीति तथा कार्य प्रगति विश्लेषण
- प्राथमिक तथा द्वितीय सूचना सङ्कलन र विश्लेषण,
- साझेदार संस्था र निकायहरुसँग भएको सम्झौता र कार्यान्वयन,
- सरोकारवालासँगको छलफल र अन्तरक्रिया,
- स्थलगत अवलोकन र प्राविधिक विषयमा सम्बन्धितसँग परामर्श,
- छनौट भएका विषयमा विशेषज्ञबाट प्राप्त राय, सुझाव तथा प्रतिक्रिया,
- नागरिक समाजसँगको सहकार्य र पृष्ठपोषण,

५. **लेखापरीक्षणको प्रक्रिया** - कार्यालयले कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षण गर्दा मुलभूत रूपमा लेखापरीक्षण योजना तयारी, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन र अनुगमन समेतका चरणहरू सम्पन्न गर्ने गरेको छ ।

कार्यालयले उपरोक्त चरणहरूमा कार्यहरू गर्दा छनौट गरिएका विषयसँग सम्बन्धित सूचनाहरू सङ्कलन, सूचनाहरूको अध्ययन, बिश्लेषण, जोखिम क्षेत्र पहिचान, लेखापरीक्षण योजना तयारी, प्रवेश बैठक, प्रश्नावली, अन्तरवार्ताबाट सूचना एवं सङ्कलित विवरणको अध्ययन बिश्लेषण, मस्यौदा प्रतिवेदन तयारी, बहिर्गमन बैठक, प्रारम्भिक प्रतिवेदन जारी र प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया समेतलाई आधार लिई अन्तिम प्रतिवेदन जारी गर्ने कार्य गरिएको छ। कार्यमूलक लेखापरीक्षणको समग्र प्रक्रियालाई देहायको चित्रमा दर्शाइएको छ।



५.१. **विषय छनौट** - कार्यालयले कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षणको विषय छनौटका लागि सरकारको प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासो, सञ्चार माध्यममा आएका विषयका अतिरिक्त महालेखापरीक्षकको कार्ययोजना (२०७४—२०८०), नेपाल सरकार र विकास साझेदारबीच भएका सम्झौता, विकास साझेदारको अनुरोध, नागरिक समाजको सुझाब समेतलाई समेतलाई दृष्टिगत गरी उपयुक्त बिषयहरुको सूची तयार गर्ने गरिएको छ । तयार गरिएका सूचीहरुलाई तात्विकता, बिषयको महत्व, व्यवस्थापकीय कमजोरीहरु, लेखापरीक्षण कार्यान्वयनको सम्भाव्यता र प्रभाव आङ्कलन गरी अङ्क गणना गर्दा उच्च प्राथमिकता प्राप्त गर्ने बिषयलाई स्रोत साधनको र आवश्यक हुनसक्ने स्वतन्त्र विज्ञ सेवाको उपलव्धता जस्ता तत्वहरुको वस्तुपरक मूल्याङ्कन गरी निकाय वा विषय छनौट गर्ने गरीएको छ ।

५.२. **जोखिम विश्लेषण तथा योजना तयारी** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षणका लागि निकायको संगठन संरचना तथा कार्यप्रक्रियासम्बन्धी जानकारी लिई अन्तर्निहित जोखिम पहिचान, नियन्त्रण वातावरण अध्ययन, कार्यविधिको जानकारी, सूचना सङ्कलन तथा बिश्लेषण, जोखिम क्षेत्र पहिचान, सोको आधारमा लेखापरीक्षणको उद्देश्य र क्षेत्र निर्धारण त्यस अनुरूप लेखापरीक्षण प्रश्ननावली तयार गरी प्रमाण सङ्कलनका विधि र पद्धति निर्धारण गरिएको छ। लेखापरीक्षण कार्यान्वयनलाई व्यवस्थित गर्न लेखापरीक्षण योजना र लेखापरीक्षण कार्यक्रम (अडिट डिजाईन म्याटिक्स) तयार गरिएको छ।

५.३. **लेखापरीक्षण कार्यान्वयन** - लेखापरीक्षण कार्यान्वयनको सन्दर्भमा सम्बद्ध पक्षसँगको प्रवेश बैठक, सरोकारवालासँग छलफल, अन्तरवार्ता, स्थलगत अवलोकन र भौतिक परीक्षण गरी प्रमाण सङ्कलन गर्ने, प्रमाणको बिश्लेषण गरी कमीकमजोरी त्यसका कारण र परेको असर बिश्लेषण गरी यथार्थपरक र सान्दर्भिक सुझाव समेत तयार पारिएको मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी व्यवस्थापनको सुझाव प्रतिक्रिया लिने कार्य गर्ने गरीएको छ।

५.४. **प्रतिवेदन -** कार्यमूलक, वातावरणीय, सूचना प्रविधिको लेखापरीक्षण मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी व्यवस्थापनको सुझाव तथा प्रतिक्रिया प्राप्त गरी त्यसको आधारमा प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदन कार्यालयको तोकिएको ढाँचामा संगठीत रूपमा तयार गरी लेखापरीक्षणबाट देखिएको व्यहोरामा आधार (Criteria), अवस्था (Condition), कारण (Cause), प्रभाव (Consequences) र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाव (Corrective Action) उल्लेख गरिएको छ।

५.५. **अनुगमन परीक्षण –** कार्यालयले कार्यमूलक लेखापरीक्षण प्रतिवेदन निकायलाई जारी गरे पश्चात निकायको कार्य प्रकृति र सुझावमा उल्लेखित बिषयवस्तु समेतलाई दृष्टिगत गरी प्रतिवेदनले उठाएका बिषयहरू र प्रतिवेदनका सुझावहरू कार्यान्वयनका सम्बन्धमा उपयुक्त समयमा अनुगमन गर्ने गरेको छ ।

६. **मानदण्डको प्रयोग -** लेखापरीक्षणमा कार्यालयले जारी गरेको नेपाल सरकारी लेखापरीक्षणमान तथा कार्यमूलक, वातावरणीय लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित बिधि र पद्धति अनुरुप कार्यमूलक लेखापरीक्षण निर्देशिका २०६९ तथा वातावरणीय लेखापरीक्षण निर्देशिका प्रयोग गरिएको छ । साथै लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन इन्टोसाई (INOSAI) ले जारी गरेको कार्यमूलक लेखापरीक्षणको सिद्धान्तहरु ईसाइ ३००, कार्यमूलक लेखापरीक्षण मानदण्ड ईसाइ ३०००, वातावरणीय लेखापरीक्षण र सूचना व्यवस्थासम्बन्धी अन्तराष्ट्रिय निर्देशिकाको परिपालना गर्ने प्रयास गरिएको छ ।कार्यमूलक र वातावरणीय लेखापरीक्षण गर्दा सरोकारवालाहरूको संलग्नता (Stakeholder's Engagement) लाई निरन्तरता दिइएको छ।

७. **लेखापरीक्षणको आधार —** कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले योजना वा कार्यक्रम वा क्रियाकलाप सञ्चालनमा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिताको सिद्धान्तको पालनाको मूल्याङ्कन, सूचना प्रविधि लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायको सूचना प्रविधिसम्बन्धी पूर्वाधार तथा सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सूचना प्रविधिसम्बन्धी सम्पत्तिको सुरक्षा, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रक्रियामा प्रचलित कानुनको पालनाको परीक्षण एवं मूल्याङ्कन र वातावरणीय लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले अपनाउनु पर्ने वातावरणीय सुरक्षा व्यवस्था, वातावरणीय जोखिमहरुको व्यवस्थापन, वातावरणीय सुरक्षा व्यवस्थाको कार्यान्वयन, बातावरणमा परेको प्रभाव न्यूनीकरण गर्दा लिईने मापदण्डनै लेखापरीक्षणको आधार हो । लेखापरीक्षणमा प्रमुखरुपले देहायका आधार लिईएको थियो ।

- कार्यालयले विगतमा त्यस्तै लेखापरीक्षणमा प्रयोग गरेका आधार,
- विदेशी लेखापरीक्षण संस्थाबाट त्यस्तै लेखापरीक्षण गर्दा प्रयोग गरिएका आधार,
- निकाय वा विगतको संसदीय वा अन्य आधिकारिक आयोगबाट प्रयोगमा ल्याइएका कार्यसम्पादनका मापदण्डहरु,
- लेखापरीक्षण गरिने निकायसँग मिल्दोजुल्दो प्रकृतिका क्रियाकलाप, कार्यक्रम सञ्चालन गर्ने स्थानीय एवं बैदेशिक संस्थाहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्ड,
- पेशागत निकायहरु र मापदण्ड निर्धारण गर्ने निकायहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्डहरु,
- सम्बन्धित कानुन,

- निकायको कार्य सञ्चालन र कार्यविधि दिग्दर्शन र
- केन्द्रीय स्तरको निकायका नीति, मापदण्ड, आदेश र मार्गदर्शन।

८. **कार्यालयबाट सञ्चालित लेखापरीक्षणको स्थिति -** लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा कार्यमूलक, वातावरण र सूचना प्रविधि विषयको लेखापरीक्षण गर्नसक्ने व्यवस्था अनुरूप यस वर्ष कार्यालयबाट कार्यमूलक ११, वातावरणीय १, र सूचना प्रविधि २, लेखापरीक्षण सञ्चालन गरिएको छ । यस वर्ष सञ्चालित लेखापरीक्षणको स्थिति देहायबमोजिम छ:

८.१. **कार्यमूलक** - यो वर्ष कार्यालयबाट उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायता मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्विवद्यालय अनुदान आयोग, शहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय (वाग्मती प्रदेश), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (गण्डकी प्रदेश) को कार्यक्षेत्र अन्तर्गतका एक एक बिषयहरूको कार्यमूलक लेखापरीक्षण गरीएको छ ।

८.२. **वातावरणीय लेखापरीक्षण -** विगत वर्षहरुमा जस्तै यस वर्षपनि वातावरणीय लेखापरीक्षणलाई निरन्तरता दिइएको छ।यस वर्ष वन तथा वातावरण मन्त्रालय अन्तर्गतको राष्ट्रिय निकुञ्जहरुको व्यवस्थापन विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ।

८.३. **सूचना प्रविधि लेखापरीक्षण -** यस वर्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत राष्ट्रिय तथ्याङ्क सूचना प्रणाली (National Data Security System) र भूमि व्यवस्थापन तथा अभिलेख विभागको भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS) विषयको सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरिएको छ। यो लेखापरीक्षण कार्यान्वयन गर्न बेलायतको महालेखापरीक्षकको कार्यालय (नेशनल अडिट अफिस) र बेलायती सहयोगी संस्था डिपार्टमेन्ट फर इन्टरनेशनल डेभलपमेन्ट (डी.एफ.आइ.डी) तर्फबाट विशेषज्ञसेवा प्राप्त भएको थियो। यस किसिमको सहयोगले कार्यालयको जनशक्तिको क्षमता अभिवृद्धि गर्न र लेखापरीक्षणको गुणस्तर सुधारमा सहयोग मिलेको छ।

९. **लेखापरीक्षणमा नागरिक सहभागिता -** लेखापरीक्षणलाई पारदर्शी बनाउन र लेखापरीक्षणको प्रभावलाई बढाउन लेखापरीक्षणको बिषय छनौटदेखि स्थलगत अवलोकन, लक्षित समुह छलफल, प्रमाण सङ्कलन कार्यहरूमा नागरीक संस्थाका प्रतिनिधिहरूलाई सहभागि गराउने कार्यलाई यो वर्ष पनि निरन्तरता दिईएको छ । यो वर्ष देहायका लेखापरीक्षण कार्यान्वयनमा नागरीकहरूलाई सहभागी गराइएको छ ।

- काठमाडौं उपत्यका भित्रका स्थानीय तहहरुको सेवा प्रवाह ।
- राष्ट्रिय निकुञ्जहरुको व्यबस्थापन ।
- वाग्मती प्रदेश सिँचाइ आयोजनामा उपभोक्ता समिति परिचालन
- सुरक्षित नागरिक आवास कार्यक्रम
- ब्यवसायिक तालिमको प्रभावकारिता

उपरोक्त बिषयहरुको कार्यमूलक लेखापरीक्षणमा नागरीक संगठनहरुको सहभागिता गराउन सहभागितात्मक लेखापरीक्षण मार्गदर्शन, २०७३ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी सुशासन, वित्तीय अनुशासन, सशक्तिकरण अभियान लगायतका क्षेत्रमा कार्यरत नागरिक तथा संस्थाहरु छनौट गरीएको

थियो। छनौट गरीएको नागरीक संगठनको प्रतिनिधिहरूलाई लेखापरीक्षण सम्बन्धी अभिमुखीकरण समेत गरीएको थियो । लेखापरीक्षणमा नागरीक सहभागिताले जाखिम क्षेत्र पहिचान गर्न तथा प्रतिवेदनको पैरवी तथा सोको कार्यान्वयनमा सहयोग पुगी लेखापरीक्षणको प्रभाव अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरीएको छ ।

१०. **जनशक्ति परिचालन -** कार्यालयमा कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालय अन्तर्गत कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको समन्वय एवं सञ्चालन गर्ने गरेको छ । यी लेखापरीक्षणहरूमा संलग्न हुने कर्मचारीमा सो कार्य उचित तबरबाट सम्पादन गर्न सक्ने उपयुक्त सीप र सक्षमता हुनुपर्दछ । उपयुक्त प्राविधिक तालिम, अनुभव र प्रविणता प्राप्त एवं उपयुक्त स्तरको पेशागत सीप र दक्षता प्राप्त व्यक्तिहरुबाट उपरोक्त लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षण टोलीको गठन गर्दा उपलब्ध जनशक्तिको सीप, क्षमता, सख्या, कार्यबोझ र बिशेषज्ञता जस्ता विषयहरुका आधारमा निर्देशकको नेतृत्वमा रहने गरी लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधिक्षक कर्मचारीहरुको टोली बनाई खटाईएको थियो । यो वर्ष सम्पन्न ११ कार्यमूलक लेखापरीक्षण, १ वातावरणीय लेखापरीक्षण र २ सूचना प्रविधि लेखापरीक्षणका लागि नायब महालेखापरीक्षक ५, निर्देशक १०, लेखापरीक्षण अधिकारी १६ र लेखापरीक्षण अधीक्षक ४ को सहित रहेको थियो ।३५ कर्मचारी परिचालन गरिएको थियो ।

११. **लेखापरीक्षणको सीमा** - आवश्यक सूचना, अभिलेख, विवरणको लागि निकायसँगको निर्भरता, कतिपय विषयहरुको लागि समय पर्याप्त नहुनु, लेखापरीक्षणको लागि उपलव्ध समयसीमा, जनशक्ति, अन्यन्त छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन, कोभिड १९ को महामारी समेतले लेखापरीक्षणको बिषय छनौट देखि लेखापरीक्षणको विधि एवं पद्धति छनौटको दायरालाई सिमित गरेको छ ।

१२. **गुणस्तर नियन्त्रण र आश्वस्तता** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको गुणस्तर कायम गर्न लेखापरीक्षणको प्रत्येक चरणहरु योजना तर्जुमा, योजना कार्यान्वयन र प्रतिवेदन तयारीको उच्च तहबाट सुपरीवेक्षण गरिएको छ । त्यसैगरी ईकाईगत लेखापरीक्षण योजना र लेखापरीक्षणका प्रतिवेदन जारी गर्नुपूर्व सम्बन्धित मानदण्डको पालना सम्बन्धमा पुनरावलोकन गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी भएपछि लेखापरीक्षण गुणस्तर आश्वस्तता निर्देशिकाबमोजिम माननीय महालेखापरीक्षकबाट गठन गरिने स्वतन्त्र समितिबाट लेखापरीक्षण गुणस्तर आश्वस्तता मूल्याङ्कन गरिने व्यवस्था छ।

१३. **सुझाउ कार्यान्वयनको अनुगमन** - अनुगमन लेखापरीक्षण लेखापरीक्षणको अभिन्न अङ्गको रुपमा रहेकोले यस वर्ष विषयवस्तुको महत्व, गाम्भिर्यता र उपलब्ध साधन तथा स्रोतलाई विचार गरी अनुगमन लेखापरीक्षणको थालनी गरिएको छ । अनुगमन लेखापरीक्षणलाई निरन्तरता दिने उद्येश्यले २०७४ मा कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएका विषयवस्तुहरु मध्ये यो वर्ष शिक्षा, विज्ञान तथा प्रविध मन्त्रालय अन्तर्गत बिध्यालयहरूको भौतिक पूर्वाधार व्यवस्था र बन तथा वातावरण मन्त्रालय अन्तर्गत प्राकृतिक स्रोत (काठ, दाउरा र खनिज) को उपयोग बिषयको कार्यमूलक लेखापरीक्षणहरूको सुझाव कार्यान्वयन स्थितिको जानकारी सम्बन्धित मन्त्रालय, विभागहरूबाट २०७८ बैशाख २० मा जानकारी माग गर्दा प्राप्त हुन नसकेको स्थिति छ ।साथै उपभोक्ता समिति परिचालन सम्बन्धमा गरिएको कार्यमूलक लेखापरीक्षणबाट दिईएका सुझावको कार्यान्वयन अवस्था मूल्याङ्कन गर्दा सुझाबहरु कार्यान्वयन नभएको ब्यहोरा वागमती प्रदेश सिँचाइ आयोजनामा उपभोक्ता समिति परिचालनमा उल्लेख गरिएको छ ।

१४. **लेखापरीक्षणका समस्या** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण कार्यान्वयनमा देहायका बिषयहरू समस्या एवं चुनौतीका रुपमा रहेका छन :

१४.१. कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण प्राविधिक प्रकृतिको भएकोले परीक्षणमा संलग्न हुने जनशक्तिको योग्यता, सीप, दक्षता, रचनात्मक प्रतिभाका साथै प्रविधिक ज्ञानको अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम, अध्ययन एवं क्षमता बिकास कार्यक्रमको लागि श्रोतको कमी रहेको छ।

१४.२. लेखापरीक्षणका लागि अन्य लेखापरीक्षण भन्दा थप परीश्रम, अध्ययन, लगनशिलता आवश्यक पर्ने भएकोले उत्प्रेरणासम्बन्धी व्यवस्था नहुँदा कर्मचारीहरु यस लेखापरीक्षणको लागी प्रेरित नहुने अवस्था छ ।

१४.३. निकायहरूमा पुराना सूचना, अभिलेख तथा अद्यावधिक डेटाबेसको नहुँदा लेखापरीक्षणको लागि उपयुक्त, प्रयाप्त र सम्बन्धित सूचना र सत्यतथ्य सहितको जानकारी प्राप्त नभएबाट तत्सम्बन्धी व्यहोराहरुको यथार्थ अवस्था चित्रण गर्न चुनौती रहेको छ ।

१४.४. निकायहरूमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारितासम्बन्धी सूचकहरू नहुँदा श्रोतको प्राप्ति, उपयोग र उपलव्धिमा उपर्युक्त सिद्धान्तको पालना सम्बन्धमा मूल्याङ्कनमा कठिनाई भएको छ ।

१४.५. उपर्युक्त लेखापरीक्षण प्रतिवेदनहरू समग्रतामा संघीय एवं सम्बन्धित संसदमा छलफल गरी कार्यान्वयन गर्ने निकायलाई निर्देशन दिने अभ्यास नभएबाट लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धिमा चुनौती रहेको छ ।

१४.६. उपर्युक्त लेखापरीक्षण प्रतिवेदनहरूका सुझावहरू सम्बन्धित निकायहरूबाट कार्यान्वयन अवस्था कमजोर रहेकोले लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धिमा चुनौती रहेको छ ।

१४.७. लेखापरीक्षणलाई पारदर्शि बनाउन र लेखापरीक्षणको प्रभावलाई बढाउन लेखापरीक्षणको बिषय छनौट देखि प्रतिवेदन तयारी सम्मका क्रियाकलापहरूमा नागरीक संस्थाका प्रतिनिधिहरूलाई सहभागि गराउदै लगिएको भए तापनि उत्प्रेरणासम्बन्धी व्यवस्था नहुँदा नागरीक संस्थाहरू लेखापरीक्षणमा सहभागिताका लागि प्रेरीत नहुने अवस्था छ ।

१४.८. आन्तरिक लेखापरीक्षण संस्थागत एवं प्रभावकारी नहुँदा कार्यालयले धेरै जनशक्ति र समय वित्तीय लेखापरीक्षणमा खर्चनु परेको छ । यस्ले गर्दा बिशेष गरी कार्यमूलक र वातावरणिय लेखापरीक्षणको दायरा बढाँउन कठिनाई भएको र समय र जनशक्ति समेतको कमी भएको छ ।

१५. **सुधारका कार्यदिशा** - कार्यालयबाट विगत केही वर्ष देखि उपर्युक्त लेखापरीक्षण गरिने संख्याभन्दा पनि गुणात्मक पक्षलाई प्राथमिकता दिएको छ । यसको लागि लेखापरीक्षण कार्यमा बाह्य विशेषज्ञहरु समेतको सेवा लिईएको छ । कार्यमूलक लेखापरीक्षणका सन्दर्भमा देखिएको चुनौती, समस्या र जटिलताहरुलाई सहज रुपमा पार लगाउन अपनाउनु पर्ने कार्यदिशा देहायमा प्रस्तुत गरिएको छ :

१५.१. लेखापरीक्षणलाई श्रोत साधन युक्त बनाई संलग्न लेखापरीक्षक र नागरिक संस्थाहरूलाई उत्प्रेरित गर्न कार्यमूलक र वातावरणीय लेखापरीक्षण गरिने प्रत्येक विषयहरुको लागि छुटै बजेटको व्यवस्था गरी हरेक विषयलाई आयोजनाको अवधारणा रुपमा सञ्चालन गर्नु पर्ने ।

१५.२. लेखापरीक्षण प्रतिवदेनले सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ । सुझावहरुको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकाय हो । व्यवस्थापन पक्षसँगको छलफल, अन्तरक्रियाबाट तयार गरिएको

सुझावहरुको कार्यान्वयनबाट कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्बन्धित निकायहरूबाट प्रतिवेदनले औल्याएका सुझावहरू कार्यान्वयन गर्नु पर्दछ ।

१५.३. कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणका पूर्ण प्रतिवेदनहरू संघीय एवं सम्बन्धित संसदमा छलफल गरी कार्यान्वयन गर्ने निकायलाई लेखापरीक्षणका सुझावहरू कार्यान्वयन लागि निर्देशन दिने व्यवस्था हुनु पर्दछ ।

१५.४. अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण सम्पन्न गर्न कार्यरत जनशक्तिको सीप, क्षमता, विकास गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) र एशियाली संगठन (ASOSAI) का सदस्य राष्ट्रहरुबीच अनुभव आदान प्रदान गर्न, राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम तथा अवलोकनको व्यवस्थाका लागि नियमित रूपमा श्रोत व्यवस्था गर्नु पर्ने ।

१५.५. तिनै तहका सरकार र महालेखानियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण संस्थागत एवं प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने ।

१५.६. निकायहरूले कार्यप्रकृति अनुरूप मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासँग सम्बन्धित कार्यसम्पादन सूचकाङ्कको निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

प्रतिनिधि सभा र प्रदेश सभाको सार्वजनिक लेखा समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, महालेखानियन्त्रक कार्यालय, प्रदेश सरकार र स्थानीय तह समेतको सहयोगमा माथि उल्लेखित कार्यदिशा कार्यान्वयन हुनसकेमा सार्वजनिक निकायहरूमा मितव्यिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्तको पालना तथा निकायहरूको क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न सघाउ पुऱ्याउने लेखापरीक्षणको सार्वजिनक दायित्व निर्वाह गर्न मद्धत पुग्ने अपेक्षा गरिएको छ ।

काठमाडौ उपत्यका भित्रका स्थानीय तहको सेवा प्रवाह
(गोकर्णेश्वर, सुर्यविनायक र गोदावरी नगरपालिकाहरू)

परिचय

१. **पृष्ठभूमि** - नेपालको संविधान, २०७७ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । राज्यशक्तिको बाँडफाँड अन्तर्गत संविधानको अनुसूची ५ देखि ९ सम्म क्रमशः संघको अधिकारको सूची, प्रदेशको अधिकार सूची, संघ र प्रदेशको साझा अधिकारको सूची, स्थानीय तहको अधिकारको सूची र संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको व्यवस्था गरेको छ । संविधानको मुल मर्मलाई आत्मसात गर्दै संघ, ७ प्रदेश र ७५३ स्थानीय तहमा समेत गरी तीन तहको निर्वाचन सम्पन्न भई सबै तहमा सरकार गठन भएको छ।

२. **परिचय** - नेपाल सरकार (मन्त्रिपरिषद्) को विभिन्न मितिको निर्णयबाट साविकका विभिन्न गाउँ विकास समिति र नगरपालिकाहरू गाभिई काठमाडौमा गोकर्णेश्वर नगरपालिका, भक्तपुरमा सुर्यविनायक नगरपालिका र ललितपुरमा गोदावरी नगरपालिका गठन गरिएको छ । यि नगरपालीकाहरूको सामान्य विवरण देहायबमोजिम रहेको छः

विवरण	गोकर्णेश्वर,	सुर्यविनायक	गोदावरी
मन्त्रिपरिषदको निर्णय	मिति २०७१ मंसिर १६	२०७३ फागुण २७	२०७७ फागुण २७
गाभिएका निकायहरू	सुन्दरिजल,नयाँटी, वालुवा, गोकर्ण र जोरपाटी गाँऊ विकास समिति	अनन्तलिङ्गेश्वर नगरपालिका र सुर्यविनायक नगरपालिका	गोदामचौर, विशंखुनारायण, गोदावारी, वडिखेल, लेले, देवीचौर, डुकुछाप, छम्पी, चापागाँऊ, ठेचो, झरुवारासी र ठैव गरी १२ गा.वि.स.
वडा संख्या	९	१० वटा	१४
क्षेत्रफल	५८.५० वर्ग कि.मि.	४२.४५ वर्ग कि.मि	९६.११ वर्ग कि.मि
जनसंख्या	१ लाख ५० हजार	१ लाख १३ हजार	१ लाख १५ हजार

३. **नीतिगत व्यवस्था** - स्थानीय तहसँग सम्बन्धित विभिन्न नीतिगत दस्तावेजहरुमा उल्लेखित व्यहोरा देहायबमोजिम रहेको छः

३.१. **पन्ध्रौं योजना (२०७६/७७ देखि २०८०/८१)** - स्थानीय तहको वित्तीय तथा प्रशासनिक स्वायत्तता, समावेशी सहभागिता, साधन स्रोतमा बढोत्तरी, सेवा प्रदायक निकाय र आम नागरिकबीचको सम्बन्ध, लोकतान्त्रिक शासन प्रणाली, निजी क्षेत्रको सहकार्य, खुला सामाजिक परिवेश तथा अन्तर तह साझेदारी मार्फत स्थानीय तहको सेवा प्रवाह व्यवस्थित गर्ने उद्देश्यले योजनामा उल्लेखित स्थानीय निकायसम्बन्धी रणनीति निम्न छन् :

- संघीय सरकारको सहयोग र समन्वयमा प्रदेश र स्थानीयतहले आ-आफ्नो भौगोलिक क्षेत्रको वस्तुस्थिति विश्लेषण गरी सोको सही सदुपयोग गर्ने गरी विविध उपायको अवलम्बन गर्ने ।

- स्थानीय तह र प्रदेशको स्रोत साधन र क्षमता अभिवृद्धि गरी विकासशील जनशक्ति उत्पादन गर्ने ।
- आ-आफ्नो क्षेत्रको विकासको लागि एक-आपसमा समन्वय तथा सहकार्य गर्दै प्रतिस्पर्धात्मक हुन संघीय सरकारले सबै स्थानीय तह र प्रदेश सरकारलाई उत्प्रेरित गर्ने ।
- सरकारका काम कारवाही पारदर्शी तथा प्रभावकारी बनाउन सांगठनिक, कानुनी, प्रणालीगत तथा व्यवहारगत सुधार गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहले संविधान प्रदत्त अधिकारको प्रयोगमा तीव्रता दिने ।
- तीन तहको सरकारबीचको समन्वय अभिवृद्धि गरी विकास निर्माण, सेवाप्रवाह तथा जनतासँग प्रत्यक्ष सरोकारका विषयलाई प्रभावकारी बनाउने ।
- आ-आफ्नो तहको विकास र सुशासन अभिवृद्धि गर्नको लागि सरकारबीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने ।
- प्रदेश र स्थानीय तहमा उपलब्ध स्रोत साधनको पहिचान गरी सोको अधिकतम उपयोग हुनेगरी योजना तथा कार्यक्रम तर्जुमा गरिने ।
- प्रदेश र स्थानीय तह आफैमा आत्मनिर्भर हुनसक्ने गरी संविधानको दायराभित्र रही राजस्वको परिमाण वृद्धि गर्न आवश्यक कार्यक्रम ल्याइने ।
- स्थानीय तथा प्रदेश तहमा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग हुने गरी परिचालन गर्न प्रत्येक तहलाई जिम्मेवार बनाइने ।
- स्थानीय तथा प्रदेश सरकारको क्षमता अभिवृद्धि गर्न विशेष तालिम तथा अन्य आवश्यक कार्यक्रम प्याकेजको रुपमा ल्याइने ।
- प्रदेश तथा स्थानीय तहमा कर्मचारी समायोजन तथा नयाँ भर्नाको माध्यमबाट जनशक्ति आपूर्ति कार्य सम्पन्न गरिने ।
- सबै तहका विकास निर्माणका कार्य सञ्चालन गर्दा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता सुनिश्चितता गरिने ।
- स्थानीय तहको बजेटको निश्चित हिस्सा मानवपूँजी निर्माण गर्न खर्च गर्ने व्यवस्था गरिने ।
- स्थानीय तहलाई संवैधानिक अधिकारको पूर्ण कार्यान्वयन गर्नसक्ने गरी सक्षम बनाउन आवश्यक नीति र कार्यको प्रबन्ध मिलाउने प्रणालीको विकास गरिने ।
- स्थानीय तहको जनशक्ति, निर्वाचित नेतृत्व र स्थानीय तहमा रहेका गाउँपालिका र नगरपालिका संघ, महासंघ र जिल्ला समन्वय समितिको क्षमता विकास गरी सुदृढ र सेवाग्राही मैत्री बनाई सुशासनमा टेवा पुऱ्याइने ।
- प्रदेश र स्थानीय तहमा उपलब्ध स्रोत साधनको पहिचान गरी सोको महत्तम उपयोग हुने गरी योजना तथा कार्यक्रम तर्जुमा गरीने ।
- विभिन्न तहका सार्वजनिक निकायबाट सम्पादन हुने काम कारवाहीमा समन्वय गरी आधारभूत र प्राविधिक रुपमा एकरुपता कायम गर्न प्रशासनिक तहमा समन्वय प्रणालीको विकास गरिने ।
- प्रदेश र स्थानीय तहको प्रशासकीय संरचना, सेवा प्रवाह हुने स्थान क्षमता विकाससम्बन्धी संरचनाहरु निर्माण गरी सेवा प्रवाह प्रभावकारी बनाइने ।

- सेवा प्रवाह पारदर्शी, जनमुखी, उत्तरदायी बनाउन नागरिक समाज लगायत बहु-सरोकारवालाहरुको निगरानी बढाइने ।
- सेवा प्रवाह र विकास प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धति संस्थागत गर्दै प्रविधिमैत्री बनाउन आवश्यक पहल गरिने।

३.२. **बजेट (२०७७/७८)** - स्थानीय निकायको सेवा प्रवाह सम्बन्धमा बजेटमा गरेका व्यवस्थाहरु देहायअनुसार रहेको छः

- सेवा प्रवाह प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहको उच्चतम समन्वय र सहकार्य गरिने ।
- सरकारी सेवा सहज र प्रविधिमैत्री बनाइने ।
- हेलो सरकारको पोर्टललाइ स्तरोन्नती गरी आम नागरिकको आवाज प्रतिबिम्वत गर्ने माध्यमको रुपमा विकास गरिने ।
- कोरोना रोकथाम नियन्त्रण तथा उपचारको क्रममा सबै तहबाट भएका खर्च लगायत अन्य संघ संस्थाले गरेको खर्चको विवरण पारदर्शी बनाइने ।
- उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन सम्झौता गर्ने कार्यलाई नतिजा सूचकमा आधरित बनाई सोबाट प्राप्त उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिने।
- जनसंख्याको बनोट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी विद्यालय तथा शिक्षण संस्थाको एकीकरण गरिने ।
- शैक्षिक प्रणालीलाई रोजगारसँग आवद्ध गर्न सीपमूलक, आयमूलक र प्राविधिक शिक्षालाई अभियानको रुपमा सञ्चालन गरिने । सबै स्थानीय तहमा कम्तिमा एक प्राविधिक धारको विद्यालय स्थापना गरिने ।
- स्थानीय तहका स्वास्थ्य सेवा प्रदायक संस्थाबाट प्रदान गरिने तोकिएका आधारभूत स्वास्थ्य सेवा भरपर्दो बनाइने ।
- स्वास्थ्य बिमाले समेट्ने आधारभूत उपचार सवै स्थानीय तहका स्वास्थ्य केन्द्रबाट उपलव्ध गराइने ।
- स्थानीय तहका स्वास्थ्य संस्थाबाट सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गरिने ।
- क्षयरोग, एड्स तथा यौनरोग र कुष्ठरोग नियन्त्रण कार्य संघ, प्रदेश र स्थानीय तहको समन्वयका सञ्चालन गरिने ।
- सबै स्थानीय तहमा न्यूनतम एक चिकित्सकको व्यवस्था गरिने ।
- स्थानीय तहसँगको सहलगानीमा पुननिर्माण र पुनर्स्थापना गरी सेवा सुचारु गर्न र भूकम्पबाट क्षतिग्रस्त खानेपानी आयेजनाहरु सम्पन्न गर्न बजेट व्यवस्था गरिने ।
- स्थानीय तहसँगको सहकार्यमा अन्य कार्यक्रमसँग दोहोरो नपर्ने गरी अफ्नो गाउँ आफै बनाऔंको भावना अनुरुप विकास निर्माण र रोजगारी सिर्जना गर्ने नीति लिइने ।
- जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तर पुस्ता हस्तान्तरण गर्न सहयोय पुग्ने गरी प्रत्यक स्थानीय तहमा संघ, प्रदेश र स्थानीय तह तथा निजी क्षेत्रको सहकार्यमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गरिने ।

- संघ, प्रदेश र स्थानीय तह क्षेत्रको सहकार्यमा शैक्षिक संस्था, नेपाल स्काउट, राष्ट्रिय युवा परिषद र विभिन्न गैरसरकारी संस्थाहरुबाट युवा परिचालन मार्फत मानवीय सेवा, विपद् व्यवस्थापन, वातावरण संरक्षण र वृक्षारोपण जस्ता कार्य गरिने ।
- सम्बन्धित तहसँगको साझेदारीमा बालउद्यान सञ्चालन गरिने ।
- स्थानीय तहमा घुम्ती प्रयोगशाला मार्फत माटो परीक्षण र माटोको गुणस्तर परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइने ।
- शहरी क्षेत्रमा घरबाट निस्कने फोहोर व्यवस्थापन गरी अर्ग्यानिक तरकारी उत्पादन गर्न कौसी खेतीलाई प्रोत्साहन गरिने ।
- वन उपभोक्ता समुहहरुको सहकार्य र समन्वयमा बहुउपयोगी वन र ब्लक फरेष्ट विस्तार एवं वैज्ञानिक वन व्यवस्थापन गरी वन संरक्षण तथा वन स्रोतको दिगो उपयोग गरिने ।

४. **कानुनी व्यवस्था** - स्थानीय तहसँग सम्बन्धित विद्यमान कानुन, दिग्दर्शन तथा परिपत्रहरु देहायअनुसार रहेका छन् :

- नेपालको संविधान (दोस्रो संशोधन), अनुसूची ८ र ९
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

५. **संगठन संरचना** - नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपाल सरकारले गरेको संगठन र व्यवस्थापनबमोजिम हाल स्थानीय तहको संगठनात्मक संरचना निम्नानुसारको रहेको छः



६. **कार्यक्रम र प्रगति** - स्थानीय तहहरुले सभाबाट वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरी पूर्वाधार, सामाजिक सेवा, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रमा विविध क्रियाकलाप सञ्चालन गर्दै नागरिकको आर्थिक, सामाजिक तथा व्यवसायिक जीवनयापन सहज बनाउन योजना मार्फत श्रोत प्रवाह, पञ्जिकरण, सामाजिक सुरक्षा, न्याय निरुपण, विद्यालय व्यवस्थापन, घरजग्गा निर्माण इजाजत,

क्षतिपूर्ति व्यवस्थापन जस्ता कार्य गर्दै सेवा प्रवाह गर्दै आएको छ ।शसर्त अनुदानबाट २०७६/७७ मा पालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुलाई मुख्य ७ शीर्षकमा विभाजन गरी ती शीर्षकगत रुपमा बजेट पारित तथा कार्यान्वयन गरी तयार गरेको बजेट तथा खर्च अवस्थाका आधारमा गोकर्णेश्वर नगरपालिकाले बजेट रु.३० करोड ८१ लाख ७६ हजारकोमध्ये कार्यक्रम सञ्चालन पश्चात रु.२७ करोड ८४ लाख २९ हजार खर्च गरेको छ । उक्त खर्चको आधारमा वित्तीय प्रगति ९० प्रतिशत देखिन्छ ।यसैगरी सुर्यविनायक नगरपालिकाले बजेट रु.४३ करोड १६ लाख ९८ हजारको ९५ प्रतिशतले हुने रु.४१ करोड २३ लाख ६१ हजार खर्च गरेको छ । साथै गोदावारी नगरपालिकाले कुल वित्तीय प्रगति ९३ प्रतिशत हुने गरी बजेट रु.६२ करोड ९ लाख ८७ हजार खर्च गरेको छ ।

(रु.हजारमा)

क्र. सं.	मुख्य कार्यक्रमको विवरण	गोकर्णेश्वर		सुर्यविनायक		गोदावारी	
		बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
१	केन्द्रिय सशर्त अनुदान तर्फका कार्यक्रम	२००९३१	१८०७८४	२९९६३१	२८५६३१	३४४०८१	३३४८७३
२	प्रदेश सशर्त अनुदानतर्फका कार्यक्रम	१५११२	५५१२	१८९३०	१७४८२	२५१११	१९९८६
३	सामाजिक सुरक्षा कार्यक्रम	८६७८९	८६७८९	१०९३२९	१०६०४२	२४७६८२	२२०३५४
४	राष्ट्रिय परिचयपत्र तथा पञ्जिरण	८५६	८५६	१३०७	७११	१५१३	७०२
५	पर्यटन पूर्वाधार विकास कार्यक्रम	०	०	२५००	२४९३	२५००	१६९६
६	गरिवसँग विश्वेश्वर कार्यक्रम	४८८	४८८	०	०	०	०
७	समाज कल्याण कार्यक्रम	४०००	४०००	०	०	१००	०
	जम्मा	**३०८१७६**	**२७८४२९**	**४३१६९७**	**४१२३५९**	**६२०९८७**	**५७७६११**

७. **वित्तीय व्यवस्था** - लेखापरीक्षण गरिएको गोकर्णेश्वर, सुर्यविनायक र गोदावारी नगरपालिकाको विगत ३ वर्षको बजेट र खर्चको विवरण देहायअनुसार रहेको छ ।

(रु. हजारमा)

आ.व.	गोकर्णेश्वर न.पा.		सुर्यविनायक न.पा.		गोदावारी न.पा.	
	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
२०७४/७५	७४९२१३५	७४९२१३५	७३९९२३१	७३९९२३१	७७९७६६	७७९७६६
२०७५/७६	११५४५८२७	११५४५८२७	१३४४००६९	१३४४००६९	१५६०३७७७	५४२१३७
२०७६/७७	१५८०६१५६	१५८०६१५६	१६९२५०३९	१६९२५०३९	२०२६६९२	१९९८३७४
जम्मा	**३४८४४११८**	**३४८४४११८**	**३७७६४३३९**	**३७७६४३३९**	**१८४१०२३५**	**३३२०२७७**

आन्तरिक स्रोततर्फ २०७४।७५ मा गोकर्णेश्वरले रु.४९ करोड ६८ लाख ८४ हजार, सुर्यविनायकले रु.५१ करोड ७९ लाख ४० हजार र गोदावरीले रु.१९ करोड ४३ लाख ८४ हजार आय आर्जन गरी विभिन्न योजनाहरुमा खर्च गरेको छ ।

८. **विषय छनौटको औचित्य** - अधिकार क्षेत्रको अस्पष्टता, स्रोत साधनको कमी, भौगोलिक दुरी आदि कारणबाट स्थानीय तहबाट अपेक्षित रूपमा सेवा प्रवाह हुन सकेको छैन । मुलुकले अपनाएको संघीय व्यवस्था अनुरूप संविधान प्रदत्त अधिकार र दायित्व निर्वाह गर्ने सिलसिलामा स्रोतको प्रभावकारी र नतिजा उन्मुख उपयोग गर्न सक्ने जनशक्ति निर्माणकै चरणमा रहेको छ । जनताको सबैभन्दा नजिकको सरकार तथा संघीयताको एक आधारस्तम्भका रूपमा रहेका स्थानीय तहको सेवा प्रवाहसम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारका लागि सुझाव प्रस्तुत गर्न "काठमाण्डौ उपत्यका भित्रका स्थानीय तहको सेवा प्रवाह" विषय छनौट गरिएको थियो।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उद्देश्य** - काठमाडौं उपत्यका भित्रका स्थानीय तहहरूको सेवा प्रवाह अवस्थाको अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । यसका लागि लेखापरीक्षण देहायका विषयहरूमा केन्द्रित रहको छ ।

- स्थानीय तहमा योजना तर्जुमा प्रणाली र योजना कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने,
- स्थानीय तहमा नागरिक बडापत्र कार्यान्वयन अवस्थाको अध्ययन विश्लेषण गर्ने,
- गुनासो सुनुवाई तथा उजुरी व्यवस्थापन सम्बन्धमा विश्लेषण गर्ने,
- नागरिक समेतको सहभागितामा सार्वजनिक सुनुवाई तथा त्यसबाट प्राप्त सुझावको कार्यान्वयन अवस्था विश्लेषण गर्ने,
- सामाजिक सुरक्षा, फोहोरमैला व्यवस्थापन, नक्सापास प्रकृया जस्ता सेवा प्रवाहका क्षेत्रको कार्यसम्पादन अवस्था विश्लेषण गर्ने,
- न्यायिक समिति मार्फत भएका फैसला तथा कार्यान्वयन अवस्था विश्लेषण गर्ने ।

१०. **लेखापरीक्षणको क्षेत्र** - काठमाण्डौं उपत्यका भित्रका स्थानीय तहहरूको सेवा प्रवाहका मूल्याङ्कनका लागि काठमाडौं उपत्यका स्थित गोकर्णेश्वर, सुर्यविनायक र गोदावारी नगरपालिकाले २०७५/७६ देखि २०७७/७८ को मंसिरसम्म प्रवाह गरेको सेवा, सेवा प्रवाह गर्ने क्रममा प्रयोगमा रहेका विधि तथा प्रकृया, लिएका निर्णयहरु तथा निर्णय कार्यान्वयन स्थितिको अध्ययन तथा विश्लेषण गरी प्रतिवेदनमा समावेश गरिएका छ ।

११. **लेखापरीक्षण विधि एवं पद्धति** - लेखापरीक्षण कार्यान्वयमा देहायबमोजिम विधि एवं पद्धति अवलम्बन गरिएको छः

११.१. यो लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन ईन्टोसाईद्वारा जारी गरिएको कार्यमूलक लेखापरीक्षणका मानदण्डहरु ईसाइ ३००० र कार्यालयबाट जारी गरिएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ मा उल्लेखित विधि पद्धति अनुसार सञ्चालन गरिएको थियो ।

११.२. नागरिक बडापत्र व्यवस्थापन, गुनासो सुनुवाई, न्यायिक समिति मार्फत भएका न्याय निरुपणसम्बन्धी कार्य, समाजिक सुरक्षा लगायत सेवा प्रवाहका सम्बन्धमा नागरिकलाई जानकारी प्रदान गर्न प्रयोगमा ल्याइएका श्रव्य दृष्य सामाग्री, प्रत्यक्ष जनसहभागिता, नागरिक समाजको सहभागिता जस्ता औजारको प्रभावकारी उपयोग अवस्थाका सम्बन्धमा विश्लेषण गर्न नतिजामूलक पद्धति प्रयोग गरिएको छ । यसैगरी योजना छनौट र व्यवस्थापन तथा नक्सापास चरणको सम्बन्धमा विश्लेषण गर्न प्रक्रियामूलक पद्धति अवलम्बन गरिएको छ ।

१२. **लेखापरीक्षणको सिमितता** - काठमाडौं उपत्यका भित्रका २१ स्थानीय तहमध्ये सेवा प्रवाहका मूल्याङ्कन काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिका ललितपुर जिल्लाको गोदावरी नगरपालिका र भक्तपुर जिल्लाको सुर्यविनायक नगरपालिकामा केन्द्रित रहेको छ । सम्बन्धित स्थानीय तहहरूबाट प्राप्त तथ्याङ्क तथा सूचना विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । निकायबाट न्यूनतम तीन वर्षको तथ्याङ्क प्राप्त हुन नसकेकोले प्रवृत्ति विश्लेषण (Trend Analysis) गर्न सकिएन । प्राप्त सूचनाको विवरणको विश्लेषणका आधारमा निष्कर्षमा पुगिएको छ । कार्यालयबाट लेखापरीक्षणमा उपलव्ध समयसीमा, स्रोत साधन, जनशक्ती आदि लेखापरीक्षणका सीमा रहेका छन्।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

१३. **योजना तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को क्र.सं. ५ मा आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण संघीय सरकारमा पेश गर्ने, आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण, सुशासन तथा संस्थागत विकास जस्ता विषयगत क्षेत्र निर्धारण गर्ने, स्थानीय राजस्व परामर्श समिति गठन गर्ने, स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण गर्ने, आयोजना प्राथमिकीकरणको आधार तयार गर्ने, बस्ती तहको योजना छनौट गर्दा अपनाउने विधि निर्धारण गर्ने, वडागत योजना छनौट तथा प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, योजना कार्यान्वयन गर्ने र अनुगमन तथा सुपरिवेक्षण समिति मार्फत अनुगमन तथा सुपरिवेक्षण गर्ने गरी योजना तर्जुमाका विभिन्न चरणहरु उल्लेख भएको छ ।



पालिकाहरुले योजना तर्जुमा गर्दा उपरोक्त व्यवस्थाकोसम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

१३.१. **दीर्घकालिन योजना** - दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहेको महसुस गरी राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका मार्फत स्थानीय निकायलाई योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यलाई समेत सम्बोधन गर्न प्रेरित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतका आधारमा देहायका विषय दिगो विकासका लक्ष्यसँग आवद्ध हुने देखिन्छ ।

दिगो विकास लक्ष्य नं.	लक्ष्यका आयाम	स्थानीय तहको भूमिका/अधिकार क्षेत्र
१	शुन्य गरिबी	लघु घरेलु तथा साना उद्योग दर्ता तथा नियमन, स्थानीय संघ संस्था दर्ता तथा नियमन
२	भोकमरी अन्त्य	
८	मर्यादित काम तथा आर्थिक वृद्धि	
१०	असमानता न्यूनीकरण	
३	स्वास्थ जीवन	आधारभूत स्वास्थ्य शिक्षा
४	गुणस्तरीय शिक्षा	माध्यमिक शिक्षा
५	लैंगिक समानता	लैंगिक समानता तथा सामाजिक समावेशिकरण
६	स्वच्छ खानेपानी तथा सरसफाई	खानेपानी तथा सरसफाई
९	उद्योग नविनता तथा पूर्वाधार	स्थानीय सडक, यातायात, विद्युत, सहरी विकास तथा वस्ति विकास
११	दिगो शहर तथा समुदाय	
७	धान्न सक्ने र सफा उर्जा	

स्थानीयकरण स्रोत पुस्तिकाले स्थानीय तहमा लामो अवधिका लागि यथार्थ आर्थिक अवस्था प्रक्षेपण गर्न चुनौतिपूर्ण भएपनि योजना तर्जुमा गर्दा दीर्घकालीन आर्थिक प्रक्षेपण गरी प्रक्षेपण अङ्कमा फेरवदल भएमा योजनाको मध्यावधि मूल्याङ्कनका वखत मध्यकालीन खर्च संरचना तयार गर्दा मिलाउँदै

जानुपर्ने सुझाव दिएको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तयार भएको भएपनि दीर्घकालीन आर्थिक प्रक्षेपण तयार गरी मध्यकालीन खर्च संरचनाको वित्तीय खाका, बजेट खाका र नतिजाको खाकासँग वार्षिक कार्यक्रमका व्यहोरा मिलाउँदै लक्ष्य हासिल गर्ने कार्य व्यवस्थित गर्न सकेको देखिएन । दीगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउन लक्ष्यका आयाम सहितको दीर्घकालीन आर्थिक प्रक्षेपण गरी वार्षिक बजेटसँग आवद्ध गर्दै लैजानु पर्दछ ।

१३.२. **योजना छनौट** - दिग्दर्शनको क्र.सं. ५.३.१ मा बस्ती तहको योजना तर्जुमा गर्दा वडा समितिले वडामा प्रतिनिधित्व गर्ने सदस्यलाई योजना तर्जुमा गर्न सहजीकरण गर्ने, वडा भित्रका बस्तीमा योजना तर्जुमाका लागि बैठक हुने दिन, मिति र समयको बारेमा कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने, बस्ती भित्रका सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने, टोल बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थालाई सहभागी गराउने र छनौट भएका योजनाको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनुपर्ने र वडाले स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र वडाको लागि प्राप्त बजेट सीमाको अधिनमा रही योजना छनौट र प्राथमिकीकरण गर्नुपर्ने गरी योजना छनौटका विधि र चरणहरु निर्धारण भएको छ । पालिकाहरुले २०७६।७७ मा देहायबमोजिम रु.१ अर्ब ८४ करोड ८३ लाख ३७ हजारका वडागत तथा पालिकास्तरीय योजना छनौट गरेका छन् ।

नगरपालिका योजनाको बजेट	१-२ लाख	२-५ लाख	५-१० लाख	१०-२० लाख	२०-५० लाख	५० लाख-१ करोड	१ करोड माथि	जम्मा संख्या	बजेट रू.हजारमा
गोकर्णेश्वर	३४	११९	८७	७३	१९	९	१३	३५४	७३४९८०
सुर्य विनायक	२७	५८	९४	१८	१०	०	११	२१८	२४२०००
गोदावरी	१८५	२९०	१०२	६२	३४	११	१२	६९६	८७१३५७
जम्मा	**२४६**	**४६७**	**२८३**	**१५३**	**६३**	**२०**	**३६**	**१२६८**	**१८४८३३७**

पालिकाहरुले उपरोक्तअनुसार वडागत तथा पालिकास्तरीय योजना छनौट गर्दा उल्लेख भएअनुसार बस्तीगत तथा वडागत योजना छनौटका चरणहरु सम्पन्न गरेको अभिलेख राख्ने गरेको छैन । निर्धारित चरणहरू सम्पन्न नगरी छनौट भएका योजनाले वडा भित्रका टोल तथा बस्तीहरुको आवश्यकताको प्रतिनिधित्व गरेको छ भन्ने अवस्था छैन । वडाले छनौट गरी कार्यान्वयनमा ल्याएका योजना समेत साना बजेटका र दीर्घकालीन प्रभाव पर्ने किसिमका देखिएन । कुल १२६८ योजनामध्ये ९९६ योजना रु.१० लाखभन्दा मुनिका रहेका छन् । जुन कुल योजनाको ७८ प्रतिशत हुन आउँछ । पालिकाहरुमा रु.५ लाखभन्दा मुनिका योजना मात्र कुल योजनाको ५६ प्रतिशतले हुने गरी ७१३ रहेका छन् । यसबाट स-साना बजेटका धेरै योजना छनौट गरी बजेट तथा कार्यक्रममा समावेश गरेको देखिन्छ । उपभोक्ता समिति मार्फत सम्पन्न गराएका उक्त योजनाको मर्मत संभार र दिगो सञ्चालनको भरपर्दो व्यवस्था समेत गरेको छैन । यसबाट एउटै टोल र क्षेत्रमा हरेक वर्ष स-साना प्रकृतिका योजना कार्यान्वयनमा आउने र दीगोरुपले सञ्चालन हुन नसकी दोहोरो पर्दै जाने अवस्था समेत रहेको छ ।

१३.३. **योजना प्राथमिकिकरण** - स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को क्र.सं. ५.२.४ मा योजना छनौट तथा प्राथमिकीकरण गर्दा देहायका आधारमा अङ्क प्रदान गरी धेरै अङ्क प्राप्त गर्ने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।

क्र.सं.	आधारहरु	अंकभार
१	गरिवि निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने	२०
२	उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने	१५

३	आम्दानी र रोजगारी वृद्धि गर्ने	१५
४	लागत सहभागिता जुट्ने	१५
५	स्थानीय स्रोत साधन र सिपको प्रयोग हुने	१०
६	समावेशी विकासमा योगदान पुऱ्याउने	१०
७	दीगो विकास र वातावरण संरक्षण	५
८	स्थानीय भाषिक सांस्कृतिक विकास गर्ने योजना	५
	जम्मा	**१००**

पालिकाले माथि उल्लेख भएका रु.१ अर्ब ८४ करोड ८३ लाख ३७ हजारका १२६८ योजना छनौट गर्दा निर्धारण भएअनुसारको अङ्कभारको आधार लिइ योजना प्राथमिकीकरण गरी छनौट गरेको छैन ।योजना छनौट प्रक्रियागतरुपमा भएको देखिदैन । यसबाट योजना छनौटमा नीति निर्धारण तहको प्रत्यक्ष दवाव रहने र आवश्यकताभन्दा पनि सहुलियतका आधारमा योजना छनौट हुने देखिन्छ ।

१३.४. **गौरवका योजना** - स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को क्र.सं. ५.२.३ मा गाउँपालिका वा नगरपालिकाले बजेट सीमा निर्धारण गर्दा गाउँपालिका वा नगरपालिका स्तरका गौरवका योजनाहरुका लागि आवश्यक रकम व्यवस्थापन गरेर मात्र अन्य क्षेत्रका योजना तथा कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको विगत तीन वर्षको बजेट तथा कार्यक्रमको अध्ययन गर्दा गोकर्णेश्वर नगरपालिकाले २०७५/७६ मा देहायअनुसार रु. १९ करोडका ६ गौरवका योजनाका लागि बजेट व्यवस्थापन गरेको छ भने अन्यले गौरवका योजना छनौट गरी बजेट व्यवस्थापन गरेका छैनन् । नगरपालिकाले गौरवका योजना छनौट गर्ने आधार समेत स्वीकृत गरेका छैनन् ।

क्र.सं.	योजनाको नाम	बजेट (रु हजारमा)
१	गोकर्णेश्वर बहुउद्देशिय ७ तल्ले भवन निर्माण	५००००
२	बृहत विषेश खानेपानी योजना वडा नं. ५,६,८	५००००
३	स्टीमर सञ्चालन र किनारा व्युटीफिकेशन	३००००
४	उत्तरगया गोकर्णेश्वर महादेव मन्दिर परिसर निर्माण	३००००
५	शिवपुरी डाँडामा विशाल शिव मूर्ति र बुद्ध मूर्ति निर्माण	२००००
६	वडा नं. ४ लाई लिच्छवि कालिन संरचना बनाउन अनुदान	१००००
	जम्मा	**१९००००

गोकर्णेश्वर नगरपालिकाले निर्धारण गरेका योजनामा समेत वित्तीय प्रगति भएको छैन ।गौरवका योजना अन्तर्गतको वागमती नदी गोकर्ण बाँधदेखि नारायणटार पुलसम्म डयाम बाँधी अत्याधुनिक स्टिमर सञ्चालन र किनारा ब्युटिफिकेशन कार्यका लागि विनियोजन गरेको बजेट रु.३ करोड मध्येबाट दुइ पटक गरी रु.२ करोड कोरोना रोकथाम तथा नियन्त्रण कोषमा ट्रान्स्फर गरी खर्च गरेको छ । यसबाट गौरवका योजना कार्यान्वयनमा हुनसकेको देखिएन। गौरवका योजना छनौट नगर्ने र छनौट गरेपनि कार्यान्वयनमा नजाने गरेको छ । गौरवका योजना पहिचानका आधार निर्धारण गरी छनौट गर्ने र छनौट भएका योजना प्राथमिकतापूर्वक पुरा गर्नुपर्दछ ।

१३.५. **क्षेत्रगत कार्यक्रम** - स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनको ५.१ मा सामाजिक विकासका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता क्षेत्रमा समानुपातिकरुपमा बजेट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । पालिकाहरुले प्रत्येक वर्ष स्थिररुपले प्राथमिकीकरणका क्षेत्र निर्धारण गरी कार्यक्रम र बजेट व्यवस्थापन गरेका छैनन् । कृषि, शिक्षा, स्वास्थ्य र युवा तथा खेलकुद ४ क्षेत्रमा गोकर्णेश्वरले रु.२० करोड १८ लाख

२९ हजार, सुर्यविनायकले रु.२२ करोड ४ लाख ५४ हजार र गोदावरीले रु.३४ करोड ४३ लाख ७४ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट तर्जुमा गर्दा क्षेत्रगत सन्तुलन कायम भएको देखिएन ।

नगरपालिका/क्षेत्र	कृषि	शिक्षा	स्वास्थ्य	युवा तथा खेलकुद	जम्मा
गोकर्णेश्वर	२५६८	१४६३८२	५२७७९	१००	२०१८२९
प्रतिशत	१	७३	२६	०	
सुर्यविनायक	१६४५	१६११७२	५७५३७	१००	२२०४५४
प्रतिशत	१	७३	२६	०	
गोदावरी	२५६८	२३१००५	१००७०१	१०१००	३४४३७४
प्रतिशत	१	६७	२९	३	

क्षेत्रगत रुपमा विश्लेषण गर्दा पालिकाअनुसार कृषिमा १ प्रतिशत, शिक्षामा ६७ देखि ७३ प्रतिशत, स्वास्थ्यमा २६ देखि २९ प्रतिशत र युवा तथा खेलकुदमा शुन्यदेखि ३ प्रतिशतसम्म बजेट विनियोजन गरेको छ । यसबाट बजेट तर्जुमा गर्दा क्षेत्रगत सन्तुलन कायम भएको देखिएन । वार्षिक योजनालाई निर्देशित गर्ने मध्यकालीन तथा दीर्घकालीन विकास योजना नभएकोले कार्यक्रम तथा बजेट तर्जुमा गर्दा क्षेत्रगत सन्तुलन कायम हुन सकेन। आवधिक विकास योजना बनाई त्यसको आधारमा तोकिएको कार्यविधि पुरा गरी सवै क्षेत्रको समानुपातिक विकास गर्ने गरी कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्दछ ।

१३.६. **जनसंख्या र बजेट** - स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को सि.नं. ५.२.३ मा स्थानीय तहको बस्तीमा नै योजना आवश्यकता पहिचान गरी योजना छनौट गर्ने र छनौट भएका योजना वडा समिति मार्फत स्वीकृतिका लागि पालिकामा सिफारिस गर्नुपर्ने व्यवस्था छ ।पालिकाले योजना छनौट गर्दा देहायबमोजिम माग आवश्यकतालाई भन्दा पनि वडागत बजेट सिलिङ्गलाई आधार मानी छनौट गरेको छ ।

(रु.हजारमा)

वडा	गोकर्णेश्वर			सुर्य विनायक			गोदावरी		
	जनसंख्या	योजना सख्या	बजेट रकम	जनसंख्या	योजना सख्या	बजेट रकम	जनसंख्या	योजना सख्या	बजेट रकम
१	५.१	३४	१०२००	६.९	१९	१२७००	४.९	२३	१०९५०
२	४.६	१४	१०५००	९.४	२५	१२७००	४.४	३०	११८००
३	५.४	२१	१०५००	६.३	१८	१२७००	७.६	२४	११७००
४	७.५	२५	१०३००	९.५	२८	१२७००	३.५	२३	१२०००
५	२४.५	१५	१०५००	१०.५	२०	१२७००	४.८	३५	११७५०
६	२८	२७	१०५००	८.९	१९	१२७००	३.५	३५	१०७००
७	७.१	२०	१०५००	५.६	२३	१२७००	२.९	३४	१०५५०
८	१८.५	३६	११७८०	९.८	२३	१२७००	२.६	२०	१०५००
९	६.३	१३	१०८००	५.५	१५	१२७००	४.७	२६	११६५०
१०					१७	१२७००		१८	१११००
११								२५	११४५०
१२								३०	१३९००
१३								४०	८१००
१४								३४	१०६००
जम्मा		२०५	९५५८०		२०७	१२७०००		३९७	१५६७५०

वडागत जनसंख्याको आधारमा विश्लेषण गर्दा तालिकामा उल्लेख भएअनुसार गोकर्णेश्वरले ५ हजार जनसंख्या भएको १ नं. वडा र २५ हजार जनसंख्या भएको ५ नं. वडालाई समान रु.१ करोड ५ लाखको योजना छनौट गरी बजेट व्यवस्थापन गरेको छ । यसै गरी सुर्यविनायकले ३ हजार जनसंख्या भएको ३ नं. वडा र ११ हजार जनसंख्या भएको ५ नं. वडा दुवैलाई समान रु.१ करोड २७ लाख बजेट व्यवस्थापन गरेको छ । गोदावारीमा समेत योजना छनौट र बजेट निर्धारण गर्दा क्षेत्र र जनसंख्यालाई आधार लिएको छैन ।जनप्रतिनिधिले पालिकामा समान सिलिङ्ग कायम हुनेगरी बजेट मार्ग गर्ने र परिषदबाट स्वीकृत हुदा समेत सोही आधारमा स्वीकृत हुने हुँदा स्थानीय माग आवश्यकताका आधारमा जनसंख्या र क्षेत्रफललाई सम्बोधन हुने गरी बजेट व्यवस्थापन हुन नसकेको पालिकाले जनाएका छन् । यसबाट वडाले पहुँचका आधारमा ठुला योजना नगरस्तरीय योजनामा समावेश गरी छुट्टै बजेट लिने र पहुँच कम भएका वडामा समान सिलिङ्गको बजेट मात्र प्राप्त भई थप योजना र कार्यक्रम प्राप्त नहुने अवस्था छ ।

१३.७. **वडागत योजना** - क्षेत्रफल र जनसंख्याको आधारमा स्थानीय तहलाई विभिन्न वडामा विभाजन गरेको छ ।गोकर्णेश्वर नगरपालिकामा ९ वडा रहेको छ भने सुर्यविनायकमा १० र गोदावारीमा १४ वडा रहेको छ ।

योजनाको विश्लेषण गर्दा गोकर्णेश्वरमा रु.९ करोड ५५ लाख ८० हजारका २०५ योजना रहेको छ । यस्तै गरी सुर्यविनायकमा रु.१२ करोड ७० लाखका २०७ योजना छन् भने गोदावारीमा रु.१५ करोड ६७ लाखका ३९७ योजना कार्यान्वयनमा रहेको छ । वडागत बजेट विनियोजन विश्लेषण गर्दा माग आवश्यकताको आधारमा भन्दा समान सिलिङ्ग प्रदान गरी सबै वडालाई समान किसिमले बजेट विनियोजन हुने र सोही बजेटले पुग्ने गरी योजना छनौट गर्दा स-साना बजेटका योजना धेरै सञ्चालनमा आएका र उपभोक्ता समिति मार्फत निर्माण भएको अवस्था छ । गोकर्णेश्वरले प्रति वडा औशत रु.१ करोड ६ लाख २० हजार, सुर्यविनायकले औशत रु.१ करोड २७ लाख र गोदावारीले औसत रु.१ करोड ११ लाख ९६ हजार वडागत बजेट निर्धारण गरी योजना छनौट गर्दा साना योजनाको संख्या बढ्न गएको छ ।

नगरपालिकाहरूले वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको भए तापनि वार्षिक योजनालाई निर्देशित गर्ने आवधिक, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई कार्यान्वयन नगरेकोले योजना प्राथिमिकीकरण हुन नसकेको, भौगोलिक एवं क्षेत्रगत समानुपातिक विकास हुने गरी योजना तर्जुमा नभएको र दीर्घकालीन उत्पादनमूलक योजना तर्जुमा गरी कार्यान्वयन गर्नसकेको पाईएन । नगरपालिकाहरूले आवधिक, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई त्यसको आधारमा तोकिएको कार्यविधि पुरा गरी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४. **नागरिक बडापत्र** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ नियम १४ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले कार्यालय परिसरभित्र सबैले देख्ने उपयुक्त ठाउँमा नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था रहेको छ । नागरिक बडापत्रमा सेवा प्राप्त गर्न सेवाग्राहीले पेश गर्नुपर्ने कागजात, सेवाग्राहीले सेवा सम्बन्धमा गरेका गुनासो सुन्ने अधिकारीको पद र नाम, सेवा प्रवाहको प्राथमिकता र क्षतिपूर्ति प्राप्त हुने वा नहुने सेवाहरु समेत खुलाउनुपर्ने व्यवस्था छ ।

क्र.सं.	बडापत्रमा खुलाउनु पर्ने व्यहोरा	विषयको विवरण	लाग्ने दस्तुर (रु)
१	घर नक्सासम्बन्धी	नया घर निर्माण, तला थप संसोधन, नामसारी, नवीकरण ।	१०००
२	योजनासम्बन्धी	सम्झौता, रनिङ्ग विल भुक्तानी ।	निशुल्क
३	निर्माण व्यवसायी इजाजतपत्र	इजाजत पत्र दर्ता, प्रतिलिपी, नविकरण ।	ऐन अनुसार
४	सामाजिक विकास	संस्था दर्ता र नविकरण, सञ्चालन अनुमती ।	निशुल्क
५	सामाजिक सुरक्षा	बैंकिङ्ग खाता खोल्ने, नाम थप घट गर्ने ।	निशुल्क
६	पञ्जिकरण	जन्म, मृत्यु, विवाह, वसाइसराइ, आदि ।	निशुल्क
७	स्वास्थ्य सेवा	दैनिक विरामी जाँच र परामर्श, परिवार नियोजन सेवा, स्वास्थ्य शिक्षा सेवा ।	निशुल्क
८	न्यायिक समिति	उजुरी दर्ता, सुनुवाई तथा फेसला कार्यान्वयन	५० देखि ५००
९	शिक्षा	विद्यालय अनुमति, कक्षा थप, स्थान परिवर्तन, नाम र स्वामित्व परिवर्तन	ऐन अनुसार
१०	कृषि सेवा केन्द्र	समुह दर्ता र नविकरण, मलखाद वितरण, कृषि फर्म दर्ता, कृषि ऋण	निशुल्क

नगरपालिकाहरूबाट नागरिक बडापत्रका सम्बन्धमा गरेको व्यवस्थाहरूको कार्यान्वयन नगरेको अवस्था देहायबमोजिम रहेको छः

१४.१. नगरपालिकाहरुले वेभसाइटमा नागरिक बडापत्र राखेको भएपनि नागरिक बडापत्रमा प्रवाह हुने सेवाहरु समावेश गरी कार्यालय परिशरमा सवैले देख्ने ठाउमा राख्नुपर्नेमा गोकर्णेश्वर नगरपालिकाले नागरिक बडापत्र राखेको भएपनि सुर्यविनायक र गोदावारी नगरपालिकाले कार्यालय परिसरमा नागरिक बडापत्र राखेका छैनन । नागरिक बडापत्र कार्यालय परिसरमा सवैले देख्नेगरी नराखेको सम्बन्धमा जिज्ञासा राख्दा सुर्यविनायक नगरपालिकाले डिजिटल प्रणालीमा जान अध्ययन भइरहेकोले नराखेको जनाएपनि गोदावारी नगरपालिकाले यस सम्बन्धमा कुनै प्रतिक्रिया दिएको छैन ।

१४.२. नगरपालिकहरूमा वडा कार्यालयबाट समेत सेवा प्रवाह हुने भए तापनि वडा कार्यालयहरूमा नागरिक बडापत्र राखेको छैन ।

१४.३. शुल्क परिवर्तन हुँदा नागरिक बडापत्र शंसोधन गर्नुपर्नेमा गोकर्णेश्वर नगरपालिकाले कतिपय सेवाका सम्बन्धमा नियमानुसार र आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुने भनी नागरिक बडापत्रमा उल्लेख गरेको छ ।

> नागरिक वडापत्र अध्ययन गर्ने गरे नगरेको र सो अनुसारको समयभित्र सेवा प्राप्त गर्न सके नसकेको सम्बन्धमा सेवाग्राहीसंग जिज्ञासा राख्दा केहीले नागरिक वडापत्रको वारेमा जानकारीनै नभएको जनाएका छन् भने अधिकांशले कार्यालय परिसरमा राखेको देखेपनि नपढेको र सो अनुसार सेवा पाए नपाएको सम्बन्धमा अनविज्ञ रहेको प्रतिकृया

१४.४. नियमावलीको नियम १४(ङ) नागरिक बडापत्रमा क्षतिपूर्ति प्राप्त हुने र नहुने सेवा किटान गरी उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । यसै आधारमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र व्यवस्थापन निर्देशिका, २०६९ समेत कार्यान्वयनमा रहेको छ । पालिकाको कार्यालय परिसरमा राखेको र वेभसाइटमा भएको नागरिक बडापत्रको अध्ययन गर्दा तीनवटै पालिकाको बडापत्रमा क्षतिपूर्तिसम्बन्धी व्यहोरा समावेश गरेको छैन । निर्देशिकाको नं ६ मा श्रमिकको एकदिनको न्यूनतम पारिश्रमिकको दरमा नघटाई अधिकतममा रु.५ हजारसम्म क्षतिपूर्ति दिने र क्षतिपूर्तिको रकम तत्काल सेवा प्रदान नगर्ने जिम्मेवार कर्मचारीबाट असुल उपर गरिने

व्यवस्था गरेको भएपनि अधिकांश सेवाग्राहीलाई यस सम्बन्धमा जानकारी नभएको, बडापत्रमा उक्त प्रावधान नै समावेश नगरेको र क्षतिपूर्ति लिन सेवा प्राप्तिमा ढिलाई भई क्षती भएको तीन दिनभित्र निवेदन गर्ने र निवेदन दर्ताको ७ दिनभित्र टुंगो लगाउने र पुनरावेदनको समेत झण्झटिलो प्रक्रिया रहेकोले बडापत्रअनुसार सेवा प्राप्त नहुँदा समेत नागरिकले क्षतिपूर्तिका लागि निवेदन गर्ने गरेको देखिएन ।

१४.५. नगरपालिकाहरूको नागरिक बडापत्रको अध्ययन गर्दा नगरपालिकाले उपलव्ध गराउने सवै सेवाहरू नागरिक बडापत्रमा उल्लेख गर्ने गरेको पाईएन । वेभपेजमा सार्वजनिक गरेअनुसार गोकर्णेश्वरले ५६, सुर्यविनायकले २८ र गोदावरीले ४६ सेवा बडापत्रमा उल्लेख गरेका छन् । उद्योग दर्ता, सिफारिस, नवीकरण, पसल व्यवसाय दर्ता नवीकरण, अस्थायी वसोवास सिफारिस, स्थायी बसोबास सिफारिस, कागज, मञ्जुरीनामा प्रमाणित जस्ता सेवाहरू सवै नगरपालिकाले उपलव्ध गराउदै आएका भए तापनि नागरिक बडापत्रमा उल्लेख गरेको पाईएन। साथै नागरिक बडापत्रलाई डीजिटलाईज्ड प्रविधिमा लगेको अवस्था देखिएन ।

> आवश्यक कागजात र प्रकृया पूरा गरी निवेदन गर्दा उल्लेखित समयमा काम सम्पन्न नभएकोमा ६२ प्रतिशत सेवाग्राहीले कार्यालयमा गुनासो गरे तापनि सुन्ने मात्र गरेको जवाफ दिएका छन् । त्यसैगरी अधिकांश सेवाग्राहीले कार्यालयले सेवा प्रवाहका लागि आवश्यक पर्ने सोधपुछ कक्ष, अपाङ्ग मैत्री मार्ग वा सहयोग कक्षको व्यवस्था नगरेको उल्लेख गरेका छन्

कार्यालयहरूमा नागरिक बडापत्र तोकिएबमोजिम नराख्ाले सेवाग्राहीलाई कार्य प्रक्रिया र सेवा शुल्कका सम्बन्धमा अन्यौलता हुनुका साथै सेवाबारे सु-सूचित हुने नागरिक अधिकारको कदर समेत नहुने भएकोले नियमावलीले तोकेअनुसारको ढाँचामा सबैले देख्ने स्थानमा उपलव्ध गराउने साथै नागरिक बडापत्रलाई डीजिटलाईज्ड प्रविधिमा आधारित बनाउनुपर्दछ । सवै सेबाहरू उल्लेख गरी नागरिक बडापत्र राखी सोबमोजिम सेवा प्राप्त हुन नसकेमा क्षतिपूर्ति सहितको बडापत्र कार्यान्वयनमा ल्याई सेवा प्रवाह पारदर्शी बनाउनुपर्दछ ।

१५. **गुनासो व्यवस्थापन** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २० मा गुनासो व्यवस्थापनका लागि कार्यालयमा गुनासो सुन्ने अधिकारी (नोडल अधिकृत) तोक्नुपर्ने, गुनासो लिन निशुल्क टेलिफोन, अनलाइन सेवा जस्ता उपयुक्त माध्यमको व्यवस्था गर्नुपर्ने, गुनासो प्राप्त भएको २४ घण्टाभित्र नोडल अधिकृतले व्यवस्थापनका लागि सुझाव सहित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्ने, गुनासो व्यवस्थापनका लागि कार्यालय प्रमुखले तत्काल आदेश दिनुपर्ने र आदेश भएकोमा गुनासो व्यवस्थापन गरी गुनासोकर्तालाई जानकारी दिनुपर्ने व्यवस्था छ । पालिकाहरुको स्थलगत भ्रमण गरी जानकारी लिँदा तीनवटै पालिकाले गुनासो सुन्न नोडल अधिकृत तोकेको पाइएन । गुनासो लिन उजुरी पेटिका, टेलिफोन, एस एम एस, इमेल, लिखित उजुरी, मौखिक उजुरीमध्ये कुनै एक वा सबै विधि प्रयोग गर्न सकिने भएपनि गोकर्णेश्वर नगरपालिकाले उजुरी पेटीका राखेको भएपनि उजुरी पेटिकामा उजुरी परे नपरेको हेर्न निश्चित समयावधिमा खोल्नुपर्नेमा खोल्ने गरेको पाइएन । यससम्बन्धमा जिम्मेवार अधिकारीलाई प्रश्न गर्दा खोल्ने गरेको तर अभिलेखीकरण गर्ने नगरेकोले प्रमाणित गर्न नसकेको जानकारी प्राप्त भएको छ । सुर्यविनायक र गोदावरी नगरपालिकामा भने उजुरी पेटिका राखेको छैन । सुर्यविनायक नगरपालिकाको वेभ साइटमा गुनासोका लागि पोर्टल निर्माण भएको भएपनि उक्त पोर्टलमा गुनासो प्राप्त हुने गरेको देखिएन । साथै पालिकाहरुमा इमेल र एस.एम.एस. मार्फत उजुरी लिने संयन्त्रनै निर्माण भएको छैन भने लिखित उजुरी दर्ता गर्ने गरेको देखिएन । पदाधिकारी तथा कर्मचारीसँग जिज्ञासा राख्दा मौखिक उजुरी सुन्ने गरेको र मौखिकरुपमा समाधान गर्ने गरेको भन्ने जवाफ प्राप्त भएको छ । जिम्मेवार पदाधिकारी र कर्मचारीले गुनासो

अभिलेखीकरण गरी सामाधान गर्ने र समाधानको जानकारी दिई सोको समेत लगत राख्ने कार्यलाई न्यून प्राथमिकतामा राखेको कारण पालिकाले गत विगतमा कति गुनासो प्राप्त गऱ्यो र कतिको समाधान भयो भन्ने अभिलेख तयार गर्ने गरेको छैन । पालिकाले गुनासो व्यवस्थापन संयन्त्र तयार गर्न र लिपिवद्ध गर्न नसकेको अवस्था छ । पालिका गुनासो र पृष्ठपोषण लिने संयन्त्र कमजोर रहेको पाईयो । यसबाट पालिकाहरू सेवामा सुधारका क्षेत्रहरू बारेमा अनविज्ञ हुने अवस्था छ ।

नियमावलीको व्यवस्था अनुरुप गुनासो सुन्ने नोडल अधिकृत तोक्ने, गुनासो गर्ने उजुरी पेटिका, टेलिफोन, एस.एम.एस, इमेल, लिखित उजुरी दर्ता, मौखिक उजुरीको अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने, तोकिएको समय भित्र गुनासो समाधान गर्ने सम्बन्धमा जागरुक हुने र गुनासो उपरको कारबाहीका सम्बन्धमा गुनासोकर्तालाई छिटो माध्यमबाट जानकारी दिने संयन्त्र निर्माण गरी सुशासन प्रवर्द्धन प्रतिको जवाफदेहिता वृद्धि गर्नुपर्दछ ।

१६. **कार्यालय विन्यास** - पालिकाले नागरिकहरूलाई प्रदान गर्ने सेवा सहज ढङ्गले कम समयमा, छिटो छरितो रूपमा सम्पन्न गर्न सेवाको कार्य प्रवाह अनुरूप शाखा वा इकाईहरूको विन्यास (Office Layout) गरेको हुनुपर्दछ ।

१६.१. तीनवटै नगरपालिकाको कार्यालय भाडाको भवनमा रहेको र सोही स्थानबाट सेवा प्रदान गरेको पाइयो। आवासीय प्रयोजनका लागि बनेका भवनबाट कार्यालय सञ्चालन गर्दा अफिस विन्यास मिल्न नसकेको, एउटा काम सम्पन्न गर्न विभिन्न तला, कोठा र कक्षमा जानुपर्ने अवस्था रहेको छ ।

१६.२. तीनवटै नगरपालिकाले कार्यालय भवन निर्माणका लागि देहायबमोजिम बजेट व्यवस्था गरेका छन :

क्र.सं.	नगरपालिका	बजेट	हालसम्मको खर्च
१	सुर्यविनायक	२९५२९३	५०२७
२	गोदावारी	२१४५५६	११६१९८
३	गोकर्णेश्वर	५००००	०

सुर्यविनायक नगरपालिकाले २०७६/९/२७ मा रु.२० करोड ४१ लाख ५२ हजारमा २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी कार्य गराएकोमा शुरु सम्झौता म्याद भित्र २ प्रतिशत मात्र प्रगति भई निर्माण कार्य अधुरो रहेको छ । त्यस्तै गोदावारी नगरपालिकाको भवन निर्माण गर्न रु.२१ करोड ४५ लाख ५६ हजारको सम्झौता भई छैठो रनिङ बिलसम्म ५४ प्रतिशत प्रगति हुने गरी रु.११ करोड ६१ लाख ९८ हजार खर्च भएको देखिन्छ । गोकर्णेश्वर नगरपालिकाले कार्यालय भवन निर्माण गर्न रु.५ करोड बजेट विनियोजन गरेको भएपनि हालसम्म निर्माण कार्य नै शुरु गर्न सकेको छैन ।

१६.३. कार्यालयको वर्तमान विन्यासले फरक क्षमता भएका व्यक्तिहरूको लागि उपयुक्त रहेको छैन । साथै नयाँ निर्माणाधीन भवनहरूको डिजाईनमा समेत यस विषयलाई ध्यान दिएको पाईएन ।

कार्यालय विन्यास उपयुक्त नहुँदा सेवा लिन समय र श्रम बढी लाग्ने भएकोले उपलव्ध गराउनुपर्ने सेवाहरू एकै स्थानबाट प्रदान गर्नसक्ने गरी उपयुक्त क्षेत्रफलको व्यवस्था गरी भवनको आन्तरिक डिजाइन व्यवस्थापन गर्नुपर्दछ ।

१७. **सार्वजनिक सुनुवाई** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालय प्रमुखले कार्यालयको काम कारबाही स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेत समावेश गरी सर्वसाधारण र सरोकारवालाको कानुनसम्मत सरोकारलाई सम्वोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यसैगरी स्थानीय सरकार

सञ्चालन ऐन, २०७४ को दफा ७८(५) मा स्थानीय तहले सेवाप्रवाह पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाहरूले २०७५/७६ मा देहायबमोजिम कुल ६४५ योजनामा रु.३१ करोड १४ लाख ८० हजार खर्च भएको भएपनि योजनावद्ध रुपले योजना सञ्चालन व्यवस्थापन र कार्यान्वयनको प्रभाव अवस्थाका सम्बन्धमा सार्वजनिक सुनुवाई हुने गरेको छैन ।

क्र.सं.	स्थानीय तह	योजना संख्या	खर्च (रु.हजारमा)
१	गोकर्णेश्वर	२०५	९५५८०
२	सुर्यविनायक	१९०	११४३००
३	गोदावारी	२५०	१०१६००
	जम्मा	**६४५**	**३११४८०**

लेखापरीक्षणको क्रममा नगरपालिकाको कार्यकारी अधिकृतसँग प्रश्नावली मार्फत यस सम्बन्धमा जानकारी लिँदा खानेपानी तथा सरसफाइ, सडक निर्माण, भूक्षय, कृषि व्यवसाय प्रवर्द्धन आदिको विषयमा सार्वजनिक सुनुवाई गरेको जनाए पनि पालिकामा सार्वजनिक सुनुवाइसम्बन्धी फाइल, माइन्यूट, उठेका विषय, समाधानका लागि प्रतिवद्धता व्यक्त गरेको समय, प्रतिवद्धता पुरा गरे नगरेको विषय आदिका सम्बन्धमा भएका कार्यको अभिलेख छैन । यसबाट पालिकाले सार्वजनिक सुनुवाई गरेपनि आवश्यक अनुगमन एवं निर्देशनको कमीका कारण अभिलेखीकरण गरी सङ्कलित सुझाव कार्यान्वयन गर्ने गरेको छैन । नियमावलीको प्रावधान पुरा गर्न मात्र सार्वजनिक सुनुवाई गर्ने तर अभिलेखीकरण नगरी गुनासो समेत व्यवस्थापन नहुने अवस्थाले सार्वजनिक सुनुवाई प्रभावकारी देखिएन ।

सार्वजनिक सुनुवाईको वारेमा सेवाग्राहीलाई सुशुचित गरी, सवै वर्ग, क्षेत्र, तथा समुदायका व्यक्तिको उपस्थिति हुने गरी सार्वजनिक सुनुवाईको व्यवस्था गरी उठेका समस्याहरूको अभिलेखीकरण र समाधानका प्रतिवद्धतालाई तोकिएको समयावधि भित्र कार्यान्वनको अनुगमन गर्नुपर्दछ ।

१८. **सहायता कक्ष** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को दफा १२ मा सार्वजनिक चासोका विषय कार्यान्वयनसम्बन्धी व्यवस्था छ । यस्तै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ ले सेवाग्राही, जेष्ठ नागरिक, असहाय, विरामी, अशक्त आदिलाई सेवा प्रवाहको क्रममा सहयोग पुऱ्याउन सहायता कक्ष तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सेवा प्रवाह गर्ने निकायले सेवाग्राहीको सुविधा र सुविस्ताका लागि सहायता कक्ष स्थापना गर्ने असल अभ्यास अन्तर्राष्ट्रिय प्रचलनमा रही आएको छ । जिल्ला प्रशासन कार्यालयहरुले लेखपढ गर्न नजान्ने र सहयोगिको सेवा अत्यावश्यक पर्ने सेवाग्राहीलाई सेवा पुऱ्याउन सहायता कक्ष खोली सोको जानकारी वेभसाइट मार्फत उपलब्ध गराउदै आएका छन् भने बैंकहरुले समेत कोभिड महामारिका विचमा सेवाग्राहीलाई सूचना उपलब्ध गराउन र सहयोग पुऱ्याउन अनलाइन सहायता कक्ष सञ्चालन गरेका छन् ।

पालिकाहरुको स्थलगत अवलोकन गर्दा गोकर्णेश्वरमा सहायता कक्ष खोलेको देखिएन भने सुर्यविनायकले सहायता कक्षमा २ कर्मचारी राखी सोधपुछ कक्षलाई सहायता कक्ष नामाकरण गरेको छ। गोदावारीमा सहायता कक्ष राखेको छैन । सहायता कक्ष कायम गरेको पालिकामा समेत सहायता लिन चाहनेलाई कागजात निर्माण तथा प्रकृयामा सरलीकरण गर्दा गर्नुपर्ने कार्यका लागि उपयुक्त मेच, कुर्सि, लगायतका न्यूनतम आधारभूत सामाग्रीको व्यवस्थापन गरेको छैन । पालिकाहरुको आफ्नो भवन निर्माण हुन नसकी भाडाको भवनबाट कार्य सञ्चालन भइरहेको, स्थान अभाव भएको, कोभिडको कारण सामाजिक दुरी कायम गर्नुपर्ने हुदा सहायता कक्ष व्यवस्थापन गर्न

नसकेको प्रतिकृया प्राप्त भएको छ । सहायता कक्ष नहुँदा महिला, बालबालिका, वृद्धवृद्धा लगायत सेवा प्रवाहको चरणहरुको बारेमा अनविज्ञ सेवाग्राहीले पालिकाले प्रदान गर्ने सेवा लिनुपर्दा पालिकाको तर्फबाट सहायता प्राप्त गर्न नसकिरहेको अवस्था छ ।

नगरपालिकाहरूले न्यूनतम सुविधा सहितको सहायता कक्ष व्यवस्था गरी सम्पर्क व्यक्ति र सहयोग गर्ने कर्मचारीको समेत व्यवस्था मिलाई पालिकाले प्रदान गर्ने सेवाको स्तर सुधार गर्नुपर्दछ।

१९. **फोहोरमैला व्यवस्थापन** - फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले फोहोरमैला उत्पादन, सङ्कलन, न्यूनीकरण तथा निष्काशनसम्बन्धी व्यवस्था, स्थानान्तरण केन्द्र तथा व्यवस्थापन स्थलसम्बन्धी व्यवस्था, व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता, सेवा शुल्कसम्बन्धी व्यवस्थापनका साथै प्रदुषण र फोहोरमैला व्यवस्थापनको अनुगमनसम्बन्धी व्यवस्थाका प्रावधानहरु समावेश गरी फोहोरमैला व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न नीतिगत तथा कानुनी व्यवस्था गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा स्थानीय स्तरमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्ने प्रावधान समावेश छ । फोहोरमैला व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न धनगढी, घोराही, बिरेन्द्रनगर, तिलोत्तमा लगायतका विभिन्न स्थानीय तहले फोहोरमैला व्यवस्थापन ऐन तथा कार्यविधि ब्यवस्था गरी नीतिगत तथा कानुनी आधार तयार गरेकोमा लेखापरीक्षणमा समावेश तीनवटै स्थानीय निकायले यस्तो व्यवस्था गर्नसकेको छैन ।

एशियाली विकास बैंकद्वारा नेपालका ५८ स्थानीय तहलाई समेटी सन् २०१२ मा गरिएको नगल्ने फोहोर व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदनअनुसार प्रतिघर परिवारले प्रतिदिन १७० ग्राम फोहोर उत्पादन गर्ने तथ्यका आधारमा प्रतिपरिवार ४ संख्याका आधारमा कुल जनसंख्यालाई भाग लगाई विश्लेषण गर्दा नगरपालिकाहरुमा देहायअनुसार फोहोर उत्सर्जन हुने देखिन्छ ।

क्र.सं.	नगरपालिका	जनसंख्या	घरपरिवार संख्या	दैनिक फोहोर उत्सर्जन (मेट्रिक टन)
१	गोकर्णेश्वर	१०७३५१	२६८३७	४.६
२	सुर्यविनायक	७८४९०	१९६२२	३.५
३	गोदावारी	७८३०१	१९५७५	३.५
	जम्मा	**२६४१४२**	**६६०३४**	

राष्ट्रिय जनगणना २०६८ को जनसंख्याका आधारमा प्रतिपरिवार औसत ४ का दरले घरपरिवार संख्या निर्धारण गरी सोही आधारमा प्रतिपरिवार फोहोरमैला उत्सर्जन परिमाणको अङ्कले गणना गर्दा प्रतिदिन गोकर्णेश्वर नगरपालिकामा ४.६, सुर्यविनायक नगरपालिकामा ३.५ र गोदावारी नगरपालिकामा ३.५ मेट्रिक टन नकुहिने फोहोर उत्पादन हुने देखिन्छ । जनसंख्या वृद्धिदर समेतलाई आधार मानी हालको जनसंख्या आधारमा विश्लेषण गर्ने हो भने यो परिमाण अझ बढी हुने देखिन्छ।

सोही अध्ययन प्रतिवेदनलाई आधार लिँदा देहायमा उल्लेख भएअनुसार फोहोरमैलामा अर्गानिक फोहोरमैला ६६ प्रतिशत, प्लाष्टिक १२ प्रतिशत, कागज र कागजजन्य उत्पादन ९ प्रतिशत, ग्लास ३ प्रतिशत, धातु २ प्रतिशत, टेक्सटाइल २ प्रतिशत, रबर तथा छालाजन्य पदार्थ १ प्रतिशत र अन्य फोहोर ५ प्रतिशत रहेको छ ।

क्र.सं.	फोहोर विवरण	प्रतिशत
१	अर्गानिक फोहोर	६६
२	प्लाष्टिकजन्य फोहोर	१२
३	कागज र कागजातजन्य	९
४	ग्लास जन्य फोहोर	३
५	धातु जन्य फोहोर	२
६	टेक्सटाइल जन्य फोहोर	२
७	रवर र छालाजन्य पदार्थ	१
८	अन्य फोहोर	५
	जम्मा	१००



पालिकाले वार्षिक कार्यक्रमको अध्ययन गर्दा वातावरण र विपद व्यवस्थापन अन्तर्गत फोहोरमैला व्यवस्थापन, वृक्षारोपण, ढल मर्मत सुधार, मुल सडकमा ढल सरसफाई, वातावरण तथा सरसफाई तालिम कार्यक्रम, सडक बत्ती कार्यक्रम, वन व्यवस्थापन तथा खुला क्षेत्र वृक्षारोपण, सरसफाइ अभियान, सामुदायिक वनसँगको सहकार्यमा संरक्षण जस्ता कार्यक्रमहरु समेटी वातावरण व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरे तापनि कुहिने तथा नकुहिने, अस्पतालजन्य फोहोर, कलकारखानाबाट निस्कने फोहोर तरल फोहोरमैला व्यवस्थापन जस्ता क्षेत्रमा लक्षित कार्यक्रम तयार गरी बजेट व्यवस्थापन गरेको छैन ।

आ.व. २०७६/७७ मा वातावरण व्यवस्थापनका लागि समावेश भएको कार्यक्रम

क्र.सं.	नगरपालिका	कार्यक्रम	बजेट (हजारमा)
१	गोकर्णेश्वर	वातावरण तथा विपद व्यवस्थापन	३८२५
२	सुर्यविनायक	वातावरण तथा विपद व्यवस्थापन	७३००
३	गोदावारी	वातावरण तथा विपद व्यवस्थापन	५०००

पालिकाहरुले गैर सरकारी संस्थाहरुको सहकार्यमा फोहोरमैला सङ्कलन गरेको जानकारी गराएपनि ती संस्थासंग गरेको सम्झौता, संस्थाले प्रतिपरिवार फोहोरमैला व्यवस्थापन बापत उठाउने शुल्क, फोहोरमैला सङ्कलन स्थल व्यवस्थामा जस्ता क्षेत्रहरु समेटी सम्झौता गरी फोहोरमैला व्यवस्थापनहरुलाई जवाफदेही बनाउने गरी व्यवस्थित गरेको छैन । यस्ता संस्थाले उठाएको फोहोरमैला विशर्जन गर्न डम्पिङ्ग स्थल पहिचान भएको छैन ।

१९.१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा स्थानीयस्तरमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने प्रावधान समावेश छ । एशियालि विकास बैंकद्वारा नेपालका ५८ स्थानीय तहलाई समेटी सन् २०१२ मा गरिएको नेपालका स्थानीय तहमा नगल्ने फोहोर व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदनअनुसार प्रतिघर परिवारले प्रतिदिन १७० ग्राम फोहोर उत्पादन गर्ने तथ्यका आधारमा गोकर्णेश्वर नगरपालिकामा ४.६, सुर्यविनायक नगरपालिकामा ३.५ र गोदावारी नगरपालिकामा ३.५ मेट्रिक टन ठोस फोहोर उत्पादन हुने गरेको देखिन्छ । आर्थिक सर्वेक्षण २०७७।७८ ले काठमाडौं उपत्यकाका १८ नगरपालिकाको फोहोर मैला व्यवस्थापन गर्न नुवाकोटको बन्चरे डाँडामा आवास तथा सहरी विकास कार्यक्रम मार्फत फोहरमैला व्यवस्थापनको पहिलो चरणको निर्माण कार्यको ५२ प्रतिशत सम्पन्न भई दोश्रो चरणको कार्य प्रारम्भ उल्लेख गरेको छ । वातावरण व्यवस्थापनमा गोकर्णेश्वरले रु.३८ लाख २५ हजार, सुर्यविनायकले रु.७३ लाख र गोदावरीले रु. ५० लाख गरी जम्मा रु.१ करोड ६१ लाख २५ हजार बजेट व्यवस्थापन गरेतापनि अर्गानिक, प्लाष्टिक, कागज, ग्लास, धातु, टेक्सटाइल, रवर तथा छाला जन्य र अन्य फोहोर

वर्गीकरण गरी उचित व्यवस्थापन गर्नसकेका छैनन् ।तीनवटै पालिकाहरुले गैरसरकारी संस्थाहरु मार्फत फोहोर सङ्कलन गरी सिसडोलमा व्यवस्थापन गर्ने गरेको जनाए पनि सङ्कलनकर्ता संस्थाले पुन प्रशोधन हुने र नहुने छुट्याउन नदिका किनारमा सङ्कलन स्थल कायम गरी थुपार्ने गरेको छन् । गोकर्णेश्वर नगरपालिकाको गोठाटार पुल नजकैको बागमति क्षेत्र, सुर्यविनायकको राधे राधे नजिकैको हनुमन्ते किनार र गोदावरी नगरपालिकाको हात्तिवन क्षेत्रको कर्मनाशा किनार सङ्कलन क्षेत्रको रुपमा प्रयोग भएको छ । नगरोन्मुख र नयाँ वस्ति बढ्दै गएकाले फोहोरमैला उत्पादन वृद्धि भइरहेकोमा वातावरण प्रदुषित भई सँक्रामक रोग फैलन सक्ने अवस्थाको आधारमा सङ्कलन स्थलको व्यवस्थापन नहुँदा सङ्कलन क्षेत्र आसपासको वातावरण प्रभावित भएको छ । बन्चरे डाँडाको फोहरमैला व्यवस्थापन केन्द्र समयमै सम्पन्न गरी सङ्कलन स्थल व्यवस्थित गर्दै प्रशोधन केन्द्र निर्माण गरी फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्दछ ।

फोहोरमैलाको उचित व्यवस्थापन नगर्दा वातावरणीय प्रभाव पर्न गई प्लाष्टिक, धातु तथा काँचजस्ता जस्ता नकुहिने फोहोर जमिनमा मिसिन गई प्रदुषित भई वालिनाली, वन तथा पर्यावरणमा असर पर्ने र तरल फोहोर सोझै नदिनालामा मिसाउदा जलचर विनास हुने, नदि नाला र खोल्साहरु प्रदुषित हुने र पर्यावरणमा नै प्रभाव पर्ने अवस्था छ ।

नगरपालिका क्षेत्रमा उत्सर्जित फोहोरमैला व्यवस्थापन (सङ्कलन, वर्गीकरण, विर्सजन) कार्य कार्यक्रम बजेटमा समावेश गरी वर्गीकरण अनुरूप डम्पिङ्ग साइटमा विसर्जनको व्यवस्था गर्नुपर्दछ।

२०. **निर्माण इजाजत** - निर्माण इजाजत नगरपालिकाहरूले दिने प्रमुख सेवा हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ देखि ४५ सम्म भवन निर्माण सम्बन्धमा पालना गर्नुपर्ने व्यवस्थाहरु उल्लेख छ । उक्त व्यवस्थाअनुसार भवन निर्माण गर्दा निम्न व्यहोरा पुरा गरी त्यससम्बन्धी प्रमाण कागजात निर्माण इजाजत फाइलमा संलग्न गर्नुपर्ने व्यवस्था छ ।

क्र.सं.	विषय	संलग्न गर्नुपर्ने कागजात
१	अनुमतिका लागि दरखास्त	नक्शा सहित तोकिएको ढांचामा निवेदन ।
२	नक्सामा खुलाउनुपर्ने	छुट्टै चर्पि र सकपिट तथा अन्य भवनसँग जोडिने नजोडिन लगायत ।
३	हक भोगको निस्सा वा मञ्जुरी	जग्गाको हकभोगको निस्सा वा मञ्जुरी ।
४	जाँचवुझ गर्ने	दरखास्त रीतपूर्वक भए नभएको ७ दिन भित्र जाँचवुझ गर्ने ।
५	प्रतिवेदन पेश गर्ने	सर्जमिन मुचुल्का जाँचवुझ गरी १५ दिनभित्र पेश गर्ने ।
६	अनुमति दिने	सर्जमिन प्रतिवेदन प्राप्त भएको मितिले ७ दिनभित्र ।
७	नक्सा पास गर्ने	निर्धारित मापदण्ड अनुरुप थपघट गरी पास गर्ने ।
८	सूचना दिने	निर्माण इजाजत दिन नसक्ने भए सूचना दिने ।
९	उजुरी दिन सक्ने	मुचुल्का प्रतिवेदन प्राप्त भएको ७ दिन भित्र अनुमति नदिएमा उजुरी गर्ने।
१०	भवन निर्माण गर्नुपर्ने अवधि	अनुमती पाएको २ वर्ष भित्र ।
११	जाँचवुझ र कारवाही	स्वीकृत मापदण्ड वमोजिम अनुमती लिई वनाए नवनाएको ।
१२	राष्ट्रिय भवन संहिता	पालना भए नभएको ।

उक्त व्यवस्था पालना हुनेगरी निर्माण कार्यको इजाजतदेखि निर्माण सम्पन्नसम्मको कार्य गर्न पालिकाले निर्माण इजाजत निवेदन पुस्तिका छपाइ गरी प्रतिपुस्तिका रु.१ हजारका दरले सेवाग्राहीलाई विक्री गरी नक्सा पासको हरेक चरणमा सोही पुस्तिकामा उल्लेखित फारम भरी सोही फारममा उल्लेखित प्रकृया पुरा गरेपछि निवेदनदेखि इजाजत र निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्नेसम्मका कार्य गर्दै आएकोमा उक्त प्रक्रियासम्बन्धी फाइलहरु अध्ययन गर्दा देखिएका व्यहोरा देहायको विवरण तालिकामा उल्लेख छ ।

इजाजत प्रकृयाका चरणवद्ध कागजातको अवस्था

क्र.सं.	विवरण	गोकर्णेश्वर	सुर्यविनायक	गोदावारी
१	नक्सा पास तथा निर्माण कार्यको इजाजत निवेदन	निवेदकको सही नभएको	पूर्ण	सहि भएको । व्यहोरा छुटेको
२	प्राविधिक विवरण फारम क। आर्किटेक्ट डिजाइन फारम ख। स्ट्रक्चरल डिजाइन फारम ग। डिजाइनर/कन्सल्टयाण्टको कवुलियतनामा घ। निर्माण सुपरिवेक्षण गर्नेको दस्तखत सहितको फारम	 नभरेको नभरेको नभरेको नभरेको	पूर्ण	 नभरेको नभरेको नभरेको नभरेको
३	पूर्वाधार विकास शाखाको नक्सा जाँच गरी प्रतिवेदन पेश गर्नुपर्ने टिप्पणी	तयार नगरेको	पूर्ण	तयार नगरेको
४	नक्सा वनाउने प्राविधिकले उल्लेख गर्नुपर्ने विवरण	अधिकांस व्यहोरा खालि रहेको	मिलेको	पूर्ण नभएको
५	भवन इजाजत व्यवस्थापन शाखाको प्रयोजनका लागि राजस्व प्रशासनले भर्नुपर्ने फारम	नभरेको	भरेको	नभरेको
६	संधियारको नाममा जारी सूचना	प्रापकलाई नपठाएको	पठाएको	नपठाएको
७	अमिनको प्रतिवेदन	खाली रहेको	रहेको	खाली रहेको

निर्माण कार्य स्वीकृतिका चरणमा प्रमाण कागजात पूर्ण गरेको हुनुपर्दछ । सुर्यविनायक नगरपालिकाले निर्माण कार्यका प्रत्येक चरणमा पेश गर्नुपर्ने कागजात, निर्णय प्रकृया, दिनुपर्ने जानकारी तथा भर्नुपर्ने फारमहरु भरी प्रमाणित गरेको छ भने अन्य दुई पालिका गोकर्णेश्वर र गोदावरी नगरपालिकाका अधिकांश विवरण खाली र अपुरो, कागजात र प्रमाण लेखाङ्कनमा कमी रहेको देखिन्छ। २०७६/७७ मा नगरपालिकाहरूले घर निर्माणसँग सम्बन्धित देहायबमोजिम इजाजत जारी गरेको देखिन्छ ।

सि.नं.	विवरण	स्थानीय तह		
		गोकर्णेश्वर	सुर्यविनायक	गोदावारी
१	घर निर्माण सम्पन्न	९५२	६०१	३८२
२	संसोधन/तल्ला थप	२६१	३	०
३	अभिलेखिकरण	२३६	२१७	५९
४	नक्सा नामसारी	४६५	८४	५
५	अस्थाई जस्ता टहरा	५८५	०	८४२
६	डिपीसी	५५१	९५३	७८९
७	निर्माण इजाजत पत्र	५६६	१०८५	८०३
	जम्मा	**३६१६**	**२९४३**	**२८८०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ देखि ४५ सम्म भवन निर्माण सम्बन्धमा पालना गर्नुपर्ने व्यवस्थाहरु उल्लेख छ । काठमाडौं उपत्यका विकास प्राधिकरणको २० वर्षे रणनीतिक विकास योजना (२०१५ देखि २०३५) ले काठमाडौं उपत्यकाको संरचना निर्मित क्षेत्र सन् २०३० सम्ममा २२ हजार ७९८ हेक्टर पुग्ने र प्रत्यक दशकमा उपत्यकाको उपलव्ध जग्गाको करिब ६ हजार हेक्टर जमिन विभिन्न प्रकारका आवास तथा अन्य संरचना निर्मित इलाकामा परिणत हुने प्रक्षेपण गरेको छ । यसलाई आधार मान्दा पालिकाहरुमा समेत जनसख्या वृद्धिसँगै सहरीकरण बढ्ने देखिन्छ । पालिकाहरुले घर तथा संरचना निर्माण गर्दा व्यवस्थित शहरीकरणलाई प्राथमिकता दिनसकेका छैनन् । घर निर्माण सम्पन्न, तला थप र संसोधन, अभिलेखीकरण, नक्सा नामसारी, अस्थाई जस्ता टहरा, निर्माण इजाजतपत्र जस्ता भवन निर्माणसम्बन्धी कार्यका लागि

उल्लेखित तालिकाअनुसार २०७६/७७ मा गोकर्णेश्वर नगरपालिकाले ३६१६, सुर्यविनायकले २९४३ र गोदावारीले २८८० इजाजत जारी गरेको देखिन्छ । धेरै संख्या निर्माणसम्बन्धी इजाजत जारी गरेपनि दीर्घकालसम्म अभिलेख रहने निर्माण इजाजतसम्बन्धी पुस्तिकामा रहेका अधिकांश विवरण नभरेको, निर्णय गर्ने स्थानमा टिप्पणी लेखी निर्णय नगराएको, प्राविधिक विवरण उल्लेख नगरेको जस्ता व्यहोराले निर्माण कार्यका सम्बन्धमा विवाद उत्पन्न भई न्यायिक निरुपणमा गएमा निर्माण कार्यसम्बन्धी फाइल अधुरो भई प्रमाणका रुपमा प्रस्तुत हुन नसक्ने देखिन्छ । साथै इजाजत दिनुभन्दा अगाडी आवश्यक विश्लेषण नगरेको दर्शाउछ । यसले गर्दा इजाजत प्राप्त निर्माणहरूले आवश्यक मापदण्ड पुरा नगर्ने जोखिम बढाएको छ । पालिकाले इजाजत नलिई निर्माण गरेका भवन, इजाजत लिएकोमा स्वीकृत भए भन्दा फरक र ठुलो गरी निर्माण भएका भवन, खोला किनारा अतिक्रमण गरी निर्माण भएका संरचना, मापदण्ड अनुसारको बाटो नभएका स्थानमा बनेका संरचना आदिको खोजी गरी अद्यावधिक अभिलेख राखेको छैन । साथै निर्माणको क्रममा उजुरी परी विवादित भएका विषयको विवाद निरुपण गरेपनि दीर्घकालीन अभिलेख कायम गर्न नसकेको छलफलको क्रममा जानकारी गराएको छ ।

नगरपालिकाहरूले इजाजतका चरणमा आवश्यक सबै विवरण अद्यावधिक भएपछि मात्र आवश्यक विश्लेष्ण गरी गुणस्तरीय निर्माण हुने सुनिश्चित हुनेगरी निर्माण इजाजत व्यवस्थापन गर्नुपर्दछ। साथै स्वीकृत भएअनुसारको मापदण्ड पालना गरी निर्माण भए नभएको अनुगमन गरी सुधार गर्ने कार्य व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्दछ ।

२१. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म स्थानीय निकायमा संविधानको धारा १२७ बमोजिमको न्यायिक समिति रहने, समितिको संयोजक र सदस्यहरुले सामुहिक रुपले अधिकार क्षेत्रको प्रयोग गर्ने, समितिले आफु समक्ष पेश भएको विवादमा कारवाही र किनारा गर्ने, विवादको निर्णय भएकोमा ३५ दिनभित्र सम्बन्धित पक्षलाई निर्णयको प्रतिलिपि उपलब्ध गराउनुपर्ने, मिलापत्रको कार्यान्वयन गराउनुपर्ने र विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार निकायबाट २०७६/७७ मा कारवाही र किनारा भएको उजुरीहरुको विवरण देहायअनुसार छः

क्र.सं.	विवरण	नगरपालिकाको नाम			
		गोकर्णेश्वर	सुर्यविनायक	गोदावारी	जम्मा
१	दर्ता भएको	१३८	६७	२१८	**४२३**
२	मेलमिलाप भएको	१९	१२	४१	**७२**
३	अदालत गएको	३	१०	५	**१८**
४	तामेलीमा रहेको	८५	१५	७१	**१७१**
५	जिम्मेवारी सरेको	३१	२५	३८	**९४**
	जम्मा	**२७६**	**१२९**	**३७३**	**७७८**

विवरणअनुसार यस वर्षभित्र कुल ७७८ मुद्दाका सम्बन्धमा कारबाही भएकोमा ७२ मुद्दा मेलमिलापमा गएको, १८ मुद्दा अदालत गएको छ भने १७१ मुद्दा निर्णय नभई तामेलिमा रहेको तथा ९४ मुद्दा जिम्मेवारी सरेको छ ।गोकर्णेश्वरमा १३८ दर्तामध्ये ८५ तामेलिमा रही ३१ जिम्मेवारी सरेको छ । सुर्यविनायक मा ६७ दर्तामध्ये १५ तामेलिमा रहेको र २५ जिम्मेवारी सरेको छ । यसैगरी गोदावरीमा २१८ दर्तामध्ये ७१ तामेलिमा रही ३८ जिम्मेवारी सरेको छ । समग्रमा

मेलमिलाप भएको र अदालत गएको जम्मा मुद्दा संख्या ९० भन्दा तामेलिमा रहेको र जिम्मेवारी सरेको मुद्दा ७५ प्रतिशतले बढी हुने गरी २६५ को संख्यामा रहेको छ ।यसबाट दर्ता भएको मुद्दा तामेलीमा राख्ने वा जिम्मेवारी सार्ने कार्यले प्राथमिकता पाएको छ । यसबाट स्थानीय निकायका विवाद स्थानीय निकायमानै गठन भएको न्यायिक समिति मार्फत छिटो फैसला गरी पिडितले छिटो न्याय प्राप्त गर्ने अभ्यास र न्याय सम्पादनको मर्ममा प्रभाव परेको छ । स्थानीय विवाद स्थानीय तह मार्फत समाधान गर्दै न्याय सम्पादनको कार्यलाई छिटो छरितो बनाउने मर्म अनुसार दर्ता भएका मुद्दा तामेलिमा राख्ने र जिम्मेवारी सार्ने भन्दा पनि मेलमिलाप गराउने र मेलमिलाप हुन नसकेमा अदालत जाने गरी न्यायिक समितिको कार्य प्रभावकारी बनाई छोटो समयमा न्याय प्राप्त हुने गरी समितिको कार्य व्यवस्थित गर्नुपर्दछ ।

२२. **सामाजिक सुरक्षा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा संघ र प्रदेश कानुनको अधिनमा रही पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन र व्यवस्थापन गर्ने व्यवस्था रहेको छ । यसै दफामा पालिकाले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक गर्ने, परिचयपत्र वितरण गर्ने साथै सामाजिक सुरक्षा भत्ता तथा सुविधाको व्यवस्थापन र वितरण गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाले २०७५/७६ मा देहायअनुसार सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।

नगरपालिका / लक्षित समुह	सुर्यविनायक	गोकर्णेश्वर	गोदावारी
	संख्या	संख्या	संख्या
जेष्ठ नागरिक	२१५६	१५९३	२१९१
जेष्ठ नागरिक दलित	५०	४२	२०५
जेष्ठ नागरिक एकल महिला	५५२	३६३	३०
विधवा	६९६	५३९	२३८४
पूर्ण अपाङ्गता	१२९	८३	१९१
अति अशक्त अपाङ्गता	११५	७७	२३०
दलित बालबालिका	१००	४०	१८२
लाभ प्राप्त गर्ने संख्या	३७९८	२७३७	५४१३
सा.सु. वितरण भएको रकम र रु हजारमा	१०६०४२	८६७८९	१६२९७२

तथ्याङ्कअनुसार २०७५/७६ मा गोकर्णेश्वर नगरपालिकाले २७३७ जनालाई रु.८ करोड ६७ लाख ८९ हजार, सुर्यविनायक नगरपालिकाले ३७९८ लाभग्राहीलाई रु.१० करोड ६० लाख ४२ हजार तथा गोदावारी नगरपालिकाले ५४१३ जनालाई रु.१६ करोड २९ लाख ७२ हजार सामाजिक सुरक्षा रकम वितरण गरेको छ । गोकर्णेश्वर र गोदावारी नगरपालिकाले बैंकिङ्ग प्रणाली मार्फत वितरण गरेको भएपनि सुर्यविनायकमा गत आ.व. सम्म नगदै वितरण हुदै आएको छ ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा ३३ मा सामाजिक सुरक्षाको नाम दर्ता, नवीकरण प्रकृया, भत्ता दर, भत्ता प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता विषयमा स्थानीय सामाजिक संस्था, गैर सरकारी संस्था आदिको सहयोगमा प्रचार प्रसार गर्नुपर्ने व्यवस्था छ । यस्तै स्थानीय एफ.एम.मार्फत कार्यक्रमको जानकारी गराई भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेशी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा स्थानीय सञ्चार माध्यमबाट प्रचार प्रसार गरेपनि अनुगमन र जनशक्तिको कमीका कारण वेभसाइटमा लाभग्राहीको अद्यावधिक विवरण संलग्न गरेको छैन । बैंक मार्फत सेवा प्रवाह गर्न बैंक छनौटको चरणमा रहेकोले नगद नै

वितरण हुदै आएपनि आगामी वर्षभित्र वैंकिङ प्रणालीमा गइसक्ने पालिकाले जानकारी दिएको छ । यसै गरी वेभसाइटमा राख्ने प्रयास गरेपनि ठुलो परिमाणको तथ्याङ्क भएकोले तत्काल राख्न नसकिएको प्रतिकृया प्राप्त भएको छ । वितरण प्रणालीलाई व्यवस्थित गरी बैंङ्किग प्रणालीमा जान नसक्दा सम्बन्धित लाभग्राहीले भत्ता प्राप्त नगर्ने, बुझ्ने व्यक्तिले लाभग्राहीसम्म नपुऱ्याउने साथै वितरण प्रकृयाको चरणमा समेत चुहावट हुने देखिन्छ । साथै वेभसाइट र अन्य माध्यमबाट नामावली सार्वजनिक नहुँदा नपाउनेले भत्ता पाउने, मृत्यु भइसकेकाहरुको लगत कट्टा नहुने, लाभग्राहीको निधन भइसक्दा समेत बैंकमा जम्मा हुन गइरहने जस्ता समस्या उत्पन्न भएको छ ।

नगरपालिकाहरूले अनुगमन र जनशक्ति व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण मासिक रुपमा अद्यावधिक गर्ने, वितरण प्रणाली पूर्ण बैंकिङ्ग बनाउने, लाभग्राहीको विवरण वेभसाइट र अन्य माध्यमद्वारा प्रकाशन गर्ने कार्य गरी सामाजिक सुरक्षासम्बन्धी सेवालाई प्रभावकारी बनाउनुपर्दछ ।

२३. **न्यूनतम आधारभूत सेवा** - नगरपालिकाहरूले आफ्नो क्षेत्रमा बसोवास गर्ने नागरिकहरूलाई स्वच्छ खानेपानी, स्वास्थ सेवा, सडक र नाली, ढल व्यवस्था, बिजुली आपूर्ति, पार्क चउर वा खुल्ला स्थानको व्यवस्था गरी नागरिकहरूका लागि आधारभूत सेवा उपलव्ध गराएको हुनुपर्दछ । नगरपालिकाहरूले नागरिकहरूलाई उपलव्ध गराउनुपर्ने आधारभूत सेवाका सम्बन्धमा परीक्षण गर्दा देहायबमोजिम देखएको छ :

विवरण	गोकर्णेश्वर (वडा संख्या)			सुर्य विनायक (वडा संख्या)			गोदावरी (वडा संख्या)		
	पूर्ण रूपमा	अंशिक रूपमा	नरहेको	पूर्ण रूपमा	अंशिक रूपमा	नरहेको	पूर्ण रूपमा	अंशिक रूपमा	नरहेको
स्वच्छ खाने पानी आपूर्ति व्यवस्था	०	९	·	०	१०	०	५	९	०
ढल व्यबस्था र निकास	३	६	·	०	८	२	०	४	१०
नगरपालीकाको स्वास्थ सेवा	९	०	·	९	१	०	५	९	०
सडक र नाली	०	९	·	०	१०		०	१४	०
सडक बती	०	९	·	०	१०		०	८	६
पार्क चउर वा खुल्ला स्थान	०	९	·	४	४	२	११	२	१
बिजुली आपूर्ति	९	०	·	१०	०	०	१२	२	०
जम्मा	**२१**	**४२**	·	**२३**	**४३**	**४**	**३३**	**४८**	**१७**

गोकर्णेश्वरको ९ वटै वडामा स्वास्थ्य र विद्युत सेवा, ९ वटै वडामा अँशिक रुपमा मात्र स्वच्छ खानेपानी, ढल व्यवस्थापन ३ वडामा पूर्ण ६ वडामा आंशिक रहेको छ । सुर्यविनायक नगरपालिकामा १० वटै वडामा विद्युत र स्वच्छ खानेपानी आपूर्ति, ९ वडामा स्वास्थ्य सेवा, ४ वडामा खुल्ला स्थल व्यवस्थापन पूर्णरुपमा रहेको छ भने, ८ वडामा ढल व्यवस्थापन, १ मा स्वास्थ्य सेवा, १० मा सडक नाली तथा सडक बत्ती र ४ वडामा खुल्ला स्थान व्यवस्थान आंशिक रुपले भएको छ भने २ वडामा ढल र खुल्ला स्थान व्यवस्थापन हुनसकेको छैन । त्यस्तै गरी गोदावरीका १४ वडामध्ये ५ वडाले खानेपानी र स्वास्थ्य सेवा, ११ वडाले खुल्ला स्थान व्यवस्थापन तथा १२ वडाले पूर्ण रुपमा विद्युत आपूर्ति

> स्थानीय अस्पताल तथा स्वास्थ्य चौकीबाट ५८ प्रतिशत सर्वसाधरणले सेवा लिएकामा स्वास्थ्य चौकीमा सामान्य सेवा मात्र उपलब्ध भएको प्रतिक्रिया दिएका छन् । बाँकी ३८ प्रतिशतले सरकारी भन्दा निजी अस्पतालको सुविधा राम्रो लागेर स्थानीय अस्पतालको सेवा नलिएको वताएका छन् ।
>
> सरकारी स्कूलमा पठनपाठनको गुणस्तर राम्रो नलागेकोले ७० प्रतिशत सर्वसाधरणले आफ्ना केटाकेटी निजी विद्यालयमा भर्ना गरेको उत्तर दिएका छन् ।

गर्नसकेको छ भने १४ वटै वडाले आंशिक रुपमा मात्र सडक र नाली व्यवस्थापन गर्नसकेको र १० ले ढल व्यवस्थापन, ६ ले सडक बत्ती र १ ले खुल्ला चौर व्यवस्थापन गर्नसकेको देखिएन । नगरपालिकाले उपलव्ध गराएको विवरणअनुसार उपरोक्त व्यहोरा देखिएपनि यथार्थ अवस्था अध्ययन गर्दा सर्वसाधारणले खानेपानी उपलव्ध नभएको र भएकोमा पनि गुणस्तरीय नभएको, ढल खुल्ला रुपले खोलामा बिसर्जन गर्ने गरेको, बढी जन घनत्व भएको स्थानमा पार्क तथा खुल्ला स्थलको व्यवस्थापन नभएको, स्वास्थ्य चौकिमा सवै किसिमका सेवा उपलव्ध नभएको, अधिकांश सरकारी विद्यालयको पठन पाठनको गुणस्तर विश्वासयोग्य नभएको जस्ता गुनासो गर्ने गरेपनि स्थानीय निकायले उक्त क्षेत्रमा उल्लेख्य सुधार गर्नसकेका छैनन् । यससम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

२३.१. **ढल व्यवस्थापन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा जनजीवन, जनस्वास्थ्य तथा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कार्य गर्न नहुने व्यवस्था छ । काठमाडौ उपत्यका विकास प्राधिकरणको २० वर्षे रणनीतिक विकास योजना (२०१५ देखि २०३५) ले काठमाडौ उपत्यकामा ९९.५ प्रतिशत घरहरुमा शौचालयको सुविधा भएपनि ५४.८ प्रतिशत घरहरु प्रणालीसँग जोडिएको र १३.५ घरहरु मात्र सेप्टिक टैङ्कमा जोडिएको उल्लेख गरेको छ । आर्थिक सर्वेक्षण २०७७।७८ मा २०७७ फागुणसम्म धोविघाट प्रशोधन केन्द्र (७ करोड ४० लाख लिटर प्रति दिन), सल्लाघारी ढल प्रशोधन केन्द्र (१ करोड ४२ लाख लिटर प्रतिदिन) र बालकुमारी ढल प्रशोधन केन्द्र (१ करोड ७५ लाख लिटर प्रतिदिन) को डिजाइन सम्पन्न भई २६ प्रतिशत निर्माण कार्य सम्पन्न भएको उल्लेख छ ।साथै आवास तथा सहरी विकास मन्त्रालयले काठमाडौं उपत्यकाको सभ्यताको रुपमा रहेको वागमती, रुद्रमती, इच्छुमती, मनहरा, हनुमन्ते र नख्खुखोला लगायतका नदिलाई ढल तथा प्रदुषणमुक्त बनाउन २०७७।७८ को फाणुणसम्म २.८ किलोमिटर ढल र २.२ किलोमिटर नदी नियन्त्रणको निर्माण कार्य सम्पन्न गरेको छ । यसैगरी पालिकाहरुको बजेट तथा कार्यक्रम पुस्तिकाअनुसार गोकर्णेश्वर र गोदावरीले ढल निर्माण कार्यमा यो वर्ष रु.१ करोड ७ लाख ५० हजार र रु.३० लाखका योजना स्वीकृत गरी सम्पन्न गरेका छन् । नगरस्तरीय सर्वेक्षण, २०७५ अनुसार १ लाख १३ हजार जनसंख्या भएको सुर्यविनायकको सहरी क्षेत्रको अधिकांश ढल विना प्रशोधन हनुमन्ते खोलामा मिसाएको छ भने कुल १ लाख ७ हजार जनसंख्या भएको गोकर्णेश्वरको १, २ र ३ वडामा ढल व्यवस्थापन हुनसकेको छैन भने अन्य वडाका ढल वागमती किनारा हुँदै गुहेश्वरी स्थित ढल प्रशोधन केन्द्रमा पुग्ने गरेको छ । त्यस्तै १ लाख १५ हजार जनसंख्या रहेको गोदावरी नगरपालिकाको नगरउन्मुख वडाको ढल हात्तिवन देखिनै गोदावरी खोलामा मिसाउने गरेको छ । अप्रशोधित ढल सोझै नदिमा मिसाउदा जलचरको पारिस्थितिक प्रणालीमा असर परेको छ । नदिको आसपासमा रहेका ढल सुद्धीकरण प्लाण्ट सुधार गर्दै निर्माणाधीन प्रशोधन केन्द्र समयमा सम्पन्न गरी थप स्थानमा प्रशोधन केन्द्र निर्माणको संभाव्यता पहिचान गरी अप्रशोधित ढल सोझै नदिमा मिसाउने अभ्यासमा सुधार गर्नुपर्दछ ।

२३.२. **खानेपानी वितरण** - पन्ध्रौ योजनाले नव्वे प्रतिशत जनसंख्यालाई आधारभूत खानेपानी सेवा उपलव्ध गराउने लक्ष्य लिएको छ । काठमाडौ उपत्यका विकास प्राधिकरणको २० वर्षे रणनीतिक विकास योजना (२०१५ देखि २०३५) ले उल्लेख गरे अनुसार काठमाडौमा खानेपानीको माग करिब ३ करोड ६० लाख लिटर प्रतिदिन छ । तर काठमाडौ उपत्यका खानेपानी लिमिटेडले भने १ करोड १० लाख लिटर प्रतिदिन उपलव्ध गराउने गरेको छ । खानेपानी मन्त्रालयको २०७७ फागुणको तथ्याङ्कअनुसार २०७७ आषाढसम्म आधारभुत खानेपानीको पहुँच पुगेको जनसंख्या ९१ प्रतिशत रहेकोमा २०७७ फगुणसम्ममा यो जनसंख्या ९१.५ प्रतिशत पुगेको छ । २०७७।७८ को

फागुणसम्म थप १ लाख ५५ हजार जनसंख्या आधारभूत खानेपानीको सुविधाबाट लाभान्वित भएका छन् । पालिकाहरुले एकीकृत तथ्याङ्क नराखेकोले राष्ट्रिय तथ्याङ्कसँग पालिकाको तथ्याङ्क आवद्ध हुने देखिएन । गोकर्णेश्वर, सुर्यविनायक र गोदावरीले खानेपानीसम्बन्धी योजनामा क्रमशः रु.५ करोड २५ लाख ५० हजार, रु.५५ लाख ५० हजार र रु.८० लाख ८३ हजार खर्च गरेका छन् । नगरपालिकाहरुले आफ्नो क्षेत्र भित्र जनसख्या वृद्धिलाई आधार लिई खानेपानी आवश्यकताको प्रक्षेपण गरेका छैनन् । नगरपालिकामा वार्षिक रुपमा जनसंख्या वृद्धि हुँदै गएपनि उत्तरमा शिवपुरी राष्ट्रिय निकुञ्ज रहेको गाकर्णेश्वर नगरपालिकाको वडा १ को उत्तरी क्षेत्र र वडा ३ मा स्थानीय नदी तथा खोल्साको पानी स्थानीय स्तरमा सङ्कलन गरी उपभोग हुंदै आएको छ भने अन्य वडामा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सुन्दरिजल प्रशोधन केन्द्रबाट वितरित खानेपानी उपभोग भएको छ । यसैगरी सुर्यविनायकको वडा ७, ९ र १० मा स्थानीय खोलाको पानी सङ्कलन गरी वितरण भएको छ भने अन्य वडामा डिप बोरिङ गरी उत्पादित पानी स्थानीय उपभोक्ता समुह मार्फत वितरण हुदै आएको छ । यस्तै गोदावरीका ग्रामिण भेगका वडामा स्थानीय खोलानालाको पानी उपभोक्ता स्वयंले सङ्कलन गरी प्रयोगमा ल्याएका छन् भने नगरोन्मुख वडाहरुमा बोरिङको पानी वितरण भएको छ । पालिकाहरुले स्थानीय मागअनुसार व्यवस्थित रुपमा खानेपानी वितरण गर्नसकेको देखिदैन । यसबाट नागरिकको अत्यावश्यक सेवा माथिको पहुँच स्थापना हुनसकेको छैन । पालिकागत तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्कसँग आवद्ध गर्दै खानेपानीका स्रोतको पहिचान गरी, खुल्ला स्थल बहाव क्षेत्रको संरक्षण जस्ता माध्यमबाट भूमिगत जलभण्डार स्थानमा रिचार्ज हुने व्यवस्था गर्दै वितरणमा व्यवस्थामा समेत सुधार गर्नुपर्दछ ।

२३.३. **स्वास्थ्य सेवा** - जनताको स्वास्थ्योपचार र दैनिक जीवनयापनसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले स्वास्थ्य सेवालाई महत्वपूर्ण न्यूनतम आधारभूत सेवाको रुपमा लिएको छ । आर्थिक सर्वेक्षण २०७७।७८ ले स्थानीय तहको हरेक वडामा एक स्वास्थ्य संस्था रहने व्यवस्था गरेअनुसार २०७७ सम्म देशभर यसको संख्या २ हजार ६२६ पुगेको उल्लेख गरेको छ ।यसैअनुसार नगरपालिकाहरुले स्थानीय स्वास्थ्य संस्था मार्फत सेवा उपलव्ध गराउदै आएका छन् । स्वास्थ्य सेवामा यो वर्ष गोकर्णेश्वरले रु.५ करोड २७ लाख ७९ हजार, सुर्यविनायकले रु.५ करोड ७५ लाख ३७ हजार र गलावरीले रु.१० करोड ७ लाख १ हजार खर्च गरेको छ । गोकर्णेश्वरको वडा नं ३ गोकर्ण, सुर्यविनायकको वडा नं ४ दधिकोट र गोदावरीको बज्रबाराहीमा नगर अस्पताल सञ्चालनमा रहेको छ । अस्तालले मेडिकल अफिसरको नेतृत्वमा साधारण सेवा उपलव्ध गराउँदै आएको भएपनि जटिल प्रकृतिका रोगको निदान र उपचारका लागि उपकरण तथा दक्ष जनशक्तिको अपर्याप्तता रहेको छ । नगरपालिकाले पर्याप्त स्रोत, साधन तथा जनशक्ति व्यवस्थापन गर्न नसक्दा स्थानीय अस्पतालको सेवा गुणस्तर अपेक्षित रुपमा सुधार हुनसकेको छैन । अस्पतालको सेवा सम्बन्धमा गरिएको सर्वेक्षण भाग लिएकामध्ये ५८ प्रतिशतले स्थानीय अस्पताल तथा स्वास्थ्य चौकीबाट सेवा लिएकामा स्वास्थ्य चौकीमा सामान्य सेवा मात्र उपलब्ध भएको प्रतिक्रिया दिएका छन् ।बाँकी ३८ प्रतिशतले सरकारी भन्दा निजी अस्पतालको सुविधा राम्रो लागेर स्थानीय अस्पतालको सेवा नलिएको बताएका छन् भने ८ प्रतिशतले तटस्थ प्रतिकृया दिएका छन् । यसवाट अस्पतालले साधारण सेवा मात्र दिएको भएपनि स्थानीय र न्यून आय भएका वर्गले नगर अस्पतालबाट नै सेवा लिएको देखिन्छ । स्रोत, साधन तथा जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य सेवा सुदृढ गर्नुपर्दछ ।

२३.४. **सडक पूर्वाधार** - आर्थिक सर्वेक्षण २०७७।७८ ले मुलुकभर फागुणसम्म रणनितिक र स्थानीय सडक सञ्जाल गरी कालोपत्रे १५ हजार ९ सय ७४ किलोमिटर, ग्राभेल ८ हजार ५८२ किलोमिटर, कच्ची

सडक ८ हजार ९ सय ७२ किलोमिटर गरी कुल सडकको लम्वाई ३३ हजार २ सय ४४ किलोमिटर पुगेको जनाएको छ । उक्त तथ्याङ्कमा लेखापरीक्षण गरिएका स्थानीय निकायको विवरण समेत समावेश हुन्छ । यो वर्ष कालोपत्रे, ग्राभेल र ढलान गरी सडक निर्माणमा गोकर्णेश्वरले रु.११ करोड ३ लाख ५० हजार, सुर्यविनायकले रु.१० करोड ८१ लाख र गोदावरीले रु.१६ करोड ५ लाख ५० हजार खर्च गरेको छ । पालिकाहरुले गत विगतमा निर्माण भएका सडकको अभिलेख (रोड इन्भेन्ट्री) राखेका छैनन । यसबाट पालिकामा कालोपत्रे, ग्राभेल र कच्ची सडक कति छन् भन्ने यकिन हुने देखिएन । रोड इन्भेन्ट्रीको अभावमा प्रत्येक वर्ष सडक निर्माण अवश्यकता पहिचान गर्न कठिन भई एकै स्थानमा दोहोरिएर योजना स्वीकृत हुने अवस्था देखिन्छ । रोड इन्भेन्ट्री व्यवस्थित गरी स्थानीय तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्कसँग आवद्ध गर्नुपर्दछ ।

२३.५. **विद्यालय व्यवस्थापन** - पन्धौ योजनाले गुणस्तरीय शिक्षा मार्फत सृजनशील, दक्ष, प्रतिस्पर्धी उत्पादनशील मानव संसाधन विकास गर्ने लक्ष्य लिएको छ ।आर्थिक सर्वेक्षण २०७७ अनुसार शैक्षिक वर्ष २०७७ मा प्राथमिक तहको खुद भर्ना दर ९७.४ प्रतिशत, आधारभूत तहको ९४.४ प्रतिशत माध्यामिक तहको ५१.२ प्रतिशत रहेको छ । शिक्षा क्षेत्रमा गोकर्णेश्वरले रु.१४ करोड ६३ लाख ८२ हजार, सुर्यविनायकले रु.१६ करोड ११ लाख ७२ हजार र गोदावरीले रु.२३ करोड १० लाख ५ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ ।प्रदेश नं १ मा आधारभूत, माध्यमिक र उच्च माध्यमिकमा शिक्षक विद्यार्थी अनुपात क्रमशः ४२, ३८ र ८१ रहेकोमा गोकर्णेश्वर, सुर्यविनायक र गादावरीमा यो अनुपात क्रमशः २९, १२ र १९ रहेको छ । राष्ट्रिय औसत अनुपातभन्दा पालिकागत अनुपात आधाभन्दा कम रहेको छ । यसबाट पालिकाहरुले सरकारी विद्यालयको पठनपाठन गुणस्तर वृद्धि गरी विद्यार्थी आकर्षित गर्न सकेको देखिएन । सरकारले विद्यालय शिक्षामा लगानी गरेपनि न्यून आय वर्गका केटाकेटी समेत निजी विद्यालयमा पढ्न जानुपरेको अवस्था छ । शैक्षिक गुणस्तर वृद्धि गरी विद्यार्थी आकर्शित गर्न नगरपालिकाले शिक्षकहरुका लागि तालिम र अभिभावकमा उत्प्रेरणा जगाउन लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२३.६. **खुल्ला स्थल व्यवस्थापन** - काठमाडौं उपत्यका विकास प्राधिकरणको २० वर्षे रणनीतिक विकास योजना (२०१५ देखि २०३५) ले उपत्यकामा रहेका सार्वजनिक खुल्ला स्थल, सहरी वन, र जलाधार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका लागि साझेदारीमा आधारित खुल्ला स्थल विकास, विस्तार र परिमार्जनमा जोड दिएको छ । प्राधिकरणले गोकर्णेश्वरको नयापाटीमा ७ गोकर्णमा ४ जोरपाटीमा १३ गरी २४, गोदावरीमा १३ र सुर्यविनायकमा १० खुल्ला स्थलको पहिचान गरी काठमाडौंका खुल्ला स्थलसम्बन्धी मानचित्र पुस्तिकामा समावेश गरेको छ । खुल्ला क्षेत्र पहिचान भएका स्थानमा सरकारी विद्यालय, लिजमा सञ्चालित क्याम्पस, विद्यालय तथा मेडिकल कलेज, गाउँपालिका भवन, अस्पताल तथा स्वास्थ्य चौकी, धार्मिक मठमन्दिर क्षेत्र रहेको देखिएपनि पार्क, व्यायम स्थल, खेल मैदान, नदी किनाराको संरक्षण, सुरक्षा तथा व्यवस्थापन गर्न नगरपालिकाहरुले प्रभावकारी कार्यक्रम सञ्चालन गरेको देखिएन । स्थानीय वातावरण तथा जैविक विविधता संरक्षण गर्दै स्वच्छ र दीर्घजिवी समाज निर्माण गर्न साथै विपद्को पूर्वतयारी गर्न सघाउने खुल्ला स्थलको संरक्षण गर्न दीर्घकालीन योजना, कार्यक्रम तथा बजेट तयार गर्दा कै बखत ध्यान दिई पारिस्थितिक प्रणाली समेतको संरक्षण गर्नुपर्दछ ।

२३.७. **कृषि क्षेत्र संरक्षण** - भू-उपयोग योजनाले भविश्यको सहरीकरण स्वरुप र व्यवस्थित बस्ती विकासलाई मार्ग निर्देश गर्दछ । काठमाडौं उपत्यका विकास प्राधिकरणको २० वर्षे रणनीतिक विकास योजना (२०१५ देखि २०३५) ले कृषियोग्य जमिनको संरक्षणका लागि कृषियोग्य र सहर भित्रका खाली

जमिनको संरक्षण गर्दै बस्ती क्षेत्रमा नै जनघनत्व बढ्ने गरी संरचना निर्माण गरी सहरीकरणको गुणात्मक विकासमा जोड दिएको छ । पालिकाहरुले कृषकलाई कृषियोग्य जमिन बिक्री गर्नबाट रोकी व्यवसायिक कृषि कर्म गर्न प्रोत्साहित गर्नसकेका छैनन् । नगरपालिकाहरुले खाद्यान्न तथा उन्नत जातको तरकारी बीउ वितरण, कृषि तालिम, उपकरण खरिद, क्षमता अभिवृद्धि तालिम, कौशि तरकारी खेती तालिम जस्ता क्षेत्रमा कार्यक्र सञ्चालन गरेका छन् । यी कार्यका लागि गोकर्णेश्वर, सुर्यविनायक र गोदावरीले क्रमशः रु.२४ लाख २० हजार, रु.८१ लाख ९ हजार र रु.१ करोड १५ लाख ५६ हजार विनियोजन गरी खर्च गरेको छ । स-साना टुक्रे कार्यक्रम वडाहरुमा वितरण गरी खर्च गरेको भएपनि कृषिमा व्यवसायीकरण प्रोत्साहित गरी जमिनबाट प्रतिस्पर्धी आम्दानी लिई प्लटिङ र खण्डीकरण हुने कार्यलाई निरुत्साहित गर्नसक्ने उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्नसकेको देखिएन । व्यवसायिक कृषि प्रोत्साहित गरी कृषि योग्य भूमिको संरक्षण गर्ने गरी कार्यक्रम व्यवस्थापन गर्नुपर्दछ ।

२३.८. **व्यक्तिगत घटना दर्ता** - राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको २०७७ फागुणसम्मको तथ्याङ्कअनुसार देशभर विद्युतीय प्रणाली मार्फत ९ लाख ५९ हजार जन्म दर्ता, २ लाख ३८ हजार मृत्यु दर्ता, ३ लाख ८० हजार विवाह दर्ता र २ लाख १७ हजार बसाई सराई दर्ता भएको देखिन्छ । उक्त तथ्याङ्कमा लेखापरीक्षणमा समावेस भएका स्थानीय तहको तथ्याङ्क समेत समावेश हुन्छ । पालिकाका वडाहरुले अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गरी प्रमाणपत्र प्रदान गर्ने गरेको भएपनि वडा कार्यालयमा पर्याप्त जनशक्ति नहुँदा वडागत विवरण अद्यावधिक गर्नसकेका छैनन । यसबाट वार्षिक रुपमा वडाहरुमा हुने व्यक्तिगत घटनाको तुलनायोग्य अभिलेख कायम गरेको छैन। राष्ट्रिय प्रणालीमा एकमुष्ट रुपमा समावेश भएका व्यक्तिगत घटनाहरुको वडामा समेत अभिलेख अद्यावधिक गरी सरोकारवाला निकायलाई मागेको बखत उपलव्ध गराउन सक्ने गरी अभिलेख प्रणालीमा सुधार गर्नुपर्दछ ।

२३.९. **तथ्याङ्क अभिलेखीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा स्थानीय तहले आधारभूत तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले व्यक्तिगत घटना दर्ता, पञ्जिकरण, नाता प्रमाणित, घरबाटो सिफारिस, भवन निर्माण इजाजत, वस्तु तथा सेवाको गुणस्तर नियमन जस्ता सेवा पालिका तथा मातहतका वडा कार्यालयबाट सञ्चालन गर्दै आएका छन् । पालिकाहरुले छुट्टा छुट्टै वडाहरुमा र पालिकाका सम्बन्धित शाखामा ती विवरणहरु तयार गर्ने गरेपनि एकीकृत अभिलेख तयार गरी प्रगति प्रतिवेदनमा समावेश गरेका छैनन । पालिकाले स्थानीय वस्तु तथा सेवाको गुणस्तरका सम्बन्धमा नियमन गर्ने गरेको जानकारी गराए पनि लिपिवद्ध अभिलेख नराखेकोले गुणस्तर नियमनका क्रममा देखिएका समस्याहरु भविश्यमा नदोहोरिने गरी सुधार गरे नगरेको सम्बन्धमा अनुगमन तथा समीक्षा गरेका छैनन् । तथ्याङ्क अभिलेखीकरण व्यवस्थित गर्दै नियमन व्यवस्था परिणाममुखी बनाउनुपर्दछ ।

स्रोतको कमी र नगरपालिकाहरूले क्षेत्रभित्रका नागरिकहरूलाई न्यूनतम आधारभूत सेवा उपलव्ध गराउने लक्ष्य सहितको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु नगरेकोले जनता न्यूनतम आधारभूत सेवाबाट बञ्चित रहेका छन । नगरपालिकाहरूले क्षेत्र भित्र न्यूनतम आधारभूत सेवा उपलव्ध गराउने लक्ष्य सहितको दीर्घकालीन विकास योजना बनाई आवश्यक स्रोतको व्यवस्था गरी वार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्नुपर्दछ ।

२४. **आकस्मिक सेवा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहले विपदकार्य व्यवस्थापन गर्नेसम्बन्धी व्यवस्था गरेको छ । २०७६/७७ देखि फैलिएको कोरोना महामारी नियन्त्रण गर्न गोकर्णेश्वरले रु.१ करोड ६२ लाख १५ हजार, सुर्यविनायकले रु.१

करोड ४७ लाख ९ हजार र गोदावरीले रु.१ करोड ९ लाख ६६ हजार खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

- **राहत वितरण** - राहत सामाग्री खरिदमा गोकर्णेश्वरले रु.९५ लाख ९७ हजार, सुर्यविनायकले रु.५७ लाख ५० हजार र गोदावरीले रु.१ करोड ६ लाख ४ हजार खर्च गरेको छ । गोकर्णेश्वरले यस प्रयोजनका लागि सवै रकम वडा अध्यक्षहरुलाई पेश्की उपलव्ध गराएकोमा फरफारक भएको छैन । सुर्यविनायकले रु.८० लाख ३५ हजारको सामाग्री सोझै खरिद गरी वितरण गरेको छ भने गोदावरीले रु.१ करोड ६ लाख ३ हजारका सामाग्री दरभाउपत्र मार्फत खरिद गरेपनि खाद्यान्नको गुणस्तर तथा वितरण प्रकृयाको पारदर्शिताका सम्बन्धमा भरपर्दो व्यवस्था कायम गरेको छैन । राहत पाउनुपर्ने समुहको सही पहिचान गर्ने संयन्त्र तयार नगरी समानुपातिक किसिमले वितरित राहतले पिडित वर्गभन्दा फरक बर्गले लाभ लिएको अवस्था छ । राहत आवश्यक पर्ने वास्तविक वर्ग पहिचान गर्ने भरपर्दो संयन्त्र निर्माण गरी राहत वितरण कार्य थप व्यवस्थित गर्नुपर्दछ ।
- **आइसोलेसन तथा क्वारेन्टिन सञ्चालन** - कोरोना संक्रमण समुदाय स्तरमा फैलन नदिन संक्रमण पहिचान भएका व्यक्तिलाई आइसोलेसनमा राख्ने र विदेशवाट फर्किएका व्यक्तिलाई क्वारेन्टिनमा राख्ने व्यवस्था बमोजिम गोकर्णेश्वरले सहयोगी उच्च माध्यामिक विद्यालय, गोकर्ण र ओख्रेनी मा.वि, सुन्दरिजल गरी दुई ठाउँमा नगरपालिकाको आन्तरिक स्रोतबाट क्वारेन्टिन सञ्चालन गरी रु.२० लाख खर्च गरेकोमा संघीय सरकारबाट सोधभर्ना प्राप्त हुन नसकेकाले उक्त व्यवस्थाले निरन्तरता पाएको छैन । त्यस्तै, छुट्टै क्वारेन्टिन सञ्चालन नगरी सुर्यविनायकले रु.२४ लाख २ हजार र गोदावरीले रु.१९ लाख ५१ हजारको सामाग्री खरिद गरी होम क्वारेन्टिनका लागि वितरण गरेको जनाएपनि प्रयोगकर्ताको पहिचान सहितको भरपर्दो अभिलेख राखेको छैन।संक्रमणको चुनौती कायमै रहेको परिप्रेक्षमा सोधभर्ना प्राप्त हुने भरपर्दो व्यवस्था गरी आन्तरिक स्रोत समेतको परिचालन गर्दै आइसोलेसन तथा क्वारेन्टिन सञ्चालन प्रभावकारी बनाउनु पर्दछ ।

२५. **नियमित सेवा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा स्थानीय तहले प्रवाह गर्ने सेवा सम्बन्धमा उल्लेख छ । नगरपालिकाले नागरिकता, विपन्न विद्यार्थी, अपाङ्गता, स्वास्थ्य उपचार जस्ता क्षेत्रमा सेवाग्राहीको सहजताका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, जन्म, मृत्यु, विवाह तथा बसाइ सराई प्रमाणीकरण, घरबाटो सिफारिस तथा नक्सापास जस्ता क्षेत्रमा सेवा प्रवाह गर्दै आएको छ ।घर निर्माण इजाजत, योजना सम्झौताको कार्यान्वयन, सामाजिक सुरक्षा वितरण, पञ्जिकरण तथा न्यायीक समिति सम्बन्धमा यो वर्ष पालिकाहरुले सम्पन्न गरेका सेवा प्रवाह देहायअनुसार रहेको छः

क्र.सं.	सेवाको किसिम	इकाई	संख्या		
			गोकर्णेश्वर	सुर्यविनायक	गोदावारी
१	घर नक्सा सम्वन्धी	वटा	३६१६	२९४३	२८८०
२	योजना सम्झौता	वटा	३५४	२१८	६९६
३	सामाजिक सुरक्षा	जना	२७३७	३७९८	५४२७
४	पञ्जिकरण	जना	७०७९	१८०४	६०९९
५	न्यायिक समिति	वटा	२७६	१२९	३७३

उपरोक्त प्रकारको सेवा उपलब्ध गराउन लाग्ने दस्तुर र समय उल्लेख गरी नागरिक वडापत्रमा समावेश गरेपनि आवश्यक कागजात र पुरा गर्नुपर्ने प्रकृयाका वारेमा जानकारी नहुँदा र कर्मचारी उपलव्ध नहुँदा धेरै दिन लाग्ने गरेको सर्वेक्षणको क्रममा सेवाग्राहीले बताएका छन् । सेवा प्रवाहको सम्बन्धमा प्रति नगरपालिका ९० सेवाग्राहीसँग प्रश्नावली भराएकोमा सर्वेक्षणमा भाग लिएका ५१ प्रतिशत सेवाग्राहीले सेवा लिन लाग्ने समयको सम्बन्धमा अनविज्ञ रहेको, ११ प्रतिशतले आवश्यक कागजात पुऱ्याउन नसकेको, ३० प्रतिशतले कर्मचारी नभेटिएको र ८ प्रतिशतले प्रकृया नमिलेकोले पटक पटक एउटै कामका लागि कार्यालयमा आउनु परेको जनाएका छन् । नगरपालिकाले प्रदान गर्ने सेवाका सम्बन्धमा सर्वसाधारण नागरिकलाई बडापत्र मार्फत जानकारी प्रदान गरी तोकिएको समय भित्र सेवा प्रवाह व्यवस्थित गर्नुपर्दछ ।

२६. **पारदर्शिता** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३७ मा कार्यालयले कम्प्यूटरीकृत सूचना प्रविधि व्यवहारमा ल्याउनुपर्ने उल्लेख छ । उपरोक्त व्यवस्थाअनुसार नगरपालिकाले केही विवरण सार्वजनिक गरेपनि अधिकांश विवरण सार्वजनिक गरेको छैन । अभिलेख वेभपेजमा सार्वजनिक नगरेको अवस्था देहायबमोजिम छः

विवरण	गोकर्णेश्वर			सुर्य विनायक			गोदावरी		
	७४/७५	७५/७६	७६/७७	७४/७५	७५/७६	७६/७७	७४/७५	७५/७६	७६/७७
नीति तथा कार्यक्रम	छैन	छैन	छैन	छैन	छ	छ	छैन	छ	छ
बजेट बक्तव्य	छैन	छैन	छैन	छैन	छैन	छ	छ	छ	छ
वार्षिक योजना विवरण	छ	छैन	छैन	छैन	छ	छैन	छ	छैन	छैन
परीषदका निर्णयहरू	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छ
आयव्यय	छैन	छैन	छैन	छैन	छैन	छैन	छ	छैन	छैन
लेखापरीक्षण प्रतिवेदन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन
सार्वजनिक सुनवाई प्रतिवेदन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छ	छैन
सामाजिक परीक्षण प्रतिवेदन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन
अनुगमन प्रतिवेदन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन
वार्षिक प्रगति प्रतिवेदन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन	छैन
नागरिक बडापत्र	छैन	छैन	छ	छैन	छैन	छ	छैन	छैन	छ

नगरपालिकाहरूले नगरपालिकाको नीति तथा कार्यक्रम, बजेट बक्तव्य, वार्षिक योजना विवरण, परिषदका निर्णयहरू, आयव्यय, लेखापरीक्षण प्रतिवेदन, सार्वजनिक सुनवाई प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, अनुगमन प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन, नागरिक बडापत्र जस्ता महत्वपूर्ण विषयहरूमा नागरिक लगायत सरोकारवालाहरूलाई जानकारी गराउन वेभपेजमा राख्ने व्यवस्था गर्नुपर्नेमा सुपरीवेक्षणमा कमीका कारण तिनैवटा नगरपालिकाले उपरोक्त सूचनाहरू आफ्नो वेभपेजमा अद्यावधिक गरिराखेको देखिएन । यसबाट नागरिक एवं सरेकारवालाहरू सु-सूचित हुन पाएनन भने नगरपालिकाको काम कारवाहीमा पारदर्शिताको कमी देखिएको छ ।

नगरपालिकाहरूले कर्मचारीहरुको कार्य जिम्मेवारी सुपरीवेक्षण गरी उपरोक्त सूचनाहरू वेभपेज मार्फत समेत सार्वजिनक गरी पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

२७. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।

(रु. हजारमा)

नगरपालिका	योजना सख्या		जम्मा	
	बोलपत्र मार्फत	उपभोक्ता समिति	योजना सख्या	लागत
गोकर्णेश्वर	४३	३१४	३५७	७३४९८०
सुर्यविनायक	६८	१४९	२१७	१०१२४३२
गोदावरी	२०	३७८	३९८	४०४४०६
जम्मा	**१३१**	**८४१**	**९७२**	**२१५१८१८**

पालिकाले तालिकामा उल्लेख भएअनुसार रु.२ अर्ब १५ करोड १८ लाख १८ हजारका ९२७ योजना सञ्चालन गरेकोमध्ये ८६ प्रतिशतले हुने ८४१ योजना उपभोक्ता समिति मार्फत सम्पन्न गरेको छ । उपभोक्ता समिति मार्फत सञ्चालित योजना निर्माण सम्पन्न पछि सार्वजनिक सुनुवाई गरी दिगो रुपमा फाइदा प्राप्त हुने गरी हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत भएको कार्यको स्वमित्व स्थापित गरी मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन गर्नुपर्दछ ।

२८. **शिक्षक विद्यार्थी अनुपात** - विद्यालयमा विद्यार्थी तथा शिक्षकको शिक्षण र सिकाई वातावरणलाई शिक्षक विद्यार्थी अनुपातले प्रभाव पार्ने गर्दछ । शिक्षक विद्यार्थी अनुपात उत्तम तहमा हुँदा शिक्षकले विद्यार्थीको गतिविधि एक एक गर्दै अनुगमन गर्नसक्ने, विद्यार्थी संख्यामाभन्दा शिक्षक सिकाई गुणस्तरमा ध्यान केन्द्रित गरी शिक्षण विधिलाई गुणस्तरीय बनाउन सक्ने, विद्यार्थीहरुलाई थप सन्दर्भ सामाग्री समेतबाट ज्ञान दिनसक्ने, विद्यार्थीको क्षमता पहिचान गरी क्षमताअनुसारका कार्य गर्न प्रोत्साहन गर्नसक्ने जस्ता सकरात्मक फाइदाहरु प्राप्त हुन्छ । भारतमा राष्ट्रिय माध्यमिक शिक्षा अभियानले तयार गरी सरकार समक्ष पेश गरेको फ्रेमवर्कअनुसार अनुपात १:३० हुनुपर्ने उल्लेख छ भने नेपालमा यसको स्पष्ट निर्धारित अनुपात रहेको छैन । स्थानीय निकायको शिक्षा शाखाबाट प्राप्त तथ्याङ्कअनुसार पालिकाहरुमा शिक्षक विद्यार्थी अनुपात देहायअनुसार १:१२ देखि १:२९ सम्म रहेको छ ।

क्र.सं.	स्थानीय तह	विद्यालयको संख्या	शिक्षकको संख्या	विद्यार्थीको संख्या	शिक्षक विद्यार्थी अनुपात
१	गोकर्णेश्वर	१६	२२४	६५४६	१:२९
२	सुर्यविनायक	३४	३७३	४५२२	१:१२
३	गोदावारी	३५	४७५	९३४३	१:१९
	जम्मा	**८५**	**१०७२**	**२०४११**	**१:१९**

पालिकाले उपलब्ध गराएको विवरणमा पनि सरकारी स्कुलमा अध्ययनरत शिक्षक तथा विद्यार्थी संख्या मात्र समावेश भएको छ । निजी स्कुलका शिक्षक तथा विद्यार्थी समावेश गर्दा यो अनुपात हेरफेर हुने देखिन्छ । यसबाट पालिकाले क्षेत्र भित्रका निजी, सरकारी तथा सामुदायिक विद्यालयको अद्यावधिक अभिलेख राख्न सकेको देखिँदैन भने राष्ट्रियस्तरमा समेत यो अनुपात कति हुनुपर्ने भनी निर्धारण भएको पाइएन । विद्यालयगत रुपमा शिक्षकको दरवन्दी कायम गर्दा विद्यार्थी भर्ना अवस्थाका साथै कुल विद्यार्थी संख्या ओझेलमा पर्न गई कम बढी विद्यार्थी भएको विद्यालयमा शिक्षकलाई शिक्षणमा अत्याधिक चाप भएको र कम विद्यार्थी भएपनि निर्धारित रुपमा नै अन्यसँग बराबर हुने गरी शिक्षक कायम गर्दा शिक्षकले न्यून संख्याका विद्यार्थीलाई मात्र अध्यापन गर्नुपर्ने अवस्था छ ।विद्यालयगत रुपमा विद्यार्थी संख्या यकिन गरी न्यूनतम शिक्षक विद्यार्थी अनुपात निर्धारण गरी अत्यन्त न्यून विद्यार्थी भएका विद्यालयको दरवन्दीबाट अधिक विद्यार्थी भएको विद्यालयमा शिक्षक दरवन्दी स्थानान्तरण र मिलान गरी अनुपातमा समानता कायम गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ ।

२९. **जनशक्ति व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको कार्यवोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । त्यस्तै, स्थानीय तह सेवा सञ्चालन आदेश, २०७४ नगरपालिकामा कार्यकारी अधिकृतदेखि कार्यालय सहयोगीसम्म ९ र प्रत्येक वडामा ३ कर्मचारी रहने व्यवस्था गरेको छ । बजेट वक्तव्यमा उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी नतिजा सूचकका आधारमा प्राप्त उपलब्धि कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने व्यवस्था गरेको छ ।

स्थानीय तह	वडा संख्या	हुनुपर्ने कर्मचारी संख्या	दरवन्दी	पदपूर्ति		
				स्थायी	करार	रिक्त
गोकर्णेश्वर	९	३६	१३०	७९	६०	०
सुर्यविनायक	१०	३९	७९	४८	२९	२
गोदावारी	१४	५१	१०३	७२	५७	०

स्थानीय निकायको कर्मचारी अवस्थाको विश्लेषण गर्दा कुल ३३ वडा र ३ नगरपालिका कार्यालय गरी ३६ कार्यालयमा १२६ कर्मचारी रहन सक्नेमा पालिकाहरुले ३१२ दरवन्दी स्वीकृत गरी स्थायी र करारमा भर्ना गरेको छ । दरवन्दीभन्दा १० प्रतिशत बढी हुनेगरी ३४५ कर्मचारी कार्यरत रहेको अवस्था छ । कुल कर्मचारीमध्ये पनि १९९ स्थायी रहेका छन् भने १४६ करारमा रहेका छन् । करारका कर्मचारी कुल दरवन्दीको ४६ प्रतिशत छ ।वडा संख्या ९ भएको गोकर्णेश्वरमा दरवन्दी १३० मध्ये ६०, १० वडा भएको सुर्यविनायकमा ६९ दरवन्दीमध्ये २९ र १४ वडा भएको गोदावरीमा दरवन्दी १०३ मध्ये ५७ करारमा रहेका छन् । स्थानीय निकायमा उच्च तहका व्यवस्थापनसँग कार्यसम्पादन सम्झौता गरेको छैन भने विना प्रतिस्पर्धा करारमा कर्मचारी राख्ने प्रवृतिले गर्दा करारका कर्मचारी अत्याधिक संख्यामा रहन गएको अवस्था छ ।

सेवा प्रवाह प्रभावकारी बनाउन उच्च व्यवस्थापन तहमा कार्यसम्पादन सम्झौता गरी उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्दै दरवन्दीअनुसारका स्थायी कर्मचारी व्यवस्थापन गरी कार्य विवरण सहित काममा लगाउँदा जवाफदेहिता कायम भई सेवा प्रवाहको गुणस्तर समेत बढ्नेमा करारका कर्मचारीलाई महत्वपूर्ण जिम्मेवारीको पदमा कार्य गराउँदा सेवाग्राहीले पाउने सेवाको गुणस्तर र कार्यालयको जवाफदेहितामा समेत असर परेको छ । यस्तो अवस्थामा सुधार ल्याउन दरवन्दीअनुसारको स्थायी पदपूर्ति गर्ने र दीर्घकालका लागि थप कर्मचारी आवश्यक पर्ने भएमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी थप हुनुपर्ने दरवन्दी पहिचान तथा स्वीकृत गरी स्थायी कर्मचारी मार्फत नै सेवा प्रवाह गर्ने गरी सुधार गर्नुपर्दछ ।

निष्कर्ष

नेपालको संविधानले तीन तहको संरचना हुने व्यवस्था गरेअनुसार संघ, ७ प्रदेश र ७५३ स्थानीय तह गठन भई सेवा प्रवाह गर्दै आएको छ । नगरपालिकाले नगर तथा वडा स्तरीय विकास योजना निर्धाण गरी संघीय र प्रदेश सरकारको अनुदानका साथै आन्तरिक स्रोत समेतको परिचालन गरी कार्यान्वयन गर्दै आएका छन् ।पालिकाले सेवा प्रवाह सरलिकृत गरी गुनासो व्यवस्थापन गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, न्यायिक समिति मार्फत उजुरीको न्यायिक निरुपण, शैक्षिक गतिविधि व्यवस्थापन, सामाजिक सुरक्षाका अवसरको वितरण जस्ता कार्यका साथै स्वच्छ खानेपानी आपूर्ति, ढल व्यवस्थापन, स्वास्थ्य सेवाको नियमन, खुल्ला स्थलको संरक्षण, सडक बत्ति व्यवस्थापन जस्ता न्यूनतम आधारभूत सेवाका क्षेत्रमा कार्य गर्दै आएको छ ।

गौरवका योजना छनौट गरी कार्यान्वयन नगरेको, योजना छनौटमा टोल तथा वडास्तरमा सहभागिता गराउन नसकेको, वडागत रुपमा योजना वितरण गर्दा जनसंख्या तथा भुगोललाई आधार बनाउन नसकेको, एकै किसिमले बजेट सीमा निर्धारण गरेको, नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन हुन नसकेको, कार्यालय भवन व्यवस्थित गरी उपयुक्त कार्यालय विन्यास तयार गर्न नसकेको, गुनासो व्यवस्थापन प्रभावकारी बनाउन नसकेको, फोहोरमैला व्यवस्थापनमा अझै धेरै सुधार गर्नुपर्ने अवस्था रहेको, निर्माण कार्यका सम्बन्धमा सार्वजनिक सुनुवाईमा उठेअनुसारका गुनासो व्यवस्थापन गर्न अभिलेख प्रणाली सुदृढ गर्न नसकेको, निर्माण इजाजतको अभिलेख व्यवस्थित नभएको, न्यायिक समितिमा मुल्तवी राखेको र जिम्मेवारी सरेर जाने मुद्धाको संख्या बढी रहेको, सहायता कक्ष व्यवस्थित गर्न नसकेको जस्ता सुधारका क्षेत्रहरु रहेका छन् ।

सेवा प्रवाह व्यवस्थापनका क्षेत्रमा थप सुधार गर्न सम्बन्धित निकाय समेतको सहभागितामा प्रस्तुत भएका सुझावहरु क्रमशः कार्यान्वयन गर्नुपर्दछ ।

काठमाडौ उपत्यकाको यातायात व्यवस्था

परिचय

१. **पृष्ठभूमि** - काठमाडौ उपत्यका काठमाडौ, ललितपुर र भक्तपुर सहित तीन जील्लाको ८९९ बर्ग किलोमिटर क्षेत्रफल ओगटेको नेपालको संघीय राजधानी सहित १८ स्थानीय सरकार तथा ७ विश्व सम्पदा सहितको राजनीतिक, प्रशासनिक र सांस्कृतिक संगम हो । काठमाण्डौं र पाटन बिच सन् १९५९ मा बस सेवा सुरु भई उपत्यकामा सार्वजनिक यातायात सेवा सुरू भएको पाईन्छ । तत्पश्चात साझा यातायात सेवा सन् १९६१/६२ मा र विद्युतिय ट्रलि बस सेवा सन् १९७५ मा सञ्चालनमा आई संस्थागत रूपमा सार्वजनिक यातायात सेवा उपलब्ध गराएका थिए । हाल उपत्यकाका २०८६ किलोमिटर सडकसञ्जालमा १५ लाख सवारी साधन सञ्चालन हुने अनुमान छ ।

बढ्दो शहरीकरण तथा सवारी साधनको चापलाई मध्यनजर गरी यातायातको दीर्घकालीन ब्यवस्थापनको कार्य गर्नको लागि बि.स. २०४१ मा यातायात ब्यवस्था विभागको स्थापना गरियो । तत्पश्चात नेपाल सरकारले राष्ट्रिय यातायात नीति, २०५८ कार्यान्वयनमा ल्याएको छ । त्यस अतिरिक्त सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ र सवारी तथा यातायात ब्यवस्था नियमावली, २०५४ को कानुनी व्यवस्थाबमोजिम मानिसको आवागमन र वस्तुहरुको ओसारपसारको लागि सुरक्षित, भरपर्दो र सर्भसुलभ यातायात सेवा उपलब्ध गराउनु विभागको प्रमुख उद्देश्य रहेको छ ।

२. **निकायको परिचय** - काठमाडौ उपत्यकाको सवारी ब्यवस्थापनमा समानान्तर रुपमा धेरै निकायहरूले भूमिका खेल्ने गरेका छन् । यसमा यातायात व्यवस्था विभाग, उपत्यका ट्राफिक प्रहरी महाशाखा, सडक विभाग, सडक बोर्ड नेपाल, १८ स्थानीय तह (दुई ठूला महानगरपालिका समेत) अधिकार सम्पन्न बागमती एकीकृत सभ्यता विकास समिति, उपत्यका विकास प्राधिकरण पर्दछन् ।

२.१. **यातायात ब्यवस्था विभाग** - बि.स. २०४१ मा यातायात ब्यवस्थापनको कार्य गर्नको लागि यातायात ब्यवस्था विभागको स्थापना भएको हो । नीतिगत रुपमा यातायात ब्यवस्था ऐन, २०४९ र नियमावली २०५४ ले दिएको अख्तियारीअनुसार यस विभागले मानिसको आवागमन र वस्तुहरुको ओसारपसारको लागि सुरक्षित, भरपर्दो र सुलभ यातायात सेवा उपलब्ध गराउने मुख्य जिम्मवारी रहेको छ । रा.प.प्रथम श्रेणी महानिर्देशकको नेतृत्वमा ५ शाखामा संगठन संरचनालाई विभाजन गरिएको छ। विभागको मातहत ३ सवारी परीक्षण कार्यालय छन् ।

२.२. **सडक विभाग** - किफायती, दक्ष र प्रभावकारी सडक संरचनाको विकास, विस्तार र सुदृढीकरण गरी आम नागरिकको जीवनस्तरमा सुधार गर्ने परिकल्पना बोकेको सडक विभागको सार्वजनिक कार्य विभागबाट बि.स २०२७ मा विभाजन हुदा स्थापना भएको हो । सडक विभागले यातायात ब्यवस्थापनतर्फ सडकको मार्किङ्ग, जेब्रा क्रसिङ्ग लगायतको संरचना मर्मत लगायत रोड सेफ्टी अडिट सञ्चालन समेत गर्दछ ।

२.३. **महानगरीय ट्राफिक प्रहरी महाशाखा** - बि.स. १९५८ मा पहिलो पटक राणा प्रधानमन्त्रीको लागि बोकेर ल्याएको कार गुड्न थालेको काठमाडौमा बि.स. २००७ देखि रामदलको नामले ट्राफिक नियन्त्रणसम्बन्धी काम भएको देखिन्छ । बि.स. २००९ मा ट्राफिक पुलिस डिपार्टमेन्टको स्थापना भएसँगै बग्गीखानामा कार्यालय स्थापना गरी हालको उपत्यका ट्राफिक प्रहरी महाशाखाले सेवा प्रदान गदै आएको छ । बि.स. २०१२ मा सदर ट्राफिक कम्पनीमा रुपान्तरण हुदै बि.स. २०४९ मा सदर ट्राफिक कार्यालयको नामबाट उपत्यका ट्राफिक प्रहरी कार्यालयमा रुपान्तरण भएकोमा बि.स २०६३

देखि काठमाडौं महानगरीय ट्राफिक प्रहरी महाशाखाको रुपमा कार्यरत रहँदै आएको छ । नेपाल प्रहरी मातहत रहेको यस महाशाखाले उपत्यकाको ट्राफिक प्रहरी जनशक्ति परिचालन गरी काठमाडौं उपत्यका भित्र सवारी साधन आवत जावत व्यवस्थित गर्दै सडक अनुशासन कायम गराई सुरक्षित, मर्यादित, व्यवस्थित र प्रविधियुक्त सवारी व्यवस्थापन गरी दुर्घटना न्यूनीकरण गर्नु मुख्य उद्देश्य रहेको छ । यस कार्यालयको कार्यक्षेत्र उपत्यकाको तीन जिल्ला, काठमाडौं, ललितपुर र भक्तपुर रहेको छ । हाल यस महाशाखा सञ्चालनार्थ ट्राफिक प्रहरी परिचालन निर्देशिका, २०७७ बमोजिम बरिष्ठ प्रहरी उपरिक्षकको कमाण्डमा जनशक्ति परिचालन हुदै आएको छ ।

२.४. **काठमाडौं र ललितपुर महानगरपालिक सहित १८ नगरपालिका** - उपत्यकामा काठमाडौं, ललितपुर लगायत अन्य १६ गरी १८ स्थानीय तह आफैमा स्वतन्त्र र स्वायत्त निकायको रुपमा विकास निर्माण लगायत नागरिकको न्यूनतम आवश्यकता पुरा गर्ने कार्यभार पुरा गर्न बजेट, संयोजन र जनपरिचालन तथा नियमनको लागि जिम्मेवार निकायको रुपमा रहेका छन् । काठमाडौं र ललितपुरले उल्लेख्य बजेट बिनियोजन गरी यातायात पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भारको लागि सालिन्दा बजेट र जनशक्ति परिचालन गरिरहेका छन् ।

२.५. **काठमाडौं उपत्यका विकास प्राधिकारण** - बि.स. २०४५ मा गठन भए पनि २०६९ देखि सक्रियरुपमा काठमाडौं उपत्यकामा सडक विस्तार कार्यलाई कार्यान्वयन गर्नमा यस कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ ।

२.६. **सडक बोर्ड नेपाल** - सडक बोर्ड ऐन, २०५८ अनुसार स्थापना भएको बोर्डको भूमिका भित्र पारदर्शी र प्रभावकारी सडक मर्मत सम्भार पर्दछ । बोर्डले नियमित, पटके, विशेष, प्रकारको मर्मत सम्भारको बजेट विनियोजन गरी स्थानीयस्तरमा DOLIDAR र रणनीतिक महत्वको सडकको हकमा सडक विभाग मार्फत मर्मत सम्भार गर्ने कार्य गर्दछ ।

२.७. **पूर्वाधार विकास कम्पनी** - नेपाल सरकारले २०७६।७७ को बजेट वक्तव्यबाट पूर्वाधार निर्माणको लागि नेपाल पूर्वाधार विकास कम्पनी गठन गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सार्वजनिक निकायको समेत गठन गरेको छ । यसको प्रमुख कार्यहरु ठूला पूर्वाधारहरु निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने, प्रोजेक्ट रिपोर्ट तयार गर्ने लगायत रहेको छ । यस कम्पनी हालसम्म सञ्चालनमा आईसकेको भने छैन ।

२.८. **अधिकार सम्पन्न बागमती सभ्यता एकीकरण विकास समिति** - वागमती कोरीडोरको बाटो निर्माण, मर्मत सम्भारसम्मको जिम्मेवारी सहित गठित समितिले सडक निर्माणको कार्य गरेको छ भने बाँकी मर्मत सम्भारको कार्यहरु हाल महानगरपालिकाहरुलाई सुम्पेको अवस्था छ ।

३. **नीतिगत ब्यवस्था** -

३.१. **चौधौ योजना (२०७३/७४—२०७५/७६)** - काठमाडौं उपत्यका भित्र सडक सुदृढीकरण तथा फ्लाईओभर सडक निर्माणमा जोड दिने कार्यनीति लिएकोमा पन्ध्रौ योजना २०७६/७७- २०८०/८१ मा काठमाडौं उपत्यकाको यातायात व्यवस्थापनका सम्बन्धमा देहायका व्यवस्था गरेको छः

- सवारीचालक अनुमतिपत्र र सवारी दर्तासम्बन्धी सूचनामा एकद्वारको लागि डाटा सेन्टर स्थापना गरिने,
- ग्लोबल पोजिसनिङ सिस्टम मार्फत सवारी साधनहरुको अवस्थिति यकिन गर्ने,
- यातायात क्षेत्रमा रहेका कर तथा दस्तुरलाई विद्युतीय प्रणालीमा आवद्ध गर्ने,

- मास ट्रान्सपोर्ट सिस्टममा जोड दिने, विद्युतीय सवारीलाई प्राथमिकता दिने,
- सवारी साधनको परीक्षणको लागि निजी क्षेत्रबाट समेत सवारी जाँचपास केन्द्रहरु स्थापना गर्न प्रोत्साहन गर्ने,
- राजधानी लगायतका मुख्य शहरहरुका सार्वजनिक यातायात प्रणालीलाई रिरुटिङ गर्ने, सडकको अवस्था यकिन गरेर मात्र सवारी साधन सञ्चालनको रुट अनुमति दिने,
- सडक दुर्घटना सूचना व्यवस्थापन प्रणालीलाई नतिजामूलक ढङ्गले लागू गरिनेछ,
- प्रमुख शहरहरुमा ट्राफिक लाईटको व्यवस्था गरी सवारी चाप व्यवस्थित गरिनेछ,
- घना शहर तथा बस्ती लक्षित गरेर सवारी साधन निषेधित क्षेत्र तोकिनेछ ।

३.२. राष्ट्रिय यातायात नीति, २०५८ ले सबै यातायात क्षेत्रलाई समेटेको छ। काठमाडौं उपत्यकाको हकमा विशेष गरी सडक यातायातको बाहुल्यता भएकोले नीतिले उल्लेख गरेका देहायका विषयहरू लेखापरीक्षण शीर्षकको लागि सान्दर्भिक छन ।

- शहरी क्षेत्रमा प्रत्येक शहरको भूउपयोग र भारबहन क्षमताको आधारमा ट्राफिक घनत्व र आवागमन एक निश्चित सीमा भित्र राख्ने ।
- नयाँ सवारी साधनको हकमा पहिलो पटक पाँच वर्षमा र त्यसपछि प्रत्येक २ वर्षमा रोड वर्दिनेस परीक्षण गराउने । शहरी क्षेत्रको तोकिएको भित्री भागमा सवारी साधन निषेध गर्ने। सवारी साधनहरु निश्चित घनत्वभन्दा बढी हुन नदिने, यसका लागि गाडीको स्वामित्व नियन्त्रणको माध्यम अपनाउने ।
- सडकको डिजाईनअनुसार गति निर्धारण गर्ने
- सडक यातायात र यातायात व्यवस्थापनलाई स्वायत्त र आत्मनिर्भर बनाउन सडक विभाग र यातायात व्यवस्था विभागलाई सडक यातायातसम्बन्धी प्राधिकरण गठन गर्ने। निजी क्षेत्रका परामर्शदातृ संस्था तथा व्यक्तिबाट गलत परामर्श भएको अवस्थामा सोबाट भएको हानी नोक्सानी भराउने व्यवस्था गर्ने ।
- नगर क्षेत्रका तोकिएका राष्ट्रिय सडक बाहेक अन्य सडकहरु शहरी सडक प्रणालीमा पर्दछ । यस्ता सडकहरुको निर्माण, मर्मत तथा सम्भार समेत नगरपालिकाबाट गरिनेछ ।

३.३. नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममा काठमाडौं उपत्यकाको यातायात व्यवस्थापनका सम्बन्धमा देहायका व्यवस्था गरेको छः

२०७५।७६
- काठमाडौं उपत्यकामा केबलकार, मेट्रोरेल तथा मोनोरेल सञ्चालन गर्न सम्भाव्यता अध्ययन तथा डिपिआर सम्पन्न गरी निर्माण कार्य अगाडि बढाउने,
- यातायात व्यवस्थाको सुदृढीकरणको लागि डाटा सेन्टर स्थापन, सवारी साधनमा ईम्बोस्ड नम्बर प्लेटको प्रयोग तथा स्मार्टकार्ड तयार गर्ने लगायतको कार्यहरु सञ्चालन गर्ने,
- विद्युतीय सवारीसाधनको प्रयोगमा जोड, सघन शहरीक्षेत्रमा विद्युतीय चार्जिङ स्टेसनहरु निर्माण गर्ने

२०७६।७७
- ट्राफिक प्रहरी परिचालन निर्देशिका, २०७७ को अधिनमा रही सवारी व्यवस्थापन गर्ने
- उपत्यकामा विद्यमान सवारी चापलाई ब्यवस्थापन गर्न सुर्यबिनायक धुलिखेल सडकको स्तरोन्नती, तिनकुने कोटेश्वर जडिबुटी सुरुङ मार्ग, नयाँ बानेश्वर अण्डरपास र त्रिपुरेश्वरदेखि

माईतिघरसम्म फ्लाईओभरको विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिने ।

- सडकहरुलाई सुरक्षित बनाउन आवश्यकताअनुसार सडक सुरक्षा पर्खाल, सवारी सुरक्षा संकेत र ट्राफिक संकेतहरु राखिने छ । सडकको अवस्थाको आधारमा अधिकतम गति निर्धारण गरी कडाईको साथ नियमन गरिने छ । सरकारले निर्माण गर्ने सबै सडक कम्तिमा २ लेनको हुनेछ ।

२०७७।७८

- निर्माण सम्पन्न भएका सडकको मर्मत सम्भार तथा सञ्चालनको जिम्मा सडक बोर्डलाई दिने,
- ठूला क्षमताका विद्युतीय सवारी साधन सञ्चालनमा ल्याईने, सार्वजनिक यातायात प्राधिकरण गठन गर्ने, विद्युतीय चार्जिङ्ग स्टेशनहरु सञ्चलनमा ल्याउने,
- विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र जारी गर्ने तथा इम्बोस्ड नम्बर प्लेटहरु वितरण गर्ने

४. **कानुनी ब्यवस्था** - कार्यक्रममा काठमाडौं उपत्यकाको यातायात व्यवस्थापनका सम्बन्धमा देहायका व्यवस्था गरेको छः

सार्वजनिक सडक ऐन, २०३१	सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमको सार्वजनिक सडकहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, संभार, विस्तार वा सुधार गर्ने सम्बन्धमा आवश्यक व्यवस्थाहरु रहेको ।
सवारी तथा यातायात व्यवस्था ऐन, २०४९	सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतीपूर्ति दिलाउन, बिमा व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलव्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने उद्देश्य रहेको ।
सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४	सवारी साधनको दर्ता, वर्गीकरण, चालक अनुमतिपत्र, यातायात व्यवस्थापन तथा सवारी बाटो इजाजत पत्र, बिमा, चालक प्रशिक्षण केन्द्र सञ्चालन तथा यातायात क्षेत्रमा कार्यरत कर्मचारीको पारिश्रमिक सम्बन्धी व्यवस्थालाई नियमन गर्ने व्यवस्था रहेको ।
सार्वजनिक यातायात आचार संहिता, २०६८	सार्वजनिक यातायातमा पालना गर्नुपर्ने आचार संहितासम्बन्धी व्यवस्था गरेको छ ।
काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५	काठमाडौं उपत्यकामा बढ्दो जनसंख्या तथा शहरीकरणको परिप्रेक्ष्यमा भइरहेका नगरहरूको पुनः निर्माण, विस्तार र विकासको साथै योजनाबद्ध रूपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधाहरू पुऱ्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित कायम राख्न काठमाडौं उपत्यका विकास प्राधिकरणको स्थापना भएको उल्लेख छ ।

५. **संगठन संरचना र जनशक्ति** - उपत्यकाको यातायात ब्यवस्थापनको लागि मुख्यतया यातायात ब्यवस्था विभाग, उपत्यकाका महानगरपालिका र नगरपालिकाहरुको जिम्मेवारी रहेको छ । सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १५३ ले यातायात ब्यवस्था विभागको काम कर्तव्य उल्लेख गरेको छ । जसअनुसार सवारी सञ्चालनको लागि मापदण्ड निर्धारण, सवारी रुट निर्धारण (अन्तर प्रदेश तथा अन्तर्राष्ट्रिय), सवारीको भार निर्धारण, सवारी अनुगमन, सवारीको प्राविधिक परीक्षण, सार्वजनिक सवारीको भाडा निर्धारण, वर्कसप र सवारी प्रशिक्षण केन्द्रको मापदण्ड निर्धारण गर्ने, स्मार्ट लाईसेन्सको छपाई, सवारी चालकको परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने, ईम्बोस्ड नम्बर प्लेटको छपाइ विद्युतीय सवारी दर्ता, सवारीको ग्लोबल पोजिसनिङ सिस्टमबाट अनुगमन गर्ने प्रणाली निर्माण, ट्राफिक सिग्नल (Traffic Furniture) को निर्माणलगायतको जिम्मेवारी यातायात ब्यवस्था विभागको रहेको छ।

सडक विभागको जिम्मेवारीमा सवारी ब्यवस्थापनको लागि सडक संरचना, सवारी चिन्हहरु मर्मत संभार गर्ने, सार्वजनिक सडक खाली गराउने, सडक बोर्डले लगाउने सडक मर्मतको जिम्मेवारी पुरा गर्ने लगायत छ ।(सडक ऐन, २०३१ र सडक बोर्ड ऐन, २०५८)।

बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका सवारी ब्यवस्थापन कार्यालयहरुले सवारी दर्ता, कर सङ्कलन, रुट ईजाजत, सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन लगायतको जिम्मेवारी पूरा गरिरहेको छ।(प्रदेश सवारी तथा यातायात ब्यवस्था ऐन, २०७५) संघीय संसद, प्रतिनिधि सभा विकास तथा प्रविधि मातहत रहेको सवारी दुर्घटना न्यूनीकरण उपसमिति-२०७७ ले संस्थागत सुधारको लागि सडक सुरक्षा परिषद र सार्वजनिक यातायात प्राधिकरण गठन गर्नुपर्ने सुझाबमा दिएको छ ।संघीय सरकारको २०७७।७८ को बजेट भाषणको बुँदा नं. २४२ मा समेत सार्वजनिक यातायातलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्ने विषय उल्लेख छ ।

६. कार्यक्रम र प्रगतिः

६.१. यातायात व्यवस्था विभागबाट विगत ५ वर्षमा सञ्चालित प्रमुख अनुसन्धानात्मक कार्यहरू देहाय बमोजिम रहेको छ

कार्यक्रम	बजेट	खर्च
बस रुट एण्ड भेहिकल स्ट्यान्डर्ड सर्भे फर प्रिपेयरीङ स्ट्याण्डर्ड क्राईटेरिया फर बस रुट परमिट	१६८८५३२५	११५८५३२५
डेभलपमेन्ट एण्ड ईम्प्लेमेन्टेसन अफ रोड एक्सिडेन्ट ईन्फर्मेसन म्यानेजमेन्ट सिस्टम	२५२२१४८०	३५९७५४३
कन्सल्टिङ सर्भीस टु सपोर्ट ईस्टाबिलिस्मेन्ट एण्ड अपरेशन अफ भेहिकल फिटनेस टेस्टिङ सेन्टर इन नेपाल	३००००००	२६००५२८
कन्सल्टिङ सर्भिस अन सिस्टम डिजाइन एण्ड सफ्टवेयर हार्डवेयर रिक्वायरमेन्ट फर जिपियस भेहिकल ट्र्याकिङ सिस्टम	५२५०००००	३८१२००
दुर्घटनाको तथ्याङक संकलनको लागि स्मार्ट फोन खरिद	३४६००००	१७१७२८२
डेभलप्मेन्ट एण्ड ईम्प्लेमेन्टेसन अफ रोड एक्सिडेन्ट ईन्फर्मेशन म्यानेजमेन्ट सिस्टम	५०००००	२०३४००
कन्सल्टिङ सर्भिस फर स्पिड लिमिट स्टडी फर पाईलट रुट फर जिपिएस भेहिकल ट्र्याकिङ सिस्टम	११०००००	११०००००

६.२. काठमाडौं उपत्यका भित्रका यातायात सुधारका लागि देहायका कार्यक्रमहरू रहेको छ :

- केबलकार, मेट्रोरेल तथा मोनोरेलको सम्भाव्यता अध्ययन तथा डिपिआर सम्पन्न गरी निर्माण कार्य अगाडि बढाउने,
- यातायात ब्यवस्थाको सुदृढीकरणको लागि डाटा सेन्टर स्थापना, सवारी साधनमा ईम्बोस्ड नम्बर प्लेटको प्रयोग तथा स्मार्टकार्ड तयार गर्ने लगायतको कार्यहरु सञ्चालन गर्ने,
- विद्युतीय सवारीसाधनको प्रयोगमा जोड, सघन शहरीक्षेत्रमा विद्युतीय चार्जिङ स्टेसनहरु निर्माण गर्ने,

- सुर्यबिनायक-धुलिखेल सडकको स्तरोन्नती, तिनकुने-कोटेश्वर-जडिबुटी सुरुङ मार्ग, नयाँ बानेश्वर अण्डरपास र त्रिपुरेश्वरदेखि माईतिघरसम्म फ्लाईओभरको विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिने ।

७. **वित्तीय व्यवस्था** - काठमाडौं उपत्यकाभित्र सञ्चालित सडक सुधार आयोजनाहरु लगायतको २०७६।७७ मा बिनियोजित बजेट र खर्च रकम देहायबमोजिम रहेको छः

सि.न.	आयोजनाको नाम	बिनियोजित बजेट	निकासा/खर्च
१	काठमाडौं उपत्यका सडक बिस्तार आयोजना	१२२२३४६०००	१०६०२३१०००
२	चक्रपथ बिस्तार आयोजना	२०६७७५८०००	३५६८८६०००
३	काठमाडौं उपत्यका बाहिरी चक्रपथ आयोजना	४०००००००	८७२७०००
४	धोबीखोला कोरिडोर सुधार आयोजना	३२०५०००००	२७७५४६०००
६	महानगरीय ट्राफिक प्रहरी महाशाखा	६४४०९०१२४	६११०८०३९९

८. **विषय छनौटको औचित्य** - देशको राजधानी काठमाडौं अवस्थित रहेको काठमाडौं उपत्यका प्राचीन सात बिश्वसम्पदा समेत रहेको ३५ लाख बासिन्दाहरुको बसोबास भएको स्थलको यातायात व्यवस्थापनको परीक्षण सार्वजनिक चासो, सुबिधा र जनस्वास्थसँग जोडिएको विषय भएकोले कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उद्देश्य** - काठमाडौं उपत्यकाको यातायात व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापको कार्यान्वयन अवस्था मूल्याङ्कन तथा बिश्लेषण गर्नु लेखापरीक्षणको मुल उद्देश्य रहेको छ । यसका लागि लेखापरीक्षण देहायका विषयहरूमा केन्द्रित रहेको थियो ।

- यातायात व्यवस्थापनका क्रियाकलापको कार्यान्वयन अवस्था
- उपत्यकामा यातायात पूर्वाधारको अबस्था
- सवारी सुरक्षा
- ट्राफिक व्यवस्थापन

१०. **लेखापरीक्षणको क्षेत्र** - सवारी व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने, यातायात व्यवस्था विभाग, सडक संरचनासँग सरोकार राख्ने सडक विभाग, उपत्यका ट्राफिक प्रहरी महाशाखा, उपत्यका विकास प्राधिकरण, महानगरपालिका र नगरपालिकाहरूको विगत ३ देखि १० वर्षको क्रियाकलापहरूलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ ।

११. **लेखापरीक्षण पद्धति** - लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०७७ ले निर्दिष्ट गरेका विधि र प्रक्रियाहरु अवलम्बन गरी यो लेखापरीक्षण सञ्चालन गरिएको छ । साथै लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन इन्टोसाईले जारी गरेको कार्यमूलक लेखापरीक्षणसम्बन्धी मानदण्डहरु इसाई ३०० र ३००० को समेत सन्दर्भ लिईएको छ ।

लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर समस्यामूलक तथा नतिजामूलक पद्धति अवलम्बन गरी सम्बन्धित कागजात र स्रेस्ता परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तरवार्ता सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ । उपर्युक्त अनुसार प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट

तात्विक महत्वका विषयहरु पहिचान गरी स्थलगत अवलोकन, प्रश्नावली, सोधपुछ, सरोकारवालासँग छलफल, अन्तरवार्ता, समेतको आधारमा निकायको प्रमुख कार्य सम्पादन सूचकहरुको जाचँ परीक्षण गरी सुधार ल्याउन गर्नुपर्ने कामका सम्बन्धमा सुझावहरू प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

१२. **लेखापरीक्षणको सीमितता** - प्राप्त सूचना, अभिलेख, विवरण, अन्तरवार्ता तथा कार्यान्वयन गर्ने निकायहरूबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको लागि उपलव्ध समय सीमा, जनशक्ति, अत्यन्त छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन, कोभिड १९ को महामारी समेतले लेखा परीक्षणको दायरालाई सीमित गरेको छ ।

लेखापरीक्षणमा देखिएका मुख्य ब्यहोरा

१३. **यातायात गुरुयोजना** - काठमाडौं उपत्यकाको यातायात व्यवस्थाको दीर्घकालीन विकासका लागि काठमाडौं उपत्यका विकास प्राधिकरणले २०७२।७३ मा तयार गरेको कार्ययोजनाले उपत्यकाको जनसंख्या प्रक्षेपणको आधारमा प्रस्ताव गरिने नयाँ शहर, बस्ती, व्यापारिक तथा आर्थिक केन्द्र आदिलाई समेत समेटी सडक यातायात गुरुयोजना ६ महिनाभित्र तयार गर्ने उल्लेख गरेको थियो। काठमाडौं उपत्यका विकास प्राधिकरणले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका) को सहयोगमा काठमाडौं उपत्यका शहरी यातायात सुधार गुरूयोजना, २०१७ तयार गरेको छ । गुरूयोजनाले हाल उपत्यकाको यातायात सम्बन्धमा, सार्वजनिक सवारीको अनिश्चितता, पुरानो र सानो ठाँउ, बस स्पेसिफिक लेनको अभाब, ननमोटराईज्ड धुलो धुवाँ र अब्यवस्थित फुटपाथ (वाकीङ मोड), ब्ल्याक जोन (सार्वजनिक सवारी भेट्टाउन कम्तिमा ५०० मिटर हिड्नुपर्ने दुरीमा रहेको), सुस्त गति, अप्रभावकारी सार्वजनिक सवारी सञ्चालन, सवारी स्टेशनहरुको कमी, कम घनत्व र क्षमताको सडक सञ्जाल, सवारी व्यवस्थापनको अभाब जस्ता समस्याहरू औल्याएको छ । उपरोक्त समस्याहरूमा सुधारको लागि काठमाडौं उपत्यका यातायात गुरुयोजना, २०१७ ले जमिनको प्रयोग, सडक योजना, सार्वजनिक यातायात योजना, ट्राफिक माग ब्यवस्थापन, लोजिस्टिक योजना, सवारी सुरक्षा योजना, ननमोटोराइज्ड ट्राफिक योजना, डिजास्टर ब्यवस्थापन योजना लगायत ८ क्षेत्रलाई समेटेर देहायका क्रियाकलापहरू गर्नुपर्ने उल्लेख गरेको छः

सि.न.	क्षेत्र	क्रियाकलापहरू
१	जमिनको प्रयोग	• शहरी भू-उपयोग नीतिसंग तादम्यता हुने गरी ट्रिप जेनेरेसन र ट्रिप अट्रयाक्सन स्थान जोड्ने गरी यातायात योजना तयार पार्ने,
२	सडक योजना	• सडक संजाललाई रेडियल बाट सर्कमफेरेन्सियल बनाउने, • सडकको क्षमता बढाउनु पर्ने, • पेडेष्ट्रियनको बाटो र सडक चिन्ह, क्रसिङ र सवबे, आकाशे पुल लगायतमा सुधार गर्ने, • सडक सञ्जालमा भित्री रिङरोड र बाहिरी रिङरोड निर्माण गरी सञ्चालन गर्नुपर्ने,
३	सार्वजनिक यातायात योजना	• सवारी सञ्चालनमा पुनर्संरचना, मास ट्रान्जिट, सडक संजाल सुधार, ट्रान्जिट ओरिएन्टेड डेभलफपमेन्ट, ननमोटराईज्ड ट्रान्सपोर्टको विकास गर्ने, • मास ट्रान्जिटको हकमा उपत्यकाको हालको पिएचपिडिटी (Peak Hour Peak Direction Traffic)१०००० -१५००० हुँदा बिआरटी (Bus Rapid Transit)ले धान्ने ६% ग्रेडियन्ट हुने उपत्यकाको सडकमा एजिटि (Automated Guided Transit) उपयुक्त हुने सुझाब रहेको,
४	ट्राफिक माग ब्यवस्थापन,	• एकीकृत ट्राफिक ब्यवस्थापन नीतिको कार्यान्वयन गर्ने, • सार्वजनिक सवारीमा सुधार गरी ट्राभल मोड सिफ्ट गर्ने,

सि.न.	क्षेत्र	क्रियाकलापहरू
		• ईन्टेलिजेन्ट ट्राफिक व्यवस्थापन गर्ने, • ईकमर्स, राईड सेयरिङ द्वारा सुधार गर्ने, • भेहिकल ओनरसिप परिवर्तन, मोडल सिफ्ट, ट्रिप जेनेरेसन र ट्रिप एट्रेक्सन द्वारा सवारी चाप घटाउदै सवारी डिमाण्ड फोरकाष्ट गर्ने।
५	लोजिस्टिक योजना,	• उपत्यकामा आठ स्थानबाट सवारी भित्रिने गरेकोमा ती सवारीहरुलाई सेन्ट्रल बिजनेस डिस्ट्रिकमानै प्रवेश गर्न दिनुभन्दा उपत्यका भित्रने नाका वरपर ब्यवस्थापन गर्ने, • ठूला ट्रकहरुलाई समय तोकी उपत्यका भित्रिन प्रतिबन्ध लगाउने र चक्रपथको निश्चित दूरीमा व्यवस्थापन गर्ने। • ट्रक कार्गो व्यवस्थित गर्न कार्गो पार्किङ्गलाई व्यवस्थित योजना बनाई कार्यान्वयमा ल्याउने ।
६	सवारीसुरक्षा योजना,	• सडक दुर्घटना घटाउने संस्थागत संरचनाको विकास सम्बन्धमा बिशेष जोड रहनु पर्ने, • दुर्घटना घटाउन सवारी चालक वा मालिक, प्राविधिक पक्ष, प्रभाबकारी संस्थागत ब्यवस्था, म्यानुअल गाईडलाईनहरु र शहरी संरचनामा लक्षित सुधार तथा विकासमा जोड दिने ।
७	ननमोटोराइज्ड ट्राफिक योजना	• साईकल सवारी र पैदल यात्रु व्यवस्थापन योजना बनाउने र यस्को क्षेत्र तोक्ने • सडक किनारा व्यवस्थित गर्ने • ननमोटराईज्ड ट्रान्सपोर्टसलाई पनि ध्यानदिनु पर्ने, • ननमोटराईज्ड फ्यासिलिटी सुधार गर्ने,
८	डिजास्टर ब्यवस्थापन योजना	• भित्री घना बस्ती हरुमा प्रत्येक ५०० मी. मा आपतकालिन सडकको बिकास गर्नु पर्ने, • अरनिको राजमार्ग र पृथ्बि राजमार्गलाई राष्ट्रिय आपतकालिन सडकको रुपमा प्रयोग गर्ने, • पहिलो, दोस्रो र तेस्रो आपतकालिन सडक क्रमस, २०, १२ र ८ मि. चौडाईको बनाई एक अर्कामा आबद्ध एवं महत्वपूर्ण संरचना र वेयर हाउस एवं खुला ठाँउ संग आबद्ध गर्नु पर्ने ।

उक्त गुरुयोजना तयार भएको ४ बर्ष भैसक्दा पनि सो योजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयनको लागि कुनै कार्यक्रम वा कार्ययोजना तयार गरेको छैन । ती कार्यक्रमहरु उपत्यकाको यातायात व्यवस्थापनसँग सडक विभाग, महानगरपालिकाहरू, नगरपालिकाहरू, यातायत व्यवस्था विभाग, गृहमन्त्रालय मातहतका उपत्यका ट्राफिक कार्यालयहरू, महानगर र नगरपालिकाहरू लगायतका निकायहरू मार्फत कार्यान्वयन गरिनुपर्नेमा काठमाडौं उपत्यका विकास प्राधिकरणले तयार गरेको उक्त गुरूयोजनाको कार्यान्वयनमा यी निकायहरूले स्वामित्व ग्रहण गरेको देखिएन । शहरी विकास मन्त्रालयले पनि सबै सरोकारवाला निकायहरूसँगको समन्वयमा उक्त प्रतिवेदन स्वीकृत गराई कार्यान्वयन गर्नसकेको छैन। यसले गर्दा उपत्यकाको यातायात व्यवस्थापनका लागि एकीकृत रूपमा कुनै कार्यक्रम वा योजना कार्यान्वयन हुन सकेन ।

उपत्यकाको यातायात व्यवस्थापनसँग सम्बन्धित सबै निकायहरूले आपसी समन्वय गरी उपत्यकाको एकीकृत यातायात व्यवस्थापन योजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४. **कानुनी ब्यवस्था** - संविधानको अनुसूचि ५(२०) बमोजिम संघको अधिकार क्षेत्र भित्र राष्ट्रिय यातायात नीति र राष्ट्रिय लोकमार्गको ब्यवस्थापन गर्ने उल्लेख छ । यसैगरी प्रदेशको अधिकार क्षेत्रभित्र प्रदेश

लोक मार्ग र स्थानीय तहको अधिकार क्षेत्रभित्र स्थानीय सडक, ग्रामिण सडक र कृषि सडक पर्ने देखिन्छ । उपरोक्त व्यवस्थाहरूलाई स्पष्ट पार्न आवश्यक कानुनहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा कानुन बन्न नसकेको स्थिति देहायबमोजिम छः

१४.१. काठमाडौं उपत्यकाभित्र सञ्चालित सार्वजनिक यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, लागत-प्रभावि र सुरक्षित बनाउन तथा सार्वजनिक यातायात सेवालाई माग र आपूर्तिबीच सन्तुलन कायम गर्दै एकीकृत यातायात प्रणालीको व्यवस्थापन, विकास तथा विस्तार गर्न र सार्वजनिक यातायात सेवाको नियमन तथा सञ्चालनसम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्न उपत्यका सार्वजनिक यातायात प्राधिकरणसम्बन्धी विधेयक २०७६ साउन २६ गते राष्ट्रिय सभामा प्रस्तुत भएर राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा छलफलका क्रममा छ।'काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक तयार नभएकोले काठमाडौं उपत्यकाभित्र एकीकृत यातायात प्रणालीको विकाससँग सम्बन्धित अध्ययन, अनुसन्धान, अल्पकालीन तथा दीर्घकालीन योजना र रणनीति तयार एवं विकास कार्यहरू हुनसकेको छैन ।

१४.२. विद्यमान संरचना अनुरुप यातायात क्षेत्रलाई पुनः संरचना गरेकोले संघ मातहत (यातायात व्यवस्था विभाग) सञ्चालित छ र यातायात व्यवस्था कार्यालयहरु प्रदेश मातहत रहेका छन् । सवारी व्यवस्थापनको लागि विशेष गरी मानिस र मालसामनको शुलभ, भरपर्दो र सुरक्षित ओसारपसार गर्ने जिम्मेवारी मौजुदा सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावलीले यातायात व्यवस्था विभागलाई अधिकार दिएको छ ।यातायात व्यवस्था ऐन, २०४९ र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३(घ) ले यातायात व्यवस्था विभागलाई सार्वजनिक यातायातको भाडा निर्धारण गर्ने अधिकार दिएको छ । प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को परिच्छेद ६ र दफा ११० ले प्रदेश सरकारलाई सार्वजनिक सवारीको रुट निर्धारण गर्ने, भाडा निर्धारण गर्नसक्ने व्यवस्था गरेको छ । यसैगरी काठमाडौं महानगरपालिकाले जारी गरेको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ को दफा-२१(ख) ले काठमाडौं महानगरले महानगर क्षेत्रमा सार्वजनिक सवारीको व्यवस्थापन गर्ने, सार्वजनिक सवारीको भाडा निर्धारण गर्ने व्यवस्था गरेको छ । यसले विद्यमान कानुनहरुबाट तीनै तहका सरकारहरुको काम कर्तव्यमा अन्यौलता एवं जिम्मेवारीको सीमा बाझिँदा सार्वजनिक यातायात व्यवस्थापनको काम कसैबाट पनि नहुने अवस्था देखिन्छ ।

१४.३. वार्षिक नीति तथा कार्यक्रमहरुमा पनि संघ र महानगरपालिकाको कार्यक्रम दोहोरिएको छ। संघीय सरकारले २०७५।७६ को बजेट मार्फत काठमाडौंमा मेट्रो रेलको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेकोमा काठमाडौं महानगरपालिकाले पनि २०७७।७८ को नीति तथा कार्यक्रमको बुँदा नं. १७२ मा मेट्रो रेलको सम्भाव्यता अध्ययन गर्ने योजना बनाएको छ ।वार्षिक कार्यक्रममा दोहोरोपनाले गर्दा दोहरो खर्च हुने स्थिति रहेको छ ।

संघ, प्रदेश र स्थानीय तहहरुको क्षेत्रगत नीतिहरु, कानुनहरु निर्माण गरी एक आपसमा दोहोरो नपर्ने गरी सार्वजनिक सेवा र खर्चको मितव्ययी ढङ्गले परिचालन गर्नुपर्दछ ।

१५. **संस्थागत व्यवस्था** - उपत्यकाको यातायात व्यवस्थापनको लागि मुख्यतया यातायात व्यवस्था विभाग, उपत्यकाका महानगरपालिका र नगरपालिकाहरुको जिम्मेवारी रहेको छ । यी निकायहरुले यातायात व्यवस्था प्रभावकारी व्यवस्थापन गर्नुपर्नेमा सोअनुरुप भूमिका खेल्न नसकेको स्थिति देहायबमोजिम रहेको छः

१५.१. सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १५३ ले यातायात ब्यवस्था विभागको काम कर्तव्य उल्लेख गरेको छ । जसअनुसार सवारी सञ्चालनको लागि मापदण्ड निर्धारण, सवारी रुट निर्धारण (अन्तर प्रदेश तथा अन्तर्राष्ट्रिय), सवारीको भार निर्धारण, सवारी अनुगमन, सवारीको प्राविधिक परिक्षण, सार्बजनिक सवारीको भाडा निर्धारण, वर्कसप र सवारी प्रशिक्षण केन्द्रको मापदण्ड निर्धारण गर्ने, स्मार्ट लाईसेन्सको छपाई, सवारी चालकको परिक्षाको पाठ्यक्रम निर्धारण गर्ने, ईम्बोस्ड नम्बर प्लेटको छपाई विद्युतीय सवारी दर्ता, सवारीको ग्लोबल पोजिसनिङ सिस्टमबाट अनुगमन गर्ने प्रणाली निर्माण, ट्राफिक सिग्नल (Traffic Furniture) को निर्माण लगायतको जिम्मेवारी यातायात ब्यवस्था विभागको रहेको छ ।

१५.२. सडक विभागको जिम्मेवारीमा सवारी ब्यवस्थापनको लागि सडक संरचना, सवारी चिन्हहरु मर्मत संभार गर्ने, सार्वजनिक सडक खाली गराउने, सडक बोर्डले सडक मर्मत गराउने जिम्मेवारी पूरा गर्ने लगायत छ ।(सडक ऐन, २०३१ र सडक बोर्ड ऐन, २०५८)।

१५.३. बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका सवारी ब्यवस्थापन कार्यालयहरुले सवारी दर्ता, कर सङ्कलन, रुट ईजाजत, सवारी चालक अनुमतिपत्रको परिक्षा सञ्चालन लगायतको जिम्मेवारी पुरा गरिरहेको छ।(प्रदेश सवारी तथा यातायात ब्यवस्था ऐन, २०७५) ।

१५.४. संघीय संसद, प्रतिनिधि सभा विकास तथा प्रविधि समिति मातहत रहेको सवारी दुर्घटना न्यूनीकरण उपसमिति-२०७७ ले संस्थागत सुधारको लागि सडक सुरक्षा परिषद र सार्वजनिक यातायात प्राधिकरण गठन गर्नुपर्ने सुझाब दिइएको छ ।संघीय सरकारको २०७७।७८ को बजेट भाषणको बुँदा नं. २४२ मा समेत सार्वजनिक यातायातलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्ने विषय उल्लेख छ । तर यससम्बन्धी कानुन नहुँदा सार्वजनिक यातायात प्राधिकरण स्थापना हुनसकेको छैन ।कानुन पारित हुन ढिलाई भएपछि सरकारले २०७७ कार्तिक १९ गते उपत्यकाको यातायातलाई व्यवस्थित गर्न काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश २०७७ जारी गरे तापनि यातायात प्राधिकरण गठन गरेको छैन् ।उपत्यकाको यातायात व्यवस्थापन सम्बन्धमा एकीकृत रूपमा हेर्ने निकाय नहुँदा उपत्यकाको यातायात व्यवस्थापन सम्बन्धमा एकीकृत रूपमा योजना तयार गरी कार्यान्वयन हुन सकेको छैन ।

काठमाडौं उपत्यकाको हकमा यातायात ब्यवस्थापनको लागि समानान्तर रुपमा यातायात ब्यवस्था विभाग, महानगरीय ट्राफिक महाशाखा, प्रदेश मन्त्रालय तथा बागमती प्रदेश यातायात ब्यवस्था कार्यालयहरु, स्थानीय तहहरु, प्रस्ताबित सडक सुरक्षा काउन्सिल, सडक विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण एवं प्रस्ताबित सार्वजनिक यातायात प्राधिकरण समेतको ब्यवस्था भएपनि ती सबै निकायहरु सवारी साधन ब्यवस्थापनमा नै सीमित भएको पाईयो । यातायात व्यवस्थापनमा सडक, यात्रु, चालक, सवारी साधन, नियामक निकाय तथा यिनको समग्र व्यवस्थापनका विषय पर्दछन्।तर उपरोक्त निकायहरुलाई समग्र यातायात ब्यवस्थापन भन्दा पनि सडक पूर्वाधार एवं सवारी ब्यवस्थापनको जिम्मेवारी मात्र भएकाले उपत्यकाको सार्वजनिक यातायात समय सापेक्ष रुपमा व्यवस्थित हुनसकेन । यातायात व्यवस्थापनको लागि चुस्त र दुरुस्त संस्थागत व्यवस्था हुनुपर्दछ ।

उपत्यकाको यातायात ब्यवस्थापनसँग सम्बन्धित केन्द्रीय निकायले प्रमुख कार्यक्षेत्र पहिल्याई विद्यमान संगठन संरचना भित्रका निकायहरुलाई कार्यान्वयनको जिम्मेवारी दिई सम्बन्धित निकायहरुबीच समन्वय गरी ब्यवस्थापन गर्नुपर्दछ ।

१६. **सार्वजनिक यातायात योजना** - यातायात सुधारका लागि आवधिक तथा वार्षिक योजनाहरूले तयार गरेको कार्यक्रम सम्बन्धित मन्त्रालयहरू, विभागहरू तथा निकायहरूले कार्यान्वयन गर्नुपर्दछ । काठमाडौं उपत्यका बृहत शहरी यातायात गुरुयोजना प्रतिवेदन, २०१७ को रणनीति ४.३ अनुसार काठमाडौं उपत्यकामा सार्वजनिक यातायात सुधारको लागि सार्वजनिक यातायातको पुनर्संरचना गर्नुपर्ने, परम्परागत बस सेवाको ठाउँमा BRT- (Bus Rapid Transit), AGT(Automated Guided Transit), MRT(Mass Rapid Transit) जस्ता मास ट्रान्जिट व्यवस्था विकास गर्नुपर्ने, बस नेटवर्कमा सुधार गर्नुपर्ने तथा ट्रान्जिट ओरिएन्टेड डेभलप्मेन्ट गर्नु पर्ने उल्लेख छ । यातायात पूर्वाधारको हिसावले काठमाडौं उपत्यकामा, सडक बाहेक अन्य पूर्वाधार विकास हुनसकेको छैन । सडक यातायात मात्र हुदा सबै सवारी एकै बाटोमा गुड्ने कारणले right of traffic को कारणले सवारी दुर्घटनाको बढाउने गर्दछ । सडकमा भिन्न सवारीको लागि भिन्न लेनको ब्यवस्था हुनसकेको छैन, फरक क्षमता र गतिका सवारीले एकै पटक सडकमा प्रवेश गर्दा दुर्घटना हुने गरेको छ । तर काठमाडौं उपत्यकाको यातायात सुधार सम्बन्धमा चौधौं र पन्ध्रौं आवधिक योजनाहरू, सरकारबाट घोषित वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन हुन नसकेको अवस्था देहायबमोजिम रहेको छः

चौधौं योजना आवधिक योजना
(आर्थिक वर्ष २०७३।७४—२०७५।७६)

- काठमाडौं उपत्यकाको बाहिरी चक्रपथ निर्माण प्रारम्भ ।
- काठमाडौं उपत्यकाको सडक सञ्जालमा सार्वजनिक यातायात प्रणालीलाई रि—रुटिङ गरी मास ट्रान्जिटमुखी बनाइनेछ ।
- काठमाडौं उपत्यकामा सम्भाव्यताका आधारमा मेट्रोमोनो रेलको निर्माण प्रारम्भ गर्ने
- काठमाडौं उपत्यकामा विस्तारमा रहेका सडक (१५७ कि.मि.) मध्ये बाँकी ८१ कि.मि. सडक र अन्य सडकहरूको विस्तार।
- काठमाडौं उपत्यकाभित्र सडक सुदृढीकरण तथा फ्लाइओभर सडक निर्माणमा जोड दिने ।

पन्ध्रौं आवधिक योजना
(२०७६।७७-२०८०।८१)

- काठमाडौं उपत्यका लगायत सम्भाव्य अन्य क्षेत्रमा मेट्रो तथा मोनो रेलसेवा सञ्चालनका लागि विस्तृत आयोजना प्रतिवेदन तयारगरी निर्माण कार्य अगाडि बढाउन निजि क्षेत्रको लगानी आकर्षित गर्ने।
- काठमाडौं उपत्यकाभर ७२ कि.मि मेट्रो रेल निर्माण सम्बन्धी विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने
- काठमाडौं उपत्यकाको बाहिरी चक्रपथका लागिजग्गा प्राप्ति गर्ने ।

१६.१. चौधौं आबधिक योजना अवधिमा काठमाडौं उपत्यकाको यातायात व्यवस्थापन गर्न ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण प्रारम्भ गर्ने कार्यक्रम राखेकोमा डि.पि.आर तयार गर्ने कार्यसम्म भएको छ भने लक्ष्यबमोजिम ठेक्का व्यवस्था गरी कार्य प्रारम्भ गर्ने कार्य हुनसकेन । पन्ध्रौं आवधिक योजनाले जग्गा प्राप्ति गर्ने कार्यक्रम राखेकोले २०८०।८१ सम्म पनि निर्माण कार्य प्रारम्भ हुने देखिएन ।

१६.२. चौधौं आवधिक योजनामा काठमाडौं उपत्यकाको सडक सञ्जालमा सार्वजनिक यातायात प्रणालीलाई रि—रुटिङ गरी मास ट्रान्जिटमुखी बनाइने कार्यक्रम राखेकोमा यस सम्बन्धमा प्रगति भएको देखिएन । विगतमा सिमित मात्रामा भएपनि सञ्चालनमा रहेका मास ट्रान्जिटको ब्यवस्थालाई निरन्तरता दिन सकेको पाईएन । २०३५ मा चीन सरकारको सहयोगमा निर्मित त्रिपुरेश्वरदेखि सुर्यविनायकसम्मको १३ कि.मि सडकमा सञ्चालनमा ल्याएको ट्रलीबस सेवा २०६२ बाट पूर्णतया बन्द गरेको छ । सार्वजनिक यातायात संस्थान २०५८ मा बन्द भएपछि सार्वजनिक सवारीमा सरकारको लगानि नगन्य छ । साझा यातायात सहकारीको रूपमा पुन सञ्चालन गरेपनि उपत्यकाको यातायात व्यवस्थापनमा प्रभावकारी हुनसकेका छैनन् । काठमाडौं उपत्यकामा हाल साझा यातायात सहकारीको ४० बस

बाहेक निजी स्वामित्वमा सञ्चालित सार्वजनिक सवारी साधनहरुले सडक यातायातको माध्यमबाट मात्र सार्वजनिक यातायात सेवा दिईरहेको पाईन्छ ।नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ असार २९ को निर्णयले ३०० विद्युतीय बस खरिदका लागि साझा यातायात सहकारी संस्था लिमिटेडलाई रु.३ अर्ब नेपाल सरकारको शेयर लगानीका रुपमा उपलब्ध गराएको छ ।

१६.३. काठमाडौं उपत्यकामा मेट्रो रेल सञ्चालन गर्न १४ औं योजना अवधिमा विस्तृत अवधारण प्रतिवेदन तयार गर्ने कार्यक्रम रहेकोमा उक्त अवधिमा सो कार्य भएको पाइएन। कूल अनुमानित लागत रु. ४ खर्ब ७७ अर्ब रहेको योजनामा १४ औ योजना अवधिमा प्रशासनिक खर्च समेत रु.३० करोड खर्च भएको छ । १५ औं योजनाको प्रमुख क्रियाकलापमा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, रेल मार्गको जग्गा प्राप्त गर्ने, ट्रयाक बेड निर्माण गर्ने, रेल गाडी लगायतका आवश्यक ईन्स्टुमेन्ट खरिद तथा जडान गर्ने र रेल सेवा सञ्चालनको लागि जनशक्ति विकास तथा व्यवस्थापन गर्ने रहेका छन् ।१५ औ योजनाको २ वर्षमा सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भई सातदोबाटो रत्नपार्क नारायणगोपाल चोक खण्डको १२ किलो मिटर विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ ।

१६.४. संघीय सरकारको वार्षिक बजेट २०७७/७८ मा ठूला विद्युतीय बस सञ्चालनमा ल्याउने विषय उल्लेख गरेकोमा कार्यान्वयन भएन । वार्षिक बजेट २०७८/७९ मा उक्त व्यहोरा पुनः दोहोराएको छ ।

१६.५. त्रिपुरेश्वर-माईतिघर फ्लाईओभर बनाउने जाईकाको पाईलट प्रोजेक्टमा एम.ओ.यू. समेत गरेको छ । यद्यपि सो योजना कार्यान्वयनमा आईसकेको छैन ।

१६.६. पूर्वाधार तथा विकास व्यवस्थापनसम्बन्धी काठमाडौं महानगरपालिकाको घोषणा- २०६८ (MRT) मास र्‍यापिड ट्रान्जिटलाई बढवा दिने उल्लेख गरेतापनि १० वर्षमा पनि यस सम्बन्धमा कार्यक्रम तयार भएन ।

१६.७. विगत वर्षहरुमा काठमाडौं उपत्यकाका भित्री तथा बाहिर सडक बिस्तारका कार्यहरु भै रहेपनि कतिपय स्थानमा स्थानीयबासीको अबरोधका कारण बोटलनेकको सृजना हुने तथा विगतमा अव्यवस्थित तबरले घर निर्माण भैसकेको ठाँउमा सडक बिस्तार हुनसकेको छैन। महानगरपालिका र नगरपालिकाहरुले स्थानीय सडकको न्यूनतम मापदण्ड ६ मिटर निर्धारण गरेपनि सोको पालना नगरी घर निर्माण भैरहेको अवस्थामा कुनै कारवाही गर्न नसक्दा सडकहरु साँगुरा भई ट्राफिक व्यवस्थापनमा समस्या देखिएको छ । काठमाडौं उपत्यकामा सडक सुधारका सम्बन्धमा देहायका आयोजनाहरूमा विगत ५ वर्षमा रू.१० अर्ब ६८ करोड १० लाख खर्च गरेको छ ।

(रू.लाखमा)

सि.न.	आयोजनाको नाम	कार्यान्वयन गर्ने	बजेट	निकासा/खर्च
१	काठमाडौं उपत्यका सडक बिस्तार आयोजना	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	६०४७८	५६३९४
२	चक्रपथ बिस्तार आयोजना	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	६०६८९	३१९४६
३	काठमाडौं उपत्यका बाहिरी चक्रपथ आयोजना	शहरी विकास मन्त्रालय	३२३	३२३
४	धोबीखोला कोरिडोर सुधार आयोजना	शहरी विकास मन्त्रालय	१८१४७	१८१४७
		जम्मा	१३९६३७	१०६८१०

उपरोक्त आयोजनाहरूमा काठमाडौं उपत्यका बाहिरी चक्रपथ आयोजनाको डि.पि.आर तयार गर्ने कार्य भएको छ । धोबिखोला बागमती र बिष्णुमती खोला कोरिडोर निर्माणलाई प्राथमिकता दिएपनि बीच बीचमा रहेका पुलहरुमा ईन्टरसेक्सन निर्माण गर्न नसक्दा ट्राफिकको रिरुटिङ्ग गर्न सकिएको छैन । अन्य आयोजनाहरूले उपत्यकाको ट्राफिक जाम कम गर्न केही हदसम्म सहयोग गरेका भए तापनि यातायात व्यवस्थापनको एकीकृत योजना बेगर कार्यान्वयन गरिएकोले सर्वसाधारणको यात्रा सुविधामा परिवर्तन आउन सकेको छैन ।

विश्वका ठूला शहरहरुले सुविधा सम्पन्न BRT, MRT जस्ता सार्वजनिक मास ट्रान्जिटको माध्यम अपनाएका छन् । तर उपत्यका यातायात व्यवस्थापन सम्बन्धमा बनेका नीति र कार्यक्रमहरू कतिपय बजेट भाषणमा मात्र सीमित हुने, बजेट बक्तव्यबाट योजनामा परे पनि कार्यान्वयन नहुने, कार्यान्वयन भएकाको पनि प्रगति न्यून हुने समस्या रहेका छन । उपत्यकाको यातायात व्यवस्थापन सम्बन्धमा प्रत्यक्ष सम्बन्ध राख्ने निकायहरूले समन्वय नगरी आ-आफ्नै कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेकोले यस क्षेत्रमा ठूलो लगानी भईरहँदा पनि सर्वसाधरणको यात्रा सुविधामा गुणस्तरियता आउन सकेन । उपत्यकाको यातायात व्यवस्थापन सम्बन्धमा प्रत्यक्ष सम्बन्ध राख्ने निकायहरूले आपसी समन्वय गरी यातायात व्यवस्थापनको योजना तयार गरी सर्वसाधरणलाई गुणस्तरयुक्त यात्राको माध्यम प्रदान गर्नुपर्दछ । शहरको भूउपयोग र भारबहन क्षमताको आधारमा ट्राफिक घनत्व र आवागमन एक निश्चित सीमा भित्र राख्नुपर्दछ ।सुविधा सम्पन्न BRT,MRT जस्ता सार्वजनिक मास ट्रान्जिटको प्रयोगलाई योजनावद्ध तबरले अगाडि बढाउनुपर्दछ ।

१७. **नेपाल रोड सेफ्टी एक्सन प्लान (२०१३-२०२०)** - संयुक्त राष्ट्रसंघको UN Decade of action for Road Safety (2011-2020) ले सन् २०२० सम्ममा सडक दुर्घटनाबाट हुने हताहती ५०% ले घटाउने लक्ष्य निर्धारण गरेको छ । संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक आयोगको एशिया प्यासिफिक कार्यालयले (सन २००६) मा यस क्षेत्रको यातायात मन्त्रीहरुको सम्मेलनले घोषणा गरेको सडक सुरक्षासम्बन्धी बुसान घोषणापत्रमा नेपालले २०१२ मा हस्ताक्षर गरेपछि पक्ष राष्ट्र बनेको हो ।बुसान घोषणाको पक्ष राष्ट्र बनेसँगै नेपालले UN Decade of action for Road Safety (2011-2020) लाई कार्यान्वयन गर्न सन् २०१३ मा नेपालको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात ब्यवस्था मन्त्रालयले तयार गरेको रोडसेफ्टी एक्सन प्लान २०१३ कार्यान्वयनमा ल्याएको थियो । सडक दुर्घटनाको हताहतीलाई सन २०१५ सम्ममा ३५% र २०२० सम्ममा ५०% ले कमी ल्याउने लक्ष्य राखिएको थियो । मन्त्रालयले तयार गरेको कार्ययोजनामा केन्द्रीय मन्त्रालयहरु, राष्ट्रिय सडक सुरक्षा परिषद, विभागहरु, सार्वजनिक संस्थानहरु, स्थानीय निकायहरु, यातायात ब्यवसायी, ट्राफिक प्रहरी, अटोमोबाईल्स डिलर एसोसिएशन, नागरिक समाज समेतलाई जिम्मेवार निकाय र समन्वयकारी निकायको भूमिकामा राखी सडक सुरक्षा ब्यवस्थापन, सुरक्षित सडक र आवागमन, सुरक्षित सवारी, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पछिको सेवा जस्ता ५ विषय समेटेर कार्यान्वयनमा ल्याएको थियो । तर कार्य योजनाका देहायका क्रियाकलापहरू कार्यान्वयन गरिएनः

- नेपाल सडक सुरक्षा काउन्सिलको संरचनालाई विज्ञको ब्यवस्था सहित अधिकार सम्पन्न बनाई सक्रिय बनाउने,
- सबै खाले सडकको रोड सेफ्टी अडिट गर्न गैर रणनीतिक सडकको रोडसेफ्टी अडिट गाइडलाईन तयार गर्ने,

- २०१३ मा देखिएका दुर्घटना ग्रस्त स्थान (Black Spot) को अनुसन्धान गरी २०१६ सम्ममा सुधार गर्ने,
- संघीय यातायात नीति र कानुन निर्माण गर्ने,
- कार्य क्षेत्र सुरक्षा, ड्राईभिङ लाईसेन्स कार्यविधि सुधार र ट्रेनिङ ईन्स्टिच्युटहरुको गुणस्तर सुधार,सवारी प्रशिक्षकको योग्यता र अनुभव अनुगमन ।

उपरोक्तबमोजिम नीतिगत, संस्थागत, कानुनी, अनुगमन संयन्त्र कार्यविधि र संयोजन संयन्त्र लगायतमा सुधार गरी दुर्घटना तथा यसबाट हुने हताहती घटाउने कार्ययोजना रहेको थियो । तर कार्ययोजना सफल हुन नसकेको विषय संघीय संसदको सवारी दुर्घटना न्यूनीकरण अध्ययन उपसमितिको, २०७७ को प्रतिवेदनले समेत उल्लेख गरेको छ । विगत १० वर्षमा सवारी दुर्घटनाको स्थिति देहायबमोजिम रहेको छः

क्र.सं.	आ.व.	ई. सम्वत	सवारी दूर्घटना	सवारी दूर्घटनामा भएको वृध्दि प्रतिशत
१.	२०६८/०६९	२०११	५०९६	आधार वर्ष
२.	२०६९/७०	२०१२	४७७०	०.९३
३.	२०७०/७१	२०१३	४६७२	०.७३
४.	२०७१/७२	२०१४	४९९९	४.०२
५.	२०७२/७३	२०१५	५६६८	८.३३
६.	२०७३/७४	२०१६	५५३०	(१.०४)
७.	२०७४/७५	२०१७	६३८१	१०.४
८.	२०७५/७६	२०१८	८५११	३६.१
९.	२०७६/७७	२०१९	१००३८	९.४७
१०	२०७७/७८	२०२०	८०३३	(१२.०४)
औसत			६३७०	६.०९

सन् २०२० सम्ममा सवारी दुर्घटना ५० प्रतिशतले घटाउने लक्ष्य राखेकोमा ५ वर्षमा ४२ प्रतिशतले बढेको छ । सन् २०१५ मा ५६६८ रहेको उपत्यकाको दुर्घटनाको तथ्याङ्क २०२० मा ८०३३ पुगेको छ। हरेक वर्ष औषत ६.०९% ले बढ्दै ५ वर्षमा ४२ प्रतिशत देखिन्छ । भौतिक पूर्वाधार यातायात व्यवस्था मन्त्रालयले मन्त्रिस्तरीय निर्णयको आधारमा कार्यान्वयनमा ल्याएको कार्ययोजना समन्वय गर्न नेपाल रोड सेफ्टी काउन्सिललाई तोकेकोमा सम्बद्ध अन्य निकायहरूसँग समन्वय, सवारी चालकहरूको लागि प्रशिक्षण, सवारी प्रशिक्षण संस्थाहरूको अनुगमनको कमी र पूर्वाधार सुधारको कमीको कारण सवारी दुर्घटना बढेको छ ।

सडक सुरक्षाको लागि सडक सुरक्षा परिषदको सक्रियता बढाई सम्बन्धित निकायहरूको समन्वयमा सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक र आवागमन, सुरक्षित सवारी, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पछिको सेवाको व्यवस्था गरी सवारी दुर्घटना र दुर्घटनाबाट हुने हताहतीलाई कम गर्नुपर्दछ ।

१८. **सुरक्षित सवारी** - भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले २०७३-२०७८ को लागि पाँच वार्षिय रणनीतिक योजनामा सिफारिस गरेबमोजिम नेपाल सरकार मन्त्रिपरिषदको २०७३ माघ, २३ को निर्णयअनुसार २० वर्ष माथिका सार्वजनिक सवारी साधन २०७४ चैत्र, १ बाट काठमाडौं

उपत्यका सहित देश भरबाट हटाउने निर्णय गरेको छ । यातायात ब्यवस्था विभागसँग देश भरमा २० वर्ष माथिका सार्वजनिक सवारी कति छन भन्ने यकिन तथ्याङ्क छैन ।यद्यपि काठमाडौ उपत्यकामा २५०० यस्ता सार्वजनिक सवारी भएको अनुमान विभागको छ । २० वर्षभन्दा कम सञ्चालन भएका सार्वजनिक सवारी साधनले प्रदूषण परीक्षण गरेको आधारमा रुट ईजाजत नवीकरण हुँदै आएको छ । सार्वजनिक सवारी साधनको हकमा १५ वर्ष पुरा भएपछि निजीमा रुपान्तरण गर्न पाउने प्रावधान अनुरुप निजी बनाएका सवारी साधनहरु लामो समय सञ्चालनमा आउछन् ।त्यस्ता सवारीमध्ये केही २० वर्षभन्दा बढी निजी सवारीको रुपमा बिद्यालय लगायत अन्य क्षेत्रमा सञ्चालनमा आउने गरेको छ । यद्यपि स्कुल बस निर्देशिका, २०७४ को दफा ३ (२-ज) को भौतिक मापदण्डमा सो बसले सार्वजनिक सवारी सरह जाँच पास गर्नुपर्ने प्रावधान छ । दश वर्षको तथ्याङ्कको बिश्लेषण गर्दा सवारी साधनको यान्त्रिक गडबढीले हरेक वर्ष उपत्यकामा औषत ८० सवारी दुर्घटना हुने देखिएको छ । उपत्यकामा विगत १० वर्षको सवारी दुर्घटना संख्या तल तालिकामा प्रस्तुत गरिएको छः

दुर्घटनाको कारण/आ.ब	६८/६९	६९/७०	७०/७१	७१/०७२	७२/०७३	७३/०७४	७४/०७५	७५/०७६	७६/०७७	७७/०७८
यान्त्रिक गढबडी	१०१	१२१	११८	११४	७७	५०	४४	६७	५२	५४

सवारी परीक्षण गरेर सवारीको अवस्थाअनुसार कति समय प्रयोग गर्न दिने भन्ने नीति सरकारको छैन ।नेपालमा सवारीमा अत्याधिक भन्सारले गर्दा लागत बढ्ने हुनाले पनि सवारीको अधिकतम उपयोग गर्नेतर्फ लगानीकर्ता वा सवारीधनीको बाध्यता रहन्छ । सामान्यतया बढी लागतमा खरिद हुने जापानिज कम्पनीका सवारीहरु २० वर्षभन्दा बढी खप्ने पनि हुन सक्छ । के कति सवारी धुलाईयो भन्ने तथ्याङ्क कार्यालयहरुसँग छैन ।

१४ औं योजना ले ७ भेहिकल फिटनेस टेस्टिङ सेन्टर स्थापित गर्ने भने तापनि त्यसको कार्यान्वयन भएन ।नवीकरणको क्रममा सवारी परीक्षण तथा वार्षिक रुपमा जाँच गर्ने गरिएपनि सो औपचारिकतामा सीमित देखिन्छ । यसबाट सवारी परिक्षण प्रतिबेदनअनुसार नै सवारीलाई नवीकरण वा विस्थापन भएन। फलस्वरुप सञ्चालनका लागि सुरक्षित नभएका सवारी साधन समेत गुडिरहेको अवस्था छ । सवारीको यान्त्रिक गडबढीले वर्षेनी सवारी दुर्घटना बढिरहेको तथ्य ट्राफिक प्रहरीको दुर्घटना विवरणबाट देखिन्छ । पुरानो सवारीहरु निजीमा रुपान्तरण गरेर बिद्यालय लगायत क्षेत्रमा प्रयोग भैरहेको देखिन्छ । त्यस्तो सवारी २० वर्षभन्दा पुरानो भएर पनि प्रयोग भैरहने जोखिम देखिन्छ ।२०५४ फागुन वा सोभन्दा अगाडि खरिद भएर सार्वजनिक यातायातमा दर्ता भएका सवारीको आकंडा अनुसार सवारी धुल्याएको तथ्याङ्क यातायात ब्यवस्था कार्यालयले अद्यावधिक गर्नुका साथै नियमित सवारीको स्वास्थ्य परीक्षणको व्यवस्था गरी उपयुक्त देखिएका सार्वजनिक सवारीलाई मात्र सञ्चालन अनुमति दिनुपर्दछ।

१९. **सडक संकेत** - सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ (ङ) को ब्यवस्थाअनुसार यातायात ब्यवस्था विभागले अन्तर्राष्ट्रिय प्रचलन अनुसार ट्राफिक संकेतहरु सार्वजनिक स्थानमा राख्ने व्यवस्था गर्नुपर्ने छ । सडक विभागले ट्राफिक संकेत म्यानुअल, १९९७ जारी गरेको छ ।UN world convention on Road sign and signals standards committee-1996 को प्राबधानलाई नेपालले कार्यान्वयन गर्दै आएको छ ।



सडकमा ट्राफिक संकेतहरु सही ढङ्गबाट राख्नुपर्नेमा उपत्यकाको विभिन्न स्थानमा स्थलगत अबलोकनको क्रममा नो पार्किङ ट्राफिक संकेतहरु सहि ढङ्गबाट राखेको पाईएन । यसरी मापदण्ड भन्दा फरक ट्राफिक संकेतहरुको प्रयोग भई रहेको सम्बन्धमा यातायात ब्यवस्था विभाग, उपत्यका ट्राफिक व्यवस्था कार्यालयले ध्यान गएको पाइर्एन ।

सवारी ब्यवस्थापनसँग बहु सरोकारवाला निकायहरु सहभागी भएकाले एक आपसमा समन्वय र सहकार्यको कमिले पनि कतिपय सडक फर्निचरहरु त्रुटिपूर्ण रुपमा राखिएको पाइयो । काठमाडौं महानगरपालिकाले म्यानुअलमानै नभएको स्टप, लुक, गो रातो, पहेलो र हरियो रङ्ग मिसिएको बोर्ड राखिएको पाईयो ।यसरी स्टेकहोल्डरहरुले आफुखुसी ट्राफिक फर्निचर राखिदिने गरेको देखियो । कतिपय निजी ब्यवसायीहरुले समेत आफ्नो परिसरमा ट्राफिक फर्निचर राखेको देखियो ।संयुक्त राष्ट्रसंघीय महासन्धिले निर्धारण गरेअनुसारको ट्राफिक संकेतहरु प्रयोग नगर्दा बिदेसी पर्यटकहरू, अन्य मुलुकका सडक प्रयोगकर्ताले संकेत नबुझ्ने स्थिति हुन्छ। साथै सही सूचना सम्प्रेषण नहुने भएकोले सडक प्रयोगकर्ताबाट ट्राफिक नियमको उल्लङ्घन समेत हुन जाने जोखिम बढ्छ ।

यातायात व्यवस्था विभागले महानगरपालिकाहरू, नगरपालिकाहरूले र ट्राफिक प्रहरीले समन्वय सडक किनारमा राखिएका गलत ट्राफिक संकेतहरू म्यानुअल अनुसार नै प्रतिस्थापन गर्नुपर्दछ ।

२०. **सवारी रूट (बाटो)** - सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ७४ ले सवारी बाटो निर्धारण गर्ने विभागले उपयुक्त देखेको ठाउँमा आवश्यकतानुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न बाटो निर्धारण गर्ने जिम्मेवारी यातायात व्यवस्था विभागलाई तोकी बाटो इजाजत पत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने व्यवस्था गरेकोमा नयाँ स्वरूपमा प्रदेश सवारी तथा यातायात ब्यवस्था ऐन, २०७५ को परिच्छेद ६ र दफा ११० मा तोकिएबमोजिम प्रदेश भित्र सार्वजनिक सवारीको रुट निर्धारण गर्ने व्यवस्था छ । तर सवारी रूट व्यवस्थित गर्न नसकेको अवस्था देहाय बमोजिम छः

२०.१. काठमाडौं उपत्यका दिगो यातायात आयोजनाले नागरिकको माग र आवश्यकताको आधारमा काठमाडौं उपत्यकाको रिङरोड भित्र र रिङरोड बाहिर (१-१.५) घण्टाको दूरीमा सडक बाटोलाई

प्राईमरी, सेकेण्डरी र टर्सरी गरी तीन तहमा बिभाजित गरेर सार्वजनिक यातायातको प्राविधिक पक्षलाई समेत आधार मानी सञ्चालन गर्ने सुझाव दिएकोमा त्यसको कार्यान्वयन गरेको छैन।

२०.२. बीस वर्ष नपुगेको, सवारी जाँच, प्रदूषण जाँच पास गरेको योग्यताको आधारमा परमिट दिने प्रावधान रहेको छ । यातायातको व्यवस्थापन तथा रूट निर्धारण गर्ने जिम्मेवारी रहेको यातायात व्यवस्था विभागले विगतमा र हाल प्रदेश यातायात कार्यालयले हरेक सवारी साधनलाई मागको आधारमा रुट अनुमति प्रदान गर्ने गरेको पाईयो ।रूटको इजाजत त दिन्छ तर त्यसको अद्यावधिक अभिलेख राख्ने गरेको छैन । उपत्यकामा कतिवटा सार्वजनिक सवारी रुट छन् पहिचान गरी सो रुटमा आवत जावत गर्ने यात्रुको बिश्लेषण गरी माग निर्धारण गर्ने गरिएको छैन । फलस्वरुप कतिपय रुटमा आवश्यकताभन्दा बढी सवारीलाई अनुमति दिएको र कतिपयमा यात्रुको आवश्यकताभन्दा कम सवारीलाई अनुमति दिएकोले यात्रुलाई कठिनाई परेको छ । रुट अनुमति लिएका सवारी साधन के कति क्षमतामा सञ्चालन भएका छन भन्ने सम्बन्धमा यातायात व्यवस्था कार्यालयसँग यातायात रुट व्यवस्थापनसम्बन्धी डाटा बेस छैन।

२०.३. सवारी दर्ताअनुसार हाल उपत्यकामा १५ लाख ४५ हजार ४७७ सवारी सञ्चालनमा छन । ती सवारीमध्ये ९०% सवारी निजी सवारी छन भने सार्वजनिक प्रयोजनमा प्रयोग हुने सवारी २.१३% मात्र छन । सार्वजनिक सवारीको कमी, समयको अनिश्चितता एवं असुविधाका कारण विकल्पमा निजी सवारीको संख्या बढेको छ। उपत्यकामा हाल सञ्चालनमा रहेको २०८६.०६ किलोमिटर सडकमा सामान्य दिनमा ९०% सवारी सडकमा आउँदा पनि प्रति किलोमिटर मा ७२५ सवारी साधन गुड्छन । यातायात व्यवस्था कार्यालयबाट प्राप्त जानकारीअनुसार उपत्यकामा सार्वजनिक सवारीको संख्या ३२९९५ रहेको छ । सोमध्ये बस १४००७ मिनिबस ८२४५ माईक्रो बस ५४४३ र टेम्पो ५३०० रहेका छन । विभागले बढी यात्रुहरुले एकैपटक यात्रा गर्न सकिने ठुला बसहरुलाई प्रोत्साहन गर्ने नीति नलिएका कारण साना थोरै यात्रुहरु ओसार्ने सवारी साधनको संख्या कुल सार्वजनिक सवारी साधनको ६५ प्रतिशत रहेको छ । यस्ता सवारी साधन धेरै भएपनि यात्रुको चापलाई व्यवस्थित गर्न सकिएको छैन। बढेको साना सवारीले गर्दा दुर्घटनामा बढी क्षति हुने, ट्राफिक व्यवस्थापन र यात्रुको सुविधामा समेत असर परेको छ ।



२०.४. सार्वजनिक सवारी साधनका सञ्चालकहरूले यात्रुको सुबिधा र समयलाई ध्यान दिएको पाईदैन । सवारी साधन धेरै समयसम्म स्टपमा कुर्ने, सवारी साधनको सिट क्षमताभन्दा बढी यात्रीहरू राख्ने गरेको पाइन्छ ।साथै भाडा बढी असुल्ने गुनासाहरू ट्राफिक प्रहरी कार्यालयमा आउने गरेको छ । यात्रुहरू संख्या, समय, चालक तथा सहचालकको योग्यता सडकको अवस्था, यात्रुको चाप समेतको अनुगमन गरी सोहीअनुसार सार्वजनिक सवारीको सेवा र शर्तहरुमा सुधार एवं विकास हुन सकेको छैन ।

२०.५. हाल बागमती प्रदेशमा दर्ता भएका कुल सवारी साधन १५ लाख ४५ हजार ४७७ छन् । काठमाडौं उपत्यका भित्र नियमित रूपमा गुढ्ने सवारीको अभिलेख विभागसँग छैन । तथापि वागमती प्रदेशमा

दर्ता भएका सबै सवारीहरू कुनै न कुनै रुपमा काठमाडौं भित्रने अनुमान छ। त्यसैगरी दिनहुँ हजारौको संख्यामा उपत्यका बाहिरबाट सार्वजनिक यातायातहरू काठमाडौं भित्रने गर्दछन । बागमती प्रदेशमा दर्ता भएका कुल सवारी साधन १५ लाख ४५ हजार ४७७ मध्ये सार्वजनिक यातायातसँग सम्बन्धित सवारीको संख्या ३२ हजार ९ सय ९५ मात्र रहेको छ । जुन कुल सवारी साधनको २.१३ प्रतिशत मात्र रहेको छ । जाईकाले गरेको अध्ययनअनुसार करिब २८ प्रतिशतले सार्वजनिक सवारी साधनको प्रयोग गर्दछन् । २८ प्रतिशतले जनसंख्याको लागि २.१३ प्रतिशतमात्र सवारी प्रयोग गर्ने भएकोले सार्वजनिक सवारीमा क्षमताभन्दा बढी यात्री राख्ने गरेकोले यात्रीलाई असुबिधा पुगेको छ । उक्त अध्ययनले ४१ प्रतिशतले पैदल यात्रा गर्ने देखाएकोले बाँकी ३१ प्रतिशत जनसंख्याले मोटर साईकल, कार जस्ता निजी सवारीहरू (कुल सवारीको ९६ प्रतिशत) प्रयोग गर्ने भएकोले ट्राफिक जाम हुने गरेको छ।

सार्वजनिक यातायातमा ठुला सवारी साधनलाई प्रोत्साहन हुने गरी सवारी रूट अनुमति दिई सवारी रूटको डाटा बेस अद्यावधिक गरी सेवाको गुणस्तर अनुगमन गर्नुपर्दछ।

२१. **ट्राफिक सुधार** - प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको ३७ बुँदे काठमाडौं उपत्यकाको अल्पकालीन ट्राफिक व्यवस्थापन कार्ययोजना, २०७६ ले स्रोत र साधनको लागि अर्थ मन्त्रालयलाई जिम्मेवारी सुम्पदै यातायात व्यवस्था विभाग, उपत्यका ट्राफिक प्रहरी महाशाखा, सडक विभाग र सम्बन्धित स्थानीय तहहरुलाई जिम्मेवारी सुम्पेर काठमाडौं उपत्यकाको सवारी जाम, सडकको अवस्था, सडक बत्ती सडक मार्किङ लगायतको कार्य जिम्मेवारी सुम्पेको छ । गृह प्रशासन सुधार कार्ययोजना, २०७४ र ट्राफिक व्यवस्थापनसम्बन्धी एकीकृत कार्ययोजना, २०७७ ले ट्राफिक प्रहरीको क्षमता विकास र स्रोत एवं साधन सम्पन्न बनाउने उद्देश्य राखेको छ । सवारी दर्ताअनुसार हाल उपत्यकामा १५ लाख ४५ हजार ४७७ सवारी सञ्चालनमा छन् । ती सवारीमध्ये ९०% सवारी निजी सवारी छन भने सार्वजनिक प्रयोजनमा प्रयोग हुने सवारी २.१३% मात्र छन् । सार्वजनिक सवारीको कमी, समयको अनिश्चितता एवं असुविधाका कारण विकल्पमा निजी सवारीको संख्या बढेको छ। उपत्यकामा हाल सञ्चालनमा रहेको २०८६.०६ किलोमिटर सडकमा सामान्य दिनमा ९०% सवारी सडकमा ल्याउने आउदा पनि प्रति कि.मि. मा ७२५ सवारीसाधन गुड्छन् । बढेकोले सवारीले ट्राफिक जाम, साना सवारीले गर्दा दुर्घटनामा बढी क्षती हुने समस्या बढेको देखिन्छ । तर उपत्यकाको ट्राफिक व्यवस्थापन सुधार गर्न आवश्यक श्रोत र पूर्वाधारको कमी रहेको अवस्था देहायबमोजिम रहेको छः

२१.१. उपत्यकाको केही स्थानमा ट्राफिक बत्ती जडान भएको, पैदलयात्री बत्ती जडान भएको, सडक मर्मत भएको छ । तर कोरिडोरको बाटो सुधार एवं विकास, सि.सि. टिभि जडान गर्ने कार्य सम्पन्न भएको छैन।

२१.२. ईम्बोस्ड नम्बर प्लेट र सोको तथ्याङ्क पढ्ने RFID Gate-Radio Frequency Identification Gateको निर्माण र सञ्चालन हुनसकेको छैन । जि.पि.एस.बाट सवारी अनुगमन गर्ने प्रणाली सञ्चालनमा आएको छैन । यातायात व्यवस्था विभागले ५ वर्षमा २५ लाख इम्वोस्ड नम्वर प्लेट सप्लाई गरी पर्सनलाइजेशन समेत गर्ने लक्ष्य रहेकोमा उक्त अवधि मा नगण्य प्रतिशत मात्र कार्य प्रगति भएको छ।

२१.३. सवारी चालक अनुमतिपत्रलाई स्मार्ट बनाईयो तर कार्ड रिडरको व्यवस्था र कारबाही तथा जरिवानाको विवरण कार्डमा अपडेट भएको छैन । सवारी दर्ता प्रणालीलाई प्रविधिमा आधारित बनाउने प्रक्रिया जारी छ । सवारीको कुनै विवरण लिने कार्य म्यानुअल रेकर्ड मात्र भएको कारण निकै झण्झटिलो र अबैज्ञानिक छ ।

२१.४. सवारी व्यवस्थापनमा खटिने प्रहरीको लागि आवस्यक संख्यामा ब्रेथलाईजर, लिडार गन, गो प्रो क्यामरा आदि पर्याप्त मात्रामा उपलब्ध छैन । दश थान लिडार गनमध्ये २ थान मात्र सञ्चालित,

१६६ थान ब्रेथलाईजरमध्ये ४४ थान मात्र सञ्चालनमा रहेको देखीयो । यस्तै ६१ थान गोप्रो क्यामेरामध्ये ३० थान मात्र चालु हालतमा रहेको छ भने गोप्रो हार्नेष्ट ५३ मध्ये ३० र बडिअन १६८ थानमध्ये १०४ मात्र सञ्चालनमा रहेको छ ।

२१.५. उपत्यकामा उपलब्ध १०८७ ट्राफिक जनशक्तिले हाल १५४५४७७ सवारी ब्यवस्थापन गरिरहेका छन । प्रत्येक ट्राफिक जनशक्तिले १४२२ सवारी ब्यवस्थापन गरिरहेको देखिन्छ ।

२१.६. महानगरीय प्रहरीले गरेको अध्ययनले उपत्यकामा २१००० सि.सि टि.भी, ४७ स्थानमा ट्राफिक बत्ती, १४ स्थानमा पैदल यात्रि क्रसिङ्ग राख्नुपर्ने देखाएकोमा हालसम्म उपत्यकामा सि.सि टि.भी १०६५ जडान भएको, ट्राफिक बत्ती ३४ जडान गरेकोमा २५ मात्र चालु रहेको र पैदल यात्रि क्रसिङ्ग १ स्थानमा मात्र चालु छ ।

२१.७. काठमाडौं महानगरपालिकाले २०६९ मा महानगरभित्र ७३ स्थानलाई पार्किङ स्थल तोकी सवारी ब्यवस्थापनको लागि पहल गरेको देखिन्छ । सवारी पार्किङ्गको लागि संघीय सरकारले २०७७।७८ मा बहुतले पार्किङ स्थल निर्माण गर्ने घोषणा गरेपनि सो कार्यान्वयन हुनसकेको देखिदैन । अव्यवस्थित पार्किङ्गको कारणले पनि उपत्यकाको ट्राफिक ब्यवस्थापनमा समस्या सिर्जना भएको छ ।

उपत्यकामा वर्षौदेखि मर्मत हुन नसकेको सडक, अब्यवस्थित संरचना, ट्राफिक बत्ती, सडक मार्किङको कार्यले गर्दा सवारी ब्यवस्थापनमा समस्या भैरहेको छ। उपत्यकामा बढिरहेको सवारीको अनुपातमा नियमन र ब्यवस्थापनको कार्य सोही अनुपातमा हुन नसक्नुमा जनशक्ति, उपकरण, सडक संरचनाको मर्मत सुधार र बिस्तारको कमि जस्ता कारण रहेका छन् ।

ट्राफिक ब्यवस्थापनसम्बन्धी एकीकृत कार्ययोजना, २०७७ ले सुझाएबमोजिम ट्राफिक प्रहरीको क्षमता विकास तथा ट्राफिक बत्ती, क्यामरा लगायतका पूर्वाधार व्यवस्था गरी सूचना प्रविधिमा आधारित ट्राफिक व्यवस्थापन प्रणाली अवलम्बन गर्दै यसलाई प्रभावकारी बनाउनुपर्दछ ।

२२. **दुर्घटनाग्रस्त स्थल** - उपत्यकाभित्रको यातायात व्यवस्थापनसङ्ग सम्बन्धित निकायहरूबाट उपत्यकाको सडकहरूमा रहेका दुर्घटनाग्रस्त स्थलहरू र त्यसको कारणको पहिचान गरी समयमै सुधार गरेको हुनुपर्दछ ।संयुक्त अधिराज्यको भिक्टोरियन ब्ल्याक स्पट प्रोग्रामले परिभाषित गरेअनुसार ५ वर्षको अन्तरालमा सडकको कुनै स्थानमा कम्तीमा तीन घातक सवारी दुर्घटना भएको स्थानलाई दुर्घटनाग्रस्त स्थल (Black Spot) मानिन्छ।जाइकाले २०१३ मा काठमाडौं उपत्यकामा गरेको अध्ययनले ३३ स्थानहरुलाई अति दुर्घटनाग्रस्त क्षेत्रको रूपमा औंल्याएको थियो ।उक्त ३३ दुर्घटनाग्रस्त स्थलमध्ये ५ सूचीबाट हटाएकोमा २०२० मा ४ नयाँ दुर्घटनाग्रस्त क्षेत्रहरु सूचीकृत भई देहायबमोजिम ३२ दुर्घटनाग्रस्त क्षेत्रहरु रहेका छनः

स्थान	संख्या	दुर्घटनाग्रस्त क्षेत्रहरु
चक्रपथ बाहिर	१०	चोभार, चपली, ढुङ्गेअड्डा, पिप्लामोड नागढुङ्गा, सतुङ्गल,बौद्ध नयाँ बस्ती, जडीबुटी, ठिमी, राधेराधे, नलिनचोक
चक्रपथ	१४	बालकुमारी, बि एण्ड बि अगाडी, एकान्तकुना ओरालो, धोबीघाट, स्टार अस्पताल अगाडी, पुरानो एमाले पार्टी कार्यालय अगाडी, खसी बजार, बाफल, ठुलो भन्याङ्ग, बसुन्धारा, चप्पलकारखाना, सुकेधारा, तिलगंगा सञ्चार ग्राम, कार्गो ओरालो
चक्रपथ भित्र	८	भद्रकाली, बबरमहल, लाजिमपाट, सोह्रखुट्टे, ज्ञानेश्वर ओरालो, उत्तर ढोका, रबिभवन,UN पार्क

वितेका ७ वर्षको अन्तरालमा सडक दुर्घटनाको प्रवृति नियमित अनुगमन गरी दुर्घटनाग्रस्त स्थलहरुलाई सुधार गरी दुर्घटना न्यूनीकरण गर्नेतर्फ उल्लेख्य प्रगति भएको छैन । यसबाट २०१३ मा पहिचान गरिएको ३३ क्षेत्रमध्ये २८ क्षेत्र २०२० सम्ममा पनि कायमै छ । यसले गर्दा दुर्घटना बढाएको छ ।लेखापरीक्षण टोलीले, सम्बन्धित क्षेत्रको बिज्ञ र सडक विभागका प्रतिनिधि सहित काठमाडौ उपत्यकाको निम्न बमोजिमको ९ दुर्घटनाग्रस्त स्थानमा अनुगमन गर्दा



अधिकांश स्थानमा सवारी फ्लो, फुटपाथ सडक संकेत, चोकहरु बाटोको स्लोप लगायतमा असाबधानी सुधार भएको पाईएन । यससम्बन्धी देखिएका व्यहोराहरू देहायबमोजिम चार्टमा प्रस्तुत गरिएको छः

स्थान	जनरल लेआउट	फ्लो प्याटर्न	इन्टरसेक्सन लाइट	रोड युजर बिहेबियर	पेडेस्ट्रियन क्रसिङ फ्यासिलिटी	सडक मार्किङ	रोड साइन	बस ले बाई पोजिसन
कोटेश्वर	टी-जङ्सन	इर्याटिक	काम नगर्ने	इर्याटिक	नभएको	पोर	पोर	बस पार्किङ एट इन्टरसेक्सन
बाल्कुमारी	टी एट अप्रोच अन बोथ साइड	इर्याटिक	नभएको	इर्याटिक	नभएको	नो जेब्रा पेन्टिङ	पोर	भेहिकल पार्किङ क्लोज टु एक्सेस प्वान्ट
मनोहरा पुल	टी एट अप्रोच अन बोथ साइड	इर्याटिक	नभएको	इर्याटिक	नभएको	पोर	पोर	नभएको
सिनामंगल	टी एट अप्रोच एट त्रिभूबन अ.भ.कार्यालय	इर्याटिक	नभएको	इर्याटिक	नभएको	पोर	नभएको	पोर पोजिसनिङ अन बस ले बाई
मित्र पार्क	ईन्टरसेक्सन	इर्याटिक	नभएको	इर्याटिक	नभएको	भेरी पोर	नभएको	भेरी क्लोज टु ईन्टरसेक्सन
सुकेधारा	टी एट अप्रोच अन बोथ साइड	इर्याटिक	नभएको	इर्याटिक	नभएको	भेरी पोर	नभएको	पोरली प्लेसड
बशुन्धारा	टी एट अप्रोच	इर्याटिक	नभएको	इर्याटिक	नभएको	भेरी	नभएको	पोरली प्लेसड

स्थान	जनरल लेआउट	फ्लो प्याटर्न	इन्टरसेक्सन लाइट	रोड युजर बिहेबियर	पेडेस्ट्रियन क्रसिङ फ्यासिलिटी	सडक मार्किङ	रोड साइन	बस ले बाई पोजिसन
चोक	अन बोथ साइड					पोर		
सोह्रखुट्टे	मेनी एक्सेस अन मेन रोड	इर्याटिक	नभएको	इर्याटिक	साघुरो फुटपाथ	पोर	नभएको	नभएको
ठमेल	टु एक्सेस एट द कर्भ विथ स्टिफ ग्रेडियन्ट	इर्याटिक	नभएको	इर्याटिक	नभएको	पोर	नभएको	नभएको

उपत्यका ट्राफिक प्रहरी महाशाखाको RTAMIS-Road Traffic Accident Management Information System अनुसार उपत्यकाको विगत १० वर्षमा वार्षिक औषत १६५ ले ज्यान गुमाईरहेको छ भने वार्षिक औषत ४८६६ सवारी दुर्घटनाबाट पीडित हुने गरेका छन् । उपत्यकामा सडकको अवस्थाका कारण विगत १० वर्षमा भएको दुर्घटना देहायबमोजिम रहेको छः

२०६८/६९	२०६९/७०	२०७०/७१	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८
२१	१८	१६	१४	१७	२१	४८	२६	१७	१५

रोडसेफ्टी अडिट म्यानुअललाई अन्तर्राष्ट्रिय प्रावधानअनुसार डिजाईनमा नै कुनै त्रुटि भेटिएमा सम्बन्धित कन्सल्ट्यान्टलाई जिम्मेवार बनाउने र सडक निर्माणको सबै स्टेजमा अनिवार्य गर्ने नगरेकोले सडकमा दुर्घटनाग्रस्त क्षेत्रहरू रहेको पाईयो। साथै म्यानुअलले डिजाईन ड्रईङ स्टेजमा रोडसेफ्टी अडिटरलाई पहुँच नदिएकोले सबै स्टेजमा अडिट हुनसकेको छैन । डोनर फण्डेड प्रोजेक्टहरुमा भने शर्तमा नै समाबेश हुने हुनाले अडिट हुने गरेको सडक विभागको भनाई रहेको पाइयो । सडक संरचना निर्माणका सबै स्टेजमा रोडसेफ्टी अडिटलाई अनिवार्य रुपमा लागु गर्ने र उपत्यकाको दुर्घटनाग्रस्त क्षेत्रका सडकहरू सुधार गर्नुपर्दछ ।

निष्कर्ष

काठमाडौं उपत्यकाको यातायात व्यवस्थापनका कार्यहरु सडक विभाग, यातायात व्यवस्था विभाग, महानगरीय ट्राफिक प्रहरी महाशाखा, महानगरपालिका र नगरपालिकाहरुसँग सम्बन्धित रहेका छन् । यातायात व्यवस्थापन सुधारका लागि आवधिक तथा वार्षिक योजनाहरुले मास ट्रान्जिट, मोनोरेल, मेट्रोरेल, अन्डरपास, ओभरपासहरु बाहिरी चक्रपथ निर्माण जस्ता योजनाहरु घोषणा गरेपनि कार्यान्वयन हुनसकेका छैनन् । सम्बन्धित पक्षहरुबीच आपसी समन्वय नहुँदा आ-आफ्नै ढङ्गमा कार्य गर्ने गरेका छन । सम्बन्धित निकायहरुको क्रियाकलाप यातायात व्यवस्थापनको समग्र पक्षमा भन्दा सवारी व्यवस्थापन र सडक निर्माणमा केन्द्रित रहेको छ । यसले गर्दा सेवाग्राहीले मागबमोजिम सवारी संख्या, ननमोटराईज्ड सेवा, सुरक्षित एवं गुणस्तरीय सेवा पाउनसकेका छैनन् । निर्मित सडक पूर्वाधारको रोडसेफ्टी अडिट नहुँदा तथा सवारीको जिर्ण अवस्था समेतले सडक दुर्घटना विगत पाँच वर्षमा ४२ प्रतिशतले बढेको छ ।

सरोकारवाला सबै निकायको समन्वय एवं सहभागितामा एकीकृत यातायात योजना तयार गरी प्रविधिमा आधारित सडक ट्राफिक, सार्वजनिक सवारीसाधन, नन मोटोराईज्ड ट्रान्जिट व्यवस्थित गरी गुणस्तरीय यातायात सेवाको व्यवस्था गर्नुपर्दछ ।

कृषि मल अनुदान व्यवस्थापन

परिचय

१. **पृष्ठभूमि** — नेपाल कृषि प्रधान देश हो । कृषि क्षेत्रमा करिब ६० प्रतिशत जनसंख्या आबद्ध रहेका छन्। कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको छ । कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरी देशको आर्थिक सम्वृद्धिमा टेवा पुऱ्याउन तथा खाद्य सुरक्षा बढाउन कृषकलाई लागत सहभागिताको आधारमा सघं, प्रदेश र स्थानीय तहगत सरकारका संरचनाअनुसार अनुदानको मल आपूर्ति तथा विक्री वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्य रहेको छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहेको छ ।

कृषि उत्पादनको लागि आवश्यक पर्ने एक प्रमुख सामाग्री मल हो । मलको समुचित उपयोगको लागि आवश्यक पूर्वाधार व्यवस्थापन तथा उपयुक्त वातावरण सिर्जना गर्नु, सरकारी, सहकारी तथा निजी क्षेत्र सबैलाई मलको कारोवारमा समान अवसर तथा सहुलियत उपलब्ध गराउनु, मलको समुचित प्रयोगको लागि कृषि प्रसार तथा कृषि अनुसन्धान गर्नु मल प्रयोगका केही आधारभूत सिद्धान्तको रुपमा रहेका छन । नेपालमा कृषकहरुको मलको मागलाई पुरा गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न राष्ट्रिय मल नीति, २०५८ कार्यान्वयनमा रहेको छ ।

नेपालमा हाल रासायनिक मलको उत्पादन नभएकोले कृषकहरुको मागलाई आयातबाटै पूर्ति गर्नुपर्ने अवस्था रहेको छ । यस्तो अवस्थामा कृषकहरुको माग अनुसारको समय र परिमाणमा गुणस्तरीय मलको आपूर्ति गर्न सरकारी, सहकारी तथा निजी क्षेत्रको सहभागिता मार्फत सबै कृषकलाई मलमा समान पहुँच र सहुलियत उपलब्ध गराउन नेपाल सरकारले २०२९ सालबाट मलमा अनुदान शुरु गरेको हो । २०५४ सालमा रासायनिक मलमा अनुदान हटाए तापनि २०६५ सालबाट पुनः किसानलाई अनुदानमा रासायनिक मल उपलव्ध गराउन थालिएको हो । २०७१।७२ देखि अनुदानको मल देशभरका किसानले पाउने व्यवस्था भएदेखि रासायनिक मलमा लगातार अनुदान उपलव्ध हुदैं आएको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी देशको आर्थिक सम्वृद्धिमा टेवा पुऱ्याउन तथा खाद्य सुरक्षा बढाउन कृषकलाई लागत सहभागिताको आधारमा संघ, प्रदेश र स्थानीय तहको तहगत संरचनाअनुसार अनुदानको मल आपूर्ति तथा विक्री वितरण कार्यलाई सहज, व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले नेपाल सरकारले रासायनिक मलमा अनुदानको कार्यक्रम लागू गरेको छ ।

२. **निकायको परिचय** - नेपालको कृषिसम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागत रुपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरु भई वि.सं. २०३० सालमा खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको रुपमा स्थापना भयो । नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत "नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४" को नियम ३, अनुसूची-१ मा उल्लेख भएबमोजिम नेपाल सरकारको कार्यसम्पादनको लागि साविकमा रहेका ४ मन्त्रालय (कृषि विकास मन्त्रालय, भूमीसुधार तथा व्यवस्था मन्त्रालय, सहकारी तथा गरिवी निवारण मन्त्रालय र पशुपन्छी विकास मन्त्रालय) लाई एकीकृत गरी कृषि, भूमीव्यवस्था तथा सहकारी मन्त्रालय गठन भई सोहीअनुसार कार्य विभाजन समेत भएकोमा २०७६।०४।१० गते पुनः "नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४" को संशोधन गरी कृषि तथा पशुपन्छी क्षेत्रसम्बन्धी सम्पूर्ण कार्यको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय स्थापना भई कार्य गर्दै आएको छ । कृषि तथा पशुपन्छी विकास क्षेत्रको विकास र

सम्वृद्धिको लागि सम्पूर्ण जिम्मेवारी यस मन्त्रालयले वहन गर्दछ । देशको आवश्यकता र सम्भाव्यता अनुरुप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवं दीगो आर्थिक वृद्धि हाँसिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउनु रहेको छ । रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोगसम्बन्धी नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमनसम्बन्धी कार्य यस मन्त्रालयबाट हुदैँ आएको छ

कृषि मल व्यवस्थापन कार्यमा संघमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय, कृषि सामाग्री कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, प्रदेशमा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (प्रदेश), कृषि सामाग्री कम्पनी लिमिटेडका प्रदेश तथा जिल्ला कार्यालयहरु, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका प्रदेश तथा जिल्ला कार्यालयहरु, स्थानीय तहमा कृषि सहकारी संस्थाहरु र स्थानीय तहहरुको मुख्य भूमिका रहँदै आएको छ ।

३. **नीतिगत व्यवस्था** - रासायनिक मलको परिमाणको अनुमान गर्ने, सो माग गर्ने, कोटा निर्धारण गर्ने, खरिद गर्ने, वितरण गर्ने लगायतका कार्यमा राष्ट्रिय मल नीति २०५८, कृषि विकास रणनीति (२०१५-२०३५), राष्ट्रिय कृषि नीति २०६१, अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७, रासायनिक मल (नियन्त्रण) आदेश २०५५, कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.को विक्रेता व्यवस्थापन कार्यविधि २०७७, आवधिक योजनाहरु आदिले नीतिगत मार्गदर्शन प्रदान गर्दछन । उपरोक्त नीति एवं रणनीतिहरुमा मल व्यवस्थापन सम्बन्धमा गरिएको व्यवस्था निम्नानुसार रहेका छन् :

३.१ राष्ट्रिय कृषि नीति, २०६१ अनुसार कृषि उत्पादनको लागि अति आवश्यक पर्ने मल सम्बन्धमा राष्ट्रिय कृषि नीति, २०६१ मा उल्लेख भएका नीतिहरु निम्न छन् :

- प्रमुख उत्पादन सामाग्रीहरू (उन्नत पशुपन्क्षी माछा भूरा, रासायनिक मल एवं वीउ बिजन आदि) को आयात, उत्पादन तथा मौज्दात स्थितिको नियमित अनुगमन गरी आपूर्ति सुनिश्चित गर्ने ।
- मलखाद एवं रोग तथा कीटनाशक औषधीहरूको विक्री वितरणलाई नियमन गरी आपूर्तिमा गुणस्तर कायम गराइने,
- प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्ने ।

३.२ राष्ट्रिय मल नीति, २०५८ मा नेपाल भित्र गुणस्तरीय मलको आपूर्ति (उत्पादन, पैठारी तथा विक्री वितरण) व्यवस्था प्रत्याभूत गरी कृषि उत्पादनलाई टेवा दिने मुख्य उद्देश्य लिई राष्ट्रिय मल नीति, २०५८ तर्जुमा गरिएको छ । विशेषतः यस नीतिको उद्देश्य मलको उपयोगमा वृद्धि ल्याउन नीतिगत सुधार तथा पूर्वाधार व्यवस्थित गर्ने तथा मलको कुशल एवं सन्तुलित प्रयोग गर्न एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्ने रहेको छ । यस नीतिले निर्धारण गरेका मुख्य नीति तथा कार्यनीतिहरु निम्न छन् :

- समयमा रासायनिक मल आयात गर्ने स्थिति सिर्जना गर्न प्रमुख बाली लगाउने समयभन्दा ६ महिना अगाडि रासायनिक मलको उपयोग स्थिति, माग र आपूर्ति स्थिति पूर्वानुमान गर्ने र त्यसलाई सार्वजनिक गर्ने,
- मलको आयातमा संलग्न सरकारी, सहकारी तथा निजी क्षेत्रका संस्थाहरुलाई समान अवसर तथा सुविधा उपलब्ध गराउने,

- मलको मुल्य, गुणस्तर तथा उपलब्धतालाई नियमित तथा प्रभावकारी बनाउन अनुगमन कार्यलाई सुदृढ गर्ने,
- मलको मूल्य बजार प्रतिस्पर्धाबाट निर्धारण गर्ने,
- रासायनिक मलको मूल्यमा सरकारले अनुदान नदिने तर यातायात सेवा नपुगेका दुर्गम तथा उच्च पहाडी जिल्लाहरु जस्ता परिलक्षित क्षेत्र र साना तथा सिमान्त कृषक जस्ता परिलक्षित समूहलाई विषेश कृषि उत्पादन कार्यक्रम अन्तर्गत सहुलियत दिने,
- रासायनिका मलको सम्भाव्य खपतको करिब २० प्रतिशत रासायनिक मल जगेडा मौज्दातको रुपमा सञ्चित गर्ने,
- रासायनिक मल उद्योग राज्य भित्रै स्थापना गर्न प्रोत्साहन गर्ने,
- जिल्लामा मल वितरक तथा विक्रेताहरुको सञ्जाल स्थापना गर्न अभिप्रेरित गर्ने,
- मलको खुद्रा विक्री मूल्य नियमित अनुगमन गर्ने,
- आयातकर्ता, विक्रेताहरु एवं कृषकबीच विभिन्न तहमा नियमित अन्तरक्रिया गर्ने,
- मोटर यातायात सेवा पुगी नसकेका दुर्गम तथा उच्च पहाडी जिल्लाहरुमा रासायनिक मल ढुवानी खर्च नेपाल सरकारले व्यहोरी सहुलियत दरमा रासायनिक मल उपलब्ध गराउने,
- नाइट्रोजन, फस्फोरस र पोटास ठोस पदार्थको रुपमा उपलब्ध गराउने सबै प्रकारको रासायनिक मलमा ढुवानी खर्च सहुलियत दिने,
- निजी तथा सहकारी क्षेत्रलाई समेत उपरोक्त बमोजिमको ढुवानी अनुदान सहुलियत सेवामा सहभागी हुनसक्ने अवसर प्रदान गर्ने,
- नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन मल ऐन र नियम बनाई लागू गर्ने,
- मलको गुणस्तर परीक्षण प्रणालीलाई प्रभावकारी तुल्याउन प्रयोगशालाहरुको स्थापना तथा सुदृढीकरण गर्ने,
- माटो परीक्षणको आधारमा आवश्यक पोषक तत्वको हिसाबले रासायनिक मल सन्तुलित रुपमा प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहित गर्ने,
- एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीमा प्राङ्गारिक तथा जिवाणुयुक्त मल प्रयोग गर्न प्रोत्साहित गर्ने ।

३.३ चौधौं आवधिक योजना (२०७३।७४ देखि २०७५।७६) अनुसार दिगो र व्यवसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर उन्मुख बनाउने लक्ष्य सहित चौधौ योजनामा कृषि मलसम्बन्धी उल्लेख भएका रणनीति तथा कार्यनीतिहरु निम्न छन् :

- कृषि, खाद्य सम्प्रभुता र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्ने ।
- दिगो र व्यवसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर उन्मुख बनाउने ।
- दिगो कृषि विकासका लागि आवश्यक नीति, ऐन र नियमहरु तर्जुमा संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, कृषक केन्द्रित तथा कृषिमैत्री नीति निर्माणमा जोड दिने, कार्यक्रम सञ्चालन निर्देशिका तथा नर्म्सहरु समयसापेक्ष रुपमा परिमार्जन गर्दै लैजाने । कृषिजन्य उद्योगका लागि

आवश्यक गुणस्तरीय कच्चा पद्धार्थहरूको पर्याप्त उत्पादन गर्ने । उत्पादन सामाग्रीहरू, रासायनिक मल, प्राङ्गारिक मल, उन्नत वीउ बिजन, सिँचाइ, मेसिनरी औजार, जैविक तथा रासायनिक विषादी तथा बिमा प्रिमियममा लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गर्ने ।

- कृषि भूमिको उर्वरा शक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रलाई पकेट, ब्लक, जोन र सुपर जोनमा वर्गीकरण गरी उक्त क्षेत्रहरूमा उन्नत र गुणस्तरीय वीउ, बेर्ना, बिरुवा र माछाका भुराका अतिरिक्त कृषि यन्त्र उपकरण र औजारको सेट, स्रोत केन्द्र स्थापना, कृषि उपज सङ्कलन केन्द्र, कृषि हाट बजार केन्द्र, प्रशोधन केन्द्र, शीतभण्डार, गोदाम घर र व्यवसायिक तालिम केन्द्र, प्राङ्गारिक मल कारखाना, जैविक विषादी उत्पादन केन्द्र, फ्लोर मिल, आधुनिक कृषि औजार कारखाना, ठूला कृषि बजार (एग्रिमार्ट) को निर्माणका लागि पूँजीगत अनुदान दिने ।

३.४ पन्ध्रौं आवधिक योजना (२०७६।७७-२०८०।८१) मा दिगो विकास लक्ष्यले लिएको भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने तथा दिगो कृषिको प्रवर्द्धन गर्ने लक्ष्य हासिल गर्ने गरी यस क्षेत्रमा स्रोत र साधनको परिचालन गर्ने सोच रहेको छ । प्रतिस्पर्धी, जलवायु अनुकूल, आत्मनिर्भर एवं निर्यातमूखी उद्योगको रूपमा कृषिक्षेत्रलाई रूपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य सहित विभिन्न रणनीति तथा कार्यनीतिहरु तयार गरिएको छ । पन्ध्रौं योजनामा कृषि मलसम्बन्धी उल्लेख भएका रणनीति तथा कार्यनीतिहरु निम्न छन् :

- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकरात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकूलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- प्रमुख स्थानहरूमा आवश्यकताका आधारमा रासायनिक मलको ब्लेण्डिङ कारखाना स्थापना गर्न प्रोत्साहन गर्ने ।
- प्राङ्गारिक खेतीको प्रवर्द्धनको लागि प्राङ्गारिक कृषि क्षेत्रको घोषणा, वायोग्यास तथा अन्य स्रोतहरूबाट उत्पादन भएका प्राङ्गारिक मलको प्रयोगलाई सहकारी तथा निजी क्षेत्रको सहकार्यमा विस्तार गर्ने ।

३.५ **बजेट व्यवस्था** - नेपाल सरकारको २०७६।७७ को बजेटमा रासायनिक मलको अनुदान सम्बन्धमा देहायबमोजिम व्यवस्था गरेको छः

- रासायनिक मलको सर्वसुलभ आपूर्ति सुनिश्चित गरी कृषि उत्पादन बढाउन रासायनिक मल खरिदको अनुदान ५० प्रतिशतले वृद्धि गरी रु ९ अर्ब पुऱ्याईएको,
- मलखादको सन्तुलित प्रयोगमार्फत माटोको गुणस्तर र उत्पादकत्व वृद्धि गर्न कृषि सामाग्री कम्पनी लिमिटेडमा समिश्रित मल बनाउने मेशिनरी जडानको लागि बजेट व्यवस्था गरिएको,
- कर्णाली प्रदेश लगायत पहाडी जिल्लामा प्राङ्गारिक उत्पादनलाई जोड दिइने छ ।
- सहकारी, समुदाय र निजी क्षेत्रको सहकार्यमा ठूला क्षमताका बायोग्याँस प्लाण्ट स्थापना गरी एल. पि. ग्याँसको खपतलाई कम गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहन गरिने ।

४. **कानुनी व्यवस्था** - रासायनिक मलको आवश्यक परिमाण अनुमान गर्ने, सो माग गर्ने, कोटा निर्धारण गर्ने, खरिद गर्ने, वितरण गर्ने लगायतका कार्य सम्पादन गर्न सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७, कृषि सामाग्री कम्पनी लिमिटेडको

विक्रेता व्यवस्थापन निर्देशिका, २०७७ आदि कानुनी व्यवस्था गरिएका छन । यससँग सम्बन्धित अन्य निर्देशिका र कार्यविधिहरु यसप्रकार छन्:

- कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३
- प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- कृषि सामग्री कम्पनी लिमिटेडको विक्रेता व्यवस्था कार्यविधि, २०७७

५. **संगठन संरचना र जनशक्ति** - राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३, कृषि विकास रणनीति (२०१५-२०३५) तथा आवधिक योजनाहरुमा व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि क्षेत्रको विकास गर्ने उल्लेख रहेको परिप्रेक्ष्यमा कृषि प्रविधि प्रसार तथा श्रोत साधनको समुचित उपयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यवसायिक र प्रतिस्पर्धी कृषि क्षेत्रको आधार तय गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत विभिन्न निकायहरुले कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेका छन ।

कृषि मल व्यवस्थापनका लागि मुख्य रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कृषि सामाग्री कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, कृषि सहकारी संस्थाहरु, स्थानीय तहको संलग्नता रहने गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोगसम्बन्धी नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन गर्ने कार्य गर्दछ । बजेट स्वीकृति र अख्तियारी दिने कार्य अर्थ मन्त्रालय मार्फत हुने गर्दछ । प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशको नीति, समन्वय, सहकार्य तथा सहजीकरण र सहयोग गर्दछ । स्थानीय तहले मलखाद एवं रसायनहरुको आपूर्ति र उपयोगमा नियमन, सहजीकरण, सहयोग गर्ने कार्य गर्दछ । कृषि सामाग्री कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले राष्ट्रिय आवश्यकतानुसार विभिन्न प्रकारका रासायनिक मल आपूर्ति गरी सहकारी संस्था, फर्म वा कम्पनी मार्फत किसानहरुलाई विक्री वितरण गर्दछन् ।यसका अतिरिक्त कृषि सामग्री कम्पनी लिमिटेडले विभिन्न बालिका उन्नत वीउ उत्पादन, खरिद, प्रशोधन, सञ्चय तथा विक्री वितरण समेत गर्दछ । कृषि मल वितरण गर्ने कार्य सहकारी संस्था, फर्म वा कम्पनीहरु मार्फत हुने गर्दछ ।



कार्यान्वयन गर्ने निकायबीच समन्वय गर्न मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिव संयोजक तथा एक सहसचिव सदस्य, सहकारीसम्बन्धी

विषय हेर्ने मन्त्रालयको एक सहसचिव सदस्य, अर्थ मन्त्रालयको प्रतिनिधि सदस्य, साथै कृषि सामाग्री कम्पनी लिमिटेडको प्रबन्ध सञ्चालक सदस्य रहने व्यवस्था रहेको छ । प्रदेश भित्र वितरण व्यवस्थापन सहज गराउन प्रत्येक प्रदेशमा प्रदेश मल वितरण व्यवस्थापन समिति र स्थानिय तहमा वितरण व्यवस्थापन सहज गराउन स्थानिय समितिको व्यवस्था रहेको छ ।

६. **प्रमुख कार्यसम्पादन सूचक** - कृषिमल अनुदान व्यवस्थापनसँग सम्बन्धित प्रमुख क्रियाकलाप, जिम्मेवार निकायहरु र प्रमुख कार्यसम्पादन सूचकहरु निम्नानुसार रहेको छन् :

क्र.सं.	कार्यक्रम/क्रियाकलाप	जिम्मेवार निकायहरु	प्रमुख कार्यसम्पादन सूचक
१	नीति, कार्यविधि तर्जुमा र कार्यान्वयन	• कृषि तथा पशुपन्छी विकास मन्त्रालय	• आवश्यक नीति तथा कार्यविधिहरुको तयारी
२	मलको आवश्यक परिमाणको अनुमान	• कृषि तथा पशुपन्छी विकास मन्त्रालय • प्रदेशस्तरीय रासायनिक मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति • स्थानीय समिति	• कृषि मन्त्रालयको रासायनिक मल इकाईले देशभरीको अनुमानित मल परिमाणको प्रक्षेपण गर्ने । • प्रदेशस्तरीय समितिले प्रारम्भिक प्रक्षेपण गरी समयमै रासायनिक मल इकाईमा पठाउने । • स्थानीय समितिले समयमै आवश्यक रासायनिक मलको प्रक्षेपण गरी प्रदेश समितिमा पठाउने ।
३	आवश्यक श्रोत (वजेट) व्यवस्था गर्ने	• कृषि तथा पशुपन्छी विकास मन्त्रालय • अर्थ मन्त्रालय	• मलको लागि गरेको प्रक्षेपणवमोजिम मल खरिदको लागि वजेट व्यवस्था गर्ने ।
४	रासायनिक मल आपूर्ती	• कृषि तथा पशुपन्छी विकास मन्त्रालय • कृषि सामाग्री कम्पनी लि. • साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.	• खरिद योजना श्रावण महिना भित्र तयार गर्ने • वोलपत्र आह्वान, खरिद सम्झौता र मल आपूर्ति योजनाअनुसार समयमै सम्पन्न गर्ने • वर्षे र हिँउदे बालीको लागि बालि चक्रअनुसार रासायनिक मल खरिदको प्रक्रिया अगाडी वढाउने • रासायनिक मल आपुर्ति गर्ने निकायहरुबीच प्रभावकारी समन्वय गर्ने
५	भण्डारन	• मल वितरक कम्पनीहरु • मल बिक्रेताहरु	• सम्भाव्य खपतको करिब २० प्रतिशत रासायनिक मल जगेडा मौज्दातको रुपमा सञ्चित गर्नुपर्ने • गोदामहरुमा प्रयाप्त भण्डारन क्षमता • भण्डारन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने
६	रासायनिक मलको ढुवानी तथा वितरण	• मल वितरक कम्पनीहरु • मल बिक्रेताहरु	• वितरणको लागि डिलर र बिक्रेतासम्म मल पुगेको समय • लक्षित किसानसम्म मल पुगेको समय • गुणस्तर कायम रहने गरी ढुवानी व्यवस्था

क्र.सं.	कार्यक्रम/क्रियाकलाप	जिम्मेवार निकायहरु	प्रमुख कार्यसम्पादन सूचक
			• आवश्यक समयमा उचित परिमाणमा मल वितरण • वितरीत मलको परिमाण • लाभान्वित कृषकको संख्या
७	अनुदानको उपयोगिता	•विक्रेताहरु •सरकारी निकायहरु •किसानहरु	• मूल्यमा राहत वा लाभ • आवश्यक समयमा मलको उपलब्धता • मलको गुणस्तर र जिम्मेवार निकायहरुको सेवाप्रति सन्तुष्ट किसान
८	रासायनिक मल उत्पादन	•कृषि तथा पशुपन्छी विकास मन्त्रालय •लगानी वोर्ड	• लागत लाभ विश्लेषणसहितको आर्थिक प्रतिवेदन • मल कारखाना स्थापना
९	मूल्य निर्धारण	• कृषि तथा पशुपन्छी विकास मन्त्रालय •प्राविधिक समिति	• ढुवानी भाडा र प्रशासनिक खर्च थप थप गरेर अन्तिम मूल्य निर्धारण
१०	अनुगमन	• कृषि तथा पशुपन्छी विकास मन्त्रालय •प्रदेश समिति •स्थानीय समिति	• अनुगमन कार्य तालिका • अनुगमन कार्य तालिका कार्यान्वयन • अनुगमन सूचकाङ्क • अनुगमन प्रतिवेदन

७. **कार्यक्रम र प्रगति** - कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि समाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई विगत ३ वर्षमा रासायनिक मल खरिदको लागि तोकिएको लक्ष्य र प्रगति यसप्रकार छः

(मेट्रिक टन)

प्रकार	२०७४।७५		२०७५।७६		२०७६।७७	
	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
युरिया	२१५०००	२३८८५४	१७२५००	२२५९७१	२५९०००	२२९०६३
डि.ए.पि.	१३७५००	१२१९४०	१३००००	१२५४१२	१७९५००	१५७६१९
पोटास	५०००	६०००	७५००	७७०३	७५००	९२७७
जम्मा	३५७५००	३६६७९४	३१००००	३५९०८६	४४६०००	३९५९५९

८. **वित्तीय व्यवस्था** - रासायनिक मल खरिदको लागि विगत ५ वर्षमा नेपाल सरकारले उपलब्ध गराएको अनुदानको विवरण यसप्रकार छः

(रु.लाखमा)

आर्थिक वर्ष	बजेट व्यवस्था	निकासा/खर्च	कैफियत
२०७२।७३	५८६४१	५६६७४	
२०७३।७४	४८०९६	४७१२८	
२०७४।७५	४८०७९	५२५१९	४४४० थप निकासा
२०७५।७६	८३७९१	८१६२९	
२०७६।७७	९८७६७	८८२८८	

९. **विषय छनौटको औचित्य** - देशको कुल गार्हस्थ्य उत्पादनमा करिब २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आवद्ध भएको कृषि क्षेत्र समृद्धि प्राप्त गर्ने मूल आधार हो । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा सुधार ल्याउन कृषि मलको महत्वपूर्ण भूमिका रहँदै आएको छ । यसै

तथ्यलाई मध्यनजर गर्दै नेपाल सरकारले कृषि बालीको वृद्धि र विकासलाई सहयोग पुऱ्याउन युरिया, डिएपी र पोटास उपयोगलाई प्रोत्साहन गर्न रासायनिक मलमा अनुदान दिदै आएको छ । हाल कृषि मल अनुदानमा वार्षिक करिब रु.९ अर्बभन्दा बढी खर्च हुने गरेको र देशको ६० प्रतिशतभन्दा बढी जनसंख्या संलग्न रहेको कृषिलाई आवश्यक पर्ने कृषि मल अनुदान व्यवस्थापनमा सुधार गर्न सार्वजनिक चासो तथा सरोकार समेत रहि आएकोले यो विषय छनौट गरी लेखापरीक्षण गरीएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

१०. **लेखापरीक्षणको उद्देश्य** - नेपाल सरकारको कृषि मल ब्यवस्थापनको सन्दर्भमा अनुदान, माग प्रक्षेपण, खरिद, बितरण एबं उपयोगको परीक्षण तथा मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । यसका लागि लेखापरीक्षण मुख्यतया देहायका विषयहरूमा केन्द्रित रहेको छ :

- अनुदान व्यवस्था सम्बन्धमा विद्यमान नीति, ऐन, नियमहरुको व्यवस्था,
- रासायनिक मलको माग प्रक्षेपण, बजेट व्यवस्था तथा खरिद व्यवस्थाको परीक्षण,
- रासायनिक मलको समयमै आपूर्ति, मूल्य निर्धारण र विक्री तथा वितरण व्यवस्थाको परीक्षण ।
- कृषिमलको उत्पादन र गुणस्तर परीक्षण एवं दिगो आपूर्तिको सुनिश्चितता सम्बन्धमा मूल्याङ्कन गर्ने।

११. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणमा नेपाल सरकारबाट रासायनिक मलमा प्रदान गरिने अनुदानको व्यवस्था तथा उक्त रासायनिक मलको खरिद, वितरण र दिगो व्यवस्थापनका सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सामाग्री कम्पनी लिमिटेड तथा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड तथा वितरणमा संलग्न सहकारी संस्था, फर्म वा कम्पनी र अन्य सम्बन्धित निकायहरुको कार्य जिम्मेवारी र कार्यान्वयनको परीक्षण गरिएको छ । कृषि मल सम्बन्धमा नेपाल सरकारले विगत ५ वर्षमा उपलव्ध गराएको अनुदानको मूल्याङ्कन गरिएको छ । कृषि मलको आपूर्ति, भण्डारण, वितरणका सम्बन्धमा पहाड र तराई दुवै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी झापा, मोरङ्ग, मकवानपुर, पर्सा, काठमाण्डौं, चितवन, नवलपरासी बर्दघाट सुस्तापुर्व, बर्दिया र कैलाली जिल्ला छनौट गरीएको छ । कृषकहरुलाई प्रश्नावली वितरण तथा स्थलगत छलफलको माध्यमबाट लेखापरीक्षणको दायरामा समेटिएको छ ।

१२. **लेखापरीक्षण पद्धति** - लेखापरीक्षण ऐन, २०७५ को व्यवस्थाअनुसार आर्थिक कारोबार र सोसँग सम्बन्धित क्रियाकलापको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त तथ्य दर्शाउने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०७७ ले निर्दिष्ट गरेका बिधि र प्रक्रियाहरु अवलम्बन गरी यो लेखापरीक्षण सञ्चालन गरीएको छ । साथै लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई)ले जारी गरेको कार्यमूलक लेखापरीक्षण सम्बन्धी मानदण्डहरु इसाई ३०० र ३००० को समेत सन्दर्भ लिएको छ ।

लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर समस्यामूलक तथा नतिजामूलक पद्दती अवलम्बन गरी सम्बन्धित कागजात र स्रेस्ता परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तर्वार्ता, सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ । उपर्युक्त अनुसार प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट

तात्विक महत्वका विषयहरु पहिचान गरी स्थलगत अवलोकन, प्रश्नावली, सोधपुछ, सरोकारवालासंग छलफल, अन्तरवार्ता, समेतको आधारमा निकायको प्रमुख कार्य सम्पादन सूचकहरुको जाचँ परीक्षण गरी सुधार ल्याउन गर्नुपर्ने कामका सम्बन्धमा सुझावहरू प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

१३. **लेखापरीक्षण सिमितता** - प्राप्त सूचना, अभिलेख, विवरण, वितरक तथा कृषकहरूसँगको अन्तरवार्ता तथा कार्यान्वयन गर्ने निकायहरूबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको लागि उपलव्ध समयसीमा, जनशक्ति, अत्यन्त छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन, कोभिड १९ को महामारी समेतले लेखा परीक्षणको दायरालाई सिमित गरेको छ ।

लेखापरीक्षणबाट देखिएको व्यहोरा

१४. **नीति कार्यान्वयन** - मल व्यवस्थापनसँग सम्बन्धित नीति तथा निर्देशिकाहरू जिम्मेवार निकायहरूबाट कार्यान्वयन गर्नुपर्दछ । नेपाल सरकारले बि.सं. २०५४ मा गैह्र-युरिया मलमा पूर्णरुपमा अनुदान हटाउने र युरियाको हकमा समेत चरणवद्धरुपमा हटाउदै लैजाने नीति लियो । सोही अनुरुप २०५४ कार्तिकदेखि रासायनिक मलको कारोवारमा (खरिद र वितरणमा समेत) निजी क्षेत्रलाई संलग्न गराएको सन्दर्भमा साविकमा दिएको अनुदानको व्यवस्था हटाई नेपाल सरकारले रासायनिक मल नियन्त्रण आदेश, २०५५, रासायनिक मल निर्देशिका, २०५७ र राष्ट्रिय मल नीति २०५८ जारी गरेको थियो । नीतिले मूल्यमा अनुदान दिनुको सट्टा यातायात नपुगेका दुर्गम र उच्च पहाडी जिल्ला तथा परिलक्षित क्षेत्र र साना एवं सीमान्त कृषकलाई विशेष कृषि कार्यक्रम अन्तर्गत ढुवानीमा सहुलियत दिने, मलको मूल्य बजार प्रतिस्पर्धाबाट निर्धारण हुने व्यवस्था गऱ्यो । सरकारले रासायनिक मलको कारोवारमा निजि क्षेत्रलाई प्रोत्साहित गर्न अत्यावश्यक पद्धार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी "रासायनिक मल नियन्त्रण आदेश, २०५५" जारी गऱ्यो । सार्वजनिक तथा नीजि क्षेत्रको समेत सहभागितामा अनुकुल हुनेगरी नीति तथा संस्थागत वातावरण सिर्जना गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत एक रासायनिक मल इकाईको स्थापना गर्ने निर्णय भयो । रासायनिक मल नियन्त्रण आदेश, २०५५ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नीजि क्षेत्रबाट हुने रासायनिक मलको कारोवारको लागि मल विक्रेताको दर्ता तथा नवीकरण, रासायनिक मलको विश्लेषण, रासायनिक मल आपूर्ति तथा गुणस्तर अनुगमन गर्नको लागि रासायनिक मल निर्देशिका, २०५७ जारी गरियो ।

तर सरकारले अपेक्षा गरेबमोजिम रासायनिक मलको कारोवारमा निजी क्षेत्र आकर्षित हुनसकेन । नीतिको व्यवस्थाअनुसार रासायनिक मलमा दिएको अनुदान हटाएर मलको कारोवारलाई बजारमा छोडेपनि सो व्यवस्था सफल हुन नसकि नेपाल सरकारले २०६५ चैत्र १२ को निर्णयअनुसार रासायनिक मलको मूल्यमा अनुदान दिँदै आएको छ । यसरी राष्ट्रिय मल नीति, २०५८ को रणनीति र सरकारको कृषि मलमा अनुदान दिने कार्यक्रमबीच सामन्जस्यता कायम हुनसकेको छैन । जसले गर्दा अनुदानित रासायनिक मलको अभाव हुनेवित्तिकै बजारमा रासायनिक मलको चरम अभाव हुने अवस्था उत्पन्न भएको छ । किसानले बजार मूल्यमा मल खरिद गर्न खोज्दा समेत मल नपाउने अवस्था छ । यस अलावा राष्ट्रिय मल नीति, २०५८ मा व्यवस्था गरिएका मलको गुणस्तर परीक्षण प्रणालीलाई प्रभावकारी वनाउन प्रयोगशालाको स्थापना तथा सुदृढीकरण गर्ने, माटो परिक्षणको आधारमा रासायनिक, प्राङ्गारिक एवं जिवाणुयुक्त मल प्रयोग गर्न प्रोत्साहित गर्ने, अनाधिकृत श्रोतबाट मल खरिद र विक्री नगर्न विक्रेता तथा उपभोक्तालाई जागरुक गराउने, मल ऐन र नियम बनाई लागु

गर्ने रणनीतिहरू नीति जारी भएको २० वर्ष वितिसक्दा पनि प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेका छैनन ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषिमल व्यवस्थापन गर्न आवश्यक ऐन, नियमहरू बनाउनुका साथै राष्ट्रिय मल नीति समायनुकुल परिमार्जन गरी कृषि मल अनुदानलाई व्यवस्थित गर्नुपर्दछ।

१५. **माग प्रक्षेपण** - राष्ट्रिय मल नीति, २०५८ ले प्रमुख बाली लगाउने समयभन्दा ६ महिना अगाडि रासायनिक मलको उपयोग स्थिति, माग तथा आपूर्ति स्थिति पूर्वानुमान गर्ने र त्यसलाई सार्वजनिक गर्ने व्यवस्था गरेको छ । साथै रासायनिक मलको आवश्यक परिमाण पूर्वानुमान गर्दा सिँचाइ सुविधाको उपलब्धता, बालीचक्र, बालीनालीको जात (हाईब्रिड/ननहाईब्रिड) र प्राङ्गारिक मलको प्रयोगको अवस्था समेतलाई आधार लिनुपर्दछ । तर मन्त्रालयले बाली लगाउने समयभन्दा ६ महिना अगावै रासायनिक मलको उपयोग, माग र आपूर्तिको पूर्वानुमान नगरी विगतको खपत तथा स्वीकृत बजेटको आधारमा तदर्थरुपले माग र आपूर्तिको पूर्वानुमान गर्ने गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१५.१ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुसार प्रत्येक स्थानीय समितिले आफ्नो स्थानीय तहको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण खेतियोग्य जमिनको क्षेत्रफल र बाली सघनताको आधारमा प्रक्षेपण गरी प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र प्रदेश समितिमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । प्रदेश समितिहरुले आफ्नो प्रदेशको लागि आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण स्थानीय तहगत रुपमा खुलाई प्रत्येक वर्षको फाल्गुन मसान्तभित्र मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिमा पठाउनुपर्ने व्यवस्था छ । मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले प्रत्येक वर्षको जेष्ठ मसान्तभित्र प्रदेश समितिबाट माग भएको मलको प्रकार र परिमाण तथा नेपाल सरकारबाट बिनियोजित बजेट र अनुदान नीतिका आधारमा आगामी वर्षका लागि अनुदानमा उपलब्ध गराउनसक्ने मलको प्रकार र परिमाण निर्धारण गर्नुपर्ने व्यवस्था छ । नेपालमा प्रमुख बाली धान लगाउने कार्य असारदेखि शुरू हुन्छ तर तोकिएको प्रक्रियाको लागि समय सीमा जेष्ठ मसान्त रहेको छ । यसबाट राष्ट्रिय मल नीतिमा उल्लेख भएबमोजिम प्रमुख बाली लगाउने समयभन्दा ६ महिना अगाडि रासायनिक मलको उपयोग स्थिति, माग तथा आपूर्तिको स्थिति पूर्वानुमान हुने अवस्था छैन ।

१५.२ रासायनिक मलको आवश्यक परिमाण पूर्वानुमान गर्दा सिँचाई सुविधाको उपलब्धता, एकीकृत बाली पोषण प्रणाली, बालीचक्र, बालीनालीको जात(हाईब्रिड/नन हाईब्रिड) र प्राङ्गारिक मलको प्रयोगको अवस्था आदिजस्ता तत्वहरुमा ध्यान दिनसकेको छैन । ल्याण्ड रिसोर्स म्यापिङ्ग प्रोजेक्ट, १९८६ (ई.स.) को अध्ययन अनुसार नेपालमा करिब ३० लाख हेक्टर खेतीयोग्य जमिन छ । जसमध्ये करिब १४ लाख हेक्टर जमिनमा धान खेती, ८ लाख हेक्टर जमिनमा मकै खेती, ५ लाख हेक्टर जमिनमा गँहु खेती र बाँकी जमिनमा अन्य विभिन्न प्रकारका बाली लगाउने गरेको छ । जसअनुसार देशमा रासायनिक मलको प्राविधिक माग करिब १३ लाख मेट्रिक टन. भएपनि साधारण माग ६ लाख मेट्रिक टन. रहेको छ । यसरी ३५ वर्ष पुरानो तथ्याङ्कको आधारमा तयार गरेको मागको अनुमान गरेको अवस्था छ । हाल सिँचाइको सुविधा विगतको तुलनामा बढी भएको एवं कृषि प्रसार कार्यक्रमले गर्दा वर्षको ४ बालीसम्म लगाउने साथै खेतीयोग्य जमिन अन्य प्रयोजनको लगि पनि प्रयोग भैरहेको हुँदा उक्त ३५ वर्ष अधि तयार गरेको माग अनुमानले यथार्थ अवस्थाको चित्रण नगर्ने स्थिति छ ।

१५.३ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १२(१) अनुसार स्थानीय स्तरमा उपयोग हुने मलको परिमाण आङ्कलन गर्ने जिम्मेवारी स्थानीय समितिलाई दिईएको छ । सम्बन्धित स्थानीय तहले उक्त स्थानीय तहको क्षेत्रभित्र खेती गरिएको जग्गाको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण प्रक्षेपण गर्ने व्यवस्था छ । सो प्रक्षेपण खेतीयोग्य जमिनको क्षेत्रफल र बाली सघनताको आधारमा गर्नुपर्ने व्यवस्था छ । चालु आर्थिक वर्षबाट कार्यान्वयनमा आएको निर्देशिकाको उक्त व्यवस्थाबमोजिम आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण खुलाई प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र प्रदेश समितिमा पठाउनुपर्नेमा मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार उक्त अवधिभित्र आधाभन्दा कम स्थानीय तहहरुले सो बमोजिमको विवरण प्रदेश समितिमा पेश गरेका छन । निर्देशिकाअनुसार स्थानीय समितिहरुले आफ्नो लागि आवश्यक अनुमानित रासायनिक मलको परिमाण निर्धारण गर्न नसक्दा प्रदेश समितिले गरेको अनुमान यथार्थ हुने अवस्था छैन ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अद्यावधिक खेती गरिएको जमिनको क्षेत्रफल एकिन गरी सिँचाइ सुविधाको उपलब्धता, एकीकृत बाली पोषण प्रणाली, बालीचक्र समेतको आधारमा रासायनिक मलको सम्भाव्य मागको प्रक्षेपण गर्नुपर्दछ ।

१६. **बजेट व्यवस्था** - नेपाल सरकारको नीतिगत निर्णयअनुसार रासायनिक मलमा अनुदानको लागि २०६५।६६ बाट बजेटको व्यवस्था हुदै आएको छ । बजेट व्यवस्था गर्दा प्रक्षेपित मागबमोजिम आपूर्ति गर्न पुग्ने हुनुपर्दछ । कृषि मल अनुदानको लागि २०७६।७७ मा करिब रु.१० अर्ब, २०७७।७८ मा रु.११ अर्ब र आगामी २०७८।७९ मा रु.१२ अर्ब बजेट व्यवस्था गरेको छ । विगत ३ वर्षको रासायनिक मल अनुदानको बजेट, खर्च र खरिद परिमाण निम्नबमोजिम रहेको छ:

आर्थिक वर्ष	बजेट (रु. लाख)	निकासा/खर्च (रु.लाख)	खरिद परिमाण (मेट्रिक टन)
२०७४।७५	५२५१९	५२५१९	३६६७९४
२०७५।७६	८३७९१	८१६२९	३५९०८६
२०७६।७७	९८७६७	८८२८८	३९५९५९

रासायनिक मलमा सरकारले मलको खरिद मूल्य (बोलपत्रको दर) र आयात विन्दुमा सरकारले निर्धारण गरेको मूल्यबीचको फरक र सञ्चालन खर्च प्रति के.जी. २५ पैसा सरकारले अनुदान व्यहोर्ने गर्दछ । विगतमा विनियोजित बजेटबाट अनुमानित मागबमोजिम करिब ६ लाख मेट्रिक टन रासायनिक मल खरिद गर्नसक्ने स्थिति थिएन । उपरोक्त तथ्यहरूको बिश्लेषण गर्दा विनियोजित बजेटबाट करिब ४ लाख मेट्रिक टनमा मात्र अनुदान व्यहोर्न पुगेको छ । साथै चालु वर्षमा सरकारबाट मल अनुदानमा रू.११ अर्ब विनियोजित गरे तापनि मलमा भएको अन्तर्राष्ट्रिय मूल्य वृद्धि समेतले गर्दा मुलुकको आवश्यकताबमोजिम रासायनिक मल खरिद गर्नसकिने अवस्था छैन । विगतको सालवसाली खर्चको आधारमा केही प्रतिशत वृद्धि गरी बजेट विनियोजन गर्ने परिपाटी स्थापित भएको देखिन्छ । यसबाट मन्त्रालयले मुलुकको यथार्थ आवश्यकताअनुसार रासायनिक मल खरिदको लागि अनुदान बजेट प्राप्त गर्नसकेको छैन ।

मन्त्रालयले रासायनिक मल अनुदानका लागि आवश्यक पर्ने बजेट अनुमानका आधार लिई प्रक्षेपित परिमाण अनुसारको (६ लाख मेट्रिक टन) रासायनिक मल अनुदानका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गर्नुपर्दछ ।

१७. **आपूर्ति व्यवस्था** - राष्ट्रिय मल नीति, २०५८ को दफा ५.१.१(क) मा समयमा रासायनिक मल आयात गर्ने स्थिति सिर्जना गर्न प्रमुख बाली लगाउने समयभन्दा ६ महिना अगाडी रासायनिक मलको

उपयोग, माग तथा आपूर्ति स्थिति पूर्वानुमान गरी सार्वजनिकीकरण गर्ने व्यवस्था छ । अन्तर्राष्ट्रिय बोलपत्र मार्फत रासायनिक मल खरिद गर्दा सूचना प्रकाशनदेखि आयात विन्दुमा सामान डेलिभरी गर्न साधारणतया २०६ दिन लाग्ने गरेको छ । नेपाल सरकारले रासायनिक मलमा अनुदान दिने निर्णय गरेसँगै अनुदानित मलको खरिद र विक्री वितरणको जिम्मा कृषि सामाग्री कम्पनी लिमिटेडले पाएको छ । नेपाल सरकार (मन्त्रिपरिषद) ले २०६९ पौष ४ को निर्णयबाट अनुदानित मलको खरिद र विक्री वितरणका लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई समेत तोकेको छ । कृषि सामाग्री कम्पनी लि. ले २०७५।७६ मा युरिया श्रावण, असोज, पौष र जेष्ठमा , डि.ए.पी. श्रावण, असोज, माघ र जेष्ठमा र पोटास मंसिरमा, यस्तै २०७६।७७ मा युरिया भदौ, असोज, कार्तिक, पौष र जेष्ठमा, डि.ए.पी. भदौ, असोज, कार्तिक र वैशाखमा र पोटास कार्तिकमा र २०७७।७८ मा युरिया असोज, पौष, माघ र बैशाख, डि.ए.पी. असोज, मंसिर, पौष, फाल्गुन र वैशाख र पोटास असोजमा आईपुग्ने गरी वार्षिक खरिद योजना तयार गरेको छ । हाल मल वितरक कम्पनीहरुले अनुदानित रासायनिक मल अन्तराष्ट्रिय ग्लोवल टेण्डरको माध्यमबाट सि.आई.एफ. कलकत्ता/हल्दिया वा सि.आई.पी. विराटनगर, वीरगञ्ज, भैरहवामा डेलिभरी गर्ने गरी खरिद गरेका छन् । बोलपत्र आव्हान कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त खरिद योजनाअनुसार बालीनालीमा हुने मलको मागको आधारमा गरिन्छ । कम्पनीहरुले स्वीकृत वार्षिक खरिद योजनाअनुसार ग्लोवल टेण्डर आव्हान गर्ने गर्दछन । अन्तराष्ट्रिय बोलपत्रका अलावा जि.टु.जि. मार्फत पनि मल आयात गर्ने गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१७.१ कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार रासायनिक मलको वार्षिक सामान्य माग करिब ६ लाख मेट्रिक टन भएपनि विगत ३ आर्थिक वर्षमा कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले आपूर्ति गरेको रासायनिक मलको विवरण देहायवमोजिम छ:

रासायनिक मल	२०७४।७५(मेट्रिक टन)	२०७५।७६(मेट्रिक टन)	२०७६।७७(मेट्रिक टन)
युरिया	२३८८५४।०	२२५९७१।०	२२९०६३।०
डि.ए.पी.	१२१९४०।०	१२५४१२।०	१५७६१९।०
पोटास	६०००।०	७७०३।०	९२७७।०
जम्मा	**३६६६९४।०**	**३५९०८६।०**	**३९५९५९।०**

विगत ३ वर्षमा वार्षिक अनुमानित माग परिमाणको करिब ६३ प्रतिशत मात्र आपूर्ति गरेको छ । प्रक्षेपित परिमाणको करिब एक तिहाई कम रासायनिक मलको आपूर्ति हुने गरेको कारण मलको अभाव हुन गई तराईका किसानले बढी मूल्य तिरेर सीमापारीबाट मल किन्नु पर्ने बाध्यता सिर्जना भएको छ। पहाड तर्फका किसानका लागि रासायनिक मल खरिदको अर्को विकल्प नभएकोले मल वितरक कम्पनीले अनुदानित मल उपलब्ध गराउन नसकेमा मल विना नै बाली लगाउनु पर्ने बाध्यता छ ।



१७.२ सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा बोलपत्रसम्बन्धी सूचनाअनुसार अन्तराष्ट्रिय स्तरको बोलपत्रको लागि सूचना आह्वानको अवधि ४५ दिन, मूल्याङ्कनको

लागि १५ दिन, बोलपत्र स्वीकृत गर्ने आशयको सूचना अवधि ७ दिन, सम्झौता गर्न आउने अवधि १५ दिन, सम्झौता पश्चात कार्यसम्पादन जमानत पेश गर्ने ३ देखि ७ दिन, प्रतितपत्र खोल्न ३ देखि १० दिन र प्रतितपत्र खोलेपछि आयात विन्दुमा सामान डेलिभरी गर्न ११७ (चालु आ.व. १०७ दिन) दिन गरी सूचना आह्वान गरेको २१६ (चालु आ व २०६) दिनमा आयात विन्दुमा सामान डेलिभरी हुनुपर्दछ । विगत ३ वर्षमा मल आपूर्ति गर्न सम्झौता गरिएका अधिकांश ठेक्कामा निर्धारित समयमा आयात विन्दुमा मल डेलिभरी हुन नसकेको अवस्था देहायबमोजिम छः

आ.व	ठेक्का नं.	सूचना प्रकासित मिति	सामान आउनुपर्ने मिति	सूचना प्रकासन पछि सामान आउनु पर्ने समय	सामान आएको वास्तविक मिति	लागेको समय	बढी समय
०७४।७५	७६।०७४।७५	२०७४।१।२१	२०७४।८।२३	२१९	२०७४।१०।२५	२८१	६२
	७७।०७४।७५	२०७४।२।२५	२०७४।१०।२	२२३	२०७४।१२।४	२८३	६०
	७८।०७४।७५	२०७४।१।२५	२०७४।१०।७	२५८	२०७५।५।१४	४८०	२२२
	७९।०७४।७५	२०७४।५।२५	२०७४।१२।१३	१९८	२०७५।२।१५	२६१	६३
	८०।०७४।७५	२०७४।१।२४	२०७४।१२।३०	३४१	२०७५।४।१९	४५४	११३
	८१।०७४।७५	२०७४।१।२४	२०७४।१२।६	३१७	२०७४।१२।१८	३२९	१२
	८२।०७४।७५	२०७४।६।३१	२०७५।३।१९	२५९	२०७५।४।४	२७६	१७
०७५।७६	८५।०७४।७५	२०७४।११।२४	२०७५।६।२१	२१३	२०७५।६।२२	२१४	१
	८५।०७४।७५	२०७४।११।२४	२०७५।६।११	२०३	२०७५।९।२७	३०९	१०६
	८६।०७४।७५	२०७५।२।१	२०७५।८।२५	२११	२०७६।३।१४	४१४	२०३
	८७।०७४।७५	२०७५।२।१	२०७५।८।१९	२०५	२०७५।९।६	२२१	१६
	८८।०७४।७५	२०७५।३।२४	२०७५।१०।२६	२१६	२०७५।१०।९	१९९	-१७
	८९।०७५।७६	२०७५।४।२४	२०७५।११।१४	२०२	२०७५।१२।३	२२२	२०
	९०।०७५।७६	२०७५।६।२४	२०७६।२।२	२१८	२०७५।१२।१३	१७९	-३९
	९१।०७५।७६	२०७५।८।२१	२०७६।३।१५	२०५	२०७६।४।१९	२४०	३५
	९२।०७५।७६	२०७५।८।२१	२०७६।४।२५	२४६	२०७६।६।१	२८४	३८
०७६।७७	९३।०७५।७६	२०७५।१२।२५	२०७६।७।४	१९७	२०७६।८।८	२३१	३४
	९४।०७५।७६	२०७५।१२।२५	२०७६।७।३	१९६	२०७६।६।१	१६४	-३२
	९५।०७५।७६	२०७६।१।१३	२०७६।८।९	२१३	२०७६।९।२५	२५८	४५
	९६।०७५।७६	२०७६।१।१३	२०७६।८।१०	२१४	२०७६।१०।९	२७१	५७
	९८।०७५।७६	२०७६।२।२८	२०७६।९।२५	२१३	२०७६।११।१४	२६०	४७
	९९।०७५।७६	२०७६।२।२८	२०७६।९।२०	२०८	२०७६।१०।१७	२३४	२६
	१००।०७६।७७	२०७६।४।११	२०७६।११।२	२०२	२०७६।१०।२४	१९५	-७
	१०१।०७६।७७	२०७६।४।३०	२०७६।११।३	१८५	२०७६।१२।८	२१९	३४
	१०२।०७६।७७	२०७६।५।१०	२०७६।१२।२८	२१७	२०७६।१२।४	१९६	-२१
	१०३।०७६।७७	२०७६।५।१०	२०७६।१२।७	१९६	२०७६।१२।२४	२१३	१७

तालिकाअनुसार २०७४।७५ मा कुनैपनि ठेक्का निर्धारित समयमा मल आपूर्ति गर्नसकेका छैनन् । सम्झौता गरेका ७ ठेक्काले १२ देखि २२२ दिनसम्म मल आपूर्ति गर्न ढिलाई गरेका छन् । २०७५।७६ मा ९ ठेक्कामध्ये २ ठेक्कामात्र निर्धारित समयमा मल आपूर्ति गरेका छन भने बाँकी ७ ठेक्काले १ देखि २०३ दिनसम्म ढिलाई गरेका छन् । त्यसैगरी २०७६।७७ मा १० ठेक्कामध्ये ३ ठेक्कामात्र निर्धारित समयमा मल आपूर्ति सम्पन्न गरेका छन् बाँकी ७ ठेक्काले १७ देखि ५७ दिनसम्म ढिलाई गरेका छन्। निर्धारित समयमा मल प्राप्त गर्न सकिएको छैन ।बन्दरगाहमा घुईचो, खराब मौसम, रेल्वे ऱ्याक समयमा उपलब्ध नभएको, सामुन्द्रिक आँधि आदिजस्ता कारणले म्याद थप गर्नुपर्ने वाध्यता रहेको कार्यालयको भनाई छ ।आपूर्तिकर्ताको कमजोरीको कारणले म्याद थप गर्नुपर्दा भने हर्जाना असुल गरेर खरिद कार्य सम्पन्न गर्ने गरिएको छ । योजनाअनुसार खरिद कार्य सम्पन्न नँहुदा हरेक वर्ष मूख्य बालीको समयमा रासायनिक मलको अभाव हुने गरेको छ।

१७.३ चालु आर्थिक वर्ष २०७७।७८ को (प्रथम ६ महिना) लागि ठेक्का प्रक्रियाबाट छनौट भएका देहायका ६ आपूर्तकले समयमा नै मल आपूर्ति गर्न नसकेको कारणले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम खरिद सम्झौता अन्त्य गरी सोही दफाको उपदफा ८ बमोजिम परफरमेन्स वण्ड बापतको रकम अमेरीकी डलर २४ लाख ६४ हजार कार्यसम्पादन जमानत जफत गरेको छ ।

क्र सं	ठेक्का नं	आपुर्तिकर्ताको नाम	सम्झौता मिति	आपूर्ति गर्ने मिति	लागत अनुमान	सम्झौता रकम, (अ.ड.)	सम्झौता परिमाण मे.ट.	परफरमेन्स वण्ड अ.ड.
1	KPN-10५/०७ ६/७७ *गत आ.व.*	Shailung Enterprises Pvt Ltd	24//4/020	5/9/020	89,10,750	80,08,025	25000±5 % Urea	400402
2	KPN-10६/०७ ६/७७ *गत आ.व.*	Honiko Multiple Pvt Ltd	27/4/020	5/9/020	89,10,750	77,47,500	25000±5 % Urea	400402
3	KPN-107/076/77	Shailung Enterprises Pvt Ltd	2/7/020	7/11/020	98,97,900	93,45,000	30000±5 % Urea	467250
4	KPN-108/076/77	Shailung Enterprises Pvt Ltd	19/7/020	28/11/020	83,47,500	80,49,750	25000±5 % Urea	400250
5	KPN-110/076/77	Muktinath Krishi Company	2/8/020	3/12/020	84,90,000	79,29,250	25000±5 % Urea	399000
6	KPN-111/076/77	Muktinath Krishi Company	2/8/020	4/12/020	84,56,600	79,75,800	20000±5 % DAP	397000

चालु आर्थिक वर्षको भाद्र, कार्तिक र मंसिरमा उपलब्ध हुनुपर्ने १ लाख ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डि.ए.पि. उपलब्ध हुन नसक्दा देशभरी नै प्रमुख बालीहरूलाई रासायनिक मलको अभाव सिर्जना भयो ।

१७.४ नेपाल र भारतबीच भएको व्यापार तथा पारवहन सन्धि (पछिलो पटक सन १९९९, जनवरी) अनुसार नेपालले पारवहनको लागि कलकत्ता वन्दरगाहको प्रयोग गर्न पाउँछ । नेपाल आयात हुने सम्पूर्ण रासायनिक मल कलकत्ता वन्दरगाह हुदै रेलबाट वीरगञ्ज र ट्रकबाट बिराटनगर र भैरहवा ढुवानी गरी आपूर्ति गर्नुपर्दछ । कलकत्ताबाट रेलमा एक पटकमा २५०० मेट्रिक टन रासायनिक मल वीरगञ्ज ल्याउन सकिन्छ । ट्रकमा रासायनिक मलको आपूर्ति गर्न बढी समय लाग्छ। कलकत्ता वन्दरगाहमा नेपाल आयात हुने अधिकांश मालसामान जम्मा हुने र त्यहाँबाट रेलमा वीरगञ्ज र ट्रकमा राखेर अन्य भन्सार विन्दुसम्म ढुवानी गर्नुपर्दछ । वार्षिक एउटै बन्दरगाहबाट धेरै परिमाणमा रासायनिक मल आपुर्ति गर्दा कलकत्ता वन्दरगाहमा नियमित सेवा



(एकिकृत भन्सार जाँच चौकी, सुख्खा वन्दरगाह (विरगञ्ज) परिसरमा राखिएको विग्रिएको मल जुन डल्ला परेको अवस्थामा छ । यसलाई कसरी नष्ट गर्ने भन्ने सम्वन्धमा छलफलको टुङ्गो नलागेकोले २०७७ चैत्र १९ सम्म यही अवस्थामा राखिएको थियो ।)



पाउन कठिन छ । बन्दरगाहको समस्या देखाएर आपूर्तिकर्ताको पटक-पटक ठेक्काको म्याद थप गरिएको छ। जसबाट आवश्यक पर्ने समयमा रासायनिक मलको आपूर्ति भएको छैन ।

१७.५ मल वितरण कम्पनीहरुहरुले अन्तराष्ट्रिय स्तरको बोलपत्रको माध्यमबाट खरिद गरेर कलकत्ता वन्दरगाह हुदै नेपालका भन्सार विन्दुसम्म मल आयात गर्छन । २०७७।७८ मा आपूर्तिकर्ताहरुले तेश्रो मुलुकबाट रासायनिक मल खरिद गरेर पानीजहाजमा लोड गरेर कलकत्ता वन्दरगाहसम्म ल्याउदै गर्दा हिन्द महासागरमा आएको अम्फान नामक आँधिको कारणले रासायनिक मल विग्रन गयो जसलाई वीरगञ्ज भन्सार कार्यालयमा जाँचपासको क्रममा स्वतन्त्र सर्भेयरले प्रयोग गर्न नमिल्ने राय दिए । सो मल लामो समयसम्म वीरगञ्ज सुख्खा वन्दरगाह परिसरमा राखिएको थियो । प्राकृतिक प्रकोपको कारणले पनि कहिलेकाही पूर्वानुमानित समयमा अपेक्षित परिमाणमा रासायनिक मल आपूर्ति गर्न नसकी किसानले समयमा आवश्यक परिमाणमा रासायनिक मल खरिद गर्नसकेका छैनन ।

रासायनिक मल आवश्यक परीमाणको लागि ठेक्का सम्झौता नहुने, आपूर्तकहरूबाट सम्झौताको कार्यान्वयनको अनुगमनको कमी, एकमात्र कलकत्ता बन्दरगाह माथिको निर्भरता कारणले गर्दा आपूर्तिमा व्यवस्था प्रभावकारी हुनसकेको छैन । रासायनिक मल उत्पादक देशसँग दीर्घकालीन सम्झौता गरी सम्भाव्य खपतको कम्तिमा पनि ३० प्रतिशत मल कम्पनी मूल्यमा खरिद गर्नुपर्दछ। कलकत्ता बन्दरगाहको विकल्पकोरुपमा भारतसँग द्विपक्षीय सम्झौता गरी भारतका अन्य बन्दरगाह जस्तै कान्दला (गुजरात), विशाखा पटनम, (आन्ध्र प्रदेश) प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । मल वितरक कम्पनीहरुबाट सम्झौताअनुसारको समयमा रासायनिक मलको डेलिभरी लिन नियमितरुपमा मल आपूर्ति प्रक्रियाको अनुगमन गर्नुपर्दछ ।

१८. **भण्डारन** - अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुसार प्रमुख आयात विन्दुसम्म मल आपूर्तिकर्ता कम्पनीले रासायनिक मल आपूर्ति गर्दछन । आयात विन्दुमा भण्डारनको कार्य मल वितरक कम्पनीहरुले गर्दछन । आयात विन्दुबाट अन्य जिल्लामा रहेका मल वितरक कम्पनीका शाखा कार्यालयहरुसम्म ढुवानी गर्ने र रासायनिक मल सुरक्षित भण्डारन गर्ने कार्य मल वितरक कम्पनीले गर्दछन । मल वितरक कम्पनीको शाखा कार्यालयबाट मल बिक्रेताको गोदामसम्म ढुवानी गरी भण्डारन गर्ने कार्य मल विक्रेताले गर्दछन । रासायनिक मलको भण्डारण सम्बन्धमा देहायबमोजिम देखिएको छः



विरगञ्जस्थित कृ.सा.क.लि.प्रा.का. विरगञ्जको पुरानो गोदामघरमा भण्डारन गरिएको रासायनिक मल (माथि)र काठमाण्डौं कुलेश्वरस्थित कृ.सा.क.लि.शा.का., काठमाण्डौंको गोदाममा भण्डारन गरिएको रासायनिक मल (तल)



१८.१ राष्ट्रिय मल नीति,२०५८ ले सम्भाव्य खपतको २० प्रतिशत जगेडा मौज्दातको रूपमा राख्नुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले गरेको माग अनुमान ६ लाख मे.ट.को २० प्रतिशत मौज्दात राख्न न्यूनतम १ लाख २० हजार मे. ट. क्षमताको भण्डारन गृह आवश्यक पर्नेमा विभिन्न

स्थानमा गरेर कृषि सामाग्री कम्पनी लिमिटेडसंग १ लाख १० हजार मेट्रिक टन र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडसँग ९० हजार मेट्रिक टन रासायनिक मल भण्डारन क्षमता रहेको छ । वीरगञ्जको भुटनदेवीमा थप २ गोदामघर निर्माणको अन्तिम चरणमा पुगेका छन । तर गोदामघरहरु पुराना हुदैं जाँदा वर्षायाममा पानी चुहिने लगायतका समस्या मल वितरक कम्पनीका लागि चुनौतीको रुपमा रहेका छन । त्यस्तै देशमा भित्रिने अधिकांश रासायनिक मल वीरगञ्जमा भण्डारण गर्नुपर्ने हुनाले ठुलो परिमाणमा भण्डारण कक्षको आवश्यकता पर्दछ । तर वीरगञ्जमा कार्यालय भवन रहेको स्थानमा १५,१०० मेट्रिक टन आफ्नै र ५,५०० मेट्रिक टन भाडाको गोदाममा मल भण्डारण गर्ने गरिएको छ।

१८.२ रासायनिक मललाई चुहिन, पग्लन र डल्ला पर्नबाट जोगाई यसको गुणस्तर र तौल कायम राख्न हुकको प्रयोग, घामपानी, ओश आदिबाट सुरक्षित राख्नुपर्दछ । भण्डारण कक्षहरु परम्परागत ज्ञानको आधारमा व्यवस्थापन गरिएको छ । गोदामघरको व्यवस्थापन सम्बन्धमा मल वितरक कम्पनीहरुले कुनै मापदण्ड बनाएका छैनन् । मलको लोड अनलोड गर्दा हुकको प्रयोग गर्ने गरिएको छ । यसबाट मल चुहिन गई प्याकिङ्ग बमोजिमको तौलअनुसारको मल किसानले नपाउने अवस्था छ ।

स्थलगत अवलोकन क्रममा काठमाण्डौंको कुलेश्वरस्थित कृषि सामाग्री कम्पनी लिमिटेड, शाखा कार्यालय काठमाण्डौंको गोदामघर भूईबाट करिब १ फिट उचाईमा काठको फल्याकमा रासायनिक मल भण्डारण गरी राखिएको छ । एउटै ढोकाबाट सामान राख्ने र निकाल्ने गरिएको छ । लोड अनलोड गर्दा श्रमिकहरुले हुकको प्रयोग गर्ने अवस्था पनि स्थलगत अनुगमनको क्रममा देखियो । पर्याप्त भण्डारण व्यवस्था नहुँदा कृषकहरुको माग र आपूर्तिबीच सन्तुलन कायम हुन नसकी कृषकहरुलाई आवश्यक परेको समयमा मल उपलब्ध गराउन नसकेको अवस्था छ ।

पर्याप्त बजेटको कमी, खरिद प्रक्रियामा ढिलाई, आपूर्ति र वन्दरगाहमा ढिलाईजस्ता कारणले निरन्तररुपमा मलको आपूर्ति गर्न नसक्दा मल वितरक कम्पनीहरुले सम्भाव्य खपतको २० प्रतिशत रासायनिक मल जगेडा मौज्दातको रुपमा राख्नसकेका छैनन । यसबाट आपूर्तिमा थोरै समय ढिलाई हुनासाथै रासायनिक मलको अभाव हुने अवस्था सिर्जना भएको छ । सम्भाव्य खपतको २० प्रतिशत जगेडा मौज्दातको रुपमा भण्डारणको लागि गोदामघरको व्यवस्था गर्नुपर्छ साथै रासायनिक मल भण्डारणलाई व्यवस्थित बनाउन मल वितरक कम्पनीहरुले गोदामघर व्यवस्थापनसम्बन्धी मापदण्ड बनाएर कार्यान्वयन गर्नुपर्दछ ।

१९. **ढुवानी तथा वितरण** - अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुसार प्रमुख आयात विन्दुहरुसम्म मल आपूर्तिकर्ता कम्पनीहरुले रासायनिक मलको ढुवानी गर्दछन । आयात विन्दुबाट जिल्लामा रहेका मल वितरक कम्पनीका शाखा कार्यालयसम्म ढुवानीको कार्य मल वितरक कम्पनीले र शाखा कार्यालयबाट विक्रेतासम्म ढुवानी गरी किसानलाई वितरण गर्ने कार्य मल विक्रेताले गर्ने व्यवस्था छ । ढुवानी तथा वितरणको कार्य शीघ्र, कम खर्चिलो र सहि समयमा हुनु आवश्यक छ । हाल कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेडमा सुचिकृत भई करिब ७५०० मल विक्रेताहरुले देशभर अनुदानित मलको विक्री वितरण गरिरहेका छन । यस सम्बन्धमा देखिएका व्यहोराहरु यसप्रकार छन्:

१९.१ मन्त्रालयको अनुमानअनुसार वर्षे बालीको लागि २ लाख १६ हजार २७९ मेट्रिक टन र हिँउदे बालीको २ लाख ३० हजार ९२४ मे. टन सामान्य माग रहेकोमा मागबमोजिम कृषकहरूलाई मल पुऱ्याउन नसकेको अवस्था देहायबमोजिम छः

महिना	अनुमानित सामान्य माग (मे.टन)	विक्री परिमाण	
		२०७६।७७ (मे. टन)	२०७५।७६ (मे. टन)
श्रावण	२१६२७९	४०५९८.५०	५२०४०.६०
भदौ		२११५८.४५	२५५९३.६०
असोज		२७७७१.०५	२३३३३.४५
कार्तिक		३१८००.७३	३३००१.०५
वर्षेबाली (धान)		१२१३२८.७३	१३३९६८.७०
मंशिर	२३०९२४	५६३४१.३८	४२८०७.१७
पौष		३२०२३.४५	२०९८४.८५
माघ		२०६८७.५०	१०७२९.००
फाल्गुन		२१२५४.६०	१५०३१.५०
हिँउदे बाली(गँहु,मकै, अन्य)		१३०३०६.९३	८९५५२.५२
चैत्र	१५२७९७	१६९१७.६५	१४३१६.६५
वैशाख		५७५७२.१५	२१८५०.५५
जेष्ठ		४२२६७.१०	३८०२१.४०
असार		२६०९३.१०	४७७४८.८३
नगदे वालि, दलहन, वागवानी		१४२८५०.०	१२१९३७.४३

(द्रष्टव्य - अनुमानित माग परिमाण मन्त्रालयको २०७७।७८ को कुल माग परिमाण कुल १२ लाख ७० हजार ९९१ मेट्रिक टनलाई सामान्य माग ६ लाख मेट्रिक टनमा सामाञ्जस्य कायम गरी राखिएको)

विगत २ आर्थिक वर्षको बालीचक्र अनुसारको माग परिमाण र मासिक वितरण परिमाणको तुलना गर्दा वर्षेबालीमा मागको तुलनामा ५९ र हिँउदे बालीको समयमा मागको तुलनामा ४८ प्रतिशत मात्र कृषकहरूलाई वितरण गर्नसकेको छ । कुन मल वितरक कम्पनीले कुन समयमा कुन स्थानमा कति मल वितरण गरे अव कहाँ कुन मल कहिले पुग्दैछ भन्ने विषय पूर्वानमान हुनसकेको छैन। मल वितरक कम्पनीले म्यानुअलरुपमा खरिद, वितरण र मौज्दातको अभिलेख राख्दै आएका छन् । मौसम तथा क्षेत्रगत रुपमा आवश्यकता पहिचान गरी वितरण प्रणाली व्यवस्थित गर्न सूचना प्रविधिको उपयोग गरिएको छैन। विगत २ वर्षमा मासिक रूपमा औसत १८ हजारदेखि ५८ हजार मेट्रिक टन मल मौज्दात रहेको भए तापनि वितरण व्यवस्था समेत प्रभावकारी नभएकोले मल अभाव भएको देखियो ।

१९.२ आर्थिक वर्ष २०७६।७७ सम्म मलखाद आपूर्ति तथा वितरण व्यवस्थापन (जिल्लास्तर) कार्यविधि, २०६९ र विक्रेता व्यवस्थापन कार्यविधि, २०६९ अनुसार सम्बन्धित वर्गअनुसार सहकारी संस्थाहरुले निश्चित रकम धरौटी राखेर रासायनिक मलको विक्रेताकोरुपमा जिल्ला कृषि विकास कार्यालयको मल विक्रेता सूचीमा दर्ता भई सम्बन्धित कम्पनीको सम्बन्धित कार्यालयमा दर्ता हुने व्यवस्था थियो । यसरी नियुक्त विक्रेताले समितिको निर्णयअनुसार मात्र मलखाद विक्री वितरण गर्नुपर्दथ्यो । चालु आर्थिक वर्षमा जारी भएको अनुदानको मल

आर्थिक वर्ष	आन्तरिक ढुवानी खर्च (रु)
२०७२।७३	१९,०७,९९,०६६
२०७३।७४	२२,०८,६९,७६८
२०७४।७५	२४,९७,४३,२४९
२०७५।७६	२२,९१,६६,२८७
२०७६।७७	२८,१८,०१,९६९
जम्मा	१,१७,२३,८०,३३९
औसत रू.	२३४४७६०६८

वितरण व्यवस्थापन निर्देशिका, २०७७ र विक्रेता व्यवस्थापन कार्यविधि, २०७७ अनुसार पनि रासायनिक मलको विक्रेता हुन ईच्छुक सहकारीहरुले सम्बन्धित स्थानीय तहमा मल विक्रेताको रुपमा दर्ता भई स्थानीय समितिको सिफारिस सहित मल वितरक कम्पनीको सम्बन्धित कार्यालयमा निश्चित धरौटी रकम बुझाएर निवेदन दिनुपर्दछ । यसरी विक्रेताको रुपमा दर्ता भएका सहकारीहरुले मल वितरक कम्पनीको आधिकारिक डिलरहरुबाट उक्त स्थानीय तहलाई निर्धारण भएको कोटाबमोजिमको रासायनिक मल प्राप्त गर्दछन । सो मल आफ्नो कार्यक्षेत्रभित्रका किसानहरुलाई विक्री वितरण गर्नुपर्दछ । तर किसानको माग परिमाणको तुलनामा निर्धारित कोटा कम हुनाले विक्री वितरणमा समस्या रहेको छ ।

तेस्रो मुलुकका ठेकेदारहरुबाट रासायनिक मल आपूर्ति गराउँदा कलकत्ता वन्दरगाह प्रयोग गर्नुपर्ने अवस्था छ । कलकत्ताबाट सोझै रेल वीरगञ्जसम्म मात्र आउने हुनाले अधिकांश मल वीरगञ्ज भन्सार भएर नेपाल भित्रिने गरेको छ । विराटनगर, भैरहवालगायतका अन्य भन्सारहरुमा ट्रकमा राखेर मल आयात गर्नपर्ने हुनाले बढी समय लाग्ने गरेको छ । अधिकांश मल विरगञ्ज भन्सारमा आएको अवस्थामा देशभित्र ढुवानीमा ठुलो रकम खर्च गर्नुपर्ने अवस्था छ । विगत ५ वर्षमा कृषि सामाग्री कम्पनी लि. ले आन्तरिक ढुवानी बापत मात्रै रु.१ अर्ब १७ करोड २३ लाख ८० हजार ३३९ खर्च गरेको छ । जुन सोही अवधिमा सो कम्पनीले रासायनिक मल खरिदको लागि गरेको कुल खर्च रु.२१ अर्ब ७९ करोड ६० लाखको करिब ५ दशमलव ८३ प्रतिशत हो । विगत ५ वर्षको तथ्याङ्क बिश्लेषण गर्दा ढुवानीमा औसत प्रति वर्ष रू.२३ करोड ४४ लाख ७६ हजार खर्च हुने गरेको देखिन्छ । यसले रासायनिक मलको अनुदानको लागत बढाएको छ । आयात विन्दुका लागि वीरगंजमा निर्भर रहनु परेकोले आन्तरिक ढुवानीको क्रममा ठुलो परिमाणमा खर्च गर्नुपर्दा यसको भार अन्ततः किसानमाथि नै परेको छ । अझ दुर्गम क्षेत्रका किसानहरु बढी भारमा परेका छन् ।

१९.३ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १५ मा मल विक्रेता नियुक्तिसम्बन्धी व्यवस्था गरिएको छ । सो व्यवस्थाअनुसार स्थानीय तहको सिफारिसको आधारमा निर्देशिकाबमोजिम योग्यता पुगेका सहकारी संस्था, फर्म वा कम्पनीलाई रासायनिक मलको विक्रेताको रुपमा नियुक्त गर्न सकिने व्यवस्था छ । साविकको मलखाद आपूर्ति तथा वितरण व्यवस्थापन (जिल्लास्तर) कार्यविधि, २०६९ दफा ५ मा सहकारी संस्थामात्र मल विक्रेताको रुपमा नियुक्त हुने व्यवस्था थियो । लेखापरीक्षण टोलीबाट मल विक्रेता सहकारीहरुसँग भएको स्थलगत छलफलको क्रममा परिवर्तित व्यवस्थाको कारणले भेटेनरी फर्म र अन्य एग्रो फर्महरु पनि रासायनिक मल विक्रेताको रुपमा दर्ता भएको हुनाले रासायनिक मलको मात्र कारोवार गर्ने सहकारीहरुको कोटा घटेको छ । साथै

स्थलगत लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलिले तराईका भारतसँग जोडिएका पुर्व झापादेखि पश्चिम कैलालीसम्मका ८ जिल्लाका करिव ४९९ किसानसँग यस विषयमा छलफल गरी जानकारी लिँदा अधिकांशले नेपालमा रासायनिक मलको अभाव हुँदा भारतबाट बढी मूल्य तिरेर मल खरिद गरी खेतीमा प्रयोग गरेको उल्लेख गरेका छन् । छलफलकै क्रममा बर्दिया जिल्लामा प्रशासनको निर्णयको आधारमा वडा कार्यालयको सिफारिसको आधारमा सिमापारीबाट मल ल्याउन सहजिकरण भएको किसानहरूले बताएका छन् । यद्यपी किसानहरूले नेपालमा रासायनिक मल उपलब्धता भएसम्म सिमापारीबाट ल्याएको मल प्रयोग नगर्ने बताएका छन् ।

विरगञ्ज भन्सार कार्यालयले आ.व. २०७६/७७ मा सिमापारीबाट भन्सार छलेर ल्याईएको रू. ४ लाख ८९ हजार को ६५० बोरा रासायनिक मल जफत गरेको छ ।

व्यापारिक फर्महरुलाई अनुदानित रासायनिक मल वितरणको जिम्मा दिँदा त्यसको दुरुपयोग हुने जोखिम समेत बढ्ने देखिन्छ ।

१९.४ मल वितरक कम्पनीहरुले मल विक्रेता सहकारीहरुलाई आवश्यक परिमाणमा रासायनिक मल उपलब्ध गराउन नसक्दा ढुवानी भाडाको भार अत्याधिक पर्न गएको गुनासो मल विक्रेता सहकारीहरुको रहेको छ । साथै अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम मल विक्रेता कम्पनीहरुले जारी गरेको विक्रेता व्यवस्थापन कार्यविधि, २०७७ को दफा ७.३ अनुसार विक्री वितरणको विवरण तोकिएको ढाँचामा नियमित रुपमा कम्प्युटर सफ्टवेयरमा अद्यावधिक गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्न विशुद्ध रुपले रासायनिक मलको मात्र कारोवार गर्ने सहकारीलाई गाह्रो भएको छ । सो प्रयोजनको लागि दक्ष कर्मचारी, कम्प्युटर, ईन्टरनेट आदिको खर्च व्यहोर्न अनुदानित रासायनिक मलको कारोवारबाट सम्भव नरहेको भनाई मल विक्रेताहरुको रहेको छ ।

१९.५ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १८.५ र मल विक्रेता कम्पनीहरुको विक्रेता व्यवस्थापन कार्यविधि, २०७७ को दफा ७.१४ अनुसार रासायनिक मल विक्रेता सहकारीहरुले कृषकहरुलाई रासायनिक मलको विक्रि गर्दा कृषकको नाम, ठेगाना, फोन नम्वर, परिमाण, परिचय पत्र नं., जग्गाको क्षेत्रफल र मूल्य सहितको विवरणको अभिलेख राख्नुपर्ने र पुनः थप रासायनिक मलको सिफारिसको लागि स्थानीय तहको कृषि शाखाबाट सो अभिलेख प्रमाणित गराई मल वितरक कम्पनीको डिलरमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । स्थलगत छलफलको क्रममा मल विक्रेता सहकारीहरुले ग्रामीण किसानहरु जो थोरै परिमाण मलको लागि गाँउबाट मल विक्रेता सहकारीसम्म आएका हुन्छन । उनीहरुबाट नागरिकता, लालपुर्जा लगायतका परिचयपत्र प्राप्त गर्न र मोवाइल न. प्राप्त गरेपछि मात्र रासायनिक मल उपलब्ध गराउने व्यवस्थाबाट किसानहरुले कठिनाई महसुस गरेको अवस्था छ ।

१९.६ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १७.७ ले स्थानीय समितिले निर्धारण गरेको विक्री मूल्य नियमितरुपमा मल वितरक कम्पनीलाई जानकारी गराउने र स्थानीय तह र मल विक्रेताको विक्री केन्द्रमा टाँस गर्ने व्यवस्था गरेको छ । तर रासायनिक मलको उपलब्धता र प्रति किसान वा किसानको खेती गरेको जमिनको क्षेत्रफलअनुसार उपलब्ध गराउने मलको परिमाणवारे निर्देशिका र विक्रेता व्यवस्थापन कार्यविधिले कुनै व्यवस्था गरेको छैन । विक्रीको लागि मल उपलब्ध भएको सम्बन्धमा किसानलाई जानकारी दिने कुनै औपचारिक तरिका निर्धारण गरिएको छैन । मल विक्रेताहरुले मौखिक रुपमा वडाध्यक्षलाई जानकारी गराउने र वडाध्यक्ष वा मल विक्रेतासँगको व्यक्तिगत सम्पर्कको आधारमा किसानहरुले जानकारी पाईरहेको अवस्था छ । मलको उपलब्धता कम परिमाणमा भएको अवस्थामा विक्रेता र वडाध्यक्षसँगको व्यक्तिगत सम्पर्क र सम्बन्धको आधारमा मात्र मल पाउने/नपाउने अवस्था छ ।

१९.७ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा ९ अनुसार प्रदेश समितिबाट मल वितरक कम्पनीको प्रादेशिक तथा जिल्ला कार्यालयहरु र दफा ११ अनुसार स्थानीय समितिबाट स्थानीय तहभित्रका मल विक्रेता सहकारीहरुको अनुगमन अपेक्षित रुपमा हुनसकेको छैन । कतिपय स्थानीय तहमा छिटफुट रुपमा अनुगमन भए तापनि प्रभावकारी रुपले नियमित रुपमा अनुगमन हुनसकेको छैन । स्थानीय समितिको सिफारिसको आधारमा मल विक्रेता सहकारीहरुले डिलरबाट मल ल्याएपछि सो मल कसरी विक्री वितरण गरेको छ भन्ने सम्बन्धमा स्थानीय समितिहरुबाट सक्रियतापूर्वक अनुगमन भएको छैन ।

आन्तरिक ढुवानीको खर्चभार घटाउन कर्णाली प्रदेश र सुदुर पश्चिमाञ्चल प्रदेशको लागि नेपालगञ्ज र धनगढी आयात विन्दुमा आपूर्तिकर्ताबाट रासायनिक मलको डेलिभरी लिनुपर्दछ । साथै नियन्त्रण व्यवस्था समेत कायम हुने गरी झन्झटिलो प्रक्रियाहरू हटाई वितरण लागत कम गरी उपभोक्तासम्म सुलभ रूपमा मल पुऱ्याउनु पर्दछ ।

२०. **मौज्दात** - मन्त्रालयको २०७७।७८ को अनुमानित वार्षिक खपत ६ लाख मेट्रिक टनलाई आधार मान्ने हो भने तीनै प्रकारका गरी वार्षिक १ लाख २० हजार मेट्रिक टन रासायनिक मल जगेडा मौज्दातको रुपमा राख्नुपर्दछ । तर विगत ५ वर्षको कृषि सामाग्री कम्पनि लिमिटेड र साल्ट ट्रेडिङ्ग कम्पनि लिमिटेडको वार्षिक अन्तिम मौज्दात औषत सोको आधाभन्दा पनि कम रहेको अवस्था छ । यसबाट आर्थिक वर्षको शुरुवातमा हुने खेतीवालिको लागि रासायनिक मलको अभाव सिर्जना भै रहेको अवस्था छ । मल वितरक कम्पनिहरुको विगत ५ आर्थिक वर्षको असार महिनाको रासायनिक मलको मौज्दातको अवस्था यसप्रकार छः

आर्थिक वर्ष	विवरण (मेट्रिक टन)	कृ.सा.क.लि.	सा.ट्रे.क.लि.	जम्मा
२०७२।७३	युरिया	५३१९४.७	२३७३२.५	७६९२७.२
	डिएपी	३०७८.६	८९९९.७	१२०७८.३
	पोटास	११००.८	२७११	३८११.८
जम्माः		५७३७४.१	३५४४३.२	९२८१७.३
२०७३।७४	युरिया	३३८३७.३५	१७३०९.८५	५११४७.२
	डिएपी	१३३२४.४	६६१२.६३	१९९३७.०३
	पोटास	५९.६	३१७९	३२३८.६
जम्माः		४७२२१.३५	२७१०१.४८	७४३२२.८३
२०७४।७५	युरिया	२३४९३	११५०८.९	३५००१.९
	डिएपी	१८२९.४५	४१२४.९३	५९५४.३८
	पोटास	१५८२.१	१००२.१५	२५८४.२५
जम्माः		२६९०४.५५	१६६३५.९८	४३५४०.५३
२०७५।७६	युरिया	१०२५६.९५	२०६३५.५०	३०९४२.४५
	डिएपी	२०१.७५	२०७३८.९८	२०९४०.७३
	पोटास	१३६४.१०	१३१४.४५	२६७८.५५
जम्मा		११८२२.८०	४२७३८.९३	५४५६१.७३
२०७६।७७	युरिया	१५६.४०	३१३९.८०	३२९६.२
	डिएपी	२०३१.४३	१८६३९.१०	२०६७०.५३
	पोटास	२२८५.६०	९९२.८५	३२७८.४५
	जम्माः	४४७३.४३	२२७७१.७५	२७२४५.१८
	औषत वार्षिक मौज्दात	२९५५९.२५	२८९३८.२७	५८४९७.५२

मन्त्रालयबाट प्राप्त तथ्याङ्कको आधारमा देशमा रासायनिक मलको साधारण माग करिब ६ लाख मेट्रिक टन रहेको छ । जसको आधारमा आर्थिक वर्षको अन्त्यमा तीन ओटै मल कम्तिमा पनि १ लाख २० हजार मेट्रिक टन मौज्दात हुनु आवश्यक छ । तर मल वितरक कम्पनिहरुको विगत ५ वर्षको असार महिनाको तथ्याङ्क हेर्ने हो भने जगेडा मौज्दातको परिमाण अत्यन्तै कम रहेको छ । २०७२।७३ मा ३ ओटै मलको मौज्दात परिमाण ९२ हजार ८१७.३० मेट्रिक टन रहेकोमा

त्यसपछिका वर्षहरुमा यो मौज्दातमा क्रमिक रुपमा कम हुदै २०७६।७७ मा २७ हजार २४५.१८ मेट्रिक टनमा सीमित हुन पुगेको छ ।यसरी विगत ५ वर्षको औषत मौज्दात परिमाण ५८ हजार ४९७.५२ मेट्रिक टन रहेको छ । यसबाट कुनै कारणले चालु ठेक्का प्रक्रियामा केही समय ढिलाई भई रासायनिक मल आपूर्ति पूर्वनिर्धारित समयमा गर्न नसकिएमा मलको अभाव भई हाल्ने अवस्था सिर्जना भएको छ ।

प्रत्येक वर्ष मागको परीमाणभन्दा कम खरिद गर्ने परिपाटीले गर्दा न्यूनतम मौज्दात कायम गर्नसकेको पाईएन । आवश्यक बजेट र खरिद व्यवस्था गरी रासायनिक मलको न्यूनतम जगेडा मौज्दातको रुपमा राख्ने व्यवस्था गर्नुपर्दछ ।

२१. **मूल्य निर्धारण** - अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि सामाग्री व्यवस्थापनसम्बन्धी विषय हेर्ने सह-सचिव संयोजक रहेको प्राविधिक समितिको सिफारिसको आधारमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले अनुदानित मलको आयात विन्दु र मल वितरक कम्पनीको विक्री कार्यालयको विक्री मूल्य निर्धारण गर्ने व्यवस्था छ । आयात बिन्दुको विक्री मूल्य निर्धारण गर्दा छिमेकी मुलुकको सीमा बजार मूल्यलाई समेत आधार लिनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ भने विक्री कार्यालयको विक्री मूल्य निर्धारण गर्दा आयात विन्दुदेखि विक्री कार्यालयसम्म आपूर्ति गर्दा लाग्ने ढुवानी भाडासमेत थप गरिने व्यवस्था छ । यसो गर्दा मल वितरक कम्पनीले सञ्चालन खर्च बापत प्राप्त गर्ने प्रति एकाई खर्च (रु.१ प्रति किलो ग्राम) समेत जोडिने व्यवस्था छ । स्थानीय तहभित्रको मलको विक्री मूल्यभने स्थानीय समितिले निर्धारण गर्नेछ । स्थानीय समितिले विक्री मूल्य निर्धारण गर्दा मल वितरक कम्पनीको सम्बन्धित विक्री कार्यालयको विक्री मूल्यमा स्थानीय तहको विक्रेताको विक्री केन्द्रसम्म लाग्ने ढुवानी भाडा र सञ्चालन खर्च बापत बढीमा प्रति केजी रु.१ जोडी विक्री मूल्य कायम गर्ने व्यवस्था गरिएको छ । मल विक्री वितरण हुने मल वितरक कम्पनीको कार्यालयबाट विक्रेतासम्मको ढुवानी भाडा जिल्ला दररेट समितिले निर्धारण गरेको दररेट भन्दा बढी हुनेगरी मूल्यमा जोड्न नपाईने व्यवस्था समेत निर्देशिकाले गरेको छ। यससम्बन्धमा देखिएका व्यवस्थाहरु यसप्रकार छन् :

२१.१ विगत २ वर्षको कृषि सामाग्री कम्पनी लि.को डिलरहरुमा निर्धारण गरिएको खुद्रा मूल्य देहायको तालिकामा प्रस्तुत गरिएको छः

(प्रति वोरा ५० के.जी)

स्थान/आर्थिक वर्ष	२०७६ (२०७३/७४ बाट लागु)			२०७७ (२०७७।७।४ बाट लागु)		
	युरिया	डि.ए.पि.	पोटास	युरिया	डि.ए.पि.	पोटास
विराटनगर	७००	२१५०	१५५०	७५०	२२००	१६००
धनकुटा	७८५	२२३५	१६३५	८३५	२२८५	१६८५
इलाम	८१४	२२६४	१६६४	८६४	२३१४	१७१४
लहान	७३८	२१८८	१५८८	७८८	२२३८	१६३८
गाईघाट	७४९	२१९९	१५९९	७९९	२२४९	१६४९
वीरगञ्ज	७००	२१५०	१५५०	७५०	२२००	१६००
काठमाण्डौं	८४२	२२९१	१६९१	८९२	२३४१	१७४१
धुलीखेल	८४७	२२९६	१६९६	८९७	२३४६	१७४६
सिन्धुली	७७४	२२३९	१६१५	८२४	२२८९	१६६५
पोखरा	८१७	२२६६	१६६६	८६७	२३१६	१७१६
पर्वत	८३७	२२८६	१६८६	८८७	२३३६	१७३६
लमही	७६६	२२१६	१६१६	८१६	२२६६	१६६६

महेन्द्रनगर	८३१	२२८१	१६८१	८८१	२३३१	१७३१
डोटी	७८१	२२३१	१६३१	८३१	२२८१	१६८१

माथिको तालिकामा देशका १४ स्थानका अनुदानित रासायनिक मलको प्रति वोरा विक्री मूल्य बिश्लेषण गर्दा गत आर्थिक वर्षभन्दा चालु आर्थिक वर्षमा प्रति के.जी रु.१ मूल्यवृद्धि गरिएको छ । यस्तै भौगोलिकरुपले विश्लेषण गर्दा गत आ.व.मा बिराटनगर र वीरगञ्जमा प्रतिवोरा रु.७०० भएको युरियाको मूल्य इलाममा रु. ८१४, काठमाडौंमा ८४२, धुलिखेलमा ८४७, पर्वतमा ८३७ र डोटिमा ७८१ थियो । त्यसैगरी डि.ए.पी.को प्रतिवोरा मूल्य विरगञ्जमा रु. २१५० रहेकोमा लहानमा २१८८, गाईघाटमा २१९९, धुलिखेलमा २२९६, पोखरामा २२६६, महेन्द्रनगरमा २२८१ र डोटीमा २२३१ रहेको थियो । त्यसैगरी पोटासको मूल्यपनि स्थानअनुसार फरक फरक रहेको छ ।

स्थलगत लेखापरीक्षणको क्रममा किसानहरुसँग प्रश्नावली मार्फत जानकारी लिँदा चालु आ.व.मा कैलाली जिल्लाको टिकापुर नगरपालिका वडा नं. ६ का किसानहरुले युरिया मल प्रतिवोरा रु.९००, डि.ए.पी. प्रतिवोरा रु.२४०० र पोटास प्रतिवोरा रु.१८०० मा खरिद गरेको थियो भने कृषि सामाग्री कम्पनी लि. गजुरी (धादिङ्ग) को अनुगमन प्रतिवेदनअनुसार धुनिवेशी नगरपालिकामा युरिया प्रतिवोरा रु.१०५०, डि.ए.पी. प्रतिवोरा रु.२५५० र पोटास प्रतिवोरा रु.१९०० मा विक्री गरेको थियो । पूर्वी पहाडी जिल्ला तेह्रथुमको लालिगुराँस नगरपालिकामा युरिया, डिएपी र पोटासको विक्री मूल्य क्रमशः रु(१०००—११००), रु.(२५००—२५५०) र रु.(१८००—१९००) छ । यसैगरी उपत्यकाको भक्तपुर जिल्लाको चांगुनारायण नगरपालिकामा भने युरिया, डिएपी र पोटासको मूल्य क्रमशः रु.१०२५, रु.२४७५ र रु.१८७५ प्रतिवोरा रहेको छ ।

कृषि सामाग्री कम्पनी लि. को वेभसाईटमा प्रमुख आयात विन्दु र शाखा कार्यालयहरुको मूल्य सार्वजनिक जानकारीको लागि राखिएको छ । तर किसानहरु जागरुक हुन नसक्दा स्थानीय तहले मल विक्रेताको खरिद मूल्यमा कति ढुवानी भाडा राखेर आफ्नो स्थानीय तहको लागि रासायनिक मलको मूल्य निर्धारण गरेको छ भन्ने जानकारीको अभाव छ । स्थलगत रुपमा प्रश्नावली भरेका ४९९ मध्ये ७७.१५ प्रतिशत किसानले सरकारले तोकेको रासायनिक मलको मूल्यवारे आफुहरुलाई जानकारी नभएको बताएका छन । यस्लेगर्दा किसानहरूले तोकीएको मूल्यभन्दा बढी मूल्य तिर्नुपर्ने अवस्था छ।

मन्त्रालयले आयात विन्दुमा स्थिर मूल्य निर्धारण गरेपछि त्यसमा ढुवानी भाडा जोडेर अन्य शाखा कार्यालयमा मूल्य निर्धारण गरिएको छ । यसबाट आयात विन्दुको नजिकको जिल्लाहरुमा रासायनिक मलको मूल्य कम र टाढाको जिल्लामा मूल्य बढी रहेको अवस्था छ । यसबाट अनुदानित रासायनिक मलमा आयात विन्दुभन्दा टाढाको किसानहरुले आयात विन्दुभन्दा नजिकका किसानले भन्दा बढी योगदान गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

२१.२ नयाँ निर्देशिकाअनुसार स्थानीय तहमा रासायनिक मलको मूल्य निर्धारण गर्ने जिम्मेवारी स्थानीय समितिलाई नै दिएको हुनाले यसवारेको उजुरी तथा गुनासोहरु पनि स्थानीय तहबाट नै समाधान हुने गरेका छन् । स्थलगत लेखापरीक्षणका क्रममा सामुहिक छलफल गरिएका मल वितरक कम्पनीको प्रादेशिक तथा शाखा कार्यालयहरुबाट प्राप्त जानकारीअनुसार स्थानीय समितिहरुले आफ्नो स्थानीय तहमा विक्रीको लागि तोकिएको मूल्यवारे मल वितरक कम्पनीहरुलाई आधिकारिक रुपले जानकारी दिएका छैनन् ।

२१.३ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा ५ अनुसार मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले प्रमुख आयात विन्दुहरुमा स्थिर मूल्य निर्धारण गरी सोमा ढुवानी भाडा र

सञ्चालन खर्च जोडेर अन्यत्रको मूल्य निर्धारण गरिने कानुनी व्यवस्था छ । आयात विन्दुमा स्थिर मूल्यमा रासायनिक मलमा अनुदान दिनेगरी तय गरिएको अनुदान विधिले दुर्गम र पहाडी एवं हिमाली क्षेत्रका किसानले प्रति के.जी मलको लागि बढी मूल्य तिर्नु परको अवस्था छ ।

किसानहरूको लागि मलको मूल्य कम हुने गरी आयात विन्दुहरु बढाईनु पर्दछ । स्थानीय समितिले निर्देशिकाबमोजिम मूल्य निर्धारण गर्नुपर्दछ । साथै तोकिएको मूल्यमा किसानहरूलाई मल उपलव्ध भए/नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नुपर्दछ ।

२२. **उपयोगिता** - मलखाद आपूर्ति तथा वितरण व्यवस्थापन (जिल्लास्तर) कार्यविधि, २०६९ अनुसार अनुदानित रासायनिक मल पहाडमा १५ रोपनी र तराईमा ४ हेक्टरसम्म खेतीयोग्य जमिन भएका कृषकहरुलाई प्राविधिक दृष्टिकोणबाट आवश्यक पर्ने बढीमा तीन बालीका लागि मात्र अनुदानित मलखाद उपलब्ध गराउनुपर्ने व्यवस्था गरको थियो । अनुदानमा रासायनिक मलको वितरण व्यवस्थापन निर्देशिका, २०७७ ले भने अनुदानित रासायनिक मलको वितरणमा बाली र जग्गाको क्षेत्रफलको कुनै मापदण्ड निर्धारण गरेको छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि व्यवस्थापन सूचना प्रणालीमा भएको बाली पात्रोअनुसार धानबाली प्रति हेक्टरको १०८ किलोग्राम डि.ए.पि., ८७.५ किलोग्राम युरिया र ८३ किलोग्राम म्युरेट अफ पोटास, त्यसैगरी गँहुखेतीको खेत तयारीको अवस्थामा प्रति कट्ठा ३.५ के.जी. डि.ए.पी., २.२ के.जी. यूरीया र १.५ के.जी. पोटास र मकैखेतीको लागि जग्गा तयारीको अवस्थामा प्रति कट्ठा ४.३ के.जी. डि.ए.पी., २.७५ के.जी. यूरीया र २.२ के.जी. म्युरेट अफ पोटासको प्रयोग गर्नुपर्ने उल्लेख छ । सरकारबाट वितरण हुने अनुदानीत मल पनि यी तीन प्रकारका मलमा प्रदान गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्:

२२.१ प्रभावकारी अनुगमनको अभावमा किसानले खरिद गरेर लगेको मल कुन-कुन बालीमा प्रयोग गर्ने गरेको छन भनेर यकिन गर्नसकेको छैन । यसबाट अनुदान व्यवस्थाबाट लक्षित समुह यकिन भएको छैन । चालु आर्थिक वर्षबाट कार्यन्वयनमा आएको अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ भने अनुदानको मल वितरणमा लक्षित समुहको व्यवस्था गरेको छैन । जसले गर्दा साच्चिकै अनुदान दिनुपर्ने वर्गले रासायनिक मल पाएको छ भनी यकीन गर्न सक्ने अवस्था छैन ।



२२.२ रासायनिक मलको प्रभावकारी उपयोग गरेर उत्पादकत्व बढाउनको लागि समय-समयमा माटो परिक्षण, प्राङ्गारिक मलको प्रयोग र उचित परिमाणमा रासायनिक मल (युरिया, डि.ए.पी. र पोटास) को सन्तुलित मात्रा मिलाएर प्रयोग गर्नुपर्ने हुन्छ । लेखापरीक्षण टोलीले स्थलगत लेखापरीक्षणको क्रममा काठमाण्डौं, झापा, मोरङ्ग, पर्सा, मकवानपुर, चितवन, नवलपरासी सुस्ता पुर्व, बर्दिया र कैलालीका ४९९ किसानसँग अन्तर्क्रिया र प्रश्नावली समेत मार्फत जानकारी लिँदा ४८४ (करिब ९७ प्रतिशत) किसानले हालसम्म माटो परिक्षण गरेका छैनन् । त्यसैगरी ४५१ (करिब ९० प्रतिशत) किसानलाई रासायनिक मलको समिश्रित प्रयोगवारे जानकारी छैन । किसानहरु आफ्नै अनुभव, अनुमान, साथिभाई र मल पसलमा सोधेको भरमा मात्र रासायनिक मलको गरिरहेका छन । स्थलगत रुपमा गरिएको सर्वेक्षणको नतिजा अनुसूची १ मा राखिएको छ । रासायनिक मलमा पनि अधिकांश ग्रामिण किसानहरु युरिया प्रयोग गर्न प्रोत्साहित छन् । युरिया, डि.ए.पि. र पोटासको समिश्रित प्रयोग गर्न

जिम्मेवार निकायले किसानलाई प्रोत्साहित गर्नसकेका छैनन । प्रयोग पछि बिरुवा चाडै हरियो हुने र हलक्क बढ्ने कारणले गर्दा किसानहरु युरिया प्रति आकर्षित छन । फलतः बिरुवालाई आवश्यकता अनुसार सबै पोषकतत्वको उपलब्धता हुनसकेको छैन । यसबाट उत्पादकत्वमा अपेक्षित वृद्धि नहुने र माटोमा अम्लियपना बढ्न गई उर्वराशक्तिमा ह्रास हुने जोखिम बढेको छ । साथै मलको खपत बढाउने हुँदा आपूर्तिमा पनि समस्या ल्याउने गरेको छ ।

रासायनिक मल अनुदान कार्यक्रमबाट उत्पादकत्वमा भएको वृद्धिवारे अध्ययन गरी उपलब्धि सार्वजनिक गर्नुपर्दछ । मन्त्रालयले सार्वजनिक सञ्चार माध्यमहरुबाट निरन्तर रुपमा अनुदान कार्यक्रम र किसानलाई समय-समयमा माटोको परिक्षण गरी सन्तुलित तवरले रासायनिक मलको प्रयोग गर्न तालिम दिनुपर्दछ ।

२३. **प्राङ्गारिक मल** - राष्ट्रिय कृषि नीति, २०६१ ले प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई प्रोत्साहन गर्ने तथा कृषि रसायनहरुको प्रयोगबाट माटो तथा जलासयको अवस्थामा पर्ने नकरात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यूनीकरण गर्ने नीति लिएको छ । यसैगरी कृषि विकास रणनीति (२०१५-२०३५) ले माटोको उर्वरापनालाई टिकाउ राख्ने प्राङ्गारिक तथा जैविक मललाई कम्तिमा अतिरिक्त या परिपूरक स्तरमा प्रवर्द्धन गर्ने र बढी उत्पादन र उत्पादकत्व प्राप्त गर्नका लागि रासायनिक मल प्रयोग गर्ने रणनीति लिएको छ । प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ ले माटोको दिगो व्यवस्थापनको लागि रासायनिक मलको विकल्पको रुपमा प्राङ्गारिक मल प्रयोग गर्नुपर्नेमा जोड दिएको छ । प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्न कार्यविधिले प्राङ्गारिक मलको कारोवारमा पनि अनुदानको व्यवस्था गरेको छ । मल उत्पादकले कृषि विभागले तोकेको स्पेशीफिकेशनबमोजिमका पोषकतत्वहरु भएको प्राङ्गारिक मल उत्पादन गरी कृषि विभागको सूचनाबमोजिम केन्द्रिय कृषि प्रयोगशालामा सूचीकृत भई कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको डिलरहरु मार्फत प्राङ्गारिक मलको विक्री वितरण गर्न सक्दछन । कार्यविधिअनुसार उद्योगले निर्धारण गरेको मूल्यको ५० प्रतिशत वा रु.१० मध्ये जुन कम हुन्छ सोही रकम अनुदानको रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । अनुदानित मल प्रतिरोपनि १०० केजीका दरले प्रतिकृषक बढीमा १ हजार ५०० के.जी.सम्म उपलब्ध गराईने व्यवस्था कार्यविधिले गरेको छ ।

देशमा ठुलो परिमाणमा प्राङ्गारिक मल उत्पादन कार्यलाई प्रोत्साहन गर्ने, प्राङ्गारिक मलको व्यवसायिक उत्पादन र वितरण कार्यलाई प्रोत्साहन गर्ने उद्धेश्यले कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ जारी गरेको छ । प्राङ्गारिक मलमा अनुदान दिने प्रयोजनको लागि २०७५।७६ मा कृषि विभागमा रु.२५ करोड बजेट विनियोजन भएको थियो । बजेट तथा खर्च गर्ने अख्तियारी २०७५ श्रावणमा नै आए तापनि कार्यविधि २०७६ जेष्ठमा मात्रै स्वीकृत भयो । कार्यविधिबमोजिम मल विक्रेताहरुलाई सूचीकृत हुनको लागि गरिएको सूचनाअनुसार २०७५।७६ मा कुल ११ प्राङ्गारिक मल उत्पादक कम्पनी केन्द्रीय कृषि प्रयोगशालामा सूचीकृत हुन निवेदन दिएका थिए । सोमध्ये ५ कम्पनीमात्र सूचीकृत हुन आवश्यक मापदण्ड पुरा गरी सूचीकृत भएका थिए । सूचीकृत कम्पनीहरुले प्राङ्गारिक मलको प्रति के.जी. खुद्रा मूल्य अधिकतम रु. ३६ र न्यूनतम रु.२० सम्म निर्धारण गरेका थिए । सूचीकृत कम्पनीहरुले कार्यविधिबमोजिम कृषि सामाग्री कम्पनी मार्फत २ हजार ९५ मेट्रिक टन र साल्ट ट्रेडिङ्ग कर्पोरेशन मार्फत १ हजार ३०० मेट्रिक टन गरी कुल ३ हजार ३९५ मेट्रिक टन सो आ.व.मा विक्रीको लागि उपलब्ध गराउने प्रस्ताव गरेका थिए । तर सो वर्ष सूचीकृत भएका ५ ओटै कम्पनीको प्राङ्गारिक मलको नमुना प्रयोगशालामा परिक्षण गर्दा विभागले तोकेको मापदण्ड पुरा गर्न सकेनन् । परिणामतः सो

वर्ष कुनैपनि कम्पनीको प्राङ्गारिक मल अनुदानमा विक्री गर्नको लागि छनौट हुन सकेनन् । जसको कारणले विनियोजीत बजेट खर्च हुन नसकी फिर्ता भयो । त्यसपछि २०७६।७७ र २०७७।७८ मा उल्लेखित कार्यक्रममा नेपाल सरकारले बजेट विनियोजन गरेको छैन । फलतः कार्यविधि स्वीकृत भए तापनि पनि प्राङ्गारिक मलमा अनुदान दिने कार्यक्रम कार्यान्वयनमा आउन सकेको छैन । जसबाट देशमा ठुलो परिमाणमा व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गरी किसानहरुलाई बढीभन्दा बढी प्राङ्गारिक मल प्रयोग गर्न प्रोत्साहित गर्ने मन्त्रालयको उद्धेश्य हासिल हुनसकेको छैन । साथै माटोमा जैविकतत्वको प्रयोग बढाई उर्वराशक्ति कायम राख्ने, रासायनिक मल र प्राङ्गारिक मलको प्रयोगबीच सन्तुलन कायम गरी माटोको सन्तुलित र दिगो प्रयोग गर्ने मन्त्रालयको योजनासमेत स्थगित भएको छ। स्थलगत रुपमा छलफल गरी प्रश्नावली भराउँदा पनि नियमित रुपमा प्राङ्गारिक मल न्यून रुपमा मात्र प्रयोग गरेको देखिन्छ ।

जैविक फोहोरमैलाबाट बायोग्यासको उत्पादन गरी त्यसबाट निस्कने लेदोलाई प्राङ्गरिक मलको रुपमा प्रयोग गर्ने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले प्रवर्द्धन गरिरहेका प्रविधिको प्रयोगबाट पनि रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्न सकिन्छ ।यसले घरपरिवारको स्वास्थ्य र सरसफाईलाई सकरात्मक प्रभाव पार्नुका साथै वातावरणीय स्वच्छतालाई कायम राख्न पनि सहयोग गर्दछ ।

प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरी कार्यविधिबमोजिम प्राङ्गारिक मलमा अनुदान प्रदान गरी प्राङ्गारिक मल प्रयोगको मात्रा वृद्धि गरी रासायनिक मल प्रतिको निर्भरता कम गर्नुपर्दछ । किसानहरुलाई जैविक फोहोरमैलाको प्रयोगबाट प्राङ्गारिक मल उत्पादन गरी रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्नसमेत प्रोत्साहित गर्नुपर्दछ ।

२४. **रासायनिक मल कारखाना** - राष्ट्रिय मल नीति, २०५८ ले कृषि विकासका लागि आवश्यक हुने रासायनिक मल सदा वाह्य श्रोतको आयातमा मात्र निर्भर रहिरहन युक्तिसंगत नभएकोले रासायनिक मल उद्योग राज्यभित्रै स्थापना गर्न प्रोत्साहित गर्ने, रासायनिक मलको समिश्रण उत्पादन गर्न कच्चा पदार्थहरुको रुपमा रासायनिक मल (युरिया, डि.ए.पी., सुपर फस्फेट आदि) आयात गर्नेहरुलाई आयातकर्ताहरुले पाएसरहको सुविधा एवं सहुलियत दिने, छिमेकी मुलुकहरुमा रासायनिक मल कारखानाहरुमा लगानी गर्न सरकारी र नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने र छिमेकी राष्ट्रहरुका रासायनिक मल निर्यात गर्ने कारखानाहरुमा शेयर लगानी गरी उत्पादनमा अनुपातिक हिस्सा प्राप्त गर्न (सहकारी र नीजि क्षेत्रलाई) प्रोत्साहित गर्ने रणनीति लिएको छ।त्यसैगरी पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) ले देशका प्रमुख स्थानहरूमा आवश्यकताका आधारमा रासायनिक मलको ब्लेण्डिङ कारखाना स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिएको छ ।

लगानी बोर्डले भारत कर्नाटकाको एक परामर्शदाताको सहयोगमा सन २०१४ बाट शुरु गरेर सन २०१७ मा नेपालमा रासायनिक मल कारखाना स्थापनासम्बन्धी एक विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार पारेको छ।सो प्रतिवेदनअनुसार प्राकृतिक ग्याँसमा आधारित युरिया मल कारखानाको लागि ११५ मेगाबाट बिजुली, १ हजार १९७ मेट्रिक टन. प्राकृतिक ग्याँस प्रतिदिन र ४०० हेक्टर जमिनको आवश्यकता पर्दछ । आयोजनाको लागि तत्कालीन अवस्थामा कुल लागत रु.६९ अर्ब (६५ करोड अमेरिकि डलर) लाग्ने अनुमान गरिएको थियो । जसको वार्षिक उत्पादन क्षमता करिब ७ लाख मेट्रिक टन युरिया रहेको थियो । सार्वजनिक-निजी साझेदारी वा निजी लगानी मार्फत विकास गर्नसकिने यो आयोजनाको लागि जग्गा प्राप्ति, आवश्यक कानुनी व्यवस्थाको तयारी र अनुगमनको जिम्मेवारी नेपाल सरकारलाई, योजना, डिजाईन, लगानी, निर्माण र सञ्चालनको जिम्मेवारी निजी क्षेत्रलाई दिन उपयुक्त हुने सम्भाव्यता अध्ययन प्रतिवेदनमा सिफारिस गरिएको थियो । कारखाना स्थापनाको

लागि धनुषाको ढल्केवर, उदयपुरको जलजले, नवलपरासीको बर्दघाटमध्ये अध्ययन प्रतिवेदनले ढल्केवरलाई उपयुक्त स्थानको रुपमा सुझाएको थियो सो प्रतिवेदनले प्राकृतिक ग्यासमा आधारित कारखानाको लागि रु.६९ अर्ब, कोईलामा आधारित कारखानाको लागि रु.९८ अर्ब (९५३ मि अ.ड.) र ईलेक्ट्रोलाईसिसमा आधारित कारखानाको लागि रु.१ खर्ब ३४ अर्ब (१३०५ मि.अ.ड.) लागत लाग्ने उल्लेख गरेको छ । प्रतिवेदनअनुसार प्राकृतिक ग्यासमा आधारित कारखाना सञ्चालन लागतको हिसावले सस्तो पर्ने देखिन्छ । २०७३।७४ को बजेट बक्तव्य बुँदा नं १२३ मा रासायनिक तथा प्राङ्गारिक मल कारखाना सरकारी, निजी र सहकारीको साझेदारीमा स्थापना गर्ने उल्लेख भएको थियो। तर उक्त बजेट आएको ५ वर्ष वितिसक्दा पनि रासायनिक मल कारखाना स्थापना हुनसकेको छैन । २०७८।७९ को बजेट बक्तव्यको बुँदा नं १०० मा सरकारले तीन वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्नेगरी प्रारम्भिक काम गर्न बजेट छुट्याएको छ। सम्भाव्यता अध्ययन प्रतिवेदनबमोजिम रासायनिक मल कारखाना स्थापना भई सञ्चालमा आएपछि रासायनिक मलको माग देशभित्रै पुरा भई आयात प्रतिस्थापित हुने, समयमै मलको उपलब्धता भई बालीको उत्पादन र उत्पादकत्व वृद्धि हुने, स्वदेशमै रोजगारी सिर्जना तथा सीप र क्षमताको विकास हुने, स्वदेशको माग पुरा गर्नुको अलावा अन्य मुलुकमा निर्यात गरी व्यापार घाटा कम हुने अपेक्षा गरिएको थियो । तर प्रतिवेदन प्राप्त भएको करिब ४ वर्ष वितिसक्दा पनि लगानी बोर्ड प्रतिवेदनबारे सञ्चारकर्मीलाई जानकारी गराउन र सरोकारवाला निकायहरुसँग आयोजना कार्यान्वयनको लागि छलफलमा सीमित रहेको छ । रासायनिक मल कारखाना स्थापना बारे नेपाल सरकारले आधिकारिक निर्णय गरेर कार्यान्वयनमा जानसकेको छैन । फलतः सर्भेक्षण र अनुसन्धानमा धेरै बजेट खर्च गरेर पनि नेपाल सरकारले रासायनिक मल कारखाना स्थापनासम्बन्धी ठोस निर्णय गर्न सकेको छैन ।

रासायनिक मल कारखाना स्थापनासम्बन्धी प्रस्तावहरुको दीर्घकालीन लागत-लाभ विश्लेषण गरी समयमै रासायनिक मल कारखाना स्थापना गर्ने/नगर्ने सम्बन्धमा निर्णय गर्नुपर्दछ।

२५. **अनुगमन मूल्याङ्कन** - अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुगमन तथा निरीक्षण कार्यलाई तीन तहको सरकारबीच विभाजन गरेको छ । मल आपूर्ति तथा विक्री वितरण कारोवारमा संलग्न मल वितरक कम्पनी र विक्रेताले आफ्नो जिम्मेवारी अनुरुप कार्य गरे/नगरेको सम्बन्धमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति, प्राविधिक समिति र मन्त्रालयको कृषि सामाग्री व्यवस्थापनसम्बन्धी विषय हेर्ने शाखाले मलको गुणस्तर, आपूर्ति तथा विक्री वितरण व्यवस्थापनको सम्पूर्ण क्रियाकलापको अनुगमन, निरिक्षण तथा मूल्याङ्कन गर्न वा गराउन सक्ने व्यवस्था गरेको छ । त्यसैगरी प्रदेश समितिले मलको परिमाण, गुणस्तर र निर्देशिका पालनाको अनुगमन निरीक्षण गर्ने व्यवस्था गरिएको छ भने स्थानीय समितिले विक्रेताहरुबाट वितरित मल लक्षित वर्गले पाए नपाएको र निर्देशिका बमोजिम वितरण गरे नगरेको सम्बन्धमा अनुगमन र निरिक्षण गर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२५.१ अनुदानित रासायनिक मलको आवश्यकता प्रक्षेपण, कोटा निर्धारण एवं विक्री वितरण व्यवस्थापन धेरै तहमा संस्थागत व्यवस्था र नीति एवं निर्देशिका लगायतका कानुनी व्यवस्था भए तापनि प्रमुख बालीको समयमा रासायनिक मलको अभाव भई किसानहरु थोरै मलको लागि समेत घण्टौ लाईनमा बस्नुपर्ने परिस्थिति सिर्जना भएको छ । प्रमुख बालीको समयमा किसानले माग गरेबमोजिमको रासायनिक मलको आपूर्ति हुन नसकेको तथ्य स्वयं मन्त्रालय र मल वितरक कम्पनीबाट प्राप्त रासायनिक मलको आपूर्ति र विक्री वितरणको तथ्याङ्कले स्पष्ट पार्दछ । रासायनिक मल अभाव हुन नदिन मन्त्रालय र मल वितरक कम्पनीहरुले खरिद योजना तयारी, खरिद प्रक्रियाको कार्यान्वयन, ठेक्का प्रक्रिया शुरु

भएपछि बोलपत्रको शर्तबमोजिम नियमित अनुगमन गरी समयमा नै रासायनिक मल आयात विन्दुमा पैठारी गर्नुपर्नेमा कार्यालयहरुले उपलब्ध गराएको विगत ५ वर्षको तथ्याङ्कले सो हुनसकेको देखिदैन । सम्बन्धित सरोकारवाला निकायहरुले समयमा अनुगमन गरी अनुगमनबाट देखिएको व्यहोराबमोजिम रासायनिक मलको आपूर्ति र वितरण प्रक्रियामा सुधार गर्नुपर्नेमा सो हुनसकेको छैन ।

२५.२ केन्द्रीयस्तरमा मन्त्रालयले मल वितरक कम्पनीहरुसँग नियमित वैठक र छलफल गरिरहेको अवस्था छ । जिल्लास्तरमा भने पुरानो संरचना भङ्ग भएको र नँया निर्देशिकाबमोजिमको संरचनाहरु सक्रीय नभईसकेको हुनाले प्रभावकारी अनुगमन गरी सोको प्रतिवेदन कार्यान्वयन गर्ने अवस्था निर्माण भएको छैन । स्थलगत लेखापरीक्षणको क्रममा कृषि सामाग्री कम्पनी लि. शाखा कार्यालय काठमाडौंमा भएको छलफलमा उपस्थित काठमाडौंको कीर्तिपुर नगरपालिकका कृषि शाखा प्रमुखले पनि मलको विक्रीमा कालोबजारी भएको सम्बन्धमा प्राप्त गुनासोको आधारमा अनुगमन गरे तापनि आवश्यक दक्षताको अभावमा रासायनिक मलको गुणस्तर सम्बन्धमा हालसम्म अनुगमन गर्न नसकेएको जनाएका छन् । यसबाट स्थानीय तहलाई रासायनिक मल व्यवस्थापनको लागि निर्देशिकाले धेरै जिम्मेवारी दिए तापनि आवश्यक दक्ष जनशक्तिको अभावमा प्रभावकारी रुपले निर्देशिकाको कार्यान्वयन गर्नसकेको छैन।

२५.३ स्वभाविक रुपमा युरिया, डीएपी र पोटासमा प्रदान गरिएको अनुदानले कृषीमा कृषकको लगानी घटाएको छ । यसबाट स्वदेशी उत्पादनहरुको अन्तर्राष्टिय बजारमा प्रतिस्पर्धि क्षमता बढ्नुको साथै स्वदेशमै पनि उपभोग्य वस्तुको विक्री मूल्य कम भएको छ भन्ने गरिएको छ। तर कृषि मल अनुदानले समग्र कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धिमा पुऱ्याएको योगदान यसबाट स्वास्थ्य क्षेत्रमा पर्ने असर समेतलाई मध्यनजर राखेर कृषि मल अनुदानको प्रभाव मूल्याङ्कन गरेको छैन । यसबाट सरकारको अर्बौं लगानीबाट किसान र देशको कृषि क्षेत्रको विकासमा पुगेको योगदानवारे सर्वसाधारणमा जानकारी प्रवाह हुनसकेको छैन ।

२५.४ रासायनिक मल नियन्त्रण आदेश, २०५५ ले नेपालभित्र पैठारी हुने रासायनिक मलको परिमाण, गुणस्तर, प्याकेजिङ्ग र लेवेलिङ्ग सो आदेशबमोजिम भए/नभएको सम्बन्धमा सर्भेक्षण गरी प्रमाणित गर्न सर्भेयरको व्यवस्था गरेको छ । त्यसैगरी देशभित्र रासायनिक मलको बजार र आपूर्ति व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयुक्त रासायनिक मल किसानलाई उपलब्ध गराउने कार्यमा सहयोग पुऱ्याउन मन्त्रालयले निरीक्षक नियुक्त गर्नसक्ने व्यवस्था गरेको छ । मल वितरक कम्पनीहरुले रासायनिक मलको आयात गरिने भन्सार नाकाहरुको अनलोडिङ्ग पोर्टमा स्वतन्त्र सर्भेयरबाट रासायनिक मलको प्याकेजिङ्ग, गुणस्तर, लेवेलिङ्ग तथा परिमाण र भौतिक अवस्थाको परीक्षण गर्ने गरेको अवस्था छ। देशभित्र भने निजी क्षेत्र उल्लेख्य रुपमा रासायनिक मलको कारोवारमा संलग्न भईसकेको अवस्था छैन । अनुदानित मलको कारोवारमा मल निरिक्षकले पर्याप्त रुपमा निरीक्षण गरेको अवस्था छैन । यसबाट देशभित्र आन्तरिक ढुवानीको क्रममा मलको प्याकेजिङ्ग वा गुणस्तरमा ह्रास आए/नआएको सम्बन्धमा यकिन हुने अवस्था छैन । स्वतन्त्र सर्भेयरले आयात विन्दुमा मलको जाँच गरेर भन्सारबाट मल जाँचपास भईसकेपछि मलको पुनः परिक्षण गर्ने कुनै व्यवस्था छैन । आन्तरिक ढुवानीको क्रममा पानिले भिजेर डल्ला परेको अवस्थामा वाहेक रासायनिक मल विक्री गर्ने गरिएको छ ।

२५.५ समयमा आवश्यकता अनुसारको रासायनिक मलको आपूर्ति नै अहिलेको प्रमुख चुनौतिको रुपमा रहेको छ। प्रमुख बाली लगाउने समयमा किसानले माग गरेबमोजिम रासायनिक मल उपलब्ध गराउन सकेको अवस्थामा धेरै समस्या समाधान हुने अनुमान गर्न सकिन्छ । मल आपूर्ति र वितरण प्रक्रियाका सम्बन्धमा मल वितरक कम्पनी तथा मल विक्रेताहरुले किसानहरुसँग मौखिक छलफल

तथा अन्तक्रिया गरे तापनि अभिलेखवद्ध रुपमा सेवाको सन्तुष्टि मापन गरेको छैन । लेखापरीक्षण टोलीले स्थलगत रुपमा मल विक्रेता सहकारी तथा किसानहरुसँग गरेको छलफल तथा प्रश्नावली भर्ने क्रममा भने पर्याप्त गुनासोहरु आएको छन । मकवानपुरका केही मल विक्रेता सहकारीहरुले मल वितरक कम्पनीका शाखा कार्यालयबाट न्यायोचित रुपमा सवै सहकारीलाई मलको वितरण नगरेको, सदरमुकाम नजिकका सहकारीलाई मल वितरणमा प्राथमिकता दिएको गुनासो गर्नु भएको थियो । त्यसैगरी झापाको एक सहकारीले मल वितरक कम्पनीको शाखा कार्यालयबाट अनुदानित रासायनिक मल खरिद गर्दा अन्य रासायनिक मल खरिद गर्न दवाब दिएको गुनासो गर्नु भएको थियो । चितवन, बर्दिया, कैलाली र भक्तपुरका केही सहकारीहरुले स्थानीय तहले कार्यक्षेत्र तोक्दा सहकारीहरुको ऐतिहासिक पृष्ठभुमि नहेरेको, ५० वर्षदेखि सञ्चालनमा रहेको सहकारी र ५ वर्षबाट सञ्चालनमा आएको सहकारीहरुलाई समान रुपले कार्यक्षेत्र तोकेको, १ हजार ५०० सदस्य हुने सहकारी र २० सदस्य हुने सहकारीलाई समान रुपले रासायनिक मलको कोटा निर्धारण गरिदिएको, त्यसैगरी स्थानीय तहहरुले खेतीयोग्य जमिनको क्षेत्रफल, बालीचक्र आदिजस्ता विषयहरुमा विचार नगरी रासायनिक मलको कोटा निर्धारण गर्दा कहीं मल लगेको दिनमा नै मल विक्री भईसक्ने त कही २ महिनासम्म रासायनिक मलको स्टक रहने अवस्था सिर्जना भएको गुनासो गर्नु भएको छ ।

मल वितरक कम्पनीहरुले विक्री गर्ने मलको परिमाण र गुणस्तरको अवस्थावारे तालुक निकायले समय-समयमा अनुगमन गर्नुपर्दछ। सरोकारवाला निकायहरुबीच मलको कोटा तथा कार्यक्षेत्र निर्धारण सम्बन्धमा निरन्तर रुपमा अन्तर्क्रिया गर्नुपर्दछ ।

निष्कर्ष

कृषि उत्पादनमा कृषकहरुको लागत कम गर्न मन्त्रालयले २०६५।६६ देखि युरिया, डि ए पि र पोटासमा अनुदान दिँदै आएको छ । उपरोक्त अनुदानका लागि २०७६।७७ मा रु १० अर्ब, २०७७।७८ मा रु ११ अर्ब बजेट व्यवस्था गरी खर्च गरेको छ । तर मलको मागको अनुमान यथार्थ नहुने, समयमै ठेक्का प्रक्रिया शुरु नहुने, आपूर्ति सम्झौता कार्यान्वयनमा अनुगमनको कमी, आवश्यक परीमाण भन्दा कम मल आपूर्तिका लागि ठेक्का सम्झौता गर्नु आदि कारणले गर्दा मलको आपूर्ति समयमा र आवश्यक मात्रामा हुनसकेको छैन । त्यसैगरी एकमात्र बन्दरगाह माथिको निर्भरता र न्यूनतम मौज्दात समेत नराख्दाले प्रभावकारी वितरण हुनसकेको छैन । साथै वितरण लागत समेत बढेको छ । कृषकहरुमा मलको समिश्रण र उपयोगसम्बन्धी ज्ञानको कमी र प्राङ्गारिक मलको वितरण एवं उपयोग समेत प्रभावकारी नहुँदा रासायनिक मलको माग र उपयोग बढेको छ ।कृषि मलको आपूर्ति, वितरण र उपयोग सम्बन्धमा प्रतिवेदनले उल्लेख गरेका सुझावहरु कार्यान्वयन गरी कृषि मल अनुदानको प्रभावकारिता बढाउनु पर्दछ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम

परिचय

१. **पृष्ठभूमि -** रोजगारी सिर्जना नेपालको आवधिक योजना र वार्षिक योजनाहरूको प्राथमिकताको विषय रही आएको छ । तेह्रौं योजना अवधिमा राष्ट्रिय रोजगार नीति कार्यान्वयनमा आएको थियो भने हाल रोजगारी प्रत्याभूत ऐन तर्जुमा तयार गरिएको छ । १८ जिल्लामा रोजगार सूचना तथा परामर्श केन्द्रमार्फत बेरोजगारहरूको लगत अद्यावधिक गरिएको थियो । यसै अवधिमा ज्यालामा आधारित रोजगारीमा कर्णाली रोजगार कार्यक्रम, ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, ग्रामीण पहुँच कार्यक्रम, विकेन्द्रित ग्रामीण पूर्वाधार तथा, पश्चिम पहाडी गरिबी निवारण कार्यक्रम सञ्चालन गरिएका थिए ।

श्रम शक्ति सर्वेक्षण २०७४/७५ ले नेपालमा हरेक वर्ष करिब ५ लाख श्रम शक्ति श्रम बजारमा प्रवेश गर्ने, औसत श्रम उत्पादकत्व रू. १ लाख ८४ हजार ६ सय (वार्षिक), श्रम शक्ति सहभागिता दर ३८.५ प्रतिशत, बेरोजगार दर ११.४ प्रतिशत, श्रमको अल्प उपयोग दर ३९.३ प्रतिशत देखाएको छ ।

नेपालको संविधान तथा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले तोकेबमोजिमको न्यूनतम रोजगारीको हकको व्यवस्था गरेको छ । नेपाल सरकारले २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्षभित्रमा कुनैपनि नेपाली नागरिकले बाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने र बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गर्ने लक्ष्य लिई २०७५ फागुन ११ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम सुरू गरिएको छ ।

२. **कार्यक्रमको परिचय -** प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रारम्भिक अवधि ५ वर्ष अर्थात् २०७५।७६ देखि २०७९।८० सम्म कार्यान्वयन गर्ने गरी तर्जुमा गरिएको छ । कार्यक्रम अवधि ५ वर्षका लागि यस कार्यक्रमको अनुमानित बजेट २६ अर्ब ६२ करोड ३ लाख ७७ हजार अनुमान गरिएको छ । कार्यक्रम १८ देखि ५९ वर्ष उमेर समूहको बेरोजगारलाई लक्षित गरी सञ्चालन गरिएको छ । कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेको छः

- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न रोजगार सेवा र सहायता प्रदान गर्ने,
- दक्ष र सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने,
- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरूबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने,
- आन्तरिक रोजगारी सिर्जनाका आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने,
- सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने,
- आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान गर्ने ।

प्रधानमन्त्री रोजगारका कार्यक्रमले आफ्नो उद्देश्य प्राप्त गर्न देहायबमोजिमका क्रियाकलापलाई समेटेको छः

- प्रत्येक स्थानीय तहमा सञ्चालन हुने रोजगार सेवा केन्द्रहरूले तथ्याङ्क सङ्कलन, बेरोजगारहरूको अद्यावधिक लगत,
- रोजगारीको सम्भावनाको अध्ययन र अनुसन्धान, रोजगारीका लागि सहयोग,
- बेरोजगारको पहिचान र सूचीकरण, रोजगारदातासँग समन्वय र सहकार्य, रोजगारीमा लगाउने,
- स्वरोजगारीका लागि प्रोत्साहन गर्ने,
- वैदेशिक रोजगारमा जान इच्छुकहरूको क्षमता अभिवृद्धि गर्ने,
- निर्वाह भत्ताको वितरण कार्य गर्ने,
- रोजगारी सिर्जनामा निजी क्षेत्रहरूको भूमिकालाई ध्यानमा राख्दै रोजगारी मागको प्रक्षेपण, निजी क्षेत्रको विकासका लागि श्रमिकहरूलाई तालिमको व्यवस्था, समन्वय र सहभागिता र निजी क्षेत्रका उद्यमीहरूलाई प्रोत्साहन गर्ने र
- सार्वजनिक निर्माण कार्यमा रोजगारीको सुनिश्चितता गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने, सूचनाहरूको सम्प्रेषण गर्ने, योजना तर्जुमा र कार्यान्वयनमा सहकार्य गर्ने, विभिन्न निकायहरूबाट सञ्चालित कार्यक्रमहरूको संयोजन गर्ने, रोजगारीमा लक्षित वर्गहरूको सुनिश्चितता गर्ने र थप स्रोतहरूको परिचालनमा सहयोग गर्न आवश्यक सहयोग उपलब्ध गराउने ।

३. **नीतिगत व्यवस्था -** नेपाल सरकारको राष्ट्रिय रोजगार नीति, २०७१, आवधिक योजना र वार्षिक नीतिहरूमा रोजगार सम्बन्धमा देहायबमोजिम व्यवस्था गरेको छः

३.१ राष्ट्रिय रोजगार नीति, २०७१ ले सबै नागरिकलाई उत्पादन र प्रतिफलमूलक रोजगारी सिर्जना गर्ने, ज्ञान सीपमा आधारित श्रम शक्ति तयार गर्ने, युवा लक्षित रोजगारी कार्यक्रम सिर्जनामा प्राथमिकता दिने ।

३.२ पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) मा सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता, उत्पादनशील क्षेत्रमा रोजगारीको अभिवृद्धि गरी दक्ष श्रमको अल्प उपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने सोच तथा लक्ष्यको अतिरिक्त पन्ध्रौं योजनाको रणनीति निम्नबमोजिम रहेको छः

- विद्यमान श्रम तथा रोजगारसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्ने,
- स्थानीय तहदेखि नै रोजगार कार्यक्रमलाई विस्तार गर्ने,
- तीन तहका सरकारबीच रोजगारीको सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने,
- नियामक निकायको रूपमा उच्चस्तरीय अधिकार सम्पन्न **'राष्ट्रिय रोजगार प्राधिकरण'** गठन गर्ने,
- पछाडि परेको क्षेत्र र समुदायका गरिब घर परिवारलाई लक्षित गरी क्षमता विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने,
- रोजगार तथा स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेका विभिन्न निकायहरूसँग साझेदारी तथा समन्वय गर्ने,
- बेरोजगार युवाहरूलाई उद्यमी बनाउन रोजगारमूलक तालिम प्रदान गर्ने,
- न्यूनतम रोजगारी प्रत्याभूत योजना तर्जुमा गरी लागू गर्ने,
- विकास आयोजना तर्जुमा र कार्यान्वयन गर्दा आर्थिक वृद्धि एवं रोजगारी सिर्जना हुने विषयलाई प्राथमिकता दिइने ।

३.३ बजेट वक्तव्यमा नेपाल सरकारको विगत ३ वर्षको बजेट बक्तव्यमा कार्यक्रम सम्बन्धमा देहायका नीति लिएको छः

२०७५/७६	२०७६/७७	२०७७/७८
मुलुकभित्र थप रोजगारी सिर्जना गरी क्रमशः नेपालीलाई वैदेशिक रोजगारीमा जान नपर्ने अवस्था बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु गर्ने । व्यवसायिक कृषि, सिँचाइ, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार र तिनै तहका सरकारहरूका सार्वजनिक निर्माणका अन्य क्षेत्रलाइ यस कार्यक्रममा आवद्ध गर्ने ।	प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रहरूमा सूचीकृत बेरोजगारहरूलाई सार्वजनिक विकास निर्माणमा परिचालन गर्ने । थप ३ लाख रोजगारी सिर्जना गरिने ।	प्रधानमन्त्री रोजगार कार्यक्रमको दायरा विस्तार गरी संघ प्रदेश र स्थानिय तहमा सञ्चालित सार्वजनिक विकास निर्माण कार्य श्रममुलक प्रविधबाट कार्यान्वयन गरिनेछ । २ लाख नयाँ रोजगारी सिर्जना गर्ने ।

४. **कानुनी व्यवस्था** - यस कार्यक्रम सञ्चालनको लागि मन्त्रालयले २०७५/७६ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । सबै स्थानीय तहहरूमा रोजगार सेवा केन्द्रमा पदपूर्ति गर्न रोजगार संयोजकको पदपूर्ति तथा सेवासम्बन्धी मापदण्ड, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ र बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ तर्जुमा भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको व्यवस्थापन, सञ्चालनसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, तथा कार्यविधि देहायबमोजिम रहेका छन्:

- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- रोजगारीको हकसम्बन्धी नियमावली, २०७५
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७
- बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६

५. **सङ्गठन संरचना र जनशक्ति** - कार्यक्रम सञ्चालनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तीनै तहका सार्वजनिक क्षेत्रका कार्यमा सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम हेर्ने गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रा.प.प्रथम श्रेणीको अधिकृत राष्ट्रिय कार्यक्रम निर्देशक सहित १६ कर्मचारी रहने व्यवस्था छ । प्रदेश तहमा प्रदेश सामाजिक विकास मन्त्रालयको योजना महाशाखा प्रमुख प्रदेश रोजगार संयोजक रहने व्यवस्था गरिएको छ । यसको कार्यान्वयनमा प्रमुख भूमिका रहेको प्रत्येक स्थानीय तहमा ७५३ रोजगार संयोजक रहने व्यवस्था छ । कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा देहायका निकायहरू संलग्न रहेका छन्:

तह	कार्यान्वयन गर्ने निकाय	कार्यविवरण
संघीय	श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय	कार्यक्रमको सञ्चालनको लागि आवश्यक नीति, कानुन, योजना, कार्यक्रम, निर्देशिका तथा मापदण्डको तर्जुमा तथा पुनरावलोकन गर्ने, रोजगारी मागको प्रक्षेपण गर्ने, कार्यक्रमको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,
प्रदेश	प्रदेश सामाजिक विकास मन्त्रालय	प्रदेश भित्र आन्तरिक रोजगारीको आवश्यकताको प्रक्षेपण र उपलब्ध जनशक्तिको विश्लेषण गरी रोजगार व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने, प्रदेश मातहतका निकायहरूमा आवश्यक समन्वय गर्ने, कामका लागि पारिश्रमिकमा आधारित आयोजना तर्जुमा र कार्यान्वयन गर्ने, व्यावसायिक एवं सीपमूलक तालिमको सञ्चालन गर्ने ।
स्थानीय	रोजगार सेवा केन्द्र	बेरोजगार व्यक्तिको विवरण सङ्कलन तथा विश्लेषण गरी स्वीकृतिको लागि गाउँ/नगर कार्यपालिकामा पेस गर्ने, बेरोजगार व्यक्तिको विवरण रोजगार व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी बेरोजगारलाई लाभग्राही परिचयपत्र वितरण गर्ने, स्थानीय तहभित्रका सम्भाव्य रोजगारीको तथ्याङ्क सङ्कलन गरी अभिलेख राख्ने, सूचीकृत बेरोजगारलाई मागबमोजिम रोजगारीका लागि खटाउने, आफ्नो क्षेत्रभित्र उपलब्ध भएका रोजगारका अवसरहरू पहिचान गरी बेरोजगारलाई सूचित गर्ने तथा उपलब्ध श्रमिकको बारेमा रोजगारदाता लाई जानकारी गराउने, सीपमूलक तथा व्यावसायीक तालिम प्राप्त गर्न, स्वरोजगार हुने तथा रोजगारीमा संलग्न व्यक्तिको विवरण अद्यावधिक गर्ने, बैदेशिक रोजगारीमा जान चाहनेका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने

६. **कार्यक्रम र प्रगति -** कार्यक्रम संघ, ७ प्रदेश र ७५३ स्थानीय तहमार्फत सञ्चालन भइरहेको छ। यसको कार्यान्वयनमा स्थानीय तहको प्रमुख भूमिका रहेको छ । कार्यक्रमले स्थानीय तहको योजना प्रक्रिया पुरा गरेका सडक, खानेपानी, ढल व्यवस्थापन, सिँचाइ ऊर्जा, सहरी विकास, शिक्षा, स्वास्थ्य, पुनर्निर्माण, पर्यटन, वन, सामुदायिक पूर्वाधार, कृषि तथा सहकारी, सूचना प्रविधि, वातावरण संरक्षण तथा जलवायु अनुकूलन वा अन्य रोजगारमूलक आयोजना कार्यान्वयन तथा संयोजनबाट रोजगारी सिर्जना गर्ने कार्यलाई आफ्नो क्षेत्रमा समेटेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा कामका लागि पारिश्रमिकमा आधारित आयोजना छनौट तथा कार्यान्वयनको प्रक्रिया तथा चरण देहायबमोजिम रहेको छः



प्रधानमन्त्री कार्यक्रमले निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समेत समन्वय र सहकार्य गरी थप रोजगारीका अवसर सिर्जना गरी सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी (एक आर्थिक वर्षमा एकसय दिन) प्रदान गर्ने, आन्तरिक रोजगारी सिर्जनाका लागि प्रवर्द्धनकारी भूमिका निर्वाह गर्ने, कार्यक्रमले बेरोजगार व्यक्तिहरूले आफूसँग भएको सोच, सीप र अनुभवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न विशेष उद्यमशील तालिम प्रदान गर्ने र उद्यमको अवधारणा प्रस्तावको मूल्याङ्कनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपलब्ध गराउने व्यवस्था गर्ने परिकल्पना समेत यस कार्यक्रमको रहेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रमले वार्षिक रूपमा देहायका लक्ष्यहरू निर्धारण गरेको छः

२०७५।७६	२०७६।७७	२०७७।७८
• रोजगारीसम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने, • थप रोजगारी सिर्जना • विभिन्न क्षेत्रहरूसँग समन्वय गरी अन्तरिक रोजगारीको क्षेत्रका पहिचान गर्ने ।	• न्यूनतम रोजगारी प्रत्याभूति मार्फत (१०० दिन) ३ लाख व्यक्तिलाई रोजगारी दिने • कामका लागि पारिश्रमिकसम्बन्धी अभीमुखीकरण कार्यक्रम सातै प्रदेशमा सञ्चालन गर्ने, • रोजगार व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम सातै प्रदेशमा सञ्चालन गर्ने, • कामका लागि परीश्रमिकसम्बन्धी १०० स्थानीय तहमा अनुगमन गर्ने, • प्रधानमन्त्री रोजगार कार्यक्रमको समिक्षा सातै प्रदेशमा सञ्चालन गर्ने।	• नेपालको संविधानले मौलिक हकको रुपमा व्यबस्था गरेको रोजगारीको हकलाई कार्यान्वयन गर्न सरोकारवाला निकायहरू सँग अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने, • नेपाली नागरिकले स्वदेशमा आफ्नो योग्यता र छनौटको रोजगारी गर्न पाउने अवस्थाको सुनिश्चितता गर्ने, • रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिम नागरीकको रोजगारीको हकको सुनिश्चितता गर्ने। • रोजगार व्यबस्थापन सूचना प्रणाली (Employment Management Information System-EMIS) को विकास गरी यस प्रणालीबाट श्रम बजारको समग्र अवस्थाको जानकारी प्रदान गर्ने।

उपरोक्त लक्ष्यहरूमा कार्यक्रमको प्रगति देहाय बमोजिम रहेको छ :

विवरण	**२०७५।७६**	**२०७६।७७**	**२०७७।७८***
सूचीकृत बेरोजगार सङ्ख्या	१७०१५७१	३६९३१४	७५३१६३
रोजगार प्राप्त सङ्ख्या	१८८३६७	१०३५००	१४६३७९
रोजगारी प्राप्त गर्ने प्रतिशत	११.०७	२८.०२	५.१५
रोजगारी उपलब्ध गराएको दिन	२२१०३१०	१६३९४००	७५१६३४७
रोजगारी औषत दिन	१२.४३	१५.८५	५१.३४

*२०७८ असार २१ गतेसम्म

प्रत्येक स्थानीय तहमा उपलब्ध रोजगारी, सूचीकृत बेरोजगार व्यक्ति तथा रोजगारदाताहरूको विवरण कम्प्युटर प्रणालीमा अद्यावधिक राखी स्थानीय तह, प्रदेश सरकार र मन्त्रालयबाट रियल टाइममा हेर्नसक्ने गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) को क्रमागत रूपमा विकास हुँदै गरेको छ ।

७. **वित्तीय व्यवस्था -** प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आवश्यक बजेट तथा स्रोत व्यवस्थापन नेपाल सरकारको वार्षिक विनियोजनबाट हुने व्यवस्था छ । कार्यक्रमले ५ वर्ष (२०७५।७६-२०७९।८०) को लागि यस कार्यक्रमको अनुमानित बजेट रु.२६ अर्ब ६२ करोड ३ लाख ७७

हजार खर्च गर्ने अनुमान गरेको छ ।यससम्बन्धी विस्तृत विवरण अनुसूची १ मा संलग्न गरिएको छ । कार्यक्रमको विगत ३ वर्षको बजेट तथा खर्च देहायबमोजिम रहेको छः

आर्थिक वर्ष	बजेट (रू. लाख)			निकासा तथा खर्च (रू.लाखमा)		
	नेपाल सरकार	बैदेशिक स्रोत	जम्मा	नेपाल सरकार	बैदेशिक स्रोत	जम्मा
२०७५/७६	३१०००	०	३१०००	२२८२५	०	२२८२५
२०७६/७७	२३९००	२६२००	५०१००	२३०९७	०	२३०९७
२०७७/७८	९४७५	१०६५५२	११६०२७	-		

कार्यक्रमको ५ वर्षे दस्तावेजले लागत अनुमान तयार गर्दा कर्मचारी तलब, पुँजीगत लगानी, कार्यक्रम खर्च र कार्यक्रम सञ्चालन खर्च गर्ने गरी अनुमान गरेको छ । यस कार्यक्रमको कार्यक्रम शीर्षक अन्तर्गत निर्वाह भत्ता, लाभग्राही परिचयपत्र छपाई, रणनैतिक सञ्चार पैरवी र कार्यशाला, सीप क्षमता विकास तथा अभिमुखीकरण, सरकारी कार्यक्रमहरूबीच सहकार्य तथा समन्वय, निजी क्षेत्रसँगको सहकार्य र क्षमता विकास, अनुगमन र मूल्याङ्कन, अध्ययन अनुसन्धान र प्रसार श्रमिक बिमा लगायत क्रियाकलापहरूमा विगत ३ वर्षमा विनियोजित बजेट खर्चको अवस्था देहायबमोजिम रहेको छः

(रु.हजारमा)

शिर्षक	२०७५।७६		२०७६।७७		२०७७।७८	
	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
निर्वाह भत्ता	०	०	१०,००,००	०	७,५३,००	०
लाभग्राही परिचयपत्र र छपाई	०	०	०	०	०	०
रणनैतिक सञ्चार, पैरवी र कार्यशाला	१५,६६,६०	१,००,०५	११,४०,००	६५१०	१,५०,००	०
सीप, क्षमता विकास र अभिमुखिकरण	१,४४,००	११,७३,८	३,१३,००	५०७८	५,४६,००	१४,६७
सरकारी कार्यक्रमबीच सहकार्य र समन्वय	०		०	०	०	०
निजी क्षेत्र सँग सहकार्य र समन्वय	०		०	०	०	०
कार्यक्रमको अनुगमन र मूल्याङ्कन	२०००	१,६५	२१,००	९४	१,२१,००	५,९८
अध्ययन अनुसन्धान र प्रसार	२५,००		१,२०,००	२४,००	३०,००	०
श्रमिकको विमा	०		२,००,००	०	१,९५,००	१,९५,००
जम्मा	**१७५५६०**	**२,१९,०८**	**२७,९४,००**	**१,४०,८३**	**१७,९५,००**	**२१५६५**

८. **विषय छनौटको औचित्य -** बाध्यात्मक वैदेशिक रोजगारीको अवस्थालाई अन्त्य गर्दै संविधान प्रदत्त रोजगारीको मौलिक हकको कार्यान्वयन गर्ने उद्देश्यले कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिएको छ । तर वास्तविक लक्षित वर्ग कार्यक्रममा सहभागी नभएको, कार्यक्रमको स्थानीय तह तथा प्रदेशले स्वामित्व लिन नसकेको, अपेक्षित रुपमा लक्ष्य हासिल नभएको, पूर्वाधारमा योगदान दिन नसकेको, कार्यक्रमले आफ्नो उद्देश्यबमोजिम रोजगारी उपलब्ध नगराएको र निर्माण गरिएका पूर्वाधार गुणस्तरयुक्त नभएको भनी चर्चामा रहेको छ । वैदेशिक ऋणबाट सञ्चालित कार्यक्रमले अनुत्पादक क्षेत्रमा लगानी गरेको भनी गुनासो रहेको छ । सञ्चार माध्यममा कार्यक्रम कार्यान्वयन सम्बन्धमा पाएको प्राथमिकता तथा आम जनचासो समेत रहेकोले कार्यक्रम कार्यान्वयनको वास्तविक अवस्थाको मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षणको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम छनौट गरिएको छ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उद्देश्य -** प्रधानमन्त्री रोजगार कार्यक्रम तर्जुमा, सञ्चालन एवं व्यवस्थापन र उपलब्धिको मूल्याङ्कन गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ । यसका लागि लेखापरीक्षण देहायका विषयहरूमा केन्द्रित रहेको छः

- कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कानुन, कार्यविधि, निर्देशिकाको पर्याप्तता विश्लेषण,
- योजना तर्जुमा तथा कार्यान्वयन स्थिति मूल्याङ्कन,
- आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सञ्चालित क्रियाकलापबाट बेरोजगार न्यूनीकरणमा पुगेको योगदानको मूल्याङ्कन,
- सामाजिक सुरक्षा प्रवर्द्धनमा पुऱ्याएको योगदानको लेखाजोखा (निर्वाह भत्ता तथा श्रमिक बिमा),
- सार्वजनिक आयोजना र निजी क्षेत्रसँगको सहकार्य विश्लेषण,
- कार्यक्रमको उपलब्धि विश्लेषण ।

१०. **लेखापरीक्षणको क्षेत्र -** लेखापरीक्षणमा प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवात २०७५/७६ देखि २०७७/७८ सम्मको क्रियाकलापलाई समेटिएको छ । यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, रोजगारी सिर्जना गर्ने अन्य मन्त्रालयहरू, प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तह, प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्रहरू लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । यसै गरी रोजगार संवाद मञ्चहरू, निजी तथा सार्वजनिक रोजगारदाताहरू, कार्यक्रम अन्तर्गत गठित निर्देशक समितिहरूका क्रियाकलाप लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । कार्यक्रममा भएको खर्च मूल्याङ्कन गर्न विगत ३ वर्षको बजेट र २ वर्षको खर्च तथा क्रियाकलापलाई मूल्याङ्कन गरिएको छ । लेखापरीक्षणको क्रममा भौगोलिक प्रतिनिधित्व हुने गरी झापा, मोरङ, महोत्तरी, मकवानपुर, चितवन, नवलपरासी पश्चिम, पाल्पा, कैलाली र बर्दिया जिल्ला स्थित १६ स्थानीय तहलाई लेखापरीक्षणको दायरामा समेटिएको छ । साथै २६४ स्थानीय तहबाट प्राप्त विवरण समेत विश्लेषण गरिएको छ ।

११. **लेखापरीक्षण पद्धति -** लेखापरीक्षण कार्यान्वयनमा देहायबमोजिम विधि एवं पद्धति अवलम्बन गरिएको थियोः

११.१ यो लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सँगठन ईन्टोसाई द्वारा जारी गरिएको कार्यमूलक लेखापरीक्षणका मानदण्डहरू ईसाइ ३००० र कार्यालयबाट जारी गरिएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ मा उल्लेखित विधि पद्धति अनुसार सञ्चालन गरिएको थियो ।

११.२ लेखापरीक्षणमा प्रक्रियामूलक र नतिजामूलक पद्धतिको अवलम्बन गरी ७५३ स्थानीय तह र ७ प्रदेशमा प्रश्नावली पठाइ प्राप्त प्रश्नावलीको जवाफलाइ विश्लेषण गरिएको छ । १० जिल्लाका १६ स्थानीय तह Random Sampling विधिबाट छनौट गरी स्थलगत अवलोकन तथा सरोकारवालासँग छलफल गरिएको छ । २०७६/७७ र २०७७/७८ का कुल लाभग्राहीमध्ये ३६७ छनौट गरी अनुसूची ४ बमोजिमको प्रश्नावलीमा व्यक्तिगत अन्तरवार्ता सञ्चालन गरिएको छ ।(नमुना छनौटका आधार तथा सङ्ख्या अनुसूची २ मा समावेश रहेको छ ।)

पहिचान भएका जोखिम क्षेत्रका आधारमा तात्त्विक महत्त्वका विषयहरू निर्धारण गरी तिनलाई पुस्ट्याईं गर्न सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीहरूसँग सोधपुछ, छलफल गर्नुका साथै विवरण सङ्कलन, संरचित अन्तरवार्ता प्रश्नावली आदि माध्यमबाट सूचना र तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गरिएको छ । यसको साथै कार्यमूलक लेखापरीक्षणको लागि स्थलगत निरीक्षण, अवलोकन, निकायको अभिलेख अध्ययन तथा विश्लेषण गरिएको छ ।

१२. **लेखापरीक्षणका सीमितता -** ७५३ स्थानीय तहसँग कार्यक्रमको सम्बन्धमा सूचनाहरू माग गरिएकोमा २६४ (अनुसूची ३) बाट प्राप्त विवरणको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । सबै भौगोलिक

क्षेत्रलाई समेट्ने गरी १६ स्थानीय तहको (अनुसूची २) स्थलगत अनुगमन तथा प्राप्त प्रश्नावलीको जवाफ तथा रोजगार व्यवस्थापन सूचना प्रणाली (ई.एम.आइ.ए) प्रणालीबाट प्राप्त तथ्याङ्क र मन्त्रालयबाट प्राप्त प्रश्नावलीको जवाफ लगायत तथ्याङ्क तथा सूचनालाई विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्ति, अत्यन्त छोटो स्थलगत अवलोकन भ्रमण, सूचना प्राप्तिमा कठिनाई, सीमित स्रोत साधन, कोभिड १९ को महामारी समेतले लेखा परीक्षणको दायरालाई सीमित गरेको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना भई आंशिक पदपूर्ति भएको, आंशिक रुपमा न्यूनतम रोजगारी र निर्वाह भत्ताको अवधारणा, रोजगार व्यवस्थापन सूचना प्रणाली स्थापना तथा सञ्चालन कार्यक्रमको राम्रो पक्ष रहे तापनि कार्यक्रमको तयारी तथा कार्यान्वयनका तहमा देखिएका कमीकमजोरीहरू देहाय बमोजिम रहेका छन्:

१३. **कार्यक्रमको पूर्वतयारी —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १०(ख) अनुसार नयाँ योजना तथा कार्यक्रम प्रस्तावित गर्दा पुँजीगत प्रकृतिको भए कार्यक्रम स्वीकृत गर्नुभन्दा अगाडि कार्यक्रम सञ्चालनको ढाँचा तथा स्वरूप, सञ्चालन अवधि, बजेट तथा अपेक्षित प्रतिफल लगायतका विषयहरू खुलाई सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृति गर्नुपर्दछ । सम्बन्धित सरोकारवाला निकायहरूसँगको छलफल आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था, कार्यक्रमका सम्भावित चुनौती तथा समस्या सम्बन्धमा अध्ययन गरी त्यस्ता चुनौती तथा समस्या समाधानका सम्भावित उपायहरूको समेत पहिचान गर्नुपर्दछ । मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रममा तोकिएको विश्लेषण नगरी, कुनैपनि किसिमको कार्यक्रम अवधारणा पत्र वा प्रस्ताव स्वीकृति नगराई २०७५ ज्येष्ठ १५ गते बजेट वक्तव्य मार्फत २०७५।७६ को वार्षिक कार्यक्रममा समावेश गरेको पाइयो। कार्यक्रमको तर्जुमा पूर्व कार्यान्वयनमा मुख्य भूमिका निर्वाह गर्ने स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया गरेको पाइएन । साथै नीतिगत परिमार्जन गर्दा कार्यान्वयन गर्ने निकायसँग छलफल तथा अन्तर्क्रिया गरेको पाइएन । कार्यक्रमको घोषणा २०७५ ज्येष्ठ १५ मा गरेकोमा कार्यक्रमसम्बन्धी दस्तावेज ७ महिना ढिला गरी २०७५ माघमा मात्र तयार गरेको छ । आवश्यक तयारी पुरा नगरी कार्यक्रमको घोषणा गरेकोले कार्यक्रमको ५ वर्ष (२०७५।७६ देखि २०७८।७९) मध्ये सुरूवातका वर्षहरू देहायबमोजिमका कार्यक्रमको डिजाइनसँग सम्बन्धित आधारभूत तयारीमा नै बितेको पाइयो ।

क्र. स.	तयारी चरणका क्रियाकलाप	प्रमाणीकरण स्वीकृत मिति
१	रोजगारीको हकसम्बन्धी ऐन, २०७५	२०७५/६/२
२	रोजगारीको हकसम्बन्धी नियमावली, २०७५	२०७५/१०/२८
३	प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५	२०७५/१०/२५
४	कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि), २०७७	२०७७/७/२१
५	कार्यक्रम दस्तावेज	२०७५ माघ
६	युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६	२०७६/१२/३०
७	बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६	२०७६/८/१८

८	रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६	२०७५
९	गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्तिसम्बन्धी प्रक्रिया	

पूर्वतयारी बेगर कार्यक्रम सुरूवात गरेकाले कार्यक्रमका कार्यान्वयनको ३ आर्थिक वर्षसम्म पनि नीतिगत व्यवस्थामा बारम्बार परिमार्जन, कार्यक्रम सञ्चालन ढाँचा तथा स्वरूपमा परिवर्तन, नागरिकमा कार्यक्रमको उद्देश्य सम्बन्धमा प्रस्ट जानकारीको अभाव, सार्वजनिक आयोजना, निजी क्षेत्र तथा सहकारीले कार्यक्रममा अपेक्षित योगदान प्रदान गर्न सकेको पाइएन । यसका अतिरिक्त तोकिएको लक्ष्य अनुरूप कार्यक्रमले वित्तीय एंव भौतिक प्रगति प्राप्त गर्न सकेन । मन्त्रालयले नयाँ कार्यक्रमहरूको सुरूवात गर्दा आवश्यक पूर्वतयारी चरणका कार्यहरू सम्पन्न गरी तोकिएबमोजिम विश्लेषण समेतको प्रतिवेदन स्वीकृत गर्नुपर्दछ ।

१४. **कार्यक्रमको दोहोरोपना -** नेपालले गरिबी निवारण तथा रोजगारी प्रवर्द्धनलाई आठौँ आवधिक योजना देखिनै प्राथमिकतामा राख्दै आएको छ । विगत देखिनै गरिब तथा विपन्न नागरिकलाई लक्षित गरी विभिन्न रोजगारीका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक नागरिकलाई न्यूनतम रोजगारीको प्रदान गर्नुपर्ने व्यवस्थाबमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०७५/७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेको छ । सञ्चालन गरिएका कार्यक्रमहरूको क्रियाकलापहरू दोहोरो नपर्ने गरी उपलब्ध स्रोतको अपव्यय नहुने गरी अधिकतम उपयोग गर्नुपर्दछ । तथापि संघ, प्रदेश र स्थानीय सरकारहरूले यस कार्यक्रमसँग मिल्दो कार्यक्रमहरू कार्यान्वयन गरी रहेको अवस्था देहायबमोजिम छः

क.स.	कार्यक्रमको नाम	कार्यान्वयन गर्ने निकाय	सम्बन्धित क्षेत्र
१	रोजगारी प्रवर्द्धन कार्यक्रम	श्रम रोजगार तथा सामाजिक मन्त्रालय	न्यूनतम रोजगारी
२	मुख्यमन्त्री रोजगार कार्यक्रम	कर्णाली प्रदेश	रोजगारी प्रवर्द्धन तथा सामाजिक संरक्षण
३	मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम	लुम्बिनी प्रदेश	कृषि तथा उद्यमशीलता
४	नगरप्रमुख रोजगार कार्यक्रम	• महाकाली न.पा दार्चुला • चौरजहारी न.पा रुकुम पश्चिम • आठविसकोट न.पा. दैलेख • मुसिकोट न.पा.	रोजगारी सिर्जना
५	मेयर रोजगार कार्यक्रम	ढोरपाटन न.पा. बाग्लुङ्ग	रोजगारी सिर्जना
६	एक घर एक रोजगार कार्यक्रम	गुर्भाकोट न.पा.सुर्खेत	रोजगारी सिर्जना
७	अध्यक्ष रोजगार कार्यक्रम	• कोन्ज्योसोम न.पा. ललितपुर • जगन्नाथ गा.पा.बाजुरा • अजयमेरु गा.पा.डडेल्धुरा	रोजगारी सिर्जना

१४.१ प्रधानमन्त्री रोजगार कार्यक्रम सुरू गर्नुभन्दा धेरै अगाडि २०५५ देखि नै साल बसाली रूपमा रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन हुँदै आएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र रोजगारी प्रवर्द्धन कार्यक्रमका क्रियाकलापहरूमा धेरै समानता रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम भन्दा अगाडि तेह्रौं योजना अवधिमा नै १८ जिल्लामा रोजगार सूचना तथा परामर्श केन्द्र मार्फत बेरोजगारहरूको लगत अद्यावधिक गरिएको थियो । राष्ट्रिय योजना आयोगको वार्षिक विकास कार्यक्रम २०७७।७८ ले रोजगारी प्रवर्द्धन कार्यक्रमको उपलब्धि देहायबमोजिम उल्लेख गरेको छः

- रोजगारीसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थित र अद्यावधिक राख्न ७५३ वटै स्थानीय तहमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) प्रणाली सञ्चालन गरेको,
- रोजगारीमा खटिने सबैको कार्यस्थल सामूहिक बिमा भएको,
- संघीय र प्रदेश तहमा आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन गर्ने,
- सार्वजनिक खरिद नियमावली, २०७५ को ९ औ संशोधनमा निर्माण व्यवसायीले निर्माण प्रचलित कानुनबमोजिम रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने नीतिगत व्यवस्था गरेको,
- श्रम बजारमा सीपयुक्त जनशक्ति माग र आपूर्तिको अन्तर बिश्लेषण र तालिमको आवश्यकता पहिचान गर्न अध्ययनको अवधारणा पत्र तयार भएको,
- १५ हजारलाई विभिन्न १५ विषयमा नवीन र सीपमूलक तालिम प्रदान गरेको ।

रोजगारी प्रवर्द्धन कार्यक्रमको उपरोक्त क्रियाकलाप र उपलब्धिहरू र प्रधानमन्त्री रोजगार कार्यक्रमको क्रियाकलापहरूमा समानता देखिन्छ । रोजगारी प्रवर्द्धन कार्यक्रमको विगत वर्षहरूको बजेट तथा खर्च देहायबमोजिम रहेको छः

विवरण	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
बजेट	३२४६०५	२८७४६२	१५७८००	३४५९००	३१४१००	३५६४००
खर्च	३०२०००	२५२६००	१०९०००	२८६८००	चालु	आगामी

विगतदेखि स्थापित संरचना र कार्यक्रमलाई सुदृढ, सबल र प्रभावकारी बनाउनुको साटो नयाँ ढाँचा नयाँ नामबाट तयार गरी त्यस्तै प्रकारको नयाँ कार्यक्रम सुरूवात गर्नुले क्रियाकलाप कार्यान्वयनमा द्विविधा हुने, जिम्मेवारीको अस्पष्टता हुने देखिन्छ । साथै प्रत्येक वर्ष रू.६ करोड ८३ लाख २८ (कार्यक्रमको चालु खर्च) हजार प्रशासनिक खर्च कम गर्नसक्ने अवस्थालाई उपयोग नगरेको र दोहोरो खर्चको समेत सम्भावना बढ्ने भएकोले स्रोतको बुद्धिमत्तापूर्वक उपयोग नहुने देखिन्छ ।

१४.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ८२(२) मा संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा स्थानीय तहले रोजगारी सिर्जनाका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन तथा कार्यान्वयन गर्नको लागि आ-आफ्नो वार्षिक बजेटमा विनियोजन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यक्रम सञ्चालनको ३ वर्षको अवधिमा कामको लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालनको लागि कुनैपनि प्रदेश तथा स्थानीय तहले आफ्नो वार्षिक बजेटमा रकम विनियोजन गरेको पाइएन । साथै प्रदेश तहमा मुख्यमन्त्री रोजगार कार्यक्रम, नगरपालिकाले मेयर रोजगार कार्यक्रम, गाउँपालिकाले अध्यक्ष रोजगार कार्यक्रम जस्ता आ-आफ्नै कार्यक्रमहरू सोही ढाँचामा सञ्चालनमा ल्याएका छन् । कार्यक्रम कार्यान्वयनको जिम्मेवारी रहेका प्रदेश र स्थानीय सरकारहरूले यस कार्यक्रमको कार्यान्वयनमा सहयोग समन्वय गर्नुपर्नेमा आफ्नै तवरले बेग्लै रोजगारमूलक कार्यक्रम विभिन्न नाममा सञ्चालनमा गर्न थालेकोले कार्यक्रममा दोहोरोपन भई बजेटको अनावश्यक खर्च हुने जोखिम रहेको छ ।

मन्त्रालयले विगतदेखि स्थापित संरचना र कार्यक्रमको स्वामित्व लिई सुदृढ र प्रभावकारी बनाउनुका साथै क्रियाकलापहरू दोहोरो नपर्ने गरी कार्यक्रम तयार गरी स्रोतको बुद्धिमत्तापूर्वक उपयोग गर्नुपर्दछ ।

१५. **बजेट अनुमान -** यो कार्यक्रमको अवधि २०७५।७६ देखि २०७९।८० सम्म ५ वर्ष तोकिएको छ । कार्यक्रमको ५ वर्षे दस्ताबेजले लागत अनुमान तयार गर्दा कर्मचारी तलब, पुँजीगत लगानी, कार्यक्रम खर्च र कार्यक्रम सञ्चालन खर्च गर्ने गरी अनुमान गरेको छ । कार्यक्रम खर्चमा निर्वाह भत्ता, लाभग्राही परिचयपत्र छपाई, रणनैतिक सञ्चार, पैरवी र कार्यशाला, सीप क्षमता विकास तथा अभिमुखीकरण, सरकारी कार्यक्रमहरूबीच सहकार्य तथा समन्वय, निजी क्षेत्रसँगको सहकार्य र क्षमता विकास, अनुगमन र मूल्याङ्कन, अध्ययन अनुसन्धान र प्रसार, श्रमिक बिमा खर्च समावेश गरिएको छ । कार्यक्रम अवधि ५ वर्षमा देहायबमोजिम रू.२६ अर्ब ६२ करोड ३ लाख ७७ हजार खर्च अनुमान गरेको छ ।

(रू.हजारमा)

खर्च शीर्षक	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	जम्मा
कर्मचारी तलब, भत्ता, तालिम	१८४३४४	४५२१५४	४७४७४७	४९८४६९	५७२९०५	२१८२६२०
पुँजीगत लगानी	२५९०२६	२८००	७००	७००	७००	२६३९२६
कार्यक्रम खर्च	२६१७९९६	४५६३४२९	४९९८९३२	५४८३९४६	६०३०२३०	२३६९४५३४
कार्यक्रम सञ्चालन खर्च	३८६६४	९४९४४	१०४४३८	११४८८२	१२६३७०	४७९२९७
कुल जम्मा	**३१००००० **	**५११३३२७**	**५५७८८४७**	**६०९७९९७**	**६७३०२०५**	**२६६२०३७७**

कार्यक्रमले कूल लागत अनुमानको ०.९९ प्रतिशत पुँजीगत सामाग्रीहरूमा, ८९.०१ प्रतिशत कार्यक्रममा र १० प्रतिशत कार्यक्रम सञ्चालनमा खर्च हुने अनुमान गरेको छ । मन्त्रालयले वार्षिक कार्यक्रम र बजेट तयार गर्दा कार्यक्रमको लक्ष्य, तोकिएको क्रियाकलापहरू तोकिएकै अवधि भित्र सम्पन्न हुने गरी बजेट विनियोजन गर्नुपर्नेमा सो हुन नसकेको अवस्था देहायबमोजिम छः

१५.१ प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट प्रस्तावको आधार तय गरेको पाइएन । कार्यक्रमले लक्ष्यको आधारमा बजेटको विनियोजन नभै अर्थ मन्त्रालयबाट प्राप्त बजेट सिलिङको सीमाभित्र रहेर विनियोजित बजेटको आधारमा कार्यक्रमको वार्षिक लक्ष्य तय गर्ने गरेको पाइयो । कार्यक्रमको दस्ताबेजले प्रत्येक वर्ष ७ लाख व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउने लक्ष्य राखेकोमा मन्त्रालयलको वार्षिक कार्यक्रमहरूले २०७६।७७ मा ३ लाख, २०७७।७८ र २०७८।७९ मा २—२ लाखलाई रोजगारी दिने लक्ष्य राखी बजेट विनियोजन भएको देखिन्छ । यसबाट कार्यक्रमको लक्ष्य र वार्षिक कार्यक्रम तथा बजेटबीच तालमेल रहेको पाइएन ।

१५.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ८२(२) मा संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा स्थानीय तहले रोजगारी सिर्जनाका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन तथा कार्यान्वयन गर्नको लागि आ-आफ्नो वार्षिक बजेटमा विनियोजन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यक्रम सञ्चालनको विगत २ वर्षको अवधिमा कामको लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालनको लागि कुनै पनि प्रदेश र स्थानीय तहले आफ्नो वार्षिक बजेटमा रकम विनियोजन गरेको पाइएन । सञ्चालित सबै आयोजनाको लागि संघीय सरकारबाट नै बजेट विनियोजन भई खर्च भएको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ ले संघीय सरकारबाट विनियोजित बजेट श्रमिकको ज्यालामा मात्र भुक्तानी गर्न पाइने व्यवस्था गरी आयोजना सञ्चालनको लागि आवश्यक पर्ने सामाग्री बापतको रकम सम्बन्धित स्थानीय तहले नै खर्च गर्न सक्ने व्यवस्था राखेपनि हालसम्म प्रदेश सरकारले कुनैपनि आयोजना सञ्चालन गर्न सकेका छैनन् भने स्थानीय तहपनि संघीय बजेट मै निर्भर रहेका छन् ।

१५.३ आर्थिक वर्ष २०७५/७६ मा कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालनका लागि सशर्त अनुदानको रकम विनियोजन गर्न देहायबमोजिमको आधारहरू तयार गरिएको थियो :

(क) गरिब घरधुरी सङ्ख्याको आधारमा ६० प्रतिशत,

(ख) जनसङ्ख्याको आधारमा २० प्रतिशत र

(ग) दुर्गमताको आधारमा २० प्रतिशत ।

आर्थिक वर्ष २०७५/७६ को आयोजना सञ्चालन र बजेटको कार्यान्वयन अपेक्षाकृतरूपमा प्रभावकारी हुन नसकेकोले २०७६/७७ मा नयाँ कार्यविधि जारी गरी आयोजना प्रस्ताव गर्ने स्थानीय तहलाई उक्त स्थानीय तहमा सूचीकृत भएका कुल बेरोजगार व्यक्तिको सङ्ख्याका आधारमा कुल रकमलाई बाँडफाँड गरिएको मन्त्रालयले जनाएको छ । तर मन्त्रालयले बजेट विनियोजनको लागि स्थानीय तहमा न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने बेरोजगार व्यक्तिको सङ्ख्या विनियोजन गर्न सकेको पाइएन । बजेट विनियोजनको लागि स्थानीय तहमा न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने बेरोजगार व्यक्तिको सङ्ख्या तथा EMIS मा बेरोजगार व्यक्तिको सम्पूर्ण विवरण प्रविष्ट गरेका स्थानीय तहलाई प्रोत्साहन दिने गरी बजेट विनियोजन गरिएको मन्त्रालयले जनाए तापनि कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहहरूले सूचीकृत बेरोजगारलाई आधार मानेर कार्यक्रमको लागि बजेट माग गर्ने गरेका छैनन् । २०७७/७८ मा सूचीकृत बेरोजगार सङ्ख्याको आधार नलिई सबै स्थानीय तहलाई एउटै डालोमा राखी एकमुष्ट (Lump sum) आधारमा बजेट विनियोजन गरेको पाईयो । प्रथम चरणमा बजेट विनियोजन हुँदा १ जना पनि दर्ता नरहेका १२ तथा एक सयभन्दा कम बेरोजगार दर्ता रहेका स्थानीय तहमा समेत एक सयलाई न्यूनतम एकसय दिनको न्यूनतम रोजगारी प्रदान गर्न सकिने बराबरको रकम विनियोजन भएको छ । २०७७/७८ मा बेरोजगार दर्ता नै नभएका तथा कम दर्ता भएका देहायका स्थानीय तहमा रू. ९ करोड ४२ लाख बजेट बढी विनियोजन गरी निकासा गरेको छः

(२०७७/७८ मा बेरोजगार दर्ता नभएका र कम दर्ता भएका स्थानीय तहमा आधार बेगर बजेट विनियोजन)

	स्थानीय तहको नाम	बजेट / निकासा	दर्ता बेरोजगार सङ्ख्या	बढी निकासा
१.	फाकफोकथुम गाउँपालिका	५१९२०००		३७९६१००
२.	साल्पासिलोछो गाउँपालिका	५१७०००	७	४८०८१००
३.	माप्यदुधकोशी गाउँपालिका	५१७०००	८६	७२३८००
४.	गणेशमान चारनाथ नगरपालिका	५१९२०००	०	५१९२०००
५.	धनुषाधाम नगरपालिका	५१९२०००	०	५१९२०००
६.	मिथिला नगरपालिका	५१९२०००	१२	४५७१६००
७.	बलवा नगरपालिका	५१९२०००	०	५१९२०००
८.	रामगोपालपुर नगरपालिका	५१९२०००	०	५१९२०००
९.	कविलासी नगरपालिका	५१९२०००	०	५१९२०००
१०.	सिम्रौनगढ नगरपालिका	५१९२०००	३७	३२७९१००
११.	नवराजपुर गाउँपालिका	५१९२०००	०	५१९२०००
१२.	परवानीपुर गाउँपालिका	५१९२०००	०	५१९२०००
१३.	कालिका नगरपालिका	५१९२०००	१९	४२०९७००
१४.	लिखु गाउँपालिका	५१७५०००	०	५१७५०००
१५.	गोसाइकुण्ड गाउँपालिका	५१८००००	०	५१८००००
१६.	पार्वतीकुण्ड गाउँपालिका	५१८००००	०	५१८००००
१७.	मनाङ डिस्याङ गाउँपालिका	५१९९०००	४९	२६६५७००
१८.	नार्फा भूमि गाउँपालिका	५१९९०००	०	५१९९०००
१९.	लोमन्थाङ गाउँपालिका	५१९९०००	०	५१९९०००

	स्थानीय तहको नाम	बजेट / निकासा	दर्ता बेरोजगार सङ्ख्या	बढी निकासा
२०.	बाह्र गाउँ मुक्तिक्षेत्र गाउँपालिका	५१९९०००	८९	५९७७००
२१.	दंगिशरण गाउँपालिका	५१९२०००	५८	२१९३४००
२२.	महाबै गाउँपालिका	५१९९०००	१	५१४७३००
			बढी निकासा रू.	**९४२६९५००**

उपरोक्तबमोजिम दर्ता भएका बेरोजगारलाई न्यूनतम रोजगारी लागि भुक्तानी गर्नुपर्ने रकमभन्दा रू.९ करोड ४२ लाख ६९ हजार बढी निकासा गरेको छ । यस्तो अभ्यासले एकातिर बजेट खर्च नहुने अवस्था विद्यमान रहन्छ भने अर्कोतर्फ रोजगारी सिर्जना गर्न सक्ने वा धेरै सूचीकृत बेरोजगार भएका स्थानीय तहलाई थप बजेट विनियोजन गर्न नसकिने अवस्था रहन्छ ।

मन्त्रालयले यथार्थ आधार लिई कार्यक्रमको लक्ष्य पुरा हुने गरी बजेट तर्जुमा र स्थानीय तहहरूलाई रकम निकासा गर्नुपर्दछ । साथै प्रदेश तथा स्थानीय तहहरूले तोकिएबमोजिम बजेट व्यवस्था गरी कार्यक्रममा स्वामित्व सुनिश्चित गर्नुपर्दछ ।

१६. **रोजगार सेवा केन्द्र** - यस कार्यक्रमबाट मुलुकभरका ७५३ स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरिएको छ । रोजगारीको हकसम्बन्धी ऐन २०७५, को दफा १० मा हरेक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र रहने व्यवस्था गरेको छ भने रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ६ मा रोजगार सेवा केन्द्रको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। सबै प्रकारका रोजगारमूलक सेवाहरू एकद्वार प्रणालीको रुपमा उपलब्ध गराउने उद्देश्य समेत लिई ७५३ स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना भएका छन् । रोजगारीको खोजीमा रहेका जनशक्ति (दक्ष/अर्धदक्ष), अदक्ष श्रमिकको खोजीमा रहेका रोजगारदाता र श्रम बजारमा उपलब्ध अवसरको सूचना आदान प्रदान गरी रोजगारी प्रत्याभूतिमा सहजीकरण, सहकार्य र समन्वय कायम गर्ने, कार्यक्रम मार्फत सञ्चालन हुने तथा अन्य निकायले सञ्चालन गर्ने तालिम कार्यक्रमको संयोजन तथा सहकार्य गर्ने, रोजगार सेवा विनिमय केन्द्र (Employment Exchange Service Centre) को रुपमा रोजगार सेवा केन्द्रलाई विकास गर्ने तथा बेरोजगार व्यक्ति तथा रोजगारदातालाई रोजगारसम्बन्धी सेवा र सहायता प्रदान गर्ने उद्देश्य साथ स्थापना भए तापनि रोजगार सेवा केन्द्रहरू न्यूनतम रोजगारी प्रदान गर्न सञ्चालित कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालनमा मात्र सीमित रहेका छन् । रोजगार सेवा केन्द्रमा एक रोजगार संयोजक, एक रोजगार अधिकृत/सहायक र एक प्राविधिक सहायकको दरबन्दी रहेको छ । ७५३ सेवा केन्द्रमध्ये ६९२ मा रोजगार संयोजक कार्यरत छन्, भने रोजगार अधिकृत वा सहायकको दरबन्दी पूर्ति गरिएको छैन। त्यस्तै ४६१ स्थानीय तहमा प्राविधिक सहायक कार्यरत छन् । रोजगार सेवा केन्द्र सञ्चालनमा विगत ३ वर्षमा रू.२ अर्ब २४ करोड ६१ लाख ७१ हजार प्रशासनिक खर्च गरिएको छ । रोजगार सेवा केन्द्रहरूले बेरोजगारको पहिचान तथा सूचीकरण, प्राथमिकताअनुसार श्रमिकलाई रोजगारीमा परिचालन, कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन, आयोजनाको नियमित अनुगमन जस्ता कार्यहरू केही हदसम्म गरे तापनि नियमावलीले तोकेको देहायका कार्यहरू गरेको पाइएनः

- रोजगार सूचना सङ्कलन तथा सम्प्रेषण,
- रोजगारदाता (सरकारी, निजी, सहकारी, संस्था) सँग समन्वय तथा सहकार्य,
- रोजगारीमा लगाउने (Job Placement) मा सहजीकरण,
- सीप तथा तालिमको आवश्यकता पहिचान,

- बेरोजगारहरूको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,
- स्वरोजगारका लागि सहजीकरण,
- वित्तीय पहुँचमा सहजीकरण,
- निर्वाह भत्ता व्यवस्थापन,
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूका लागि सूचना सम्प्रेषण गर्ने,
- स्थानीय तहमा रोजगारी तथा स्वरोजगारीसम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,
- रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने ।

रोजगार सेवा केन्द्रको काम कर्तव्य र अधिकार
(रोजगारीको हक सम्बन्धी नियमावलीको नियम ६)

- स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने
- सूचिकृत बेरोजगार व्यक्तिहरुलाई परिचयपत्र वितरण गर्ने
- स्थानीय तहधित्र उपलब्ध रोजगारीका अवसरको पहिचान गरी सो को सूचना प्रवाह गर्ने
- स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगार नक्साङ्कन गर्ने तथा रोजगारीका अवसरको अभिलेखाङ्कन गर्ने
- रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने
- रोजगारदाताबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने
- बेरोजगारहरुको ज्ञान, सिप,योग्यता, अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने
- आफ्ना कामकारबाहीको बारेमा नियमित रुपमा सम्बन्धीत गाउँ कार्यपालिका तथा नगरकार्यपालिकामा प्रतिवेदन पेश गर्ने
- ऐन तथा यस नियमावली बमोजिम आफूले गरेको कामकारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पठाउने
- आफ्नो कार्यक्षेत्रभित्र वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सूचना सम्प्रेषण गर्ने
- वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने
- बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने
- सम्बन्धीत स्थानीय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने
- रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने ।

रोजगार सेवा केन्द्र तथा स्थानीय तहमा जनशक्तिको कमी, अभिमुखीकरणको अभाव, स्थानीय तहमा कार्यक्रम प्रतिको बुझाइमा भिन्नता जस्ता कारणहरूले रोजगार सेवा केन्द्रले कानुनबमोजिम जिम्मेवारी पूर्ण रूपमा पालना गर्न सकेका छैनन् । यसले गर्दा लक्ष्य अनुरूप रोजगार उपलब्ध गराउन नसकेको, कार्यक्रमको तोकिएको लक्ष्य प्राप्त हुन नसकेको अवस्था रहेको छ । अनुगमन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी रोजगार सेवा केन्द्रको क्षमतामा अभिवृद्धि गराई सेवा केन्द्रको प्रभावकारिता बढाउनुपर्ने देखिन्छ ।

१७. **बेरोजगार सूचीकरण** - रोजगारीको हकसम्बन्धी नियमावली २०७५ को दफा ६(क) मा रोजगार सेवा केन्द्रले बेरोजगारको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने व्यवस्था गरेको छ । बेरोजगारको सूचीकरण गर्ने मापदण्ड तथा प्राथमिकताका आधारहरूका सम्बन्धमा नियमावली तथा निर्देशिकामा गरेको व्यवस्था देहायबमोजिम छः

रोजगारीको हकसम्बन्धी नियमावली नियम ७ को उपनियम ५ बेरोजगार मापदण्ड	प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका को दफा २१(३) बेरोजगार प्राथमिकताका आधार
• निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको • स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम	• कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य • बसोबासका लागि आफ्नै घर नभएको परिवारको सदस्य • एकल महिला घरमुली भएको परिवारको सदस्य • वार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक

एकसय दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको • कम्तीमा अठार वर्ष पुरा भई उनान्साठी वर्ष उमेर ननाघेको	भन्दा कम नगद आय भएको परिवारको सदस्य • कोही पनि सदस्यले न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने गरी स्वरोजगारीमा नभएको परिवारको सदस्य • सहिद परिवार तथा बेपत्ता परिवारको सदस्य • परिवारमा काम गर्ने उमेर (१८-५९) को वा काम गर्ने सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य • महिला बेरोजगार व्यक्ति • अन्य बेरोजगार व्यक्ति

आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रममा रोजगार सेवा केन्द्र र रोजगार व्यवस्थापन सूचना प्रणालीलाई थप विकसित गर्दै श्रम बजारमा रहेका श्रमिकहरूको सीप र क्षमताको उपयोग गर्न सहज हुने गरी उनीहरूको व्यक्तिगत विवरण रहेको श्रमिक सूचना बैङ्क स्थापना गरिने तथा रोजगार सेवा केन्द्रले रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरूको बीचमा सम्पर्क स्थापित गर्ने उल्लेख गरेको छ । मुलुक भरको ७५३ रोजगार सेवा केन्द्रमा २०७८ असारसम्ममा देहायबमोजिम ३५ लाख ३२ हजार १ सय १६ बेरोजगार सूचीकृत भएका छनः

वर्ष	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	जम्मा
सूचीकृत बेरोजगार	१७०१५७१	३६९३१३	७५२९५५	७०८२७७	३५३२११६

बेरोजगारको सूचीकरण प्रक्रियामा देहायबमोजिम कमी कमजोरीहरू देखिएका छन्

१७.१ रोजगारीको हकसम्बन्धी ऐन, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाले बेरोजगार व्यक्ति भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सयदिन रोजगारीमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आयआर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्षदेखि उनन्साठी वर्ष उमेर समूहको नागरिक सम्झनुपर्दछ भनी परिभाषित गरेको छ।ऐन तथा निर्देशिकामा पूर्णकालीनलाई मात्र बेरोजगारको रुपमा परिभाषित गरेको छ।यसले बेरोजगार सूचीकरण गर्दा पूर्णकालीन, आंशिक, मौसमी, प्रक्रियागत, शैक्षिक जस्ता सम्पूर्ण प्रकारका बेरोजगारहरूलाई बेरोजगारको परिभाषामा समेटी सूचीकरण गर्न सकेको पाइएन।यस्तो अवस्थामा रोजगार सेवा केन्द्र तथा रोजगार सूचना प्रणालीमा प्रविष्ट विवरणले बेरोजगारको यथार्थ तथ्याङ्क प्रस्तुत गर्ने सक्ने देखिँदैन ।

१७.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ९ मा बेरोजगार व्यक्तिले आफू स्थायी रुपमा बसोबास गरेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको वडा कार्यालयमा वा रोजगार सेवा केन्द्रमा बेरोजगार सूचीमा दर्ताका लागि निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । नेपालको ११ औं जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्याको ४०.२२ प्रतिशत जनसङ्ख्या भाडामा बस्दै आएका छन् । यस्तो जनसङ्ख्यामा मुख्यतः रोजगारीको अवसरको खोजी तथा अध्ययनको लागि स्थायी ठेगानाभन्दा बाहिर बस्ने गरेका छन् । स्थायी ठेगाना मार्फत मात्र बेरोजगारमा सूचीकरण हुन पाउने व्यवस्थाले आफ्नो स्थायी ठेगानाभन्दा बाहिर रहेका लक्षित समूह अन्तर्गतका बेरोजगार समेट्न सकेको पाइँदैन । फलस्वरूप कामको खोजीमा आफ्नो थात थलो छोडी अन्यत्र बसोबास गरिरहेका र अध्ययन र रोजगारीलाई एकसाथ अगाडी बढाउन चाहने शैक्षिक बेरोजगारको ठुलो समूह कार्यक्रममा सहभागी हुनबाट वञ्चित भएका छन् । साथै यस्तो बेरोजगारको सूचीले देशको बेरोजगारको समग्र अवस्थालाई प्रतिबिम्बित गर्न सक्ने देखिदैन ।

१७.३ निर्देशिकाको दफा १८(१) मा रोजगार सेवा केन्द्रले स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरूलाई प्रत्येक वर्षको फाल्गुण महिनाभरिको म्याद तोकी बेरोजगार दर्ताको लागि निवेदन माग गर्नुपर्ने तथा दफा १८(३) मा प्राप्त निवेदनको पन्ध्र दिनभित्र छानबिन गरी बेरोजगार ठहरिएका व्यक्तिहरूको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालिमा अद्यावधिक राख्नुपर्ने व्यवस्था रहेको छ । यस्तो आवेदन प्रक्रिया आर्थिक वर्ष सुरू हुनुभन्दा ४ महिना अगाडि नै समाप्त हुने हुँदा बेरोजगार दर्ता प्रक्रिया समाप्ति पश्चात रोजगारी गुमाउनेहरू तथा आवेदन गर्ने समयमा आफ्नो स्थायी ठेगानामा नभएका व्यक्तिहरू यो कार्यक्रममा सहभागी हुन १ वर्ष कुर्नुपर्ने हुन्छ । साथै नमुना छनौटमा परेका स्थानीय तहका पदाधिकारी तथा लक्षित समूहसँगको छलफलमा समेत वर्षको १ पटक मात्र सूचीकरणले सबै लक्षित समूहलाई रोजगार सूचना प्रणालीमा समेट्न सहज नभएको गुनासो छ ।

१७.४ स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरूले कार्यक्रममा आबद्ध हुन प्रत्येक वर्षको फाल्गुण महिना भित्र बेरोजगार दर्ताको लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ । विगत ४ वर्षमा मुलुकभरिको ७५३ रोजगार सेवा केन्द्रमा ३५ लाख ३३ हजार ५६६ बेरोजगार सूचीकृत भएकोमा प्रत्येक वर्ष सेवा केन्द्रमा दर्ता हुने बेरोजगारहरूको सङ्ख्यामा ठुलो भिन्नता पाइएको छ । कार्यक्रम सुरू भएको पहिलो वर्ष १७ लाखभन्दा बढी बेरोजगारहरू सूचीकृत भएकोमा दोस्रो वर्षमा दर्ता हुनेको सङ्ख्यामा ठुलो कमी देखिएको छ । दोस्रो तथा तेस्रो वर्षमा क्रमशः ३ लाख ७१ हजार र ७ लाख ५३ हजार बेरोजगार सूचीकृत भएकोमा चौथो वर्षमा ७ लाख ८ हजार दर्ता भएका छन् । प्रत्येक वर्ष सेवा केन्द्रमा दर्ता हुने बेरोजगारहरूको भिन्नतालाई प्रदेशगत रूपमा रेखाचित्रमा देहायबमोजिम प्रस्तुत गरिएको छः



श्रम शक्ति सर्वेक्षण २०७४ ले हप्तामा कम्तीमा १ घण्टा आयआर्जनको कार्यमा सहभागी नभएका व्यक्तिलाई बेरोजगार मान्दा नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत रहेको र बेरोजगारहरूको सङ्ख्या ९ लाख ८ हजार देखाएको तथ्यलाई आधार मान्दा २०७५।७६ मा १७ लाख भन्दा बढी बेरोजगारहरू सूचीकृत हुनु, प्रत्येक वर्ष दर्ता हुने बेरोजगारहरूको सङ्ख्यामा निकै उतार चढाव देखिएकाले रोजगार व्यवस्थापन सूचना प्रणाली (ई.एम.आई.एस) ले बेरोजगारहरूको यथार्थ अवस्था देखाएको छ भन्ने विश्वसनीय आधार छैन ।

१७.५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २१(३) मा बेरोजगारलाई रोजगारीमा खटाउँदा बेरोजगारलाई प्राथमिकीकरण गरी खटाउनुपर्ने व्यवस्था गरेको छ । सूचना प्रणालीमा प्रविष्ट गरेको बेरोजगार व्यक्तिको विवरणबमोजिम नै प्रणालीले प्राथमिकीकरण गर्ने गर्दछ । रोजगार संयोजकले बेरोजगार व्यक्तिले आवेदनमा भरेको ब्यहोरा नै प्रणालीमा प्रविष्ट गर्ने हुँदा बेरोजगारको प्राथमिकीकरण आवेदनमा भरिएको विवरणको यथार्थतामा भर पर्नुपर्ने हुन्छ । तर

बेरोजगार व्यक्तिले निवेदनमा भर्ने गलत विवरणको कारण प्राथमिकता क्रम निर्धारणमा समस्या रहेको पाइएको छ । बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ ले बेरोजगारको निवेदनको सत्यता छानबिन गर्ने प्रारम्भिक अधिकार सम्बन्धित वडा कार्यालयलाई दिएको भए तापनि वडा कार्यालयहरूले निवेदन सङ्कलन गरी छानबिन विना नै रोजगार सेवा केन्द्रमा पठाउने गरेको पाइयो । त्यस्तै स्थानीय निर्देशक समिति र गाउँ तथा नगर कार्यपालिकाहरूले समेत आवश्यक छानबिन गर्न सक्ने व्यवस्था रहे तापनि धेरैजसो स्थानीय तहमा स्थानीय निर्देशक समिति गठन नै हुन सकेको छैन भने भएकोमा समेत पेश भएको विवरण चेक जाँच बिना नै स्वीकृत/सिफारिस गरेको पाइयो । लेखापरीक्षणको क्रममा सबै स्थानीय तहहरूसँग विवरण माग गरिएकोमा विवरण प्राप्त भएका २६४ स्थानीय तहमध्ये ५३ स्थानीय तहमा हालसम्म स्थानीय निर्देशक समितिको एक पटक पनि बैठक बसेको पाइएन । लगत परीक्षण, सूचीकृत बेरोजगारसँगको अन्तरवार्ता तथा रोजगार संयोजक र स्थानीय तहहरूको छलफलका क्रममा वास्तविक बेरोजगार प्राथमिकीकरण हुन नसक्दा पारिश्रमिकमा आधारित आयोजनामा पहिलो प्राथमिकतामा भएका व्यक्तिहरू सहभागी हुन इच्छुक नहुने तर काममा सहभागी हुन चाहने आवश्यकता भएका वर्ग प्राथमिकीकरणमा पछाडि हुँदा सहभागी गराउन नसकिने अवस्था रहेको छ।

बेरोजगारको सूचीकरण गर्ने सम्बन्धमा नियमावली तथा निर्देशिकामा गरेको व्यवस्थामा अस्पष्टता, सूचीकृत हुनका लागि परेका निवेदन हरूको जाँच परीक्षणको कमीका कारणले गर्दा रोजगार व्यवस्थापन सूचना प्रणाली (ई.एम.आई.एस) ले देशको बेरोजगारको समग्र सङ्ख्यालाई प्रतिबिम्बित गर्न नसक्ने अवस्था छ । बेरोजगार सूचीकरणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी अस्थायी ठेगाना मार्फत समेत बेरोजगारहरूको नाम दर्ता गर्न सक्ने र दर्ता प्रक्रियाको प्रभावकारी अनुगमनको व्यवस्था गर्नुपर्दछ।

१८. **श्रमिक ज्याला व्यवस्था** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (पहिलो संशोधन), २०७५ को दफा २७(१) ले कार्यक्रममा आबद्ध श्रमिकहरूको पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक कायम हुने व्यवस्था गरेको छ । साथै निर्देशिकाको दफा २८(१) ले यस कार्यक्रम अन्तर्गत हुने ज्यालाको भुक्तानी लाभग्राहीको बैङ्क खाता मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यक्रम कार्यान्वयनमा ज्याला दर निर्धारण तथा भुक्तानीमा देखिएका व्यहोरा देहायअनुसार छन्

१८.१ कार्यक्रमले श्रमिकहरूको काम बापतको पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक हुने व्यवस्था गरेको छ । नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको २०७५।४।३१ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार २०७५ साउन १ गतेदेखि लागु हुने गरी श्रमिकहरूको न्यूनतम पारिश्रमिक नेपाल दैनिक रु.५१७ तोकेको छ । नेपाल सरकारले कार्यक्रमको लागि तोकेको न्यूनतम ज्याला प्रचलित जिल्ला दरले अदक्ष र दक्ष कामदारको लागि तोकेको जिल्ला दरभन्दा धेरै कम रहेको छ । विश्व खाद्य सङ्गठनका अनुसार [1] कामका लागि पारिश्रमिक आयोजनाको लागि ज्याला दर निर्धारण गर्दा

आ.व. २०७७/७८ को केही जिल्लाको जिल्ला दररेट अनुसार ज्यालादर

जिल्ला	अदक्ष	अर्धदक्ष	दक्ष
भक्तपुर	८९०	१०००	१२००
उदयपुर	६२०	८३०	९१५
रामेछाप	७६०	७७०	९४०
कास्की	७३५	८००	१०५०
चितवन	६७५	-	९४०
रुकुमपुर्व	७००	७५०	९००
मुगु	७५०	९५०	१०००
काठमाडौं	७५०	८४५	१०३०
झापा	५६०	६५०	८००
धनुषा	७१५	८८०	११००

[1] GUIDELINES FOR PUBLIC WORKS PROGRAMMES: CASH-, VOUCHER- AND FOOD-FOR-WORKs volume 1, 2013

निम्न कुराहरूलाई ध्यान दिनुपर्ने हुन्छ।

- न्यूनतम ज्यालामार्फत बजेट प्रवाह गर्दा समुदायको स्थानीय अर्थ व्यवस्थालाई प्रभाव पार्न नहुने गरी गर्नुपर्दछ अर्थात अधिकतम ज्याला निर्धारणले मूल्य वृद्धि ल्याउनु हुँदैन,
- ज्याला दरले कार्यक्रमको लक्षित समुहलाई प्रभावित हुनु हुँदैन,
- ज्याला दर कम्तीमा कानुनले निर्धारण गरेको मुलुकको न्यूनतम ज्याला दरसँग बराबर तथा आयोजना सञ्चालन गर्ने स्थानीय ज्याला दरसँग नजिक हुनुपर्दछ,
- दक्ष र अदक्ष दुवै श्रमिकको आवश्यकता भए दुवै श्रमिकको ज्याला दर निर्धारण गर्नुपर्दछ ।

ज्याला दर निर्धारणले कार्यक्रमको कार्यान्वयन तथा लक्ष्य प्राप्तिमा प्रत्यक्ष असर गरेको हुन्छ । ज्याला दर न्यून भएमा लक्षित समुहका न्यूनतम आवश्यकता परिपूर्ति गर्न कठिनाइ भई कार्यक्रममा श्रमिक आबद्ध नहुने, ज्यालाको दर अधिक भएमा श्रम बजारलाई प्रभाव पार्ने हुन्छ । कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्दा नेपाल सरकारले तोकेको न्यूनतम ज्याला दर नै भुक्तानी गर्नुपर्ने व्यवस्थाले ज्याला दर निर्धारण गर्दा स्थानीय ज्याला दर समेतलाई मध्यनजर गर्नुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड लाई वेवास्ता गरेको छ भने अर्कोतर्फ स्थानीय ज्याला दरभन्दा अत्याधिक कम समेत रहेको छ । न्यून ज्याला दरमा लक्षित समूह समेत कार्यक्रममा सहभागी हुन अनिच्छुक हुने हुँदा समग्र कार्यक्रमको सफलता प्राप्तिमा समेत चुनौती स्थापित भएको छ।

१८.२ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि को दफा ४(२) मा कामका लागि पारिश्रमिकमा आधारित आयोजनाको क्षेत्र (अनुसूची ६) उल्लेख गरेको छ । सोही कार्यविधिको दफा ९ मा स्थानीय तहले आयोजना कार्यान्वयन गर्दा लागत अनुमान, ड्रइङ डिजाइन आदि समेत तयार गरी कार्यान्वयनमा लैजानुपर्ने व्यवस्था गरेको छ । आयोजनाको लागत अनुमान तयार गर्दा दक्ष तथा अदक्ष श्रमिकको स्थानीय मूल्य दरअनुसार लागत अनुमान तयार गर्नुपर्ने हुन्छ । तर कार्यक्रमको लागि तोकिएको ज्याला दर रु.५१७ स्थानीय दरभन्दा कम रहेकोले पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनमा कठिनाइ रहेको देखिन्छ ।

१८.३ यस कार्यक्रम अन्तर्गत २०७७/७८ बाट सञ्चालन गरिएको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा संलग्न हुने श्रमिकहरूको ज्याला रकम मासिक रुपमा भुक्तानी गर्नुपर्ने व्यवस्था युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४५ मा गरेको छ । तर आयोजनाले प्राविधिक नाप जाँचमा समस्या देखाई मासिक रुपमा ज्याला भुक्तानी गरेको पाइएन।

१८.४ ज्याला वितरण गर्दा अनियमितता हुन नदिन, नागरिकमा बैङ्किङ पहुँच स्थापित गर्ने, वास्तवमै काम गरेका व्यक्तिले भुक्तानी पाएको यकिन गर्न तथा उपभोक्ता समितिको नाममा अनियमितता हुन नदिने उद्देश्यका साथ बैङ्किङ प्रणालीमार्फत भुक्तानी गर्ने व्यवस्था गरिएको भए तापनि स्थलगत अनुगमन तथा सर्वेक्षण र रोजगार व्यवस्थापन सूचना प्रणाली समेतबाट अधिकांश स्थानीय तहहरूले बैङ्किङ प्रणालीमार्फत ज्याला भुक्तानी गरेका छैनन् । बैङ्किङ पहुँच भएका बजार क्षेत्रहरूमा (भरतपुर महानगरपालिका, हेटौंडा उप महानगरपालिका, बर्दिबास नगरपालिका आदि) समेत ज्याला भुक्तानी उपभोक्ता

ज्याला रकम लिन बैंकखाता खोल्नुपर्ने विषयमा लाभग्राहीको सचेतना अवस्था बुझ्न रोजगार सेवा केन्द्रले तपाइलाई बैंक खाता खोल्न लगाएको थियो भनि विभिन्न ८ जिल्लाका ३६७ जनालाई सोधिएको प्रश्नमा २५ प्रतिशतले बैंक खाता खोल्न नलगाएको जनाएका छन् ।

समितिमार्फत गरेको पाइयो । निर्देशिकाको दफा २८(२) मा बैङ्क खातामार्फत भुक्तानी गर्न सम्भव नहुने परिस्थिति भएमा स्थानीय तहले सो व्यहोरा निर्णय गरी नगदमै भुक्तानी दिनसक्ने व्यवस्था भए पनि स्थानीय तहहरूले सोबमोजिम निर्णय गरेको पाइएन । यसले गर्दा व्यक्तिअनुसार ज्याला दरमा फरक हुने, भरपाई र वास्तविक बुझेको रकममा भिन्नता हुने, असम्बन्धितलाई ज्याला भुक्तानी हुने जस्ता समस्या रहेको सर्वेक्षणको क्रममा पाइयो ।

कार्यक्रमले बैंङ्किङ पहुँच स्थापित भएका स्थानीय तहहरूमा श्रमिकहरूको बैङ्क खाता खोल्न लगाई बैङ्कमार्फत नै ज्याला रकम भुक्तानीको व्यवस्थालाई पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै कार्यक्रममा आबद्ध श्रमिकहरूको न्यूनतम ज्याला दर स्थानीय ज्याला दर रेटबमोजिम हुने गरी बजेट व्यवस्था तथा लागत अनुमान तयार गर्ने व्यवस्था गर्नुपर्दछ ।

१९. **न्यूनतम रोजगारीको प्रत्याभूतिको अवस्था** - रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा २(ग) ले एक आर्थिक वर्षमा उपलब्ध गराइने कम्तीमा एकसय दिनको रोजगार अवधिलाई न्यूनतम रोजगारीको रुपमा परिभाषित गरेको छ । यस कार्यक्रममार्फत प्रत्येक स्थानीय तहका रोजगार सेवा केन्द्रमा दर्ता भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम सय दिन बराबरको रोजगारी सुनिश्चितता गर्ने र सो नभएमा निर्वाह भत्ताको व्यवस्था गरी सामाजिक सुरक्षा प्रदान गर्ने व्यवस्था गरेको छ । यस कार्यक्रमले ५ वर्षको अवधिमा कूल ७१६२५७ बेरोजगार व्यक्तिलाई ७ करोड १६ लाख दिन बराबरको रोजगारीको प्रत्याभूति गर्ने लक्ष्य पुरा गर्न देहायको रणनीति लिएको छ

- प्रदेशको सम्बन्धित मन्त्रालय र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफ्ना नियमित आयोजना तथा कार्यक्रमहरूमा रोजगारी उपलब्ध गराएर,
- निजी क्षेत्रसँग समन्वय गरी सञ्चालित उद्योग व्यवसाय तथा निर्माण कार्यक्रममा परिचालन गरेर,
- "कामका लागि पारिश्रमिक (Cash for Work)" मा आधारित रोजगार आयोजनाहरू तर्जुमा गरी कार्यान्वयन गरेर ।

तर उपरोक्त रणनीतिहरूले कार्यक्रमले लक्ष्य राखेबमोजिम ७ करोड १६ लाख दिन बराबरको रोजगारी दिन नसक्ने अवस्था देहायबमोजिम रहेको छः

१९.१ निर्देशिकाको दफा १९ मा नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरू र स्थानीय तहहरूले आफूले सञ्चालन गर्ने विकास आयोजनाहरूको कुल बजेटको निश्चित प्रतिशत बजेट श्रमिकको ज्यालामा खर्च गर्ने व्यवस्था गर्नुपर्ने तथा प्राथमिकताको सूचीमा रहेका बेरोजगार व्यक्तिहरूलाई रोजगारीमा संलग्न गराउन सार्वजनिक क्षेत्रका कार्यान्वयनमा रहेका नियमित आयोजनामा "श्रमिकको ज्यालाको रकममा साझेदारी" गरी रोजगार कार्यक्रमको कार्यान्वयन गर्नसक्ने व्यवस्था रहेको छ । प्रदेशको रोजगार विषय हेर्ने मन्त्रालय र स्थानीय रोजगार सेवा केन्द्रसँग माग गरिएका विवरण तथा छनौटमा परेका स्थानीय तहहरूसँगको छलफलको क्रममा रोजगारीमा खर्च गर्नुपर्ने बजेट प्रतिशत निर्धारण गरेको तथा श्रमिक ज्यालामा साझेदारीमा आयोजना सञ्चालनमा रहेको पाइएन ।

१९.२ निर्देशिकाको दफा २० मा नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालयहरू र स्थानीय तह अन्तर्गतका सार्वजनिक निर्माण वा सार्वजनिक क्षेत्रका अन्य आयोजनाले आ-आफ्ना आयोजना कार्यान्वयन गर्दा आवश्यक पर्ने श्रमिक, ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने आयोजनामा आवश्यक अदक्ष श्रमिक रोजगार सेवा केन्द्रबाट माग गर्नुपर्ने र यी व्यवस्था कार्यान्वयन गर्न ठेक्का सम्झौतामा नै

आवश्यक शर्तहरू समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । यस व्यवस्थाबाट २०७५।७६ मा ५० हजार, २०७६।७७ मा ६० हजार र २०७७।७८ मा ५० हजार रोजगारी उपलब्ध गराउने लक्ष्य राखे तापनि देशभरका कुनैपनि रोजगार सेवा केन्द्रमा सार्वजनिक आयोजनाबाट श्रमिक माग तथा आपूर्ति भएको पाइएन । स्थानीय तहमा सञ्चालित आयोजनाहरूमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरू संलग्न नभई निर्माण व्यवसायीहरू आफै श्रमिकहरूको व्यवस्था गरेको पाइयो ।

१९.३ निर्देशिकाको दफा ३४(१) मा मन्त्रालयले आन्तरिक रोजगारी प्रवर्द्धन गर्न आफू मातहतका विभाग, कार्यालय तथा तालिम प्रतिष्ठानहरू मार्फत निजी क्षेत्रसँग सहकार्य र साझेदारीमा श्रमिक आवश्यकताको अध्ययन र तालिमहरूको सञ्चालन गरी तालिम प्राप्त व्यक्तिहरूलाई उद्योग प्रतिष्ठानहरूमा रोजगारीका लागि खटाउन सक्ने व्यवस्था रहेको छ । त्यस्तै कार्यक्रमको दिर्घकालीन दस्ताबेजमा कार्यक्रम अवधिमा ४० हजार बेरोजगार व्यक्ति निजी क्षेत्रसँगको सहकार्यमा व्यवसायिक तथा सीप विकास तालिम प्राप्त गरेको हुने उल्लेख गरेको छ । निर्देशिकाको दफा १३ मा कार्यक्रम कार्यान्वयनमा निजी क्षेत्रले आफ्नो जनशक्ति आवश्यकताको पूर्वानुमान गरी सोको जानकारी रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउने र आवश्यक जनशक्ति सम्भव भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूको सूचीबाट लिने भूमिका निजी क्षेत्रको हुने व्यवस्था छ । ७५३ स्थानीय तहसँग माग गरिएको विवरणमा विवरण प्राप्त कुनैपनि स्थानीय तहमा निजी क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको विवरण माग तथा प्राप्त भएको पाइएन । साथै मन्त्रालयले रोजगार सूचना केन्द्र (EMIS) प्रणालीमा सोसम्बन्धी विवरण अद्यावधिक गर्ने व्यवस्था समेत गरेको छैन ।

१९.४ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ३४(२) मा कुनै उद्योग प्रतिष्ठानले श्रमिकलाई नियमित रोजगारी दिने सर्तमा निश्चित अवधिका लागि प्रशिक्षार्थी श्रमिकका रुपमा राखी तालिम प्रदान गर्न चाहेमा सो अवधि न्यूनतम तलबको निश्चित प्रतिशत रकम सम्बन्धित उद्योग प्रतिष्ठानलाई वित्तीय प्रोत्साहनका रुपमा उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गर्नसक्ने र वित्तीय प्रोत्साहन गर्ने सम्बन्धमा मन्त्रालयले छुट्टै कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । मन्त्रालयले हालसम्म यस सम्बन्धमा कार्यविधि तयार गरी कार्यान्वयन गरेको पाइएन ।

१९.५ निर्देशिकाको दफा १९(३) ले मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफ्ना नियमित आयोजना तथा कार्यक्रम बाहेक रोजगारी सिर्जना गर्ने उद्देश्यले "कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित रोजगार आयोजनाहरू तर्जुमा गरि कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ । न्यूनतम रोजगारी उपलब्ध गराउन कार्यक्रमले २०७५/७६ देखि कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गरेको छ । प्रतिवर्ष ७ लाख बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीमा संलग्न गराउने लक्ष्य राखे तापनि सोअनुरूप वार्षिक कार्यक्रमहरू तयार नगरेकोले लक्ष्यबमोजिम रोजगारी उपलब्ध गराउन नसक्ने अवस्था छ । सुरूवातदेखि विगत ३ वर्षमा कार्यक्रमले प्रदान गरेको न्यूनतम रोजगारीको विवरण देहायबमोजिम रहेको छः

वर्ष	२०७५।७६	२०७६।७७	२०७७।७८।*	जम्मा
सूचीकृत बेरोजगार	१७०१५७१	३६९३१४	७५३१६३	२८२४०४८
रोजगारी उपलब्ध	१७१९७०	१०३६७६	१४६३७९	४२२०२५
रोजगारी उपलब्ध (दिन)	२२१०३१०	१६३९४००	७५१६३४७	११३६६०५७

* २०७८/०३/२१ सम्मको



कार्यक्रमले सूचीकृत प्रति बेरोजगार व्यक्तिलाई सय दिनको रोजगार उपलब्ध गराउने भनिए तापनि ३ वर्षमा कूल सूचीकृत बेरोजगारमध्ये औसतमा १५ प्रतिशतले मात्र रोजगारी पाएका र रोजगारी पाएकामध्ये प्रति बेरोजगार औसतमा २६ दिनमात्र रोजगार उपलब्ध गराएको पाईयो। २०७५।७६ मा ६४६ स्थानीय तहमा विभिन्न कार्यक्रममा १ लाख ७१ हजार व्यक्तिलाई औषत १२.४३ दिनको रोजगारी उपलब्ध गराएको थियो । त्यस्तै गरी २०७६।७७ मा ४९५ स्थानीय तहमा विभिन्न कार्यक्रममा १ लाख ४ हजार व्यक्तिलाई औषत १५.८५ दिनको र २०७७।७८ मा ७४३ स्थानीय तहमा विभिन्न कार्यक्रममा १ लाख ४६ हजार व्यक्तिलाई औषत ५१ दिनको रोजगारी उपलब्ध गराएको थियो ।

कार्यक्रमको लक्ष्य र वार्षिक कार्यक्रमबीच तालमेल नहुनु, केन्द्रबाट स्थानीय तहमा रकम निकासा ढिलो हुनु, अर्थिक वर्षको अन्तमा क्रियाकलाप सञ्चालन गर्नु, निजी क्षेत्रसँगको समन्वयको कमी, सेवा केन्द्रको समन्वात्मक क्षमताको कमीका कारणले गर्दा लक्ष्य अनुरूप सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम सयदिनको रोजगारी उपलब्ध गराउन सकेको पाइएन। मन्त्रालयले सेवा केन्द्रको समन्वयात्मक क्षमता बढाई वर्षैभरी कार्यक्रम सञ्चालन गरी न्यूनतम रोजगारीको लक्ष्य पुरा गर्न कार्यक्रमको विद्यमान कार्यान्वयन रणनीति सुधार गर्नुपर्दछ ।

२०. **निर्वाह भत्ता वितरण** - रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा २२ (१) र (२) मा नेपाल सरकारले रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार उपलब्ध गराउन नसकेमा वा एक आर्थिक वर्षमा एक सय दिनभन्दा कम अवधि मात्रै रोजगारी पाएमा सय दिन पुग्न बाँकी अवधिको लागि मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको पचास प्रतिशत बराबरको रकम निर्वाह भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । यसका लागि कार्यक्रमको दस्ताबेजले ५ वर्षका लागि रू.२१ अर्ब ६ करोड २१ लाख १८ हजार बजेट अनुमान गरेकोमा त्यस अनुरूप बजेट विनियोजन गरी कार्यान्वयन गर्न नसकेको अवस्था देहायबमोजिम छः

सन् १९११ मा सयुक्त अधिराज्य बेलायतले राष्ट्रिय विमा ऐन मार्फत बेरोजगारी भत्ताको अवधारणा विकास भएको । तत्पश्चात बेरोजगार विमा ऐन १९२० मार्फत ३९ हप्ता सम्म बेरोजगारी भत्ता उपलब्ध गराएको थियो । जर्मनीमा सन् १९२७ मा तथा अधिकांश यूरोपियन देशहरुमा दोस्रो विश्वयुद्ध पश्चात बेरोजगार भत्ताको सुरुवात भएको पाइन्छ । अमेरिकामा सामाजिक सुरक्षा ऐन १९३५ मार्फत बेरोजगारी विमाको अवधारणा विकास भएको हो । हाल विश्वका करिब ७२ देशमा बेरोजगारी भत्ता वितरण गरिने व्यवस्था रहेको छ । बेरोजगारी भत्ताको रकम निर्धारण बेरोजगारको विगतको आम्दानी प्रतिशतको आधारमा गर्ने गरेका छन् । यस्तो रकम बेरोजगारको विगतको आम्दानीको औषतमा ५०-६५ प्रतिशत सम्म हुने गर्दछ । भारतमा महात्मा गान्धी ग्रामिण रोजगार कार्यक्रमले बेरोजगार भत्ता सम्बन्धी व्यवस्था गरेको छ । यस्तो रकम प्रदेश सरकारले व्यहोर्ने व्यवस्था कायम रहेको छ । बेरोजगार भत्ता वितरणको मापदण्ड सम्बन्धित प्रदेश सरकारले नै निर्धारण गर्दछन् ।

२०.१ बेरोजगारी भत्ता वितरण अभ्यास विभिन्न मुलुकहरूले गर्दै आएका छन् । भत्ता वितरणका लागि देशअनुसार आ-आफ्नै मापदण्ड रहेका छन् । ऐनको दफा २२(४) र (५) मा निर्वाह भत्ता प्राप्त गर्ने मापदण्ड सम्बन्धमा निम्नानुसार व्यवस्था रहेको छः

- परिवारको कुनै पनि सदस्यले तोकिए बमोजिम रोजगारी नपाएमा,
- नेपाल सरकारले तोकेभन्दा कम आय भएका परिवार,
- परिवारको कुनै पनि सदस्य स्वरोजगार नभएमा,
- परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा नगएकोमा,
- परिवारको कुनै सदस्यले सरकारी कोष वा अन्य मुलुक वा अन्तर्राष्ट्रिय वा अन्तर सरकारी सङ्घ, सङ्गठन वा अन्य कुनै संस्थाबाट नियमित निवृत्तिभरण वा अवकाश सुविधा लिइरहेका वा सामाजिक सुरक्षा कोष वा नेपाल सरकारको सहायतासम्बन्धी अन्य कोषबाट वा रोजगारदाताबाट नियमित रुपमा कुनैपनि किसिमको सहायता प्राप्त नगरेकोमा ।

बेरोजगारी भत्ता सामाजिक सुरक्षाको एक आयामको रुपमा रहेको छ । विकसित देशहरूमा यसलाई योगदानमा आधारित बेरोजगार बिमाको रुपमा समेत कार्यान्वयन गरिएको छ । धेरैजसो देशमा बेरोजगार भत्तालाई व्यक्तिगत सामाजिक सुरक्षाको रुपमा कार्यान्वयन गरिएको पाईन्छ । नेपालमा निर्वाह भत्ता वितरणको मापदण्डमा यसलाई परिवारसँग आबद्ध गरेको पाइन्छ जुन अन्य देशको प्रचलनभन्दा फरक रहेको छ । ऐनले तोकेको मापदण्ड अनुरूपको लगत तयार नभएको तथा निर्वाह भत्ता भुक्तानी दोहोरो नपर्ने तथा मापदण्ड पुगेकाले मात्र भुक्तानी पाउने सुनिश्चतताका लागि नियन्त्रण संयन्त्र एवं विधि स्थापित गरेको पाइएन ।

२०.२ रोजगारीसम्बन्धी नियमावली २०७५ को नियम १८ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको परिच्छेद १२ मा निर्वाह भत्ता वितरण प्रक्रिया तथा भुक्तानी सम्बन्धमा व्यवस्था गरिएको छ । नियमावली तथा निर्देशिकामा भएका निर्वाह भत्ता वितरण प्रक्रिया तथा भुक्तानीसम्बन्धी व्यवस्था देहायबमोजिम फरक फरक रहेका छन्:

क्षेत्र	नियमावलीको व्यवस्था	निर्देशिकाको व्यवस्था
तथ्याङ्क सङ्कलन विधि तथा अवधि	१८(१)- निर्वाह भत्ता लिन पाउने बेरोजगार व्यक्तिले तोकिएको ढाँचामा रोजगार सेवा केन्द्रमा निवेदन दिनुपर्नेछ ।	७५(१)- रोजगार सेवा केन्द्रले असार १५ गतेभित्र ऐनको दफा २२ को उपदफा (४) र (५) मा उल्लिखित अवस्थाहरूका आधारमा निर्वाह भत्ता पाउन योग्य परिवार पहिचान गर्नु पर्दछ ।
सिफारिस	१८(१)- बेरोजगार व्यक्तिले निजको परिवार निर्वाह भत्ता पाउन योग्य रहेको व्यहोराको वडा कार्यालयको सिफारिस संलग्न गर्नुपर्नेछ ।	सिफारिस आवश्यक नरहेको
स्वघोषणा	१९- निर्वाह भत्ता प्राप्त गर्ने बेरोजगार व्यक्तिले तोकिएका सर्तहरू पालना गर्ने गरि स्वघोषणा गर्नुपर्नेछ ।	स्वघोषणा आवश्यक नरहेको
वितरण अवधि	१८(९)- आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र निर्वाह भत्ता वितरण गर्नुपर्नेछ।	७६(२)- मन्त्रालयले निर्वाह भत्ता प्रदान गर्दा लाग्ने रकम असार २० गते भित्र महालेखा नियन्त्रकको कार्यालयमा पठाउने छ । ७७(१)-कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत असार २५ गतेभित्र बैक खातामा निर्वाह भत्ताको भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

बजेट व्यवस्थापन	१८(९क)- अघिल्लो आर्थिक वर्षको निर्वाह भत्ता भुक्तानी गर्ने प्रयोजनको लागि अर्को आर्थिक वर्षको बजेटमा आवश्यक व्यवस्था गर्नु पर्नेछ । १८(९ख)- बजेट व्यवस्था गर्दा रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेरोजगार व्यक्तिको सङ्ख्याको आधारमा गरिनेछ ।	सोही वर्षको बजेट मार्फत भुक्तानी हुनुपर्ने।

नियमावली तथा निर्देशिकामा गरिएको व्यवस्थामा एकरुपता रहेको पाइएन । नियमावली तथा निर्देशिकामा निर्वाह भत्ताको व्यवस्था फरक फरक भएकाले कार्यान्वयनमा ल्याउने निकायलाई अन्यौल सिर्जना गर्ने देखिन्छ ।

२०.३ कार्यक्रमले न्यूनतम रोजगारी प्रदान गर्न नसकेका सूचीकृत बेरोजगार लाई निर्वाह भत्ता वितरण गर्न ५ वर्षको लागि रू.२१ अर्ब ६ करोड २१ लाख १८ हजार बजेट अनुमान गरेको भए पनि मन्त्रालयले कार्यक्रमको वित्तीय योजना अनुरूप वार्षिक बजेट विनियोजन गरेको छैन । कार्यक्रमले ३ वर्षको अवधिमा देहायबमोजिम रू.१८ करोड ५३ लाख विनियोजन भएकोमा वितरण गरेको छैनः

(रू.लाखमा)

वर्ष	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	जम्मा
बजेट अनुमान	२४९८१	४००००	४४०००	४८४००	५३२४०	२१०६२१
बजेट विनियोजन	०	१०००	७५३	१००	आगामी	-

कार्यक्रममा सूचीकृत भएकामध्ये २०७५।७६ मा रोजगार नपाएका १५ लाख ३० हजारलाई पचास दिनको र रोजगार पाएका १ लाख ७२ हजारलाई ४४ दिनको, २०७६।७७ मा रोजगार नपाएका २ लाख ७७ हजार लाई पचास दिनको र रोजगार पाएका १ लाख ४ हजारलाई ४२ दिनको निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने अवस्था थियो । जसका लागि २०७५।७६ मा रू.४३ अर्ब ४६ करोड ३१ लाख र २०७६।७७ मा रू.९ अर्ब ४१ करोड ८७ लाख आवश्यक हुनेमा क्रमशः १० करोड र १ करोड मात्र बजेट बजेट व्यवस्था गरेको थियो । कार्यक्रममा कूल लागत अनुमानको ८१ प्रतिशत रकम निर्वाह भत्ता वितरणका लागि अनुमान गरेकोमा कार्यक्रम सञ्चालनमा आएको ३ वर्ष सम्ममा मन्त्रालयले निर्वाह भत्ता वितरणसम्बन्धी कार्य गरेको छैन ।

कार्यक्रमले अन्य क्षेत्रसँग समन्वय गरी रोजगारीका अवसरको सिर्जना गर्न सकेको छैन भने निजी क्षेत्र तथा सार्वजनिक निर्माणका कार्यमा सूचीकृत बेरोजगारलाई समावेश गर्न सकेको छैन । त्यस्तै कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गरि सबै सूचीकृत बेरोजगारलाई रोजगारी प्रदान गर्ने कार्य पनि रोजगारीको दिगो विकल्प नभएकोले कारणहरूले गर्दा भविष्यमा निर्वाह भत्ता बापत अत्याधिक रकम विनियोजन गर्नुपर्ने हुन्छ जुन राज्य कोषका लागि अधिक व्ययभार पर्न जान्छ।तर राज्यले सोझै बजेटमार्फत निर्वाह भत्ता वितरण गर्ने अवधारणा दिगो नहुनेतर्फ ध्यान दिएको पाइएन । बेरोजगार सूचीकरण विश्वसनीय हुन नसकिरहेको तथा अनौपचारिक क्षेत्रमा रहेको रोजगारी दर ३६.५ प्रतिशत रहेको अवस्थामा निर्वाह भत्ता प्राप्त गर्न योग्य परिवार पहिचान गर्न कठिनाइ भएको व्यहोरा मन्त्रालयले स्वीकार गरेको छ । अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक रुपमा ल्याउन नसकेको तथा बेरोजगार सूचीकरण गर्दा आवश्यक छानबिन गरी भरपर्दो बनाउन नसक्दा चालु वर्षमा समेत निर्वाह भत्ता वितरण गर्न नसकिने व्यहोरा मन्त्रालयले जनाएको छ ।

नियमावली तथा निर्देशिकामा भएका व्यवस्थामा एकरुपता ल्याई मापदण्डबमोजिम लगत तयार गरी निर्वाह भत्तालाई बेरोजगार बिमाको अवधारणाबमोजिम योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध गरी कार्यान्वयन गरिनुपर्दछ ।

२१. **कामका लागि पारिश्रमिक आयोजना** - मन्त्रालयले कार्यक्रमको अवधारणा अनुरूप तोकिएको क्रियाकलापहरूमा केन्द्रित रही स्रोतलाई परिचालन गर्नुपर्दछ । प्रधानमन्त्री रोजगार कार्यक्रमको ५ वर्षे दस्ताबेजले रोजगारीका लागि काम सिर्जना गर्ने कुनै अवधारणा तथा क्रियाकलाप तयार गरेको छैन साथै यस्ता कार्यका लागि बजेट अनुमान समेत गरेको छैन । तर मन्त्रालयले यस कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक आयोजना सञ्चालन गरी देहायबमोजिम रू.१४ अर्ब ६९ करोड २९ लाख निकासा/खर्च गरेको छः

वर्ष	२०७५।७६	२०७६।७७	२०७७।७८	जम्मा
खर्च रू. हजारमा	२३६७९६९	२३०३२००	१००२१६८७	१४६९२८५६
रोजगारी दिन	२२१०३१०	१६३९४००	७५१६३४७	११३६६०५७

कार्यक्रम अन्तर्गत २०७५/७६ मा ६ हजार ९ सय ४ आयोजना तथा २०७६/७७ मा ४ हजार ३ सय ५ आयोजना सञ्चालन भएका छन् । २०७६/७७ मा क्षेत्रगत रुपमा आयोजना सञ्चालनको विवरण दायाँको स्तम्भ चित्रमा देखाइएको छ।

सञ्चालित आयोजनामध्ये सबैभन्दा बढी सडक यातायताको क्षेत्रमा भएको छ । २०७६/७७ मा कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा २ अर्ब ९२ करोड ७७ लाख ८७ हजार खर्च भएको छ । कुल आयोजनामध्ये सडक पूर्वाधारसँग सम्बन्धित ४८.०७ प्रतिशत आयोजना हुँदा कुल बजेटको ४५ प्रतिशत बजेट खर्च भएको छ भने सामुदायिक पूर्वाधार निर्माणमा १८ प्रतिशत आयोजना सञ्चालन भएका छन् । कार्यक्रमले क्षेत्रगत रुपमा आयोजनाको तथ्याङ्क सङ्कलन गरेको भए तापनि यस्ता आयोजनाले स्थानीय पूर्वाधारमा पुऱ्याएको योगदानको मुल्याङ्कन गर्ने प्रणालिको विकास गरेको छैन। सङ्ख्यात्मक आयोजनाले भन्दा परिणामले त्यस्तो योगदानलाई दर्शाउने कुरामा मन्त्रालयले ध्यान पुऱ्याउनु पर्दछ । उदाहरणको लागि २०७६/७७ मा सडक यातायात अन्तर्गत २०८२ आयोजना सञ्चालनमा आएको तथ्याङ्क भए तापनि यस्ता आयोजनाबाट कच्ची बाटो, गाभ्रेल बाटो, पक्की सडक, गोडेटो, घोडेटो कति परिमाणमा निर्माण भयो र स्थानीय तथा राष्ट्रिय सडक सञ्जालमा यसको भूमिका कति रह्यो तथा यसबाट लाभान्वित जनसङ्ख्या कति छ भन्ने कुराको मूल्याङ्कन भएको पाइएन । आयोजनाको सङ्ख्यात्मक रुपमा मात्र तथ्याङ्क राख्दा हरेक वर्ष सञ्चालित आयोजनाको सङ्ख्यामात्र वृद्धि हुँदै जाने तर स्थानीय पूर्वाधारमा पुऱ्याएको योगदानको मापन हुनसकेको पाइदैन । धेरैजसो स्थानीय तहहरूमा सरसफाई तथा झाडी सफा गर्ने आयोजनाहरू सञ्चालनमा ल्याएका छन् । स्वास्थ्य चौकी सफा गर्ने आयोजनालाई स्वास्थ्य क्षेत्रको आयोजना, सडकको झाडी सफा गर्ने कार्यलाई सडक आयोजनाको क्षेत्रमा वर्गीकरण गरी सञ्चालन गरेको छन् । यस्ता आयोजनाले सञ्चालित आयोजनाको सङ्ख्यात्मक वृद्धि गरे तापनि त्यसको उपलब्धि मापनयोग्य



हुनसकेको छैन । कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना आवश्यकतामा आधारितभन्दा संघीय सरकारबाट विनियोजित बजेट खर्च गर्ने प्रयोजनको लागि गरिएको छ । आयोजनाले स्थानीय पूर्वाधारमा योगदान पुऱ्याउनभन्दा बढीभन्दा बढी व्यक्ती संलग्न हुने गरी स्वास्थ्य संस्था, स्कुल, सडक आदि क्षेत्रमा सरसफाई गर्ने कार्यमा केन्द्रित रहेको पाइयो ।

मन्त्रालयले जारी गरेको कार्यक्रमको दस्ताबेजले यस्तो आयोजनाको क्रियाकलाप एवं बजेट अनुमान समेत गरेको छैन । साथै कार्यक्रममा थपिएको यस क्रियाकलापमा गरिएको खर्चबाट उत्पादनमूलक कार्य नहुनुका साथै पुँजी निमाण समेत भएको छैन । अधिकाँशरूपमा उक्त खर्चबाट नाली सफा गर्ने, चउर तथा बाटोको झार उखेल्ने, सरसफाइ गर्ने, लगायतका कार्य गरिएको छ। ठुलो रकम ससना र टुक्रे काममा खर्च गरेका छन् । मन्त्रालयले २०७७ कार्तिक २१मा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि जारी गरी पारिश्रमिकमा आधारित निर्माण कार्य, पारिश्रमिकमा आधारित मर्मत सम्भार, श्रमिक ज्याला साझेदारी र अन्य सार्वजनिक क्षेत्रका आयोजनामा श्रमिक खटाउने मोडालिटी तयार गरेको छ । तथापि कार्य सम्पन्न भएको केही समय पश्चात अनुगमन गर्दा कार्य भएको देखिने अवस्था छैन ।

यो कार्यक्रम नहुँदा समेत विगत देखिनै बिभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरूबाट रोजगारी सिर्जना हुँदै आएको छ । २०७६।७७ मा उद्योग, जलस्रोत तथा सिँचाई क्षेत्रबाट करिब ५ लाख, उद्योग क्षेत्रबाट करिब ६ लाख, प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजनाबाट ४८ हजार ७ सय ८१ दिन पूर्णकालीन र ४ लाख ४३ हजार ४६७ व्यक्तिलाई आँशिक रोजगार सिर्जना गरेको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ । उपरोक्त क्षेत्रहरूमा नै लगानी बढाई दिगो रोजगारीका अवसरहरू सिर्जना गर्नसकिनेमा लागत लाभ विश्लेषण नगरी आयोजनामा रोजगारी सिर्जना गर्नेभन्दा रोजगारीका लागि आयोजना सिर्जना गर्नेतर्फ केन्द्रित भएको पाइयो । रोजगारीका लागि चलाईएका काम तथा क्रियाकलापले वार्षिक १० अर्बभन्दा बढी रकम नतिजा नदेखिने श्रमको भुक्तानीमा खर्च हुने भएकोले कामका लागि पारिश्रमिकमा आयोजनाको साटो उत्पादनमूलक क्रियाकलापमा लगानी गरी दिगो रोजगारीको व्यवस्था गर्नुपर्दछ।

२२. **योजना सञ्चालन तालिका** - कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्न कार्यक्रमको लक्षित समुहमा कामको माग उच्चतम हुने समय छनौट गरी सञ्चालन गर्नुपर्दछ । लक्षित समुह जिवनयापनको लागि अन्य कार्यमा व्यस्त नहुने समय छनौट गरी आयोजना सञ्चालन गर्नुपर्दछ । नेपालको ७० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमा आधारित भएकोले यस कार्यक्रम अन्तर्गतका आयोजना कृषि कार्य नहुने बेलामा गर्नुपर्ने हुन्छ ।

आर्थिक वर्ष २०७५।७६ मा कार्यक्रमको शुरुवातमा ढिलाई, बेरोजगार सूचीकरण तथा बजेट विनियोजन बैशाख तथा जेठ महिनामा मात्र भएकोले सबै आयोजना जेठ र असारमा सञ्चालन भएका थिए । कार्यक्रमको दोस्रो वर्षमा समेत कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन बजेट निकासा ढिला हुँदा सोही क्रम दोहोरिएको पाइयो । २०७६।७७ मा महिनागत रुपमा रोजगारी सिर्जनाको तथ्याङ्कलाई वृत्त चित्रमा देखाइएको छ ।



सामान्यतया कृषि कार्यको लागि अफ सिजन शुरु भएपछि समाप्त नहुनेबेलासम्म (सामान्यतया ३/४ महिना) को अवधिमा सञ्चालन गर्नु उपयुक्त हुन्छ ।[२] केहि हिमाली क्षेत्रमा कृषि कार्य गर्न समय तथा बाँकी हिँउले प्रभावित पार्ने हुनाले उक्त क्षेत्रमा भाद्रदेखि मंसिर पहिलो हप्ता तथा फागुन मध्यदेखि बैशाख पहिलो हप्तासम्म कार्य गर्न सकिने अवधि हुन्छ । तथापि उक्त क्षेत्रमा जेठ मध्यदेखि आषाढ दोश्रो हप्तासम्ममा, तल्लो पहाडी र तराई क्षेत्रमा भाद्रदेखि मंसिर र फागुनदेखि जेठ मध्यसम्म सहजरुपमा समेत कार्य हुन तथा कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन हुनसक्दछ । २०७६।७७ को आयोजना सञ्चालनको विवरण हेर्दा ९७ प्रतिशत कार्य आर्थिक वर्षको अन्तिम २ महिनामा भएको पाइयो । आर्थिक वर्षका शुरुका ८ महिनामा कार्यक्रमको प्रगति अवस्था शुन्य प्रतिशत रहेको छ । आयोजनाको सम्पूर्ण बजेट अन्तिम समयमा मात्र खर्च गर्दा अनुगमनमा कमीका कारण कार्यको गुणस्तरमा समेत असर पर्ने देखिन्छ । यसरी आर्थिक वर्षको अन्त्यमा मात्र आयोजना सञ्चालन गर्दा बेरोजगारमा नाम दर्ता गराएका व्यक्तिहरू सो भन्दा अगावै रोजगारीको खोजिमा विदेशीने सम्भावना अधिक हुन्छ र जेष्ठ तथा असारमा बर्खे बाली लगाउने समय हुने हँदा श्रमिक आयोजनामा सहभागी हुने सम्भावना समेत न्यून हुने गर्दछ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमले कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालनको लागि आंशिक रुपमा अवधि पहिचान गरिएको जनाएको छ । तर सो अवधिमा आयोजना सञ्चालन गर्न नसकेको व्यहोरालाई मन्त्रालयले स्वीकार गरेको छ । कार्यक्रममा वास्तविक लक्षित समुहलाई सहभागी गराउन स्थानीय तहले गैरकृषि समयमा आयोजना सञ्चालनको कार्यतालिका किटान गरी सोही अनुसार कार्यान्वयन गराउनुपर्दछ ।

२३. **श्रमिक कल्याण र पारदर्शिता** - कार्यक्रम सञ्चालन निर्देशिकाले न्यूनतम रोजगारी दिन, ज्याला दर, निर्वाह भत्ता, ज्याला भुक्तानी तालिका तथा माध्यम श्रमिक दुर्घटना बिमा सम्बन्धमा व्यवस्था गरेको छ । कार्यक्रमको पारदर्शिता र लक्षित समूह श्रमिक वर्गको कल्याणको लागि गरिएका व्यवस्था बारे सम्बन्धित पक्षमा कार्यक्रमले सूचना सम्प्रेषण गर्नुपर्दछ । लक्षित समूहलाई कार्यक्रम र कार्यक्रमबाट प्राप्त गर्ने सेवा बारे रहेको जानकारी परीक्षण गर्न २०७६/७७ मा कार्यक्रमबाट सञ्चालित आयोजनाहरूमा रोजगारीका लागि सहभागी भएका ९ जिल्लाका ३६७ लाभग्राहीको छनौट गरी अन्तरवार्ता सञ्चालन गरिएको थियो (नमुना छनौटसम्बन्धी विस्तृत विवरण अनसूची ५ मा उल्लेख गरिएको छ) । लाभग्राही सर्वेक्षण प्रश्नावलीमा देहायका विषयमा जानकारी लिने प्रयास गरिएको थियोः

- कार्यक्रमको सन्दर्भमा लाभग्राहीको सचेतना (कार्यक्रमको जानकारी माध्यम, प्राप्त गर्ने सेवा, न्यूनतम रोजगारी दिन, ज्याला दर, निर्वाह भत्ता, श्रमिक दुर्घटना बिमा)
- आयोजनाको अनुगमन तथा पारदर्शिता
- सुरक्षा सामाग्रीको उपलब्धता
- ज्याला भुक्तानी तालिका तथा माध्यम
- पारदर्शिता

लाभग्राही सर्वेक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम रहेका छन्

[2] **GUIDELINES FOR PUBLIC WORKS PROGRAMMES: CASH-, VOUCHER- AND FOOD-FOR-WORKs volume 1, 2013**

२३.१ सर्वेक्षणमा सहभागी भएकामध्ये १४ प्रतिशत व्यक्तिलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा जानकारी नभएको पाइयो । गाउँका जान्नेसुन्ने व्यक्तिहरूले नाम दर्ता गराउन तथा काममा सहभागी हुन भनेबमोजिम रोजगारमा सहभागी भएको पाइयो ।

२३.२ कार्यक्रम सम्बन्धमा जानकार रहेका सहभागीमध्ये करिव ५३ प्रतिशत सहभागीले स्थानीय जनप्रतिनिधि मार्फत कार्यक्रमको बारेमा जानकारी प्राप्त गरेको बताएका छन् भने रोजगार सेवा केन्द्र मार्फत करिब १५ प्रतिशत सहभागीले जानकारी पाएको बताएका छन् ।

२३.३ अन्तरवार्तामा सहभागीमध्ये करिब ८० प्रतिशत लाभग्राहीहरू कार्यक्रमले एक आर्थिक वर्षमा न्यूनतम सयदिनको रोजगारी प्रदान गर्ने विषयमा जानकार रहेको पाइयो ।

२३.४ कार्यक्रमको सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी, क्षमता अभिवृद्धि तालिम, स्वरोजगार सीप सिकाउने तथा वित्तीय सहायता उपलब्ध गराउने लक्ष्य लिएको छ । तर कार्यक्रममा सहभागी भएका व्यक्तिहरूलाई कार्यक्रमले न्यूनतम रोजगारी प्रदान गर्ने विषयमा मात्र जानकारी रहेको पाइयो ।

२३.५ कार्यक्रमले रोजगारमा सहभागीहरूलाई दैनिक ज्याला दर रु. ५१७ का दरले उपलब्ध गराउने गर्दछ। सर्वेक्षणमा सहभागीहरूमध्ये ९१ प्रतिशत लाभग्राही आफुले प्राप्त गर्ने दैनिक ज्याला दर बारे जानकार रहेको पाइयो ।

२३.६ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाले रोजगारमा खटिनुपूर्व रोजगार सेवा केन्द्रले अनिवार्य बैङ्क खाता खोल्न लगाउनुपर्ने तथा बैंकिङ्ग पहुँच भएको स्थानमा ज्याला भुक्तानी बैङ्क मार्फत गर्नुपर्ने व्यवस्था गरेको छ । सर्वेक्षणमा सहभागीमध्ये ७५ प्रतिशत लाभग्राहीले रोजगारमा खटिनुभन्दा अगाडि रोजगार सेवा केन्द्रले अनिवार्य बैङ्क खाता खोल्नुपर्ने बारेमा जानकारी गराएको बताएका छन् । त्यस्तै भुक्तानी प्राप्त गर्ने ८५ प्रतिशतले बैङ्क खातामार्फत भुक्तानी पाएको जनाएका छन् भने बाँकी १५ प्रतिशतले उपभोक्ता समिति मार्फत ज्याला भुक्तानी प्राप्त गरेका छन् ।

२३.७ सर्वेक्षणको क्रममा लाभग्राहीलाई निर्वाह भत्ताको बारेमा जानकारी, निर्वाह भत्ता प्राप्त गर्ने मापदण्ड तथा विगत वर्षहरूमा निर्वाह भत्ता प्राप्त गरे नगरेको विषयमा प्रश्न गरिएको थियो । निर्वाह भत्ता तथा यसको मापदण्डको विषयमा कार्यक्रममा सहभागीहरू जानकार रहेको पाइएन ।

२३.८ कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्दा कामको प्रकृतिअनुसार श्रमिकलाई कार्यस्थल सुरक्षा सामाग्री उपलब्ध गराउनुपर्दछ । रोजगारमा खटिएकामध्ये ५६ प्रतिशत लाभग्राहीलाई मात्र आयोजनामा खटिँदा कार्यस्थल सुरक्षा सामाग्री उपलब्ध गराएको पाइयो । यस सम्बन्धमा रोजगार सेवा केन्द्रसँग छलफल गर्दा विगत वर्षमा खरिद गरिएका सुरक्षा सामाग्रि श्रमिकलाई उपलब्ध गराइएको तर चालु वर्षमा मन्त्रालयबाट विनियोजित बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नसकिने व्यवस्था भएको र स्थानीय तहले समेत सुरक्षा सामाग्री खरिदमा बजेटको व्यवस्था नगरेका कारण सबै श्रमिकलाई सुरक्षा सामाग्री उपलब्ध गराउन नसकेकेको व्यहोरा जानकारी भएको छ ।

२३.९ सञ्चालित आयोजनाको पारदर्शिता मापनको लागि सर्वेक्षणमा आयोजनाको सार्वजनिक सुनुवाइ भए नभएको प्रश्न सोधिएको थियो । सहभागिहरूमध्ये २९ प्रतिशतले भएको २१ प्रतिशतले नभएको तथा ५० प्रतिशतले सो सम्बन्धमा थाहा नभएको जवाफ दिएका छन् । स्थानीय तहसँगको छलफलको क्रममा समग्र पालिकाको एकमुष्टरुपमा सार्वजनिक सुनुवाइ हुने गरेको तर आयोजनागत रुपमा सार्वजनिक सुनुवाइ भएको पाइएन ।

२३.१० प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८(४) ले लाभग्राहीको फोटो सहितको परिचयपत्र उपलब्ध गराउने व्यवस्था गरेको छ । निर्देशिकाको अनुसूची २ मा परिचयपत्रको ढाँचा उपलब्ध गराएको छ । त्यस्तै निर्देशिकाले निर्वाह भत्ता प्राप्त गर्न पनि लाभग्राही परिचयपत्र प्राप्त गरेर पनि रोजगार नपाएको हुनुपर्ने व्यवस्था गरेको छ । कार्यक्रमले यसका लागि रू.३६ करोड ६९ लाख बजेट अनुमान गरेको भएपनि कार्यक्रमको ३ वर्षमा मन्त्रालयले परिचयपत्र छपाइमा कुनैपनि रकम विनियोजन गरी स्थानीय तहलाई निकासा दिएको पाइएन । स्थलगत अनुगमन तथा छलफलको क्रममा २०७५/७६ तथा २०७६/७७ मा स्थानीय तहले परिचय पत्र छपाइ गरी वितरण गरेको पाइएन । २०७७/७८ मा केही स्थानीय तहले आफ्नै स्रोत साधनमा परिचयपत्र छपाइ गरी वितरण गरेको भए तापनि कार्यस्थलमा अनिवार्य रुपमा परिचयपत्र साथमा राखेको पाइएन ।

लाभग्राही सर्वेक्षणको नतिजाबाट कार्यक्रमको सन्दर्भमा नागरिकको सचेतना स्तर अपेक्षितरुपमा रहेको पाईएन । श्रमिकहरूलाई परिचयपत्र वितरण गर्नुका साथै कार्यशाला वा सचेतना कार्यक्रमहरूको माध्यमबाट कार्यक्रम र कार्यक्रमले लक्षित समूहको कल्याणको लागि गरेका व्यवस्था बारे जानकारी गराई पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

२४. **श्रमिक दुर्घटना बिमा** - श्रम ऐन, २०७४ को दफा ५५ मा रोजगारदाताले प्रत्येक श्रमिकको जुनसुकै प्रकारको दुर्घटनालाई समेट्ने गरी कम्तीमा सात लाख रुपैयाँ बराबरको दुर्घटना बिमा गराउनुपर्ने, त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ८७ मा श्रमिकलाई काममा खटाउँदा रोजगार सेवा केन्द्रले बिमा गरी खटाउनुपर्ने व्यवस्था रहेको छ ।

श्रम ऐन, २०७४ को दफा ५५(२) मा बिमाको सम्पूर्ण प्रिमियम रकम रोजगारदाताले व्यहोर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै निर्देशिकाको ८७(२) मा श्रम बिमा गर्दा लाग्ने खर्चको साठी प्रतिशत मन्त्रालयले र बाँकी चालिस प्रतिशत सम्बन्धित श्रमिकले व्यहोर्नुपर्ने व्यवस्था रहेको । निर्देशिकाको उक्त व्यवस्था श्रम ऐनको दफा ५५(२) को प्रावधानसँग बाझिएको पाइयो ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ८७ बिमासम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागु गर्नेछ भन्ने व्यवस्था रहेको छ । कार्यक्रम लागु भएको ३ वर्षसम्म पनि मन्त्रालयले श्रमिक बिमासम्बन्धी कार्यविधि बनाएको पाइएन। छुट्टै कार्यविधि नहुँदा श्रमिक बिमामा आउन सक्ने अन्यौल तथा विवाद सम्बन्धमा निर्णय गर्न बाधा उत्पन्न हुन सक्ने देखिन्छ ।

आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ मा मन्त्रालयले कार्यक्रम अन्तर्गत श्रमिकहरूलाई श्रमिक दुर्घटना बिमा बिना नै काममा लगाएको पाइयो । २०७७।७८ मा मन्त्रालयले राष्ट्रिय बिमा कम्पनी लिमिटेड मार्फत **"प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रमिक सुरक्षा बिमालेख"** तयार गरी कार्यक्रममा खटिने २ लाख श्रमिकको सात लाख रुपैया बराबरको एकमुष्ट सामुहिक बिमालेख तयार गरी बिमालेख बापतको सम्पूर्ण बिमा शुल्क मन्त्रालयले भुक्तानी गरेको छ। बिमालेखले २०७७।९।१ देखि २०७८ असार मसान्तसम्मको अवधि कायम गरिएको छ। श्रमिकले बिमासम्बन्धी सेवा बिमा कम्पनीको काठमाडौं कार्यालय तथा अन्य १६ शाखा कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम देशभरका ७५३ वटै पालिकामा लागु भइरहेको बर्तमान अवस्थामा बिमा सेवा सीमित जिल्ला मार्फत मात्र लिनसकिने हुँदा बीमितले त्यसको

उचित लाभ लिनसक्ने देखिदैन। त्यस्तै बिमा रकम भुक्तानीको लागि मन्त्रालयको सिफारिस अनिवार्य गरिएको अवस्थामा बिमा सेवा थप झन्झटिलो हुने देखिन्छ।

श्रम ऐनको दफा ५५(२) को व्यवस्थाबमोजिम निर्देशिकाको परिमार्जन तथा श्रमिक बिमासम्बन्धी कार्यविधि तयार गरी बिमा शुल्क तथा मापदण्ड सम्बन्धमा मन्त्रालयले कार्यविधिमा किटान गरी एकरुपता कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै सबै बीमा कम्पनीहरूलाई यस कार्यक्रममा आबद्ध गराउन बिमा समिति मार्फत मन्त्रालयले पहल गर्नुपर्दछ।

२५. **क्षमता विकास प्रवर्द्धन** - कार्यक्रमको रणनीतिमा सीपमूलक तालिम मार्फत बजारको मागअनुसारको श्रम शक्ति विकास र आपूर्ति गर्ने रहेको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ५२ मा मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले यो कार्यक्रम अन्तर्गत निजी क्षेत्रको माग अनुरुपको जनशक्ती विकास गर्न आवश्यक सीप तथा क्षमता विकास तालिमहरू सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै निर्देशिकाको दफा ५९ मा सञ्चालित सार्वजनिक निर्माणका कार्यहरूमा विशेष प्रकारको सीप आवश्यक पर्ने भएमा आयोजनाको सहकार्यमा स्थानीय सरकारले १० दिने विशेष सीपमूलक तालिम सञ्चालन गर्नसक्ने व्यवस्था रहेको छ । आयोजनामा कार्यक्रमको दिर्घकालीन दस्ताबेज (५ वर्षे कार्यक्रम दस्ताबेज) मा कार्यक्रमले ५ वर्षमा १ लाख ५० हजार बेरोजगार व्यक्तिले रोजगारीले प्रकृति अनुसारको तालिम प्राप्त गरेको हुने तथा ४० हजार व्यक्ति निजी क्षेत्रसँगको क्षेत्रमा सीप विकास प्राप्त गरी रोजगारी प्राप्त गरेको हुने उल्लेख छ । तर मन्त्रालयले हालसम्म क्षमता विकास कार्यक्रम तर्जुमा गर्नसकेको छैन। प्रधानमन्त्री रोजगार कार्यक्रमको ५ वर्षे दस्ताबेजले क्षमता अभिवृद्धि मार्फत बेरोजगारको सीप विकास तथा संस्थाहरू (तालिम दिने संस्था, निजी क्षेत्र तथा अन्य आबद्ध संस्थाहरू) क्षमता विकास गर्ने हेतुले क) रोजगार एवं स्वरोजगारका लागि सीप विकास, ख) सीप विकासका लागि संस्थागत क्षमता विकास, ग) नीजि क्षेत्रको विकासका लागि क्षमता अभिवृद्धि कार्यक्रम गर्ने गरी वर्गीकरण गरेको छ।



तर कार्यक्रमको ५ वर्षे दस्ताबेज प्रति कार्यान्वयन इकाईहरूका पदाधिकारी तथा कर्मचारीमा यस कार्यक्रमको बुझाई प्रति एकरुपता कायम नभएको, समन्वयमा कमीका कारणले कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा प्रत्यक्ष असर पुऱ्याई रहेको छ । कार्यक्रमको तेस्रो वर्षमा आएर पनि क्षमता विकासका उपर्युक्त कार्यहरू अघि बढ्न सकेको छैन, जुन कार्यहरू कार्यक्रम कार्यान्वयनमा आउनुपूर्व चरणमा नै हुनु पर्दथ्यो । कार्यक्रम/योजना कार्यान्वयन पूर्वतयारी चरणमा (Pre-implementation stage) भएका कमी कमजोरीले गर्दा पटक पटक मार्गदर्शन, नियमावली संशोधन कार्यमा समय गएको छ ।

मन्त्रालयले क्षमता अभाब तथा आवश्यक सीपको विश्लेषण तथा मूल्याङ्कन, बिषयगत विषयसूची सहितको तालिमको पाठ्यक्रम तथा दिग्दर्शन र क्षमता विकास योजना तथा पात्रो तयार पुरा गरी क्षमता विकास योजना कार्यान्वयनमा ल्याई क्षमता अभिवृद्धि कार्यक्रमलाई अघि बढाउने व्यवस्था गर्नुपर्दछ।

२६. **जनशक्ति व्यवस्थापन** - प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा संघ, सातै प्रदेश तथा ७५३ वटै स्थानीय तहको भूमिका रहेको छ । कार्यक्रम सञ्चालनको लागि संघमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आन्तरिक रोजगार व्यवस्थापन महाशाखा/प्रधानमन्त्री रोजगार कार्यक्रम महाशाखा, प्रदेश तहमा प्रदेश सरकारको समाजिक विकास मन्त्रालयको योजना महाशाखा र स्थानीय तहमा रोजगार सेवा केन्द्र रहेको छ । सरकारले कार्यक्रम कार्यान्वयनको लागि संघ, प्रदेश, स्थानीय तहमा देहायबमोजिम जनशक्ति व्यवस्था गरेको छः

तह	कार्यान्वयन गर्ने निकाय	पद	दरवन्दी	पदपूर्ति	रिक्त
संघ	श्रम तथा रोजगार मन्त्रालय	कार्यकारी निर्देशक/सहसचिव	१	१	०
		उप सचिव	२	२	०
		शाखा अधिकृत	३	३	०
		लेखा अधिकृत	१	०	१
		तथ्याङ्क अधिकृत	१	०	१
		कम्प्युटर ईन्जिजियर	१	०	१
		अन्य (नायव सुव्वा, कम्प्युटर अपरेटर, ह.स.चा., कार्यालय सहयोगी)	७	७	०
प्रदेश	समाजिक विकास मन्त्रालय	प्रदेश रोजगार संयोजक (पदेन) (योजना महाशाखा प्रमुख)	०	०	०
स्थानीय	रोजगार सेवा केन्द्र	रोजगार संयोजक	७५३	६९२	६१
		रोजगार अधिकृत/सहायक	७५३	०	७५३
		प्राविधिक सहायक	७५३	४६१	९४

निर्देशिकाको दफा ४९ मा प्रदेश सरकारको रोजगारसम्बन्धी विषय हेर्ने मन्त्रालयको योजना तथा कार्यक्रम हेर्ने महाशाखा प्रमुखलाई प्रदेश रोजगार संयोजक तोकिएको छ र अन्य कर्मचारी आवश्यक भएमा आफ्नै स्रोतबाट करारमा सेवा लिन सकिने व्यहोरा उल्लेख रहेको छ । त्यस्तै रोजगारीको हकसम्बन्धी नियमावलीको दफा ५ ले स्थानीय तहमा रोजगार सेवा केन्द्रमा एक रोजगार संयोजकको रहने तथा अन्य आवश्यक कर्मचारीहरू स्थानीय तहले खटाउने व्यवस्था गरिएको छ।

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १३(६) तथा दफा १६ मा आयोजना कार्यान्वयनको लागि रोजगार सेवा केन्द्रमा १ जना रोजगार अधिकृत/सहायक तथा १ जना प्राविधिक सहायक राखिने व्यवस्था रहेको छ । यस्ता कर्मचारीको भर्ना तथा छनौट प्रमुख प्रशासकीय अधिकृत को अध्यक्षतामा रहेको पदपूर्ति समितिले गर्ने व्यवस्था रहेको छ ।

- प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमा १ रोजगार संयोजक, १ रोजगार अधिकृत र १ प्राविधिक सहायक कर्मचारी रहने व्यवस्था रहेको भए तापनि सोबमोजिम पदपूर्ति हुनसकेको छैन । रोजगार संयोजक तथा प्राविधिक सहायक नियुक्त गर्ने अधिकार स्थानीय सरकारसँगै भएको अवस्थामा पनि ६१ स्थानीय तहमा रोजगार संयोजक, ९४ स्थानीय तहमा प्राविधिक सहायक तथा ५५ स्थानीय तहमा दुवैको नियुक्ति हुनसकेको पाइएन।
- आइ.डी.ए. सोधभर्ना हुने ऋणबाट सेवा सुविधा प्राप्त गर्ने रोजगार अधिकृत/सहायकको पदपूर्तिको लागि हालसम्म मन्त्रालयले कुनै निर्देशन स्थानीय तहलाई दिएको पाइएन ।

रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधसम्बन्धी मापदण्ड, २०७६ को मापदण्ड नं ४ मा रोजगार संयोजकको पदपूर्ति सम्बन्धित स्थानीय तहले गर्नुपर्ने व्यवस्था रहेको छ भने मापदण्ड नं ६ मा रोजगार संयोजक पदपूर्ति समितिको व्यवस्था गरेको छ । त्यस्तै युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १३(७) मा युवा रोजगारीका

लागि रुपान्तरण पहल आयोजनाको लागि आवश्यक कर्मचारी नियुक्तिको लागि प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा पदपूर्ति समितिको व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो अधिकार भित्ररहेको रोजगार सेवा केन्द्रका कर्मचारी नियुक्त नगर्दा देशभर १५५ पद रिक्त रहेका छन् । स्थानीय तहमा रोजगार संयोजकको दरवन्दी रिक्त रहँदा कार्यक्रमको लागि बेरोजगार सूचीकरणदेखिका सबै प्रकारका कार्यहरू सूचारु हुन नसक्ने देखिन्छ । त्यस्तै प्राविधिक सहायकको अभावमा सञ्चालनमा आउने आयोजनाको लगत स्टीमेट तथा नापजाँचमा समस्या देखिएका छ । स्थानीय तहमा जनशक्ति अभाव रहिरहेको अवस्थामा रोजगार सेवा केन्द्रमा पनि जनशक्ति अभाव हुँदा कार्यक्रम सञ्चालनमा कठिनाई परेकोले लक्ष्य प्राप्त नभएको अवस्था छ । मन्त्रालयले रोजगार सेवा केन्द्रमा जनशक्ति रिक्त भएको अवस्थामा निश्चित अवधि तोकी सोही अवधिभित्र पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२७. **कार्यक्रमको उपलब्धी कार्यक्रमको उपलब्धि** - प्रधानमन्त्री रोजगार कार्यक्रमको दिर्घकालीन योजना (५ वर्षे कार्यक्रम दस्ताबेज) ले कार्यक्रमको लक्ष्य, रणनीति, कार्यनीति तथा क्षेत्रका आधारमा ५ वर्षमा हासिल गर्नुपर्ने अपेक्षित प्रतिफललाई नतिजा सूचकमा समावेश गरेको छ । कार्यक्रमले उक्त नतिजा सूचकहरूमा तोकिएबमोजिम प्रगति गरेको पाईएन । कार्यक्रमका प्रमुख प्रतिफल सूचक तथा ३ वर्षको अवधिमा प्राप्त उपलब्धि तथा प्रगति देहायबमोजिम रहेको छः

क्र. स	अपेक्षित प्रतिफल सूचक	हालसम्मको प्रगति अवस्था		
		२०७५/७६	२०७६/७७	२०७७/७८
१.	प्रतिवर्ष **७ लाख** बेरोजगार न्युनतम रोजगारीमा संलग्न गराउने	१८८३६७ जना	१०५६३५ जना	१४६३७९ जना
२.	सूचीकृत बेरोजगारलाई **न्यूनतम एक सय दिन**को रोजगारी प्रदान गर्ने	१२.४३ दिन	१५.८५ दिन	५१.३४ दिन
३.	सूचीकृत बेरोजगारलाई प्रतिवर्ष ७ करोड दिन रोजगारीमा संलग्न गराउने	२२१०३१० दिन	१६३९४०० दिन	७५१६३४७ दिन
४.	मापदण्ड पुगेका शतप्रतिशत घरपिरवारलाई निर्वाह भत्ता वितरण	नगरेको	नगरेको	नगरेको
५.	२० प्रतिशतलाई स्वरोजगारीका लागि परामर्श सेवा उपलब्ध गराउने (२०७५।७६ **३४०३१४** जना २०७६।७७ ७३८६३ जना २०७७।७८ लक्ष्यः १५०६३२ जना)	नगरेको	नगरेको	नगरेको
६.	रोजगार सेवा केन्द्र बाट खटिएका सबै श्रमिकको बिमा	नभएको	नभएको	**२ लाख** श्रमिकको सामुहिक विमा गरिएको ।
७.	सबै क्षेत्र र तहको रोजगारदाताको सूचना संकलन र सम्प्रेषण गर्ने	नगरिएको	नगरिएको	नगरिएको
८.	प्रत्येक स्थानीय तहले स्वरोजगारीका सम्भावनाको सूची प्रकाशन गर्ने	नगरेको	नगरेको	नगरेको
९.	२० हजार व्यक्तिलाई स्वरोजगारीका लागि व्यवसायिक तालिम दिने	नभएको	नभएको	नभएको
१०.	४० हजार बेरोजगार व्यक्तिहरू निजी क्षेत्रसँगको सहकार्यमा व्यावसायिक तथा सिप विकास	नभएको	नभएको	नभएको

क्र. स	अपेक्षित प्रतिफल सूचक	हालसम्मको प्रगति अवस्था		
		२०७५/७६	२०७६/७७	२०७७/७८
	तालिम प्रदान गर्ने			
११.	१ लाख ५० हजार बेरोजगार व्यक्तिहरूलाई रोजगारीको प्रकृति अनुसारको तालिम प्रदान गर्ने	नभएको	नभएको	नभएको
१२.	२५ हजार बेरोजगारलाई सहुलियत ऋणका लागि सहयोग उपलब्ध गराउने	**नगरिएको**	**नगरिएको**	**नगरिएको**
१३.	रोजगार संवाद मञ्चहरूको बैठक बसेको हुने	नबसेको	नबसेको	नबसेको
१४.	निर्देशक समितिका बैठक(प्रदेश)	नबसेको	नबसेको	नबसेको
१५.	निर्देशक समितिका बैठक(स्थानीय) २९३ बाट सूचना प्राप्त भएको मध्ये स्थानीय तहमध्ये	१८७ मा बसेको	१८५ माबसेको	१६६ मा बसेको
१६.	आधार तथ्याङ्क संकलन	नगरेको	नगरेको	नगरेको

कार्यक्रमको ५ वर्षको अवधिमा ३ वर्ष व्यतित भएको छ । यस अवधिमा रू.१६ अर्ब ९३ करोड ९० लाख निकासा/खर्च गरेकोमा अधिकतम कार्यसम्पादन सूचकसँग सम्बन्धित क्रियाकलापलाई सुरुवात गर्नसकेको छैन । न्यूनतम रोजगारीको क्षेत्रमा कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन मार्फत केही रोजगारी सिर्जना गरेको भए तापनि कार्यक्रमको लक्ष्यको तुलनामा ५.४१ प्रतिशतमात्र प्रगति भएको छ । कार्यक्रमले सूचीकृत बेरोजगारमध्ये ५० प्रतिशत बेरोजगारलाई निजी क्षेत्र, सार्वजनिक आयोजना तथा स्वरोजगारमा परिचालित गरी बाँकी ५० प्रतिशतलाई मात्र स्थानीय तहका आयोजनामा सहभागि गराउने उल्लेख गरेकोमा उक्त कार्य हुनसकेको पाइएन । कार्यक्रमले अपेक्षित उपलब्धि हासिल गर्नको लागि कार्यक्रम सञ्चालनको ढाँचालाई परिमार्जन गर्नुपर्दछ ।

निष्कर्ष

न्यूनतम रोजगारीको हकको व्यवस्था कार्यान्वयन गर्न २०७५/७६ बाट सञ्चालनमा आएको यस कार्यक्रमा तेस्रो आर्थिक वर्षसम्ममा कुल रु.१९ अर्ब ७१ करोड बजेट विनियोजन भई रू.१६ अर्ब ९३ करोड ९० लाख निकासा/खर्च गरेको छ । यस अवधिमा रोजगारीको हकसम्बन्धी ऐन र नियमावली, २०७५ सहित कार्यक्रम सञ्चालन निर्देशिका जारी गरिएको छ । साथै ७५३ वटै स्थानीय तहमा रोजगार व्यबस्थापन सूचना प्रणाली (EMIS) प्रणाली सञ्चालन गरेको, ७५३ वटै स्थानीय तहमा रोजगार सेवाकेन्द्र स्थापना गरिएको, श्रमिक बीमाको थालनी गरेको छ ।

आवश्यक तयारी पुरा नगरी कार्यक्रमको घोषणा गरेकोले कार्यक्रमको ५ वर्ष (२०७५।७६ देखि २०७९/८०) मध्ये सुरूवातको वर्षहरू कार्यक्रम डिजाइनसँग सम्बन्धित अधारभूत तयारीमा नै बितेको, कार्यक्रम अवधिमा पूरा गर्नुपर्ने लक्ष्यलाई वार्षिक योजनाले सम्बोधन नगरेको, कार्यक्रमको वार्षिक बजेट लक्ष्यलाई ध्यान नदिई तयार गरेको, बेरोजगार व्यक्तिको सङ्ख्यालाई आधार नलिई सबै स्थानीय तहलाई एउटै डालोमा राखि एकमुष्ट (Lump sum) आधारमा बजेट विनियोजन गरेको पाईयो । रोजगार विनिमय केन्द्रको रुपमा स्थापित रोजगार सेवा केन्द्रहरूले नियमावलीले तोकेको कार्यहरू रोजगार सूचना सङ्कलन तथा सम्प्रेषण, रोजगारदाता (सरकारी, निजी, सहकारी, संस्था) सँग समन्वय

तथा सहकार्य, रोजगारीमा (Job Placement) मा सहजीकरण, सीप तथा तालिमको आवश्यकता पहिचान, स्वरोजगारका लागि सहजीकरण, निर्वाह भत्ता व्यवस्थापन, स्थानीय तहमा रोजगारी तथा स्वरोजगारीसम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने, रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने जस्ता कार्यक्रमको प्रमुख सूचकहरू प्रगति हुनसकेको छैन । त्यसैगरी बेरोजगार सूचीकरण अद्यावधिक नभएको, कार्यक्रममा आबद्ध श्रमिकहरूको ज्याला स्थानीय जिल्ला दरभन्दा कम रहेको छ । कार्यक्रममा देखिएका उपर्युक्त समस्याहरूले गर्दा कार्यक्रमले निर्वाह भता वितरण, न्यूनतम रोजगारी, समाजिक सुरक्षा जस्ता मुलभूत लक्ष्यहरू प्राप्त गर्न सकेन ।

प्रधानमन्त्री रोजगार कार्यक्रम र विगत देखिनै सञ्चालन हुँदै आएको रोजगारी प्रवर्द्धन कार्यक्रमका क्रियाकलापहरूमा धेरै समानता रहेको छ । सरकारका नयाँ नीति तथा कार्यक्रम सम्बन्धित क्षेत्रका विगतदेखि स्थापित संरचना वा कार्यक्रम मार्फत सञ्चालन गरी स्रोतको मितव्ययी र दक्षतापूर्वक उपयोग गर्नुपर्नेमा नयाँ ढाँचा र नयाँ नामबाट त्यस्तै प्रकारको कार्यक्रम सुरूवात गर्नुले कार्यान्वयनमा द्विविधा, जिम्मेवारीको अस्पष्टता हुनुका साथै पुराना कार्यक्रमको स्वामित्व लिन नचाहेको देखिन्छ । यस्तै चाहना प्रदेश र स्थानीय तहमा समेत रहेको छ । कार्यक्रम सञ्चालनको लागि कुनैपनि प्रदेश तथा स्थानीय तहले आफ्नो वार्षिक बजेटमा रकम विनियोजन नगर्नुका अलावा कतिपय प्रदेशले मुख्यमन्त्री रोजगार कार्यक्रम र स्थानीय तहमा समेत कतिपय नगरपालिकाले मेयर रोजगार कार्यक्रम, गाउँपालिकाले अध्यक्ष रोजगार कार्यक्रम जस्ता आ-आफ्नै कार्यक्रमहरू सञ्चालनमा ल्याएका छन् । यसले कार्यमा दोहोरोपनाको जोखिम बढाएको छ ।

कार्यक्रमले ५ वर्षमा प्राप्त गर्ने अपेक्षित उपलव्धि रूपमा उत्पादनशील रोजगारीका अवसर वृद्धि हुने र न्यूनतम रोजगारीको सुनिश्चितता मार्फत सामाजिक संरक्षणलाई उल्लेख गरेको छ । तर कार्यक्रमको अवधि ३ वर्ष बितिसक्दा समेत रोजगारी तथा स्वरोजगारीका लागि आवश्यक पर्ने सीप तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन नगरेकोले उत्पादनशील रोजगारीका अवसर वृद्धि भएन साथै लक्षित समूहलाई न्यूनतम एकसय दिनको रोजगारी र न्यूनतम रोजगारी उपलब्ध नभएका घरपरिवारका एक सदस्यलाई निर्वाह भत्ताको व्यवस्था समेत नभएकोले सामाजिक संरक्षण पनि प्राप्त नभएको हुँदा कार्यक्रमको मध्यावधि प्रगति लक्ष्य उन्मुख देखिएन ।

कार्यक्रमको नतिजा रोजगार सेवा केन्द्रको कार्यसम्पादनमा निर्भर रहेको छ । कार्यक्रमको क्षेत्र (क) रोजगार सेवा (रोजगारको सूचना, समन्वय, श्रमिक आपूर्ति, न्यूनतम रोजगारी र निर्वाह भत्ता), (ख) क्षमता विकास (व्यवसायिक, सीपमूलक तथा स्वरोजगारमूलक तालिम एवं अभिमुखीकरण), (ग) रोजगारी सिर्जनाका लागि समन्वय तथा संयोजन तथा सञ्चारसम्म रहेको छ । यस अलावा कार्यक्रमले कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित रोजगार आयोजनाहरू तर्जुमा र कार्यान्वयन गर्नेगरी दायरा बढाईएको छ । मन्त्रालयले जारी गरेको कार्यक्रमको दस्ताबेजले कामका लागि पारिश्रमिक आयोजनाको लागि बजेट अनुमान समेत नगरे तापनि कार्यक्रमले कार्य क्षेत्र बढाउँदै त्यस्ता क्रियाकलापहरू थपिएको छ । यस क्रियाकलापमा गरिएका खर्चबाट उत्पादनमूलक कार्य नहुनुका साथै पुँजी निमाण समेत भएको छैन । कार्यक्रमले कार्य क्षेत्र बढाउदै लगेको तर विद्यमान कार्यढाँचा र संरचनाबाट अपेक्षित नतिजा प्राप्त नभएकोले कार्यक्रमका क्रियाकलापहरू र सञ्चालन ढाँचा सम्बन्धमा पुनर्संरचना गर्नुपर्दछ ।यसको लागि सूचना प्रविधिको प्रयोग गरी श्रममा आधारित विकास निर्माण आयोजनाहरूमा श्रमिकको मागको अवस्था जानकारी लिई रोजगारी सिर्जनाको वातावरण तयार हुनुपर्दछ ।

अनुसूची १

कार्यक्रमको ५ वर्षे अनुमानित बजेटको प्रक्षेपण

(रु.लाखमा)

खर्चको शीर्षक	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	जम्मा
कर्मचारी तलव						
तलव	१६,१२.५३	४०,२३.५०	४२,२४.६७	४४,३५.९१	५१,०२.२९	१,९३,९७.९१
महंगी भत्ता	७८.१०	१,९४.८०	२,०४.५४	२,१४.७६	२,४६.९८	९,३९.१७
स्थानीय भत्ता	७६.१५	१,९१.८९	२,०१.४८	२,११.५६	२,४३.२९	९,२४.३६
पोशाक भत्ता		८२.११	८६.२२	९०.५३	१,०४.११	३,६२.९६
कर्मचारीहरुलाई अभिमूखिकरण	६०.००	३.००	३.००	३.००	३.००	७२.००
कर्मचारीको क्षमता अभिवृद्धि	१६.६७	२६.२५	२७.५६	२८.९४	३०.३९	१,२९.८१
जम्मा	**१८,४३.४४**	**४५,२१.५४**	**४७,४७.४७**	**४९,८४.६९**	**५७,२९.०५**	**२,१८,२६.२०**
पुँजिगत लगानी						
पुँजिगत सामान खरिद	२४,५०.२६					२४,५०.२६
रोजगार सूचना प्रणालीको विकास र सो को तालिम	१,४०.००	२८.००	७.००	७.००	७.००	१,८९.००
जम्मा	**२५,९०.२६**	**२८.००**	**७.००**	**७.००**	**७.००**	**२६,३९.२६**
कार्यक्रम खर्च						
निर्वाह भत्ता	२,४९,८१.१८	४,००,००.००	४,४०,००.००	४,८४,००.००	५,३२,४०.००	२१,०६,२१.१८
लाभग्राही परिचय पत्र र छपाई	४,९६.५५	६,८३.७७	७,५२.१५	८,२७.३६	९,१०.१०	३६,६९.९३
रणनैतिक सञ्चार, पैरवी र कार्यशाला	४,०८.५०	४,०८.५०	२,०४.२५	१,२२.५५	८१.७०	१२,२५.५०
सीप, क्षमता विकास र अभिमूखीकरण		४,६२.००	५,०८.२०	५,५९.०२	६,१४.९२	२१,४४.१४
सरकारी कार्यक्रमहरु बीच सहकार्य र समन्वय	३८.०२	१,१२.५३	१,२३.७८	१,३६.१६	१,४९.७८	५,६०.२७
निजीक्षेत्रसंग सहकार्य र क्षमता विकास		३४,१०.००	३७,५१.१०	४१,२६.१०	४५,३८.७१	१,५८,२५.८१
कार्यक्रमको अनुगमन र मूल्यांकन	९५.८७	२,१५.०९	२,३६.६०	२,६०.२६	२,८६.२९	१०,९४.१२
अध्ययन, अनुसन्धान र प्रसार	१७.५५	३०.००	७०.००	३०.००	६५.००	२,१२.३६
श्रमिकको विमा	१,४२.००	३,१२.४०	३,४३.६४	३७८.००	४,१५.८०	१५,९१.८३
जम्मा	**२,६१,७९.६६**	**४,५६,३४.२९**	**४,९९,८९.३२**	**५,४८,३९.४६**	**६,०३,०२.३**	**२३,६९,४५.३४**
कार्यक्रम सञ्चालन खर्च						
बिजुली, खानेपानी	१,१५.०३	२,५१.९२	२,७७.११	३,०७.८३	३,३५.३१	१२,८४.२०
मसलन्द	४०.९८	८८.३३	९७.१६	१,०६.८८	१,१७.५७	४,५०.९२
संचार खर्च	९५.०६	२,०६.८९	२,२७.५८	२,५०.३३	२,७५.३७	१०,५५.२२
सवारी ईन्धन तथा मर्मत खर्च	१०.७६	१७.७६	१९.५४	२१.४९	२३.६४	९३.१८
विभिन्न बैठक खर्चहरु	१,०८.१४	३,५७.०४	३,९२.७४	४,३२.०२	४,७५.२२	१७,६५.१५
प्रकाशन खर्च	६.६७	११.००	१२.१०	१३.३१	२१.९६	५७.७२
अन्य चालु तथा भत्ताहरु	१०.००	१६.५०	१८.१५	१९.९७	२१.९६	८६.५८
जम्मा	**३,८६.६४**	**९,४९.४४**	**१०,४४.३८**	**११,४८.८२**	**१२,६३.७०**	**४७,९२.९७**
कूल पुँजीगत खर्च	**२५,९०.२६**	**२८.००**	**७.००**	**७.००**	**७.००**	**२६,३९.२६**
कूल कार्यक्रम खर्च	**२,६१,७९.६६**	**४,५६,३४.२९**	**४,९९,८९.६२**	**५,४८,३९.८६**	**६,०३,०२.३०**	**२३,६९,४५.३४**
कूल कार्यक्रम सञ्चालन खर्च	**२२,३०.६६**	**५४,७०.९८**	**५७,९१.८५**	**६१,३३.५१**	**६९,९२.७५**	**२६६,१९.१७**
कूल बजेट	**३,१०,००.००**	**५,११,३३.२७**	**५,५७,८८.४७**	**६,०९,७९.९७**	**६,७३,०२.०५**	**२६,६२,०३.७७**

अनुसूची २

नमुना छनौट विधि तथा छनौट गरिएका स्थानीय तह तथा लाभग्राही विवरण

नमूना छनौट डिजाइन गर्नको कोफिसेन्ट अफ भेरियसनलाई मुल सूचकका रुपमा लिइएको छ । {काल्टन ९५ र किश ९१ (Kalton 95 and Kish 91) } । सो मोडेल अनुसार प्रतिनिधिमूलक नमूना छनौटको विकास गरेको देहायको सुत्रको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार प्राप्त गरेका व्यक्तिहरुको सर्वेक्षण गर्न आवश्यक न्यूनतम नमूना संख्या (Sample Size) निर्धारण गरिएको छ ।

- $n_0 = 2(v/\delta)^2 \ (Z_{\delta/2} + Z_{(1-\beta/2)})^2$

n_0 भन्नाले सर्वेक्षणको लागि न्यूनतम आवश्यक नमूना संख्यालाई जनाउँछ । v ले कोफिसेन्ट अफ भेरियसन जनाउँछ, यो भेरियसन २०% (०.२०) सम्म हुन सक्ने अनुमान गरिएको छ । δ नमूना छनौटमा हुन सक्ने तथ्याङ्कीय गल्तीलाई जनाउँछ, जसको मान ५% (०.०५) निर्धारण गरिएको छ । अर्थात नमूना छनौटमा ५% सम्मको तथ्याङ्कीय गल्ती हुन सक्ने अनुमान गरिएको छ, जुन तथ्याङ्कीय दृष्टिकोण स्वीकारयोग्य मानिन्छ । $Z_{\delta/2}$ ले तथ्याङ्कको नतिजामा ५% सम्म तल माथि हुन सक्दछ भन्ने इंगीत गर्दछ, यसको Z मान १.९६ हुन्छ । साथै $Z_{(1-\beta/2)}$ भन्नाले यसको ८०% मा यसको असर परीक्षण गर्ने सामान्य मानलाई (Normal Value) जनाउँछ र यसको मान ०.८४ हुन्छ ।
माथि उल्लिखित समकरण (Equation) लाई मानमा परिणत गरे पछि, देहाय बमोजिम सर्वेक्षणको न्यूनतम नमूना संख्या आउंदछः

- $n_0 = 2(v/\delta)^2 \ (Z_{\delta/2} + Z_{(1-\beta/2)})^2$

$n_0 = २(०.२÷०.०५)^२ \ (१.९६ + ०.८४)^२ = २५०.८८$ अर्थात २५१ व्यक्तिको आवश्यकता पर्दछ । त्यसलाई देहाय बमोजिमको सुधार कारक (Correction Factor) सुत्र प्रयोग गरी आवश्यक नमूना संख्यालाई सच्याउंदा;

$n= n_0/\{1+(n_0/N)\}$

- n भन्नाले सुधार कारकबाट सुधार गरी आएको न्यूनतम आवश्यक नमूना संख्या,
- n_o भन्नाले सर्वेक्षणको सुत्रबाट आएको न्यूनतम आवश्यक नमूना संख्यालाई जनाउँछ, जुन २५०.८८ रहेको छ ।
- N भनेको २०७६/७७ मा कार्यक्रलबाट रोजगारी पाएका कुल जनसंख्या, जुन १०३,००० व्यक्ति रहेको छ ।

उपर्युक्त सुत्र अनुसार,
$n= २५०.८८/\{१+(२५०.८८/१०३०००)\} = २५०.२७$ अर्थात न्यनतम २५१ व्यक्तिको नमूना स्वरुप छनौट गर्नु पर्दछ । यस नमूना संख्यालाई बढी प्रतिनिधिमूलक तथा नमुना छनौटको डिजाइनबाट हुन सक्ने असर (Design Effect) १.२५ हुन सक्ने अनुमान गरिएको छ । डिजाइन इफेक्टलाई ध्यानमा राखी त्यसलाई ध्यानमा राखी न्यूनतम नमूना छनौट गर्नु पर्ने संख्यालाई परिमार्जित गर्दा,

$n= २५०.२७*१.२५ = ३१२.८३८$ व्यक्ति नमूना स्वरुप छनौट गर्नु पर्दछ । तसर्थ त्यसलाई सालाखालामा हिसाब गरी ३२० व्यक्तिको नमूना स्वरुप छनौट गरी सर्वेक्षण गरिएको छ । नमूना छनौट Randomly रुपमा कार्यक्रमबाट रोजगारी पाएका व्यक्तिहरु ९ जिल्लाबाट गरिएको छ । जिल्लागत कुल रोजगारी प्राप्त गरेको व्यक्तिको संख्याको भार (Weightage) को आधार नमूना छनौटको संख्या देहाय बमोजिम निर्धारण गरिएको छः

क्र.स.	जिल्ला	नमूना छनौट अनुसार संख्या	अन्तर्वाता लिइएको संख्या	स्थानीय तह
१.	झापा	३२	७८	शिवसताक्षी नगरपालिका
				कन्काई नगरपालिका
				हल्दीवारी गाउँपालिका
२.	मोरङ	२१	६२	जहदा गाउँपालिका
				बुढीगंगा गाउँपालिका
				रतुवामाई नगरपालिका
३.	महोत्तरी	०	१३	बर्दिवास नगरपालिका
४.	मकवानपुर	३८	८	हेटौंडा उप महानगरपालिका
५.	कैलाली	५५	५०	लम्किचुहा नगरपालिका
६.	बर्दीया	१०८	८३	ठाकुरबाबा नगरपालिका
७.	चितवन	३	३	माडी नगरपालिका
				भरतपुर महानगरपालिका
८.	नवलपरासी	१९	१५	बर्दघाट नगरपालिका
९.	पाल्पा	४४	५५	तानसेन नगरपालिका
				रिब्दीकोट गाउँपालिका
जम्मा		३२०	३६७	

नोटः कोरोना महामारीका कारण नमूना छनौट बमोजिम जिल्लागत रुपमा अन्तर्वाता सञ्चालन हुन नसकेतापनि कुल संख्या नमुना छनौट बमोजिम नै रहेको छ ।

अनुसूची ३

संक्षिप्त विवरण प्राप्त भएका स्थानीय तह

प्रदेश १

क्र.सं.	स्थानीय तह	जिल्ला	क्र.सं.	स्थानीय तह	जिल्ला
१.	फाल्गुनन्द गाउँपालिका	पाँचथर	२.	हिलिहाङ गाउँपालिका	पाँचथर
३.	बर्जु गाउँपालिका	सुनसरी	४.	दुहवी नगरपालिका	सुनसरी
५.	भोक्राहा नरसिंह गाउँपालिका	सुनसरी	६.	कोशी गाउँपालिका	सुनसरी
७.	हरिनगर गाउँपालिका	सुनसरी	८.	गढी गाउँपालिका	सुनसरी
९.	बराहक्षेत्र नगरपालिका	सुनसरी	१०.	सन्दकपुर गाउँपालिका	इलाम
११.	सुर्योदय नगरपालिका	इलाम	१२.	माईजोगमाई गाउँपालिका	इलाम
१३.	ईलाम नगरपालिका	इलाम	१४.	विराटनगर महानगरपालिका	मोरङ
१५.	रोङ गाउँपालिका	इलाम	१६.	रंगेली नगरपालिका	मोरङ
१७.	बुढीगंगा गाउँपालिका	मोरङ	१८.	रतुवामाई नगरपालिका	मोरङ
१९.	जहदा गाउँपालिका	मोरङ	२०.	सुनवर्षी नगरपालिका	मोरङ
२१.	कानेपोखरी गाउँपालिका	मोरङ	२२.	उर्लाबारी नगरपालिका	मोरङ
२३.	मिक्लाजुङ गाउँपालिका	मोरङ	२४.	हल्दीवारी गाउँपालिका	झापा
२५.	अर्जुनधारा नगरपालिका	झापा	२६.	गौरादह नगरपालिका	झापा
२७.	विर्तामोड नगरपालिका	झापा	२८.	गौरिगंज गाउँपालिका	झापा
२९.	दमक नगरपालिका	झापा	३०.	झापा गाउँपालिका	झापा
३१.	कन्काई नगरपालिका	झापा	३२.	बुद्धशान्ति गाउँपालिका	झापा
३३.	शिवसताक्षी नगरपालिका	झापा	३४.	थुलुङ दुधकोशी गाउँपालिका	सोलुखुम्बु
३५.	धर्मदेवी नगरपालिका	संखुवासभा	३६.	खुम्बु पासाङल्हामु गाउँपालिका	सोलुखुम्बु
३७.	सोताङ गाउँपालिका	सोलुखुम्बु	३८.	आठराई गाउँपालिका	तेह्रथुम
३९.	फेदाप गाउँपालिका	तेह्रथुम	४०.	हलेसी तुवाचुङ नगरपालिका	खोटाङ
४१.	मेन्छयायेम गाउँपालिका	तेह्रथुम	४२.	ऐसेलुखर्क गाउँपालिका	खोटाङ
४३.	खोटेहाङ गाउँपालिका	खोटाङ	४४.	टेम्केमैयुङ गाउँपालिका	भोजपुर
४५.	रामप्रसाद राई गाउँपालिका	भोजपुर	४६.	पौवादुङ्मा गाउँपालिका	भोजपुर
४७.	साल्पासिलिछो गाउँपालिका	भोजपुर	४८.	वेलका नगरपालिका	उदयपुर
४९.	कटारी नगरपालिका	उदयपुर	५०.	ताप्ली गाउँपालिका	उदयपुर
५१.	चौदण्डीगढी नगरपालिका	उदयपुर	५२.	छथर जोरपाटी गाउँपालिका	धनकुटा
५३.	धनकुटा नगरपालिका	धनकुटा	५४.	सहिदभुमि गाउँपालिका	धनकुटा
५५.	चौबिसे गाउँपालिका	धनकुटा	५६.	सिद्धिचरण नगरपालिका	ओखलढुंगा
५७.	चम्पादेवी गाउँपालिका	ओखलढुंगा	५८.	मानेभञ्याङ गाउँपालिका	ओखलढुंगा
५९.	सुनकोशी गाउँपालिका	ओखलढुंगा	६०.	लिखु गाउँपालिका	ओखलढुंगा

प्रदेश २

क्र.सं.	स्थानीय तह	जिल्ला	क्र.सं.	स्थानीय तह	जिल्ला
१.	राजविराज नगरपालिका	सप्तरी	२.	बलान-विहुल गाउँपालिका	सप्तरी
३.	शम्भुनाथ नगरपालिका	सप्तरी	४.	सुरुगां नगरपालिका	सप्तरी
५.	सप्तकोशी नगरपालिका	सप्तरी	६.	मिर्चैया नगरपालिका	सिराहा
७.	गोलबजार नगरपालिका	सिराहा	८.	लहान नगरपालिका	सिराहा
९.	लक्ष्मीपुर पतारी गाउँपालिका	सिराहा	१०.	शहिदनगर नगरपालिका	धनुषा
११.	विष्णु गाउँपालिका	सर्लाही	१२.	हरिपुर्वा नगरपालिका	सर्लाही
१३.	रामनगर गाउँपालिका	सर्लाही	१४.	चन्द्रनगर गाउँपालिका	सर्लाही
१५.	सोनमा गाउँपालिका	महोत्तरी	१६.	बर्दिवास नगरपालिका	महोत्तरी

१७.	परोहा नगरपालिका	रौतहट	१८.	गजुरा नगरपालिका	रौतहट
१९.	पोखरिया नगरपालिका	पर्सा	२०.	सखुवा प्रसौनी गाउँपालिका	पर्सा
२१.	पटेर्वा सुगौली गाउँपालिका	पर्सा			

वागमती प्रदेश

क्र.सं.	स्थानीय तह	जिल्ला	क्र.सं.	स्थानीय तह	जिल्ला
१.	कमलामाई नगरपालिका	सिन्धुली	२.	गोलन्जोर गाउँपालिका	सिन्धुली
३.	दुधौली नगरपालिका	सिन्धुली	४.	मरिण गाउँपालिका	सिन्धुली
५.	तारकेश्वर गाउँपालिका	नुवाकोट	६.	सुर्यगढी गाउँपालिका	नुवाकोट
७.	तादी गाउँपालिका	नुवाकोट	८.	लिखु गाउँपालिका	नुवाकोट
९.	मन्थली नगरपालिका	रामेछाप	१०.	सुनापति गाउँपालिका	रामेछाप
११.	उमाकुण्ड गाउँपालिका	रामेछाप	१२.	जिरी नगरपालिका	दोलखा
१३.	गौरीशङ्कर गाउँपालिका	दोलखा	१४.	भिमेश्वर नगरपालिका	दोलखा
१५.	चौतारा सागाचोकगढी नगरपालिका	सिन्धुपाल्चोक	१६.	पाँचपोखरी थाङपाल गाउँपालिका	सिन्धुपाल्चोक
१७.	मेलम्ची नगरपालिका	सिन्धुपाल्चोक	१८.	बलेफी गाउँपालिका	सिन्धुपाल्चोक
१९.	ईन्द्रावती गाउँपालिका	सिन्धुपाल्चोक	२०.	लिसंखुपाखर गाउँपालिका	सिन्धुपाल्चोक
२१.	जुगल गाउँपालिका	सिन्धुपाल्चोक	२२.	दक्षिणकाली नगरपालिका	काठमाण्डौं
२३.	गोकर्णेश्वर नगरपालिका	काठमाण्डौं	२४.	नागार्जुन नगरपालिका	काठमाण्डौं
२५.	महाङ्काल गाउँपालिका	ललितपुर	२६.	गोदावरी नगरपालिका	ललितपुर
२७.	सूर्यविनायक नगरपालिका	भक्तपुर	२८.	बनेपा नगरपालिका	काभ्रेपलाञ्चोक
२९.	रोशी गाउँपालिका	काभ्रेपलाञ्चोक	३०.	पांचखाल नगरपालिका	काभ्रेपलाञ्चोक
३१.	बेथानचोक गाउँपालिका	काभ्रेपलाञ्चोक	३२.	नमोबुद्ध नगरपालिका	काभ्रेपलाञ्चोक
३३.	भुम्लु गाउँपालिका	काभ्रेपलाञ्चोक	३४.	मण्डनदेउपुर नगरपालिका	काभ्रेपलाञ्चोक
३५.	कालिका गाउँपालिका	रसुवा	३६.	मनहरी गाउँपालिका	मकवानपुर
३७.	हेटौडा उप महानगरपालिका	मकवानपुर	३८.	कैलाश गाउँपालिका	मकवानपुर
३९.	ज्वालामूखी गाउँपालिका	धादिङ	४०.	सिद्धलेक गाउँपालिका	धादिङ
४१.	गजुरी गाउँपालिका	धादिङ	४२.	भरतपुर महानगरपालिका	चितवन
४३.	माडी नगरपालिका	चितवन			

गण्डकी प्रदेश

क्र.सं.	स्थानीय तह	जिल्ला	क्र.सं.	स्थानीय तह	जिल्ला
१.	भीरकोट नगरपालिका	स्याङजा	२.	कालीगण्डकी गाउँपालिका	स्याङजा
३.	वालिङ नगरपालिका	स्याङजा	४.	फेदीखोला गाउँपालिका	स्याङजा
५.	अर्जुनचौपारी गाउँपालिका	स्याङजा	६.	हरिनास गाउँपालिका	स्याङजा
७.	मादी गाउँपालिका	कास्की	८.	महाशिला गाउँपालिका	पर्वत
९.	जलजला गाउँपालिका	पर्वत	१०.	फलेवास नगरपालिका	पर्वत
११.	पैयूं गाउँपालिका	पर्वत	१२.	आँबुखैरेनी गाउँपालिका	तनहुँ
१३.	म्याग्दे गाउँपालिका	तनहुँ	१४.	देवघाट गाउँपालिका	तनहुँ
१५.	बन्दिपुर गाउँपालिका	तनहुँ	१६.	बाग्लुङ नगरपालिका	बाग्लुङ
१७.	जैमिनी नगरपालिका	बाग्लुङ	१८.	गल्कोट नगरपालिका	बाग्लुङ
१९.	ढोरपाटन नगरपालिका	बाग्लुङ	२०.	वरेङ गाउँपालिका	बाग्लुङ
२१.	गोरखा नगरपालिका	गोरखा	२२.	आरूघाट गाउँपालिका	गोरखा
२३.	पालुङटार नगरपालिका	गोरखा	२४.	गण्डकी गाउँपालिका	गोरखा
२५.	बारपाक सुलिकोट गाउँपालिका	गोरखा	२६.	धार्चे गाउँपालिका	गोरखा
२७.	बेनी नगरपालिका	म्याग्दी	२८.	रघुगंगा गाउँपालिका	म्याग्दी
२९.	मंगला गाउँपालिका	म्याग्दी	३०.	मनाङ डिस्याङ गाउँपालिका	मनाङ

३१.	घरपझोङ गाउँपालिका	मुस्ताङ	३२.	वारागुङ मुक्तिक्षेत्र गाउँपालिका	मुस्ताङ
३३.	थासाङ गाउँपालिका	मुस्ताङ	३४.	सुन्दरबजार नगरपालिका	लमजुङ
३५.	मर्स्याङदी गाउँपालिका	लमजुङ	३६.	क्व्होलासोथार गाउँपालिका	लमजुङ
३७.	गैंडाकोट नगरपालिका	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	३८.	बौदीकाली गाउँपालिका	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
३९.	मध्यविन्दु नगरपालिका				

लुम्विनी प्रदेश

क्र.सं.	स्थानीय तह	जिल्ला	क्र.सं.	स्थानीय तह	जिल्ला
१.	प्रतापपुर गाउँपालिका	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	२.	रुन्टीगढी गाउँपालिका	रोल्पा
३.	सरावल गाउँपालिका		४.	लुङग्री गाउँपालिका	रोल्पा
५.	पाल्हीनन्दन गाउँपालिका		६.	सुनिल स्मृति गाउँपालिका	रोल्पा
७.	बर्दघाट नगरपालिका		८.	थवाङ गाउँपालिका	रोल्पा
९.	जानकी गाउँपालिका	बाँके	१०.	परिवर्तन गाउँपालिका	रोल्पा
११.	कन्चन गाउँपालिका	रूपन्देही	१२.	मायादेवी गाउँपालिका	रूपन्देही
१३.	मर्चवारी गाउँपालिका	रूपन्देही	१४.	रोहिणी गाउँपालिका	रूपन्देही
१५.	बुटवल उप-महानगरपालिका	रूपन्देही	१६.	सम्मरीमाई गाउँपालिका	रूपन्देही
१७.	सैनामैना नगरपालिका	रूपन्देही	१८.	सियारी गाउँपालिका	रूपन्देही
१९.	सिद्धार्थनगर नगरपालिका	रूपन्देही	२०.	शुद्धोधन गाउँपालिका	रूपन्देही
२१.	तिलोत्तमा नगरपालिका	रूपन्देही	२२.	गैडहवा गाउँपालिका	रूपन्देही
२३.	शिवराज नगरपालिका	कपिलबस्तु	२४.	विजयनगर गाउँपालिका	कपिलबस्तु
२५.	महाराजगञ्ज नगरपालिका	कपिलबस्तु	२६.	कपिलवस्तु नगरपालिका	कपिलबस्तु
२७.	बाणगंगा नगरपालिका	कपिलबस्तु	२८.	बुद्धभुमी नगरपालिका	कपिलबस्तु
२९.	शुद्धोधन गाउँपालिका	कपिलबस्तु	३०.	शितगंगा नगरपालिका	अर्घाखाँची
३१.	छत्रदेव गाउँपालिका	अर्घाखाँची	३२.	रिब्दीकोट गाउँपालिका	पाल्पा
३३.	तानसेन नगरपालिका	पाल्पा	३४.	रैनादेवी छहरा गाउँपालिका	पाल्पा
३५.	माथागढी गाउँपालिका	पाल्पा	३६.	गौमुखी गाउँपालिका	प्यूठान
३७.	राप्ती गाउँपालिका	दाङ	३८.	घोराही उप-महानगरपालिका	दाङ
३९.	शान्तिनगर गाउँपालिका	दाङ	४०.	लमही नगरपालिका	दाङ
४१.	रेसुंगा नगरपालिका	गुल्मी	४२.	गुल्मीदरबार गाउँपालिका	गुल्मी
४३.	ठाकुरबाबा नगरपालिका	बर्दिया	४४.	गेरुवा गाउँपालिका	बर्दिया
४५.	सिस्ने गाउँपालिका	रुकुम पूर्व	४६.	पुथा उत्तरगंगा गाउँपालिका	रुकुम पूर्व

कर्णाली प्रदेश

क्र.सं.	स्थानीय तह	जिल्ला	क्र.सं.	स्थानीय तह	जिल्ला
१.	छायाँनाथ रारा नगरपालिका	मुगु	२.	खत्याड गाउँपालिका	मुगु
३.	भेरीगंगा नगरपालिका	सुर्खेत	४.	बीरेन्द्रनगर नगरपालिका	सुर्खेत
५.	लेकबेसी नगरपालिका	सुर्खेत	६.	सिम्ता गाउँपालिका	सुर्खेत
७.	चिङ्गाड गाउँपालिका	सुर्खेत	८.	डोल्पो बुद्ध गाउँपालिका	डोल्पा
९.	त्रिवेणी गाउँपालिका	सल्यान	१०.	सिद्ध कुमाख गाउँपालिका	सल्यान
११.	कालिमाटी गाउँपालिका	सल्यान	१२.	कुमाख गाउँपालिका	सल्यान
१३.	छेडागाड नगरपालिका	जाजरकोट	१४.	शिवालय गाउँपालिका	जाजरकोट
१५.	सिमकोट गाउँपालिका	हुम्ला	१६.	हिमा गाउँपालिका	जुम्ला
१७.	खाँडाचक्र नगरपालिका	कालिकोट	१८.	पलाता गाउँपालिका	कालिकोट

१९.	आठबीस नगरपालिका	दैलेख	२०.	ठाँटीकाँध गाउँपालिका	दैलेख
२१.	भैरवी गाउँपालिका	दैलेख	२२.	आठबिसकोट नगरपालिका	रुकुम (पश्चिम भाग)
२३.	त्रिवेणी गाउँपालिका	रुकुम (पश्चिम भाग)			

सुदुरपश्चिम प्रदेश

क्र.सं.	स्थानीय तह	जिल्ला	क्र.सं.	स्थानीय तह	जिल्ला
१.	धनगढी उप-महानगरपालिका	कैलाली	२.	कैलारी गाउँपालिका	कैलाली
३.	घोडाघोडी नगरपालिका	कैलाली	४.	जोशीपुर गाउँपालिका	कैलाली
५.	गोदावरी नगरपालिका	कैलाली	६.	जानकी गाउँपालिका	कैलाली
७.	लम्किचुहा नगरपालिका	कैलाली	८.	चुरे गाउँपालिका	कैलाली
९.	टिकापुर नगरपालिका	कैलाली	१०.	बर्दगोरिया गाउँपालिका	कैलाली
११.	मोहन्याल गाउँपालिका	कैलाली	१२.	पूर्वीचौकी गाउँपालिका	डोटी
१३.	मालिकार्जुन गाउँपालिका	दार्चुला	१४.	शैल्यशिखर नगरपालिका	दार्चुला
१५.	दुहुँ गाउँपालिका	दार्चुला	१६.	महाकाली नगरपालिका	दार्चुला
१७.	दशरथचन्द नगरपालिका	बैतडी	१८.	पंचेश्वर गाउँपालिका	बैतडी
१९.	शिवनाथ गाउँपालिका	बैतडी	२०.	नवदुर्गा गाउँपालिका	डडेल्धुरा
२१.	भागेश्वर गाउँपालिका	डडेल्धुरा	२२.	गन्यापधुरा गाउँपालिका	डडेल्धुरा
२३.	अजयमेरु गाउँपालिका	डडेल्धुरा	२४.	कमलबजार नगरपालिका	अछाम
२५.	सँफिवगर नगरपालिका	अछाम	२६.	चौरपाटी गाउँपालिका	अछाम
२७.	पंचदेवल विनायक नगरपालिका	अछाम	२८.	शुक्लाफाँट नगरपालिका	कञ्चनपुर
२९.	बेदकोट नगरपालिका	कञ्चनपुर	३०.	पुनर्वास नगरपालिका	कञ्चनपुर
३१.	लालझाडी गाउँपालिका	कञ्चनपुर	३२.	बेलौरी नगरपालिका	कञ्चनपुर

अनुसूची ४

लाभग्राही अन्तर्वार्ता प्रश्नावली तथा जवाफ

प्रदेशः	जिल्लाः
स्थानीय तहः	वडा नं.:
लाभग्राहीको नाम (ऐच्छीक):	कार्यक्रममा सहभागि भएको आ.व.:
बेरोजगार प्राथमिकता नं.:	मोवाइल नंः

१. तपाइको घरमा कति जनाको परिवार छन् ? ..... जना

२. परिवार सदस्य मध्ये १८ देखि ५९ वर्षसम्मको कति जना हुनुहुन्छ ? .....जना

३. १८ देखि ५९ वर्षसम्मको कतिजना बेरोजगार हुनुहुन्छ ? .....जना

४. प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा तपाइलाई जानकारी छ ?

(क) छ **(३१६)** (ख) छैन**(५१)**

४.१ यदी छ भने, यस कार्यक्रम बारे जानकारी कसरी प्राप्त गर्नुभयो ?

(क) सञ्चार माध्यम **(४१)** (ख) जनप्रतिनिधि **(१७०)** (ग)रोजगार सेवा केन्द्र **(५०)**

(घ) साथिभाई/ईष्टमित्र **(५१)** (ङ) अन्य **(९)**

५. यस कार्यक्रमले देहायका सेवा उपलब्ध गराउने बारे तपाइलाई जानकारी छ?

५.१

क्र.स.	सेवा	छ	केही हदसम्म छ	छैन
क	बेरोजगारलाई न्यूनतम रोजगारी उपलब्ध गराउने	(३६७)		
ख	बेरोजगारलाई क्षमता अभिवृद्धि तालिम दिने	(०)	(०)	(३६७)
ग	बेरोजगारलाईस्वरोजगार सीप सिकाउने	(०)	(०)	(३६७)
घ	बेरोजगारलाईवित्तीय सहायता दिने	(०)	(०)	(३६७)

र्यक्रमले प्रदान गर्ने न्यूनतम रोजगारी बारे जानकारी छ ?

(क) छ **(२९३)** (ख) छैन **(७४)**

५.२ यदि छ भने कति दिन रोजगारी प्रदान गर्दछ ? .....दिन

६. यस कार्यक्रमबाट तपाइले देहायका मध्ये के के सेवा प्राप्तगर्नुभयो ?

क्र.स.	सेवा	चिन्ह(√) लगाउने
क.	रोजगारी	**(३६७)**
ख.	तालिम तथा स्वरोजगार सीप	**(०)**
ग	वित्तीय प्रोत्साहन सम्वन्धी	**(०)**
घ	माथिका सवै	**(०)**
ङ	अन्य भए खुलाउने	**(०)**

६.१ यदि रोजगारी प्राप्त भएको भए कृपया देहायको विवरण उल्लेख गर्नुहोस् ।

- रोजगारी प्राप्त दिन.....
- रोजगारदाताको विवरण

(क) सार्वजनिक आयोजना (स्थानीय तह) (ख) निजी क्षेत्र

(ग) सहकारी (घ) गैरसरकारी

(ङ) कामका लागि पारिश्रमिक आयोजना **(३६७)**

- गरेको काम विवरण .....

६.२ यदि तालिम तथा स्वरोजगार सीप प्राप्त गरेको भए कृपया देहायको सम्बन्धमा उल्लेख गर्नुहोस्

- तालिमको विषयः
- तालिम प्राप्त दिनः ....
- तालिम पश्चात रोजगारी प्राप्त गरेको दिन .....

६.३ यदी वित्तीय प्रोत्साहनसम्बन्धी प्राप्त गरेको भए कृपया देहायको सम्वन्धमा उल्लेख गर्नेहोस्

- प्राप्त गरेको वित्तीय सहायता रु.....
- वित्तीय सहायताबाट गरेको कामको विवरण.....

७. तपाइको परिवारबाट कति जनाले रोजगारी प्राप्त गर्नुभयो ?..... जना

७.१ परिवारको जम्मा रोजगारी दिन .....

७.२ न्यूनतम रोजगारी अन्तर्गत पाउनुपर्ने ज्याला दर बारे जानकारी छ ?

(क) छ **(३३५)** (ख) छैन **(३०)**

७.३ दैनिक ज्याला कुन दरमा प्राप्त गर्नुभयो ? उल्लेख गर्ने । रु.....

७.४ ज्याला भुक्तानि कति अवधिमा गरिएको थियो ?

(क) आयोजना सम्पन्न भएपछि **(३६७)** (ख) १५ दिन (०) (ग) एक महिना **(०)**

७.५ ज्याला कति प्राप्त गर्नुभयो ?

(क) काम गरेको दिन बराबर **(३६७)**

(ख) काम गरेभन्दा कम दिनको (उल्लेख गर्ने).....दिन

(ग) काम गरेभन्दा बढी दिनको (उल्लेख गर्ने).....दिन

८. तपाइको बैक खाता छ ?

(क) छ (ख) छैन

८.१ यदी छैन भने, काममा खटिनुभन्दा अगाडि रोजगार सेवा केन्द्रले बैक खाता खोल्न लगाएको थियो ?

(क) थियो **(२७६)** (ख) थिएन **(९१)**

८.२ ज्याला रकम कुन माध्यम बाट प्राप्त गर्नुभयो ?

(क) बैक **(३२४)** (ख) नगद **(४३)**

८.३ यदि नगद भुक्तानी भएको भए को मार्फत प्राप्त गर्नुभयो ?

(क) जनप्रतिनिधि **(०)** (ख) उपभोक्ता समिति **(४३)** (ग) रोजगार सेवा केन्द्र **(०)**

९. सूचीकृत भैसकेपछि न्यूनतम १०० दिनको रोजगारी दिन नसकेमा त्यसको आधा निर्वाह भत्ता पाइन्छ भन्ने थाहा छ वा छैन ?

(क) छ **(०)** (ख) छैन **(३६७)**

९.१ यदि छ भने निर्वाह भत्ता पाउन पुग्नुपर्ने मापदण्ड बारे थाहा छ ?

(क) छ **(०)** (ख) छैन **(३६७)**

९.२ तपाइको परिवारले निर्वाह भत्ता प्राप्त गरेको छ ?

(क) छ **(०)** (ख) छैन **(३६७)**

९.३ छैन भने, निर्वाह भत्ता नपाउनुको कारण के होला ?

(क) आवेदन नदिएर **(०)** (ख) मापदण्ड पुरा नभएर **(०)**
(ग) थाहा नपाएर **(३६७)** (घ) मापदण्ड पुरा गरे पनि पाइन **(०)**

१०. रोजगारीको लागि चैत्र मसान्त भित्र निवेदन दिनु भएके थियो वा थिएन ?

(क) दिएको थिए **(३६७)** (ख) दिएको थिएन **(०)** (ग) जानकारी भएन **(०)**

१०.१ रोजगारी छनौट गर्ने अवसर प्राप्त गर्नुभयो ?

(क) पाए **(०)** (ख) पाइन **(३६७)**

१०.२ बेरोजगारको सूचीमा सुचिकृत हुने प्रक्रिया कस्तो रहेको पाउनुभयो ?

(क) सरल **(३६७)** (ख) प्रक्रियामुखी/झन्झटिलो
(ग) सामान्य नागरिकलाई सास्ति

१०.३ काममा खटिनु भन्दा अगाडी अभिमुखिकरण तालिम प्राप्त गर्नुभयो ?

(क) गरे **(१२५)** (ख) गरिन **(२४२)**

१०.४ निर्माण सामाग्रीको उपलब्धता कसले गरायो थाहा पाउनुभएको छ ?

(क) स्थानिय तह (ख) रोजगार सेवा केन्द्र **(३६७)**
(ग) अन्य संस्था (घ) सम्बन्धित कार्यालय

१०.५ आयोजनाको सार्वजनिक सुनुवाइ भयो कि भएन ?

(क) भयो **(१०८)** (ख) भएन **(७७)** (ग) थाहा भएन **(१८२)**

१०.६ तपाइ आयोजनामा कार्य गर्दाको अवधिको श्रमिक दुर्घटना वीमा गराएको थियो ?

(क) थियो (ख) थिएन (ग) जानकारी भएन**(३६७)**

१०.७ काममा रहदा दैनिक हाजिर उठाउने व्यवस्था गरिएको थियो ?

(क) थियो **(३६७)** (ख) थिएन (ग) जानकारी भएन

१०.८ काममा खटाउँदा फोटो सहितको परिचय पत्र दिइएको थियो ?

(क) थियो **(२१६)** (ख) थिएन**(१५१)**

१०.९ आयोजना सञ्चालन गर्दा कार्यस्थल सुरक्षा सामाग्री उपलब्ध गराइएको थियो ?

(क) थियो **(१५८)** (ख) थिएन **(२०८)**

१०.१० आयोजना सञ्चालन गर्दा उपभोक्ता समिति गठन गरिएको थियो ?

(क) थियो **(३६७)** (ख) थिएन (ग) जानकारी भएन

११. आयोजनाको नियमित अनुगमन भएको थियो ?

(क) थियो **(३६७)** (ख) थिएन (ग) जानकारी भएन

११.१ थियो भने कसले गरेको थियो?

(क) स्थानीय तह **(३६७)** (ख) रोजगार सेवा केन्द्र
(ग) प्रदेश सरकार (घ) संघीय सरकार

१२. यस कार्यक्रम बाहेक तपाइले स्थानीय तहले सञ्चालन गरेका अन्य रोजगार मूलक आयोजनामा सहभागी हुनुभएको थियो ?

(क) थिएँ (ख) थिइन **(३६७)**

१२.१ सहभागी हुनुभएको भए कृपया दिन उल्लेख गर्नुहोस् ।दिन.....

सहयोगको लागि धन्यवाद।

भेरी—बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

परिचय

१. **पृष्ठभुमि** - नेपालका धेरै जसो सिँचाइ योजनाहरु मझौला तथा साना नदीहरुको पानी उपयोग गर्ने र वर्षादमा थप पानी उपलव्ध गराउने (Monsoon Supplement Irrigation System) प्रकृतिका छन् । देशको कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य भूमिमध्ये सिँचाइयोग्य जमिन २२ लाख ६५ हजार हेक्टर रहेकोमा २०७६।७७ सम्म १४ लाख ८२ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको र सोमध्ये एक तिहाई क्षेत्रमा मात्र वर्षैभरी सिँचाइ सुविधा उपलब्ध भएको छ। नदीहरुमा सुख्खा समयमा आवश्यक मात्रामा पानी उपलब्ध नभएबाट विकसित सिँचाइ प्रणालीहरुमा बाह्रै महिना सिँचाइ सुविधा उपलव्ध हुन नसकेको अवस्थालाई मध्यनजर गरी बहुआयामिक, दिगो तथा बहुउपयोग अवधारणा अन्तर्गत राष्ट्रिय गौरबको रुपमा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यान्वयन सुरु भएको छ ।

२. **आयोजनाको परिचय** - सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीमा ११४ मीटर लामो व्यारेज सहित डिसेन्डीङ्ग बेसिन र टनेल पोर्टलको निर्माण गर्ने, ४.२ मीटर व्यास र १२.२ कि.मी. लामो सुरुङ्ग मार्फत प्रतिसेकेण्ड ४० घनमिटर पानी बबई नदीमा खसालिने, २३.४ मेगावाट क्षमताका दुई टर्वाइनबाट ४६.८ मेगावाट क्षमताको बिद्युत गृह निर्माण गरी वार्षिक करिब ४०० गिगावाट आवर विद्युत उत्पादन गर्ने आयोजनाको मुख्य लक्ष्य रहेको छ । यस आयोजना २०७९।८० भित्र सम्पन्न गर्ने गरी कार्यान्वयनमा रहेको छ । आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बबई सिँचाइ आयोजनाको संरचनाको उपयोग गर्दै बर्दिया र बाँके जिल्लाको करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुनेछ । आयोजनाको कुल लागत अनुमान रु.३३ अर्ब १९ करोड रहेको छ । त्यस्तै आयोजनाको प्रभावित क्षेत्रको विकासको लागि भेरी कोरिडोर कार्यक्रमतर्फ रु.३ अर्ब ६१ करोड लागत लाग्ने अनुमान गरेको छ।

३. **नीतिगत व्यवस्था -** आयोजनासँग सम्बन्धित नीतिगत व्यवस्था निम्नानुसार रहेको छ :

- सिँचाइ नीति, २०७० मा उल्लेख भएअनुसार कृषियोग्य भूमिमा कृषि उत्पादकत्व योगदान पुग्ने गरी वर्ष भरी दीगो एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने, सो कार्यको लागि सम्भाव्यता अध्ययनको आधारमा अन्तर जलाधार जल स्थानान्तरण हुने आयोजना सञ्चालनमा प्राथमिकता दिने उल्लेख छ ।
- जलविद्युत विकास नीति, २०५८ मा जलाशययुक्त र बहुउदेश्यीय आयोजना कार्यान्वयनमा जोड दिने उल्लेख छ ।
- आवधिक योजनाले सिँचित क्षेत्र वृद्धि गर्नुको साथै जलस्रोतको बहुउदेश्यीय उपयोगमा जोड दिने, उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्ने, जलस्रोतको बहुआयामिक तथा समन्यायीक उपयोग मार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्ने जस्ता व्यहोरा समावेश छन् ।
- वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं ५२ मा उल्लेख भएअनुसार भेरी बबई डाईभर्सन आयोजनाको निर्माण २ वर्ष भित्र सम्पन्न गरिने, आयोजनाबाट सिँचाइ क्षेत्रको हुनुको साथै ४६.८ मेगावाट विद्युत उत्पादन गरिने उल्लेख छ ।

- बजेट बक्तव्यको बुदा नं ११० मा जलस्रोतको बहुउदेश्यीय आयोजनाहरु विकासमा प्राथमिकता दिइ खानेपानी, सिँचाइ, विद्युत, नदी नियन्त्रण र वातावरण प्रवर्द्धन पक्षलाई समेत समेटिने व्यहोरा समावेश गरिएको छ।

४. **कानूनी व्यवस्था** - आयोजना सञ्चालनको लागि दीर्घकीलिन नीतिको परिधि भित्र रही जलस्रोत तथा विद्युत ऐन र नियमावली २०५० तर्जुमा भएका छन् । राष्ट्रिय गौरबको रुपमा सञ्चालित यस आयोजनाको कार्य सम्पादनमा सघाउ पुऱ्याइ बहुउदेश्यीय योजनाहरुको समन्वय, निर्माण सञ्चालन र प्रवर्द्धनको कार्य उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई तोकिएको छ । सोको अत्तिरिक्त सार्वजनिक खरिद र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनहरुको व्यवस्था भएको छ ।

५. **संगठन संरचना तथा जनशक्ति -** आयोजनाको कार्यसम्पादनलाई नतिजामुखी बनाउन कर्मचारीको स्वीकृत दरबन्दी ४९ रहेको छ । आयोजनाको कार्यक्षेत्र वृहत्त रहेकोले सुर्खेतको चिप्ले र बबईमा साइट एवं विरेन्द्रनगरमा आयोजनाको मुख्य कार्यालय रहेको छ । आयोजनाको साइटहरुको प्राविधिक व्यवस्थापन र अनुगमनको लागि आयोजना निर्देशक अन्तर्गत रहने गरी विभिन्न शाखाहरुको व्यवस्था गरी कार्य विभाजन समेत गरेको छ ।

आयोजनाको दैनिक क्रियाकलाप सञ्चालन गर्न राजपत्राङ्कित प्रथम श्रेणीको आयोजना निर्देशकको मातहतमा २२ राजपत्राङ्कित प्राविधिक तथा अन्य प्रशासनिक कर्मचारी रहेका छन् । संघीय सरकार मातहतको आयोजना भएपनि प्रदेश सरकार तथा स्थानीय तहहरु लाभान्वित हुने सरोकारवाला रहेका छन् । आयोजनाको निर्माण सुपरभिजनलाई अनुगमन तथा व्यवस्थापनका लागि विदेशी परामर्शदाता समेत उपस्थित रहेको छ ।

६. **कार्यक्रम र प्रगति** - आयोजना अन्तर्गत मुख्य रुपमा आयोजनाको निर्माण र भेरी कोरिडोर कार्यक्रम सञ्चालनमा छन् । आयोजना निर्माणतर्फ टनेल, सिभिल निर्माण, पहुँच सडक, क्याम्प हाइड्रो मेकानिकल, इलेक्ट्रो मेकानिकल र प्रसारण लाइन लगायतका कार्य मुख्य रुपमा रहेका छन् । भेरी कोरिडोरतर्फ वातावरणीय सुधार तथा सामाजिक उत्तरदायित्वका सिँचाइ, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रमहरु सञ्चालनमा छन् । आयोजनाले २०७६।७७ सम्म भौतिक निर्माणतर्फ ४०.५० प्रतिशत र भेरी कोरिडोरतर्फ ३० प्रतिशत प्रगति हासिल गरेको छ ।

क्र. सं.	कार्यको विवरण	लक्ष्य प्रतिशत	भौतिक प्रगति प्रतिशत	प्रगति प्रतिशत
१.	सुरुङ निर्माण कार्य	३१.८४	३१.८४	१००.००
२.	सुरुङ निर्माण परामर्श सेवा	१.७०	१.६१	९५.००
३.	हेडवक्स, सर्ज साफ्ट र पावर हाउसका निर्माण कार्य	३६.४७	२.९२	८.००
४.	हाइड्रो मेकानिकल निर्माण तथा जडान	८.५७	०.४३	५.००
५.	इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान	१०.५९	०.३२	३.००
६.	सिभिल, हाइड्रो र इलेक्ट्रोमेकानिकल परामर्श सेवा	२.८६	०.४३	१५.००
७.	प्रशारण लाइन तथा अन्य पूर्वाधार निर्माण	०.६५	०.०	०.००
८.	वातावरणीय संरक्षण, सामाजिक सुधार तथा जग्गा प्राप्ति	७.३२	२.९३	४०.००
	जम्मा	१००	४०.५	-
९.	भेरी करिडोर सिंचाई विकास निर्माण कार्य	१००	३०	३०

आयोजनाको समग्र क्रियाकलापमा २०७६।७७ को कार्यक्रममा विशेष लक्ष्यका साथ माइलस्टोन निर्धारण गरिएको छ । जसमा सुरुङ मार्गको फिनिसिङ गरी पानी समेत सञ्चालनका लागि डाइभर्सन संरचना निर्माण, हेडवक्स तथा पावर हाउसको निर्माण २० प्रतिशत, हाउड्रो तथा इलेक्ट्रो मेकानिकल तर्फ १२ प्रतिशत प्रगति गर्ने माइलस्टोन तोकिएका छन् ।

७. **वित्तीय व्यवस्था -** आयोजनाको सुरु लागत अनुमान रु.१६ अर्ब ४३ करोड रहेकोमा विभिन्न सिभिल संरचना लगायतका कार्यहरु थप भएकोले संशोधित लागत अनुमान रु.३६ अर्ब ८० करोड पुगेको छ । उक्त अनुमानमध्ये भौतिक निर्माण तर्फको रु.३३ अर्ब १९ करोड र भेरी करिडोरतर्फको रु.३ अर्ब ६१ करोड रहेको छ । आयोजनाले टनेल निर्माणमा रु १० अर्ब ५६ करोड, हेडवक्समा १२ अर्ब ९३ करोड, हाइड्रो मेकानिकलमा रु.३ अर्ब ४ करोड र अन्य ५ क्रियाकलापमा बाँकी रकम छुट्याए तापनि क्रियाकलापगत खर्च नछुट्याई एकमुष्ट नेपाल सरकारको स्रोतबाट रु.१२ अर्ब ८७ करोड ५३ लाख खर्च देखाएको छ । २०७६।७७ मा पुँजीगततर्फ रु.३ अर्ब ४१ करोड ८ लाख विनियोजन भएकोमा रु.२ अर्ब ७ करोड १७ लाख खर्च भएको छ । आयोजना निर्माण कार्य २०६७।६८ बाट सुरु भएकोमा २०७६।७७ सम्म पुँजीगततर्फ रु.१५ अर्ब २८ करोड १६ लाख र चालुतर्फ रु.११ करोड ८३ लाख बजेट व्यवस्था भएकोमा क्रमशः रु.१२ अर्ब ७७ करोड ५१ लाख र रु.१० करोड २ लाख खर्च भई क्रमशः ८३.५९ र ८४.६९ प्रतिशत वित्तीय प्रगति हासिल भएको देखिन्छ ।

८. **लेखापरीक्षणको लागि आयोजना छनौटको औचित्य** - स्रोतको सुनिश्चितता र निरन्तर अनुगमन तथा सुपरीवेक्षणमा सञ्चालन गर्ने उद्देश्यले स्थापित राष्ट्रिय गौरबका आयोजनाहरूको प्रगति समग्रमा सन्तोषजनक रहेको छैन । राष्ट्रको उन्नति र समृद्धि आयोजनाको सफलतामा निर्भर गर्ने सन्दर्भमा आयोजनाको कार्यान्वयन दक्षता मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षणका लागि यो विषय छनौट गरिएको हो ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

९. **लेखापरीक्षणको उद्देश्य -** आयोजना व्यवस्थापनको अध्ययन, मूल्याङ्कन तथा विश्लेक्षण गरी देखिएका समस्याको समाधानका लागि सुझाउ प्रस्तुत गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१०. **लेखापरीक्षणको क्षेत्र -** लेखापरीक्षणमा आयोजनाको आवश्यकता, बजेट तथा समय व्यवस्थापन, खरिद व्यवस्थापन, निर्माण कार्यको गुणस्तर नियन्त्रण, आयोजनाको प्रभावकारिता र दिगोपना जस्ता पक्षहरूलाई अध्ययनको क्षेत्रमा समावेश गरिएको छ ।लेखापरीक्षणले मुलत २०७६।७७ को तथ्याङ्क र सूचनाहरूमा आधारित रहेको छ ।

११. **पद्धति र विधि -** लेखापरीक्षणमा निम्नानुसार पद्धति तथा विधि अवलम्बन गरिएको छः

११.१. यस लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन ईन्टोसाईद्वारा जारी गरिएको कार्यमूलक लेखापरीक्षणका मानदण्डहरु ईसाइ ३००० र कार्यालयबाट जारी गरिएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ अनुसार सम्पन्न गरिएको छ ।

११.२. लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि छलफल, कागजात भिडान, प्रश्नावली आदि विधि प्रयोग गरिएको छ । विषयसँग सम्बन्धित जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त, सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, व्यवस्थापन पुनरावलोकन विधि, अनुपात विश्लेषण, सहसम्बन्ध विश्लेषण र विस्तृत विवरणको

परीक्षण विधि समेत अवलम्बन गरिएको छ । यस अतिरिक्त आयोजनामा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भए नभएको, आयोजनाको असर र प्रभाव सन्दर्भमा नतिजामूलक पद्धतिको समेत अवलम्बन गरिएको छ ।

१२. **सीमा —** कोभिड-१९ का कारण सूचना तथा तथ्याङ्क प्राप्त गर्न समस्या भएको, अपेक्षित मात्रामा लक्ष्यित वर्गसगँ फोकल ग्रुप डिस्कसन तथा अन्तरवार्ता लिन समस्या भएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा तथ्याङ्कहरु माग भएअनुसारको पूर्ण रुपले नआउनु, अपूरा र अधूरा सूचना तथा तथ्याङ्क प्राप्त हुनु जस्ता समस्याको रुपमा रहेका छन् । उपर्युक्त कारणहरूले लेखापरीक्षणको विधि तथा दायरा सीमित गरेको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

१३. **आयोजना प्रगति** – आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा स्वीकृत बजेट तथा कार्यक्रमको अनुगमन गरी भौतिक र वित्तीय प्रगति भए नभएको सम्बन्धमा समीक्षा गर्नुपर्ने व्यवस्था छ । आयोजनाको प्रगति प्रतिवेदनअनुसार कुल भौतिक प्रगति ४०.५० र भेरी करिडोर तर्फको ३० प्रतिशत रहेको छ । सुरुङ निर्माण कार्य र सुरुङ निर्माण कार्यको परामर्श सेवामा हालसम्म १०० प्रतिशत भौतिक प्रगति भएको जनाए तापनि सुरुङको हिउँद एवं वर्षायामको परीक्षण हुन बाँकी छ । आयोजनाको क्रियाकलापहरूको भौतिक प्रगति देहायबमोजिम रहेको छः

क्र.सं.	कार्यको विवरण	लागत (रु.लाख)	भार प्रतिशत	भौतिक प्रगति प्रतिशत	प्रगति प्रतिशत
१.	सुरुङ निर्माण कार्य	१०५६९७	३१.८४	३१.८४	१००
२.	सुरुङ निर्माण परामर्श सेवा	५६४२	१.७०	१.६१	९५
३.	हेडवक्स, सर्ज साफ्ट र पावर हाउसका निर्माण	१२१०८०	३६.४७	२.९२	८
४.	हाइड्रो मेकानिकल निर्माण तथा जडान	२८४४०	८.५७	०.४३	५
५.	इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान	३५१५०	१०.५९	०.३२	३
६.	सिभिल, हाइड्रो र इलेक्ट्रोमेकानिकल परामर्श सेवा	९५००	२.८६	०.४३	१५
७.	प्रशारण लाइन तथा अन्य पूर्वाधार निर्माण	२१५०	०.६५	०.०	०.०
८.	वातावरणीय, सामाजिक सुधार तथा जग्गा प्राप्ति	२४३०७	७.३२	२.९३	४०
	जम्मा	**३३१९६६**	**१००**	**४०.५**	
९.	भेरी करिडोर सिंचाई विकास निर्माण कार्य	**३६१००**	**१००**	**३०**	**३०**

आयोजनाको सुरु भएको वर्ष २०६७।६८ देखि २०७६।७७ सम्म पुँजीगत तर्फ रु.१५ अर्ब २८ करोड १६ लाख बजेट व्यवस्था भएकोमा रू.१२ अर्ब ७७ करोड ५१ लाख खर्च भएको छ। आयोजनाबाट सम्पन्न भएका क्रियाकलापको २०७७ चैत्र १० गते भौतिक निरीक्षण गर्दा देहाय बमोजिम देखिएको छ ।

- सिभिल निर्माण तर्फ हेर्डवर्क, सर्जसाफ्ट तथा पावर हाउससम्बन्धी कार्यको कुल भार ३६ रहेकोमा करिब ३ प्रतिशत मात्र प्रगति भएको छ । प्रशारण लाईनको सन्दर्भमा राष्ट्रिय ग्रिड लाईनमा आयोजनाबाट उत्पादन हुने विद्युत जोड्ने विषयमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत खरिद सम्झौता (पिपिए) हुन बाँकी छ । पावरहाउस निर्माण कार्यमा हाईड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलसम्बन्धी कार्य बाहेक अन्य सिभिल निर्माणसम्बन्धी कार्य समेत एउटै ठेक्का भित्र परेको र सो कार्य सुरु नभएको ।
- बबई नदीमा पानी डाइभर्सन गरी थप १५ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुऱ्याउन पूर्वाधार निर्माण कार्यको प्रगति शून्य रहेको छ।

- ३०८ मिटरको कफरङ्याम २०७६/७७ मा सुरु भई कार्य अधुरै रहेकोमा वर्षाको पानी तथा नदीको बहावले क्षति भएकोलाई समेत सुधार गरी हाल सो कार्यको ८० प्रतिशत कार्य सम्पन्न भएको छ । छिन्चु जाजरकोट खण्डको ड्राईभर्सन रोड ७८० मिटर लम्वाई र १ पक्की पुल निर्माण चरणमा रहेको छ ।
- करिब ९०० मिटर लम्वाईको पहुच मार्ग ग्राभेलिङ्ग गर्ने अवस्थामा पुगेको, नाला निर्माण कार्य निर्माण चरणमा रहेपनि सर्ज साप्टको कार्य सुरु भएको देखिएन।
- सिभिल निर्माण व्यवसायीले गर्नुपर्ने मुख्य कार्य अन्तर्गतको ११४ मीटर बाँध बनाउने कार्यलाई आयोजना सम्पन्न गर्ने अवधि २०७९।८० सँग तादाम्यता नगर्ने हो भने आयोजनाको अवधि लम्बिने अवस्था छ ।
- जग्गा प्राप्तिसम्बन्धी सर्भेक्षण गरेको र मूआब्जा निर्धारण गरी करिब ८ हेक्टर जग्गाको मुआब्जा वितरण गरे पनि ऐलानी जग्गाको क्षतिपूर्तिसम्बन्धी विषय निर्णय प्रक्रियामा रहेको उल्लेख छ ।
- आयोजनाको प्रभावित क्षेत्र सल्यानका स्थानीय तहमा सतह सिँचाइ, लिफ्ट सिँचाइ र नदी नियन्त्रण कार्यको लागी तयार गरेको ५ वर्षे गुरुयोजना ९ २०७५-८०० को लागी रु.३ अर्ब ६१ करोड ११ लाख लागत लाग्ने उल्लेख छ । कुल १५९९० हेक्टर क्षेत्र सिँचित गर्ने लक्ष्य रहेकोमा २०७६।७७ सम्म ४४६ योजना बाँकी रहेको छ ।

आयोजनाले सम्पादन गर्ने कार्य सूचकहरुमा समय, लागत तथा उपलब्धिलाई सान्दर्भिक बनाई वार्षिक कार्यक्रम अनुरुप कार्यान्वयन पक्षको अनुगमनको कमीका कारण आयोजना सम्पन्न गर्न ढिलाई भएको छ ।आयोजनाले प्रभावकारी अनुगमन गरी भौतिक प्रगतिलाई कार्यतालिकाबमोजिम सामन्जस्यता राखो तोकिएको समय भित्र आयोजनाका क्रियाकलाप सम्पन्न गर्नुपर्दछ।

१४. **लागत लाभ विश्लेषण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय र प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी आयोजना स्वीकृत गर्ने व्यवस्था छ ।आयोजना सम्पन्न गर्न भएको ढिलाई एवं लागत वृदिले गर्दा पूर्व निर्धारित प्रतिफल प्राप्त नहुने स्थिति देहाय बमोजिम छ

१४.१. आयोजनाले सुरुङ्गमार्गबाट बबई नदीमा पानी डाइभर्सन गरी ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेकोमा हालको बबई सिँचाइ प्रणालीबाट ३६ हजार हेक्टरको लागि सिँचाइ सुविधा उपलव्ध गराउन सक्ने देखिएको र बाँकी १५ हजार हेक्टरको लागि सिँचाइ प्रणालीको विकास गर्ने सम्बन्धमा कार्यक्रम तय भएको छैन । आयोजनाले बबई सिँचाइ आयोजना र सिक्टा सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी डिजाइन गरेको देखिन्छ । आयोजना निर्माण भए पश्चात सिँचाइ क्षेत्रबाट वार्षिक रू.३ अर्ब १० करोड र विद्युत उत्पादनबाट वार्षिक रू.४ अर्ब ३ करोड समेत जम्मा रू.७ अर्ब १३ करोड आम्दानी हुने प्रक्षेपण गरेको छ । आयोजनाले सम्पूर्ण संरचना निर्माण कार्य २०७६।७७ भित्र सम्पन्न गर्ने लक्ष्य लिएकोमा कार्य तालिका संशोधन गरी २०७९।८० मा सम्पन्न हुने जनाएको छ। सिभिल करिडोर, विद्युत लगायतका थप कार्यमा आयोजनाको संशोधित लागत अनुमान रू.१६ अर्बबाट रु.३६ अर्ब ८० करोड ११ लाख पुग्न गएको छ ।

१४.२. यस आयोजना अन्तर्गत निर्माण हुने बाँधलाई नै उपयोग गरी तथा भेरी नदीको पानीलाई दाँयातर्फ डाइभर्ट गरी सेकेन्डरी पावर प्लाण्टको रुपमा कम लागत तथा बढी प्रतिफल लिन सकिने योजनाको रुपमा १२ मेगावाट थप विद्युतको लागी आयोजना पहिचान भएको छ । नदीमा प्रर्याप्त पानी रहेकोले प्राईमरी पलाण्टको लागी न्यूनतम ठाटङघरक पानी छोड्दा पनि बचत पानी उपलब्ध हुने अवस्था रहेकोले सोको विस्तृत सर्भेक्षण, लागत अनुमान तथा गुरूयोजना अनुरुपको कार्य अगाडी बढेको छैन । डिजाईन तथा सर्वेक्षणको कार्यलाई पछाडी सार्दा आयोजनाको लागत बढ्ने स्थिति छ।

आयोजनाले सुरुङ, हेडवर्क्स, विद्युत गृह, हाइड्रो तथा इलेक्ट्रो मेकानिक्स र प्रशारण लाइन निर्माण कार्यको ठेक्का व्यवस्थापन एवं कार्यान्वयन गर्दा एउटा ठेक्काको काम समाप्त भएपछि मात्र अर्को निर्माण गर्ने गरी कार्य प्रक्रिया अङ्गिकार गरेकोले बहुउद्देशीय आयोजना सम्पन्न हुने मिति क्रमशः पछि सर्दै गएको छ । निर्माण कार्यमा क्रमिकता नरहँदा एवं संरचना थप गर्दै जाँदा आयोजना सम्पन्न हुने समय समग्रमा ३ वर्ष थप हुन गई प्राप्त हुने प्रतिफल प्रति वर्ष रू.७ अर्ब १३ करोड प्राप्त हुन सक्ने अवस्था छैन । सुरुङ मार्गको ठेक्का सम्झौता लगायत बाँध र विद्युत गृह निर्माणमा ढिलाईको कारण अपेक्षित प्रतिफलको अवसरबाट बञ्चित हुन परेको अवस्था छ ।अवसर नगुम्ने गरी आयोजनासँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने व्यवस्थामा सुधार ल्याई तोकिएको समय भित्र आयोजनाका क्रियाकलाप सम्पन्न गर्नुपर्दछ।

१५. **बजेट खर्च र कार्यान्वयन दक्षता —** फाइनान्स जर्नल मेनेजमेण्टको अवधारणामा बजेटरी सन्तुलन, बजेट उपयोगको पूर्णता, खर्चको सारभुत उपलब्धि, खर्चको खुलासा र पारदर्शितालाइ वित्तीय दक्षताको कसीमा मूल्याङ्कन गर्दा नै वित्त परीचालनबाट अपेक्षित नतिजा प्राप्त हुने कुरामा विश्वस्त हुन सक्ने उल्लेख छ । आयोजनाका लागि व्यवस्था भएको बजेटबाट सम्पादन गर्नुपर्ने निर्माण कार्य पुरा गरी खर्च गर्दा वित्तीय दक्षता प्राप्त हुने गर्दछ । यसको मापन गर्ने विधिमा कोरिलेशनलाई लिन सकिन्छ। उक्त कोरिलेशन सिद्धान्तले सदैव प्राप्त हुने प्रतिफलको सम्बन्धको गुणक ऋणात्मकदेखि धनात्मक एकसम्म रहने मान्यता राख्दछ ।सोअनुरुप आयोजना सुरु भए पश्चात २०७६।७७ सम्म भएको चालु तथा पूँजीगत खर्चलाई व्यवस्था गरेको बजेटसँग तुलनात्मक रुपमा गणना गर्दा बजेट र खर्चबीचको सम्बन्ध, बजेटमा प्राविधिक दक्षताको स्थिति विश्लेषण गरी प्राप्त तथ्याङ्क प्रसोधन मूल्याङ्कन गरिएको छ । आयोजनाको लागि व्यवस्था भएको पूँजीगत बजेटलाई X, खर्चको स्थितिलाई Y मा राखेर आर्थिक वर्षलाई N को सहसम्बन्ध पत्तालगाउने फर्मूलाको माध्यमबाट देहायबमोजिम दक्षता र क्षमता मापन गरिएको छ ।

Year	X	Y	xy	X^2	Y^2
2067/68	6.37	5.62	35.80	40.58	31.58
2068/69	9.99	2.70	26.97	99.80	7.29
2069/70	2.34	2.07	4.84	5.48	4.28
2070./71	4.05	1.62	6.56	16.40	2.62
2071/72	102.17	95.58	9765.41	10438.71	9135.54
2072/73	90.02	79.24	7133.18	8103.60	6278.98
2073/74	54.24	50.66	2747.80	2941.98	2566.44
2074/75	454.96	454.96	206988.60	206988.60	206988.60
2075/76	529.87	377.89	200232.57	280762.22	142800.85
2076/77	274.15	207.17	56795.66	75158.22	42919.41
Total	**1528.16**	**1277.51**	**483737.39**	**584555.59**	**410735.59**

प्राविधिक क्षमता र कार्यान्वयन दक्षता $(r) = \frac{n\Sigma X^2 - \Sigma X x \Sigma Y}{\sqrt{n\Sigma X^2 - (\Sigma X)^2 (n\Sigma Y^2 - (\Sigma Y)^2}}$ =०.७३:१=२७ प्रतिशत न्यून

आयोजनाको कुल लागत रु ३६ अर्ब ८० करोडमा २०६७।६८ देखि २०७६।७७ सम्म पूँजीगत तर्फ रु.१५ अर्ब २८ करोड १६ लाख वजेट व्यवस्था भएको र रु.१२ अर्ब ७७ करोड ५१

लाख खर्च भएको छ । वार्षिक बजेट र खर्चको सहसम्बन्धको तुलनात्मक अध्ययन गर्दा १० वर्षमा निर्धारित फर्मूलाबमोजिम पुँजीगत तर्फ ०.७३ प्रतिशतले ०.२७ गुणक घटी देखिएको कारण बजेटमा प्राविधिक क्षमता तथा कार्यान्वयन दक्षता समग्रमा घटेको देखिन्छ । बजेट र प्राविधिक क्षमताको सहसम्बन्ध कायम हुन नसकेको, समय वर्गीकरणको आधारमा बजेट उपयोगको क्षमता अपेक्षा गरे अनुरुपको नभएको, वार्षिक प्रतिवेदनमा सुरुदेखि २०७६।७७ सम्मको बजेट तथा खर्चको खुलासा नगरेको, खर्चको सारभुत उपलब्धिलाई कम्पोनेटवाईज नखुलाएको देखिँदा वित्तीय स्रोत परिचालनमा आयोजनाले अपनाउनु पर्ने कार्यान्वयन दक्षता प्रभावकारी देखिएन ।

कार्यदक्षता वृद्धि गर्न बजेट र प्राविधिक क्षमताको सहसम्बन्धलाई बलियो बनाउनुपर्दछ । साथै बजेट र खर्चको सहसम्बन्धलाई सारभूत उपलब्धिमा बदल्न कार्यान्वयन दक्षतामा वृद्धि ल्याउनु पर्दछ।

१६. **ठेक्का व्यवस्थापन** – आयोजनाले वस्तु वा सेवा प्राप्तिका लागि समयमै ठेक्का व्यवस्था गरी गरेका ठेक्का सम्झौताहरूको कार्यान्वयन तोकिएबमोजिम र समयमै सम्पन्न हुने गरी व्यवस्थापन गर्नुपर्दछ । तर ठेक्का व्यवस्था र सम्झौता कार्यान्वयनमा ढिलाई भएको अवस्था देहायबमोजिम छः

१६.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा प्रथम चौमासिकमा ठेक्काको व्यवस्थापन गरी दोश्रो तथा तेश्रो चौमासिकमा कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आयोजनामा विगत वर्ष खरिद सम्झौता भई २०७६।७७ मा जिम्मेवारी सरेका निर्माणतर्फ ११ ठेक्काको रू.१७ अर्ब ६९ करोड ९७ लाख र २०७६।७७ मा व्यवस्थापन भएका ३० समेत ४१ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष व्यवस्थापन भएका ३० ठेक्कामध्ये प्रथम चौमासिकमा शून्य, दोस्रो चौमासिकमा रू.३० करोड ३ लाखको २० ठेक्का र तेस्रो चौमासिकमा रू.१२ करोड ४२ लाखको १० ठेक्का गरी कूल रू.४२ करोड ४५ लाखको ठेक्का व्यवस्थापन भएको देखिन्छ । सोमध्ये २०७७ आषाढमा मात्र रू.७ करोड ८७ लाखको ७ ठेक्का व्यवस्थापन भएको छ । वर्षान्तमा ठेक्का व्यवस्थापन गरी कार्यान्वयन गर्दा सुपरभिजनमा असहजता, गुणस्तर कायम गर्न यथोचित ध्यान नपुग्नुको अतिरिक्त म्याद थप गर्नुपर्ने परिस्थिति सिर्जना भई ठेक्का भुक्तानीको दायित्व पछिल्लो वर्षमा सरेको अवस्था छ ।

१६.२. टनेल वोरिङ मेसिनबाट १२.२ किलोमिटर सुरुङ्ग खन्ने कार्य २०७६।१२।१५ भित्र सम्पन्न गर्न चाइना ओभरसिज ग्रुप कम्पनीसँग रू.१० अर्ब ५७ करोडको सम्झौता भएकोमा २०७६।७७ सम्म रू.९ अर्ब ८८ करोड भुक्तानी भएको र टनेलको ग्राउटिङ्ग, स्लोप प्रोटेक्सन तथा फिनिसिङको कार्य २०७७ कार्त्तिक मसान्तमा सम्पन्न गरेको अवस्था छ । भेरी नदीको ४० क्यूसेक पानी बबई नदीमा खसाल्न निर्माण भएको सुरुङको ड्राइ इन्सपेक्सन बेगर नै निर्माण व्यावसायीले तयार गरेको प्रारम्भिक कार्य सम्पन्न प्रतिवेदन आयोजनाले स्वीकार गरेको छ । टनेल भित्रको ग्राउटिङ्गको अवस्था, चुरे तथा महाभारत रेन्जमा निर्मित टनेलमा रहेको चट्टान तथा अन्य भौगोलिक अवस्था र सुरक्षितपनाको सुनिश्चित गर्न टनेलमा पानी भरी केही समय राखि सकेपछि यकिन हुने सम्बन्धमा आयोजनाले ध्यान पुऱ्याएको पाइएन । आयोजनाले २०७७।५।१७ मा स्वीकार गरेको कार्य सम्पन्न प्रतिवेदनले टनेलमा पानी भरेपछि भौगोलिक कारणले आउने जोखिमबाट निर्माण व्यावसायीलाई उन्मुक्ती दिएको देखियो ।



ठेक्काको त्रुटि सच्याउने अवधि १ वर्ष राखेको देखिएतापनि मूल नहरको हेडवर्क र सुरुङ निर्माण कार्य एकै पटक नगरेकोले पानी भरी त्रुटि सच्याउने अवधिमा सुरुङ्ग परीक्षण गर्ने व्यवस्था पालना हुने स्थिति देखिएन ।

१६.३. आयोजनाले भेरी नदीमा ५ ढोका सहितको १५१ मिटर लामो हेडवर्क्स निर्माण गरी बबई नदीमा पानी खसाल्दा १२९.५ मिटरको हेड रहेकोले ४६.८ मेघावाट विद्युत निर्माण गर्ने लक्ष्य अन्तर्गत विद्युत गृह, हाइड्रो तथा इलेक्ट्रो मेकानिक्ल र हेड वर्क तथा अन्य पूर्वाधार लगायतका सबै कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.५ अर्ब १६ करोडमा सम्झौता गरी २०७६।०७७ मा कार्यसञ्चालन पेश्की समेत रु.८८ करोड भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

- आयोजनाको निर्माण कार्य अन्तर्गत २०७६।७७ मा हेडवर्क्सको फाउन्डेशन खन्ने कार्य गर्दा वेश लेभलमा मा केही भागमा चट्टान देखिएकोले चट्टान काटी फाउण्डेशन मिलाउने वा वैकल्पिक कार्य गर्ने भन्ने डिजाइन परामर्शदाताहरुबाट प्राप्त भई नसकेको अवस्था २०७७।१२।१० को फिल्ड निरीक्षणबाट देखिएको छ ।

- निर्माण कार्य सुचारु रुपले सञ्चालन गर्न सम्झौताको कार्ययोजनाअनुसार कार्य अगाडि बढाउनु पर्दछ । ठेक्का कार्यान्वयन गर्न संयुक्त उपक्रममा रहेका विदेशी कम्पनीको साइटमा उपस्थिति रहेको देखिएन । स्वदेशी निर्माण व्यवसायीको उपकरण तथा व्यवस्थाबाट निर्माण कार्य अगाडि बढाउदा स्वीकृत कार्य योजनाअनुसार काम भएको छैन । आयोजनाबाट प्राप्त विवरणअनुसार आयोजना निर्माणपश्चात दैनिक रु.१ करोड ९५ लाख आय वृद्धि (विद्युत तथा कृषि आय) हुने अवस्थामा निर्माण व्यवसायीले तोकिएको समयमा कार्यसम्पन्न गर्न नसक्ने जोखिम आयोजनामा पर्ने अवस्था छ । हेडवर्क्स निर्माण कार्य सम्पन्न गरी पानी बबई नदीमा खसाले पछिमात्र सुरुङ्गको वेट टेष्ट हुने, विद्युत उत्पादन र सिँचाइ सुविधाको नियमित प्रवाह, आयोजना लागत र सरोकारवालाको प्रतिफल मध्यनजर गरेर ठेक्का सम्झौताको व्यवस्थाअनुसार निर्माण व्यवसायी परिचालन गर्नुपर्दछ ।

- ठेक्का व्यवस्थापन तथा निर्माण सुपरभिजन गर्न एक विदेशी परामर्शदाता परिचालन भईरहेको छ । निर्माण व्यवसायीले निर्माण कार्य सुचारु गरेको अवस्थामा डिजाइन तथा निर्माण निर्देशन दिने परार्मशदाताले विदेशी ५ मध्ये आयोजनामा १ विदेशी जिओलोजिष्ट मात्र साइटमा उपस्थिति रहेको छ । विदेशी र स्वदेशी परामर्शदाताबीच समन्वय नभएकोले स्वदेशी परामर्शदाताको निरन्तरता नभएको जानकारी आयोजनाले दिएको छ । निर्माण कार्यको आधार एवं जटिल अवस्थामा सुपरभिजन तथा डिजाइन परामर्शदाताको अनुपस्थितिले परामर्शदातामा गरिएको पारिश्रमिक, गाडी भाडा लगायतको खर्च र यसको उपलब्धि प्राप्त भएको छैन ।

- आयोजनाले लागत अनुमान तयार गर्दा सिँचाइ विभागले सन २००२ मा तर्जुमा गरेको नर्म्समालाई आधार लिएको उल्लेख गरेको छ । नर्म्समा भएका विभिन्न आइटममध्ये नहर निर्माणको लागि प्रयोग हुने कन्क्रिट वर्कको लागत अनुमान मेनूयल अर्थात सावेल र वेल्चा प्रयोग गरी ज्यामिद्वारा ढलान मसला तयार गर्ने गरी लागत अनुमान स्वीकृत गरेको छ । निर्माण आईटममा कन्क्रिट M35 को १ लाख १६ हजार ३५९ घ.मी., M25 को २१ हजार १६७ घ.मी. र M20 को १७ हजार ३४३ घ.मी. रहेको छ । हाल प्रविधिमा परिवर्तन आई कन्क्रिट मिक्चर्स र व्याचिङ प्लाण्टद्वारा ढलानको लागि मसला तयार गर्ने पद्धति सुरु भएको र निर्माण व्यवसायीले पनि व्याचिङ प्लाण्ट प्रयोग गरेको स्थलगत अवलोकनबाट देखिएको छ ।

आयोजना सुरु भएको वर्ष २०६७।६८ देखि २०७६।७७ सम्म पूँजिगत तर्फ रु.१५ अर्ब २८ करोड १६ लाख वजेट व्यवस्था भएकोमा रू.१२ अर्ब ७७ करोड ५१ लाख खर्च भएको छ। बजेटअनुसार खर्च गर्न नसक्नु, निर्णय कार्यान्वयनमा ढिलाई हुनु जस्ता कारणले आयोजनाले २०७६।७७ सम्म कुल ५० खरिद सम्झौता गरेकोमध्ये २०७७ आषाढ मसान्तभित्र सम्पन्न गर्ने ४५ ठेक्काको कार्य सम्पन्न हुन नसकी खरिद सम्झौताको अवधि लम्बिन गएको अवस्था छ । यस्लेगर्दा आयोजनाको समय र लागत वृद्धि भएको छ।

आयोजनाले खरिद सम्झौता कार्यान्वयनमा दक्षता वृद्धि गर्न समय वर्षको शुरुमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ । नियमित अनुगमन गरी सम्झौताका प्रावधान तथा कार्यतालिका कार्यान्वयन गर्ने व्यवस्था मिलाई निर्धारित समयमै आयोजना सम्पन्न हुने व्यवस्था मिलाउनुका साथै मेशिनरीको प्रयोग गरी कार्य हुने स्थानमा समेत मेनुयल पद्धतिबाट लागत अनुमान स्वीकृत गर्ने र ठेक्का लगाउने पद्धतिमा पुनरावलोकन गरी सुधार गरनुपर्दछ।

१७. **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन** - आयोजनाको क्रियाकलापको विद्यमान स्थिति, समस्या र चूनौती तथा अवसरको पहिचान गर्ने विषयमा अनुगमन गर्ने नीति १५ औं योजनाले लिएको छ । स्रोत परिचालन, क्रियाकलापको कार्यान्वयन, समस्याको वाधा अड्काउ फुकाउन वैकल्पिक मार्ग पहिचानको लागि आयोजनामा अनुगमन महत्वपूर्ण मानिन्छ । आयोजनाको कार्यान्वयन दक्षता अभिवृद्धि गर्न तथा अनुगमन प्रणालीलाई लक्षित परिमाण, गुणस्तर, लागत र समयसँग संयोजन गरी प्रतिवेदनमूलक बनाउन जरुरी छ । प्रतिवेदन सहितको नतिजामूलक अनुगमन पद्धति प्रयोगमा आउनुपर्दछ । आयोजना कार्यान्वयनको सिलसिलामा २०७४/७५ देखि २०७७/७८ को फागुणसम्म मन्त्रालयवाट १० पटक, विभागबाट १३ पटक, आयोजना प्रमुखबाट ४४ पटक, परामर्शदाताको टोलीबाट ४५ पटक र संसदीय समिति लगायत अन्य पक्षबाट २५ पटक अनुगमन भएको उल्लेख छ । तर अनुगमन गर्ने पदाधिकारीले आयोजनाको क्रियाकलापसँग सम्बन्धित सुधार गर्नुपर्ने विषयमा प्रतिवेदन दिने गरेको देखिएन । नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउने सहभागितामूलक विधि, मूल्याङ्कन सहजीकरण विधि, तेस्रो पक्षबाट गरिने मूल्याङ्कन लगायतका विषयहरुलाई समेटी आयोजनाको समस्या प्रति सम्वोधन हुने गरी नतिजामूलक अनुगमन हुन सकेको छैन । उच्च तहबाट आयोजनाको सन्दर्भमा पटक पटक अनुगमन भए तापनि कार्यान्वयन तालिका, ठेक्का व्यवस्थापन, क्रियाकलापको प्राथमिकीकरण र छनौट, क्षमता विकास, नतिजा खाका प्रतिको सम्वोधन, कार्य सम्पादन प्रतिवेदन, सरोकारवालाबाट उठेका प्रश्न तथा समस्या, जनशक्तिलाई कार्यप्रति उत्प्रेरित गर्ने विशेष व्यवस्था र सूचनामा आधारित निर्णय प्रक्रिया लगायतका विषय सम्वोधन हुने गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामूलक बनाउन र कार्यान्वयन दक्षतालाई प्रभावकारी बनेको देखिँदैन । रिजल्ट एरिया निर्धारण गरी विषय, क्षेत्रगत अवधारणाअनुसार आयोजनाले अन्तरसम्बन्ध यकिन गर्नुपर्नेमा सूचकहरुको अन्तरसम्बन्ध कायम राखी देखापरेको नियन्त्रणको वातावरणीय पक्ष तथा संभावित जोखिम प्रतिको लगफ्रेम आयोजनाले तयार गरेको देखिँदैन । आयोजनामा देखिएका वन, वातावरण, प्राकृतिक स्रोतको बाँडफाँड र मूआब्जा, प्रशारण लाईन, लगानी व्यवस्थापन लगायतका क्षेत्रमा अन्तरसम्बन्ध र समन्वय गर्ने निकाय पहिचान गरी सोलाई अगाडि बढाउन क्षेत्रगत समीक्षा खाका पूर्णरुपमा तयार नगरेको अवस्था छ ।

सूचक निर्धारण नगर्नु, विषयवस्तुको लगफ्रेम तयार नगर्नु, कार्यान्वयन सूचकको प्राथमिकीकरण नगर्नु जस्ता कारणले उपरोक्त अनुगमन प्रभावारी देखिएन। आयोजनाले अनुगमन लगफ्रेमवर्क तयार गरी सूचकहरूको आधारमा अनुगमन गरी आयोजना कार्यान्वयन दक्षता वृद्धि गर्नुपर्दछ।

१८. **सिँचित हुने कृषि क्षेत्रको संरक्षण** – भू—उपयोग ऐन, २०७६ मा राज्यले लिएको कृषि नीति, एवं कृषि क्षेत्रमा उत्पादकत्व बढाउन भूमिको वर्गीकरणबमोजिम कमाण्ड एरियामा जग्गाको खण्डीकरण, घडेरी विकास, शहरीकरण तथा अव्यवस्थित वसोवासलाई नियन्त्रण गरी कृषि भूमिको समूचित उपयोग गर्ने व्यवस्था रहेको छ । त्यस्तै जलस्रोत नीति, २०७७ ले जलस्रोतको पूर्नभरण हुने स्थानहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा भौतिक पूर्वाधार निर्माण, बस्ती विकास तथा त्यस्तो कृषि भूमिमा मानवीय अतिक्रमणलाई नियन्त्रण गर्ने नीति लिएको छ । अव्यवस्थित वसोवास तथा शहरीकरण, जग्गाको खण्डीकरण, घडेरी विकास, जग्गा बाँझो राख्ने प्रवृतिलाई रोक्नसकेमा मात्र सिँचाइबाट लाभ लिन सकिन्छ । कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न आयोजनाले भेरी नदीको पानी बबई नदीमा मिसाई बाँके तथा वर्दियाको ५१ हजार हेक्टर जग्गामा वाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य रहेको छ । भूमि तथा पानीबाट प्राप्त हुने उत्पादन र उत्पादकत्वबीच अन्योन्यास्रित सम्बन्ध कायम राख्न समयमै सरकारबाट कृषियोग्य जमिन संरक्षण गर्ने मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । सिँचित हुने कृषि भूमिको दिगो रुपमा संरक्षण समेत हुनुपर्दछ ।

निष्कर्ष

जलस्रोतको समूचित विकास तथा उपयोग, संरक्षण तथा लाभको न्यायोचित वितरणका लागी संघ, प्रदेश र स्थानीय तहको थप सक्रियता समन्वय र सहकार्य आवश्यक छ । जलस्रोतको एकीकृत उपयोग एवं व्यवस्थापन गर्न बहुउद्देश्यीय उपयोगलाई प्राथमिकता दिँदै संस्थागत विकास गर्नुपर्दछ । सोही सन्दर्भमा राष्ट्रिय गौरबको रुपमा सञ्चालनमा आएको आयोजनाले विद्युत तथा सिँचाइको आवश्यकता परिपूर्ति गर्ने समेतको लक्ष्य लिई कार्यान्वयनमा रहेको छ। आयोजनाको कार्यान्वयन क्षमतामा सुधार ल्याई समयमा सम्पन्न गरेर दक्षता अभिवृद्धि गर्नुपर्दछ ।।

लुम्बिनी प्रदेश अन्तर्गत खानेपानी योजना व्यवस्थापन

परिचय

१. **पृष्ठभूमि** - नेपालको संविधानको,२०७२ को अनुसूची ४ बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरिए अनुरुप लुम्बिनी प्रदेश मा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ, बाँके, बर्दिया गरी १२ जिल्ला रहने व्यवस्था गरेको छ । लुम्बिनी प्रदेशको कुल क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर रहेको छ, जुन नेपालको क्षेत्रफलको १५.१ प्रतिशत हुन आउँछ । राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रवाहेक यस प्रदेशको क्षेत्रफल १७,८१० वर्ग कि.मी. रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार यस प्रदेशमा ८,८४,७५७ घरपरिवार र कुल जनसंख्या ४४ लाख ९९ हजार रहेको छ ।

सन् २०१० को तथ्याङ्कअनुसार समग्र प्रदेशमा ८२.८% घरधुरीहरुमा मात्र खानेपानी प्रणाली पुगेकोमा हाल आएर यस प्रदेशको सरदर खानेपानी प्रणालीको पहुँच ९२% रहेको छ । तराईका समथर भूभाग रहेका जिल्लाहरुको संलग्नताले गर्दा यस प्रदेशका खानेपानी सेवा पाएका मध्ये सबै भन्दा धेरै अर्थात ४३.५६% घरधुरीहरु ट्युवेलको सहायताले निकालिएको भूमिगत पानीमा नै निर्भर रहेको छ । पाईप प्रणालीबाट खानेपानीको सेवा पाइरहेका घरधुरीहरुको संख्या ४२.२२% रहेको छ ।



परम्परागत तर केही सुधार गरेर सुरक्षित बनाइएका खानेपानीका श्रोतहरुमा आश्रित परिवारहरुको हिस्सा भने २.५२% रहेको छ । करिव ०.२७% परिवारहरुले आकाशेपानी संकलन गरी प्रयोग गर्दछन् । वि.सं. २०७५ सम्म को तथ्याङ्कमा आधारित प्रदेशमा खानेपानी प्रणाली र लाभान्वित घरधुरी प्रतिशत निम्नानुसार रहेको छ :

क्र.सं.	खानेपानी प्रणाली	लाभान्वित घरधुरी प्रतिशत
१	पाइप प्रणाली	४२.२२
२	ट्युववेल	४३.५६
३	अन्य सुरक्षित श्रोत	२.५२
४	वर्षातको पानी	०.२७
५	प्रणालीमा नसेमेटिएका घरधुरी	११.४५
	कुल जम्मा :	१००

जनगणना अनुसार नवलपरासी, रुपन्देही, कपिलवस्तु, गुल्मी, बाँके र वर्दियामा ९० प्रतिशतभन्दा बढी घरधुरीमा खानेपानी सुविधा उपलब्ध भएको देखिन्छ । सबैभन्दा कम दाङमा ६८.४% घरधुरिमा, रुकुममा ७४.३%, र रोल्पामा ७७.८% घरधुरीमा खानेपानी सुविधा पुगेको

देखिन्छ । खानेपानी तथा ढल निकास विभागका अनुसार २०७५ असोजसम्म यस प्रदेशका ८९.८३% घरधुरीमा आधारभूत खानेपानी सुविधा पुगेको देखिन्छ ।

२. **निकायको परिचय** - खानेपानीसम्बन्धी केन्द्रीय नीति निर्माण, कार्यान्वयन, अनुगमन र समन्वयका लागि खानेपानी मन्त्रालय रहेको छ । प्रदेशको समग्र आर्थिक विकास र जीवनस्तर उकास्न प्रादेशिक सडक, आवास, भवन तथा शहरी विकास, जलश्रोत तथा सिंचाइ एवं खानेपानी तथा सरसफाइको पूर्वाधार निर्माण कार्य तथा आधारभूत सेवा सुधार र यातायात व्यवस्थाको लागि ६ महाशाखा ४० कार्यालय सहित भौतिक पूर्वाधार विकास मन्त्रालय २०७४।१०।१९ मा गठन भएको छ । लुम्बिनी प्रदेशमा खानेपानी व्यवस्थापनका लागि मुख्य रुपमा भौतिक पूर्वाधार विकास मन्त्रालय लुम्बिनी प्रदेश रहेको छ । हाल प्रदेशमा खानेपानीसम्बन्धी नीति कार्यान्वयनका लागि मन्त्रालय मातहत रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), र कपिलवस्तु जिल्ला कार्यक्षेत्र रहनेगरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुपन्देही; दाङ्ग र रुकुम पूर्व जिल्ला कार्यक्षेत्र रहने गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्ग, पाल्पा र अर्धाखाची जिल्ला कार्यक्षेत्र रहने गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पा, गुल्मी जिल्ला कार्यक्षेत्र रहने गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गुल्मी, प्युठान र रोल्पा जिल्ला कार्यक्षेत्र रहने गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्युठान, बाँके र वर्दिया जिल्ला कार्यक्षेत्र रहने गरी खानेपानी तथा सरसफाई अस्थाई डिभिजन कार्यालय, बाँके गरी जम्मा ६ डिभिजन कार्यालय रहेका छन् ।

स्थानीय तहमा खानेपानी व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहहरु, गैर सरकारी संस्था, उपभोक्ता समिती/लाभग्राही समुदायहरु, निजी क्षेत्र, खानेपानी संस्थान लगाएतका निकायहरु संलग्न रहेका छन् ।

३. **नीतिगत व्यवस्था** - लुम्बिनी प्रदेशको खानेपानीसँग सम्बन्धित आवधिक योजना, बजेट वक्तव्यमा गरिएका नीतिगत व्यवस्थाहरू देहायबमोजिम रहेका छन्:

३.१. खानेपानीसँग सम्वन्धित लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७ देखि २०८०/८१) ले लिएका रणनीति एवं कार्यनीति निम्नानुसार रहेको छः

- प्रदेशको खानेपानी तथा सरसफाइको गुरुयोजना बनाएर काम गर्ने ।
- स्थानीय सरकार, निजी क्षेत्र तथा विकास साझेदारहरु सित सहकार्य गर्ने ।
- खानेपानी सेवा उपलब्ध नभएका बस्ती पहिचान गरी त्यहाँ खानेपानी सुविधा पुऱ्याउने
- आवश्यकताअनुसार जलाशय, पोखरी, टयाङ्की, पक्की घैंटाहरु तथा लिफ्ट प्रणाली निर्माण गरी खानेपानीको स्रोत सुनिश्चितता गरिने
- पम्पिङ्ग र लिफ्ट प्रणालीबाट खानेपानी सेवा पुऱ्याएका आयोजनाहरुलाई सौर्य उर्जा जडान गर्न प्रोत्साहन अनुदान दिने र त्यस्ता आयोजनाहरुलाई विद्युतको डिमाण्ड चार्जमा अनुदान दिने ।
- निजी जग्गामा रहेका पानीका मूलहरुलाई उपभोक्ताको प्रयोगका लागि स्थानीय तहसँग समेत सहकार्य गरी सहजीकरण गर्ने ।
- सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको मर्मत सम्भार तथा पानीको गुणस्तर परीक्षण गर्ने । आवश्यकताअनुसार गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने ।
- खानेपानीको वजेटलाई जनसंख्याको अतिरिक्त भूगोललाई समेत आधार लिई विनियोजन गर्ने ।

- अति विपन्न वस्तिहरुमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न समुदायको लगानीको अनुपात कम गरी जनतालाई व्यवस्थापनमा प्रत्यक्ष सहभागी गराउने गरी आयोजनाहरु सञ्चालन र व्यवस्थापन गर्न पहल गर्ने ।
- स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक धारालाई एक घर एक धारा नीतिअनुसार निजी धारामा परिणत गर्ने र आवश्यक नयाँ धारा थप्ने ।
- तराईका ग्रामिण बस्तीमा भएका ट्युबवेलहरुको गुणस्तर प्रमाणीकरण तथा नियमित अनुगमन गरी सुरक्षित ट्युबवेलाई एक घर एक धाराको नीति बमोजिम धाराको परिभाषामा समेटने ।

३.२. लुम्बिनी प्रदेश सरकारको २०७६/७७ को बजेट वक्तव्यमा खानेपानी व्यवस्था सम्बन्धमा गरिएका नीतिगत व्यवस्थाहरू देहाय बमोजिम रहेका छन् :

- आगामी तीन वर्षभित्र प्रदेशभित्रका सबै घरपरिवारलाई आधारभूत खानेपानी उपलब्ध गराउने उद्देश्यका साथ संघ तथा स्थानीय तहसँगको सहकार्यमा सघन रुपमा खानेपानी आयोजनाको कार्यान्वयनलाई प्राथमिकता दिने ।
- खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना तयार गरी खानेपानी तथा सरसफाई आयोजनाहरुको प्राथमिकीकरण सहित कार्यान्वयन गर्ने ।
- स्थानीय तहलाई प्रदान गरिने सशर्त तर्फ खानेपानीका अधुरा आयोजनाहरुलाई सम्पन्न गर्न जोड दिने नीति रहेको छ ।

४. **कानुनी व्यवस्था** - लुम्बिनी प्रदेश सरकारको खानेपानी व्यवस्था सम्बन्धमा गरिएका कानुनी व्यवस्थाहरू देहाय बमोजिम रहेका छन् :

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि नियमावली, २०६४
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
- खानेपानी नियमावली २०५५
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२
- राष्ट्रिय खानेपानी गुणस्तर सर्भिलेन्स निर्देशिका, २०७०
- खानेपानी तथा सरसफाई सहलगानी आयोजना आयोजना कार्यान्वयन निर्देशिका, २०६८
- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६
- प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
- प्रदेश सरकार कार्य विभाजन र कार्यम्पादन नियमावली, २०७४
- खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६

५. **संगठनात्मक संरचना** - लुम्बिनी प्रदेश खानेपानी व्यवस्थापनमा संलग्न निकायहरु निम्नानुसार रहेका छन् :



माथि उल्लेखित तीनै तहका सरकारका सम्बन्धित निकायहरु खानेपानी तथा सरसफाई व्यवस्थापनमा क्रियाशिल रहेको छन्। केन्द्रिय तहमा नीति, कानुन, मापदण्ड, नियमन, समन्वय गर्नका लागि खानेपानी मन्त्रालय, बजेट व्यवस्थापन तथा अनुगमन कार्यका लागि अर्थ मन्त्रालय र संघीय आयोजना कार्यान्वयनका लागि संघीय खानेपानी तथा सरसफाई कार्यान्वयन ईकाइहरु रहेका छन् । प्रदेश तहको नीति निर्माण, अनुगमन, समन्वय का लागि भौतिक पूर्वाधार विकास मन्त्रालय र नीति कार्यान्वयनका लागि प्रदेश खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रहेका छन् । खानेपानी व्यवस्थापनका लागि स्थानीय तहहरु, गैर सरकारी संस्थाहरु, उपभोक्ता समिति/ लाभग्राही समुदायहरु र निजी क्षेत्र रहेका छन् ।

६. **कार्यक्रम र प्रगति** - वि.सं. २१०० सम्मा उच्च तथा मध्यमस्तर खानेपानीबाट लाभान्वित हुने जनसंख्या ९५ प्रतिशत पुऱ्याउने, दिगो विकास लक्ष्य सन् २०३० मा आधारभूत स्तरको खानेपानीबाट लाभान्वित हुने जनसंख्या शतप्रतिशत र उच्च तथा मध्यमस्तर खानेपानीबाट लाभान्वित हुने जनसंख्या ९० प्रतिशत पुऱ्याउने र पन्ध्रौ योजनाको लक्ष्य २०८०।८१ मा आधारभूत स्तरको खानेपानीबाट लाभान्वित हुने जनसंख्या ९९ प्रतिशत र उच्च तथा मध्यमस्तर खानेपानीबाट लाभान्वित हुने जनसंख्या ४० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ ।

प्रदेश सरकारले २०८०/८१ मा १०० प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी पुऱ्याउने लक्ष्य राखेको छ । प्रदेशको कार्यक्रम तथा प्रगतिको अवस्था निम्नानुसार रहेका छन् :

क्र. स.	क्रियाकलाप	इकाई	आर्थिक वर्ष २०७५/२०७६			आर्थिक वर्ष २०७६/२०७७		
			लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	विस्तृत सर्वे, डिजाइन, लई तयारी	वटा	८	८	१००	४२४	३१४	७५
२	पाइप उपलब्धी	की.मी.	२०००	१७३४	८६.७	४०५०	४०२९	९९.४८
३	इन्टेक निर्माण	वटा	१५०	१४४	९६	२१५	२११	९८.१४
४	डिप बोरिङ्ग निर्माण	वटा	६५	६१	९३.८५	१२०	११४	९५

५	लिफ्ट खा.पा.यो.को सम्प वेल निर्माण	वटा	४०	३४	८५	५४	५०	९२.५९
६	पाइप लाइन जडान (ट्रान्समिसन)	कि.मी.	३५०	३२८	९३.७१	५५०	४८२	८७.६३
७	पाइप लाइन जडान (डिस्ट्रिवियुसन)	कि.मी.	७५००	६७१२	८९.५०	५००००	५५०५०	११०.१
८	फेरो पानीटङ्की निर्माण	वटा	१६०	१५४	९३.९०	२५३	२५२	९९.६०
९	आर.सी.सी. पानीटङ्की	वटा	११०	१०९	९९.०९	२५५	२५२	९८.८२
१०	धारा निर्माण (सार्वजनिक)	वटा	२५	२१	८४	२६	२९	१११.५
११	धारा निर्माण (निजि)	वटा	३०००	२७८३	९२.७७	२००००	१६२२१	८१.११
१२	आयोजना सम्पन्न	वटा	२१	११	५२.३८	४०	३७	९२.५०
१३	लाभान्वित घरधुरी	वटा	८०००	६८९९	८६.२४	२६३९०	१७३७३	६५.८३
१४	लाभान्वित जनसंख्या	जना	४४०००	३८०००	८६.३६	१४००००	९४७२३	६७.६६

लुम्बिनी प्रदेशमा २०७६।७७ मा खानेपानीको प्रगति अवस्थामा देहायबमोजिम रहेको छः

- आर्थिक वर्ष २०७६।७७ मा खानेपानी तर्फ ३१४ विस्तृत सर्भे, डिजाइन, लई तयारी, ४००० कि.मी. पाइप उपलब्धि, २११ इन्टेक निर्माण, ११४ डिप वोरिङ्ग निर्माण, ५० लिफ्ट खानेपानीको सम्पवेल निर्माण, ४८२ कि.मी. प्रसारण पाइप लाइन जडान, ५५०५० कि.मी. वितरण पाइप लाइन जडान, २५२ फेरो पानी टङ्की निर्माण, २५२ आर.सी.सी. पानी टङ्की निर्माण, २९ सार्वजनिक धारा निर्माण, १६२२१ निजी धारा निर्माण, ३७ आयोजना सम्पन्न, १७३७३ घरधुरी लाभान्वित र ९४७२३ जनसंख्या लाभान्वित भएको छ ।
- खानेपानी तर्फ १६३ आयोजनाहरुको कार्यान्वयन गर्न रु.१ अर्ब ३९ करोड विनियोजन भएको, प्रदेशभित्र उपलव्ध खानेपानी परीक्षण प्रयोगशालाको स्थापनाको लागि रु.१ करोडको व्यवस्था भएको, संघबाट हस्तान्तरित भएर आएका जम्मा ६६६ खानेपानी आयोजनाको निरन्तरताको लागि रु.८७ करोड ३५ लाख बजेट विनियोजन भएको ।
- सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको आवधिक मर्मत तथा सञ्चालन, अवरुद्ध भएका खानेपानी आयोजनाहरुको सञ्चालनको लागि मर्मत सम्भार र विस्तार गरी प्रभावकारी रुपमा सञ्चालनका लागि रु.७ करोड विनियोजन भएको ।
- प्रदेशसभाका माननीय सदस्यहरु, स्थानीय तह, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय लगायतबाट माग तथा सिफारिस भई आएका खानेपानी तथा सरसफाई आयोजनाहरुको सूची प्रारम्भिक रुपमा अध्ययन गरी सम्भाव्य देखिएका आयोजनाहरुको प्राथमिकिकरण एवं विस्तृत अध्ययन प्रतिवेदन तयार तथा कार्यान्वयनका लागि रु ९.करोड ७४ लाख बजेट विनियोजन भएको छ ।
- विभिन्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरी खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागू गर्ने र खानेपानी गुणस्तर निगरानी गर्ने, ६४० खानेपानी योजना निर्माण गर्ने, सहलगानी तर्फ २ योजना निर्माण गर्ने र ७ डिप टुयुवेल आयोजना मर्मत सुधार कार्यका लागि २०७६।७७ मा कार्यक्रम स्वीकृत गरिएको छ ।

७. **वित्तीय व्यवस्था** - २०७६।७७ मा भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि चालु तर्फ रु.५५ करोड ९४ लाख ८६ हजार विनियोजन भएकोमा रु.४२ करोड ६८ लाख १० हजार अर्थात ७६.२९ प्रतिशत खर्च भएको देखिन्छ । पुँजिगत तर्फ रु.१४ अर्ब ५३ करोड ७० लाख १२ हजार

विनियोजन भएकोमा रु.१२ अर्ब ५४ करोड ७५ लाख ४६ हजार अर्थात ८६.३१ प्रतिशत खर्च भएको देखिन्छ । यस प्रदेशमा ६ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अन्तर्गत पुँजिगत तर्फ कुल रु.४ अर्ब २० करोड २४ लाख ०८ हजार विनियोजन भएकोमा रु.३ अर्ब ८२ करोड ४६ लाख १९ हजार खर्च अर्थात ९१ प्रतिशत खर्च भएको छ । चालु तर्फ कुल रु.७ करोड ८१ लाख ४६ हजार विनियोजन भएकोमा रु.६ करोड ६६ लाख ६२ हजार अर्थात ८५.३% खर्च भएको छ ।प्रदेश स्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरुको बजेट तथा खर्च स्थिति देहायबमोजिम रहेको छः

सि.नं.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु	बजेट (रु हजारमा)	हालसम्मको खर्च (रु हजारमा)
१	रुपन्देही	१२४७४३०	१२२२२४८
२	दाङ्ग	९०७७४३	८४१०४५
३	बाँके	६४८७२४	५३५०७६
४	पाल्पा	७२२८२०	६५५९२३
५	गुल्मी	३१२९९५	२६४०९३
६	प्युठान	४४०८४२	३७२८९६
	जम्मा :	**४२८०५५४**	**३८९१२८१**

८. **विषय छनौटको औचित्य** - देशमा २०७६।७७ मा आधारभूत स्तरको खानेपानी पुगेको जनसंख्या ९२% पुग्ने लक्ष्य राखिएको, उच्च तथा मध्यम स्तर खानेपानी पुगेको जनसंख्या २५% पुग्ने लक्ष्य रहेको छ। तराईका जिल्लामा आर्सेनिकको समस्या छ भने पहाडी जिल्लामा पानीको मुहानहरु सुक्दै गएको कारण खानेपानी व्यवस्थापन कार्य चुनौतीको रुपमा रहेको छ ।तीनै तहका सरकारले खानेपानी व्यवस्थापनमा लगानी गरि रहेको भए तापनि लगानीको अपेक्षित प्रतिफल प्राप्त हुन नसक्दा पर्याप्त र गुणस्तरीय खानेपानीको उपयोग गर्न नपाईएको जन गुनासो रहेको छ । कतिपय आयोजना असफल भएका छन् भने कतिपय आयोजना अधुरो रहेका छन् । खानेपानीको क्षेत्रमा भएको लगानी उच्च प्रतिफलयुक्त हुन सकेको छैन् । लुम्बिनी प्रदेशका जनताको स्वस्थ जीवनसँग जोडिएको विषय भएकोले लेखापरीक्षणको लागि छनौट गरिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

९. **लेखापरीक्षणको उद्देश्य** - लुम्बिनी प्रदेशमा खानेपानी व्यवस्थापनको लागि योजना छनौट, कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन र उपलब्धीको मूल्याङ्कन गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ । लेखापरीक्षण मुख्यतया देहायका विषयहरुमा केन्द्रित रहेको छ ।

- योजनाको आवश्यकता पहिचान, छनौट तथा कार्यान्वयनको लागि आवश्यक कानुन, कार्यविधि, निर्देशिकाको पर्याप्तता विश्लेषण गर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन स्थिति मूल्याङ्कन गर्ने ।
- खानेपानीको आपूर्ति र गुणस्तरको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
- कार्यक्रमको उपलब्धी बिश्लेषण गर्ने ।
- योजनाको नियमित सञ्चालन र दिगोपनाको मूल्याङ्कन तथा विश्लेषण गर्नु ।

१०. **लेखापरीक्षणको क्षेत्र** - अध्ययनको क्रममा २०७६।७७ का खानेपानी योजना छनौट, कार्यान्वयन स्थिति, खरिद व्यवस्थापन, योजना हस्तान्तरण, सञ्चालन तथा व्यवस्थापन, गुणस्तर नियन्त्रण जस्ता

क्रियाकलापलाई समेटिएको छ । यसका लागि लुम्विनी प्रदेश भौतिक पूर्वाधार मन्त्रालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्ग, र बाँके जिल्लाको कार्यक्षेत्रलाई समेटिएको छ ।

११. **लेखापरीक्षणको पद्धति** - लेखापरीक्षण कार्यान्वयमा देहायबमोजिम विधि एवं पद्धति अवलम्बन गरिएको थियोः

११.१. यो लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन ईन्टोसाई द्वारा जारी गरिएको कार्यमूलक लेखापरीक्षणका मानदण्ड ईसाइ ३००० र कार्यालयबाट जारी गरिएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ मा उल्लेखित विधि पद्धति अनुसार सञ्चालन गरिएको छ।

११.२. लेखापरीक्षणमा प्रक्रियामूलक र नतिजामूलक पद्धतिको अवलम्बन गरिएको छ । पहिचान भएका जोखिम क्षेत्रका आधारमा तात्विक महत्वका विषयहरू निर्धारण गरी तिनलाई पुष्टयाई गर्न सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीहरूसँग सोधपुछ, छलफल गर्नुका साथै थप पुष्टयाईका लागि विवरण सङ्कलन, संरचित अन्तरवार्ता प्रश्नावली आदि माध्यमबाट सूचना र तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गरिएको छ । यसको साथै कार्यमूलक लेखापरीक्षणको लागि स्थलगत निरीक्षण, अवलोकन, निकायको अभिलेख अध्ययन तथा विश्लेषण गरिएको छ ।

दुई जिल्लाका उपभोक्ता तथा खानेपानी आपूर्ति समितिहरु र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय दाङ्ग र बाँकेमा प्रश्नावली पठाइ प्राप्त प्रश्नावलीको जवाफलाइ विश्लेषण गरिएको छ । २ जिल्लाका स्थानीय तह Random Sampling विधिबाट छनौट गरी स्थलगत अवलोकन तथा सरोकारवाला सँग छलफल गरिएको छ । लुम्विनी प्रदेशका लाभग्राहीमध्ये ७०, खानेपानी आपूर्तिकर्ता समितिमध्ये १२ समिति र ६ खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमध्ये २ कार्यालय छनौट प्रश्नावलीका आधारमा अन्तरवार्ता सञ्चालन गरिएको छ । दाङ्ग जिल्लाको विभिन्न ३ स्थानमा लक्ष्यित समुहसँग छलफल गरी निष्कर्ष निकालिएको छ ।

१२. **लेखापरीक्षणको सिमितता** - कोभिड-१९ का कारण सूचना तथा तथ्याङ्क प्राप्त गर्न समस्या भएको, अपेक्षित मात्रामा लक्ष्यित वर्गसगँ फोकल ग्रुप डिस्कसन तथा अन्तरवार्ता लिन समस्या भएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा तथ्याङ्कहरु माग भएअनुसारको पूर्णरुपले नआउनु, अपूरा र अधूरा सूचना तथा तथ्याङ्क प्राप्त हुनु जस्ता समस्याको रुपमा रहेका छन्। उपर्युक्त कारणहरूले लेखापरीक्षणको विधि तथा दायरा सीमित गरेको छ ।

लेखापरीक्षणबाट देखिएको व्यहोरा

१३. **योजना छनौट** - प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले खानेपानी योजना छनौट मागमा आधारित, निश्चित मापदण्ड तथा कार्यविधि बमोजिम गर्नु पर्दछ ।तर योजना छनौटको लागि मागमा आधारित आवश्यकता पहिचान र एकीकृत तथ्याङ्क व्यवस्था नभएको स्थिति देहायबमोजिम छः

१३.१. लुम्विनी प्रदेश सरकारबाट योजना छनौट र सञ्चालनसम्बन्धी कार्यविधि र मापदण्ड तयार भएको छैन। योजना छनौटका लागि निश्चित मापदण्ड तथा कार्यविधि नहुदाँ वास्तविक लक्ष्यित वर्ग आवश्यक अवसरबाट लाभान्वित नहुने स्थिति विद्यमान रहने र कार्यालयले स्वविवेकीय तवरबाट छनोट गरेका आयोजना, प्रदेश मन्त्रालयबाट छनोट भएका योजना तथा जागरुक र पहुचँ भएका उपभोक्ता समिति/लाभग्राही समुदायले योजना छनोट तथा संचालन गर्ने सम्भावना विद्यमान रहने देखिन्छ ।

१३.२. प्रदेशको खानेपानीको अवस्थाको एकीकृत तथ्याङ्क रहेको देखिएन । योजनाको आवश्यकता पहिचान तथा छनोटका लागि प्रदेशगत, जिल्लागत र स्थानिय तहगत खानेपानीको वास्तविक अवस्था देखिने तथ्याङ्क तयार गरेको पाईएन । खानेपानी सेवाबाट बिमुख समुदाय, खानेपानी सेवा उपलब्धताको गुणस्तरको अवस्थाको वास्तविक पहिचान र नक्साङ्कन गरी तथ्यांक अद्यावधिक गरेको पाईएन ।

१३.३. आर्थिक बर्ष २०७६।७७ को बजेट वक्तव्यमा खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना तयार गरी खानेपानी तथा सरसफाई आयोजनाहरुको प्राथमिकीकरण सहित कार्यान्वयन गरिने कार्यक्रम रहेको छ । प्रदेशभित्र खानेपानीको वास्तविक अवस्था पहिचानका लागि खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना (WASH) स्थानीय तहहरुबाट तयार गर्ने कार्यक्रम रहेकोमा कतिपय स्थानीय तहहरुले तयार गरेका छैनन् । वि.सं. २०७५ साल पछि यस प्रदेशको एकीकृत तथा जिल्लागत रुपमा खानेपानीको वास्तविक अवस्था पहिचान भएको छैन् ।

मागमा आधारित योजना छनोट नहुँदा निर्माण स्थलमा विवाद हुने, समयमा योजना सम्पन्न नहुने, योजना अधुरो रहने गरेको छ । वस्तुगत आधार तयार गरी आयोजनाको आवश्यकता पहिचान गर्नेतर्फ प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले ध्यान दिनुपर्दछ ।

१४. **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रगति हासिल गर्नुपर्दछ । प्रदेशलाई पूर्ण सरसफाईयुक्त तथा स्वच्छ खानेपानीमा शत प्रतिशत पहुँच भएको समृद्ध प्रदेश वनाउने प्रथम आवधिक योजनाको दीर्घकालीन सोचका साथै सबै बस्तीहरुमा स्वच्छ र भरपर्दो खानेपानी पुऱ्याउने र सबै प्रकारका फोहोर प्रभावकारी व्यवस्थापन गर्ने लक्ष्य रहेको छ। प्रदेशका सबै जनताहरुलाई गुणस्तरीय तथा भरपर्दो खानेपानी सेवा पुऱ्याउनु र प्रदेशको मानव केन्द्रित सबै ठाँउहरुमा सरसफाई सेवा विस्तार गर्नु प्रमुख उद्देश्य रहेको छ । २०७६।७७ को भौतिक पूर्वाधार विकास मन्त्रालयको खानेपानी तर्फको लक्ष्य तथा प्रगति अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं	कार्यक्रम /क्रियाकलाप	वार्षिक लक्ष्य		वार्षिक प्रगति			
		परिमाण	बजेट	परिमाण	परिमाण प्रतिशत	बजेट	बजेट खर्च प्रतिशत
१	सघन खानेपानी विकास कार्यक्रम						
१.१	क्रमागत खानेपानी आयोजना	२०३	१३६७३००	५	२	११४८३४९	८३.९९
१.२	माग भई आएका खा.पा.आ. हरुको सम्भाव्यता अध्ययन गरी सम्भाव्य आयोजनाहरुको मन्त्रालयबाट स्वीकृति लिई डि.पी.आर. तयार गर्ने	४३८	५१४७५	३०६	७०	४७७०८	९२.६८
१.३	नयाँ माग भएका खा.पा.आ. हरुको डी .पी . आर तयार गर्ने	३२७	१३१७०९	८	२	११६४७७	८८.४४
१.४	स्थान विशेष खानेपानी आयोजनाहरुको मन्त्रालयबाट स्वीकृति लिई कार्यान्वयन गर्ने	९	८२००	६	६७	४४५३	५४.३०
२	खानेपानी आयोजना गुणस्तर अभिवृद्धि तथा श्रोत संरक्षण कार्यक्रम	५	११२५०	४	८०	११०४७	९८.२०
३	खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम	१९३	१२६४१३	१५५	८०	१०४२५५	८२.४७
४	खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम	२३	१०९९३	२२	९६	९९५३	९०.५४
५	उच्च प्रविधियुक्त केन्द्रिय खानेपानि कार्यक्रम	४९३	१७६४६२४	२९	६	१६९३२८३	९५.९६
६	डिप टयुवेल आयोजना मर्मत सुधार कार्यक्रम	११	२२६९८	११	१००	१३३८०	५८.९०
७	तराई मधेस खानेपानी सुधार कार्यक्रम	१४६	६५५१७७	०	०	६४२१२९	९८.०१

१४.१. आर्थिक वर्ष २०७६।७७ मा यस प्रदेश मन्त्रालको खानेपानी तर्फ विभिन्न १० कार्यक्रम अन्तर्गत विभिन्न योजना विभिन्न चरणमा रहेको अवस्था देखिन्छ । लक्ष्य र प्रगतिको अवस्था विश्लेषण गर्दा शून्य प्रतिशतदेखि शतप्रतिशतसम्म प्रगति भई औषतमा ७३ प्रतिशत प्रगति भएको देखिन्छ । खानेपानी आयोजना विभिन्न चरण हुदैं सम्पन्न हुने र समयमा पर्याप्त बजेट विनियोजन हुन नसक्दा आयोजना समयमा सम्पन्न हुन सकेका छैनन् । २०७६/७७ मा खानेपानीबाट लाभान्वित घरधुरी संख्या २६ हजार ३ सय ९० पुऱ्याउने लक्ष्य रहकोमा १७ हजार ३ सय ७३ अर्थात ६५.८३ प्रतिशतमा पुगेको र लाभान्वित जनसंख्या १ लाख ४० हजार पुऱ्याउने लक्ष्य रहेकोमा ९४ हजार ७ सय २३ अर्थात ६७.६६ प्रतिशतमा पुगेको छ । समयमा आयोजना सम्पन्न नहुदा अपेक्षित नतिजा प्राप्त नहुने र लाभग्राही वर्गले समयमा सेवा प्राप्त गर्न नसक्ने अवस्था रहन्छ । राष्ट्रिय तथा प्रादेशिक लक्ष्य समेत प्रभावित हुन सक्ने देखिन्छ ।

१४.२. आर्थिक बर्ष २०७६।७७ मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरुको प्रगति अवस्था निम्नानुसार रहेको छ :

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	विनियोजन रु हजारमा	खर्च रु हजारमा	शून्य प्रतिशत प्रगति	२५ प्रतिशत भन्दा कम प्रगति	५० प्रतिशत भन्दा कम प्रगति	७५ प्रतिशत भन्दा कम प्रगति
दाङ्ग	९०७७४३	८४१०४५	१९	२	४	८
बाँके	६४८७२४	५३५०७५	७	-	७	१९
रुपन्देही	१२४७६७६	१२३२४९४	८३	-	१	२
गुल्मी	३०३०५०	२५६६७९	-	१	२	६
जम्मा	३१०७१९३	२८६५२९३	१०९	३	१४	३५

४ कार्यालयबाट प्राप्त विवरणअनुसार आयोजना सञ्चालनका लागी रु.३ अर्ब १० करोड ७१ लाख ९३ हजार विनियोजन भएकोमा रु.२ अर्ब ८६ करोड ५२ लाख ९३ हजार खर्च भएको र सञ्चालित योजनामध्ये १०९ आयोजनामा शून्य प्रतिशत, ३ मा २५ प्रतिशतभन्दा कम, १४ मा ५० प्रतिशतभन्दा कम र ३५ मा ७५ प्रतिशतभन्दा घटी प्रगति भएको देखिएको छ । तोकिएको कार्यक्रमअनुसार प्रगति हासिल भएको देखिएन । लक्ष्यित वर्ग तोकिएको समयमा सेवा उपयोग गर्न बाट वञ्चित भएका छन् । लक्ष्य अनुसारको प्रगति हासिल गर्नेतर्फ सम्बन्धित निकाय क्रियाशिल रहनु पर्दछ । बजेट न्यून भएका कारण सबै योजनाहरु सञ्चालन तथा अपेक्षित प्रगति हासिल गर्न नसकिएको कार्यालयले जानकारी दिएको छ ।

१४.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देहीद्वारा सञ्चालित तथा हस्तान्तरित आयोजनाहरु मध्ये २०६५।६६ देखि २०७१।०७२ सम्ममा शुरुवात भएका रु.२ अर्ब ९ करोड ३२ लाख लागत अनुमानका ३५ आयोजनाहरुमध्ये हालसम्म ७५ प्रतिशतभन्दा कम भौतिक प्रगति भएको देखियो । २०७६।७७ सम्ममा उक्त आयोजनाहरुमा रु.४८ करोड ५४ लाख ३० हजार खर्च भएकोमा हालसम्म १.७६ देखि ६९.२५ प्रतिशत मात्र भौतिक प्रगति भएको देखिन्छ । सम्बन्धित निकायले नतिजालाई पर्याप्त ध्यान दिएको देखिएन । लामो अवधिसम्म आयोजना सम्पन्न हुन नसक्दा आयोजना लागत बढ्न जाने तथा लक्षित वर्ग समयमा गुणस्तरीय खानेपानी प्राप्त गर्नबाट वञ्चित रहने अवस्था रहन्छ । पुराना आयोजनाहरुमा सरकारी रकम खर्च भइरहने तर नतिजा प्राप्त नहुने अवस्थाले प्राथमिकता प्राप्त क्षेत्रमा श्रोत प्रवाह गर्ने कार्यमा पनि कमी आउछँ । तोकिएको समय र लागतमा आयोजना सम्पन्न हुन नसक्दा राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्यमा समेत असर पर्दछ ।

१४.४. पाँचसय घरधुरीको संख्या लाभान्वित हुने ग्वारखोला खानेपानी योजना २०७३।७४ बाट शुरु भएकोमा हालसम्म टङ्की, बोरिङ्ग र पम्प हाउस निर्माण कार्य सम्पन्न भई प्रशारण र वितरण पाइप लाइन विस्तार भइरहेको उपभोक्ता समितिले जानकारी दिएको छ । बजेट अभावको कारण पाइप खरिद हुन नसकि २०७६।७७ मा योजना सम्पन्न हुन नसकेको जानकारी दिएको छ ।

प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले आवश्यक वजेट व्यवस्था गरी आवधिक योजनाको लक्ष्य, दिगो विकासको लक्ष्य, दीर्घकालीन सोचको लक्ष्य र प्रादेशिक लक्ष्य हासिल गर्न उपलब्ध श्रोत र साधनको प्रभावकारी र दक्षतापूर्ण किसिमले परिचालन गरी निर्धारित समयमा अपेक्षित लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ ।

१५. **समस्याग्रस्त आयोजना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा भएको व्यवस्थाअनुसार खरिद कार्यको सम्झौता कार्यान्वयनसम्बन्धी व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र नियमावलीको नियम १२८ अनुसार निर्माण व्यवसायीले काम शुरु नगरेमा, अधुरो छोडेमा गरिने कारवाहीको व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (६) बमोजिम विकास आयोजना सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार गरी स्वीकृत गराई बजेटमा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्नु पर्ने र निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु सम्बन्धित कार्यालय प्रमुख वा योजना प्रमुखको कर्तव्य हुने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोराहरु रहेका छन् :

१५.१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देहीबाट हाटी वनगाई ओभरहेड टङ्की निर्माणका लागी रु.९२ लाख ९० हजार को लागतमा २०७५।०७।०१ मा सम्पन्न हुनेगरी निर्माण व्यवसायीसगँ २०७३।२।२ मा सम्झौता गरेको छ । यस निर्माण कार्यका लागि २०७४।७५ सम्म रु.५५ लाख ५७ हजार भुक्तानी भएको छ । हाल उक्त निर्माण कार्यको म्याद थप नभई काम अधुरो रहेको छ । अनुगमनको कमीका कारण कार्यतालिकाअनुसार कार्य नगर्ने, बीचबीचमा काम छोड्ने र कुनै आर्थिक वर्षमा काम नगरेको कारण ती ठेक्काहरूको काम अधुरो रहेको छ ।

१५.२. रु.६ करोड ४७ लाख १७ हजार लागत अनुमान भएको डगरी खानेपानी आयोजना, कपिलबस्तु जग्गा स्वामीत्व विवादका कारण सञ्चालनमा आएको छैन । मागमा आधारित योजना प्रणाली नभएका कारण मन्त्रालयबाट तोकिएका योजना कार्यान्वयनमा समस्या भएको छ ।

१५.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गबाट पेश भएका पुराना ठेक्काको विवरण निम्नानुसार रहेको छ :

(रु.हजारमा)

क्र.सं.	योजनाको नाम	कवोल अंक	सम्झौता मिति	शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति	हालसम्मको भुक्तानी	प्रगति प्रतिशत
१	सर्रा सहलगानी खानेपानी आयोजना	८५८०८	२०७४।३।८	२०७६।३।७	३३९३४	४०
२	ढकेलपुर आन्द्रभैरैया खानेपानी आयोजना	३५५३	२०७४।१२।४	२०७५।१२।३	१७०५	६०
३	मोतिपुर फोहरा खानेपानी आयोजना	६४५४	२०७४।१२।०४	२०७५।१२।३	१४१८	३५
४	चन्दनपुर खानेपानी	६०६३	२०७४।१२।४	२०७५।१२।३	२२६९	६०

	आयोजना					
५	सुनपुर खानेपानी आयोजना	६३६८	२०७४।१२।४	२०७५।१२।३	१९९५	६०
६	केरुनिया खानेपानी आयोजना	६०५२	२०७४।१२।४	२०७५।१२।३	९७५	३५

यस कार्यालयबाट सञ्चालित माथि उल्लिखित योजनाहरु अधुरा रहेकोमा योजनाको म्याद समाप्ती पश्चात म्याद थप समेत भएको देखिएन ।

१५.४. खानेपानी तथा सरसफाई अस्थाई डिभिजन कार्यालय, बाँके गनापुर १-९ खानेपानी योजनाको डिप वोरिङ्ग निर्माण कार्य गर्न कार्यालय र एक निर्माण व्यवसायीबीच रु.२५ लाख २२ हजार (मू.अ.कर समेत) कवोल अङ्कको २०७६।४।२५ मा सम्पन्न गर्ने गति २०७६।१।८ मा सम्झौता भएको छ । उक्त कार्यको पटक पटक म्याद थप गरी २०७६।१०।८ सम्म म्याद थप भएको छ । दोश्रो पटक म्याद थप गर्दा थपिएको म्यादमा कार्य सम्पन्न नभएमा कारवाही गरिने व्यहोरा उल्लेख छ ।यस कार्यालयबाट सम्झौता अनुरुप काम गर्दै जाने क्रममा २०७६।९।१ गते सो ड्रिलिङ्ग कम्पनीले ड्रिलिङ्ग र लगिङ्ग कार्य सम्पन्न गरी लगिङ्ग रिपोर्ट पेश गरेकोमा लगिङ्ग रिपोर्टअनुसार त्यहाँ पानी आउने सुनिश्चितता नभएको भनी हालसम्म भएको कामको कार्य सम्पन्न बनाई रु.२० लाख ७३ हजार निर्माण व्यवसायीलाइ भुक्तानी दिएको छ । खानेपानी योजना निर्माण पूर्व तयारी गरी अपेक्षित नतिजा प्राप्त हुने कुराको सुनिश्चितता पछि कार्य गरेको देखिएन । यसले गर्दा लाभग्राही समुदाय खानेपानीको उपयोगबाट वञ्चित हुने र सरकारको रकम अपव्यय भएको देखियो ।

१५.५. ढकेलपूर आन्द्रमरया खानेपानी योजनाबाट लाभान्वित हुने घरधुरी संख्या १०० रहेको छ । योजनाको आभरहेड टङ्की निर्माण रु ३५ लाख ५३ हजारको लागि मिति २०७५।१२।३ मा सम्पन्न गर्ने गरी मिति २०७४।१२।४ मा सम्झौता भएको छ । ओभरहेड टङ्कीको निर्माण कार्यको हालसम्म रु १७ लाख ५ हजार भुक्तानी भई ६० प्रतिशत प्रगति भएको र हाल उक्त कार्य अधुरो अवस्थामा रहेको छ । निर्माण व्यवसायिबाट म्याद थपका लागि पेश भएको कार्यसम्पादन जमानत नक्कली पेश हुन आएकोले म्याद थप नगरिएको र हाल निर्माण व्यवसायीलाई कालो सूचीमा राख्रका लागि सूचना प्रकाशन गरी सकिएको कार्यालयले जानकारी दिएको छ ।



अधुरो खानेपानी टंकी



सोझै पानी आपूर्ति भएको र पानी चुहिएको अवस्था

उक्त स्थानमा ओभरहेड टङ्कीको निर्माण कार्य अपूरो रहेकोले पम्प जडान, पम्प हाउस निर्माण ,खानेपानी पाइप लाइनको प्रशारण र वितरण कार्य सम्पन्न गरी वोरिङ्गबाट सोझै खानेपानी आपूर्ति गरेको देखियो । उपभोक्ताबाट मासिक रु.२ सय शुल्क लिने गरेको छ । खानेपानीको गुणस्तर परीक्षण नगरी पानी वितरण गरेको वोरिङ्गबाट सोझै पानी आपूर्ति गर्दा योजनाको

नजिकका उपभोक्ताले पर्याप्त पानी पाउने र टाढाका उपभोक्ताले पानी नपाउने वा कम पानी पाउने गरेको र पानीको प्रेसरले गर्दा वितरण लाइन फुटी रहने र मर्मत गर्दा ज्याला खर्च गर्नुपर्ने समस्या रहेको उपभोक्ताको गुनासो रहेको छ साथै वोरिङ्गबाट पानी लिकेज भई खेर गइरहेको अवस्था छ । ओभरहेड ट्यांकी निर्माण मार्फत पानीको वचत गरी बढीभन्दा बढी पानी उपलब्ध गराउने कुरामा ध्यान दिएको देखिएन । कुवा सुकिसकेकाले यो योजना सञ्चालन हुदाँ पानीको आवश्यकता पूर्ति भएको र यथासक्य छिटो ओभरहेड टङ्कीको निर्माण कार्य सम्पन्न गर्नुपर्ने उपभोक्ताको माग रहेको छ ।

१५.६. एक सय पाँच मिटर बोरिङ्ग गरिएको कोइलावास खानेपानी योजना दाङ्गको पानीको क्षमता प्रति सेकेण्ड ५ लिटर रहेकोमा बोरिङ्गबाट हाल एक घण्टा मात्र पानी आउने गरेको उपभोक्ता समितिले जनाएको छ । पानीको सतह सुकेको कारणले हाल बोरिङ्गबाट पर्याप्त पानी नआउने अवस्था छ । योजना निर्माण अघि भारतको सीमा पारीबाट पानी ल्याउने वा खोला र कुवाको पानी पिउने गरेको उपभोक्ताले जानकारी दिएका छन् । सुख्खा मौसममा कुवाको पानीको सतह सुक्ने हुनाले सीमा पारी भारतबाट पानी ल्याउने वा खोलाको पानी पिउने गरेको उपभोक्ताले जानकारी दिएका छन् । यस भेगमा सुख्खा मौसममा जमिन मुनिको सतह सुक्नाले खानेपानी योजनाबाट पर्याप्त पानी उपलब्ध हुन नसकी खोलाको पानी उपयोग गर्नुपर्ने अवस्था रहेको छ ।

१५.७. सुनपुर खानेपानी योजना दाङ्गबाट लाभान्वित हुने घरधुरीको संख्या ३५० रहेको छ । योजनाको आभरहेड टङ्की निर्माणका लागि २०७५।१२।३ मा सम्पन्न गर्ने गरी २०७४।१२।४ मा सम्झौता भएको छ । उक्त ओभरहेड टङ्कीको निर्माण कार्यको कवोल अङ्क रु.६३ लाख ३८ हजार रहेकोमा हालसम्म रु.१९ लाख ९५ हजार भुक्तानी भई ६० प्रतिशत प्रगति भएको र हाल उक्त कार्य अधुरो अवस्थामा रहेको छ । निर्माण व्यवसायीबाट म्याद थपका लागि पेश भएको कार्यसम्पादन जमानत नक्कली पेश हुन आएकोले म्याद थप नगरिएको र हाल निर्माण व्यवसायीलाई कालो सूचीमा राख्नका लागि सूचना प्रकाशन गरि सकिएको कार्यालयले जानकारी दिएको छ । उक्त स्थानमा ओभरहेड टङ्कीको निर्माण कार्य अपूरो रहेकोमा हाल वोरिङ्ग निर्माण, पम्प जडान, पम्प हाउस निर्माण ,खानेपानी पाइप लाइनको प्रशारण र वितरण कार्य सम्पन्न गरी वोरिङ्गबाट पाइप लाइनमा सोझै खानेपानी आपूर्ति गरेको उपभोक्ता समितिले जानकारी दिएको छ । वोरिङ्गबाट सोझै पाइप लाइनमा पानी आपूर्ति गर्दा योजनाको नजिकका उपभोक्ताले पर्याप्त पानी पाउने र टाढाका उपभोक्ताले पानी नपाउने वा कम पानी पाउने गरेको उपभोक्ता समितिको गुनासो रहेको छ । साथै प्रेसरको कारण पाइप फुट्ने, पानी लिकेज तथा दुषित समेत हुने गरेको देखिन्छ ।

निर्माण व्यवसायीले कार्यतालिकाअनुसार कार्य नगर्ने, बीचबीचमा काम छोड्ने र कुनै आर्थिक वर्षमा काम नगर्ने, पर्याप्त पूर्व तयारी नगरी आयोजना शुरु गर्ने, निर्माण स्थलमा विवाद हुने, कानुनमा भएको व्यवस्थाको परिपालना नहुने, खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने गराउने काममा कमीका कारण माथि उल्लेखित ठेक्काहरूको काम अधुरो रहन गएको छ । उक्त योजनाहरु अधुरो रहनाले करिव ३५०० घरधुरी खानेपानीको उपलब्धताबाट प्रभावित भएका छन् । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले पूर्वतयारी पश्चात निर्माण कार्य शुरु गर्ने, कार्य अधुरो छाडने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समय भित्र नतिजा प्राप्त गर्नुपर्दछ ।

१६. **आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७(११) अनुसार उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि प्राविधिक कर्मचारीबाट जाँचपास गराई कुल खर्चको

अभिलेख राखी उपनियम (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले हस्तान्तरित आयोजनाको सेवा उपयोग गरे वापत तिर्नुपर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । यस प्रदेशमा २०७५/७६ मा २१ खानेपानी आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा ११ र २०७६/७७ मा ४० आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा ३७ आयोजना सम्पन्न भई हस्तान्तरण भएको छ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गबाट २०७६।७७ मा निर्माण सम्पन्न भएका ५ खानेपानी आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छ । हस्तान्तरित योजनाको मर्मत सम्भार कोष पर्याप्त नभएको, प्राविधिक ज्ञानको कमी रहेको तथा सञ्चालन र मर्मत पुस्तिका रहेको पाइएन । उपभोक्ता समितिबाट निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरु सम्बन्धित समितिलाई सञ्चालन गर्ने जिम्मेवारी सहित हस्तान्तरण गर्दा योजनाको रेखदेख तथा मर्मत सम्भारमा कार्यालयलाई थप आर्थिक भार समेत नपर्ने तर उपभोक्ता समितिमा मर्मत सम्भार कोष नहुने वा सानो हुने, प्राविधिक ज्ञानको कमी, सञ्चलन र मर्मत पुस्तिका नहुँदा प्रभावकारी रुपमा योजना सञ्चालन कार्यमा समस्या आउने गरेको पाइयो । मर्मत सम्भार कोष पर्याप्त नहुदाँ आयोजनाको मर्मत तथा विस्तारका लागि अन्य निकायमा आश्रित रहनु पर्ने र प्राविधिक ज्ञान तथा सञ्चालन र मर्मत पुस्तिका नहुदाँ सामान्य प्रकृतिको मर्मत तथा सुधारका लागि समेत अन्य प्राविधिक सगँ परामर्श गर्नुपर्ने वा काम लगाई भुक्तानी गर्नु पर्ने देखिन्छ । यसबाट आयोजनाको सञ्चालन खर्चमा वृद्धि हुन्छ । नियमित र प्रभावकारी रुपमा आयोजना सञ्चालनमा असर पर्ने देखिन्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले सम्पन्न आयोजना सञ्चालन लाई दीगो वनाउने गरी हस्तान्तरण गरिनु पर्दछ ।

१७. **मर्मत सम्भार कोष** - खानेपानी आयोजनाहरूको दिगो सञ्चालनकोलागि मर्मत सम्भारकोषको व्यवस्था गरेको हुनुपर्दछ । यस प्रदेश अन्तर्गत खानेपानी आयोजना मर्मत सम्भारका लागि आर्थिक बर्ष २०७६/७७ मा निम्नानुसार खर्च भएको छ :

(रु.हजारमा)

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	वजेट विनियोजन	निकासा/खर्च
रुपन्देही	४०७६३	३८१७०
दाङ्ग	१०५००	१०३६६
बाँके	१२६००	१००८२
पाल्पा	१९४५०	१४१०६
गुल्मी	२२४००	१८१५४
प्युठान	२०७००	१५३१६
जम्मा	**१२६४१३**	**१०६१९४**

यस प्रदेशमा खानेपानी आयोजनाको सुधार तथा मर्मत कार्यक्रमका लागि रु.१२ करोड ६४ लाख १३ हजार विनियोजन भएकोमा रु.१० करोड ६१ लाख ९४ हजार खर्च भएको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, दाङ्गले २०७६।७७ मा १४ खानेपानी आयोजना मर्मतका लागि न्यूनतम रु.१ लाखदेखि अधिकतम रु.२० लाख ८ हजारसम्म रु.१ करोड ३ लाख ६५ हजार खर्च गरेको छ । यस्तै रुपन्देहीले रु.३ करोड ८१ लाख ७० हजार, बाँकेले रु.१ करोड ८२ हजार, पाल्पाले रु.१ करोड ४१ लाख ६ हजार, गुल्मीले रु.१ करोड ८१ लाख ५४ हजार र

प्युठानले रु.१ करोड ५३ लाख १६ हजार पुराना खानेपानी आयोजनाको मर्मत संभारमा खर्च गरेको छ ।

नियममा भएको व्यवस्थाअनुसार उपभोक्ता समिति स्वयंले आयोजना मर्मत संभार गर्नुपर्नेमा सरकारको बजेटमा भरपर्नु उचित भएन । खानेपानीका उपभोक्ताहरु टाढा टाढासम्म छरिएर रहेको अवस्थामा आयोजनाको सुरु लागत समेत वढी पर्ने र मर्मत सम्भार लागत समेत बढी हुने गर्दछ । मर्मत संभारका लागि आयोजना सँग पर्याप्त कोष नहुदाँ खानेपानी आयोजनाको मर्मत संभारका लागि अन्य निकायमा भरपर्नु पर्ने अवस्था रहेको उपभोक्ता समितिले जानकारी दिएको छ । उपभोक्ताको संख्या कम हुने र खानेपानीको शुल्क समेत कम हुदाँ योजनाको कोषमा कम रकम बचत हुने र योजनाको मर्मत गर्न पर्याप्त रकम उपलब्ध नहुने अवस्था रहेको उपभोक्ता समितिले जानकारी दिएका छन् । मर्मत संभार कोषको ब्यवस्था गरी आयोजनालाई आत्मनिर्भर र दिगो बनाउनेतर्फ प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू सम्बन्धित उपभोक्ता समितिहरूले ध्यान दिनुपर्दछ ।

१८. **खानेपानीको गुणस्तर** - राष्ट्रिय खानेपानि गुणस्तर मापदण्ड, २०६२ र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ बमोजिम पहिलो चरणमा मापदण्ड स्वीकृत भएको पाँच वर्षभित्र र दोश्रो चरणमा पाँचदेखि दश वर्षभित्र कार्यान्वयन हुने आयोजनाहरुको व्यवस्था गरेको छ। राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ को बुदाँ ६.१ मा आपूर्तिकर्ताले खानेपानीको गुणस्तर तोकिएको मापदण्ड अनुरुप भए नभएको परीक्षण गर्नुपर्दछ र परीक्षणका लागि साधारणतय ग्राभिटी तथा पम्पिङ्ग प्रणालीमा वितरण पाइपलाइनबाट नमूना लिनुपर्ने व्यवस्था छ । यसरी नमूना लिदाँ मुख्य, सहायक र उपसहायक वितरण लाइनमा प्रति ५ किलो मिटरमा सम्भव भए सम्म सार्वजनिक धारालाई एक नमूना विन्दु कायम गर्नुपर्दछ । निर्देशिकाको बुदाँ नं. ७ मा नमूना छनौटको आधारहरुमा (१) लिइने नमूनाले स्थान र समय विशेषले गुणस्तरमा हुने भिन्नतालाई प्रतिनिधित्व गर्न सक्नु पर्ने, (२) जनसंख्या र शाखालाईनहरुको आधारमा नमूना विन्दुको संख्या समानुपातिक रुपमा वितरण भएको हुनुपर्ने, (३) पानी पोखरी तथा सङ्कलन टङ्कीहरुमा पनि नमूना विन्दु कायम हुनु पर्ने र (४) गुणस्तर अनुगमन तथा पर्यवेक्षण कार्यको लागि प्रदुषण हुन सक्ने जोखिमलाई ध्यानमा राखी स्रोत, वितरण लाईनमा निम्न चाप भएको क्षेत्र, र पाइप जोडिएको विन्दु (Joint Point) बाट पनि नमूना लिनुपर्ने व्यवस्था छ । दाङ्ग, बाँके र बर्दिया जिल्ला स्थित अधिकांश खानेपानी आपूर्तिकर्ताले यस मापदण्डको परिपालना गरेको पाइएन । राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ मा तोकिएको खानेपानीको मापदण्ड र केही छनौट गरिएका खानेपानी आयोजनाको गुणस्तर अवस्था अनुसुची-१ मा उल्लेख भएबमोजिम रहेको छ । यससम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेको छ :

१८.१. यस प्रदेशका खानेपानी सेवा पाएकामध्ये सबैभन्दा धेरै अर्थात ४३.५६ प्रतिशत घरधुरीहरु ट्युवेलको भूमिगत पानीमा नै निर्भर रहेको छ । पाईप प्रणालीबाट खानेपानीको सेवा पाइरहेका घरधुरीहरुको संख्या ४२.२२ प्रतिशत रहेको छ । परम्परागत तर केही सुधार गरेर सुरक्षित बनाइएका खानेपानीका श्रोतहरुमा आश्रित परिवारहरुको हिस्सा भने २.५२ प्रतिशत रहेको छ । कुल खानेपानी उपभोक्तामध्ये करिब ०.२७ प्रतिशत परिवारहरुले आकाशेपानी सङ्कलन गरी प्रयोग गर्ने गरेका छन् । खानेपानी उपलब्ध भएको जनसंख्याको परिमाण प्रतिशत सन्तोषजनक नै रहे तापनि ट्युवेलको पानी उपभोग गर्ने जनसंख्या ४३.५६ प्रतिशत रहेकोमा परीक्षण नगरी खानेपानीको उपभोग गरिरहेको अवस्था छ । आर्सेनिक लगाएतको समस्याले गर्दा मानव जीवन अनुकुल आवश्यक गुणस्तरको

खानेपानी उपभोग गर्नबाट बञ्चित रहेको अवस्था छ । पाईप प्रणालीबाट खानेपानीको सेवा पाइरहेका घरधुरीहरुको संख्या ४२.२२ प्रतिशत रहेको र यसलाई गुणस्तरीय मान्न सकिए तापनि कतिपय खानेपानी योजनाको गुणस्तर परीक्षण नगरी खानेपानी आपूर्ति हुने, बर्षातमा मुहान बगाउने तथा धमिलो हुने, खानेपानीका पाइपहरु फुटने र ढल मिसिने लगायतका समस्याले गुणस्तरीय खानेपानी उपभोग गर्नबाट बञ्चित रहेको अवस्था छ । उपभोक्ताहरुलाई पर्याप्त मात्रामा गुणस्तरीय पानीको आपूर्ति हुन नसक्दा विभिन्न श्रोतबाट प्राप्त कम गुणस्तरीय पानी पिउनु परेको अवस्था छ। परिमाणात्मक रुपमा खानेपानीबाट लाभान्वित जनसंख्या धेरै देखिएता पनि गुणात्मक रुपमा लाभान्वित जनसंख्या कम नै रहेको छ ।

१८.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्ग अन्तर्गत कोइलावास खानेपानी योजनाबाट लाभान्वित हुने घरधुरी संख्या १२० रहेको छ । गढवा गाँउपालिकाबाट अघिल्लो वर्ष खानेपानी बोरिङ्ग निर्माण गर्ने कार्य भएकोमा पानी धमिलो लेदो आएकोले हाल उक्त बोरिङ्ग वन्द अवस्थामा रहेको छ ।खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गबाट उक्त स्थानमा खानेपानी योजना सम्पन्न भई हाल पानी वितरण भइरहेको छ । पानीको सतह सुकेको कारणले हाल बोरिङ्गबाट पर्याप्त पानी नआउने गरेको अवस्था छ । यस योजनाबाट हाल पानी वितरण भइरहेकोमा पानीको गुणस्तर परीक्षण नभएको र पानी धमिलो रहेको उपभोक्ताले जनाएका छन् ।

१८.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्ग अन्तर्गत टिकुलीगैरा खानेपानी योजनाबाट लाभान्वित हुने घरधुरीको संख्या १०० रहेको छ । यो योजना निर्माण अघि कुवा र खोलाको पानी वोकेर खाने गरेकोमा हाल १ लाख लिटरको ओभरहेड टङ्की निर्माण गरी पानी आपूर्ति भएकोमा खोला पारीका १० घरधुरी रहेकोमा पानी आपूर्ति हुन नसक्दा खोलाको पानी खान बाध्य रहेको उपभोक्ताले जानकारी दिएका छन् । यो योजना निर्माण भई खानेपानी वितरण भइरहे तापनि पानीको गुणस्तर परीक्षण हालसम्म नभएको उपभोक्ता समितिले जानकारी दिएको छ ।

१८.४. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्ग अन्तर्गत ग्वारखोला खानेपानी योजना, तुल्सीपुरबाट लाभान्वित हुने घरधुरीको संख्या ५०० रहेको छ । २०७३।७४ बाट सुरु भएको यस योजनाको हालसम्म टङ्की, बोरिङ्ग र पम्प हाउस निर्माण कार्य सम्पन्न भई प्रशारण र वितरण पाइप लाइन विस्तार भइरहेको उपभोक्ता समितिले जानकारी दिएको छ । यस ठाँउमा हाल कुवाबाट पानी पिउने गरेको र सो पानीमा आर्सेनिकको समस्या रहेको उपभोक्ता समितिले जानकारी दिएको छ ।

१८.५. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, वाँके अन्तर्गत बिराट खानेपानी आयोजनाको कुल लागत रु.६ करोड ३२ लाख ६० हजार रहेकोमा २०७७ असार मसान्तमा सम्पन्न भएको छ । यस योजनाबाट लाभान्वित हुने घरधुरी संख्या १३६० रहेको छ । यस आयोजनाको निर्माण कार्य सम्पन्न भए तापनि बोरिङ्गबाट बालुवा र धमिलो पानी आएको हुनाले उपभोक्ताहरुलाई हालसम्म पानी वितरण कार्य सुरु हुन नसकेको जानकारी बिराट खानेपानी तथा सरसफाई उपभोक्ता समितिले जानकारी दिएको छ । राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ तथा कार्यान्वयन निर्देशिका, २०६२ अनुसार परीक्षण गरिनुपर्ने तत्वहरुको परीक्षण समेत गरेको छैन् । पानीको गुणस्तरको लागि पटक पटक पानी सफा गर्ने कार्य गरेको भएता पनि सुधार नभएको समितिले जानकारी दिएको छ।

१८.६. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ को वुदाँ ८ मा भौतिक/रासायनिक परीक्षणका लागि नमुना लिदाँ र परीक्षण गर्दा नमूना सङ्कलन र परीक्षण गर्ने समयबीचको अन्तर सकेसम्म कम गर्नुपर्ने, काँच वा पोलिथिनको वोतलमा न्यून तापक्रममा नमूना सञ्चय गर्नुपर्ने र

क्लोरिन अवशेष, हाइड्रोजन विभव र धमिलोपन जस्ता पारामितिको परीक्षण नमूना सङ्कलन गरेको लगत्तै गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सूक्ष्म जैविक परीक्षण गर्दा नमूना सङ्कलन र परीक्षण गर्दा निश्चित विधि अपनाएर निर्मलीकृत बोतलहरुमा नमूना लिई सो लिएको दुई घण्टा भित्रै परीक्षण गर्नुपर्ने, तोकिएको समयावधि भित्र नमूना परीक्षण गर्न ढिलो हुने वा संभव नहुने भएमा सो नमूनालाई ४ डिग्री से. मा सुरक्षित राखी ढुवानी गरी ६ घण्टा भित्र परीक्षण गर्नु पर्ने र क्लोरिन प्रयोग भएको नमूनाको हकमा भने निर्मलिकृत बोतलमा क्लोरिन तटस्थीकरण गरी नमूना सङ्कलन गर्नुपर्ने व्यवस्था छ । दाङ्ग, बाँके र वर्दिया जिल्ला स्थित अधिकांश खानेपानी आपूर्तिकर्ताले यस मापदण्डअनुसार गुणस्तर परीक्षण गरेको देखिएन ।

१८.७. नेपालगञ्ज उप महानगरपालिकामा हाते पम्प धारा जडान कार्यका लागि पालिका र उपभोक्ता समितिबीच रु.२० लाख ८६ हजारको लागतमा २०७७।३।१५ मा सम्पन्न गर्ने गरी २०७६।१०।१५ मा सम्झौता भएको छ । प्रति हाते पम्प वापत रु.२८ हजारका दरले ७२ हाते पम्पको कुल रु.२० लाख २६ हजार लागत अनुमान रहेकोमा ७२ वटा हाते पम्प जडान गरी रु.१४ लाख १२ हजार भुक्तानी भएको छ । लागत अनुमान अनुसार एष्उभ म्चर्षष्लिन र ज्म्एभ पाइप क्गउउथि र ङ्ष्ततष्लनक को कार्य ३२ र.मी. गर्ने उल्लेख भएकोमा १९ र.मी. काम गरी कार्य सम्पन्न तयार गरी रु.१४ लाख १२ हजार भुक्तानी भएको छ । खानेपानीको गुणस्तर परीक्षण नगरी लागत अनुमान भन्दा कम गहिराइमा हाते पम्प जडान गरी कार्य सम्पन्न गर्नाले खानेपानीको गुणस्तर प्रभावित हुने देखिन्छ । खर्च गर्ने तर्फ ध्यान दिएको तर गुणस्तरमा ध्यान दिएको देखिएन।

१८.८. नरैनापुर गाँउपालिका बाँकेमा यो बर्ष बोलपत्रको माध्यमबाट हाते पम्प ४०६, ५० एमएम ६ के.जी. प्रति वर्ग से.मी. प्रेसरको एच.डि.पी. पाइप १०१५० मिटर र ४० एमएम को १.५ मिटर लम्वाईको ४०६ जीआई पाइप खरिदका लागि रु.३८ लाख ४ हजार खर्च गरी पालिकाका वासिन्दाहरुमा वितरण गरेको देखियो ।पालिकाबाट राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ मा व्यवस्था भएका मापदण्ड अनुसारका खानेपानी गुणस्तरको कुनै पनि तत्वको परीक्षण नगरी हाते पम्प वितरण गर्ने गरेको देखियो।खानेपानीको गुणस्तर कमजोर भई मानिसको जीवनमा प्रतिकुल असर पर्नसक्ने तर्फ पालिकाले ध्यान दिएको देखिएन।

१८.९. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके अन्तर्गत कुमालगाँउ खानेपानी योजना, बाँके, खासकुस्मा खानेपानी योजना, बाँके लगायत ११ खानेपानी योजनाको डिप बोरिङ्ग निर्माण कार्य सम्पन्न भएकोमा खानेपानीको गुणस्तरको परीक्षण गरेको देखिएन । राष्ट्रिय खानेपानि गुणस्तर मापदण्ड, २०६२ मा व्यवस्था भएका मापदण्डअनुसार कार्यालयबाट निर्मित खानेपानी आयोजनाहरुको गुणस्तर परीक्षण गरेको देखिएन । खानेपानीको गुणस्तर परीक्षण नगरी उपयोग गर्दा मानव स्वस्थ्यमा प्रतिकूल असर पर्न सक्ने देखिन्छ ।

खानेपानी आयोजना निर्माण कार्यमा सम्झौताअनुसार पानीको गुणस्तर परीक्षण डिप बोरिङ्ग निर्माणको समयमा हुने तर खानेपानी संरचनाहरु निर्माण भई पानी सञ्चालनको क्रममा गुणस्तर परीक्षणको व्यवस्था नहुने हुँदा संरचना निर्माण सम्पन्न हुनु भन्दा अगाडि नै भएका गुणस्तर परीक्षणको आधारमा खानेपानी सेवा वितरण गर्दा जनस्वास्थ्यमा असर पर्नसक्ने देखिन्छ।राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ मा व्यवस्था भएका मापदण्ड अनुसारका सवै परीक्षण निर्मित खानेपानी आयोजनाहरुमा गर्ने गरेको देखिएन ।आयोजनाको निर्माण पछि कार्यालयले गरेको खानेपानीको गुणस्तर परीक्षणमा पनि कतिपय आयोजनाहरुमा मापदण्ड अनुसारको खानेपानीको गुणस्तर रहेको पाइएन । मापदण्डमा भएको व्यवस्थाको पूर्ण रुपमा परिपालना गरी नियमित र निरन्तर रुपले

खानेपानीको गुणस्तर सुनिश्चितता कायम गर्ने तर्फ खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू र स्थानिय तहहरूले ध्यान दिनु पर्दछ ।

१९. **खानेपानी गुणस्तरको अनुगमन** - राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ को परिच्छेद ४ मा आपूर्तिकर्ताहरुले आफै आपूर्ति गर्ने खानेपानीको गुणस्तरको अनुगमन गर्नुपर्ने व्यवस्था छ । दाङ्ग जिल्लास्थित नमूनाको रुपमा ४ खानेपानी योजना छनोट गरी विश्लेषण गर्दा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६२ अनुसार गुणस्तर परीक्षण गरी खानेपानी वितरण गर्ने गरेको देखिएन । हापूरे पुरन्धारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति बवई ४ र ५ दाङ्गले क्लोराईड, नाइट्रेट, क्यालसियम, इ-कोली, कुल कोलफर्मको वार्षिक रुपमा परीक्षण गर्ने गरेको जानकारी दिएको छ ।यस योजनाले निर्देशिकाअनुसार मासिक रुपमा गुणस्तर परीक्षण गर्नुपर्ने तत्वको वार्षिक रुपमा परीक्षण गर्ने गरेको देखियो भने अन्य तत्वहरुको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन साथै मूलको पानी भएकाले बर्षातमा बाढी आउदा पानी धमिलो आउने र अन्य वेला पानी सफा आउने गरेको जानकारी दिएको छ ।महादेवा खा. पा. तथा सरसफाई उपभोक्ता समिति स्किम नं. ३ गढुवा, सुपैला, दाङ्ग, टिकुलीगैरा खानेपानी उपभोक्ता तथा सरसफाई समिति बवई-६, दाङ्ग, ढकेलपूर आन्द्र मरैया खा.पा. उपभोक्ता समिति, घोराही उप महानगरपालिका - ८, दाङ्गले कुनै पनि तत्वको गुणस्तर परीक्षण नगराइ खानेपानी वितरण गर्ने गरेको देखियो । प्रयोशाला परीक्षण नगरी खानेपानी वितरण गर्दा खानेपानीको गुणस्तरको सुनिश्चितता देखिदैन । खानेपानीको माग धान्ने तर गुणस्तर सुनिश्चितता नहुदाँ समाजमा विभिन्न रोगहरु फैलन सक्ने सम्भावना रहन्छ ।

मापदण्डअनुसार पानीको नमूना लिई आपूर्तिकर्ताले गुणस्तर परिक्षण नगर्नाले आपूर्ति भएको खानेपानी गुणस्तरीय छ भन्ने आश्वस्त भएन । यसले मौसमी रोगहरू फैलने र उपभोक्ताको स्वास्थमा असर पर्ने हुन्छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले अनुगमन गरी राष्ट्रिय खानेपानी मापदण्ड, २०६२ तथा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका, २०६३ को परिपालना गरी गुणस्तरीय पानीको वितरण तथा उपभोगको सुनिश्चितता गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२०. **अन्तर निकाय समन्वय** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायले कार्यक्रम सञ्चालन गर्दा उक्त क्षेत्रमा संलग्न अन्य निकायसगँ समन्वय गरी सरकारी खर्चमा मितव्यीता हासिल हुने गरी खर्च गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ :

२०.१. गंगापरशपुर स्कीम नं.१ खानेपानी योजना, दाङ्गबाट लाभान्वित हुने घरधुरीको संख्या ७०० रहेको छ । यस योजनाको कार्य अन्तिम चरणमा रहेको तर पानीको श्रोतको रुपमा रहेको कुवा सुक्ने अवस्थामा रहेको उपभोक्ता समितिले जानकारी दिएको छ । विद्युत ट्रान्समिटर राख्ने काममा ढिलाइ भई योजना सञ्चालनमा ढिलाई भएको उपभोक्ता समितिले जानकारी दिएको छ ।

२०.२. महदेवा खानेपानी योजना स्कीम नं. ३, सुपैला, दाङ्ग बाट लाभान्वित हुने घरधुरीको संख्या २५० रहेको छ । यस भेगका टयुवेलबाट पानी नआउने र उपभोक्ताले खोलाबाट पानी खाने गरेको अवस्था रहेकोमा हाल यस योजनाबाट पानी आपूर्ति भएको उपभोक्ता समितिले जानकारी दिएको छ । यो ठाँउ जंगलभित्र रहेको हुनाले नियमित विद्युत आपूर्तिमा समस्या हुने र कम भोल्टेजको कारण खानेपानी आपूर्तिमा समस्या हुने गरेको समितिले जानकारी दिएको छ ।

२०.३. बाँके र वर्दिया कार्यक्षेत्र रहेको खानेपानी तथा सरसफाई अस्थाई डिभिजन कार्यालय बाँकेले २०७६/७७ मा खानेपानीको पुँजिगत संरचना निर्माणको लागि रु.५२ करोड ५७ लाख ४८ हजार खर्च गरेको छ । बाँके जिल्लास्थित खानेपानी व्यवस्थापनमा निम्नानुसार सरकारी निकायहरु संलग्न भएकोमा समन्वयका लागि निश्चित कार्यविधि तथा संयन्त्र रहेको पाइएन । एकै प्रकारको काममा दोहोरोपना नहुने सुनिश्चितताका लागि निश्चित कार्यविधि र संयन्त्रको कमी रहेको छ । यसले काममा दोहोरोपना हुन सक्ने र सरकारी सम्पत्तिको मितव्ययी र दक्षतापूर्ण प्रयोगमा चुनौति थपिने देखिन्छ ।



निष्कर्ष

खानेपानी मानव जीवनको अति आवश्यक तत्व हो । पानी विनाको जीवनको परिकल्पना असम्भव छ । लुम्बिनी प्रदेशका खानेपानी सेवा पाएका ४३.५६ प्रतिशत घरधुरीहरु ट्युवेलको भूमिगत पानीबाट, ४२.२२ प्रतिशत पाईप प्रणालीबाट, २.७९ प्रतिशत अन्य श्रोतबाट खानेपानीको सेवा पाइरहेको छ भने प्रणालीमा नसेमेटिएका घरधुरी संख्या ११.४५ प्रतिशत रहेको छ । खानेपानी उपलब्ध भएको जनसंख्यको परिमाण प्रतिशत सन्तोषजनक नै रहे तापनि ट्युवेलको पानी उपभोग गर्ने जनसंख्या ४३.५६ प्रतिशत रहेकोमा परीक्षण नगरी खानेपानीको उपभोग गरिरहेको अवस्था छ । आर्सेनिक लगाएतको समस्याले गर्दा मानव जीवन अनुकुल आवश्यक गुणस्तरको खानेपानी उपभोग गर्नबाट बञ्चित रहेको अवस्था छ । पाईप प्रणालीबाट खानेपानीको सेवा पाइरहेका घरधुरीहरुको संख्या ४२.२२ प्रतिशत रहेको र यसलाई गुणस्तरीय मान्न सकिए तापनि कतिपय खानेपानी योजनाको गुणस्तर परीक्षण नगरी खानेपानी आपूर्ति हुने, बर्षादमा मुहान बगाउने तथा धमिलो हुने, खानेपानीका पाइपहरु फुटने र ढल मिसिने लगायतका समस्याले गुणस्तरीय खानेपानी उपभोग गर्नबाट बञ्चित रहेको अवस्था छ । खानेपानी आपूर्तिमा गुणस्तर पक्षलाई पर्याप्त ध्यान नदिदाँ राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्य र प्रादेशिक लक्ष्य संख्यात्मक रुपमा प्राप्त भएपनि गुणात्मक रुपमा प्राप्त गर्ने कुरा चुनौतीको रुपमा रहेको छ ।

खानेपानीको अवस्थाको प्रादेशिक नक्साङ्कन, योजना छनौटको निश्चित विधि र मापदण्ड, अन्तर निकाय समन्वय, आवश्यक बजेट व्यवस्था गरी खानेपानीको नियमित, पर्याप्त र गुणस्तरीय आपूर्ति गर्नुका साथै योजनाको दिगोपनाको सुनिश्चितताका लागि मर्मत सम्भार कोषको प्रभावकारी व्यवस्थापन र प्रदेशमा खानेपानी योजना सञ्चालन र वितरणको दक्षतापूर्ण व्यवस्थापन गरी प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

अनुसूची -१

खानेपानी आयोजनाको पानीको गुणस्तर अवस्था

वर्ग	पारामिति (Parameter)	इकाइ (Unit)	अधिकतम् सघन सीमा (Maximum Concentration Limit)	भगवार खानेपानी आयोजना दाङ्ग	टिकुली गैरा खानेपानी आयोजना दाङ्ग
भौतिक	धमिलोपन (Turbidity)	NTU	५(१०)	२२	-
	हाइड्रोजन विभव (pH)		६.५-८.५	६.८	७.२
	रंग(Colour)	TCU	५(१५)	-	-
	स्वाद तथा गन्ध (Taste & Odor)		आपत्तीजनक हुनु नहुने	-	-
	विद्युतीय संवाहकता (Electrical Conductivity)	माइक्रोसिमेन्स सेन्टिमिटर	१५००	-	२६०
	कुल घुलित ठोस मदार्थ (Total Dissolved Solids)	मि.ग्रा./लिटर	१०००	-	१२५
रासायनिक	फलाम (Iron)	मि.ग्रा./लिटर	०.३(३)	०.५	०
	मेंगानीज(Manganese)	मि.ग्रा./लिटर	०.२	०.०१	<०.१
	आर्सेनिक(Arsenic)	मि.ग्रा./लिटर	०.०५	-	<०.०१
	क्याडमियम(Cadmium)	मि.ग्रा./लिटर	०.००३	-	-
	क्रोमियम(Chromium)	मि.ग्रा./लिटर	०.०५	-	-
	सायडनाइड(Cyanide)	मि.ग्रा./लिटर	०.०७	-	-
	फ्लोराइड(Fluoride)	मि.ग्रा./लिटर	०.५-१.५	-	०.५६
	शीशा(Lead)	मि.ग्रा./लिटर	०.०१	-	-
	अमोनिया(Ammonia)	मि.ग्रा./लिटर	१.५	-	<०.२
	क्लोराइड(Chloride)	मि.ग्रा./लिटर	२५०	-	२००
	सल्फेट (Sulphate)	मि.ग्रा./लिटर	२५०	-	-
	नाइट्रेट(Nitrate)	मि.ग्रा./लिटर	५०	-	०
	तामा(Copper)	मि.ग्रा./लिटर	१	-	-
	कुल कडापन(Total Hardness)	मि.ग्रा./लिटर	५००	३२०	३००
	क्याल्सीयम(Calcium)	मि.ग्रा./लिटर	२००	-	०
	जस्ता(Zinc)	मि.ग्रा./लिटर	३	-	-
	पारो(Mercury)	मि.ग्रा./लिटर	०.००१	-	-
	आलुमिनियम(Aluminium)	मि.ग्रा./लिटर	०.२	-	-
	क्लोरिन अवशेष (Residual Chlorine)	मि.ग्रा./लिटर	०.१-०.२ (क्लोरिन प्रयोग हुने प्रणालीहरुको लागि मात्र)	-	०
सूक्ष्म जैविक	इ-कोली (E-Coli)	MPN/100ml	०	-	०
	कुल कोलिफर्म (Total Coliform)	MPN/100ml	०(९५ प्रतिशत नमूनामा)	-	०

विश्वविद्यालय अनुदान आयोगको कार्यसम्पादन

परिचय

१. **पृष्ठभूमि** - विदेशी विश्वविद्यालयसँगको सम्बन्धको सट्टा राष्ट्रिय विश्वविद्यालयको माध्यमबाट उच्च शिक्षा सञ्चालन गर्नुपर्ने आवश्यकता महशुस गरी तत्कालीन सरकारबाट वि.सं. २००९ मा गठित शिक्षा समितको सिफारिसमा वि.सं. २०११ मा राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यसै आयोगको सुझावअनुसार वि.सं. २०११ मा नेपालमा कलेज अफ एजुकेशन नामक शैक्षिक संस्था स्थापना भयो । यस संस्थालाई पछि विश्वविद्यालयको अङ्ग हुने गरी शिक्षा स्नातकको उपाधि दिने अधिकार प्रदान भयो । त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ अनुसार २०१६ साल आषाढ ३० गते नेपालको पहिलो विश्वविद्यायको रुपमा त्रिभुवन विश्वविद्यालय स्थापना भएपछि नेपालमा उच्च शिक्षाको विकास क्रमले औपचारिक स्वरुप प्राप्त गरेको थियो । त्रिभुवन विश्वविद्यालयमा रहेका संस्कृत अध्ययन संस्थालाई समेटी २०४३ सालमा महेन्द्र संस्कृत विश्वविद्यालय ऐन अन्तर्गत दोस्रो विश्वविद्यालयको स्थापना भयो ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले उच्च शिक्षाको अवसर देशका सबै क्षेत्रका व्यक्तिलाई उपलब्ध गराउन त्रिभुवन विश्वविद्यालयलाई विकेन्द्रित गरी त्रि.वि. का आङ्गिक क्याम्पसहरु र निजी क्याम्पसहरुलाई एकीकृत गरेर पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलमा एक एक तथा मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलका लागि एक गरी कम्तिमा चार विश्वविद्यालय खोल्नुपर्ने सुझाव दियो । यसै प्रतिवेदनले भविष्यमा एउटा खुल्ला विश्वविद्यालय समेत स्थापना गर्नुपर्ने गरी उच्च शिक्षामा बहुविश्वविद्यालयको अवधारणाको शुरुवात गरेको थियो । प्रतिवेदनले बहुविश्वविद्यालयको अवधारणा कार्यान्वयन गराई उच्च शिक्षामा सरकारी अनुदानको वितरण तथा नियमन र शिक्षाको स्तरमा एकरुपता कायम गर्न विश्वविद्यालय अनुदान आयोगको गठन गर्नुपर्ने सुझाव दियो । सो सुझावअनुसार २०५० साल मंसिर ७ गते विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० संसदबाट पारित भई २०५१ श्रावणमा आयोग गठन भएपछि आयोगको सचिवालय स्थापना भयो।

२. **निकायको परिचय** - विश्वविद्यालयको सञ्चालन तथा विकासका लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकम समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयको शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिनेसम्बन्धी कार्य गर्न विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० अन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्थापना २०५१ मा भएको हो। आयोग अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा रहेको छ । आयोगमा ख्याति प्राप्त शिक्षाविद्हरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेको अध्यक्ष सहित ११ सदस्य रहने व्यवस्था छ। अनुदान आयोग ऐन, २०५० को दफा ६ ले विश्वविद्यालय अनुदान आयोगको प्रमुख काम कर्तव्य देहायबमोजिम तोकेको छः

(क) विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने।

(ख) विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरुलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने।

(ग) विश्वविद्यालयहरुलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरुको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने।

(घ) विश्वविद्यालयहरुमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरुबीच समन्वय कायम गराउने।

(ङ) शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने।

(च) विश्वविद्यालयहरुमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

(छ) नेपाल भित्र तथा बाहिरका विश्वविद्यालय वा शैक्षिक संस्थाहरु बीच छात्रवृत्ति, विद्वतवृत्ति आदि आदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

(ज) विश्वविद्यालयहरुबीच समन्वय कायम गर्ने।

(झ) आयोगको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने।

(ञ) आयोगको उद्देश्य पूर्तिका लागि तोकिएबमोजिमका अन्य कामहरु गर्ने ।

३. **नीतिगत व्यवस्था** - शिक्षा नीति, २०७६ तथा आवधिक योजनाहरूमा उल्लेखित देहायका व्यवस्थाहरू विश्वविद्यालय अनुदान आयोगको काम कर्तव्यसँग सम्बन्धित रहेका छन् ।

३.१. नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७६।७।१८ मा स्वीकृत राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेखित देहायका व्यवस्थाहरू विश्वविद्यालय अनुदान आयोगसँग सम्बन्धित रहेका छन्

- उच्च शिक्षा प्रदायक संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यामान कानुनी तथा संस्थागत संयन्त्रको पुनर्संरचना गर्ने ।
- हाल सञ्चालनमा रहेका विश्वविद्यालयमध्ये इच्छुक विश्वविद्यालयलाई प्रदेशसँग समन्वय गरी प्रादेशिक विश्वविद्यालयमा सञ्चालन गर्न अधिप्रेरित गर्ने ।
- विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरुलाई सार्वजनिक, सामुदायिक र निजी संस्थाको रुपमा विकास गर्दै सञ्चालनमा रहेका विश्वविद्यालयमध्ये इच्छुक विश्वविद्यालयलाई प्रदेशसँग समन्वय गरी प्रादेशिक विश्वविद्यालयको रुपमा सञ्चालन गर्न प्रेरित गर्ने ।
- उच्च शिक्षा प्रदायक संस्थाहरुको गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई राष्ट्रिय आवश्यकता एवं अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरुप हुनेगरी सान्दर्भिक बनाउने ।
- उच्च शिक्षाको नीति निर्देशन गर्ने, विश्वविद्यालयलाई निर्देशन दिने, विश्वविद्यालय अनुदान आयोगलाई मार्गदर्शन गर्ने लगायतका कार्य गर्नका लागि प्रधानमन्त्रीको अध्यक्षतामा विश्वविद्यालय तथा उच्च शिक्षा परिषद गठन गर्ने ।
- गुणस्तर सुनिश्चितता एवं प्रत्यायन गर्ने, विश्वविद्यालयहरुलाई आवश्यक समन्वय गर्ने, समकक्षता निर्धारण गर्ने लगायतका कार्यका लागि विश्वविद्यालय अनुदान आयोगलाई सबल बनाइने ।
- पर्यटन, उद्योग, खेलकुद, जडिबुटीसँग सम्बन्धित विभिन्न विषयको पठनपाठनमा जोड दिँदै ती क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न मानित विश्वविद्यालय स्थापना गर्ने व्यवस्था मिलाइने ।
- सामान्यतया विश्वविद्यालयलाई सम्बन्धन नदिने संस्थाको रुपमा विकास गर्दै लगिने । सम्बन्धन दिनुपर्ने अवस्थामा विश्वविद्यालय अनुदान आगोगको पूर्वस्वीकृतिमा औचित्य पुष्ट्याई सहित सम्बन्धन प्रदान गर्न सकिने गरी प्रभावकारी रुपमा नियमन गिरने ।
- विद्यार्थी संख्या ज्यादै कम भएका क्याम्पस शिक्षण संस्थालाई मर्जरमा लैजानुका साथै जनशक्तिको उत्पादनमूलक ढङ्गले व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

- अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गर्ने ।
- विद्यार्थी वित्तीय सहायता तथा छात्रावृत्ति व्यवस्थापनका लागि आवश्यक कानुनी व्यवस्था मिलाइने।

३.२. पन्ध्रौं योजना (२०७६/७७- २०८०/८१) ले विकासको आधारको रुपमा रहेको उच्च शिक्षालाई वैज्ञानिक, व्यवसायिक, सिपमूलक र रोजगारमूलक बनाउन शिक्षामा राज्यको लगानी अभिवृद्धि गरी निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले योजनामा उल्लेखित उच्च शिक्षासम्बन्धी रणनीति निम्न छन् :

- विश्वविद्यालय शिक्षालाई अनुसन्धानमा आधारित वनाई ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउने जनशक्ति उत्पादनमा केन्द्रित गर्ने ।
- शिक्षण पेशामा दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय अन्तर्गतका संकायहरु तथा तालिम प्रदायक संस्थाको पुनर्संरचना गर्ने ।
- उच्च शिक्षा नीति अनुरुप विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगका रुपमा पुनः संरचना गरी उच्च शिक्षाको सुधार र विकासका लागि क्रियाशिल बनाउने ।
- उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आवद्ध गरी गुणस्तर सुधारका लागि गुणस्तर प्रत्यायन सुनिश्चितता गरिने । यसका लागि एक गुणस्तर निर्धारण तथा प्रत्यायन प्राधिकरण रहने ।
- उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि शैक्षिक प्रमाणमत्र धितोमा राखी सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिने ।
- उच्च शिक्षामा वैकल्पिक पहुँचका लागि खुला विश्वविद्यालय स्थापना गर्ने ।

४. **कानुनी व्यवस्था** - विश्वविद्यालय अनुदान आयोगको काम कर्तव्य व्यवस्थित गर्न देहायका ऐन नियम तथा कार्यविधिहरू रहेका छन् :

- विश्वविधालय अनुदान आयोग ऐन, २०५०
- विश्वविधालय अनुदान आयोग आर्थिक व्यवस्था नियमावली, २०६०
- विश्वविधालय अनुदान आयोग कर्मचारी नियमावली, २०६०
- विश्वविधालय अनुदान आयोग कार्य व्यवस्था नियमावली,२०६०
- शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

५. **संगठन संरचना र जनशक्ति** - विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा १२ अनुसार अध्यक्ष पुरा समय काम गर्ने पदाधिकारी हुने र दफा १३ अनुसार सचिवले आयोगको दैनिक कार्य सञ्चालन गर्ने व्यवस्था छ । नियमिततर्फ प्रशासन, आर्थिक प्रशासन, योजना तथा कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धान र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखा रहेको छ । आयोग अन्तर्गत सञ्चालित उच्च शिक्षा सुधार परीयोजनाको कार्य समेत यिनै महाशाखा समेतको समन्वयमा हुदै आएको छ । आयोग अन्तर्गत विश्वविद्यालय समन्वय समिति, उच्च शिक्षा सुधार स्टेरिङ्ग कमिटि, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन समिति, अनुसन्धान मूल्याङ्कन समिति, गुणस्तर सुनिश्चितता तथा

प्रत्यायन टेक्निकल कमिटि र प्राज्ञिक समिति रहेको छ । विश्वविद्यालय अनुदान आयोगको संगठन संरचना देहायअनुसार रहेको छः



६. **कार्यक्रम र प्रगति** - आयोगको प्रमुख काम कर्तव्य विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने, विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरुलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने, अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरुको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने, विश्वविद्यालयहरुमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरुबीच समन्वय कायम गराउने, शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने, विश्वविद्यालयहरुमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, नेपाल भित्र तथा बाहिरका विश्वविद्यालय वा शैक्षिक संस्थाहरुबीच छात्रवृत्ति, विद्वतवृत्ति आदि आदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने रहेको छ । उपरोक्त जिम्मेवारी पुरा गर्न आयोगले विगत ३ वर्षमा सञ्चालन गरेको क्रियाकलापहरू देहायबमोजिम रहेका छन् :

(रु. हजारमा)

क.स.	क्रियाकलाप	२०७४।७५	२०७५।७६	२०७६।७७
१	**संस्थागत बिकास अनुदान**	**९,६३९,२५५.९१**	**१०,६००,४८६.००**	**१२,५५०,९९८.००**
	• विश्व विध्यालयहरूलाई अनुदान	-	१,२४९,७३८.००	१,४४३,४८०.००
	• नियमित अनुदान	३१९,२९१.०३	३७७,०८४.१५	३८३,४३७.९९
	• भौतिक सुविधा विकास	१३२,९५०.००	९१,२५०.००	२१६,४५०.००
	• पुस्तकालय सुदृढीकरण र उपकरण खरिद	६०,५६५.००	५३,६५०.००	२६,५५०.००
	• बिशेष अनुदान	१,२००.००	-	१,६००.००
	• विशेष छात्रावृत्ति	५,१०३.३५	११,३२६.५०	११,१५४.६४
२	**गुणस्तर सुधार कार्यक्रम**	**२९६१९.७९**	**२३५७३.०१**	**१४२५१.९९**
	• फेलोसिप (पिएचडि, एमफिल, पोष्ट डक्टरेट)	२६४१.४५	१,०४९.९५	१८४.००
	• थेसिस तयारी	५८२.५	३६.५०	२३०.००
	• रिफ्रेसर कोर्ष, क्षमता विकास	२२,३९०.२३	१३,८१०.१३	४,३३९.९२
	• भ्रमण अनुदान, अध्ययन भ्रमण	४००५.६०७	८,६७६.४३	९,४९८.०७
३	**गुणस्तर अश्वस्तता र एक्रिडीयसन**	**४५४५०**	**२९१८०**	**१४१२००**

७. **वित्तीय व्यवस्था** - आयोगलाई नेपाल सरकारबाट विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थालाई निकासा दिनुपर्ने रकम र उच्च शिक्षा सुधार परीयोजना अन्तर्गत कार्यक्रमहरू सञ्चालन गर्न रकम प्राप्त हुने गरेको छ । आयोगमार्फत विभिन्न विश्वविद्यालय, सम्बन्धन प्राप्त क्याम्पस, आयोगबाट सञ्चालित उच्च

शिक्षा सुधार परियोजना तथा नियमित कार्यक्रममा खर्च गर्ने गरी २०७६।७७ मा ६५ क्रियाकलाप सञ्चालन गर्न रु.१६ अर्ब ४६ करोड १४ लाखको कार्यक्रम स्वीकृत भएको छ । उक्त कार्यक्रममध्ये नेपाल सरकारको स्रोतबाट रु.१५ अर्ब ४१ करोड १४ लाख र वैदेशिक स्रोतबाट रु.१ अर्ब ५ करोड बजेट व्यवस्थापन भएको छ । आयोगको विगत ३ वर्षको आम्दानी तथा खर्च देहायबमोजिम रहेको छः

(रु.हजारमा)

विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७
आयतर्फः	**१०५२८९९७.००**	**१५००३६३१.००**	**१८२५२१५८.००**
अनुदान प्राप्त	१०४४६७७१.००	१४८३६३००.००	१८०४१९९८.००
विविध आय	८२२२६.००	१६७३३१.००	२१०१६०.००
व्ययतर्फ :	**१११७६१४२**	**१३३८७३३३**	**१६१८२७५५**
अनुदान वितरण	१०१५४४६२.००	१२३७२२०८.००	१४६२२५१६.००
कार्यालय सञ्चालन	२९५९१.००	३०४३६.००	३३३६५.००
छात्रवृत्ति कार्यक्रम	६४२२.००	११३२७.००	१११५५.००
गुणस्तर सुधार कार्यक्रम	३०५०९.००	२३६१०.००	१४२५२.००
उच्च शिक्षा सुधार परीयोजना खर्च	९५५१५८.००	९४९७५२.००	१५०१४६७.००

८. **विषय छनौटको औचित्य** - नेपालको संविधानको भाग ५१(ज) मा उच्च शिक्षालाई सहज र गुणस्तरीय बनाउने उल्लेख छ । पन्ध्रौं योजनाले अनुसन्धानमा आधारित उच्च शिक्षा, उच्च शिक्षामा गुणस्तर आश्वस्तता तथा प्रत्यायन, विश्वविद्यालय अनुदान आयोगको पुनसंरचना जस्ता नीति लिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले मानित विश्वविद्यालय सहितको उच्च शैक्षिक संस्थाको वर्गीकरण, क्याम्पसलाई सञ्चालन तथा संस्थागत स्वायत्तता, जनसंख्या, सहरीकरण तथा क्षेत्रको आधारमा विश्वविद्यालय स्थापना जस्ता क्षेत्रमा कार्य गर्ने रणनीति तयार गरेको छ । उच्च शिक्षा क्षेत्रको कार्यान्वयन तथा नियामक निकायको रुपमा विश्वविद्यालय अनुदान आयोग रहेकोले यसको कार्यसम्पादनले उच्च शिक्षाको गुणस्तरियता, स्तरोन्नती एवं विकासमा अहम भूमिका निर्वाह गर्ने हुँदा यो विषय कार्यमूलक लेखापरीक्षणको लागि छनौट गरिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उद्देश्य** - विश्वविद्यालय अनुदान आयोग ऐनले आयोगलाई तोकेको काम कर्तव्यको सम्पादन दक्षातापूर्ण तबरले गरे नगरेको मूल्याङ्कन गर्नु लेखापरीक्षण प्रमुख उद्देश्य रहेको थियो । यसका लागि लेखापरीक्षण देहाय विषयहरूमा केन्द्रित रहेको छः

- एकीकृत उच्च शिक्षा कानुन तथा बहु तथा मानित विश्वविद्यालय सम्बन्धमा आयोगले हालसम्म गरेका अध्ययन र प्रयासको विश्लेषण गर्नु ।
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायन साथै प्राज्ञिक र संस्थागत स्वायत्तताका क्षेत्रमा भएका प्रगति विश्लेषण गर्नु ।
- नयाँ शैक्षिक संस्थालाई सम्बन्धन दिने सम्बन्धमा रहेको नीति तथा क्याम्पसगत रुपमा विद्यार्थी भर्ना, ग्रेजुएट अवस्था र शिक्षक संख्याको अवस्था विश्लेषण गर्नु ।
- शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा एवं विश्वविद्यालयहरुमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा भएको प्रगति मूल्याङ्कन गर्नु ।

१०. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणमा आयोगको विगत ३ वर्षको क्रियाकलापलाई समेटिएको छ । उच्च शिक्षाको विकासका लागि आयोगले व्यवहारमा ल्याएका अनुदान निकासा पद्धति, गुणस्तर सुधार सम्बन्धमा गरेका कार्यहरु, नीतिगत व्यवस्थापनका लागि गठन गरेका कार्यदलहरु र तिनका सुझावहरु, आयोगद्वारा सञ्चालित उच्च शिक्षा सुधार परियोजनाका कार्यक्रममा भएको निकासा प्रक्रिया, अनुगमन व्यवस्था जस्ता आयोगको कार्य सम्पादनसँग सम्बन्धित प्रत्यक्ष प्रभाव पार्ने विषय लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ ।

११. **लेखापरीक्षण पद्धति** - तथ्याङ्क सङ्कलन तथा विश्लेषणका लागि देहायको पद्धति अङ्गिकार गरिएको थियो ।

११.१. यो लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन ईन्टोसाईद्वारा जारी गरिएको कार्यमूलक लेखापरीक्षणका मानदण्डहरु ईसाइ ३००० र कार्यालयबाट जारी गरिएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ अनुसार सञ्चालन गरिएको थियो।

११.२. लेखापरीक्षणको उदेश्य हासिल गर्नका लागि लेखापरीक्षणमा प्रक्रियामूलक र नतिजामूलक पद्धतिको अवलम्बन गरी पहिचान भएका जोखिम क्षेत्रका आधारमा तात्विक महत्वका विषयहरू निर्धारण गरी तिनलाई पुष्ट्याई गर्न सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीहरूसँग सोधपुछ, छलफल गर्नुका साथै थप पुष्ट्याईका लागि विवरण सङ्कलन, संरचित अन्तरवार्ता, प्रश्नावलीको आदि माध्यमबट सूचना र तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गरिएको छ । यसको साथै कार्यमूलक लेखापरीक्षणको लागि स्थलगत निरीक्षण, अवलोकन, निकायको अभिलेख अध्ययन तथा विश्लेषण गरिएकोछ । आयोगको गतिविधि तथा क्रियाकलापसँग आवद्ध कागजात तथा तथ्याङ्क सङ्कलन गरी अध्ययन गरिएको छ । अध्ययनबाट देखिएका आधारमा जोखिम मूल्याङ्कन गरी तात्विक महत्वका विषय पहिल्याउन आयोगका निर्देशनालयहरुसँग शाखागत रुपमा छलफल तथा अन्तरक्रिया गरिएको छ । आयोगबाट सञ्चालित गुणस्तर आश्वस्थता तथा प्रत्यायन कार्यक्रम, सञ्चालन तथा संस्थागत स्वायत्तता कार्यक्रम, उच्च शिक्षा सम्बन्धित छाता कानुन, मानित विश्वविद्यालयको अवधारणा विकासमा भएको प्रगति जस्ता विषय विश्लेषण गर्न नतिजामूलक पद्धति अङ्गिकार गरिएको छ । साथै विद्यार्थी वित्तीय सहयोग कार्यक्रम, नयाँ शैक्षिक संस्थाको सम्बन्धन प्रक्रिया, आयोगको अनुगमन तथा मूल्याङ्कनको संस्थागत क्षमता जस्ता विषयमा प्रक्रियामूलक पद्धति अवलम्बन गरी प्राप्त तथ्यको विश्लेषणबाट प्रतिवेदन तयार गरिएको छ ।

१२. **लेखापरीक्षणको सिमितता** - प्राप्त सूचना, अभिलेख, विवरण तथा सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ । आवश्यक सूचनाको प्राप्तिमा कठीनाई, समयसीमा, संलग्न जनशक्ति लगायत उपलव्ध स्रोतसाधन आदि यसका सिमितता रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

विश्वविद्यालयहरुलाई नेपाल सरकारबाट प्राप्त हुने अनुदान त्रैमासिक निकासा प्रदान गर्ने, सामुदायिक क्याम्पसहरुलाई पूर्वाधार विकास, पुस्तक खरिद, फर्निचर खरिद जस्ता क्षेत्रमा भौतिक विकास अनुदानका साथै नियमित अनुदान प्रदान गर्ने, सामुदायिक तथा विश्वविद्यालयका आँगिक क्याम्पसलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन क्षमता विकास गर्न सहयोग गर्ने, विद्यार्थी वित्तीय सहयोग कोष मार्फत जेहेन्दार र विपन्न विद्यार्थीलाई शैक्षिक उपाधि हासिल गर्न सहयोग गर्ने, संस्थागत तथा प्राज्ञिक स्वायत्ततामा जान चाहने क्याम्पसलाई प्रोत्साहित गर्दै क्षमता विकास अनुदान उपलब्ध गराउने, अध्यापन कार्यमा संलग्न जनशक्तिको शैक्षिक तथा प्राज्ञिक क्षमता सुदृढ गर्न एम.फिल, पि.एच.डि, लघु अनुसन्धान जस्ता विधामा सहयोग उपलब्ध गराउने जस्ता कार्यहरु मार्फत आयोगले उच्च

शिक्षाको विकासको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउदै आएको छ । आयोगको कार्यसम्पादनका सम्बन्धमा सञ्चालित कार्यक्रमहरुको मूल्याङ्कन गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :

१३. **रणनीतिक योजना** - विश्वविद्यालय अनुदान आयोगको उद्देश्य नेपालमा विश्वविद्यालयको सञ्चालन तथा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकमको समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयमा शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने रहेको छ। विश्वविद्यालय अनुदान आयोगले संस्थाको उद्देश्य प्राप्त गर्न दीर्घकालीन तथा अल्पकालीन लक्ष्यहरु किटान गरी समय सीमा सहितको रणनीतिक योजना तयार गरी लागु गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास रही आएको छ । यस सम्बन्धमा आयोगले अपनाएको अभ्यासमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१३.१. अनुदान आयोग जस्ता संस्थाहरुले रणनीतिक योजना तथा पञ्चवर्षीय योजनाको नामबाट दीर्घकालीन योजना तयार गरी कार्यान्वयनमा ल्याउने गरेको देखिन्छ । विश्वविद्यालय अनुदान आयोग, श्रीलंकाले सन् २०१९ देखि २०२३ का लागि रणनीतिक योजना बनाई कार्यान्वयन गरेको छ। यसैगरी भारतमा अनुदान आयोगले शिक्षाको समावेशी तथा गुणस्तरिय प्रशार नाम दिइ पञ्चवर्षीय योजना तयार गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ । नेपालमा विश्वविद्यालयको सञ्चालन तथा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकमको समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयमा शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न वि.सं. २०५० मा विश्वविद्यालय अनुदान आयोग स्थापना भएपनि स्थापनाको २७ वर्ष व्यतित हुँदा समेत आयोगको उदेश्य पुरा गर्न आवधिक लक्ष्यहरू, लक्ष्यहरू पुरा गर्न क्रियाकलापहरू र रणनीति सहितको रणनीतिक योजना तयार गरेको देखिएन ।

१३.२. आयोगले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन रणनीतिक योजना (२०२०-२०२९) को मस्यौदा तयार गरेको र स्वीकृत गर्ने प्रक्रियामा रहेको व्यहोरा अवगत गराएको छ । तर यो योजनाको कार्यान्वयन अवधि १ वर्ष व्यतित भईसक्दा पनि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

१३.३. आयोगले अनुदानका लागि इच्छुक सामुदायिक क्याम्पससँग रणनीतिक योजना माग गर्दा आयोगको रणनीतिक योजनासँग आवद्ध हुनेगरी माग गर्नुपर्नेमा आयोग स्वयंको रणनीतिक योजना नहुँदा सो अनुरुप भएको पाइएन ।

१३.४. अनुदान आयोगले संस्थागत विकास अनुदान, गुणस्तर सुधार कार्यक्रम, गुणस्तर अश्वस्तता र एक्रिडीयसन अन्तर्गत सालबसाली रूपमा देहायबमोजिमका कार्यहरू गर्दै आएको छ :

- संस्थागत विकास अनुदान अन्तर्गत आयोगले विश्वविध्यालयहरूलाई, भौतिक सुविधा विकास, पुस्तकालय सुदृढीकरण र उपकरण खरिद, विशेष अनुदान, नियमित अनुदान प्रदान गर्ने गरेको छ। आयोगले विश्वविध्यालयहरूलाई २०७४।७५ मा रू.९ अर्ब ६३ करोड ९२ लाख, २०७५।७६ मा रू.१२ अर्ब ३७ करोड २२ लाख २०७६।७७ मा रू.१४ अर्ब ६२ करोड २५ लाख अनुदान निकासा गरेको छ ।
- गुणस्तर सुधार कार्यक्रम अन्तर्गत आयोगले फेलोसिप (पिएचडि, एमफिल, पोष्ट डक्टरेट), थेसिस तयारी, अनुसन्धान, रिफ्रेसर कोर्ष, क्षमता विकास कार्यक्रम, शिक्षण, अध्ययन भ्रमण, वर्कसप, सेमिनार कन्फ्रेन्स, अनुसन्धान पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको छ। विगत ३ वर्षमा गुणस्तर सुधार कार्यक्रममा देहायबमोजिम खर्च गरेको छः

(रू.हजारमा)

विवरण	२०७४।७५	२०७५।७६	२०७६।७७
फेलोसिप (पिएचडि, एमफिल, पोष्ट डक्टरेट), थेसिस तयारी, अनुसन्धान,	२६४१	१०४९	१८४

थेसिस तयारी, अनुसन्धान,	५८२	३६	२३०
रिफ्रेसर कोर्ष, क्षमता विकास	२२३९०	१३८१०	४३४०

- गुणस्तर अश्वस्तता र एक्रिडीयसन अन्तर्गत आयोगले आशयपत्र प्राप्त गर्ने, स्वमूल्याङ्कन प्रतिवेदन, समकक्षी पुनरावलोकन, गुणस्तर प्रत्यायन प्रमाणपत्र, पुनः प्रत्यायनका कार्यहरू गर्दै आएको छ । आयोगले गुणस्तर आश्वस्तता र एक्रिडीयसन कार्यक्रममा २०७४।७५ मा रू.२ करोड ९६ लाख, २०७५।७६ मा रू.२ करोड ३५ लाख ७३ हजार २०७६।७७ मा रू.१ करोड ४२ लाख ५२ हजार खर्च गरेको छ ।

  विगत ३ वर्षको खर्चको बिश्लेष्ण गर्दा गुणस्तर सुधार र गुणस्तर आश्वस्तता कार्यक्रममा क्रियाकलापहरू घट्दै गएको देखिन्छ । आयोगले उपरोक्त क्रियाकलापहरूमा विगत ३ वर्षमा प्रत्येक वर्ष रु.१३ अर्ब ३८ करोडदेखि रु.१६ अर्ब १८ करोड निकासा एवं खर्च गरेको भए तापनि रणनीतिक योजना तयार नगरेकोले आयोगबाट नियमित रूपमा सञ्चालन गरेका क्रियाकलापहरू आयोगको उदेश्य प्राप्त गर्न प्रयाप्त थिए वा के कस्तो कार्यक्रम र सुधारको आवश्यकता थियो भन्ने मूल्याङ्कन आयोगबाट हुनसकेन । साथै उपलव्ध सवै श्रोत साधनहरू आयोगको उदेश्य पुरा गर्नेतर्फ अधिकतम उपयोग भएका छन भनी सुनिश्चित हुने अवस्था छैन । अन्तर्राष्ट्रिय असल अभ्यास तथा सार्क सदस्य मुलुकका समान किसिमका निकायले गरेका अभ्यास समेतलाई दृष्टिगत गर्दै आयोगले रणनीतिक योजना तयार गरी आयोगका कार्यक्रमलाई उद्देश्य लक्षित हुनेगरी व्यवस्थित गर्नुपर्दछ ।

१४. **विश्वविद्यालय अनुदान आयोग ऐन** - राष्ट्रिय शिक्षा नीति, २०७६ को १४ (घ)ले उच्च शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि साविकको विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० लाई सुदृढीकरण गर्ने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ को प्रभावकारी कार्यान्वयनका लागि विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० परिमार्जन गर्नुपर्ने आवश्यकता राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख गरिएको छ । वहुविश्वविद्यालयको अवधारणा अनुरुप मुलुकमा विभिन्न समयमा देहायअनुसारका १० विश्वविद्यालय स्थापना भई सञ्चालनमा रहेका छन् ।

क्र.स.	विश्विद्यालयको नाम	स्थापना वर्ष	क्र.स.	विश्विद्यालयको नाम	स्थापना वर्ष
१	त्रिभुवन विश्वविद्यालय	२०१६	६	कृषि तथा वन विश्वविद्यालय	२०६३
२	काठमाण्डौ विश्वविद्यालय	२०४८	७	मध्य पश्चिमाञ्चल विश्वविद्यालय	२०६७
३	पूर्वाञ्चल विश्वविद्यालय	२०५०	८	सुदुर पश्चिमाञ्चल विश्वविद्यालय	२०६७
४	पोखरा विश्वविद्यालय	२०५३	९	नेपाल खुला विश्वविद्यालय	२०७३
५	लुम्विनी वौद्ध विश्वविद्यालय	२०६३	१०	राजर्षी जनक विश्वविद्यालय	२०७४

उपरोक्त विश्वविद्यालयहरु छुट्टाछुट्टै 'विश्वविद्यालय ऐन अन्तर्गत स्थापना र सञ्चालन हुँदै आएका छन । फरक ऐन अन्तर्गत स्थापना भएका विश्वविद्यालयहरू स्वायत्त संस्थाको रूपमा रहेका छन् । विश्वविद्यालयहरूलाई अनुदान आयोगले प्रत्येक वर्ष रु.१० अर्बभन्दा बढी निकासा दिने भए तापनि कानुनी व्यवस्थाको कमीका कारण निकासा गरेको अनुदानको उपयोग सम्बन्धमा अनुगमन एवं मूल्याङ्कन गर्नसकेको छैन । विश्वविद्यालय अनुदान आयोगको काम विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने, विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरुलाई प्रदान गर्ने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरुको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने मानै सिमित रहेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले उच्च शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि साविकको विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० लाई

सुदृढीकरण गर्ने उल्लेख गरेको तापनि विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० परिमार्जन गर्ने कार्य शुरू गरिएको छैन । तथापि शिक्षा मन्त्रालयले उच्च शिक्षासम्बन्धी कानुनलाई संसोधन र एकीकरण गरी उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न तयार गरेको उच्च शिक्षा विधेयक, २०७६ संसद छलफलमा रहेको छ । प्रस्तावित ऐनले आयोगले उच्च शिक्षण संस्थाहरूको अनुगमन, मूल्याङ्कन र नियमन गर्नसक्ने व्यवस्था गरेको छ । तर मस्यौदा तयार भएको २ वर्ष बितिसक्दा समेत यस सम्बन्धमा ऐन बन्न सकेको छैन । सरोकारवाला निकायहरुबीच समन्वय गरी आवश्यक कानुन व्यवस्था गरी विश्वविद्यालयहरूको नियमन प्रभावकारी बनाउनुपर्दछ ।

१५. **मानित विश्वविद्यालय** - राष्ट्रिय शिक्षा नीति, २०७६को रणनीति १०.१४.७ मा पर्यटन, उद्योग, खेलकुद, जडिबुटीसँग सम्बन्धित विभिन्न विषयको पठनपाठनमा जोड दिँदै ती क्षेत्रका आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न मानित विश्वविद्यालय स्थापना गर्ने व्यवस्था मिलाइने उल्लेख गरेको छ । विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को नियम ६ मा विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने कार्य आयोगको काम कर्तव्य र अधिकार अन्तर्गत उल्लेख गरेको छ। नयाँ स्थापित हुने विश्वविद्यालयलाई संस्थागत र पूर्वाधारयुक्त बनाउन मानित विश्वविद्यालयको अवधारणा कार्यान्वयनका लागि सिफारिस गर्न विश्वविद्यालय अनुदान आयोगको २०६९/०४/२७ को निर्णय नं ९९५ बाट मानित विश्वविद्यालय सम्भाव्यता अध्ययन कार्य टोली गठन गरेकोमा टोलीले २०७२ मा मात्र कार्यारम्भ गरी सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७२ पेश गरेको छ। प्राज्ञिक, शैक्षिक र आर्थिक पूर्वाधार भएका क्याम्पसहरुले मानित विश्वविद्यालयको मान्यता प्राप्त गरेपछि पाठ्यक्रम, पठन पाठन, परीक्षा र प्रमाणपत्र प्रदान गर्ने जस्ता विश्वविद्यालय मार्फत गर्ने कार्य आफै गर्न सक्दछन् । यस्तो विश्वविद्यालय शैक्षिक र प्रशासनिक विषयमा स्वायत्त हुन्छ भने प्राज्ञिक र नीतिगत विषय उच्च शिक्षा आयोग जस्तो नियामक निकायको निर्देशनमा सञ्चालन हुन्छ । यस्तो शैक्षिक संस्थाले सम्बन्धन दिन नपाउने व्यवस्था रहेको छ । मानित विश्वविद्यालयसम्बन्धी अन्तर्राष्ट्रिय प्रचलनअनुसार मानित विश्वविद्यालय जान चाहने संस्थाले आफ्नो क्षेत्रमा नमुनाका रुपमा लिन सकिने गुणस्तरको कलेज वा क्याम्पस सञ्चालन गरेको हुनुपर्दछ । मानित विश्वविद्यालयको अवधारणा राम्रो भएको र विश्वमा बेलायत, भारत, जस्ता मुलुकमा समेत यो अवधारणा सफलतापूर्वक कार्यान्वयन भएको छ । भारतमा विश्वविद्यालय अनुदान आयोग ऐन, १९५६ को सेक्सन ३ ले उच्च शैक्षिक संस्थालाई मानित विश्वविद्यालय तहमा स्तरोन्नति गर्न सकिने व्यवस्था गरेअनुसार १३० मानित विश्वविद्यालय खुलेकोमा २०१० मा संस्थागत रुपमा सञ्चालन नभई कम्पनी र पारिवारिक सम्पत्ति सरह सञ्चालन भएकोले ४४ मानित विश्वविद्यालयलाई खारेज गरेको देखिन्छ ।

आयोगद्वारा गठित अध्ययन टोलीले मानित विश्वविद्यालय सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७२ मा दिएका सुझाव समेतलाई उच्च शिक्षा विधेयक, २०७६ मा समेटी कानुनी प्रारुप तयार गर्ने चरणमा रहेको छ । यसले मानित विश्वविद्यालयमा स्तरोन्नती हुन चाहने शैक्षिक संस्थाको जग्गा जमिन, भवन, छात्रावास, भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, शिक्षक वा प्राध्यापक, कर्मचारी क्षमता, विद्यार्थी संख्या, कोष जस्ता विषयमा मापदण्ड निर्धारण गरेको छ । यसका अतिरिक्त स्थापना हुने मानित विश्वविद्यालय सक्षम ट्रष्टीद्वारा सञ्चालन गर्नुपर्ने प्रावधान रहेको छ । नेपालको परिप्रेक्षमा सक्षम सामुदायिक एवं निजी कलेज तथा क्याम्पसहरु मानित विश्वविद्यालयमा रुपान्तरण हुन आकर्शित हुनसकेको छैन । २०७२ मा अध्ययन प्रतिवेदनले सुझाएको र विधेयक समेत पारित हुने स्थितिमा पनि आयोगले यसको उपादेयता प्रवर्द्धन गरी मानित विश्वविद्यालयको स्थापनामा नियमन गर्नसकेको छैन । हालसम्म मानित विश्वविद्यालयमा रुपान्तरण हुन एक कलेजले इच्छा जाहेर गरेपनि स्पष्ट कानुनको अभावमा स्वीकृति प्राप्त गरेको छैन ।

ट्रस्टीद्वारा सञ्चालन गर्ने अवधारणाले गर्दा निजी क्षेत्र आकर्शित हुन नसकेको र सामुदायिक कलेज क्याम्पसमा ट्रष्टी जुटाउन नै समस्या भएको जानकारीमा आएको छ । यस अवधारणाबाट पर्यटन, उद्योग, खेलकुद, जडिबुटीसँग जस्ता क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति पुरा गर्न योगदान पुऱ्याउने हुँदा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएबमोजिम मानित विश्वविद्यालयमा स्थापना सम्बन्धमा शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयबाट आवश्यक कानुनी व्यवस्था गर्नुपर्दछ।

१६. **सम्बन्धन** - आयोगको २०७४ वैशाख ४ गतेको निर्णयबाट संघीयतामा उच्च शिक्षाको स्वरुप, सञ्चालन, व्यवस्थापन तथा नियमनसम्बन्धी कार्यलाई व्यवस्थित गरी उपयुक्त संरचनागत स्वरुप स्थापित गर्ने सम्बन्धमा सुझाव दिन विज्ञहरुको समिति गठन गरेको थियो। समितिले त्रिभुवन विश्वविद्यालय र नेपाल खुला विश्वविद्यालयका साथै कृषि तथा वन, नेपाल संस्कृत र लुम्बिनी बौद्ध विश्वविद्यालय जस्ता विशिष्टीकरणको विशेषता बोकेका विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयको रुपमा राखी ती विश्वविद्यालयले केन्द्रीय विभाग र आँगिक क्याम्पसबाट मात्र कार्यक्रम सञ्चालन गर्ने र प्रादेशिक विशेषता बोकेका पूर्वाञ्चल, राजर्षिजनक, पोखरा, मध्यपश्चिमाञ्चल, सुदुर पश्चिमाञ्चल विश्वविद्यालयले प्रदेश भित्र मात्र आँगिक र सम्बन्धन प्राप्त क्याम्पस सञ्चालन गर्नसक्ने गरी व्यवस्थापन गर्न सुझाव दिएको छ । सो समितिका सुझावहरु कार्यान्वयन गर्न विश्वविद्यालय अनुदान आयोगको २०७२ वैशाख ७ गते बसेको बैठकले विश्वविद्यालय जुन भौगोलिक क्षेत्रमा अवस्थित छ सोही क्षेत्रमा मात्र सम्बन्धन दिने र कुनै विश्वविद्यालयका सम्बन्धन प्राप्त क्याम्पसले आफ्नो क्षेत्र भित्रको विश्वविद्यालयको सम्बन्धनमा जान चाहेमा हस्तान्तरणको प्रक्रिया सरल बनाउने र सोही क्षेत्रका क्याम्पसलाई सम्बन्धनमा जान आउन प्रोत्साहन गरी सम्बन्धन दिने नीतिगत निर्णय गरेको छ । यस सम्बन्धमा आयोगको निर्णय कार्यान्वयन गर्न तत्काल पत्राचार गरी ध्यानाकर्षण गराउनका साथै २०७३ कार्तिक २९ र जेठ ३१ मा दुई पटकसम्म सार्वजानिक सूचना प्रकाशन गरी सरोकारवालालाई सूचित गरेको छ । सो नीतिगत निर्णयको मुल उदेश्य भौगोलिक क्षेत्रमा रहेका कलेज/क्याम्पसहरु सोही भौगोलिक विश्वविद्यालय अन्तर्गत सम्बन्धन दिने व्यवस्था गरेमा सम्बन्धन प्राप्त कलेज/क्याम्पसहरुको प्रगति एवं गुणस्तरको विश्वविद्यालयबाट अनुगमन सहज हुनुको साथै यस्ता सम्बन्धन प्राप्त गरेका कलेज/ क्याम्पसहरु सुदृढीकरण गर्न समेत टेवा पुऱ्याउनु हो । यस्ता कलेज/क्याम्पसहरुले सम्बन्धन प्राप्त गरिसकेपछि नेपाल सरकारका विश्वविद्यालयले तलव भत्ता तथा अन्य खर्च व्यहोर्न नपर्ने भई व्ययभार कम हुने अपेक्षा समेत गरेको देखिन्छ । विश्वविद्यालयहरुले सम्बन्धित विश्वविद्यालयको कानुनमा समावेश गरी सम्बन्धन प्रदान गर्दै आएकोमा सम्बन्धन प्रक्रिया व्यवस्थित गर्न एकरुपता हुने गरी आयोगले विश्वविद्यालयहरुलाई मार्ग निर्देशन गर्नसकेको छैन । कार्ययोजना सहितको कार्यक्रम बनाई अघि बढ्न नसकेकोले उक्त निर्णय कार्यान्वयन नभएको हुँदा प्रदेश बाहिरका कलेजहरू आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसको रूपमा सञ्चालन गरिरहेको उदाहरण देहाय बमोजिम छः

पोखरा विश्वविध्यालय	पूर्वाञ्चल विश्वविध्यालय	काठमाण्डौं विश्वविध्यालय
१. बि.पि कोइराला मेमोरीयल क्यान्सर अस्पताल, नर्सिगं कलेज, चितवन (आँगिक)	१. आयाम ईन्टरनेश्नन कलेज, ललितपुर	१. लुम्बिनी मेडिकल कलेज, पाल्पा
२. मदन भण्डारी एकेडेमी मोरगं ,नेपाल (आँगिक)	२. अन्नपूर्ण मल्टिपल क्यामपस, सप्तरी	२. मनिपाल कलेज अफ मेडिकल साइनसेन्स, कास्की
३. तिलगंगा इन्टिच्यूट अफ अपथमोलोजी, काठमाण्डु (आँगिक)	३. बाल कुमारी कलेज, चितवन	३. नेपालगञ्ज मेडिकल कलेज, बाँके

पोखरा विश्वविध्यालय	पूर्वाञ्चल विश्वविध्यालय	काठमाण्डौं विश्वविध्यालय
४. नेपाल इन्जिनियरीगं कलेज ,भक्तपुर ५. भि.एस. निकेतन कलेज काठमाण्डु ६. एस इन्टिच्यूट अफ म्यनेजमेन्ट, काठमाण्डु ७. नेसनल अपन कलेज ललितपुर ७. नेसनल अपन कलेज ललितपुर ८. नेसनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी,कैलाली ९. क्रिमसन कलेज अफ टेक्नोलोजी, रुपन्देही १०. नोवेल कलेज, काठमाण्डौं	४. एसियन फाउण्डेसन फर एजुकेशन एण्ड रिसर्ज, काठमाण्डौं ५. चारक एकेडेमी, कास्की ६. एभेरेष्ट कलेज अफ नर्सिङ, काठमाण्डौं ७. वाइट हाउस ईन्टरनेश्नल कलेज, काठमाण्डौं ८. जानकी कलेज अफ म्यानेजमेन्ट, धनुषा ९. कान्तिपुर सिटी कलेज, काठमाण्डौं १०. काठमाण्डौं स्कुल अफ ल, भक्तपुर	४. नोवेल मेडिकल कलेज, मोरङ्ग

आयोगको नीतिगत निर्णय अनुरुप हालसम्म भौगोलीक विश्वविद्यालयको छाता मुनी रही सम्बन्धन लिएका र अरु विश्वविद्यालय अन्तर्गत सम्बन्धन लिएका सम्बन्धित भौगोलीक क्षेत्रमा अवस्थित विश्वविद्यालयको छातामुनी हुनेगरी सम्बन्धन स्थानान्तरित भएका कलेज/क्याम्पसहरुको संख्याको अद्यावधिक तथ्याङ्क समेत नभएकोले पारित नीतिले अपेक्षा गरे अनुरुप उपलब्धि हासिल गर्नसकेको देखिएन । साथै यस नीतिले सम्बन्धन प्राप्त गरेका कलेज/क्याम्पसहरुले के कस्तो मापदण्ड पालना गर्नुपर्ने र सम्बन्धन प्राप्त कलेज/क्याम्पसहरुले यसबाट प्राप्त गर्ने फाइदा समेत निर्धारण गरेको देखिएन । यसबाट सम्बन्धित क्षेत्रका विश्वविद्यालयसँग सम्बन्धन लिनेतर्फ कलेज/क्याम्पसहरु उत्प्रेरित भएको पाइएन ।



१६.१. विश्वविद्यालयको हालसम्मको सम्बन्धन अवस्था विश्लेषण गर्दा नेपालमा देहायबमोजिम सञ्चालनमा रहेका १० विश्वविद्यालयमा आङ्गिक १४१ र सम्बन्धन प्राप्त १,२८५ गरी १,४२६ क्याम्पसहरुमा आङ्गिकतर्फ १,५५,२९२ र सम्बन्धन प्राप्त तर्फ २,८२,६१० गरी जम्मा ४,३७,९०२ विद्यार्थी अध्ययनरत छन् ।

विश्वविद्यालय	क्याम्पस			विद्यार्थी		
	आङ्गिक	सम्बन्धन	जम्मा	विद्यार्थी	सम्बन्धन	जम्मा
त्रिभुवन विश्वविध्यालय	६१	१०८०	११४१	११८५२१	२१७०२२	३३५५४३
नेपाल सस्कृत	१२	६	१८	३०८१	६६८	३७४९
काठमाण्डौं	९	१५	२४	८३८५	९९७१	१८३५६
पुर्वाञ्चल विश्वविध्यालय	५	१११	११६	१५६२	२५९६५	२७५२७
पोखरा	९	५८	६७	२२९२	२८२५०	३०५४२
लुम्बिनि बौध्द	१	८	९	३३०	३६५	६९५
कृषि तथा वन	१०	७	१७	३५०२	३६९	३८७१
मध्य पश्चिमाञ्चल	१८	०	१८	७३५३	०	७३५३
सुदुर पश्चिमाञ्चल	१५	०	१५	१०११३	०	१०११३
राजर्षी जनक विश्वविध्यालय	१	०	१	१५३	०	१५३
जम्मा	**१४१**	**१२८५**	**१४२६**	**१५५२९२**	**२८२६१०**	**४३७९०२**

सम्बन्धन प्राप्त क्याम्पसमा आङ्गिक क्याम्पसमाभन्दा ४५ प्रतिशतले बढी विद्यार्थी अध्ययनरत छन् । तथ्याङ्कअनुसार कुल क्याम्पस संख्यामध्ये त्रिभुवन विश्वविद्यालयको ५, पूर्वाञ्चल विश्वविद्यालयको ४, पोखराको विश्वविद्यालय १३, र लुम्बिनी बौद्ध विश्वविद्यालयको ११ प्रतिशत क्याम्पस आङ्गिक क्याम्पसको रुपमा रहेका छन् । उपरोक्त विश्वविद्यालयहरूमा आङ्गिकभन्दा सम्बन्धन प्राप्त गरी पठनपाठन गर्ने क्याम्पसको संख्या बढी रहेको छ। यसबाट प्राज्ञिक गतिविधि र अध्ययन अध्यापनसम्बन्धी गतिविधि आङ्गिक भन्दा पनि सम्बन्धन प्राप्त क्याम्पसबाट हुदै आएकोमा सम्बन्धन दिने विश्वविद्यालयले परीक्षा लिने र परीक्षाफल प्रकाशन गर्ने वाहेक नियमित अनुगमन र मूल्याङ्कन गर्न नसकेको व्यहोरा संघीयतामा उच्च शिक्षाको स्वरुपसम्बन्धी आयोगबाट गठित विज्ञ समितिको प्रतिवेदनले समेत उल्लेख गरेको छ। साथै क्याम्पसको प्राज्ञिक स्तर निर्धारण हुनेगरी शैक्षिक, प्रशासनिक, भौतिक तथा गुणस्तरका मापदण्ड निर्धारण गर्नसकेको अवस्था छैन । यसबाट विद्यार्थीको शैक्षिक गुणस्तर, प्राध्यापकको क्षमता, अध्ययन अनुसन्धानमा संलग्नता जस्ता विषयमा ध्यान पुग्न नसकि समग्र शैक्षिक गुणस्तरमा प्रभाव पर्ने देखिन्छ ।

१६.२. त्रिभुवन, नेपाल संस्कृत, पूर्वाञ्चल, पोखरा, लुम्बिनी बौद्ध र कृषि तथा वन विश्वविद्यालयका १,२८५ सम्बन्धन प्राप्त क्याम्सहरु रहेका छन् भने ७४७ निजी क्याम्पसहरु रहेका छन्।

सम्बन्धन प्राप्त क्याम्पस (सामुदायिक तथा निजि) र अध्ययन गरेका विद्यार्थी संख्या २०७५।७६

क्र. स.	विश्वविद्यालय	सम्बन्धन प्राप्त क्याम्पस			विद्यार्थी सख्या		
		सामुदायिक	निजी	जम्मा	सामुदायिक	निजी	जम्मा
१	त्रिभुवन विश्वविध्यालय	५२९	५५१	१०८०	११९९८४	९७०३८	२१७०२२
२	नेपाल सस्कृत	४	२	६	४२१	२४७	६६८
३	काठमाण्डौ	०	१५	१५	०	९९७१	९९७१
४	पुर्वाञ्चल विश्वविध्यालय	५	१०६	१११	६९४	२५२७१	२५९६५
५	पोखरा	०	५८	५८	०	२८२५०	२८२५०
६	लुम्बिनि बौध्द	०	८	८	०	३६५	३६५
७	कृषि तथा वन	०	७	७	०	३६९	३६९
८	मध्य पश्चिमाञ्चल	०	०	०	०	०	०
९	सुदुर पश्चिमाञ्चल	०	०	०	०	०	०
१०	राजर्षी जनक विश्वविध्यालय	०	०	०	०	०	०
		५३८	**७४७**	**१२८५**	**१२१०९९**	**१६१५११**	**२८२६१०**

यसैगरी २०७५।७६ को तथ्याङ्कअनुसार कुल २,८२,६१० विद्यार्थीमध्ये १,२१,०९९ विद्यार्थी सामुदायिक क्याम्पसमा अध्ययनरत छन् भने निजी क्याम्पसमा सामुदायिक क्याम्पसको तुलनामा २५ प्रतिशतले बढी हुनेगरी २,८२,६१० विद्यार्थी अध्ययनरत देखिन्छ ।सम्बन्धनबाट सञ्चालित क्याम्पसहरुमध्ये पनि सामुदायिक क्षेत्रबाट सञ्चालित भन्दा निजी क्षेत्रबाट सञ्चालित क्याम्पस संख्या तथा विद्यार्थी संख्या बढी रहेको छ । विश्वविद्यालय अनुदान आयोगको २०७५ को शिक्षा व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्क विश्लेषण गर्दा त्रिभुवन विश्वविद्यालय अन्तर्गत सम्बन्धनमा स्थापना भएका ५०० सामुदायिक र ५८० निजी गरी १०८० क्याम्पसमध्ये ३२ प्रतिशत ३४६



क्याम्पसमा ५० भन्दा कम मात्र विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । पोखरा, लुम्बिनी बौद्ध, कृषि तथा वन र काठमाडौं विश्वविद्यालयको सामुदायिक क्षेत्रबाट सञ्चालित सम्बन्धन प्राप्त क्याम्पस रहेको छैन। मध्यपश्चिमाञ्चल, सुदुरपश्चिमाञ्चल र राजर्षी जनक विश्वविद्यालयको कुनैपनि सम्बन्धन प्राप्त क्याम्पस नरहेको र आङ्गिक क्याम्पस पनि क्रमशः १८, १५ र १ को रहेको छ ।

१६.३. सम्बन्धन सम्बन्धमा उपयुक्त नीतिगत व्यवस्था भएपनि तथ्याङ्क विश्लेषण गर्दा पूर्वाञ्चल विश्वविद्यालयको कुल क्याम्पस ११६ मध्ये २५, पोखरा विश्वविद्यालयको ६७ मध्ये १२, नेपाल संस्कृत विश्वविद्यालयको १८ मध्ये ३ र त्रिभुवन विश्वविद्यालयको ११४१ मध्ये ४८२ क्याम्पस मात्र सम्बन्धित प्रदेशमा रहेको अवस्था छ । यसबाट विश्वविद्यालयहरुले स्थापना भएका प्रदेशमाभन्दा पनि अन्य प्रदेशहरुमा उल्लेख्य रुपमा सम्बन्धन स्थापना गरेको देखिन्छ ।

प्रदेशगत क्याम्पस संख्याको विवरण

क्र.स	विश्वविद्यालय । प्रदेश	१	२	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदुरपश्चिम	जम्मा
१	काठमाण्डौं	२	०	१८	१	३	०	०	२४
२	पुर्वाञ्चल विश्वविध्यालय	२५	१८	६३	५	५	०	०	११६
३	पोखरा	१	०	३९	१२	११	०	४	६७
४	मध्य पश्चिमाञ्चल	०	०	०	०	०	१५	०	१५
५	सुदुर पश्चिमाञ्चल	०	०	०	०	०	०	१५	१५
६	राजर्षी जनक विश्वविध्यालय	०	१	०	०	०	०	०	१

स्थापना भएको भौगोलिक क्षेत्रभन्दा निकै टाढाको भौगोलिक क्षेत्रमा सम्बन्धन दिँदा राष्ट्रिय शिक्षा नीति, २०७६ मा व्यवस्था भएअनुसार विश्वविद्यालयले आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरुको नतिजामा आधारित अनुगमन र सुपरिवेक्षण गर्न नसक्ने अवस्था छ । साथै परीक्षा सञ्चालन गर्न तथा अभिमुखीकरण कार्यक्रम चलाउन समेत भौगोलिक दुरीका कारण असहज हुने देखिन्छ । यसै गरी आयोगले अनुगमनको लजिकल फ्रेमवर्क तयार नगरेको र अनुगमन शाखाको अनुगमन फारममा सम्बन्धनसम्बन्धी निर्णय कार्यान्वन मापनका सूचक उल्लेख नभएकोले अनुगमन समेत हुने गरेको देखिएन ।

नक्साङ्कन बिना सम्बन्धन दिने परिपाटी विकास हुनु, शिक्षा प्रदायक संस्थाबीच अन्तर्सम्बन्ध र सहकार्य कायम गर्ने गरी नीतिगत व्यवस्था गर्न नसक्नु, शैक्षिक उत्पादन र प्राज्ञिक कार्यकुशलताबीच सम्बन्ध कायम गर्न नसक्नु जस्ता कारणले उच्च शिक्षा प्रदायक संस्थाहरु खोल्न र सञ्चालन गर्न अस्वस्थ प्रतिस्पर्धा बढेको तर विद्यार्थी आकर्षित गर्न नसकेको अवस्था छ । नीतिगत व्यवस्थाअनुसार विश्वविद्यालय स्थापना तथा वर्गीकरण गरी उच्च शिक्षा प्रदायक निकायको सञ्चालन स्वरुप र क्षेत्र व्यवस्थित गर्नुपर्दछ । आङ्गिक क्याम्पस थप सुदृढ गरी सम्बन्धन प्राप्त क्याम्पसका गतिविधिमा गुणस्तर कायम गराई शैक्षिक गुणस्तर कायम हुने गरी प्राज्ञिक तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ । विश्वविद्यालय अनुदान आयोगले २०७५ मा गठन गरेको सम्बन्धन कार्यदलले दिएका सुझाव कार्यान्वयन दृष्टिगत गरी सम्बन्धित क्षेत्र र प्रदेश भित्र सम्बन्धन गर्ने कार्यलाई प्रोत्साहित गरी परीक्षा सञ्चालन, अभिमुखीकरण कार्यक्रम सञ्चालन र अनुगमन व्यवस्था सरल बनाउने गरी सुधार गर्नुपर्दछ ।

१७. **पाठ्यक्रम** - राष्ट्रिय शिक्षा नीति, २०७६ को कार्यनीति ९.२ मा उच्च शिक्षालाई प्राथमिकताका आधारमा व्यवस्थापन गर्न कृषि तथा वन, पर्यावरण, विज्ञान एवं प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्ग, जलविद्युत, नवीकरणीय उर्जा, उद्योग तथा व्यापार लगायतका क्षेत्रसँग सम्वद्ध कार्यमूलक एवं रोजगारमूलक उच्च शिक्षाको विकास र विस्तारलाई प्राथमिकता दिने उल्लेख छ ।

(विषयगत आधारमा विद्यार्थी भर्ना विवरण)

क्र. सं.	विश्वविद्यालय	कृषी	मत्स्यपालन	वन विज्ञान	मेडिसिन	इन्जिनियरिङ्ग	विज्ञान तथा विधि		व्यवस्थापन	शिक्षा	कानुन	बुद्धिजम	सस्कृत
१	त्रिभुवन विश्वविद्यालय	५४७१	३७४	३०४	२२२५	५३६६१	१२७५२	२१९४०	७१५४११	४१२९७	१८४५	०	०
२	नेपाल सस्कृत	०	०	०	३६२	०	०	०	०	९१०७	०	०	२२६५
३	काठमाण्डौ	०	०	०	४८६३१	७२७५	६२९६	६९२२	११२३०	४७१२	६२३	०	०
४	पूर्वाञ्चल विश्वविद्यालय	१२८३	०	०	३१४५२	१३१३६	१८१४५	२८५९	४१५४१	१४५२०	५०६२	०	०
५	पोखरा	०	०	०	६९७२	४०७२	७०२०	१३२५	८२३८०	०	०	०	०
६	लुम्विनि बौध्द	०	०	०	९९	०	२७७	३३१	९५	०	०	१२७१	०
७	कृषि तथा वन	५५१९	१९९२	१६४४	०	०	११२६	०	०	०	०	०	०
८	मध्य श्विमाञ्चल	०	०	०	०	२१०१	१४७८	४७३८	५५३७	४९८१	८८	०	०
९	सुदुर श्विमाञ्चल	१००	०	०	०	७५०	९७३	२३८७	८३१४	७४१४	०	०	०
१०	वी पी कोईराला प्रतिष्ठान	०	०	०	६२०४	०	०	०	०	०	०	०	०
११	राष्ट्रिय स्वास्थ्य विज्ञान	०	०	०	१८९५	०	०	०	०	०	०	०	०
१२	पाटन स्वास्थ्य विज्ञान	०	०	०	२३६५	०	०	०	०	०	०	०	०
१३	कर्णाली स्वास्थ्य विज्ञान	०	०	०	८६	०	०	०	०	०	०	०	०
१४	नेपाल खुला विश्वविध्यालय	०	०	०	०	०	२६१	३९६	६२६	२५०	१५	०	०
१५	राजर्षी जनक विश्वविध्यालय	०	०	०	०	०	७२	४३	६५	५४	०	०	०
	जम्मा	१२३७३	२३६६	४६९२	१२०३०	११७६४	१६३१७६	२३८४०	८६५१९	४५४०१	२४२४	१२७१	२२६५

विगत ५ वर्षको तथ्याङ्क विश्लेषण गर्दा नेपालका विश्वविद्यालयले अत्याधिक मात्रामा साधारण विषयमा मात्र सम्बन्धन प्रदान गरेको देखिन्छ । तथ्याङ्क विश्लेषण गर्दा २०४३ मा स्थापना भएको र संस्कृत विषयको विशिष्टिकृत अध्यापन हुने नेपाल संस्कृत विश्वविद्यालयमा २,२६५ जना विद्यार्थी भर्ना भएको देखिन्छ । विषयगत आधारमा विश्लेषण गर्दा बुद्धिजम विषयमा १२७१, मत्स्यपालनमा २३६६, वन विज्ञानमा ४६९२, कृषिमा १२३७३ विद्यार्थी भर्ना देखिन्छ । यसबाट कृषि, वन, मत्स्यपालन जस्ता कृषि क्षेत्रका विषयमा सम्बन्धन र क्याम्पस संख्या समेत न्यून भएको र विद्यार्थी भर्ना दर पनि न्यून रहेको अवस्था छ । व्यवस्थापनमा सवैभन्दा बढी ८,६५,१९९ विद्यार्थी भर्ना देखिन्छ भने मेडिसिनमा १,२०,३२० र मानविकी विषयमा २,३८,४०८ विद्यार्थी भर्ना भएको अवस्था छ । कुन क्षेत्रमा कस्तो जनशक्ति अवश्यक छ सोहीबमोजिम जनशक्ति तयार गर्ने क्याम्पस तथा कलेजहरूलाई सम्बन्धन दिन अध्ययन गरी प्राथमिकता दिने नीति तयार गरेको पाइएन ।कृषि प्रधान देशमा कृषि क्षेत्रमानै जनशक्ति उत्पादन गर्ने कार्य प्राथमिकतामा परेको छैन भने व्यवस्थापन, मानविकी जस्ता विषयमा आवश्यकता निर्धारण नगरी बढी हुने गरी जनशक्ति उत्पादन भएको अवस्था छ । यसले

राष्ट्रिय प्राथमिकताका आधारमाभन्दा पनि सञ्चालन सहजताका आधारमा सम्बन्धन माग हुने र स्वीकृत हुने गरेको देखिन्छ । नीतिगत समानता हुनेगरी कार्यमूलक एवं रोजगारउन्मुख क्षेत्रमा पठनपाठन सहज बनाउने गरी सम्बन्धन विस्तार गर्नुपर्दछ ।

१८. **शिक्षक विद्यार्थी अनुपात** - विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ मा शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्नु आयोगको काम कर्तव्य हुने उल्लेख छ । विश्विविद्यालयको शैक्षिक स्तर कायम गर्न शिक्षक, विद्यार्थी तथा पाठ्यक्रमको महत्वपूर्ण भुमिका रहन्छ । विश्वविद्यालयको शैक्षिक गुणस्तर कायम गर्न एक शिक्षकले कति जनासम्म विद्यार्थी अध्यापन गराउने सम्वन्धी शिक्षक विद्यार्थी अनुपात कायम गर्ने विश्वव्यापी मान्यता रही आएको छ।

आङ्गिक क्याम्पसमा शिक्षक विद्यार्थी अनुपात विवरण

क्र स	विश्वविध्यालय	आङ्गिक विद्यार्थी		आङ्गिक शिक्षक		शिक्षक विद्यार्थी अनुपात	
		७४।७५	७५।७६	७४।७५	७५।७६	७४।७५	७५।७६
१	त्रिभुवन विश्वविध्यालय	११०६१५	११८५२१	७५९२	७५९२	१५	१६
२	नेपाल सस्कृत	३१९०	३०८१	४८४	४८४	७	६
३	काठमाण्डौ	७८०६	८३८५	३८८	२५२	२०	३३
४	पुर्वाञ्चल विश्वविध्यालय	२६०७	१५६२	७४	७४	३५	२१
५	पोखरा	२०८०	२२९२	१३३	१३३	१६	१७
६	लुम्विनि बौध्द	१९२	३३०	२३	२३	८	१४
७	कृषि तथा वन	१९७८	३५०२	१२२	१२२	१६	२९
८	मध्य पश्चिमाञ्चल	३२२४	७३५३	१२८	२९०	२५	२५
९	सुदुर पश्चिमाञ्चल	३६८६	१०११३	१०९	३६३	३४	२८
१४	नेपाल खुला विश्वविध्यालय	५९३	९५५		४९		१९
१५	राजर्षी जनक विश्वविध्यालय	८१	१५३		३०		५
	जम्मा	१३६०५२	१५६२४७	९०५३	९४१२	१५	१७

नेपालका ११ विश्वविद्यालयका आङ्गिक क्याम्पसमा २०७४/७५ मा १,३६,०५२ विद्यार्थी अध्यनरत रहेकोमा औसतमा प्रति १५ विद्यार्थी बराबर एक शिक्षक रहने गरी ९,०५३ शिक्षक कार्यरत रहेको देखिन्छ ।यसैगरी २०७५/७६ मा १,५६,२४७ विद्यार्थी पठनपाठन गर्न ९,४१२ शिक्षक संलग्न रहेकोमा प्रतिशिक्षक १७ विद्यार्थीको अनुपात रहेको देखिन्छ । २०७५/७६ मा न्यूनतम शिक्षक विद्यार्थी अनुपात ५ देखि अधिकतम ३३ सम्म रहेको देखिएपनि नेपालको उच्च शिक्षामा कति शिक्षक विद्यार्थी अनुपात कति रहनुपर्छ भनि निर्धारण गरेको छैन । आयोगले बेलाबखत विश्वविद्यालयहरुबाट स्वीकृतिका लागि प्राप्त प्राज्ञिक दरवन्दी निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयमा लेखी पठाउने गरेपनि दरवन्दी सिफारिस गर्दा शिक्षक विद्यार्थी अनुपात विश्लेषण गर्ने गरेको छैन । भारतको विश्वविद्यालय अनुदान आयोगले मानित विश्वविद्यालयमा यो अनुपात १० हुनुपर्ने, विज्ञान विषयको पोस्ट ग्रेजुएट कार्यक्रममा २५ हुनुपर्ने भनि कानुनमा नै व्यवस्था गरेको परिप्रेक्षमा नेपालको सन्दर्भमा समेत मापदण्ड निर्धारण गरी शिक्षक विद्यार्थी अनुपात कायम गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्नुपर्दछ । सम्बन्धित विश्वविद्यालयले यस्ता क्याम्पसमा रहेका पूर्णकालीन तथा आंशिक शिक्षकको तथ्याङ्क अद्यावधिक गरी उपयुक्त शिक्षक विद्यार्थी अनुपात कायम गर्नुपर्दछ।

१९. **विश्वविद्यालय निकासा** - विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६(ख) मा आयेगले विभिन्न क्षेत्रबाट प्राप्त रकम विश्वविद्यालयलाई वितरण गर्नेसम्बन्धमा नीति निर्धारण गर्नेसम्बन्धी व्यवस्था छ । आयोगले विश्वविद्यालयलाई नेपाल सरकारबाट प्राप्त हुने रकम निकासा दिँदै आएको छ । आयोगले विश्वविद्यालयहरूलाई विगत ३ वर्षको निकासा अवस्था देहायबमोजिम रहेको छः

विश्वविद्यायललाई गएको निकासा विवरण (२०७३।७४-२०७६।७७)

सि.नं.	विश्वविद्यालय	२०७३।७४	२०७४।७५	अधिल्लो बर्षको तुलनामा बृद्धी प्रतिशत	२०७५।७६	अधिल्लो बर्षको तुलनामा बृद्धी प्रतिशत	०७६।७७	अधिल्लो बर्षको तुलनामा बृद्धी प्रतिशत
१	त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर	६,९८६,२२७	६,७३०,४५६	(४)	७,४९३,२५४	१०	९,२३७,५८६	१९
२	नेपाल संस्कृत विश्वविद्यालय	५६२,३००	५७७,५००	३	५७४,३००	(१)	६८०,८०४	१६
३	पूर्वाञ्चल विश्वविद्यालय	११२,५००	१३०,०००	१३	१८८,७००	३१	२००,४००	६
४	पोखरा विश्वविद्यालय	१२९,३६३	१३०,०००	०	१४०,०००	७	१२०,०००	(१७)
५	काठमाण्डौ विश्वविद्यालय	२०२,०००	१५०,०००	(३५)	१४०,०००	(७)	१४०,०००	-
६	लुम्बिनी बौद्ध विश्वविद्यालय	९७,०००	११५,०००	१६	१३७,०००	१६	१३७,०००	-
७	मध्यपश्चिम विश्वविद्यालय	२५५,९५६	३८०,०००	३३	२७७,४००	(३७)	३०३,१००	८
८	सूदुर पश्चिम विश्वविद्यालय	२२९,०००	२८०,०००	१८	२३८,६००	(१७)	२७०,४००	१२
९	कृषि तथा वन विश्वविद्यालय	५३२,७००	६७०,०००	२०	७०३,३७५	५	६९४,१०८	(१)
१०	नेपाल खुला विश्वविद्यालय	१०,०००	१००,०००	९०	१४०,०००	२९	१४३,५००	२
११	राजर्षी जनक विश्वविद्यालय	-	५०,०००	१००	८२,२५२	३९	१२४,१००	३४
१२	मदनभण्डारी प्राविधिक विश्वविद्यालय	-			५,६०५	१००	१००,०००	९४
	जम्मा	**९,११७,०४६**	**९,३१२,९५६**	२	**१०,१२०,४८६**	८	**१२,१५०,९९८**	१७

१९.१. सम्बन्धित विश्वविद्यालयलेनै प्रचलित कानुनबमोजिम खर्च, लेखापरीक्षण र प्रतिवेदन गर्ने गरी १२ विश्वविद्यालयलाई दिएको अनुदान २०७३/७४ को रु.९ अर्ब ११ करोड ७० लाख ४६ हजारभन्दा २०७४/७५ मा २ प्रतिशतले वृद्धि भई रु.९ अर्ब ३१ करोड २९ लाख ५६ हजार पुगेको छ भने २०७४/७५ को तुलनामा २०७५/७६ मा ८ प्रतिशतले वृद्धि भई रु.१० अर्ब १२ करोड ४ लाख ८६ हजार पुगेकोमा २०७६/७७ मा अघिल्लो वर्षको तुलनामा १७ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब १५ करोड ९ लाख ९८ हजार पुगेको देखिन्छ। २०७३/७४ देखि २०७६/७७ सम्मको अनुदान औशतमा १०.२९ प्रतिशतले वृद्धि भएको देखिन्छ। तर विश्वविद्यालयहरूलाई अनुदान वितरणको आधार पारदर्शी देखिएन । विश्वविद्यालयगतरूपमा हेर्दा गत वर्षको तुलनामा पोखरा विश्वविध्यालय, कृषि तथा वन विश्वविध्यालयको अनुदान रकम गत वर्षको तुलनामा घटेको छ । पोखरा र लुम्विनी विश्वविद्यालयलाई प्रदान गरिने अनुदान रकम यथावत रहेको छ । तर राजर्षी जनक र मदन भण्डारी प्राविधिक विश्वविद्यालय अनुदान रकम क्रमशः ३४ र १७८४ प्रतिशतले बढेकोमा वस्तुगत आधार देखिएन । आयोगको भूमिका नेपाल सरकारबाट प्राप्त रकम विश्वविद्यालयहरुलाई एकमुष्ट निकासा दिनुमा सीमित रहेको छ । विश्वविद्यालयहरु छुट्टै ऐनद्वारा स्थापना हुनका साथै पूर्ण स्वायत्त भएको कारण विश्वविद्यालयहरुले सोझै मान्त्रालयमा कार्यक्रम पेश गरी स्वीकृत कार्यक्रमअनुसारको निकासा प्राप्त गर्दा आयोग मार्फत प्राप्त गर्ने गरेको व्यहोरा अवगत भएको छ ।

१९.२. कार्यक्रम र प्रगति अवस्थाको सम्बन्धमा त्रैमासिक रुपमा अनुदान आयोगका पदाधिकारी तथा कर्मचारी तथा विश्वविद्यालयका रजिष्ट्रार सहितको प्रगति समीक्षा बैठक हुने गरेको छ । बैठकमा विश्वविद्यालयका कार्यक्रम र प्रगतिको अवस्था, भविष्यमा आइपर्ने समस्या तथा थप गर्नुपर्ने कार्यक्रम बजेट र गतिविधिको बारेमा छलफल हुने गरेको छ । शुरु चौमासिक समीक्षामा व्यक्त भएअनुसारका प्रतिवद्धता तथा निर्णय त्यस पछिका चौमासिकमा पुरा भए नभएको अनुगमन गर्ने गरी संयन्त्र निर्माण

नभएको छलफलको क्रममा जानकारीमा आएको छ । समीक्षा बैठक हुने तर बैठकको निर्णयअनुसारका सुझाव कार्यान्वयन अवस्था मूल्याङ्कन नहुँदा यसले नियमित क्रियाकलापको रुपमा मात्र कार्य गरेको र सुधारका क्षेत्रमा नतिजामुखी नभएको अवस्था छ ।

१९.३. आयोगले नियमिततर्फका विश्वविद्यालयलाई निकासा, नियमित अनुदान, भौतिक विकास अनुदान, विशेष अनुदान, विद्वतवृत्ति, शोधप्रबन्ध तयारी अनुदान, अनुसन्धान पूर्वाधार विकास सहयोग, अनुसन्धान प्रर्वद्धन, क्षमता अभिवृद्धि कार्यक्रम जस्ता क्षेत्रमा खर्च गर्दै आएको छ । यसैगरी उच्च शिक्षा सुधार परीयोजना अन्तर्गत गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, कार्य सम्पादनसँग सम्बन्धित अनुदान, त्रि.वि.का आङ्गिक क्याम्पसको स्वायत्तता प्रदान गर्नेसम्बन्धी अनुदान, त्रि.वि.को परीक्षा प्रणालीमा सुधार तथा शैक्षिक क्यालेन्डर कार्यान्वयनसँग सम्बन्धित अनुदान, नयाँ शैक्षिक कार्यक्रमको विकास तथा कार्यान्वयनसँग सम्बन्धित अनुदान, विपन्न वर्गका लक्षित समुदायका लागि वित्तीय सहायतासम्बन्धी अनुदान, शैक्षिक उत्कृष्टताका लागि शैक्षिक संस्थालाई अनुदान प्रदान गर्दै आएको छ । उपरोक्तअनुसार कतिपय कार्यको लागि नेपाल सरकारबाट प्राप्त रकम विश्वविद्यालयहरूलाई निकासा नभई आयोगकै खातामा रहने गरेको छ । मन्त्रालयबाट निकासा भई आएकोमा सम्बन्धित विश्वविद्यालयले कार्यक्रमनै शुरुवात गर्न नसकी माग नगरेको, स्वीकृत कार्यक्रमभन्दा घटी निकासा भई मौज्दात रहेको जस्ता कारण निर्धारित कार्यमा खर्च नभएकोमा दायित्व यकिन नगरी आयोगको विभिन्न बैंक खाताहरुमा गत विगत देखिनै रु.४ अर्ब २६ करोड ८६ लाख ६२ हजार मौज्दात रहेको छ । यसमध्ये मुद्धति प्रयोजनका लागि खोलेको ३ बैंकको ५ खातामा मात्र रु.१ अर्ब ३४ करोड २६ लाख ९७ हजार मौज्दात रहेको छ । नियमित कार्यसञ्चालनमा प्रयोग भएको राष्ट्रिय वाणिज्य बैंकको चालु र कल खातामा रु.२ अर्ब ९१ करोड ६९ लाख ८१ हजार मौज्दात रहेको छ ।नेपाल सरकारको स्वीकृतिबाट निकासा भई आएको रकमको दायित्व यकिन नगरी ब्याज आय हुनेगरी मुद्धति तथा चालु र बचत खातामा समेत ठुलो रकम जम्मा हुने अवस्था उपयुक्त देखिएन। अर्थ मन्त्रालयको २०७७/३/२३ को च.नं. आयोगको खातामा जम्मा भई उपयोगमा नआएको रकम संघीय संचितकोषमा जम्मा गर्न अर्थ मन्त्रालयबाट अनुरोध भई आएअनुसार रु.२ अर्ब सञ्चितकोषमा दाखिला हुने गरी आयोगले २०७७/३/२८ को निर्णयअनुसार फिर्ता पठाएको छ । यसबाट आयोगले तोकिएको कार्य सम्पन्न गर्न नसकी ठुलो रकम निष्क्रिय रहेको छ ।

कार्यक्रम कार्यान्वयनका आधारमा मात्र थप निकासा प्रदान गर्न समीक्षा बैठकमा उठेका व्यहोराको कार्यान्वयन गर्ने प्रभावकारी अनुगमन व्यवस्था स्थापित गरी विद्यार्थीको संख्या र प्रतिश्पर्धी क्षमता समेतका आधारमा अनुदान वितरण प्रणाली व्यस्थापन गर्नुपर्दछ ।

२०. **गुणस्तर सुनिश्चितता एवं प्रत्यायन** - राष्ट्रिय शिक्षा नीति, २०७६ को रणनीति ८.३ मा उच्च शिक्षाको गुणस्तर सुनिश्चितता एवं प्रत्यायनका लागि स्वायत्त गुणस्तर सुनिश्चितता एवं प्रत्यायन बोर्ड स्थापना गरी उच्च शिक्षा प्रदायक संस्थाको सुधार एवं नयाँ शैक्षिक संस्थाको स्थापनाका लागि गुणस्तरको सुनिश्चितता तथा प्रत्यायनलाई एक प्रमुख आधार बनाउने उल्लेख छ ।गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीमा जान आशयपत्र पेश गर्ने, स्व-मूल्याङ्कन प्रतिवेदन पेश गर्ने, पियर रिभ्यू गर्ने, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन चक्र पुरा गर्ने, प्रथम पटकको गुणस्तर प्रत्यायन प्रमाणपत्र प्राप्त गर्ने, पुनः गुणस्तर प्रत्यायन प्रमाणपत्र प्राप्त गर्ने जस्ता चरणहरु निर्धारण गरी प्रत्येक चरण पुरा गर्दै जाँदा विद्यार्थी संख्याका आधारमा उच्च शिक्षा संस्थालाई तोकिएको दरले अनुदान प्रदान गर्ने गरेको छ ।

२०.१. विश्वविद्यालय अनुदान आयोगको २०७७/५/२२ निर्णय नं १३४१ बाट स्वीकृत भएको उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन निर्देशिका, २०७१ (सातौं संशोधन, २०७७) को परिच्छेद २ ले गुणस्तर सुनिश्चितता तथा प्रत्यायोजन सम्बन्धी राष्ट्रिय प्रणालीको स्थापना एवं सञ्चालनका लागि अमेरिकी डलर ८.१४ मिलियन बजेट व्यवस्था गरेको छ । परियोजनाको पाँचौं वर्षको तेस्रो निकासा माग (डिस्वर्समेन्ट क्लेम) सम्मको भुक्तानी अवस्थाको आधारमा विश्लेषण गर्दा २०७३/७४ देखि २०७७/७८ सम्म ३१ क्याम्पसले गुणस्तर प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको, ३० क्याम्पसले गुणस्तर आस्वस्थता तथा प्रत्यायन चक्र पुरा गरेको, ७ क्याम्पसलाई पुनः प्रत्यायन गरेको अवस्था छ । प्रत्यायन भएका क्याम्पसलाई ग्रेजुएट्स संख्याका आधारमा अनुदान प्रदान गर्ने गरेको छ । प्रत्यायन हुने ३१ क्याम्पसले १९४२ ग्रेजुएट संख्याका आधारमा रु.१५ करोड ३३ लाख ११ हजार, गुणस्तर चक्र पुरा गरेका ३० क्याम्पसले २२१६ ग्रेजुएट संख्याका आधारमा रु.१३ करोड ८० लाख पुनः प्रत्यायन भएका ७ क्याम्पसले ७०१ ग्रेजुएट संख्याका आधारमा रु.६ लाख ३१ हजार समेत गरी ६८ क्याम्पस युनिटलाई ४८५९ ग्रेजुएट संख्याका आधारमा जम्मा रु.३५ करोड ४४ लाख ११ हजार भुक्तानी गरेको छ ।



गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त र चक्र पुरा गरेका क्याम्पसको विवरण

(रु.हजारमा)

आ ब	गुणस्तर प्रत्यायन भएका			गुणस्तर चक्र पुरा गरेका			पुन प्रत्यायन भएका			जम्मा		
	क्याम्पस संख्या	ग्रेजुएट संख्या	अनुदान रकम	क्याम्पस संख्या	ग्रेजुएट संख्या	अनुदान रकम	क्याम्पस संख्या	ग्रेजुएट संख्या	अनुदान रकम	क्याम्पस संख्या	ग्रेजुएट संख्या	अनुदान रकम
०७३/७४	२	०	१२३५०	०	०	०	०	०	०	२	०	१२३५०
०७४/७५	५	०	२४७००	७	०	२१९६०	३	०	२२२००	१५	०	६८८६०
०७५/७६	४	१९२	२२६५०	४	१९२	१३५९०	३	५५८	३३७५०	११	९४२	६९९९०
०७६/७७	१४	९९१	७५४११	१५	१४१०	४३९३०	१	१४३	७१५०	३०	२५४४	१२६४९१
०७७/७८	६	७५९	१८२००	४	६१४	५८५२०	०	०	०	१०	१३७३	७६७२०
जम्मा	**३१**	**१९४२**	**१५३३११**	**३०**	**२२१६**	**१३८०००**	**७**	**७०१**	**६३१००**	**६८**	**४८५९**	**३५४४११**

ग्रेजुएटसको आधारमा अनुदान वितरण गरेको कार्यक्रममा गुणस्तर प्रत्यायन प्रमाणपत्र प्राप्त गरेका विद्यार्थीले अन्य संस्थाका विद्यार्थीले भन्दा राम्रो नतिजा हासिल गर्न सके नसकेको, प्रतिस्पर्धी भए नभएको, स्वदेश र विदेशका उच्च शिक्षण संस्थामा प्राथमिकता पूर्वक प्रवेश पाउन सके नसकेको जस्ता विषयमा अध्ययन गरेको छैन । परीयोजना स्वीकृत गर्दा गुणस्तर सुनिश्चितता तथा प्रत्यायनतर्फ प्रभाव अध्ययनका लागि कार्यक्रम समावेश नगरेकोले यस सम्बन्धमा अध्ययन हुन नसकेको छलफलको क्रममा जानकारी प्राप्त भएको छ । यसबाट प्रत्यायन भएका निकायको शिक्षाको स्तर मूल्याङ्कन गरेको पाईएन ।

२०.२. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा रहेका र चक्र पूरा गरेका संस्थाले इन्टरनल क्वालिटी सेल गठन गरेको भएपनि स्वीकार्य तहमा इन्टरनल अडिट सिस्टम विकास गर्न सकेका छैनन् । यसबाट उच्च शैक्षिक संस्थामा गुणस्तर संस्कृति संस्थागत हुन सकेको छैन। अधिकांश उच्च शैक्षिक

संस्थामा दक्ष तथा विज्ञ प्राज्ञिक र प्रशासनिक जनशक्ति समेत पर्याप्त रुपमा व्यवस्थापन हुन सकेको छैन । जनशक्ति अपर्याप्त हुदा शैक्षिक संस्थाको गुणस्तर संस्कृति प्रभावित भएको छ । यस्ता उच्च शिक्षा संस्थामा अनुसन्धान तथा विकासको क्षेत्रमा विज्ञ जनशक्तिको सेवा अन्य निकायबाट प्राप्त गर्नुपर्ने अवस्था रहेको छ। गुणस्तर सुनिश्चितताका लागि धेरै प्रयास भइसक्दा समेत गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गर्नुभन्दा अगाडि र चक्र पूरा गरेपछि शिक्षण संस्थाको शैक्षिक गुणस्तरमा आएको सुधार र उच्च शिक्षामा परेको प्रभावको अध्ययन हुनसकेको छैन। परियोजनाको आर्थिक सहायताबाट प्रति ग्रेजुएटको आधारमा अनुदान दिई कायम गरेको गुणस्तर परियोजना समाप्त भएपछि वा परियोजनाको सहयोगले निरन्तरता प्राप्त नगरेको अवस्थामा समेत राखिराख्ने गरी दीर्घकालीन योजना तयार गरेको देखिएन । परियोजना अवधि पछि गुणस्तर मापदण्ड कायम रहने गरी निकायको शैक्षिक, प्राज्ञिक र भौतिक अवस्था निश्चित मापदण्ड भित्र राख्न स्रोतको सुनिश्चितता गरेको छैन। उक्त कार्यका लागि क्याम्पसको आन्तरिक स्रोत पर्याप्त नभएको साथै अन्य निकायबाट सहयोग हुने सम्बन्धमा समेत दीर्घकालीन स्रोत सुनिश्चितता गरेको छैन। परियोजनाले पाँच वर्ष पछि पुनः प्रत्याययन हुने र सो बापत अनुदान उपलब्ध गराउने गरी स्रोत व्यवस्थापन गर्दै आएपनि परियोजना समाप्ति पछि वित्तीय स्रोत जुट्ने आधार स्पष्ट छैन । क्याम्पसको आन्तरिक स्रोतबाट उक्त कार्यका लागि लगानी पुग्ने गरी रकम व्यवस्थापन हुन नसक्ने व्यहोरा अनुगमन प्रतिवेदनहरुमा समेत उल्लेख छ । आयोगले गुणस्तर प्रमाणपत्र प्राप्त संस्थाको शैक्षिक र प्राज्ञिक गुणस्तर कायम रहने गरी सुधारका मापदण्ड तयार गर्दै आर्थिक स्रोत समेत सुनिश्चित गर्नुपर्दछ ।

२०.३. उच्च शिक्षाको गुणस्तर सुधारका लागि क्षमता विकास, प्राज्ञिक सुधार, प्रशासनिक सुधार, पूर्वाधार सुधार जस्ता क्षेत्रमा लगानी गरेको देखिए पनि उच्च शिक्षा नीति,२०७२ को कार्यनीति १० मा उल्लेख भई परियोजना कार्यान्वयन निर्देशिकाको २.१ मा उल्लेख भएअनुसार गुणस्तर सुनिश्चितता तथा प्रत्यायन व्यवस्थालाई व्यवस्थित गरी यसबाट शैक्षिक तथा प्राज्ञिक गुणस्तरमा परेको प्रभाव र विद्यार्थीको प्रतिस्पर्धी क्षमता विस्तारका बारेमा अध्ययन गरेको छैन । परियोजनाको डिस्वर्समेन्ट लिङ्क इण्डिकेटर २ मा कार्यक्रम सञ्चालन भएपछि त्यसबाट परेको प्रभाव अध्ययन गर्न ट्रेसर स्टडिजको लागि एस.डि.आर.१० लाख ३५ हजार बजेट व्यवस्थापन गरेकोमा गुणस्तरसम्बन्धी अवायव (कम्पोनेन्टमा) यस्तो व्यवस्था गरेको छैन । यसबाट प्रत्यायन भएका निकायबाट उत्तीर्ण हुने ग्रेजुएटसको प्रतिस्पर्धि अवस्थाका बारेमा अध्ययन, विश्लेषण, अनुगमन र प्रतिवेदन गरी गुणस्तरको अवस्था यकिन गर्ने कार्य प्रभावित भएको छ ।

२०.४. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन कार्यक्रम अन्तर्गत स्वेच्छिक रुपमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा सामेल भएका सबै क्याम्पसले देहायअनुसार ८ विषयका १२० इण्डिकेटरका आधारमा विभिन्न चरणमा मूल्याङ्कित भई प्रमाणपत्र प्राप्त गर्ने गरेका छन् ।

क्र.सं.	मूल्याङ्कन विषय	सूचक संख्या	पूर्णाङ्क
१	नीति र प्रकृया	१५	१५
२	पाठ्यक्रम सम्वन्धि	१०	१०
३	अध्यान, सिकाई तथा मुल्याङकन प्रणाली	२१	१५
४	अनुसन्धान, परामर्श तथा प्रसार	१६	१०
५	पूर्वाधार र शिक्षण स्रोत	२८	२०
६	विद्यर्थी सहयोग तथा मार्गदर्शन	१४	१०
७	सूचना प्रणाली	८	१०
८	सार्वजनिक सूचना	८	१०
	जम्मा	**१२०**	**१००**

गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेपछि ती इण्डिकेटर क्रमशः लागु गरिरहेका छन् छैनन् अनुगमन हुने गरेको छैन । आयोगले पहिलो चरणमा ३० क्याम्पसको अनुगमन गरेकोमा निकै कम ६/७ संस्थाले मात्र मापदण्ड कायम राखेको र अन्यको अवस्था खस्कँदो देखिएको व्यहोरा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखासँग छलफलको क्रममा जानकारी भएको छ । अनुदान प्राप्त क्याम्पसमा अध्ययन गरी प्रमाणपत्र प्राप्त गरेका विद्यार्थीले कार्य क्षेत्रमा अन्यलेभन्दा गुणस्तरीय नतिजा प्राप्त गर्न सके नसकेको सम्बन्धमा प्रभावकारिता अध्ययन गर्नुपर्ने, पुस्तकालय नियमित रुपमा खुल्ला हुनुपर्ने, कार्यक्रमको निरन्तरताका लागि सम्बन्धित क्याम्पसले नै दिगो स्रोत व्यवस्थापन गर्नुपर्ने जस्ता विषयमा अनुगमनबाट सुझाव प्राप्त भएपिन कार्यान्वयन अवस्थाको अभिलेखीकरण गरेको देखिएन । यसबाट गुणस्तर प्रत्यायन भई आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले मात्र पुरा गरेको देखाएको मापदण्ड र निर्माण गरेको पूर्वाधारको उचित प्रयोग र स्तरोन्नती हुन नकसेको अवस्था छ ।

२०.५. परियोजना कार्यान्वयन निर्देशिकाको अनुसूची ८.१ मा परियोजना अवधिमा १३३ उच्च शिक्षा संस्थाले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन चक्र पुरा गरी अनुदान प्राप्त गर्ने र सोमध्ये २५ निजि संस्था हुने लक्ष्य लिएकोमा हालसम्म ६९ संस्थाले गुणस्तर चक्र पुरा गरेका छन् जुन लक्ष्यको ५१ प्रतिशत मात्र हुन आउँछ । निजि क्षेत्रका क्याम्पसले कम संख्यामा आशयपत्र पेश गरेको, आशयपत्र पेश गरेकामध्ये पनि समयमा स्वमूल्यङ्कन प्रतिवेदन समयमा पेश गर्न नसकेकाले थप निकासा लिन नसकी प्रगति न्यून भएको छलफलको क्रममा अवगत भएको छ ।

गुणस्तर सुनिश्चितता तथा प्रत्यायनसम्बन्धी राष्ट्रिय प्रणाली स्थापना एवं सञ्चालन गर्न गुणस्तर सुनिश्चितता तथा प्रत्यायन बोर्ड स्थापना हुनसकेको देखिएन । यसका लागि परीयोजनाले अमेरिकी डलर ८.१४ मिलियन व्यवस्था गरेको भएपनि बोर्ड गठन गर्ने गरी कानुनी संयन्त्र तयार हुन नसकेकोले उक्त रकम खर्च भएको छैन ।उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा स्वशासित र संगठित संस्थाको रुपमा प्रत्यायन समिति रहने, समितिको आफ्नै कोष र कर्मचारी हुने, छुट्टै कोष हुने जस्ता व्यहोरा समावेश गरी स्वतन्त्र अस्तित्व सहितको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन संस्था स्थापना गर्ने गरी संसदमा पेश भए तापनि हालसम्म पारित भएको देखिएन । यसबाट प्रत्यायित उच्च शैक्षिक सँस्थाले गरेका कार्यको नियमन गर्ने स्वायत्त संस्थाको गठन हुन नसकी गुणस्तर सुनिश्चितता तथा प्रत्यायन कार्यको निरन्तरता प्रभावित हुने देखिन्छ । परियोजनाको उदेश्य अनुसारको कार्य व्यवस्थित गरी प्रत्यायन प्रणाली संस्थागत गर्नुपर्दछ।

२१. **पूर्वाधार निर्माण अनुदान** - विश्वविद्यालय अनुदान आयोग, कार्यक्रम कार्यविधि, २०७६ को ३.४ मा भवन निर्माण एवं उपकरण खरिदका लागि प्रति क्याम्पस रु.१ करोड अनुदान उपलब्ध गराउने व्यवस्था छ । यसै व्यवस्थाअनुसार आयोगले देहायबमोजिम सामुदायिक क्याम्पसलाई पहिलो किस्ता बापत रु.२६ करोड ६५ लाख र दोस्रो किस्ता बापत रु.३ करोड लाख निकासा दिएको छ ।

आ. व.	पहिलो किस्ता		दोश्रो किस्ता	
	सामुदायिक क्याम्पस संख्या	निकासा रू. हजारमा	सामुदायिक क्याम्पस संख्या	निकासा रू. हजारमा
२०७४।७५	३३	४१,२५०	२४	३०,०००
२०७५।७६	३१	३८,७५०	-	-
२०७६।७७	७८	१८६,४५०	-	-
जम्मा	१४२	२६६४५०	२४	३००००

कार्यक्रम कार्यविधिमा अनुदानको विषयमा उल्लेख भएपनि खर्चसम्बन्धी मापदण्डको बारेमा उल्लेख भएको छैन । पहिलो किस्ता निकासा भएपछि दोस्रो किस्ता प्राप्त गर्न पेश गर्नुपर्ने आवश्यक प्रमाण कागजातका बारेमा केही उल्लेख गरेको छैन । आयोग र सम्बन्धित निकायबीच भवन निर्माणका लागि दिइने अनुदान सम्बन्धमा भएको सहमतिपत्रमा सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार खरिद गर्नुपर्ने, सम्झौता भएको ६ महिना भित्र दोस्रो किस्ता माग गर्नुपर्ने, चैत्र मसान्त भित्र समझौताअनुसारको कुल रकमको प्रगति आयोगमा पेश गर्नुपर्ने, अवधि भित्र प्रगति पेश नगर्नेलाई सुविधा वञ्चित सूचीमा राख्ने व्यहोरा उल्लेख गरी सम्झौता गरेको छ ।

सम्झौता भई सम्बन्धित क्याम्पसलाई निकासा दिँदा प्रचलित कानुनअनुसार खर्च गर्नुपर्ने र लेखापरीक्षण समेत सम्बन्धित निकायले नै गर्ने गरी निकासा दिएको छ । अनुदान प्राप्त गरेका क्याम्पसले ५० प्रतिशत रकम सम्झौता गरेपछि निकासा लिने र बाँकी ५० प्रतिशत कार्य सम्पन्न गरेको प्रमाण पेश गरेपछि निकासा लिने गरेको छ । बोलपत्र आह्वानको सूचना बनाएको तर कार्य उपभोक्ता समिति मार्फत गराएको, सिमेन्ट, जस्ता निर्माण सामाग्री अमानतबाट खरिद गरी गरेको कार्यलाई उपभोक्ता समितिले गरेको देखाएको जस्ता स्पष्ट प्रमाण भएपनि खरिदसम्बन्धी कागजात पेश भएपछि दोस्रो किस्ता निकासा दिने गरेको छ । सार्वजनिक खरिद ऐनले तोकेअनुसारको खरिद विधि प्रयोग नभई भएको कार्यमा निकासा दिएको रकमबाट गरेको निर्माण तथा खरिदको भौतिक अवस्थाको अनुगमन भएको छैन । केही क्याम्पसको अनुगमन भएपनि अनुगमन प्रतिवेदनमा उक्त व्यहोरा प्रस्टरुपले उल्लेख भएको देखिएन ।

आयोगले सोही प्रकृतिका निर्माण कार्यका लागि उच्च शिक्षा सुधार परियोजना अन्तर्गत छनौट भएका क्याम्पसहरुलाई समेत अनुदान दिने गरेको छ । डिस्वर्समेन्ट लिङ्क इण्डिकेटर २ अन्तर्गतको कार्यम्पादनमा आधारित अनुदान शीर्षकबाट प्रति क्याम्पस रु.१ करोडदेखि ४ करोडसम्म अनुदान प्रदान गर्ने प्रावधान रहेको छ । डिस्वर्समेन्ट लिङ्क इण्डिकेटर २ नियमित अनुदानको शर्तभन्दा बिल्कुलै फरक रहेको छ । यस वर्ष यो इन्डिकेटरबाट रु.२३ करोड ३६ लाख ५९ हजार खर्च भएको छ । यस्तो अनुदान प्राप्त गर्न क्याम्पसले वार्षिक खरिद योजना पेश गर्नुपर्ने, योजनाअनुसार खर्च गर्नुपर्ने र खर्च गरिसकेपछि आयोगमा कागजात पेश गरी सोधभर्ना लिने व्यवस्था छ । खरिद कार्य सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार गरेको यकिन भएमा कुल खर्चको दुई तिहाई रकम सोधभर्ना निकासा प्राप्त गर्ने व्यवस्था छ । यो प्रावधानअनुसार खरिद र निर्माण कार्य गर्न किस्ता रकम उपलब्ध हुदैन र प्रारम्भिक चरणमा सबै खर्च क्याम्पसले गरिसकेपछि शोधभर्ना प्राप्त गर्दछ ।

एउटै निकाय मार्फत समान प्रकृतिका निकायमा अनुदान प्रदान गर्दा प्रक्रिया तथा प्रावधानमा समानता रहेको पाइएन । सम्बन्धित निकायको सम्पूर्ण लगानी र खरिद कानुन पूर्णरुपले लागू गर्ने गरी खरिद सम्झौता र निकासा पद्धति लागु गर्दा अनुदान माग गर्ने निकाय विधि तथा कागजातमा लचकता मान्य हुने र स्व-लगानीको अंश व्यर्होनु नपर्ने निकासा प्रक्रियामा आकर्षित हुने अवस्था रहेको छ । असमान प्रक्रिया एवं प्रावधानले गर्दा स्रोत र खरिद क्षमता नभएका क्याम्पसहरु परियोजनाको लाभबाट वञ्चित हुने अवस्था छ । साथै भवन निर्माण, सामाग्री खरिद तथा संरचना निर्माण कार्यमा सम्झौताअनुसार खर्च गरी पेश गरेको प्रमाण कागजात अध्ययन गरी निकासाका लागि सिफारिस गर्न आयोगले प्राविधिक कर्मचारी व्यवस्था गरेको छैन । अप्राविधिक र फरक विषय अध्ययन गरेका कर्मचारीबाट निर्माण कार्यको विधि, प्रक्रिया र प्रमाण कागजातको पूर्णरुपमा विश्लेषण हुनसक्ने अवस्था छैन । निर्माण कार्यको अनुगमनमा समेत प्राविधिक जनशक्ति सामेल हुने अवस्था नभएबाट निर्माणको वास्तविक अवस्था यकिन नभई निकासा हुनसक्ने जोखिम रहेको छ ।

उक्त रकमको निकासा माग गर्न पेश भएको छायाँ प्रति प्रमाण कागजातको परियोजना इकाईबाट परीक्षण हुँदा खरिद विधिको प्रयोग नभएको, जमानत नलिइ सम्झौता गरेको, बैंक ग्यारेन्टी नलिइ पेश्की उपलब्ध गराएको, सम्झौताको अवधि भित्र कार्यसम्पन्न नभएपनि म्याद थप नभएको, मालसामान र निर्माण सामाग्रीको गुणस्तर जाँच नभएको, नियमित अनुदान प्राप्त क्याम्पस छनौट भएकोमा एकै विषयमा दोहोरो अनुदान गएको यकिन नभएको, खरिद कार्यका साथ संलग्न हुनुपर्ने सबै कागजात संलग्न नभएको, नगद जमानत लिएको, सिलवन्दी दरभाउपत्रमा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेको, फरक अवधिको करचुक्ता प्रमाण पेश गरेको, स्टान्डर्ड बीड डकुमेन्ट प्रयोग नगरेको, सूचना प्रकाशन गर्दा अधुरो विवरण दिएको, समान कार्य अलग अलग प्याकेज बनाई गरेको, बोलपत्रसम्बन्धी कागजात तयार नगरी सूचना प्रकाशन गरेको, लागत अनुमान संलग्न नगरेको, न्यून कवोल गर्नेसँग सम्झौता नगरी अर्कोसँग सम्झौता गर्दा यसको सूचना सम्बन्धित फर्मलाई नदिएको, बैंक मार्फत भुक्तानी नभएको जस्ता व्यहोरा देखिएपनि खर्च गरिसकेको र निकासा सोधभर्ना माग गरेकोले निकासा दिने व्यहोरा उल्लेख गरी निकासा दिने गरेको छ । यसबाट खर्च गर्ने निकायको खर्चसम्बन्धी संस्थागत र प्राविधिक क्षमता कमजोर रहेको र निकासा दिँदा समेत यस्ता कार्यलाई गहनरुपले नलिई निकासा गरेको छ । न्यूनतम वित्तीय तथा कानुनी प्रावधान पालना सुनिश्चत नगरी दिएको अनुदानको उचित उपयोग भई अपेक्षित प्रतिफल प्राप्त नहुने स्थीति देखिन्छ ।

एउटै निकायबाट समान किसिमका कार्यमा निकासा दिँदा फरक फरक मापदण्ड अपनाउने पद्धतिमा सुधार गरी प्राविधिक जनशक्ति समेतको संलग्नतामा खरिदसम्बन्धी कार्यको अनुगमन र कागजात परीक्षण गरी निकासा गर्ने गरी सुधार गर्नुपर्दछ । साथै खर्च गर्ने निकायको समेत खरिद क्षमता सुदृढ गरी खरिद ऐन अनुसारको विधि तथा प्रक्रिया अनुसरण गरी खरिद गर्न सक्ने गरी संस्थागत सुदृढीकरण गर्नुपर्दछ ।

२२. **अनलाइन अध्यापन अनुदान** - कोभिड-१९ महामारीबाट उच्च शिक्षा क्षेत्रमा उत्पन्न भएको संकट न्यूनीकरण गर्न अनलाइन प्रणालीबाट अध्ययन अध्यापन व्यवस्थित गर्न अर्थ मन्त्रालय समेतको सहमतिमा विश्व बैंकबाट परियोजनामा पुनर्संरचना गरी डि.एल.आई. कम्पोनेन्ट नं ८ थप भएको छ। कोभिडबाट उच्च शिक्षाको क्षेत्रमा परेको प्रभाव कम गर्न अनलाइन प्रणालीबाट अध्ययन अध्यापन गराउन संस्थागत क्षमता वृद्धि गरी मानव संसाधनलाई समेत सक्षम बनाउन विश्वविद्यालय अनुदान आयोगको वैशाख २४ को निर्णय नं १३१६ अनुसार देहायका ३०० निकायलाई प्रति निकाय रु.१० लाखका दरले ३०० निकायलाई रु.३० करोड निकासा दिएको छ ।

सि.नं.	विवरण	संख्या	निकासा (रु.लाखमा)
१	त्रि.वि.का डिन कार्यालय, विभाग, स्कुल र आँगिक क्याम्पस	११७	११७०
२	नेपाल सँस्कृत विश्वविद्यालयका आङ्गिक क्याम्पस	१०	१००
३	काठमाडौं विश्वविद्यालयका स्कुलहरु	७	७०
४	पूर्वाञ्चल विश्वविद्यालयका आङ्गिक क्याम्पस	८	८०
५	पोखरा विश्वविद्यालयका स्कुलहरु	४	४०
६	लुम्बिनी बौद्ध विश्वविद्यालयका आङ्गिक क्याम्पस	८	८०
७	कृषि तथा वन विश्वविद्यालयका आङ्गिक क्याम्पस र केन्द्रिय विभाग	३१	३१०
८	मध्यपश्चिमाञ्चल विश्वविद्यालयका आङ्गिक क्याम्पस र स्कुल	१७	१७०
९	सुदुर पश्चिममाञ्चल विश्वविद्यालयका केन्द्रिय तथा आङ्गिक क्याम्पस	२१	२१०
१०	राजर्षि जनक विश्वविद्यालयका आङ्गिक क्याम्पस	४	४०
११	नेपाल खुला विश्वविद्यालय	१	१०

सि.नं.	विवरण	संख्या	निकासा (रु.लाखमा)
१२	सम्बन्धनप्राप्त सामुदायिक क्याम्पस :		
	आयोगबाट Accreditation भएका	३३	३३०
	आयोगमा Self Study Report पेश गरेका	३५	३५०
	आयोगबाट सहयोगका लागि आवेदन गर्ने	१०	११०
	जम्मा	**३००**	**३०००**

अनुदान रकम सम्बन्धित कार्यमा उपयोग गर्ने दायित्व सम्बन्धित उच्च शिक्षा संस्थाको हुने र त्यसको उपयोगिताका सम्बन्धमा विश्वविद्यालय अनुदान आयोग तथा सम्बन्धित विश्वविद्यालयले समेत अनुगमन तथा मूल्याङ्कन गर्ने गरी निकासा भएको रकम कसरी खर्च गर्ने र खर्चको अनुगमन कसरी गर्ने सोको विधि बनाएको छैन ।आयोगको अनुगमन शाखाको अनुगमन फ्रेमवर्कमा समेत उक्त खर्चको अनुगमनको सूचक र व्यहोरा उल्लेख गरेको छैन ।फ्रेमवर्क तयार नगरी निकासा गरेको रकमबाट भएको कार्यको प्रभावकारी अनुगमन हुने देखिएन ।खर्च गर्ने तरिका एवं मापदण्ड निर्धारण गरेर मात्र निकासा दिनुपर्नेमा दिएको पाइएन । यसले गर्दा अनुगमनको फ्रेमवर्कमा समेत यस अनुदानको उपयोगको स्थिति हेर्ने सूचक समावेश भएको छैन । यसले गर्दा दिएको अनुदानको उपादेयता तथा लेखाजोखा गर्ने कार्य आयोगबाट हुनसकेको छैन ।

निकासाबाट भएको खर्चको प्रभावकारी अनुगमनको व्यवस्था मिलाई सबै सामुदायिक क्याम्पसले समानुपातिक रुपमा अनुदान प्राप्त गर्ने गरी निर्णय प्रकृयालाई व्यवस्थित गर्नुपर्दछ ।

२३. **विद्यार्थी वित्तीय सहायता** - नेपाल जीवनस्तर गुणस्तर सर्वेक्षण, २०११ का आधारमा तयार भएको सम्पन्नताको सूचीको तल्लो ४० प्रतिशत जनसंख्या भित्रबाट विपन्न विद्यार्थी छनौट गरी आर्थिक सहयोग गर्ने उद्देश्यले आयोगद्वारा सञ्चालित उच्च शिक्षा सुधार परियोजना अन्तर्गत विपन्न विद्यार्थीका लागि वित्तीय सहयोग कार्यक्रम सञ्चालन गरेको छ ।

परियोजना वर्ष	उच्च माध्यामिक तह		स्नातक तह		जम्मा	
	विध्यार्थी सँख्या	छात्रावृत्ति रकम	विध्यार्थी सँख्या	छात्रावृत्ति रकम	विध्यार्थी सँख्या	छात्रावृत्ति रकम
२०७३/७४	५९५		९५८२	१७००९६०००	१०१७७	१७८४२६०००
२०७४/७५	१०५५	१४७७००००	७७०६	१३४४८८०००	८७६१	१४९२५८०००
२०७५/७६	१०९३	२६२३२०००	७४६३	१४०८९२०००	८५५६	१६७१२४०००
२०७६/७७	८४०	२०१६००००	८४०	२०१६००००	१६८०	४०३२००००
जम्मा	**३५८३**	**६९४९२०००**	**२५५९१**	**४६५६३६०००**	**२९१७४**	**५३५१२८०००**

विद्यार्थी वित्तीय सहयोग विकास समिति मार्फत परियोजनाको पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमशः ३०००, ३०००, ३००० र ५०० विद्यार्थी छनौट गरी छात्रावृत्ति प्रदान गर्ने कार्यक्रम रहेअनुसार २०७६/७७ को पहिलो चौमासिकसम्म उच्च माध्यमिक शिक्षातर्फ ३ हजार ५८३ विद्यार्थीलाई रु.६ करोड ९४ लाख ९२ हजार छात्रावृत्ति प्रदान गरेको छ भने विज्ञान तर्फको स्नातक तहमा २५ हजार ५९१ विद्यार्थीलाई रु. ४६करोड ५६ लाख ३६ हजार गरी जम्मा २९ हजार १७४ विद्यार्थीलाई रु. ५३ करोड ५१ लाख २८ हजार छात्रावृत्ति प्रदान गरेको छ । यस कार्यक्रम मार्फत छात्रावृत्ति पाएका विद्यार्थी अध्ययन गर्ने क्याम्पसहरुमा कार्यसम्पादनमा आधारित अनुदानको केही रकम आर्थिक रुपले विपन्न विद्यार्थीहरुको छात्रावृत्तिका लागि व्यवस्था गर्नुपर्ने गरी छुट्टै निकासा समेत हुने गरेको छ । दुई किसिमका कार्यक्रमबाट एउटै संस्थाका विद्यार्थी लाभान्वित

हुनेगरी छुट्टा छुट्टै निकासा हुदै आएकोमा छात्रावृत्तिमा दोहोरोपना भए नभएको सम्बन्धमा अनुगमन भएको छैन । परियोजनाको अन्य कम्पोनेन्टबाट फाइदा पाएका विद्यार्थीको कार्यसम्पादन अवस्था अध्ययन गर्न ट्रेसर स्टडिज गर्ने कार्यक्रम राखेकोमा विद्यार्थी वित्तीय सहयोग कोष मार्फत छात्रावृत्ति पाएका विद्यार्थीको उत्तीर्ण अवस्था, उत्तीर्ण भएपछिको प्रतिस्पर्धी क्षमताको अवस्था आदिका बारेमा प्रभाव मूल्याङ्कन हुने गरी ट्रेसर स्टडिज गरेको छैन । यसबाट छात्रावृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीको शैक्षिक गुणस्तरमा वृद्धि भए नभएको यकिन हुने देखिएन । परियोजनाको अन्तिम वर्षमा यस कार्यक्रमबाट लाभ प्राप्त गरिरहेका विद्यार्थीको छात्रावृत्तिमा निरन्तरता सुनिश्चितता हुने गरी स्रोत व्यवस्थापन गरेको छैन।

आयोगले छात्रावृत्तिको प्रभाव विश्लेषण गरी उपलब्धिमूलक र नतिजामुखी देखिएमा दिगो स्रोतको व्यवस्थापन गरी कार्यक्रमलाई निरन्तरता दिनुपर्दछ ।

२४. **कार्यक्रमको दिगो सञ्चालन** - आयोगले छनौट गरेका उच्च शिक्षण संस्थालाई उच्च शिक्षा सुधार परियेजनाका विभिन्न कम्पोनेन्ट मार्फत अनुदान प्रदान गर्ने गरेको छ ।यसरी अनुदान प्राप्त गरी सञ्चालन भएका कार्यक्रमहरू भविष्यमा समेत अविछिन्न रूपमा सञ्चालनहुने गरी स्रोत एवं व्यवस्थापनको सुनिश्चितता गरेको हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

२४.१. अनुदान आयोगबाट सञ्चालित उच्च शिक्षा परियोजनाको डिस्वर्समेन्ट लिङ्क इण्डिकेटर ३ ले संस्थागत तथा शैक्षिक स्वायत्तता कार्यक्रमसम्बन्धी व्यवस्था गरेको छ । परियोजनाले स्वायत्त तथा गुणस्तर प्रत्यायन भएका क्याम्पसका १४ शैक्षिक कार्यक्रमलाई कार्यक्रम सञ्चालनको स्वायत्तता प्रदान गर्ने लक्ष्य लिएअनुसार ४ आङ्गिक र ४ सम्बन्धन प्राप्त क्याम्पसका १४ शैक्षिक कार्यक्रम स्वायत्तरुपमा सञ्चालन गर्ने गरी रु.१० करोड ५० लाख अनुदान प्रदान गरेको छ । प्राज्ञिक स्वायत्ततामा जान आङ्गिक क्याम्पस भए संस्थागत स्वायत्ततामा गएको हुनुपर्ने र सामुदायिक क्याम्पस भए गुणस्तर प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने आधारमा आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसलाई स्वायत्त रुपमा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न अनुदान प्रदान गरेको छ । परियोजनाबाट वित्तीय सहयोग प्राप्त गरी सञ्चालन भएका थप शैक्षिक कार्यक्रमको निरन्तरताका लागि स्पष्ट कार्यदिशा सहितको दीर्घकालीन योजना तयार गरेको छैन। स्वायत्ततामा गएका क्याम्पससँग कार्यक्रम सञ्चालनलाई निरन्तरता प्रदान गर्ने गरी दिगो स्रोत नभएको, विद्यार्थीबाट हुने आम्दानीबाट उक्त कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्ने अवस्था नरहेको र परियोजनाको सहयोग प्राप्त नभएपछि बजेटको अभावले गर्दा कार्यक्रमलाई निरन्तरता दिनसक्ने अवस्था छैन ।

२४.२. सुदुर पश्चिमाञ्चल विश्वविद्यालय, स्कुल अफ मेनेजमेण्टले संस्थागत सक्षमता हासिल गराई दिगो हुने गरी स्वायत्त रुपले वि.वि.ए. ,एम.वि.ए. र वि.एच.एम. कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विश्वविद्यालयसँग समझदारीपत्रमा हस्ताक्षर गरी रु.१ करोड अनुदान प्राप्त गरेको छ । उक्त निकायले निकासा माग गर्न पेश गरेको प्रतिवेदनमा निकाय स्वायत्तताको प्रारम्भिक चरणमा रहेको, अनुदान निकासा र उपयोगकासम्बन्धमा स्पष्ट नीति निर्धारण गर्न नसकेको, विद्यार्थीबाट सङ्कलन गरेको शुल्कले मात्र कार्यक्रम सञ्चालन हुने अवस्था नरहेको आयोगले प्रभावकारी अनुगमन गर्न नसकेको जस्ता समस्याहरु उल्लेख गरेकोले भविष्यमा परियोजना समाप्त भई अनुदान सहयोग प्राप्त नभएको अवस्थामा दिगो रुपले कार्यक्रम सञ्चालन गर्न र स्वायत्तता बचाइराख्न संस्थाले दीर्घकालीन सञ्चालन योजना तयार गरेको देखिएन ।

२४.३. विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति मार्फत विद्यार्थी छात्रावृत्ति कार्यक्रम दिगो रुपले सञ्चालन गर्न स्वामित्व लिने स्थायी प्रकृतिको संस्थागत संयन्त्र विकास गर्ने गरी एस.डि.आर ५ लाख १७ हजार ५०० व्यवस्था गरेकोमा उक्त कार्य भएको छैन। कोषले पेश गरेको भौतिक प्रगति प्रतिवेदनमा उक्त कार्यका लागि कमिटि गठन भई पहिलो चरणको ड्राफ्ट तयार भएको उल्लेख भएपनि सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्ड, २०७७ मिति २०७७/८/८ मा राजपत्रमा प्रकाशन भएपछि विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति खारेज भई नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्र मातहत गाभिएको छ ।विघटन पछि कोषले गरिरहेको कार्यक्रम निरन्तर सञ्चालन हुने सम्बन्धमा अस्पष्टता रहेको छ । राष्ट्रिय शिक्षा नीति, २०७२ को कार्यनीति ९.५२ मा विद्यार्थी वित्तीय कोषको दिगो व्यवस्थापन गर्न हाल सञ्चालनमा रहेको विद्यार्थी वित्तीय सहायता कोष विकास समिति सुदृढीकरण गरी नियमित सञ्चालनको व्यवस्था गर्ने उल्लेख भएकोमा सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्डबाट मन्त्रालय अन्तर्गतको निकायमार्फत कार्य गर्ने गरी विद्यार्थी वित्तीय सहायता कोष विकास समिति खारेज गरेकोमा नीतिगत स्थीरता रहेको देखिएन ।

प्राज्ञिक स्वायत्तता प्रदान गर्दा कार्यक्रमको दिगोपना र स्रोतको सुनिश्चितता समेतलाई ध्यान दिई दिगो रुपले सञ्चालन हुनसक्ने आधार तयार गर्नुपर्दछ । साथै कार्यक्रमको दिगोपना सुनिश्चित हुने आधार वा दीर्घकालीन दिगोपना योजना तयार गरी सञ्चालित स्रोत एवं सुव्यवस्थापन सुनिश्चित गरेर मात्र कार्यक्रममा अनुदान प्रदान गर्नुपर्दछ ।

२५. **बोर्डको निर्णय** - विश्वविद्यालय अनुदान आगोग ऐन, २०५० को दफा ६ (ख) मा विश्वविद्यालयलाई अनुदान दिने सम्बन्धमा नीति निर्धारण गर्ने, दफा ९ मा आफुले गर्नुपर्ने कुनै काम गर्न समिति गठन गर्नसक्ने, दफा ११ मा विश्वविद्यालयलाई अनुदान दिने र दफा १४ मा आवश्यकतानुसार कर्मचारी रहने व्यवस्था रहेको छ । आयोगको २०७२ श्रावण १२ को निर्णय नम्बर ९९० देखि २०७७ मंसिर ११ को निर्णय नम्बर १३५० सम्मको निर्णय ५ वर्गमा वर्गीकरण गर्दा देहायनुसारको अवस्था देखिन्छ:

निर्णयको सम्क्षिप्त व्यहोरा	निर्णय सङख्या	निर्णयको सम्क्षिप्त व्यहोरा	निर्णय सङख्या
नीतिगत निर्णय	१४४	कर्मचारी सम्बन्धी	७६
कार्यक्रम/बजेट निकासा	६४	विविध कार्यक्रम सम्बन्धी	२२
परिषद्/ समिति गठन	४३		

आयोगले निर्णय नम्बर १२५१ अनुसार आयोगको सेवामा कार्यरत सहायक स्तरका कर्मचारीको कार्यदक्षता अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय तालिममा सहभागी गराउने, निर्णय नम्बर १२९८ अनुसार माननीय मन्त्रीज्यूको सचिवालयमा कार्यरत एक कर्मचारिको माल्दिभ्स भ्रमण खर्च रु.१ लाख ८३ हजार व्यहोर्ने, निर्णय नम्बर १३३१ अनुसार वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि कर्मचारीलाई रु. ६ लाख ५ हजारको खेलकुद ज्याकेट जस्ता प्रशासनिक विषयहरु समेत आयोगमा पुऱ्याई निर्णय गर्ने गरेको छ ।अधिकार प्रत्यायोजनबाट गर्न सकिने



प्रशासनिक प्रकृतिका कार्यमा समेत आयोग मार्फत निर्णय गरी कार्यान्वयन गर्ने गरेको उपयुक्त देखिएन । नीतिगत विषयमा केन्द्रित हुने गरी निर्णय व्यवस्थापन प्रक्रियामा सुधार गर्नुपर्दछ ।

२६. **अनुसन्धान सहयोग** - विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि, २०७६ मा विश्वविद्यालयको शैक्षिक स्तर वृद्धिका लागि प्रत्येक वर्ष निश्चित कोटामा एम.फिल तथा विद्यावारिधि अध्ययनका लागि अनुदान उपलब्ध गराउने व्यवस्था छ । यसै व्यवस्थानुसार किस्तागत रुपमा वृत्ति रकम उपलब्ध गराउँदै आएको छ ।कार्यविधिले विद्यावारिधि ५ र एम.फिल. १.५ वर्षमा सम्पन्न गर्न नसकेमा एक पटकका लागि १ वर्ष थप हुने र थप म्यादभित्र कार्य सम्पन्न गर्न नसकेमा अनुदान रोक्का गरी सुविधा वञ्चितको सूचीमा राख्ने व्यवस्था गरेको छ । पि.एच.डी. छात्रवृत्तितर्फ २०५४/५५ देखि २०६५/६६ सम्म ४२ अनुसन्धानकर्ताले ५ वर्षभित्र सोधपत्र बुझाउने गरी प्रथम र दोश्रो किस्ता समेत रु.२५ लाख १० हजार भुक्तानी लिएकोमा २०७५/७६ सम्म सोधपत्र बुझाएका छैनन् । निर्धारित समयमा शोधकार्य सम्पन्न नहुँदा शैक्षिक गुणस्तरमा पर्ने प्रभाव अध्ययन गरेको छैन भने समयमा प्रगति पेश गराई शोधकार्य सम्पन्न गराउनेसम्बन्धमा आयोगले अनुगमन व्यवस्था सुदृढ गर्न सकेको देखिएन ।अनुसन्धानका प्रत्येक चरणमा निरन्तर अनुगमन गर्दै समयमानै वृत्ति सम्पन्न गर्ने संयन्त्र स्थापित गर्नुपर्दछ ।

२७. **अनुगमन** - विश्वविद्यालयको सञ्चालन तथा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकमको समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयमा शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना भएकोले आधारभूत सूचकहरु तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रारुप (M & E Framework) तथा मार्गदशन तयार गरी विश्वविद्यालयहरूलाई उपलव्ध गराएको अनुदानको प्रभावकारी उपयोग र विश्वविद्यालयहरू र मातहतका शैक्षिक संस्थाहरूका शैक्षिक गुणस्तर अनुगमन तथा मूल्याङ्कन कार्य गरी सुधार गरी अघि बढ्नुपर्दछ । आयोगले प्रदान गरेको अनुदान रकमबाट सम्बन्धित क्याम्पसले गरेको खर्च र प्रगति अवस्थाको अनुगमन गरी सुधारका लागि सुझाव सहितको प्रतिवेदन तयार गर्न आयोगमा अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ । अनुगमन कार्यमा नियमिततर्फ रु.१५ लाख ३७ हजार र परियोजनातर्फ रु.३२ लाख २ हजार समेत रु.४७ लाख ३९ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छनः

२७.१. आयोगको अनुगमन तथा मूल्याङ्कन शाखामा स्थापनाकालदेखि नै एक अधिकृत सहित दुईको मात्र दरवन्दी रहेको छ । अनुगमन टोली गठन गर्दा १ अनुगमन शाखाको, १ आर्थिक प्रशासन शाखाको र १ अनुदानसँग सम्बन्धित शाखाको जनशक्ति सहित ३ जनाको टोलिले अनुगमन गर्ने गरेको जानकारीमा आएको छ । परीयोजनाबाट भएको निकासाको अनुगमन गर्न शाखामा लेखी नआउने, परियोजनाबाट भएको कार्यको जानकारी समेत अनुगमन शाखामा नआउने कारण एकीकृत अनुगमन तथा मूल्याङ्कन योजना तयार हुन नसकी नियमिततर्फ सामुदायिक क्याम्पसलाई प्रदान गरेको भौतिक पूर्वाधार विकास अनुदानको मात्र शाखाबाट अनुगमन हुँदै आएको छ ।

२७.२. हरेक चौमासिकमा अनुदान प्राप्त विश्वविद्यालयको सहभागितामा समीक्षा बैठक गर्ने गरेको छ । बैठकमा प्रस्तुत भएका समस्या र चुनौतीलाई लिपिवद्ध गरी समाधानको एकीकृत प्रयास भएको देखिएन । अनुगमनलाई सुधारको टुलको रुपमाभन्दा नियमित कार्य (ritual action) को रुपमा मात्र लिएको छ । नियमित अनुदान प्राप्त गर्ने क्याम्पसको अनुगमनका लागि वार्षिक योजना तयार गरेपनि बजेटको सुनिश्चितता गर्नसकेको छैन । विगत वर्षमा एक व्यक्ति एक क्याम्पस र एक अनुगमन प्रतिवेदनका आधारमा प्रतिवेदन लेखनको रकम उपलब्ध गराउँदा उल्लेख संख्यामा क्याम्पसको

अनुगमन भएकोमा हालका वर्षमा उक्त कार्यमा बजेट व्यवस्थापन हुन नसक्दा प्रोत्साहन कम भएकोले कर्मचारी अनुगमनमा जान इच्छुक नहुँदा कम प्रगति भएको जानकारी प्राप्त भएको छ ।

२७.३. विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर कायम गर्न विश्वविद्यालयहरूमा न्यूनतम पूर्वाधार आवश्यक पर्दछ । विश्वविद्यालयहरू स्थापना गर्नु अघि र स्थापना पश्चात समेत विश्वविद्यालयहरूको भौतिक पूर्वाधार, शैक्षिक, प्रशासकीय र पुस्तकालय भवनहरूको व्यवस्था, छात्रावासको व्यवस्था, कक्षा कोठाको व्यवस्था, विद्यार्थी संख्याको अनुपातमा पर्याप्त फर्निचर, उपकरण र प्रयोगशालाको व्यवस्था, अध्यापन र अनुसन्धान गर्न योग्यता पुगेका शिक्षक प्राध्यापक, अनुसन्धानको व्यवस्था, एक तिहाई विद्यावारिधि गरेको शिक्षकको व्यवस्था लगायत प्राथमिक उपचार, पिउने पानी, इन्टरनेट, खेल मैदान, बगैँचा आदि अवश्यक पूर्वाधार रहे नरहेको सम्बन्धमा अनुगमन गरी न्यूनतम पूर्वाधार व्यवस्थापन सम्बन्धमा आयोगले आवश्यक निर्देशन गरेको पाईएन । यसले गर्दा विश्वविद्यालयहरू शिक्षाको स्तर र गुणस्तर कायम गर्नका लागि आवश्यक न्यूनतम पूर्वाधार प्रति उदासिन रहने अवस्था छ ।

अनुगमनलाई प्रभावकारी रूपमा व्यवस्थित गर्न इन्टिग्रेटेड रिजल्ट बेस्ड मोनिटरिङ फ्रेमवर्क नभएको, अनुगमन शाखाले दोस्रो उच्च शिक्षा परीयोजनाका कार्यक्रमको अनुगमन गर्ने गरी वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना तयार नगरेकोले अनुगमन व्यवस्थित र प्रभावकारी हुनसकेको छैन । उपरोक्त विषयहरू आयोगको अनुगमन प्रतिवेदनको फ्रेमवर्कमा आउने र पृष्ठपोषण अनुगमन (Feedback Monitoring) समेत हुनेगरी एकीकृत अनुगमन फ्रेमवर्क बनाई अनुगमन गर्नुपर्दछ ।

२८. **आयोगको उपलब्धि** - विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ ले आयोगलाई विश्वविद्यालय स्थापना सम्बन्धमा परामर्श, अनुदान सम्बन्धमा नीति निर्धारण, विश्वविद्यालयहरुबीच समन्वय जस्ता जिम्मेवारी तोकेको छ । ऐनबाट तोकेको काम कर्तव्य प्रभावकारी रुपमा हुन नसकेका अवस्था देहायबमोजिम छः

- आयोग स्थापना पश्चात खुलेका मध्यपश्चिमाञ्चल, पूर्वाञ्चल, सुदुर पश्चिमाञ्चल, पोखरा, नेपाल खुला, लुम्विनी बौद्ध र राजर्षी जनक विश्वविद्यालय स्थापनाका लागि मन्त्रालयले परामर्श माग गरेकोमा परामर्श उपलव्ध गराएको छ । तर विश्वविद्यालयको लागि आवश्यक पर्ने भौतिक, प्राज्ञिक तथा प्रशासनिक क्षमता कायम गर्ने सम्बन्धमा स्पष्ट आधार तथा मापदण्डहरु परामर्शमा समावेश हुने गरेको देखिएन ।
- विश्वविद्यालयका लागि बजेटमा समावेश भई आएको रकम आयोगको बैठकबाट अनुमोदन गरी सम्बन्धितलाई निकासा दिदै आएको छ ।तर निकाशा भई गएको रकमबाट भएको खर्चको सम्बन्धमा चौमाशिक समीक्षा हुने गरेपनि प्रभावकारी अनुगमन तथा प्रभाव मूल्याङ्क हुने गरेको छैन ।साथै मन्त्रालयबाट आयोगलाई बाँडफाँड प्रयोजनका लागि प्राप्त निकासामध्येबाट बाँकी रकम आयोगको खातामा मौज्दात रहने गरेकोले निकासाको लागि आधार स्पष्ट नभएको तथा मन्त्रालयमा सोझै कार्यक्रम पेश गरी निकासा हुने गरेको छ ।
- आयोगका ११ सदस्यमध्ये २ उपकुलपति र २ वरिष्ठ प्राध्यापक रहेकोले विश्वविद्यालयहरुको प्रतिनिधित्व रहे तापनि शैक्षिक स्तर निर्धारणका सम्बन्धमा विश्वविद्यालयहरुबीच बैठक राखी अनुभवको आदान प्रदान, शैक्षिक स्तर सम्बन्धमा संयुक्त गोष्ठी, छलफल तथा समन्वयको क्रियाकलापहरु गरेको पाइएन ।
- आयोगले क्याम्पस तथा कलेजहरुलाई लक्षित गरी गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धमा कार्यक्रमा सञ्चालन गर्दै आएको छ । छनौट भएका क्याम्पस तथा कलेजमा गुणस्तरसम्बन्धी

कार्यक्रमा सञ्चालन गरेपनि विश्वविद्यालयबीच गुणस्तरमा एकरुपता कायम गराउनेसम्बन्धमा भरपर्दो संयन्त्र तयार गरेको छैन ।

- आयोगले काम कारबाही समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्ने गरेको भएपनि नेपाल सरकार समक्ष पेश गर्ने गरेको देखिएन । यसबाट आयोगको काम कारबाहीका बारेमा नेपाल सरकारलाई सूचना प्राप्त भई समीक्षा तथा सुधार गर्ने कार्य प्रभावित भएको छ ।
- आयोगले कार्यक्रम कार्यविधिमा समावेश गरी विश्वविद्यालयको शैक्षिक स्तर वृद्धिका लागि प्रत्येक वर्ष एम.फिल तथा विद्यावारिधि अध्ययनका लागि अनुदान उपलब्ध गराउदै आएको छ ।तर कार्य समयमै सम्पन्न नगर्ने सोधकर्तालाई सुविधा वञ्चितको सूचीमा समावेश गरी वृत्ति रोक्का गर्ने गरेपनि निर्धारित समयमा शोधकार्य सम्पन्न गर्ने सम्बन्धमा अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन।

अनुगमनको कमी तथा अवश्यक कानुनी व्यवस्था नभएकोले आयोगले तोकिएको जिम्मेवारी प्रभावकारी रुपमा सम्पन्न गर्न कठिनाई परेको छ ।शिक्षा नीतिले उल्लेख गरेबमोजिम अनुदान आयोग ऐन, २०५० परीमार्जन गरी संस्थागत अनुदानको उपयोग एवं सञ्चालित क्रियाकलापहरुको अनुगमन गर्नु पर्दछ ।

निष्कर्ष

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० अनुसार २०५१ श्रावणमा आयोग गठन भए पश्चात सचिवालय स्थापना भई कार्यक्रम सञ्चालन हुँदै आएको छ । वहुविश्वविद्यालयको अवधारणा अनुरुप स्थापना भई सञ्चालनमा रहेका १० विश्वविद्यालयलाई आयोगले नेपाल सरकारबाट प्राप्त हुने अनुदान उपलब्ध गराउदै आएकोमा सबै विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न एकीकृत उच्च शिक्षा ऐन आवश्यक देखिएकोमा बन्नसकेको छैन साथै विशिष्टिकृत विषय अध्यापन गराउन अन्तर्राष्ट्रिय अशल अभ्यासको रुपमा रहेको मानित विश्वविद्यालयसम्बन्धी अवधारणा कार्यान्वयनमा आउनसकेको छैन । आयोगको २०७२ वैशाख ७ को निर्णयअनुसार सम्बन्धन व्यवस्थापन नहुँदा विश्वविद्यालयहरुले स्थापना भएको प्रदेश भन्दा फरक प्रदेशमा सम्बन्धन विस्तार गरेकोमा आयोगले नियमन गर्नसकेको छैन । यसले गर्दा आयोगबाट प्रभावकारी रुपमा विश्वविद्यालयहरुको अनुगमन हुन सकेको छैन । आयोगबाट सञ्चालित संस्थागत अनुदान, गुणस्तर प्रत्यायन, शैक्षिक स्तर निर्धारण, शोधकार्यहरुबाट शैक्षिक गुणस्तर अभिवृद्धिमा पुऱ्याएको योगदानको अनुगमन एवं मूल्याङ्कन नभएबाट उपरोक्त क्रियाकलापहरु दक्षातापूर्वक व्यवस्थित गरिएका छन्, तथा आयोगको भूमिका प्रभावकारी छ भन्ने स्थिति देखिएन । शिक्षा नीतिमा उल्लेख भएबमोजिम आवश्यक कानुनी व्यवस्था र आयोगको उद्धेश्य प्राप्ति गर्न रणनीतिक योजना बनाई प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

सिँचाइ आयोजनामा उपभोक्ता समिति परिचालन

परिचय

१. **पृष्ठभूमि** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद गर्दा तोकिएबमोजिमको अवस्था र खरिद मूल्यको आधारमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई खरिद गर्न सक्ने उल्लेख छ । सोही ऐनको दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो सेवा लिन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको व्यवस्था रहेको छ । सार्वजनिक निकायबाट प्रदान गरिने सेवा सुविधा व्यवस्थापनका लागि सरकारले विकास र समृद्धि सम्बद्ध क्रियाकलापहरु सञ्चालन गर्दछ । नेपाल सरकारले मातहत निकायमा सञ्चालन हुनेविविध कार्यमध्ये सार्वजनिक खरिद एक मुख्य क्षेत्र हो । नागरिकको विकास सम्बद्ध क्रियाकलापमा सहभागिता अभिवृद्धि गर्ने अभिप्राय स्वरुप उपभोक्ता समिति मार्फत विविध कार्य सम्पादन हुँदै आएका छन् ।उपभोक्ता समितिको सहभागिताबाट स्थानीय सीप र प्रविधिको प्रयोग हुने, रोजगारी सिर्जना हुने, सरोकारवालाको अपनत्व विकास हुने, योजना तथा कार्यक्रमको दीगोपना हुने अपेक्षा राखिएको हुन्छ । सार्वजनिक खरिद ऐन र नियमावली सहित संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह एवं आयोजनागत रुपमा विभिन्न क्षेत्रमा उपभोक्ता समितिको संलग्नता र व्यवस्थापन सम्बन्धमा कार्यविधिहरु कार्यान्वयनमा रहेका छन् ।

२. **नेपालमा उपभोक्ता समिति** - बि.सं.२०२८ सालमा खानेपानी आयोजनाका लागि पाइप बोक्ने र पाइप बिछ्याउने काम लाभग्राही समूहलाई नै विकास कार्यमा सहभागी गराउने सिद्धान्त सहित जनसहभागिताको नाममा कार्य सुरु भएको थियो । त्यसै क्रममा गाउँ विकास समितिहरुले २०४९ सालमा ५० हजार र २०५१ मंसिर १४ गतेदेखि ३ लाख रुपैयाँ अनुदान दिन थालेपछि विकास निर्माणका कार्यमा उपभोक्ताहरूलाई लागत सहभागिता सहित संलग्न गराउने क्रम बढेको हो । उक्त समयमा दुई लाख रुपैयाँसम्मको आयोजनामा लाभग्राही समुदायले ४० प्रतिशत योगदान गरे स्थानीय निकायले ६० प्रतिशत अर्थात् रु.१ लाख २० हजारसम्म अनुदान दिने गरी सञ्चालन गरिएका थिए । त्यसका सकारात्मक पाठबाट उत्साहित भएर २०५५ सालमा बनेको स्थानीय स्वायत्त शासन ऐनमा र २०६४ सालमा बनेको स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिहरूले स्थानीय जनतासँग प्रत्यक्ष सरोकार राख्ने आयोजनाहरू उपभोक्ता समिति गठन गरी त्यस मार्फत गर्ने प्रावधान राखिएको थियो । यी प्रावधानअनुसार काम गर्न कार्यविधिमा अपुग भएको महसुस गरी स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९ मा उपभोक्ता समिति गठन, आयोजना सञ्चालन, अनुगमन तथा हिसाब फरफारक गर्ने विधिसमेत उल्लेख गरिएको थियो । त्यसैगरी, सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५ ले समेत निर्माण सेवा खरिदको एक विधिका रूपमा यो विधि स्वीकार गर्यो । हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७४ (नमूना) तयार गरी ७५३ वटै स्थानीय तहका सरकारले आफूले आवश्यक परिमार्जन गरी यससम्बन्धी कार्यविधि पारित गर्न सक्ने व्यवस्था गरेको छ ।

३. **नीतिगत ब्यवस्था** - सिंचाइ आयोजनामा उपभोक्ता समिति परिचालनसम्बन्धी नीतिगत ब्यवस्था देहायबमोजिम रहेका छन्:

३.१. सिंचाइ नीति, २०७० मा सिंचाइ प्रणालीहरुको निर्माण, संचालन तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संगठनलाई सहभागी गराउने, सिंचाइ आयोजनाको तर्जुमा, निर्माण तथा स्थानीयस्तरका साना सिंचाइ आयोजना प्रणालीहरुको विकास तथा व्यवस्थापनमा स्थानीय निकाय र उपभोक्ता संस्थाका प्रभावकारी संलग्नता बढाउन जोड दिने एवं सिंचाइ आयोजनासम्बन्धी सूचना समयमै प्रभावकारी रुपमा प्रवाह गरी आयोजनाका बारेमा स्थानीय निकाय, उपभोक्ता संस्था र जनसमुदायको सहभागिता वृद्धि गर्ने उल्लेख छ ।

३.२. पन्ध्रौ आवधिक योजना (२०७६।७७-२०८०।८१) मा सिंचाइ प्रणालीको मर्मत सम्भार एवं दीगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने उल्लेख छ ।

३.३. वागमती प्रदेश प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा संघीय सरकारबाट अध्ययन भैसकेका मझौला तथा बहुउद्देश्यीय सिंचाइ आयोजनाहरुलाई प्रथामिकता दिई कार्यान्वयन गर्ने संघ, स्थानीय तह र समुदायसँग सहकार्य गर्ने नीति रहेको छ ।

४. **कानुनी ब्यवस्था** - सिंचाइ आयोजना निर्माण एवं सञ्चालनसँग सम्बन्धित कानुनी व्यवस्था देहायबमोजिम रहेका छन्:

- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, नियमावली, २०७६
- प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६
- जलस्रोत ऐन, २०४० तथा नियमावली, २०५०
- सिंचाइ ऐन तथा नियमावली, २०५६
- उपभोक्ता संस्था मार्फत निर्माण कार्य सञ्चालन गर्ने गराउने कार्यविधि, २०६०

५. **सांगठानिक ब्यवस्था** - प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका १३ जलस्रोत तथा सिंचाइ विकास डिभिजन एवं २ भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालयहरु मार्फत सिंचाइ आयोजनाको छनौट एवं कार्यान्वयनसम्बन्धी कार्य भइरहेको छ ।

६. **कार्यक्रम र प्रगति** - स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गरी प्रगति हासिल गर्नु जिल्ला स्थित कार्यालयहरुका प्रमुखहरु जिम्मेवारी हो । प्रदेश अन्तर्गतका जिल्लाहरुमा रहेका १३ जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय एवं २ भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालयको २०७५/७६ र २०७६/७७ को भौतिक प्रगति निम्नानुसार रहेको छ :

(प्रतिशतमा)

जिल्ला	२०७५।७६	२०७६।७७
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, दोलखा	६६	८४
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रामेछाप	७४	५७
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, सिन्धुली	५३	८४
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, काभ्रेपलान्चोक	९२	८०
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, काभ्रेपलाञ्चोक	४९	२५

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, सिन्धुपाल्चोक	५०	७४
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रसुवा	४९	८१
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, नुवाकोट	६३	८९
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, धादिङ्ग	९९	६६
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, चितवन	८१	७०
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, चितवन	८६	७५
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, मकवानपुर	८५	७१
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, भक्तपुर	९७	४९
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, ललितपुर	६६	६५
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, काठमाण्डौं	९८	६४
जम्मा	**७०**	**७२**

७. **वित्तीय ब्यवस्था** - वागमती प्रदेश अन्तर्गत सिंचाइ आयोजना कार्यान्वयन गर्ने कार्यालयहरुको लागि २०७५/७६ र २०७६/७७ मा क्रमशः रु.१ अर्ब ९ करोड ९२ लाख र रु.२ अर्ब ८४ करोड ६५ लाख बजेट ब्यवस्था भई रु.७७ करोड २९ लाख र रु.२ अर्ब ८ करोड १७ लाख खर्च भएको छ।

८. **लेखापरीक्षणको औचित्य** - उपभोक्ता समितिबाट सञ्चालित क्रियाकलापका सम्बन्धमा राजनीतिक, प्रशासनिक र नागरिक तहमा चासो दिनहुँ बढिरहेको छ । सरकारका हरेकजसो निकायले उपभोक्ता समितिसँग हातेमालो गर्दै आएको तथा राज्यको कुल खर्चमा उपभोक्ता समिति मार्फत सम्पादन गरिने कार्यको अंश उल्लेख्य रहने गरेको सन्दर्भमा उपभोक्ता समिति मार्फत सम्पादित कार्यको प्रभावकारिता मूल्याङ्कन र विश्लेषण गरी यथार्थता पहिचान गर्न कार्यमूलक लेखापरीक्षण गरिएको हो ।

९. **लेखापरीक्षणको उद्देश्य** - सिंचाइ योजनाहरुमा उपभोक्ता समितिको परिचालन सम्बन्धमा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषय वस्तु सुनिश्चित गर्नु लेखापरीक्षणको सहायक उद्देश्य रहेका छन् :

- उपभोक्ता समिति गठन, दर्ता र नवीकरण एवं सूचीकरण भए नभएको,
- आयोजना खाता र जनसहभागिताको अवस्थाको मूल्याङ्कन,
- उपभोक्ता समितिको संस्थागत विकास र क्षमता अभिवृद्धि सम्बन्धी अवस्थाको मूल्याङ्कन,
- हेभी इक्वीप्मेन्टको प्रयोग र जटिल संरचना निर्माणको अवस्था मूल्याङ्कन गर्ने,
- आयोजनाको मर्मत सम्भार र दीगोपनाको मूल्याङ्कन गर्ने ।

१०. **लेखापरीक्षण क्षेत्र** - वागमती प्रदेश भौतिक पूर्वाधार मन्त्रालय एवं अन्तर्गत १३ जिल्ला स्थित जलश्रोत तथा सिंचाइ विकास विकास डिभिजन कार्यालयबाट २०७५/७६ र २०७६/७७ मा उपभोक्ता समिति मार्फत् सञ्चालित सिंचाइ आयोजनाहरु लेखापरीक्षणको क्षेत्रमा समावेश छ ।

११. **लेखापरीक्षण पद्धति** - लेखापरीक्षणको क्रममा प्रक्रियामूलक र समस्यामूलक पद्धति अवलम्बन गरिएको छ । उपभोक्ता समितिको गठन, दर्ता एवं नवीकरण सम्बन्धमा प्रक्रियामूलक पद्धति र प्याकेजिङ, कार्य विभाजन, जनसहभागिता, हेभी इक्वीप्मेन्टको प्रयोग, जटिल संरचना निर्माण लगायतका सम्बन्धमा समस्या पहिचान एवं निराकरणमा केन्द्रीत भई समस्यामूलक पद्धति प्रयोग गरिएको छ । प्रस्तुत लेखापरीक्षणमा कार्यालयले अवलम्बन गरेका नीति, मानदण्ड, निर्देशिका र मार्गदर्शनमा उल्लेख भएका विधि र प्रकृयाको समेत अवलम्बन गरिएको छ । यस बाहेक लेखापरीक्षणको क्षेत्रमा परेका निकायहरुबाट विभिन्न प्रश्नावली एवं फारामहरु मार्फत सूचना तथा जानकारी सङ्कलन गरिएको छ ।

विवरण एवं सूचना सङ्कलन प्रयोजनको लागि दूर लेखापरीक्षण (Remote Audit) विधिको समेत अवलम्बन गरिएको छ ।

१२. **लेखापरीक्षणको सीमा** - प्राप्त सूचना, अभिलेख, विवरण सेवाग्राहीसँगको अन्तरवार्ता तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ । कोभिड-१९ को सँक्रमणको कारण योजनाअनुसार स्थलगत भ्रमण गर्न सकिएको छैन । प्राप्त सूचनाको विश्वसनियता, समय सीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान लगायतका सिमितता रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१३. **सिंचाइ नीति एवं रणनीति -** नेपालको संविधानले सिंचाइलाई तीनै तहको सरकारको साझा अधिकार सूचीमा राखेको छ । नेपाल सरकारको पन्ध्रौं आवधिक योजनाले संघीयता अनुकूलको सिंचाइ नीति, रणनीति, प्राथमिकता, कार्यसूची र मापदण्ड बनाई तीन तहका सरकारको कार्य जिम्मेवारी निर्धारण गर्ने कार्यनीति लिएको छ । हाल नेपाल सरकारले विगतमा जारी गरेको सिंचाइ नीति, २०७० एवं सिंचाइ नियमावली, २०५६ कार्यान्वयनमा रहेका छन् । बागमति प्रदेश सरकारको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) ले सिंचाइको दीर्घकालीन गुरुयोजना/रणनीतिक योजना निर्माण गर्ने कार्य नीति लिएको छ । प्रदेश सरकारले आफ्नो प्रदेशको लागि सिंचाइसम्बन्धी बेग्लै नीति एवं रणनीति लागू गरेको छैन । यसैगरी प्रदेश अन्तर्गतका स्थानीय तहहरुले समेत सिंचाइसम्बन्धी बेग्लै नीतिगत व्यवस्था गरेको देखिदैन । नेपाल सरकारले पन्ध्रौं आवधिक योजनामा उल्लेख भएबमोजिम संघीयता अनुकूलको सिंचाइ नीति, रणनीति, प्राथमिकता, कार्यसूची र मापदण्ड बनाई तीन तहका सरकारको कार्य जिम्मेवारी निर्धारण गरेको देखिएन । यसरी संघीयता अनुकूलको सिंचाइ नीति, रणनीति, प्राथमिकता, कार्यसूची र मापदण्ड बन्न बाँकी रहेकोले तीन तहका सरकारबीच सिंचाइ योजना कार्यान्वयन र समन्वयनमा समस्या आउने एवं स्रोतको दक्षतापूर्ण परिचालनमा कठिनाइ हुने देखिएकोले आवधिक योजनाको कार्यनीतिबमोजिम संघीयता अनुकूलको सिंचाइ नीति, रणनीति, प्राथमिकता, कार्यसूची र मापदण्ड बनाई तीन तहका सरकारको कार्य जिम्मेवारी निर्धारण गर्नुपर्दछ ।

हाल कार्यान्वयनमा रहेका सिंचाइसम्बन्धी नीतिहरुमा सिंचाइ आयोजनाहरुमा उपभोक्ता समितिको परिचालन सम्बन्धमा केही उल्लेख भए तापनि आयोजनाको छनौटदेखि मर्मत सम्भार र दीगो सञ्चालनसम्बन्धी आयोजनाका प्रत्येक चरणमा उपभोक्ता समितिको परिचालन कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट उल्लेख छैन। यसको अभावमा उपभोक्ता परिचालनलाई थप व्यवस्थित गर्न कठिनाई रहेको अवस्था छ। तसर्थ सिंचाइ नीतिहरुमा उपभोक्ता समिति परिचालन सम्बन्धमा थप स्पष्ट व्यवस्था गर्नुपर्दछ।

१४. **सिँचाईको अवस्था -** कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्था गर्न आवश्यक रहेको छ । पन्ध्रौं आवधिक योजनाअनुसार कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमिनमध्ये २२ लाख ६५ हजार हेक्टर सिंचाइयोग्य जमिन रहेको छ । सिंचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्त्वका ठूला सिंचाइ संघबाट, मझौला सिंचाइ प्रदेशबाट र साना सिंचाइ आयोजनामा स्थानीय तहबाट लगानी परिचालन गर्ने व्यवस्था मिलाउन आवश्यक छ । वागमती प्रदेशको पहिलो आवधिक योजनाअनुसार प्रदेशमा कृषियोग्य जमिन ३ लाख ४३ हेक्टर रहेको छ जुन प्रदेशको कुल क्षेत्रफलको करिब १७ प्रतिशत हुन आउँछ। तर सिंचाइयोग्य जमिन सम्पूर्ण कृषियोग्य जमिनको आधा (४९.५ प्रतिशत) मात्र छ। झनै सिंचित जमिन सिंचाइयोग्य जमिनको तुलनामा आधाभन्दा केही प्रतिशत मात्र ज्यादा (५९.७ प्रतिशत) छ। लेखापरीक्षणको

क्रममा सङ्कलित विवरणअनुसार जिल्लागत कृषियोग्य जमिन, कृषियोग्य मध्ये सिंचाइयोग्य जमिन र सिंचाइयोग्य मध्ये सिंचाइ पूर्वाधार पुगेको जमिन देहायबमोजिम रहेको देखिन्छ ।

क्षेत्रफल हेक्टरमा

जिल्ला	कुल क्षेत्रफल	कुल क्षेत्रफलमध्ये खेतीयोग्य जमिनको क्षेत्रफल	खेतीयोग्य जमिन मध्ये खेती भईरहेको जमिनको क्षेत्रफल	खेतीयोग्य जमिन मध्ये सिंचाइ सुविधा पुगेको जमिनको क्षेत्रफल	सिंचाइ सुविधा पुगेको जमिन मध्ये खेती भईरहेको जमिनको क्षेत्रफल
दोलखा	२१४८८५	३८७९६	२१०६७	७४५१.०	७४५१.०
रामेछाप	१५६५३९	५०९८०	१२४९९	९५००.०	९५००.०
सिन्धुली	२४८६१९	६२७१३	४९७८९	९१५८.०	४८४८.०
काभ्रेपलान्चोक	१३९४३६	५४५८१	२७२९१	१०४१७.५	१०४१७.५
सिन्धुपाल्चोक	२४९२१३	३३८२०	२३६७४	९०३७.०	९०३७.०
रसुवा	१५०११५	११६४७	५८२४	२०३८.२	२०३८.२
नुवाकोट	१११९३२७	५६८००	२८४००	९३५६.०	९३५६.०
धादिङ्ग	१९०६६४	४८१३६	३५१५०	१६७७८.०	१६७७८.०
चितवन	२२३९९७	४६८९४	४४२९१	३२२१९.०	३०६०८.०
मकवानपुर	२२४३२३	३८४५५	३६६३४	१४२५०.०	१४२५०.०
भक्तपुर	१२३५९	६०४४	३२८२	११४८.७	११४८.७
ललितपुर	३९६३७	११०६८	६०१०	३२६९.०	३२६९.०
काठमाण्डौं	४१३२९	८५७०	४६५४	४२०८.०	४२०८.०
जम्मा	२०१०४४३	४६८५०४	२९८५६४	१२८८३०	१२२९०९

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

१४.१. वागमती प्रदेशको कुल क्षेत्रफल २० लाख १० हजार ४४३ हेक्टरमध्ये २३.३० प्रतिशत अर्थात ४ लाख ६८ हजार ५०४ हेक्टर जमिन खेतीयोग्य रहेको देखिन्छ । कुल खेतीयोग्य जमिनको ६३.७३ प्रतिशत अर्थात २ लाख ९८ हजार ५६४ हेक्टर जमिन मात्र खेती भई रहेको एवं खेती भई रहेको जमिनको ४३.१५ प्रतिशत अर्थात १ लाख २८ हजार ८३० हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको देखिन्छ । जसअनुसार कुल खेती भई रहेको जमिन मध्ये ५६.८५ प्रतिशत अर्थात १ लाख ६९ हजार ७३४ हेक्टरमा सिंचाइ सुविधा पुग्न बाँकी रहेको देखिन्छ ।

१४.२. प्रदेश भित्रका कतिपय सिंचाइ सुविधा पुगेका जमिनहरु घर घडेरी तथा खेती बाहेकका अन्य प्रयोजनमा समेत प्रयोग भई रहेको अवस्था रहेको छ । प्राप्त विवरणअनुसार सिन्धुली र चितवन बाहेकको जिल्लामा सिंचाइ सुविधा पुगेको सबै जमिनमा खेती भई रहेको उल्लेख छ । काठमाडौं उपत्यका लगायतका जिल्लाहरु जहाँ बस्ती बिस्तार भई रहेका छन् त्यस्ता स्थानमा सिंचाइ सुविधा पुगेको वा नपुगेको खेतीयोग्य जमिन घरघडेरी लगायतका प्रयोजनमा प्रयोग भई रहेको देखिन्छ । सम्बन्धित सिंचाइ कार्यालयहरुले सिंचाइ सुविधा भएका जमिन खेती बाहेक अन्यत्र प्रयोग भएको सम्बन्धमा अध्ययन नगरेको कारण यस्तो स्थिति देखिएको छ ।

उपभोक्ता समिति परिचालन मार्फत स्वीकृत कार्यक्रम समयमै कार्यान्वयन गरी सिंचित क्षेत्रको विस्तार गर्ने एवं विगतमा निर्माण भएको सिंचाइ प्रणालीको प्रयोग, सिंचित जग्गाको अन्य प्रयोगमा नियन्त्रण गर्नुपर्दछ ।

१५. **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरदि ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको

मुख्य उद्देश्य नै रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद कानुनमा सार्वजनिक निर्माणसम्बन्धी कार्य निर्माण व्यवसायीको अलावा उपभोक्ता समितिबाट समेत गराउन सक्ने व्यवस्थाअनुसार सिंचाइ आयोजनाहरुको उपभोक्ता समिति परिचालन मार्फत निर्माण कार्य हुने गरेको छ । प्रदेश एकल कोष खाताबाट प्राप्त खर्चको विवरणको विश्लेषण गर्दा २०७६/७७ मा प्रदेश भित्रका जिल्लामा रहेका सिंचाइ कार्यालयहरुले उपभोक्ता समिति परिचालनको अवस्था निम्नानुसार रहेको देखिन्छ :

कार्यालय	२०७६।७७			
	कुल पूँजीगत खर्च	आयोजना निर्माण खर्च	उपभोक्ता समिति मार्फत भएको खर्च	प्रतिशत
दोलखा	१९९५१५	१९९५१५	६२३६३	३१.२६
रामेछाप	८९९७१	८५५३६	४७६८२	५५.७४
सिन्धुली	२४९२४५	२४८९४७	५२०१४	२०.८९
काभ्रेपलान्चोक	२२०१९२	२१७०४५	७६९७९	३५.४७
भूमिगत_काभ्रेपलाञ्चोक	२७६७४	२७६७४	९८८४	३५.७२
सिन्धुपाल्चोक	१८९८४८	१८४४९७	९५५१९	५१.७७
रसुवा	१०४८६०	१०३८७०	५०५२६	४८.६४
नुवाकोट	२९५१०४	२९००३४	१२८१९०	४४.२०
धादिङ्ग	१३४६१२	१२९०२३	७७२४४	५९.८७
चितवन	१३८०४८	१३३६०१	८२८८८	६२.०४
भूमिगत_चितवन	१००४८३	९८५४५	६९२८८	७०.३१
मकवानपुर	१६५६५८	१५७३८६	९३१३९	५९.१८
भक्तपुर	३५७०३	३५७०३	३०३२८	८४.९५
ललितपुर	५४७५४	५४७५४	५६१७	१०.२६
काठमाण्डौं	७५२७१	७५२७१	५३५७९	७१.१८
जम्मा	**२०८०९३८**	**२०४१४०१**	**९३५२४०**	**४५.८१**

उल्लिखित तालिका अनुसार २०७६/७७ मा प्रदेश अन्तर्गतको सिंचाइ कार्यालयहरुमा रु.२ अर्ब ८ करोड ९ लाख ३८ हजार पूजिगत खर्च भएकोमध्ये ९८ प्रतिशत आयोजनाको निर्माणमा खर्च भएको देखिन्छ । यसरी निर्माणमा भएको कुल खर्चमध्ये ४५.८१ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत भएको देखिन्छ । कार्यालयगत रुपमा सबैभन्दा बढी जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, भक्तपुरले ८४.९५ प्रतिशत, काठमाडौले ७१.१८ प्रतिशत र भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, चितवनले ७०.३१ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत गराएको देखिन्छ । सबैभन्दा घटी जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, ललितपुरले १०.२६ प्रतिशत, सिन्धुलीले २०.८९ प्रतिशत र दोलखाले ३१.२६ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत गराएको देखिन्छ । कार्यालयगत रुपमा भएको निर्माण खर्चमध्ये १०.२६ देखि ८४.९५ प्रतिशतसम्म कार्य उपभोक्ता समिति मार्फत गराएको कारण यसरी कार्य गराउने सम्बन्धमा ठूलो भिन्नता रहेको पाइयो । यसरी निकायहरुको उपभोक्ता समिति परिचालन सम्बन्धमा विविधता रहेकोमा उपभोक्ता समिति बढी वा घटी परिचालन गर्ने सम्बन्धमा स्पष्ट आधार खुलाएका छैनन् । सार्वजनिक खरिद कानूनमा उल्लेख भएबमोजिमको आधार नखुलाएको कारण उपभोक्ता समिति परिचालनमा कार्यालयको भूमिका महत्वपूर्ण रहने देखिन्छ । उपभोक्ता समिति परिचालनलाई कानूनसम्मत् र पद्धतिमा आधारित बनाउन प्राप्त बजेट निश्चित प्रतिशतभन्दा घटी वा बढी कार्य उपभोक्ता समिति मार्फत गराउँदा कार्यालयले स्पष्ट आधार खुलाई निर्णय गर्नुपर्दछ ।

१६. **उपभोक्ता समितिको गठन -** सिंचाइ नियमावली, २०५६ को नियम ३ मा उपभोक्ता संस्थाको दर्ता गर्दा सिंचाइ प्रणालीका उपभोक्ताहरले उपलव्ध भएसम्म तेत्तीस प्रतिशत महिला, दुईजना दलित, उत्पीडित र पिछडिएका जनजाति सहित एघार जनासम्मको कार्य समिति गठन गर्नुपर्ने र उपभोक्ता समिति गठन गर्दा सिंचित क्षेत्रको उपभोक्तामध्ये कम्तीमा सतसठ्ठी प्रतिशत उपभोक्ताको प्रतिनिधित्व हुनुपर्ने उल्लेख छ । लेखापरीक्षण क्षेत्रमा समावेशमध्ये मकवानपुर, चितवन, नुवाकोट, सिन्धुपाल्चोक र रामेछाप जिल्ला स्थित जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयले सञ्चालन गरेको ७१ योजनामा परिचालन भएका उपभोक्ता समिति गठनको अवस्था निम्नानुसार देखिएको छ :

जिल्ला	योजना संख्या	उपभोक्ता संख्या	गठनमा उपस्थित संख्या	कार्य समिति संख्या	महिला	दलित, उत्पिडित, पिछडिएका जनजाती
चितवन	५	१६९५	५८७	५७	२२	२२
नुवाकोट	३९	५९०२	२८०६	३५२	११९	१२२
रामेछाप	६	९६०	५१३	६०	२३	११
मकवानपुर	१२	नखुलेको	नखुलेको	१३२	४८	३६
सिन्धुपाल्चोक	९	नखुलेको	नखुलेको	७७	२३	१२
जम्माः	७१	८५५८	३९०६	६७८	२३५	२०३

यस सम्बन्धमा निम्नानुसार देखिएको छ :

१६.१. मकवानपुर र सिन्धुपाल्चोकले २१ योजनामा संलग्न उपभोक्ता समितिको कार्य समितिमा २०९ रहेको र सोमध्ये महिला एवं दलित, उत्पिडित, जनजातिको संख्या क्रमशः ७१ (३४ प्रतिशत) र ४८ (२३ प्रतिशत) रहेको छ ।

१६.२. चितवन, नुवाकोट र रामेछाप स्थित कार्यालयबाट प्राप्त जानकारीअनुसार ५० योजनासँग सम्बन्धित उपभोक्ता संख्या ८ हजार ५५७ मध्ये उपभोक्ता समिति गठनको समयमा ३ हजार ९०६ अर्थात् ४५.६५ प्रतिशत उपस्थित भएको देखिन्छ । यसरी उपस्थित भएका उपभोक्ता मध्येबाट ४६९ सदस्यीय कार्य समिति चयन भएको र सोमध्ये महिला र दलितको संख्या क्रमशः १६४ (३५ प्रतिशत) र १५५ (३३ प्रतिशत) रहेको देखिन्छ ।

उल्लिखित स्थितिको विश्लेषण गर्दा कार्य समितिमा समानुपातिक प्रतिनिधित्व हुने गरेको भए तापिन उपभोक्ता समिति गठन प्रक्रियामा आधाभन्दा कम उपभोक्ताहरुको मात्र सहभागिता हुने गरेको देखिन्छ । मन्त्रालयबाट उपलब्ध विवरणमा उपभोक्ता समिति परिचालनको समस्या दर्शाउने सिलसिलामा उपभोक्ता समितिको कार्य समितिमा समानुपातिक सहभागिता रहे तापनि समिति टाठाबाठाहरुको छायाँमा पर्ने गरेको उल्लेख छ । समिति गठनको प्रक्रियामा उपभोक्ताहरुको न्यून सहभागिताले यस अवस्था सिर्जना हुन थप बल पुग्ने स्थिति देखिएको छ ।

१६.३. उपभोक्ता समितिको कार्य समितिमा कस्ता ब्यक्तिहरु रहन सक्ने र कस्ता ब्यक्तिहरु रहन नपाउने भनी स्पष्ट ब्यवस्था नभएकोले स्थानीय रुपमा प्रभाव भएका जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी एवं शिक्षक लगायतका टाठाबाठाहरु कै संलग्नता रहने देखिन्छ ।

१६.४. उपभोक्ता समिति गठन गर्दा सम्बन्धित सरकारी निकायका प्रतिनिधिको रोहवरमा गर्ने र निर्माण हुने आयोजनासँग प्रत्यक्ष रुपमा संलग्न उपभोक्ता समितिहरुमध्येबाट कार्य समिति चयन गर्ने स्पष्ट ब्यवस्था नभएको अवस्थाले गर्दा समेत उपभोक्ता समितिको कार्य समितिमा आयोजनासँग प्रत्यक्ष रुपमा सम्बन्ध

नभएको ब्यक्तिहरु चयन हुनसक्ने समेत देखिएको छ । यस स्थिति भएमा आयोजना सम्बन्धमा अपनत्व नहुने र निर्माण पश्चात आयोजनाको दीगो सञ्चालनमा असर पर्ने देखिन्छ ।

तसर्थ उपभोक्ता समितिको कार्य समितिमा उपयुक्त पदाधिकारी छनौट सुनिश्चित हुने गरी उपभोक्ता समिति गठनसम्बन्धी स्पष्ट कार्यविधि बनाई लागु गर्नुपर्दछ ।

१७. **उपभोक्ता समिति दर्ता र नवीकरण** - जलस्रोत ऐन/नियमावलीले जिल्ला जलस्रोत समितिमा दर्ता हुने ब्यवस्था गरेको छ । सिंचाइ मन्त्रालयले जारी गरेको सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी उपभोक्ता संस्थाबाट निर्माण कार्य गर्ने गराउने कार्यविधि, २०६९ ले सिंचाइ कार्यालयमा दर्ता हुने ब्यवस्था गरेको छ । लेखापरीक्षण क्षेत्रमा समावेश जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरुबाट उपभोक्ता समिति दर्ता र नवीकरण विवरण माग गरेकोमध्ये मकवानपुर, चितवन, नुवाकोट, धादिङ लगायत ७ जिल्ला स्थित कार्यालयमा २०७५/७६ र २०७६/७७ मा दर्ता एवं नवीकरण भएका र सिंचाइ योजना निर्माण कार्यमा परिचालन भएका उपभोक्ता समितिको विवरण निम्नानुसार रहेको छ :

जिल्ला	दर्ता		नवीकरण		सिंचाइ योजनाको निर्माणमा संलग्न	
	२०७५/७६	२०७६/७७	२०७५/७६	२०७६/७७	२०७५/७६	२०७६/७७
चितवन	४	४	६	७	१०	१३
नुवाकोट	४	७	१४	१५	३३	३६
धादिङ	२४	२६	५	२१	२९	४७
रामेछाप	२	२	१९	१९	०	३
मकवानपुर	३	२	-	३	०	२८
सिन्धुपाल्चोक	२५	४६	-	२	१५	९
काभ्रेपलाञ्चोक	-	२५	-	३	०	२५
जम्माः	६२	११२	४४	७०	८७	१६१

यस सम्बन्धमा निम्नानुसार देखिएको छ :

१७.१. उल्लिखित विवरणअनुसार २०७५/७६ मा ती कार्यालयहरुमा ६२ उपभोक्ता समिति दर्ता भएको, ४४ उपभोक्ता समितिले नवीकरण गराएको एवं ८७ उपभोक्ता समिति निर्माण कार्यमा परिचालन भएको देखिन्छ । कार्यालयहरुले उक्त वर्ष मात्र दर्ता र नवीकरण गराएका उपभोक्ता समितिको संख्या मात्र उपलब्ध गराएकोले योजनामा परिचालन भएका उपभोक्ता समितिको संख्या बढी देखिन गएको छ ।

१७.२. यसैगरी २०७६/७७ को अवधिमा ती कार्यालयहरुमा ११२ उपभोक्ता समिति दर्ता, ७० उपभोक्ता समितिको नवीकरण र १६१ उपभोक्ता समिति आयोजना निर्माणमा परिचालन भएको देखिन्छ । यो वर्ष ७० उपभोक्ता समितिले मात्र नवीकरण गराएकाले २०७५/७६ मा दर्ता भएकाहरु समेत सबै उपभोक्ता समिति नवीकरणको लागि आएको देखिएन ।

१७.३. आर्थिक वर्ष २०७५/७६ मा ६ कार्यालयमा ६२ संस्था दर्ता भएकोमा २०७६/७७ मा ११२ संस्था दर्ता भएकोले उपभोक्ताको चासो बढ्दै गएको देखिन्छ । तथापि सो वर्षमा दर्ता तथा नवीकरण भएका कूल १०६ उपभोक्ता संस्थामध्ये जम्मा ८७ उपभोक्ता संस्था मात्र निर्माण कार्यमा संलग्न भएको देखिन्छ ।

१७.४. आर्थिक वर्ष २०७६/७७ मा दर्ता भएका ११२ तथा नवीकरण भएका ७० समेत कूल १८२ उपभोक्ता संस्थामध्ये १६१ संस्था निर्माण कार्यमा संलग्न देखिएकोले दर्ता तथा नवीकरण भएका सबै संस्था क्रियाशील नभई केही संस्था निष्क्रिय रुपमा रहेको देखिन्छ ।

१७.५. नुवाकोट जिल्लामा सिंचाइ कार्यालयले दर्ता भएका बाहेक अन्य निकायमा (स्थानीय तहमा) दर्ता भएका संस्थासंग समेत सम्झौता गरेको छ । अतः सिंचाइ योजनामा उपभोक्ता संस्था परिचालनलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

यसरी विभिन्न कानून र कार्यविधिबमोजिम फरक फरक स्थानमा उपभोक्ता समिति दर्ता एवं नवीकरण हुने अवस्था रहेकोले यस सम्बन्धमा एकरुपता हुने गरी कानुन र कार्यविधि बनाउनु पर्दछ ।

१८. **उपभोक्ता समिति सूचीकरण** - उपभोक्ता समिति गठन भई आएपछि उपभोक्ता समिति परिचालन गरी निर्माण कार्य गराउने कार्यालयले त्यस्ता समितिलाई समिति गठन प्रक्रियासम्मत् रुपमा भएको, उपभोक्ता समिति खास आयोजनासँग सम्बद्ध भएको, आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत संभारको जिम्मेवारी लिन मञ्जुर रहेको, प्रचलित कानुनबमोजिम दर्ता भएको लगायतका उपयुक्त आधारमा उपभोक्ता समिति सूचीकरण गर्नुपर्दछ । प्राप्त विवरणअनुसार मकवानपुर, चितवन, नुवाकोट लगायत ७ जिल्लाका सिंचाइ कार्यालयहरुले २०७५/७६ मा र २०७६/७७ मा २४८ उपभोक्ता समिति परिचालन गरी कार्य गराएको देखिन्छ । यसरी कार्य गराएका उपभोक्ता समितिहरु अधिकांश जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालयमा दर्ता भएको र केही स्थानीय तहमा दर्ता भएको देखिन्छ । कानुनबमोजिम दर्ता भएका उपभोक्ता समितिहरु सूचीकरण गरेको देखिएन । उपभोक्ता समिति सूचीकरण गर्ने कानून तथा कार्यविधिको अभावमा यो कार्य नभएकोले उपभोक्ता समिति सूचीकरणसम्बन्धी कानुनी व्यवस्था गरी सूचीकृत उपभोक्ता समितिबाट कार्य गराउनु पर्दछ ।

१९. **आयोजना खाता** - आयोजनासँग सम्बन्धित सम्पूर्ण विवरणहरु पारदर्शी ढङ्गबाट सार्वजनिक समीक्षाका लागि उपलब्ध गराउने प्रयोजनको लागि सार्वजनिक निकायले उपभोक्ता समितिलाई आयोजना सम्झौता गर्दाको समयमा नै आयोजना सञ्चालनसम्बन्धी विवरणको अभिलेख राख्ने गरी एक आयोजना खाता (Project Book) तयार गरी उपलब्ध गराउने, उपभोक्ता समितिले सो आयोजना सम्बद्ध सबै क्रियाकलापहरुको जानकारी सोही खातामा राखी आयोजना सम्पन्न भई सकेपछि सार्वजनिक निकायमा अभिलेख जनाई राख्ने व्यवस्था गर्नुपर्दछ । जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरुले उपभोक्ता समितिसँग सम्झौता गर्दा यस्ता खाता भर्ने व्यवस्था गरेको देखिएन । लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गरिएका सिन्धुली, दोलखा, चितवनका २/२ र मकवानपुर र काभ्रेपलाञ्चोकको १/१ समेत ९ उपभोक्ता समितिहरुसँग आयोजना खाता माग गर्दा यस्ता प्रकारको खाता राख्न कार्यालयले नभनेको र यस बारेमा आफूहरुलाई जानकारी नभएको व्यहोरा जानकारी गराएका छन् ।

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरुले उपभोक्ता समिति मार्फत कार्य गराउँदा अवलम्बन गर्दै आएका नेपाल सरकारको सिंचाइ मन्त्रालयले जारी गरेको सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी "उपभोक्ता संस्था मार्फत निर्माण कार्य सञ्चालन गर्ने/गराउने कार्यविधि, २०६९" मा आयोजना खाता सम्बन्धमा व्यवस्था भएको समेत देखिएन । आयोजना खाताको अभावमा आयोजनाको लागत अनुमान, नक्सा, डिजाइन, स्पेशिफिकेशन, नगद आम्दानी तथा खर्च, मालसामान खरिद, खर्च तथा मौज्दात, कामदारहरुको हाजिरी एवं ज्याला भुक्तानी लगायतका विवरण अद्यावधिक नहुने भएकोले आयोजनाको विविध पक्षहरुको लेखाजोखा र मूल्याङ्कन गर्न कठिनाई हुने

देखिन्छ । तसर्थ आयोजना सञ्चालनसँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख हुने गरी आयोजना खाताको ढाँचा निर्धारण गरी प्रयोगमा ल्याउनुपर्दछ ।

२०. **प्याकेजिङ्ग र कार्य विभाजन -** साविकको सिंचाइ मन्त्रालयले जारी गरेको उपभोक्ता संस्था मार्फत निर्माण कार्य सञ्चालन गर्ने गराउने कार्यविधि २०६९ मा मूल लागत अनुमान स्वीकृत हुने क्रममै नेपाल सरकरकोतर्फबाट ब्यहोरिने कामको अंश र उपभोक्ताले जनसहभागिता बापत व्यहोर्नुपर्ने कामको अंश छुट्टिने गरी प्याकेजिङ्ग गरी सोही प्याकेजिङ्गअनुसार कार्य सञ्चालन गर्नुपर्ने उल्लेख छ । उक्त कार्यविधिमा मूल लागत अनुमान स्वीकृत हुने क्रममै नेपाल सरकारको तर्फबाट गरिने कार्यलाई उपभोक्ताले भुक्तानी पाउने गरी गर्ने कार्य र अन्य प्रक्रिया अपनाई गराउने कार्यमा विभाजन गरी सोहीअनुसार सम्पादन गराउनुपर्ने उल्लेख छ । सोही कार्यविधिमा मूल लागत अनुमान स्वीकृत नभएका कार्यहरुका हकमा वार्षिक कार्यक्रममा ब्यवस्था भएको बजेटलाई नै मूल लागत मानी माथि उल्लेख भएबमोजिम गर्नुपर्ने ब्यवस्था छ । ती कार्यालयहरुबाट प्राप्त जानकारी एवं लेखापरीक्षणबाट कार्यविधिको उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको तर्फबाट व्यहोरिने कामको अंश र उपभोक्ताले जनसहभागिता बापत व्यहोर्नु पर्ने कामको अंश छुट्टिने गरी प्याकेजिङ्ग नभएको एवं नेपाल सरकारको तर्फबाट गरिने कार्यलाई उपभोक्ताले भुक्तानी पाउने गरी गर्ने कार्य र अन्य प्रक्रिया अपनाई गराउने कार्यमा विभाजन समेत भएको देखिएन । यसरी कार्यविधिको पालना हुन नसकेबाट सिंचाइ आयोजनामा उपभोक्ता परिचालन कुशलतापूर्वक भएको सुनिश्चित गर्नसक्ने देखिएन । तसर्थ कार्यविधिमा उल्लेख भएअनुसार प्याकेजिङ र कार्य विभाजन गर्नुपर्दछ ।

२१. **जनसहभागिता -** सिंचाइ नीति, २०७० र सिंचाइ नियमावली, २०५६ मा परियोजना निर्माणको लागत अनुमानमा उपभोक्ताले व्यहोर्नुपर्ने अंश उल्लेख छ । सिंचाइ नियमावलीअनुसार बृहत, ठूला, बहुद्देश्यीय, मझौला र साना सिंचाइ आयोजना नयाँ निर्माणमा कामको प्रकृतिअनुसार लागतको ३ देखि ५ प्रतिशत र सुदृढीकरणमा लागतको ३ देखि १० प्रतिशत उपभोक्ताले व्यहोर्नुपर्ने उल्लेख छ । नयाँ प्रविधि, भूमिगत सिंचाइ र लिफ्ट सिंचाइमा कामको प्रकृतिअनुसार ५ देखि २५ प्रतिशतसम्म उपभोक्ताले व्यहोर्नुपर्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाइ विकास डिभिजन, नुवाकोटले श्रमदान बापत कट्टी गर्नुपर्ने रु.४ लाख ३३ हजार कट्टी गरेको छैन । जलस्रोत तथा सिंचाइ विकास डिभिजन, ललितपुर र चितवनले १/१ योजनामा १० प्रतिशतले हुने क्रमशः रु.४ लाख ४ हजार र रु.५ लाख ७३ हजार कट्टी गर्नुपर्नेमा रु.२ लाख ४ हजार र रु.४ लाख १४ हजार मात्र कट्टी गरी न्यून जनसहभागिता भएको स्थिति छ । यसरी उपभोक्ता समितिबाट जनसहभागिता हुने गरी कार्य गराउने निकायले महालेखापरीक्षकको कार्यालयबाट २०७६/२/१९ मा स्वीकृत भएको म.ले.प.फा. नं.५१४ को ढाँचामा जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन तयार नगरेबाट उपभोक्ता समिति परिचालन गरी सम्पन्न निर्माण कार्यबाट के कति जनसहभागिता प्राप्त भयो भन्ने सम्बन्धमा जानकारी हुन सक्ने अवस्था छैन । तोकिएको ढाँचामा जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन तयार गर्नुपर्दछ ।

२२. **संस्थागत विकास र क्षमता अभिवृद्धि** - उपभोक्ता समितिको परिचालन मार्फत सिंचाइ आयोजनाको निर्माण एवं सञ्चालनमा मितव्ययिता, गुणस्तरीय एवं दीगोपना अभिवृद्धिको लागि समितिहरुको संस्थागत विकास र क्षमता अभिवृद्धि आवश्यकता पर्दछ । २०७६/७७ मा प्रदेश अन्तर्गतको सिंचाइ कार्यालयहरुमा रु.२ अर्ब ८ करोड ९ लाख ३८ हजार खर्चमध्ये ९८ प्रतिशत निर्माण कार्यमा खर्च भएकोमा सोमध्ये उपभोक्ता समिति मार्फत ८५ प्रतिशतसम्म र समग्रमा ४५.८१ प्रतिशत कार्य भएको छ । अतः ठूलो मात्रामा उपभोक्ता समिति मार्फत कार्य हुने, जटिल प्रविधि प्रकृतिका कार्य समेत गर्ने हुँदा उपभोक्ता समितिको क्षमता विकास महत्वपूर्ण रहेको छ । तर उपभोक्तालाई तालिम दिई क्षमता

अभिवृद्धि गर्न छुट्टै तालिम केन्द्रको व्यवस्था छैन । जलस्रोत तथा सिंचाइ डिभिजनको कार्यक्रममा तालिम दिने व्यवस्था गर्ने गरे तापनि यथेष्ट तालिमको व्यवस्था भएको देखिएन ।

२०७५/७६ मा जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय, चितवनले ६, सिन्धुपाल्चोकले ३, काभ्रेपलाञ्चोकले २, रामेछापले ३, मकवानपुरले १ र नुवाकोटले १ समितिलाई तालिम दिएकोमा २०७६/७७ मा सिन्धुपाल्चोकले २, काभ्रेपलाञ्चोकले ७, चितवनले ४ र नुवाकोटले १ लाई तालिम दिएको छ भने रामेछाप र मकवानपुरले यस वर्ष तालिम सञ्चालन गरेको छैन । अतः उपभोक्ता समितिलाई कानूनी व्यवस्था, अभिलेख व्यवस्थापन र प्राविधिक विषयको तालिमको पर्याप्त व्यवस्था गर्नुपर्दछ ।

२३. **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । लेखापरीक्षणका क्रममा विवरण उपलब्ध गराउने मकवानपुर, चितवन, नुवाकोट, धादिङ लगायतका ७ कार्यालयले उपभोक्ता समिति मार्फत भएको कार्यमा हेभी मेशिन प्रयोग नभएको ब्यहोरा उल्लेख गरेका छन् । निर्माण कार्यको लागत अनुमान तयार गर्दा मानिसबाट मात्र गर्नेभन्दा मेशिन प्रयोग गरी गर्ने कार्यको दररेट निकै कम रहने गर्दछ। सार्वजनिक निर्माण कार्यमा मेशिनरी औजारको प्रयोग बढ्दै गएको स्थितिमा सिंचाइ आयोजना निर्माणको विभिन्न चरणमा मेशिनरीको प्रयोग गर्नसक्ने अवस्था सिर्जना भएको देखिन्छ । यस स्थितिमा उपभोक्ता समितिले मानिसबाट मात्र गर्ने गरी उच्च दररेटमा पाएको कार्यमा मेशिन प्रयोग गर्नसक्ने जोखिम रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा उपलब्ध गराएको प्रश्नावलीको जवाफ दिने कार्यालयहरुले यस्तो अवस्था नरहने ब्यहोरा उल्लेख गरेको भए तापनि जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, काठमाडौं र नुवाकोटको उपभोक्ता समितिले त्यस्ता उपकरणहरु प्रयोग गरी कार्य गराएकोले एकातिर नियमको पालना भएको छैन भने अर्कोतिर रोजगारी सिर्जनामा योगदान नभएको स्थिति छ । मन्त्रालयबाट प्रश्नावलीको जवाफमा उपभोक्ता समिति परिचालनमा रहेका समस्या दर्शाउने क्रममा उपभोक्ता समितिले आफूले लिएको कार्य अरुबाट गराउन सक्ने अवस्था दर्शाएको देखिन्छ । तसर्थ आयोजना निर्माणको के कस्ता कार्यमा कस्तो प्रकारका मेशिनरीहरुको प्रयोग गर्न सक्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरी सोहीबमोजिम लागत अनुमान तयार गरी कार्य गराउन सकिएमा यस्तो जोखिम न्यूनीकरण गर्न सकिने देखिन्छ ।

२४. **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिले गर्नसक्ने र नसक्ने कामको स्पष्ट वर्गीकरण नभएकोले उपभोक्ता समितिले सबै प्रकारको कार्य गर्न खोज्ने ठेक्का प्रक्रिया शुरु गर्दा समयमा नै सम्पन्न नहुने सालबसाली आयोजनाहरुको सम्बन्धमा सबै प्रकृतिका कार्य उपभोक्ता समितिबाट हुने गरेको पाइन्छ । उपभोक्ता समितिले सिंचाइ आयोजनाको हेडवर्क्स र पक्की नहर निर्माण लगायतका जटिल प्रकृतिका कार्य समेत गरेको देखिन्छ । स्पष्ट वर्गीकरणको अभावमा कुन कार्य उपभोक्ता समिति मार्फत गराउने कुन नगराउने भन्ने सम्बन्धमा अन्यौलता रहेको देखिन्छ । यस अवस्थामा उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न सक्ने र पर्याप्त सीप र दक्षताको अभावमा कामको गुणस्तरमा समेत असर

पर्नसक्ने देखिएकोले उपभोक्ता समिति मार्फत गराउन सकिने र गराउन नसकिने कार्यको स्पष्ट वर्गीकरण गर्नुपर्दछ ।

२५. **लागत अनुमानको सीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) बमोजिम उपभोक्ता समितिमार्फत रु.१ करोडसम्म लागत अनुमान भएका कार्य गराउन सकिने व्यवस्था र उपनियम १(क) मा लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने स्पष्ट व्यवस्था रहेको छ । सार्वजनिक निकायहरुले उपभोक्ता समितिमार्फत गराइने कार्यको लागत अनुमान तयार गर्दा उपभोक्ताको अंश र अनुदानको अंशलाई अलग गरी कार्य गराउने गरेको, म्याचिङ्ग फण्डको रुपमा विभिन्न निकाय र उपभोक्ता समितिको सहभागितामा सञ्चालन हुने खानेपानी योजना, सिंचाइ योजना, वन उपभोक्ता समितिका योजनामा योजनालाई आर्थिक वर्षका आधारमा, लम्बाई र क्षेत्रफलका आधारमा, बजेट उपलब्धताका आधारमा लागत अनुमान तयार गर्दा एक करोडको सीमाभन्दा बाहिरका कार्य समेत भएका छन् । लागत अनुमानको सीमा सार्वजनिक खरिद नियमावलीले स्पष्ट रुपमा तोकेको अवस्थामा विभिन्न सार्वजनिक निकायले तयार गर्ने लागत अनुमानमा यस्तो विविधता देखिएको छ । साथै, लागत अनुमान तयार भैसकेपछि कार्य सम्पादन गर्दा थप कार्य गराउनु परेको अवस्थामा छुट्टै लागत अनुमान तयार गरी एकै वा फरक उपभोक्ता समितिमार्फत कार्य गराउने प्रवृति समेत देखिएको छ ।

लेखापरीक्षण क्षेत्रमा समावेश कार्यालयहरुमा आयोजनाहरुको लागि सालबसाली रुपमा बजेट प्राप्त भई सोही बजेटको आधारमा केही उपभोक्ता समिति र केही कार्य निर्माण ब्यवसायी मार्फत गराएकोले सोही वर्षलाई मात्र आधार लिँदा उल्लिखित सीमाभन्दा घटीकै कार्य उपभोक्ता समितिबाट भएको देखिन्छ । सिंचाइ आयोजनाहरु एकै वर्षमा सम्पन्न नहुने भएकोले यस्ता आयोजनाहरुमा प्रत्येक वर्ष उपभोक्ता समितिबाट हुने वा भएको कार्य गणना गर्दा उक्त सीमा नाघ्ने अवस्था देखिएको छ । जलस्रोत तथा सिंचाइ विकास डिभिजन सिन्धुलीले एक सिंचाइ योजनाको रु.१ करोड १ लाख ९९ हजार लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउने गरी सम्झौता गरेको छ । कानुनमा उल्लेख भएको सीमा आयोजनाको समग्रता वा सालबसाली रुपमा हुने कार्य केसँग तुलना गर्ने भन्ने विषय अस्पष्ट देखिएकोले यस सम्बन्धमा समेत स्पष्ट गर्नुपर्दछ ।

२६. **मितव्ययीता र गुणस्तरियता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद गर्दा तोकिएबमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद गर्ने विधिहरु उल्लेख छ । सोअनुसार निर्माण कार्य गर्नुपर्दा बोलपत्र, दरभाउपत्र वा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई वा अन्य विधिबाट खरिद गर्नसक्ने व्यवस्था छ । सोही ऐनको दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा मितव्ययिता र गुणस्तरियता अभिवृद्धि हुने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो सेवा लिन सकिने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२६.१. जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरुले आवश्यकताअनुसार निर्माण व्यवसायी र उपभोक्ता समिति दुबै विधिबाट निर्माण कार्य गराउने गरेका छन् । निर्माण व्यवसायी मार्फत कार्य गराउँदा प्रतिस्पर्धाबाट कायम भएको सम्झौताबमोजिमको र उपभोक्ता समिति मार्फत कार्य गराउँदा १५ प्रतिशत ओभरहेड, जनश्रमदान, मू.अ.कर बापतको रकम घट्न जाने देखिन्छ । यस स्थिति देखिएबाट बोलपत्रबाट कार्य गराउँदा लागत अनुमानभन्दा उल्लेखनीय रुपमा घटीमा सम्झौता भएको अवस्थामा बाहेक खर्चको हिसाबले उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी हुने देखिन्छ । उपभोक्ता समितिमा सीप र प्राविधिक दक्षताको कमी हुने कारण उपभोक्ता समितिबाट सम्पादित

कार्यको गुणस्तरितामा असर गर्ने अवस्था रहेको देखिन्छ । मितव्ययीता र गुणस्तरबीच सन्तुलन कायम गरी कार्य गराउनको लागि सिंचाइ आयोजनाको के कस्ता कार्य उपभोक्ता समितिबाट गराउने सम्बन्धममा स्पष्ट ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

२६.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ ले गुणस्तरियता कायम हुने भएमा उपभोक्ता समिति मार्फत कार्य गराउनसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा आवश्यकताअनुसार गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीसँग हुने सम्झौतामा निर्माण व्यवसायीले गुणस्तर आस्वस्तता योजना पेश गर्नुपर्ने एवं निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । उपभोक्ता समितिसँग हुने सम्झौतामा यस्तो व्यवस्था समावेश गरेको देखिँदैन । सम्झौतामा भएको व्यवस्थाअनुसार गुणस्तरको लागि निर्माण व्यवसायी जिम्मेवार हुने भए तापनि उपभोक्ता समितिलाई यस प्रकार जिम्मेवार बनाएको पाइएन । लेखापरीक्षण क्षेत्रमा समावेश जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरुले उपभोक्ता समितिबाट खरिद भएका सिमेन्ट, फलामे छड लगायतका निर्माण सामग्री एवं सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गराएको देखिएन ।

२७. **दीगोपना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो सेवा लिन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।सिंचाइ नियमावली, २०५६ को नियम ९ मा उपभोक्ता संस्थाले सेवा शुल्क तथा अन्य आयको नब्बे प्रतिशतमा नघट्ने गरी सिंचाइ प्रणाली तथा संरचनाको मर्मत सम्भार कार्यको लागि छुट्टै कोष खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कानुनका यी व्यवस्थाहरुले आयोजनाको दिगोपनालाई जोड दिएको छ । यसअनुसार सबै कार्यालयहरुले सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्ने गरेको जनाए तापनि जलस्रोत तथा सिंचाइ विकास डिभिजन, काठमाडौं र नुवाकोटले योजना हस्तान्तरणको अभिलेख राखेको छैन । त्यस्तै जलस्रोत तथा सिंचाइ विकास डिभिजन, रामेछापले उपभोक्ता समिति मार्फत ३२ निर्माण कार्य गराई रु.५ करोड १८ लाख भुक्तानी दिएकोमा कुनै पनि योजना हस्तान्तरण गरेको देखिएन । निर्माण चरणमा जस्तो निर्माण पश्चातको अवधिमा उपभोक्ता समितिको आयोजनाप्रति चासो कम हुने एवं सेवाग्राहीबाट सेवा शुल्क असुल गरी मर्मत सम्भार कोष स्थापना नगरेको एवं सानातिना मर्मतको लागि समेत सम्बन्धित निकायमै अनुरोध गर्ने गरेको देखिन्छ । लेखापरीक्षणको सिलसिलामा स्थलगत निरीक्षण गरेका सिन्धुली, दोलखा, चितवनको २/२ र काभ्रेपलाञ्चोक र मकवानपुरको १/१ समेत ८ आयोजनाका उपभोक्ता समितिहरुले सेवा शुल्क लिने नगरेको, मर्मत सम्भार कोष नरहेको एवं आयोजनाको मर्मतको लागि जिल्ला स्थित सिंचाइ कार्यालयहरुलाई अनुरोध गर्ने गरेको ब्यहोरा जानकारी गराएका छन् । यस स्थितिबाट आयोजनाको दीगो सञ्चालनको सन्दर्भमा उपभोक्ता समितिले भूमिका निर्वाह गर्न नसकेको स्थिति देखिएको छ । सिंचाइ कार्यालयहरुमा हरेक वर्ष आयोजनाहरु मर्मत सम्भारको लागि बजेट ब्यवस्था भई खर्च हुने गरेकोले समेत यस कुरालाई थप पुष्टि गरेको देखिन्छ । हस्तान्तरण भइसकेको आयोजनाको रेखदेख र मर्मत सम्भारको लागि कोषको ब्यवस्था गरी उपभोक्ता समितिले यससम्बन्धी पूरा जिम्मेवारी बहन गरी आयोजनाको दीगो सञ्चालनमा योगदान गर्नुपर्दछ । सिंचाइ

प्रणालीको दीगोपनाको लागि निर्माण पछिको मर्मत सम्भार, व्यवस्थापन तथा सञ्चालनमा उपभोक्ता समुदायको सक्रियतालाई थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

२८. **निर्देशिका** - उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीय र दीगोपना अभिवृद्धि हुने, रोजगारी सिर्जना हुने, उपभोक्ता समितिको काम पारदर्शी, जवाफदेही हुने र निर्माण कार्यप्रति अपनत्व हुने लगायतका सकारात्मक पक्षलाई अंगिकार गर्न तथा नियममा स्पष्ट व्यवस्था नभएका विषयहरुलाई स्पष्ट पारी उपभोक्ता समितिको कार्यमा पारदर्शीता, जवाफदेहीता अभिवृद्धि गर्न आवश्यक देखिएको छ। तसर्थ उपभोक्ता समितिको दर्ता र निरन्तरता, आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने गरी सो स्थानमा स्थायी बसोबास गर्ने बासिन्दाहरुले आमभेलाबाट समिति गठन हुने व्यवस्था, उपभोक्ता समितिका सदस्यको योग्यता, उपभोक्ता समिति सूचीकृत हुनुपर्ने, उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार, जटिल प्रकृतिको कार्यको परिभाषा र वर्गीकरण, उपभोक्ता समितिले गर्ने कुल कार्यमध्ये निश्चित प्रतिशत श्रममूलक कार्य हुनुपर्ने, स्थानीय तहले तयार गरेको बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत व्यक्तिलाई श्रमिकको रुपमा काम खटाई रोजगारी सिर्जना गर्ने, लागत अनुमानको विस्तृत व्याख्या, एक करोडको सीमा छल्ने उद्देश्यले काममा टुक्रा पार्न नहुने, उपभोक्ता समितिको क्षमता विकास, समितिलाई भुक्तानी गर्दा समितिले व्यहोर्ने अंश (प्रतिशत) कट्टा गरी भुक्तानी दिनुपर्ने, आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा कर कट्टा गर्ने विषय, उपभोक्ता समितिले आय-व्ययको प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समितिले निर्माण व्यवसायीलाई ठेक्कामा काम दिए नदिएको एवं प्रयोग भएका सामग्रीको गुणस्तर सम्बन्धमा अनुगमन गर्ने विषय, उपभोक्ता समितिले निर्माण सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्ने, उपभोक्ता समितिसँग भएको सम्झौताको म्याद थप, भेरिएशन स्वीकृति र अधुरो काम प्रतिको उपभोक्ताको जिम्मेवारी र क्षतिपूर्ति, उपभोक्ता समितिले पेश गर्ने निर्माण कार्यको विलको ढाँचा, उपभोक्ता समितिबाट कार्य गराउँदा प्रयोग हुने बोलपत्रसम्बन्धी कागजातको ढाँचा, योजना हस्तान्तरण र मर्मत सम्भार कोष, लगायतका विषय समावेश गरी निर्देशिका तर्जुमा गर्नुपर्दछ ।

२९. **पारदर्शीता र जवाफदेहिता** - उपभोक्ता समिति परिचालन गरी गर्ने कार्यको पारदर्शीता र जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण एवं निर्माण स्थलमा सूचना पाटी राख्ने लगायतका व्यवस्था गर्नुपर्दछ । लेखापरीक्षणको सिलसिलामा स्थलगत निरीक्षण गरिएका सिन्धुली, दोलखा, चितवनका २/२ र मकवानपुर र काभ्रेपलाञ्चोकको १/१ समेत ८ उपभोक्ता समितिहरुले सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गराएको देखिएन । ती आयोजना स्थलहरुमा सूचना पाटी राखेको समेत देखिएन । यस सम्बन्धमा सम्बन्धित कार्यालयहरुसँग छलफल गर्दा उपभोक्ता संस्थाले सम्पादित कार्यको भुक्तानी माग गर्दा सोसाथ प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्चलाई प्रमाणित गर्ने कागजात सो संस्थाको बैठकबाट अनुमोदन गराई पेश गर्ने व्यवस्था मात्र भएको जानकारी प्राप्त भएको छ । उपभोक्ता समितिको कार्यको पारदर्शीता र जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सूचना पाटीको अनिवार्य व्यवस्था गर्नुपर्दछ ।

३०. **अनुगमन** - महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ मा उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्य विषयमा कार्यमूलक लेखापरीक्षण गरी उपभोक्ता समितिको परिभाषामा स्पष्ट गरिनुपर्ने, पटके उपभोक्ता समितिले गरेका कार्यको मर्मत सम्भारको जिम्मेवारी लिने संस्था नहुने र कार्य वेवारिसे हुने हुँदा सो सम्बन्धमा कानूनी व्यवस्था गर्नुपर्ने, उपभोक्तालाई अभिमूखीकरण तालिमको व्यवस्था गर्नुपर्ने, लागत साझेदारीसम्बन्धी कार्यविधि तयार गर्नुपर्ने, जनसहभागिताको दर, प्रकृति, क्षेत्र

र विधिमा स्पष्टता ल्याउनुपर्ने, जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने कार्य बन्द गर्नुपर्ने, रोजगारी प्राप्तिको अभिलेख राख्नुपर्ने, कार्यको दीगोपना र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने, वातावरणीय पक्षामा ध्यान दिनुपर्ने, खर्चको सार्वजनिकीकरण प्रक्रिया प्रभावकारी बनाउने लगायतका सुझावहरु दिइएकोमा सोको कार्यान्वयन हुनसकेको छैन । अतः प्रदेश स्तरमा समेत उपभोक्ता समितिबाट कार्य गराउँदा उपरोक्त विषयहरु समावेश गरी कार्यविधि बनाई उपभोक्ता समिति परिचालनलाई थप व्यवस्थित बनाउनुपर्दछ ।

निष्कर्ष

सार्वजनिक खरिद कानुनअनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई काम गराउनसक्ने व्यवस्था रहेको छ । स्थानीय स्रोत, साधन र सीप प्रयोग हुने, स्थानीय स्तरमा सम्पादन हुने र स्थानीय रोजगारी सिर्जना हुने कार्य उपभोक्ता समिति परिचालन गरेर गराउन सकिने देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउँदा आयोजनाप्रति अपनत्वको विकास हुने, गुणस्तरीय कार्य हुने र आयोजनाको मर्मत सम्भार कार्य उपभोक्ता समितिबाट भई निर्मित संरचनाको दीगो सञ्चालनमा सहयोग पुग्ने मान्यता रहेको छ । उपभोक्ता समितिलाई निर्मित संरचनाको मर्मत सम्भार र दीगो सञ्चालनमा जिम्मेवार बनाउने कानुनको अभाव रहेको, कतिपय अवस्थामा उपभोक्ता समितिले आ-आफ्नो जिम्माको कार्य अरु मार्फत गराई अपेक्षित उपलब्धि हासिल नभएको अवस्था समेत देखिन्छ । हेभी मेशिनरी प्रयोग हुने जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था रहेकोमा जटिल र सरल प्रकृतिको कार्यको स्पष्ट वर्गीकरणको अभावमा द्विविधा पर्ने स्थिति रहेको देखिन्छ । उपभोक्ता समिति गठन सम्बन्धमा स्पष्ट कार्यविधिको अभावमा समानुपातिक प्रतिनिधित्व देखिए तापनि केही सदस्यले मात्र उपभोक्ता समितिमा प्रभाव पर्ने, सम्झौता गर्दा जनश्रमदान कबुल भए पनि निर्माणको समयमा हासिल गर्न कठिन पर्ने, निर्मित संरचनाको मर्मत सम्भारमा कोषको अभाव एवं सानो-तिनो मर्मतको लागि समेत सम्बन्धित निकायको भर पर्नुपर्ने अवस्था देखिन्छ । निर्माण स्थलमा आयोजनासम्बन्धी सूचना पाटी राख्न पर्याप्त चासो नदिएको, आयोजनागत खाता नरहेको लगायतको कारण उपभोक्ता समितिको परिचालन अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ । उपभोक्ता समिति बजेट परेका योजना तथा कार्यक्रममा बढी चासो राख्ने तर निर्माण पश्चचात निष्क्रिय रहने, प्रतिफल प्राप्तीको लागि उपभोक्ता समितिबाट कार्य गराउने स्पष्ट कार्यविधिको तर्जुमा गरी उपभोक्ता समितिको गठन विधि र सञ्चालन, उपभोक्ता समितिबाट योजनाको कार्यान्वयन तथा व्यवस्थापन, आर्थिक व्यवस्थापन, सुपरीवेक्षण र अनुगमन लगायतको विषयमा द्विविधा नहुने गरी स्पष्ट व्यवस्था गर्नुपर्दछ । उपभोक्ता समिति परिचालन सम्बन्धमा अध्ययन तथा समीक्षा गरी आवश्यक सुधारको व्यवस्था गर्नुपर्दछ ।

व्यावसायिक तालिमको प्रभावकारिता

परिचय

१. **पृष्ठभूमि** - शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्दै समग्र मुलुकको आर्थिक विकासमा योगदान गर्नसक्ने आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्तिको उत्पादनका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रणाली कार्यान्वयनमा ल्याउनु आजको अवश्यकता हो । नेपालमा लिच्छवीकालदेखि हस्तकला, वास्तुकला, मुर्तिकला लगायतका सीपहरुको विकास भएको पाइए पनि बिक्रम सम्बत १९८७ मा इञ्जनियरिङ्ग स्कुल स्थापना भएसंगै व्यावसायिक तालिमको औपचारिक शुरुवात भएको पाईन्छ । बिक्रम सम्बत २००४-२००९ मा आधार स्कुलको अवधारणा अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रकृया अघि बढेको थियो । विभिन्न स्थानमा औद्योगिक क्षेत्र स्थापना भएपश्चात बिक्रम सम्बत २०१८ मा मेकानिकल प्रशिक्षण केन्द्र (हालको बालाजु स्कुल अफ इञ्जिनियरिङ्ग एण्ड टेक्नोलोजी) र बिक्रम सम्बत २०१९ मा बुटवल प्राविधिक शिक्षालयको स्थापना भएको थियो । सीपमूलक जनशक्ति उत्पादन मार्फत स्थानीय विकासमा सहयोग पुऱ्याउने उद्देश्यले बिक्रम सम्बत २०३५ मा शिक्षा मन्त्रालय अन्तर्गत प्राविधिक तथा व्यावायिक शिक्षा निर्देशनालयको स्थापना भएपश्चात बिक्रम सम्बत २०३७ मा कर्णाली प्राविधिक शिक्षालयको स्थापना भएको र त्यसपछि क्रमशः लहान, धनकुटा र जिरीमा प्राविधिक शिक्षालय स्थापना भएको हो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रलाई बिस्तार गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ जारी गरी स्वायत्त निकायको रुपमा प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम परिषद्को स्थापना भएको हो । हाल परिषद् अन्तर्गत ६१ आंगिक प्राविधिक शिक्षालय सञ्चालित छन् ।

२. **निकायको परिचय** - प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धतिको समग्र विकासका लागि समन्वय र सहजीकरण गर्न छुट्टै निकायको आवश्यकता महसुस गरी आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकायहरुसँग समन्वय गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरुको बिस्तार गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त निकायको रुपमा प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम परिषद्को स्थापना भएको हो । बिशेष गरी आधारभूत तथा मध्यमस्तरको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गरी दक्ष तथा सीपयुक्त जनशक्ति तयार पार्नु परिषद्को मुख्य जिम्मेवारी रहेको छ । परिषद्ले आँगिक सम्बन्धन दिएका निजी तथा सामुदियक विद्यालयहरु मार्फत प्रि-डिप्लोमा तथा डिप्लोमा तहको प्राविधिक शिक्षा र छोटो अवधिको व्यावसियक तालिम सञ्चालन गर्दै आएको छ ।

बजारमुखी तालिमको समतामुलक पहुँच वढाई र नेपालमा व्यावसायिक शिक्षा र तालिम पद्धतिलाई सुदृढ बनाउने उद्देश्यले विश्व बैंकको सहयोगमा शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत १५ जुलाई २०१७ देखि ५ वर्षको लागि व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना सञ्चालनमा रहेको छ ।

३. **नीतिगत व्यवस्था** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका सम्बन्धमा नीतिगत व्यवस्था देहायअनुसार छः

३.१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु **राष्ट्रिय शिक्षा नीति, २०७६** को मुख्य उद्देश्य रहेको छ । यस शिक्षा नीतिको मुख्य रणनीति र कार्यनीति देहाय अनुसार छन् ।

रणनीतिः

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने,
- तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवं साझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अख्तियार गर्ने र श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सबैलाई प्रदान गर्ने ।

कार्यनीतिः

- सङ्घीय तहमा स्थापना हुने राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम परिषद मार्फत दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा संस्थागत विस्तार गरी सीप विकासमा जोड दिँदै रुची राख्ने सबैका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकास अवसर उपलब्ध गराउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास, पाठ्यक्रम, पाठ्यसामग्री र प्रशिक्षण विधिमा आधुनिकीकरण गर्ने ।

३.२. चौधौं योजनामा युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रुपमा तालिमको कार्यक्रम बिस्तार गर्ने उद्देश्य रहेको थियो । पन्ध्रौं योजना (२०७६।७७—२०८०।८१) मा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समक्षतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु मुख्य उद्देश्य रहेको छ । यस योजनाले देहायबमोजिमको रणनीति तथा कार्यनीति अवलम्बन गरेको छः

रणनीतिः

- युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने

कार्यनीतिः

- सार्वजनिक, सहकारी र औद्योगिक तथा निजी क्षेत्रसँग सहकार्य गरी कार्यस्थलको सिकाई सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका लागि गुरुयोजना स्वीकृत गरी एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास ऐन तर्जुमा र एकीकृत कोष निर्माण गर्ने ।

- प्रत्येक स्थानीय तहमा दक्ष शिक्षक तथा आवश्यक पूर्वाधारसहितको कम्तिमा एउटा प्राविधिक शिक्षालय तथा व्यावसायिक सीप विकास तालिम केन्द्र क्रमशः स्थापना गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा तोकिएको गुणस्तर सुनिश्चित हुनेगरी घुम्ति सीप विकास तथा तालिमको व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम प्राप्त जनशक्तिलाई उनीहरुले हासिल गरेका सीप र दक्षता उल्लेख भएको सीप राहदानी उपलब्ध गराउने व्यवस्था गर्ने ।

३.३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, २०६४ ले देहायअनुसार छन्

- सबै नेपाली नागरिकहरूलाई कम्तीमा ३ महिना अवधिको रोजगारीका लागि निःशुल्क तालिमको अवसर र जीवनपर्यन्त सिकाइका लागि सशुल्क तालिमका अवसरहरू प्रदान गर्ने,
- तालिम प्रदायक संस्थाहरूलाई विद्यालयबाट बाहिरिएका युवाहरूका लागि सीप विकास गर्ने काममा सहयोग गर्न र राष्ट्रिय जनशक्तिको विकासमा सहयोग गर्न प्रोत्साहन गर्ने,
- व्यवसाय गर्ने समुदायका लागि दक्ष र आत्मविश्वासी कामदारको आपूर्ति गर्ने काममा ब्यापक विस्तार हुने

४. **कानुनी व्यवस्था** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित कानुनी व्यवस्था देहायअनुसार रहेको छः

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१
- परिषद्को आर्थिक प्रशासन सम्वन्धी विनियमावली, २०६२
- छोटो अवधिको सीपमूलक तालिम सञ्चालन कार्यविधि. २०७६
- तालिम सञ्चालनसम्बन्धी दातृ संस्थासँग भएको सम्झौताहरु
- दात संस्थाको सहयोगमा सञ्चालित आयोजनाहरुको कायंक्रम कार्यान्वयन पुस्तिका
- कार्यक्रम निर्देशिका, सहयोगी पुस्तिका, परिपत्र र अन्य व्यवस्थाहरु

५. **सँगठन संरचना र जनशक्ति** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, तालिम केन्द्र, सीप परीक्षण समिति, २ परियोजना, ७ प्रदेश कार्यालय र ५९ आंगिक शिक्षालय सञ्चालनमा रहेको छ । परिषद् र अन्तर्गतका शिक्षालयहरुमा जम्मा प्राविधिक ५५८ र प्रशासनिक ३७४ गरी ९३२ दरबन्दी रहेकोमा करारमा समेत १०९८ कर्मचारी कार्यरत छन् । कुल दरबन्दीमध्ये कार्यालय सहयोगी १२६ र सवारी चालक ३१ रहेका छन् । त्यस्तै व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको लागि कुल २९ अस्थायी दरबन्दी स्वीकृत गरेकोमा २६ कर्मचारी कार्यरत छन् ।

६. **कार्यक्रम र प्रगति** - बजेट बक्तव्य २०७६।७७ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना मार्फत २०७६।७७ मा ८३ हजार युवालाई विभिन्न सीपमूलक तालिम प्रदान गर्न रु.१ अर्ब ७२ करोड बिनियोजन गरेको छ । प्रत्येक प्रदेशमा प्राविधिक सीप परीक्षण केन्द्र र बहुप्राविधिक शिक्षालय स्थापना गरिने उल्लेख छ । आर्थिक

रुपमा बिपन्न, अपाङ्गता भएका तथा दलित परिवारका विद्यार्थीलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने कार्यक्रम रहेको छ ।

परिषद् अन्तर्गत सञ्चालित आंगिक, साझेदारी, सम्बन्धन प्राप्त सामुदायिक, निजी शिक्षालय तथा विद्यालयमा प्रि-डिप्लोमा र डिप्लोमा तहमा २०७४।७५ मा ४८ हजार ४९१, २०७५।७६ मा ६२ हजार १५ र २०७६।७७ मा ७४ हजार ८६३ भर्ना गर्ने क्षमता रहेकोमा क्रमशः ८७ प्रतिशत, ८४ प्रतिशत र ६३ प्रतिशत सीटमा भर्ना गरी अध्यापन भैरहेको छ । छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गरी सीपयुक्त जनशक्ति उत्पादन गर्ने कार्यक्रम अन्तर्गत परिषद् र परियोजनाको विगत ३ वर्षको लक्ष्य र प्रगति देहाय अनुसार छन् ।

आर्थिक वर्ष	सिटिईभिटी अन्तर्गत निकायबाट सञ्चालित तालिम			व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट सञ्चालित		
	लक्ष्य	प्रगति	प्रतिशत	लक्ष्य	प्रगति	प्रतिशत
२०७४।७५	०	०	०	१६०००	१५९९२	१००
२०७५।७६	४२०००	४०२५६	९६	२४७५०	२१०९२	८५
२०७६।७७	४५०००	५१६०	११	२४७५०	०	०
जम्मा	८७०००	४५४१६	५२	६५५००	३७२३१	५७

७. **वित्तीय व्यवस्थाः प्राविधिक** - जनशक्ति विकासको लागि नेपाल सरकारवाट स्वीकृत बजेट अन्तर्गत प्राप्त श्रोत र सोको उपयोग सम्वन्धी वित्तीय स्थिति निम्नानुसार रहेको छ ।

(रु. हजारमा)

तालिम कार्यक्रम सञ्चालन गर्ने निकाय	**२०७४।७५**		**२०७५।७६**		**२०७६।७७**	
	बजेट	**खर्च**	**बजेट**	**खर्च**	**बजेट**	**खर्च**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	२८२२७	२१९५५	५४८३३	३३६८३	६७९५९	३६३३९
व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना	४८१०	२९३६	१४०७५	६२२१	१८२५८	९९५१
जम्मा	**३३०३७**	**२४८९१**	**६८९०८**	**३९९०४**	**८६२१७**	**४६२९०**

स्वीजरल्याण्ड सरकारको आर्थिक सहयोग तथा हेल्भेटास नेपालको प्राविधिक सहयोगमा दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना सन् २०१६ देखि परिषद् अन्तर्गत सञ्चालनमा रहेको छ । यो परियोजनाको कुल लागत रु.१ अर्ब ३४ करोड(१३.४ मिलियन स्वीस फ्रेंक) रहेको र अवधि २०२१ सम्म रहेको छ ।

व्यावसायिक तालिम प्रदान गरी रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा १५ जुलाई २०१७ देखि सञ्चालनमा रहेको व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको अवधि जुलाई १५, २०२२ सम्म रहेको छ । यस परियोजनाको कुल लागत रु.६ अर्ब (६० करोड अमेरिकी डलर) रहेको छ । वैदेशिक सहयोगमा सञ्चालित दुबै परियोजनको बजेट तथा खर्च तालिकामा समावेश छ ।

८. **विषय छनौटको औचित्य** - नेपालमा बर्षेनी बेरोजगारको संख्या बढ्दै छ । देशभित्र र वैदेशिक रोजगारमा रहेका युवाहरुमा तालिम तथा सीपको अभावले पर्याप्त आम्दानी गर्न नसकेको र दक्ष जनशक्तिको अभावमा रोजगार प्राप्त गर्न नसकेको विद्यमान अवस्थालाई मध्यनजर गरी नेपाल सरकारले तालिम र सीप उपलब्ध गराउन विभिन्न नीति निर्माण गरी बजेट व्यवस्था गर्दै आएको छ । विभिन्न दातृ संस्थाहरु र नेपाल सरकारको श्रोतबाट प्रत्येक वर्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि श्रोत, साधन उपलव्ध गराउदै आएको छ । हरेक वर्ष छोटो अवधिको

तालिम सञ्चालन गर्नको लागि दातृ संस्था, नेपाल सरकारको श्रोततर्फ केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय तहले बजेट बिनियोजन गरी खर्च गर्दै आएको र अन्य साझेदार संस्थाहरुले पनि तालिमको लागि लगानी गर्दै आएको छ । यसरी उपलव्ध सीमित श्रोत र साधनको प्राप्ति तथा उपयोगमा मितव्ययिता, कार्यदक्षता हासिल गरी लक्षित दक्ष जनशक्ति उत्पादनमा प्रभावकारिता अभिवृद्धि हुनसके नसकेको सम्बन्धमा स्वतन्त्र एवं वस्तुगत मूल्याङ्कन गर्ने अभिप्रायले कार्यमूलक लेखापरीक्षणका लागि यो विषयको छनौट भएको हो । कार्यमूलक लेखापरीक्षणमा शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय अन्तर्गत सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले सञ्चालन गरेका व्यावसायिक तालिम कार्यक्रमलाई समेटिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

९. **लेखापरीक्षणको उद्देश्य** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट सञ्चालित दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन गर्ने कार्यमा स्रोत साधनको उपयोग र उत्पादित जनशक्तिको दक्षता तथा तालिमको उपलब्धी सम्बन्धमा परीक्षण एवं मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१०. **लेखापरीक्षणको क्षेत्र** - परिषद् अन्तर्गतका छनौटमा परेका शिक्षालयहरु र विश्व बैंकको सहयोगमा सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट सञ्चालित तालिम कार्यक्रम कार्यान्वयन सम्बन्धमा विगत ३ वर्षको अवधिमा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । बिशेष गरी परिषद् अन्तर्गतका ७ प्रदेश कार्यालयबाट सञ्चालित र व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट सञ्चालित व्यावसायिक तालिमको प्रभावकारीता सम्बन्धमा केन्द्रित रही मूल्याङ्कन गरिएको छ । मूल्याङ्कनको क्रममा तालिमसम्बन्धी नीतिगत व्यवस्था, श्रोतको व्यवस्थापन, तालिम छनौट तथा सञ्चालन, गुणस्तर तथा तालिमको प्रभावकारिता पक्षलाई समेटिएको छ ।

११. **लेखापरीक्षणको पद्धति** - व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले सञ्चालन गरेका तालिमको लागि नीतिगत व्यवस्था, बजेट व्यवस्थापन, तालिम सञ्चालन, तालिमको विषय छनौट, तालिम सञ्चालन, सीप परीक्षण, उपलब्धिमूलक रोजगारी सहित तालिमको प्रभावकारीतासम्बन्धी मूल्याङ्कन गर्न परियोजना तथा परिषद्ले सूचना प्रविधिमा राखेको सूचना तथा तथ्याङ्कहरु, तालिमसम्बन्धी प्रकाशित प्रगति प्रतिवेदनहरु, विभिन्न अध्ययन प्रतिवेदनहरु, तालिम प्राप्त प्रशिक्षार्थीसँग लिएको अन्तरवार्ता, आंगिक शिक्षालयहरुबाट प्राप्त बिवरण तथा प्रश्नावलीहरुबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्क एवं सूचनाको आधारमा तालिम कार्यक्रम सञ्चालनसँग सम्बन्धित विषयहरुलाई मूल्याङ्कन गर्न प्रक्रियामूखी तथा नतिजामूलक मूल्याङ्कन पद्धति अवलम्बन गरिएको छ ।

१२. **लेखापरीक्षणको सिमा** - लेखपरीक्षणका सन्दर्भमा द्वितीय पक्षबाट प्रकाशन गरिएको सूचना, तथ्याङ्क र प्रतिबेदनलाई समेटिएको छ । लेखापरीक्षणका लागि समयको उपलव्धता, सीमित श्रोत, साधन तथा सुचना, विवरण र कागजातको उपलव्धता, परियोजना र परिषदबाट सञ्चालित तालिम कार्यक्रमहरुको सीमित नमूना छनौट, सूचना तथा तथ्याङ्कको अभाव, समयमा सूचना प्राप्त नहुनु, कोभिड १९ को महामारीको कारण सरोकारवालासँग अन्तर्वार्ता तथा छलफल गरी प्रारम्भिक सूचना प्राप्त गर्न गर्न कठिनाई हुनु, लेखापरीक्षणको लागि जनशक्ति र समयको सिमितता आदि कारणले लेखापरीक्षणमा सीमितता रहेको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

१३. **तालिम प्राप्त जनशक्ति** - राष्ट्रिय शिक्षा नीति, २०७६ र बजेट बक्तव्य २०७६ मा श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको माग र बेरोजगारहरुको चाहनाका आधारमा नविन र विशेष सीप विकास तालिम सञ्चालन गरिने उल्लेख छ । नेपाल श्रमशक्ति सर्भेक्षण २०७४।७५ अनुसार नेपालमा १ करोड २८ लाख ४४ हजार श्रमशक्ति प्राविधिक पेशामा आवद्ध रहेको र सोमध्ये तह १ मा ७६.३० प्रतिशत, तह २ मा २१.२० प्रतिशत, तह ३ मा १.६० प्रतिशत र तह ४ मा ०.९० प्रतशत आबद्ध रहेको देखाएको छ । सीप नक्साङ्कन कार्यटोलीको प्रतिवेदन २०७७ अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रम अन्तर्गत उत्पादित जनशक्तिलाई तह २ र ३ को आधारभूत तथा मध्यमस्तरका जनशक्ति अन्तर्गत समेटिएको छ। प्राविधिक पेशामा आवद्ध कुल जनशक्तिमध्ये आधारभूत र मध्यमस्तर (तह २ र ३) मा कार्यरत श्रमशक्ति २९ लाख २५ हजार रहेको छ । सर्भेक्षणले कुल तालिम प्राप्त जनशक्ति १८ लाख ५६ हजार (प्राविधिक पेशामा आवद्ध जनशक्तिको १४.४५ प्रतिशत) देखाएको छ । परिषद्ले २०७७ आषाढ मसान्तसम्म उत्पादन गरेको डिप्लोमा र प्रि-डिप्लोमा तहका मध्यमस्तरको कुल जनशक्ति २ लाख ९७ हजार र परिषद्को पाठ्यक्रमअनुसार छोटो अवधिको व्यावसायिक तालिम लिई सीप परीक्षणको लागि आवेदन गरेका ५ लाख ४८ हजार समेत देहायअनुसार कुल ८ लाख ४५ हजार तालिम प्राप्त जनशक्ति रहेका छन् ।

प्रदेश	श्रमशक्ति सर्भेक्षण अनुसारको जनशक्ति संख्या				परिषदबाट उत्पादित र सीप परीक्षणमा आवेदक संख्या			
	पेशामा कार्यरत कुल संख्या	कार्यतमध्ये तह २ र ३ को संख्या	तालिम प्राप्त संख्या	कुलमध्ये प्रतिशत	डिप्लोमा र प्रि-डिप्लोमा	सीप परीक्षणमा आवेदन दिने	तालिम प्राप्त जम्मा	कुलमध्ये प्रतिशत
प्रदेश १	२३४९१००	४४००००	२५५६७२	१०.९	४११२४	६०६८२	१०१८०६	४.३३
प्रदेश २	२४२३५००	५१११००	१९०८७२	७.९	३९४३०	६७२१९	१०६६४९	४.४
बागमती	२१८५९००	८९५५००	६२३९५७	२८.५	७१२३७	१४५६४१	२१६८७८	९.९२
गण्डकी	१२१७९००	२५६९००	२२९९५६	१८.९	२७७७३	६७२१९	९४९९२	७.८
लुम्बिनी	२२८३४००	५३६०००	३८५३१७	१६.९	५२६९६	१००८२९	१५३५२५	६.७२
कर्णाली	९१६५००	११७५००	५४२५३	५.९	२८१३८	३३६१०	६१७४८	६.७४
सुदुरपश्चिम	१४६८०००	१६९२००	११५६३६	७.९	३६६८३	७२८२१	१०९५०४	७.४६
जम्मा	१२८४४३००	२९२६२००	१८५५६६३	१४.४	२९७०८१	५४८०२१	८४५१०२	६.५८

जनशक्ति उत्पादनसम्बन्धी देखिएका व्यहोरा देहायअनुसार छन्

१३.१. श्रम सर्भेक्षणअनुसार कुल तालिम प्राप्त जनशक्ति १८ लाख ५६ हजारमध्ये १ महिनासम्मको तालिम लिने संख्या ४ लाख ३ हजार (२१.७१ प्रतिशत), १ महिनादेखि ३ महिनासम्मको तालिम लिने संख्या ७ लाख २६ हजार (३९.१५ प्रतिशत), ३ महिनादेखि १ वर्षसम्मको तालिम लिने संख्या ६ लाख १५ हजार (३३.१६ प्रतिशत) र सोभन्दा बढी अवधिको तालिम लिने १ लाख ११ हजार (५.९८ प्रतिशत) रहेको छ । सो तालिम प्राप्त संख्यामध्ये सीप परीक्षणको लागि आवेदन गर्ने संख्या भने ५ लाख ४८ हजार (२९.५३ प्रतिशत), सीप परीक्षणमा सहभागी ५ लाख १४ हजार र उत्तीर्ण संख्या ३ लाख ८७ हजार (२०.८५ प्रतिशत) रहेको छ । तालिम लिने सबैले सीप परीक्षण नगराएकोले कुल तालिम प्राप्तमध्ये ८ लाख ४५ हजार (४५ प्रतिशत) मात्र परिषद्को पाठ्यक्रम अन्तर्गत तालिम लिएको देखिन्छ ।

परिषद्ले उत्पादन गरेको र सीप परीक्षणमा आवेदन गर्ने संख्या पेशामा आबद्ध कुल जनशक्तिको ६.५८ प्रतिशत मात्र रहेको छ । उक्त संख्या तह २ र ३ मा कार्यरत आधारभूत तथा मध्यमस्तरका जनशक्तिको तुलनामा २८.८८ प्रतिशत र कुल तालिम प्राप्त जनशक्तिको ४५.५५ प्रतिशत मात्र रहेको छ । आधारभूत तथा मध्यमस्तरका पेशामा कार्यरत जनशक्ति, तालिम प्राप्त जनशक्ति र छोटो अवधिको व्यावसायिक तालिम लिई सीप परीक्षणमा आवेदन गर्ने संख्याको बिश्लेषण गर्दा प्रदेशगत रुपमा निकै विविधता रहेको पाइन्छ । बागमती प्रदेशमा सबैभन्दा बढी ८ लाख ९५ हजार कार्यरत रहेकोमा ६ लाख २४ हजार तालिम प्राप्त र १ लाख ४६ मात्र सीप परीक्षणको लागि आवेदन दिएको देखिन्छ । कर्णाली प्रदेशमा सबभन्दा कम १ लाख १७ हजार कार्यरत रहेकोमा ५४ हजार तालिम प्राप्त रहेको र ३४ हजारले मात्र सीप परीक्षणमा आवेदन गरेका छन् । पेशामा आवद्ध जनशक्तिको तुलनामा तालिम प्राप्त जनशक्ति गण्डकी प्रदेशमा सबैभन्दा बढी ८९ प्रतिशत र प्रदेश २ मा सबैभन्दा कम ३७ प्रतिशत मात्र रहेको देखियो । परिषद् र अन्तर्गतका निकायबाट व्यावसायिक तालिम लिने संख्या निकै न्यून रहेको छ । तालिम प्राप्त जनशक्ति प्रदेशगत वा क्षेत्रगत रुपमा निकै असमानता रहेको छ भने सम्बन्धित पेशामा कार्यरत र तालिम प्राप्त गरेको संख्यामा ठुलो अन्तर रहेको माथिको चार्टबाट स्पष्ट हुन्छ । उक्त तथ्याङ्क अनुसार मागको अनुपातमा सीपयुक्त जनशक्तिको निकै अभाव रहेको देखिन्छ ।



आधारभूत तथा मध्यमस्तरको प्राविधिक दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक पेशामा आवद्ध कुल जनशक्तिमध्ये ६.५८ प्रतिशत, आधारभूत तथा मध्यमस्तरको पेशामा कार्यरत कुल जनशक्तिको २८.८८ प्रतिशत र कुल तालिम प्राप्त जनशक्तिमध्ये ४५.५५ प्रतिशतलाई मात्र तालिम प्रदान गरेको देखिन्छ ।परिषद् र अन्तर्गतका निकायले उत्पादन गरेको जनशक्ति मागभन्दा निकै न्यून रहेकोले परिषद्ले श्रोत व्यवस्थापन गरी बजारको मागलाई धान्ने गरी सीपयुक्त जनशक्तिको उत्पादनमा वृद्धि गर्नुपर्दछ । श्रम बजारमा कार्यरत जनशक्तिमध्ये ठुलो संख्या तालिम प्राप्त नभएको र तालिम प्राप्तमध्ये पनि अधिकांशसँग सीपको प्रमाणपत्र नभएकोले सीप परीक्षणको दायरालाई बढाउनुपर्ने देखियो ।

१३.२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले २०७६।३।२८ मा आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति प्रक्षेपणका लागि कार्यटोली गठन गरेको थियो । उक्त कार्यटोलीले श्रम सर्वेक्षणको तथ्याङ्कलाई आधार लिई प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिबेदन अनुसार परिषद्ले स्वीकृत गरेको पाठ्यक्रम अन्तर्गत निम्न ७ पेशागत क्षेत्रमा काम गर्ने जनशक्ति ३६ लाख ४४ हजार रहेको र सोमध्ये तालिम प्राप्त जनशक्ति १० लाख ८८ हजार रहेको देखिन्छ । कुल तालिम प्राप्त जनशक्तिमध्ये परिषद्ले उत्पादन गरेको जनशक्ति ६ लाख २७ हजार (५७.६३ प्रतिशत) देखाएको छ।

सि नं.	जनशक्तिको बर्गिकरण	कुल कार्यरत जनशक्ति	तालिम प्राप्त जनशक्ति	आपूर्ति प्रतिशत	सिटिईभिटीबाट उत्पादन	परिषद्को हिस्सा
१	कृषि र बन	१५७४७०५	२५८०१५	१६.३८	१०४६७१	४०.५७

२	इञ्जनियरिङ्ग तथा निर्माण	१०७६६७४	२८०८०७	२०.०८	२५४८०७	९०.७४
३	चिकित्सा तथा मानव स्वास्थ्य	९५२३६	१०९३७०	११४.८४	१४३२७५	१३१
४	होटल व्यवस्थापन	१७०८१८	५६६७३	३३.१८	३०६२६	५४.०४
५	यातायात तथा सञ्चार	९५६७६	७६३४७	७९.८०	२४०	०.३१
६	प्रशोधन उद्योग	४३७२५५	१८५९८०	४२.५३	५८४७४	३१.४४
७	निजी तथा व्यावसायिक सेवा र बिविध	१९३७३३	१२०४१६	६२.१६	३४७५०	२८.८६
	जम्मा	**३६४४०९८**	**१०८७६०९**	**२९.८५**	**६२६८४३**	**५७.६३**

तालिकाअनुसार चिकित्सा क्षेत्रमा पुरुष ३४ हजार ६५ र महिला ६१ हजार १७१ समेत जम्मा ९५ हजार जनशक्ति कार्यरत रहेको देखिन्छ । तर परिषद् अन्तर्गत आँगिक तथा सम्बन्धन प्राप्त शिक्षालयहरुले १ लाख ४३ हजार २७५ उत्पादन गरेको छ । यातायात तथा सञ्चार क्षेत्रमा कुल कार्यरत जनशक्ति ९६ हजार रहेकोमा परिषदबाट २४० जनालाई मात्र तालिम उपलब्ध गराएको देखिन्छ । कृषि क्षेत्रमा १६ प्रतिशतले तालिम लिएकोमा परिषदको योगदान ४१ प्रतिशत मात्र रहेको छ ।

जनशक्तिको माग तथा आपूर्तिको बिश्लेषण नगरी प्राविधिक शिक्षा अध्यापनको सम्बन्धन दिएको र सीपमूलक तालिम उपलब्ध गराएको कारण जनशक्तिको माग तथा उत्पादनमा असन्तुलन देखिएको छ । प्राप्त तथ्याङ्क अनुसार स्वास्थ्य श्रेत्रमा उत्पादित जनशक्तिले रोजगार नपाउने स्थिति देखिएको छ भने यातायात, कृषि, होटल व्यवस्थापन, प्रशोधन लगायतका बढी जनशक्ति माग हुने क्षेत्रमा तालिम प्राप्त जनशक्ति न्यून रहेको देखिन्छ । जस्ले गर्दा कुनै क्षेत्रमा जनशक्तिको अभाव रहने र कुनै क्षेत्रमा बेरोजगार रहने अवस्था देखिएको छ । अतः परिषद्ले श्रम बजारको माग र आपूर्तिको बिश्लेषण गरी बढी रोजगारी प्राप्त हुने क्षेत्रमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको व्यापक बिस्तार गर्नुपर्दछ ।

१३.३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले २०७४।७५ मा एक कार्यटोली मार्फत आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति प्रक्षेपण गरेको थियो ।उक्त प्रतिवेदनले परिषद्को कार्यक्रमबाट ७ वटा पेशा वा क्षेत्रमा २०७४।७५ लागि ६ लाख २७ हजार, २०७५।७६ को लागि ६ लाख ६९ हजार र २०६।७७ मा ७ लाख १५ हजार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको जनशक्ति उत्पादन गर्ने गरी प्रक्षेपण गरेको देखिन्छ । तर परिषद्ले प्रि-डिप्लोमा र डिप्लोमा तहको प्रविधिक शिक्षाबाट उत्पादित जनशक्ति र परिषद्को प्रदेश कार्यालयहरु तथा व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट छोटो अवधिको व्यावसायिक तालिम लिएको संख्या प्रक्षेपण गरेको संख्याको २०७४।७५ मा ६.८५ प्रतिशत, २०७५।७६ मा १४,०६ प्रतिशत र २०७६।७७ मा ४.४४ प्रतिशत मात्र रहेको पाइयो । यसरी बार्षिक माग प्रक्षेपण गरेको संख्याभन्दा अत्यन्त न्यून मात्र उत्पादन भएको छ ।

आर्थिक वर्ष	तालिमको प्रक्षेपण	३ वर्षमा उत्पादित जनशक्ति			उत्पादन प्रतिशत
		प्रि डिप्लोमा र डिप्लोमा	व्यावसायिक तालिम	जम्मा	
२०७४।७५	६२६८४३	२६९१७	१५९९२	४२९०९	६.८५
२०७४।७६	६६९१९०	३२७१६	६१३४८	९४०६४	१४.०६
२०७४।७७	७१४७७२	२६५९२	५१६०	३१७५२	४.४४

परिषद् अन्तर्गत आंगिक शिक्षालय, सामुदायिक विद्यालय र सम्बन्धन प्राप्त निजी संस्थामा भर्ना क्षमता, २०७४।७५ मा ४८ हजार, २०७५।७६ मा ६२ हजार र २०७६।७७ मा ७५ हजार रहेकोमा खूद भर्ना क्रमशः ४२ हजार, ५२ हजार र ४७ हजार रहेको पाइयो । उत्पादित दक्ष जनशक्ति भने ३ आर्थिक वर्षमा क्रमशः २७ हजार, ३३ हजार र २७ हजार मात्र रहेको छ । उक्त संख्या चार्टमा देखाइएको छ । यस वर्षको कुल भर्नामध्ये ५९ प्रतिशत र कुल उत्पादित जनशक्तिमध्ये ६९ प्रतिशत सम्बन्धन प्राप्त निजी संस्थाको हिस्सा रहेको छ । परिषद्ले कार्यटोली गठन गरी जनशक्ति उत्पादनको प्रक्षेपण गरेपनि उत्पादन भने झन् घटेको पाइयो । कोभिड १९ महामारीको कारण लामो अवधि बन्दाबन्दी भएकोले छोटो अवधिको तालिम सम्पन्न हुन नसकेको र प्राविधिक शिक्षामा सीट क्षमता वृद्धि देखिए पनि भर्ना संख्या भने घटेको देखियो । सरकारी लगानी वर्षेनी बढेको भएपनि जनशक्ति उत्पादनमा भने निजी क्षेत्रको योगदान बढेको र छोटो अवधिको व्यावसायिक तालिम पनि सम्पन्न नगरेको कारण लक्ष्य हासिल गर्न सकेको देखिएन । बजारको मागअनुसार तालिमको छनौट गरी समयमै कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।



१४. **संस्थागत व्यवस्था** - बजेट बक्तव्य २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा पन्ध्रौ योजनामा श्रमबजारको आवश्यकताको आधारमा सीप नक्साङ्कन गरी सबै स्थानीय तहमा दक्ष शिक्षक तथा आवश्यक पूर्वाधार सहितको कम्तिमा एउटा प्राविधिक शिक्षालय तथा व्यावसायिक सीप विकास तालिम केन्द्र स्थापना गरिने उल्लेख छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत आंगिक, साझेदारी, सामुदायिक र निजी संस्था समेत कुल शिक्षालय तथा संस्थाहरु १ हजार १०० र शिक्षा तथा मानवस्रोत विकास केन्द्र अन्तर्गत कक्षा ९-१२ मा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने सामुदयिक विद्यालयको संख्या ४८४ समेत जम्मा १ हजार ५८४ संस्था सञ्चालनमा रहेका छन् । छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गर्न १ हजार १४० निजी संस्थाले सम्बन्धन लिएका छन् । कुल स्थानीय तह ७५३ मध्ये ६३५ अर्थात ८४.३ प्रतिशत स्थानीय तहमा प्राविधिक शिक्षा तथा तालिमको संस्थागत संरचना पुगेको छ भने देहायअनुसार ११८ (१५.७ प्रतिशत) स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको संस्थागत संरचना पुगेको छैन ।

प्रदेश	सुस्थागत पहुँच पुगेको र नपुगेको स्थानीय तह संख्या				प्राविधिक शिक्षालय तथा विद्यालयको संख्या			व्यावसायिक तालिम दिने संस्था
	कुल स्थानीय तह	पहुँच पुगेको स्थानीय तह	पहुँच नपुगेको स्थानीय तह	नपुगेको प्रतिशत	परिषद् अन्तर्गत	मा.वि. (प्राविधिक धार)	जम्मा शिक्षालय	
प्रदेश १	१३७	१०५	३२	२३३६.	११०	९५	२०५	११०
प्रदेश २	१३६	१०३	३३	२४२६.	१२४	८३	२०७	९०
बागमती	११९	१०४	१५	१२६१.	२८१	८०	३६१	५३२
गण्डकी	८५	७१	१४	१६४७.	१०९	५०	१५९	७५
लुम्बिनी	१०९	९८	११	१००९.	१८२	९८	१८०	१५६
कर्णाली	७९	७०	९	११३९.	१२९	३०	१५९	६५

सुदुरपश्चिम	८८	८४	४	४५५.	१६५	४८	२१३	१०२
जम्मा	७५३	६३५	११८	१५७.	११००	४८४	१५८४	११४०

सिटिईभिटी बार्षिक प्रतिवेदन, २०७६।७७ र सीप नक्साङ्कन कार्यटोलीको प्रतिवेदन, २०७७ ।

परिषद् अन्तर्गत ३ बर्षे डिप्लोमा र १८ महिनाको प्रि-डिप्लोमा तहको कार्यक्रम सञ्चालन गर्ने कुल संस्था २०७३।७४ मा ६५० रहेकोमा सो संख्या बढेर ०७४।७५ मा ८७७, २०७५।७६ मा १०४२ र २०७६।७७ मा ११०० पुगेको छ । परिषद्ले डिप्लोमा र प्रि-डिप्लोमा तहको प्राविधिक शिक्षा सञ्चालन गर्न बि.सं. २०५० देखि हालसम्म ४२९ निजी संस्थालाई सम्बन्धन दिएको छ । सामुदायिक विद्यालयलाई प्राविधिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न २०५६ देखि अनुमति दिएको र हाल सो संख्या ५७२ पुगेको छ । यसरी तालिम दिने संस्थाको सम्बन्धन बढेको देखिए पनि हालसम्म ११८ (१५.७ प्रतिशत) स्थानीय तहमा तालिमको लागि संस्थागत पहुँच पुगेको छैन । संस्थाको पहुँच नपुगेको प्रदेशमा सबैभन्दा बढी प्रदेश नं. २ मा ३३ स्थानीय तह (२४.२६ प्रतिशत) र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा ४ स्थानीय तह(४.५५ प्रतिशत) रहेका छन । छोटो अवधिको तालिम दिने निजी संस्था १ हजार १४० मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ५३२(४६.६७ प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेशमा ६५(५.७ प्रतिशत) सञ्चालनमा रहेका छन् । सबै स्थानीय तहमा पहुँच नपुगेको र पहुँच बिस्तारको आधारमा प्रदेशगत असमानता पनि बढी नै देखिएको छ ।

परिषद्ले निजी संस्थालाई सम्बन्धन दिन स्थगित गरेको कारण सम्बन्धन माग गरेका १ हजार ७१८ संस्थाले सम्बन्धन पाएको छैन । निजी संस्थाहरुले बिशेषगरी शहरी क्षेत्रमा मात्र सञ्चालनको सम्बन्धन लिएका छन् । प्रदेश नं. २ मा सम्बन्धन लिएका १०६ निजी संस्थामध्ये जनकपुर उपमहानगरपालिकामा २१ र राजबिराज नगरपालिकामा ९ सहित १० स्थानीय तहमा सञ्चालनमा रहेको छ । त्यस्तै सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको कार्यक्रम सञ्चालनको अनुमति दिँदा कुनै स्थानीय तहमा बढी र कुनै स्थानीय तहमा अनुमति नदिएको कारण पनि सबै स्थानीय तहमा पहुँच नपुगेको देखिन्छ । सबै स्थानीय तहमा संस्थागत पहुँच नपुगेको कारण तालिम लिन चाहनेले सहज रुपमा अवसर प्राप्त गर्न सकेका छैनन् । सबै स्थानीय तहमा तालिमको संस्थागत पहुँच पुग्ने गरी सम्बन्धन दिनुपर्दछ ।

१५. **व्यवसायिक तालिमको प्रगति** - बजेट बक्तव्यमा यस वर्ष ८३ हजारलाई छोटो अवधिको तालिम उपलब्ध गराउने लक्ष्य राखेको छ । उक्त लक्ष्य पुरा हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाले २०७६।७७ सम्म ६५ हजार ५०० लक्षित बर्गका युवाहरुलाई ३ महिनाको व्यावसायिक तालिम दिई रोजगारी उपलब्ध गराउने लक्ष्य रहेकोमा ३६ हजार ४५५ (५७ प्रतिशत) लाई मात्र तालिम उपलब्ध गराएको छ । त्यस्तै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका ७ प्रदेश कार्यालयहरुले गत वर्ष ४२ हजार र यो वर्ष ४५ हजार समेत २ वर्षको अवधिमा ८७ हजारलाई तालिम उपलब्ध गराउने लक्ष्य राखेकोमा ४५ हजार ४१६ (५२ प्रतिशत) लाई तालिम उपलब्ध गराएको छ । ३ वर्षको लक्ष्य र प्रगति देहाय अनुसार छन् ।

आर्थिक वर्ष	सिटिभिटी अन्तर्गत निकायबाट सञ्चालित तालिम			व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट सञ्चालित			प्रगति कम हुनाको कारण
	लक्ष्य	सम्पन्न	प्रतिशत	लक्ष्य	सम्पन्न	प्रतिशत	
२०७४।७५	०	०	०	१६०००	१५९९२	१००	
२०७५।७६	४२०००	४०२५६	९६	२४७५०	२१०९२	८५	

२०७६।७७	४५०००	५१६०	११	२४७५०	०	०	तालिम स्थगित
जम्मा	**८७०००**	**४५४१६**	**५२**	**६५५००**	**३७२३१**	**५७**	

उक्त तालिम सम्बन्धी देखिएका व्यहोरा देहाय अनुसार छन् ।

१५.१. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाले ५ वर्षको अवधिमा १ लाख १५ हजारलाई छोटो अवधिको व्यावसायिक तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा २०७५।७६ सम्म औसतमा लक्ष्यको ९१ प्रतिशतलाई तालिम प्रदान गरेपनि २०७६।७७ मा तालिम सम्पन्न गर्न नसकेको कारण करिब दुई तिहाई अवधि सकिएको अवस्थामा ३२ प्रतिशतलाई मात्र तालिम उपलब्ध गराएको देखिन्छ । परियोजनाले २०७६।७७ मा तालिम उपलब्ध गराउन १९५ तालिम प्रदायक संस्था छनौट गरी २४ हजार ४७१ लाई तालिम शुरु भए पश्चात कोभिड १९ महामारीले गर्दा बन्दाबन्दी भएकोले तालिम कार्यक्रम स्थगित भएकोमा उक्त तालिम २०७७।७८ मा सम्पन्न गरिएको छ ।

१५.२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को छोटो अवधिको तालिम सञ्चालन गर्ने बार्षिक क्षमता ६५ हजार रहेको छ । तर प्रदेश सरकारको बजेटबाट परिषद् अन्तर्गतका ७ प्रदेश कार्यालयहरुले गत वर्ष ४२ हजारलाई तालिम दिने लक्ष्य राखेकोमा ९६ प्रतिशतलाई तालिम दिएको र यो वर्ष ४५ हजारलाई तालिम उपलब्ध गराउने लक्ष्य राखेकोमा ५ हजार १६० लाई एक महिनाको तालिम उपलब्ध गराएको र २० हजार १८० लाई ३ महिनाको तालिम शुरु गरेपनि बन्दाबन्दीको कारण तालिम कार्यक्रम स्थगित गरिएको छ । उक्त तालिम पुनः सञ्चालन गरिएको छैन । यसरी तालिम सम्पन्न हुन नसकी स्थगित भएका तालिममा सहभागी प्रशिक्षार्थीहरु तालिम प्राप्त गर्ने अवसरबाट बञ्चित भएका छन्। आर्थिक वर्ष २०७६।७७ मा व्यावसायिक तालिमको लागि बिनियोजन भएको रु.८५ करोड ६० लाखमध्ये रु.१३ करोड ७२ लाख (१६ प्रतिशत) खर्च भैसकेको छ । सोमध्ये सुदुरपश्चम प्रदेश कार्यालयले खर्च नगरेको, प्रदेश २ कार्यालयले बैठक भत्तामा रु.८१ हजार खर्च गरेको छ । ती प्रदेशमा तालिम शुरु नै नभएको र अन्य प्रदेशमा सम्झौता भई तालिम शुरु भएको थियो । प्रदेश सरकारबाट स्थगित तालिम सञ्चालन गर्न २०७७।७८ मा बजेट व्यवस्था नगरेकोले अधुरो तालिम सञ्चालन हुन सक्ने अवस्था छैन । अधुरो तालिम सम्पन्न नभएकोले उक्त खर्च उपयोगबिहिन हुने भएको छ ।

सिटिइभिटी प्रदेश कार्यालयको २०७६।७७ को खर्च

प्रदेश	बजेट रु. हजार	खर्च रु. हजार	खर्च %
प्रदेश नँ १	१३३०००	३२४५७	२४
प्रदेश नँ २	१३३०००	८१	०.०६
बागमती	१३४०५०	२६५४०	२०
गण्डकी	११४०००	२०३११	१८
लुम्बिनी	१३३०००	२७२८८	२१
कर्णाली	९५०००	३०६०८	३२
सुदुरपश्चिम	११४०००	०	०
जम्मा	**८५६०५०**	**१३७२८५**	**१६**

बजेट बक्तव्यमा ८३ हजारलाई तालिम उपलब्ध गराउने लक्ष्य राखेको भएपनि व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को लक्ष्य ७० हजार मात्र रहेको छ । कोभिड महामारीको कारण बन्दाबन्दी भएकोले उक्त लक्ष्य हासिल हुन सकेन । परियोजना र परिषद्को प्रदेश कार्यालयहरुले प्रथम चौमासिकभित्र तालिम प्रदायक संस्थासँग सम्झौता गरी दोस्रो चौमासिकमा तालिम सञ्चालन गर्न नसकेको कारण यस वर्ष प्रगति हुन नसकेको हो । सम्पन्न हुन नसकेका तालिम कार्यक्रमहरुमध्ये परियोजनाले २०७७।७८ मा पुनः शुरु गरेको छ भने परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुले बजेट फ्रिज भएकोले ती अधुरो तालिम पुनः सञ्चालन गरेको छैन । जस्ले गर्दा सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारी वृद्धि गर्ने नेपाल सरकारको लक्ष्य प्राप्त भएको

देखिएन । समयमै बजेट व्यवस्था र तालिमका कार्यक्रम सञ्चालन गरी लक्ष्य हासिल गर्नुपर्दछ । साथै अधुरो रहेका तालिमको लागि बजेट व्यवस्था गरी तालिम सम्पन्न गर्नुपर्दछ ।

१६. **समन्वय** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ मा आधारभूत तहको सीप तथा तालिम सञ्चालन गरी मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने र विभिन्न तालिमसम्बन्धी कार्यक्रमहरुबीच समन्वय कायम गराउने व्यवस्था छ । व्यावसायिक शिक्षा तथा तालिम सञ्चालनमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नेतृत्वदायी भूमिका रहेको भएपनि संघिय तथा प्रादेशिक मन्त्रालय तथा निकायहरु र स्थानीय सरकारहरु समेत संलग्न रहदै आएको छ । परिषद्ले तयार गरेको जनशक्ति प्रक्षेपणको प्रतिबेदन अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, भूमि व्यवस्थापन, सहकारी तथा गरीबी निवारण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय लगायतका १० भन्दा बढी मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरु, प्रदेश सरकार तथा स्थानीय तहबाट विभिन्न प्रकारका व्यावसायिक तालिम सञ्चालन गरिरहेको पाइन्छ । सो बाहेक निजी तथा गैह्र सरकारी संघ संस्थाहरुबाट पनि छोटो अवधिको तालिम सञ्चालन गरिरहेको छ। ती निकाय र संघ संस्थाहरुबाट सञ्चालित तालिम कार्यक्रमहरु परिषद्को नियमन तथा नियन्त्रणमा रहेको छैन ।

एक अध्ययन प्रतिवेदनले गत वर्ष व्यावसायिक तालिम सञ्चालन गर्नको लागि रु.७ अर्ब १० करोड ३१ लाख बिनियोजन भएको र सीप परीक्षणमा सहभागी ५७ हजारमध्ये तालिकामा देखाए अनुसार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय अन्तर्गतका परियोजनाबाट ६३ प्रतिशत र बाँकी ३७ प्रतिशत अन्य मन्त्रालय, राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय संस्थाहरुबाट तालिम प्रदान गरेको देखिन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका तालिम प्रतिष्ठानबाट यो वर्षसम्म ३ लाख ११ हजारलाई तालिम प्रदान गरेको देखिन्छ । एकै किसिमका तालिम धेरै निकायबाट प्रदान गर्दा एकरुपता नहुने, गुणस्तरीय नहुने, तालिम लिने व्यक्तिहरु दोहोरिन सक्ने र तालिम प्राप्त तथा रोजगारीको एकिकृत बिवरण समेत प्राप्त नहुने र यस्तो तालिम कार्यक्रमको व्ययभार पनि बढ्ने सम्भावना रहेको छ । समन्वय नगरी प्रत्येक सरकारी निकायहरुले बर्षेनी कार्यक्रम सञ्चालन गरिरहेकोले सीपयुक्त जनशक्तिको एकिकृत तथ्याङ्कको अभावमा माग अनुरुप जनशक्तिको आपूर्ति गर्न कठिनाई हुने देखिन्छ ।

तालिमको पाठ्यक्रम निर्माण, प्रशिक्षकको व्यवस्था, गुणस्तर नियन्त्रण र तालिम सञ्चालनको समग्र व्यवस्थापन गर्ने निकाय परिषद् भएकोले विभिन्न निकायबाट सञ्चालन गरिने तालिममा गुणस्तर नियन्त्रण गर्न र एकरुपता कायम गर्न परिषद्सँग समन्वय गर्नुपर्दछ ।

तालिम लिई सीप परीक्षणमा सहभागी निकाय र संख्या

तालिमको बिषय	तालिम प्राप्त	प्रतिशत
इभेण्ट परियोजना	१९५९५	३४.१४
सीप विकास परियोजन	१६५६४	२८.८६
व्यक्तिगत (अन्य संस्था)	८१९९	१४.२९
रोजगार कोष	६४१८	११.१८
तलिम केन्द्रहरु	२८७९	५.०२
सेभ द चिल्ड्रेन फण्ड	१८९६	३.३०
स्वीस विकास सहयोग	१८४३	३.२१
जम्मा	**५७३९४**	**१००**

१७. **तालिमको लागत** - व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको कार्यान्वयन पुस्तिकामा छोटो अवधिको तालिमको लागत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तालिमको प्रकृति अनुसार बजार सर्भे गरी विभिन्न संघ संस्थाबाट प्राप्त इकाई लागतलाई आधार लिई तालिमको लागत निर्धारण गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले २०७६।७७ मा क बर्गको १० प्रकारको तालिमको लागि प्रतिब्यक्ति रु.२२२००।-, ख बर्गको ३३ प्रकारको तालिमको लागि प्रतिब्यक्ति रु.२०२००।- र

ग बर्गको १८ प्रकारको तालिमको लागि प्रतिब्यक्ति रु.१८२००।- स्वीकृत गरेको छ । दुर्गमका क्षेत्रका १४ जिल्लाको लागि भने प्रोत्साहन स्वरुप १० प्रतिशत थप हुने व्यवस्था रहेको छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले तालिम शुल्क प्रतिब्यक्ति रु.१९२००। तोकेको छ । परियोजना र परिषद्ले सञ्चालन गरेको तालिमको खर्च सम्बन्धी देखिएका देखिएका व्यहोरा देहाय अनुसार छन् ।

१७.१. परियोजना कार्यान्वयन निर्देशिकामा लक्षित समूहलाई तालिम दिई उपलब्धीमुलक रोजगार उपलब्ध गराएमा तालिम प्रदायक संस्थालाई प्रोत्साहन रकम भुक्तानी गर्ने व्यवस्था छ । लक्षित समुहलाई ३ बर्गमा बिभाजन गरी क बर्गको लागि तालिम शुल्कको शतप्रतिशत, ख बर्गको लागि ८० प्रतिशत र ग बर्गको लागि ६० प्रतिशत प्रोत्साहन रकम तोकेको छ । परियोजनाले सञ्चालन गरेका छोटो अवधिको तालिममा आर्थिक वर्ष २०७४।७५ मा सम्झौता भई तालिम प्राप्त १५ हजार ८४५ प्रशिक्षार्थीको प्रति व्यक्ति औसत खर्च रु. ३४ हजार ८०९ र आर्थिक वर्ष २०७५।७६ मा सम्झौता भई तालिम प्राप्त गरेका २० हजार ६१० जनाको प्रतिव्यक्ति औसत खर्च रु.३६ हजार ५८० रहेको छ । तालिम प्रदायक संस्थासँग भएको सम्झौता अनुसार तालिम शुल्क र प्रोत्साहन रकम समेत प्रति व्यक्ति लागत देहाय अनुसार रहेको छ ।

तालिम कार्यतक्रम	२०७५ को सम्झौता			२०७६ को सम्झौता		
	तालिम प्राप्त संख्या	भुक्तानी रु. हजार	प्रतिव्यक्ति रु. हजार	तालिम प्राप्त संख्या	भुक्तानी रु. हजार	प्रतिव्यक्ति रु. हजार
नतिजामा आधारित तालिम तह १	१६६८५	३९४७९६	३४	१२९५५	४५४०८५	३५
भौचरमा आधारित तालिम तह १	४१६०	१५६७५९	३८	२९०७	११७७१९	४०
नतिजामा आधारित तालिम तह २				५७८	२९१६५	५०
बिशेष महिला लक्षित तालिम तह १				४१७०	१५२९४५	३७
जम्मा	**१५८४५**	**५५१५५५**	**३५**	**२०६१०**	**७५३९१५**	**३७**

परियोजना कार्यान्वयन पुस्तिका अनुसार तालिम उपलब्ध गराई ६ महिनासम्म उपलब्धीमूलक रोजगार प्रदान गरेको तालिम तथा रोजगार प्रदायक संस्थाहरुलाई प्रथम किस्तादेखिनै प्रोत्साहन सहितको रकम भुक्तानी भएको छ । परियोजनाले स्वीकृत गरेको प्रतिव्यक्ति औसत लागतको तुलनामा प्रोत्साहन सहितको औसत तालिम खर्च २०७४।७५ मा ७२ प्रतिशत र २०७५।७६ मा ८१ प्रतिशतसम्म बढेको देखिन्छ ।

१७.२. परिषद्ले तोकेको सबै किसिमको तालिमको लागि प्रति प्रशिक्षार्थी रु.१९ हजार २०० का दरले हिसाब गरी सम्बन्धित शिक्षालय तथा विद्यालयहरुलाई निकासा दिने गरेको र सम्बन्धित शिक्षालयहरुले तालिम सञ्चालन गरी बचत रहेको रकम फिर्ता गर्ने गरेको छैन । परिषद् र परियोजनाबाट सञ्चालित तालिमको लागत फरक फरक रहेको छ । सबै प्रकारको तालिमको लागि परिषद्ले एउटै दर तोकेको छ भने परियोजनाले ३ समूहको लागि फरक फरक लागत तोकेको छ । परिषद् अन्तर्गत ७ प्रदेश कार्यालयले स्थानीय तहबाट प्रशिक्षार्थी सिफारिस गरी पठाएको आधारमा तालिम दिने गरेको छ । ३ वर्षको तालिमको खर्च र संख्या प्रदेश कार्यालयहरुबाट माग गरेकोमा कर्णाली

प्रदेश	तालिम प्राप्त	खर्च रु. हजार	प्रतिव्यक्ति खर्च
प्रदेश नं. १	५९८८	१०७७८७	१८
प्रदेश नं. २	६०००	१००५२१	१७
बागमती प्रदेश	५९६०	१०६२२३	१८
गण्डकी प्रदेश	४८००	८६३००	१८
लुम्बिनी प्रदेश	५६०७	३७६५०	७
सुदुरपश्चिम प्रदेश	५९८०	१०४६५०	१७
जम्मा	**३४३३५**	**५४३१३१**	**१६**

प्रदेशबाट २०७५।७६ को विवरण प्राप्त नभएको बाँकी ६ प्रदेश कार्यालयले ३४ हजार ३३५ लाई तालिम प्रदान गरी रु.५४ करोड ३१ लाख ३१ हजार खर्च भएको देखिन्छ । लुम्बिनी प्रदेश कार्यालयले एक महिनाको तालिम बढी सञ्चालन गरेको कारण प्रतिव्यक्ति रु. ७ हजार लागेको र सबैभन्दा बढी रु. १८ हजारसम्म लागेको छ । उक्त खर्च परिषद्ले तोकेको लागत दरभन्दा कम रहेको छ । परियोजनाको लागत भने ६ महिनासम्म उपलब्धिमूलक रोजगारी प्राप्त गरेपछि तालिम प्रदायक संस्थालाई ६० देखि शत प्रतिशतसम्म प्रोत्साहन भुक्तानी गरेकोले प्रति प्रशिक्षार्थी खर्च औसतमा रु.३७ लागेको देखिन्छ उक्त लागत परिषद्को औसत खर्चको तुलनामा १३१ प्रतिशत बढी रहेको छ ।

व्यावसायिक तालिमको लागि पाठ्यक्रम निर्माण, प्रशिक्षक उत्पादन, अनुगमन, समन्वय, सीप प्रमाणिकरण लगायतको जिम्मेवारी प्राप्त परिषद्ले कायम गरेको लागत र तालिम सम्बन्धी नर्मस् तथा विधिलाई अनुसरण गरी तालिमको लागत कम गरी गुणस्तर बढाउने गरी तालिम सञ्चालन गर्नुपर्दछ । समानस्तरको तालिम सञ्चालन गर्दा निकायपिच्छे लागत फरक भएको देखिएकोले मितव्ययी हुने गरी लागतमा समानता कायम गर्नुपर्दछ।

१८. **तालिम प्रदायक संस्था छनौट** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को छोटो अवधिको सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०७६ मा आंगिक शिक्षालयले बढीमा ६ वटा, प्राविधिक कार्यक्रम सञ्चालन गर्ने सामुदायिक विद्यालयहरुले बढीमा ३ वटा र निजी तालिम प्रदायक संस्थाहरुले बढीमा ६ वटासम्म तालिम सञ्चालन गर्न पाउने व्यवस्था गरेको छ । कार्यविधिमा निजी तालिम प्रदायक संस्थाहरुबाट कुल तालिमको ३५ प्रतिशतसम्म मात्र सञ्चालन गर्न मिल्ने र एक तालिम समूहमा २० जना प्रशिक्षार्थी रहने व्यवस्था गरेको छ । व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना कार्यान्वयन पुस्तिकामा एक तालिम प्रदायक संस्थाले १५ वटा (३०० जना) सम्मलाई तालिम सञ्चालन गर्न पाउने व्यवस्था गरेको छ । तालिम प्रदायक संस्था छनौट सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१८.१. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना(इभेन्ट)ले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार निजी तालिम प्रदायक संस्थाहरु छनौट गरी देहायअनुसार २०७४।७५ मा १६ हजार २२० लाई तालिम प्रदान गर्न ९१ संस्था, २०७५।७६ मा २२ हजार ८०२ लाई तालिम प्रदान गर्न १८० संस्था र २०७६।७७ मा ३३ हजार १५४ लाई तालिम प्रदान गर्न १९५ संस्थासँग सम्झौता गरेको छ ।

तालिमको प्रकार	२०७४।७५			२०७५।७६			२०७६।७७		
	संस्था संख्या	प्रशिक्षार्थी संख्या	औसत संख्या	संस्था संख्या	प्रशिक्षार्थी संख्या	औसत संख्या	संस्था संख्या	प्रशिक्षार्थी संख्या	औसत संख्या
नतिजामा आधारित (तह १)	४४	१२०६०	२७४	६५	१३८००	२१३	८६	१९२८८	२२५
नतिजामा आधारित (तह २)				१६	८१०	५१	५३	२९८६	५७
भौचरमा आधारित (तह १)	४७	४१६०	८९	४७	३६७२	७८	५६	१०८८०	१९५
विशेष महिला लक्षित (तह १)				५२	४५२०	८७			
जम्मा	**९१**	**१६२२०**	**१७९**	**१८०**	**२२८०२**	**१२७**	**१९५**	**३३१५४**	**१७०**

परियोजनाले एक तालिम प्रदायक संस्थालाई औसतमा २०७४।७५ मा १७९, २०७५।७६ मा १२७ र २०७६।७७ मा १७० सम्मलाई तालिम प्रदान गर्ने गरी सम्झौता गरेको देखिन्छ । तालिमको प्रकृति अनुसार बढीमा २७४ सम्मलाई तालिम दिने गरी सम्झौता भएको देखिन्छ । परियोजना कार्यान्वयन पुस्तिका अनुसार एक तालिम प्रदायक संस्थाले बढीमा ३०० जनालाई तालिम दिन सक्ने गरी सम्झौता गर्नुपर्ने उल्लेख भएपनि परियोजनाले नतिजामा आधारित तह १ र तह २ तथा भौचरमा आधारित सहित ३ प्रकारको तालिममा ताकिएको सीमाभन्दा बढी संख्यालाई तालिम प्रदान गर्ने गरी सम्झौता गरेको छ । २०७६।७७ मा ५१ तालिम प्रदायक संस्थालाई बढीमा १५ हजार ३०० जनालाई तालिम दिन सम्झौता गर्न सकिनेमा ३ प्रकारको तालिममा गरी २३ हजार ७७ जना (७ हजार ७७७ बढी) लाई तालिम दिने गरी सम्झौता गरेको छ । उक्त तालिम कोभिड १९ को महामारीको कारण सम्पन्न भएन । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले बढीमा १२० जनासम्मलाई तालिम प्रदान गर्न सक्ने आधार तोकेको छ, तर परियोजनाले बढी संख्यालाई तालिम प्रदान गर्ने गरी निजी संस्थासँग सम्झौता गरेकोले तालिमको गुणस्तर कायम गर्न ध्यान नदिएको पाईयो ।

१८.२. परिषद् अन्तर्गतका आंगिक शिक्षालयबाट बढीमा ६ वटासम्म, प्राविधक शिक्षा कार्यक्रम सञ्चालन गर्ने सामुदायिक विद्यालयहरुलाई बढीमा ३ वटासम्म र निजी संस्थाहरुलैई कुल तालिमको ३५ प्रतिशतसम्म तालिम सञ्चालन गर्न सकिने गरी कार्यविधि तयार गरेकोले तालिमको गुणस्तर नियन्त्रण गर्न सहज देखिएपनि केही प्रदेश कार्यालयहरुले उक्त कार्यविधि पालना गरेको देखिदैन । यो वर्ष कर्णाली प्रदेश कार्यालयले कर्णाली प्राविधिक शिक्षालयबाट जुम्ला जिल्लाको ९ वटा तालिम सञ्चालन गर्न सम्झौता गरेको छ भने सुदुरपश्चिम प्रदेश कार्यालयले दार्चुलाको लटिनाथ सामुदायिक विद्यालयबाट ९ वटा तालिम सञ्चालन गर्ने गरी सम्झौता गरेको देखियो ।

परिषद्ले प्रशिक्षक, भौतिक पूर्वाधार तथा व्यवस्थापकीय क्षमता अनुसार तालिमको गुणस्तर कायम राख्न सहज हुने गरी कार्यविधि तयार गरेको छ । परियोजनाले एक संस्थालाई बढी तालिम सञ्चालन गर्न दिने व्यवस्था गरेकोले तालिमको गुणस्तर कायम गर्न र व्वस्थापनमा कठिनाई हुन्छ । एउटै संस्थाले धेरै तालिम व्यवस्थापन गर्नु पर्दा प्रशिक्षकको र भौतिक पूर्वाधार अभाव भई समग्र तालिममा असर पर्ने हुन्छ । परियोजनाबाट तालिम प्राप्तमध्ये यो वर्ष ७० प्रतिशत मात्र सीप परीक्षणमा उत्तीर्ण भएका छन्। तर परिषद्को आंगिक शिक्षालयबाट तालिम लिएका प्रशिक्षार्थीहरु ७५ प्रतिशतभन्दा बढी उत्तीर्ण भएको देखिन्छ । तालिमको अनुभव, जनशक्ति व्यवस्था, पूर्वाधार लगायतका आधारहरुको मुल्याङ्कन तालिम प्रदायक संस्था छनौट गर्नुपर्ने र परियोजनाबाट सञ्चालन गरिने तालिममा गुणस्तर कायम हुने गरी संख्या निर्धारण गर्नुपर्दछ । साथै परिषद्को प्रदेश कार्यालयहरुले कार्यविधिलाई पूर्ण पालना गरी तालिमको गुणस्तर कायम गर्नुपर्दछ ।

१९. **तालिमको बिषय छनौट** - राष्ट्रिय शिक्षा नति, २०७६ र पन्ध्रौं योजनामा श्रम बजारको आवश्यकता र वैदेशिक रोजगारीलाई प्राथमिता दिई सीप विकासको तालिम सञ्चालन गरिने उल्लेख छ । परियोजना कार्यान्वयन पुस्तिकामा लक्षित बर्गलाई रोजगारी सिर्जना हुने गरी छोटो अवधिको व्यावसायिक तालिम उपलव्ध गराउने उद्देश्य रहेको छ। तर परिषद् र परियोजनाले माग र आपूर्तिको बिश्लेषण नगरी तालिम सञ्चालन गरेका छन् । यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१९.१. नेपाल श्रमशक्ति सर्वेक्षणअनुसार पेशामा आबद्ध कुल जनशक्ति १ करोड २८ लाख ४४ हजारमध्ये कृषिमा ८० प्रतिशत, इञ्जनियरिङ्ग क्षेत्रमा १२ प्रतिशत, स्वास्थ्यमा १.२ प्रतिशत, पर्यटनमा २.१० प्रतिशत र अन्य सेवामा ४.३० प्रतिशत कार्यरत छन् । परिषद्ले यो वर्ष वैदेशिक रोजगारीबाट

फर्केका श्रमिकहरुसँग सीप विकासको आवश्यकता सम्बन्धी एक अध्ययन गरेको थियो । उक्त अध्ययन अनुसार देशभित्र कृषिमा ६५.५४ प्रतिशत, निर्माणमा १५.८२ प्रतिशत, सेवामा १०.७३ प्रतिशत, उत्पादन क्षेत्रमा ५.६५ प्रतिशत र अन्यमा २.२६ प्रतिशत रोजगारी प्राप्त हुने सम्भावित क्षेत्र उल्लेख गरेको छ। परिषद्ले छोटो अवधिको व्यावसायिक तालिमको लागि २४३ प्रकारका पाठ्यक्रम निर्माण गरेका छन्। सोमध्ये तालिम लिई सीप परीक्षणमा सहभागीको पेशा बिशलेषण गर्दा २०७४।७५ मा ६२ हजारलाई ९४ प्रकार, २०७५।७६ मा ५९ हजारलाई ९९ प्रकार र २०७६।७७ मा ५७ हजारलाई ८८ प्रकारको तालिम उपलब्ध गराएको देखिन्छ । परिषद् र अन्य सरकारी निकायहरुले बिगत ३ वर्षमा विभिन्न निकाय, संस्थाहरुले तालिम दिई सीप परीक्षणको लागि आवेदन गररेकामध्ये तालिम सम्पन्न गरेका मुख्य बिषय र संख्या देहायअनुसार छन् ।

तालिमको बिषय	२०७४।७५		२०७५।७६		२०७६।७७	
	तालिम प्राप्त	प्रतिशत	तालिम प्राप्त	प्रतिशत	तालिम प्राप्त	प्रतिशत
टेलरिङ्ग	५१९५	८.३८	७४९९	१२.७६	७९६७	१४.०६
ब्युटिसियन	४७५८	७.६७	७५२४	१२.८०	६७०२	११.८३
कमिस	१४०५	२.२७	३०४१	५.१७	२२४३	३.९६
बिल्डिङ्ग इलेक्ट्रिसियन	७६५२	१२.३४	८१२०	१३.८१	८३४२	१४.७२
ब्रिक मेसन	५२७१	८.५०	३५२३	५.९९	३४८४	६.१५
स्टोन लेयर मेसन	९९३०	१६.०१	-	-	-	-
अफसिजन भेजिटेबल	-	-	३६७१	६.२४	-	-
बाँकी अन्य पेशा	२७८१३	४४.८४	२५४११	४३.२२	२७९२२	४९.२८
जम्मा	**६२०२४**	**१००**	**५८७८९**	**१००**	**५६६६०**	**१००**

परिषद्ले २४३ प्रकारको पाठ्यक्रम निर्माण गरेपनि एक वर्षमा ९९ प्रकारसम्मको तालिम मात्र उपलब्ध गराएको छ । सोमध्ये तालिकामा उल्लिखित टेलरिङ्ग, बयुटिसियन, इलेक्ट्रिसियन लगायत ७ प्रकारको पेशामा मात्र ३ वर्षमा ५५.१६ प्रतिशत, ५६.७८ प्रतिशत र ५०.७२ प्रतिशतलाई तालिम उपलब्ध गराएको देखिन्छ । श्रम बजारको माग अनुसार तालिमको बिषय छनौट भएको देखिदैन ।

१९.२. परियोजनाले काठमाण्डौ उपत्यकाभित्र भौचरको आधारमा र उपत्यका बाहिरका जिल्लाहरुमा नतिजाको आधारमा छोटो अवधिको तालिम सञ्चालन गरेको छ । भौचरको आधारमा सञ्चालित तालिममा २०७४।७५ मा ४१६० र २०७५।७६ मा २९०७ समेत ७०६७ लाई तालिम उपलब्ध गराएको र सोमध्ये एसिस्टेण्ट ब्युटिसियनमा ४३.७८ प्रतिशत, टेलरिङ्गमा २७.१० प्रतिशत र अन्य ३३ प्रकारको तालिममा २९.१२ प्रतिशत रहेका छन् । नतिजाको आधारमा सञ्चालित तालिम २०७४।७५ मा ११ हजार ६८५ र २०७५।७६ मा १२ हजार ९५५ समेत २४ हजार ६४० लाई तालिम उपलब्ध गराएकोमा एसिस्टेण्ट ब्युटिसियन १४.५९ प्रतिशत, टेलरिङ्ग १३.७७ प्रतिशत र अन्य ३८ प्रकारको तालिम ७१.६५ प्रतिशतलाई उपलब्ध गराएको देखिन्छ ।

१९.३. नेपालबाट वैदेशिक रोजगारीमा गएका कामदार २०७७ आषाढसम्म ४४ लाख ३४ हजार रहेका छन्। नेपाल आप्रवासन सर्भे २०७७ अनुसार वैदेशिक रोजगारमा गएको कुल संख्यामध्ये सेवा र विक्रीमा १८ प्रतिशत, निर्माणमा ९.३ प्रतिशत, सवारी चालकमा ५.६ प्रतिशत, इलेक्ट्रिक र मेकानिक्समा ४.९ प्रतिशत, उत्पादनमा २.१ प्रतिशत, सामान्य वा प्राथमिक पेशामा ५४.८ प्रतिशत रहेको उल्लेख छ । नेपालमा छोटो अवधिको व्यावसायिक तालिम भने स्वदेशी तथा बिदेशी माग अनुसार उपलब्ध गराउन सकेको छैन । तालिमको बिषय छनौटमा प्रशिक्षार्थीको माग, स्थानीय आवश्यकता, वैदेशिक रोजगारमा माग गरिएको पेशालाई आधार नलिई व्यावसायिक शिक्षा तथा

तालिम अभिवृद्धि परियोजनाले तालिम प्रदायक संस्थाले माग गरेको तालिममा सम्झौता गरेको छ भने परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुले स्थानीयतहबाट माग गरिएको तथा उपलब्ध प्रशिक्षक तथा पूर्वाधार अनुसार बढीभन्दा अघिल्ला पेशालाई आधार लिई तालिम उपलब्ध गराएको छ । वैदेशिक रोजगारमा आबद्ध र तालिम प्रदान गरिएको मुख्य ५ पेशा तालिकामा देखाइएको छ ।





तालिमको बिषय छनौट गर्दा देशभित्रको रोजगारी प्राप्त हुने, स्थानीय माग, वैदेशिक रोजगारीमा गएको पेशा व्यवसाय र बढी आम्दानी हुने पेशाको अध्ययन बिश्लेषण गरी तालिमको बिषय छनौट गरेको पाइएन ।

परियोजनाले स्थानीय माग तथा आवश्यकताको पहिचान नगरी तालिम प्रदायक संस्थाले प्रस्ताव गरेको तालिमको बिषयलाई आधार लिई सम्झौता गरेको हुँदा प्रशिक्षार्थीले रोजेको तालिम नपाएको देखिन्छ । वैदेशिक रोजगारमा जानेको तथ्याङ्क अनुसार सरसफाई, हाउसकिपर, सुरक्षागार्ड, निर्माणको कामदार आदिमा बढी गएको देखिन्छ । नेपालमा कार्यरत जनशक्तिको बिश्लेषण गर्दा कृषि, यातायात, पर्यटन क्षेत्रमा बढी अदक्ष श्रमिक काम गरिरहेको देखिन्छ । तर व्यावसायिक तालिमको पेशा भने प्राथमिकताको आधारमा छनौट भएको देखिदैन । स्थानीय माग, वैदेशिक रोजगारी र मुलुकको आवश्यकता पहिचान गरी माग परिपुर्ति गर्ने गरी तालिमको बिषय छनौट गर्नुपर्दछ।

२०. **प्रशिक्षार्थी छनौट** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को छोटो अवधिको सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०७६ मा बिपन्न, सुबिधा बिहीन, दुर्गम तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने समुदाय, लोपन्मुख, सिमान्तकृत व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरी प्रशिक्षार्थी छनौट गर्ने व्यवस्था गरेको छ । त्यस्तै व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना कार्यान्वयन पुस्तिकामा पिछडिएको, विपन्न तथा सीमान्तकृत बर्गका युवाहरुलाई व्यावसायिक तालिम दिई उपलब्धिमुलक रोजगारी उपलब्ध गराउने उल्लेख छ । प्रशिक्षार्थी छनौट गर्दा ती बर्ग र दुर्गम क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नुपर्ने छ । प्रशिक्षार्थी छनौटसम्बन्धी देखिएका व्यहोरा देहायबमोजिम छन् ।

परियोजनाले प्रदान गरेको प्रदेशगत तालिम प्राप्त संख्या

प्रदेश	पुरुष	महिला	जम्मा
प्रदेश नं. १	१७१७	१४२९	३१४६
प्रदेश नं. २	२७७७	१९६२	४७३९
बागमती प्रदेश	१९३५	२०७२	४००८
गण्डकी प्रदेश	१७१६	१८२८	३५४४
लुम्बिनी प्रदेश	३३६०	१७०३	५०६४
कर्णाली प्रदेश	७८९	७५८	१५४७
सुदुरपश्चिम प्रदेश	१७२३	८६९	२५९२
जम्मा	१४०१७	१०६२१	२४६४०

२०.१. नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४।७५) अनुसार नेपालमा १५ वर्ष वा सोभन्दा बढी उमेरका काम प्रतिशत) सक्रिय श्रमशक्ति रहेका छन् । तीमध्ये ४४ लाख ४६ हजार पुरुष र २६ लाख ४० हजार महिला गरी ७० लाख ८६ हजार रोजगारी क्षेत्रमा रहेका र ९ लाख ८ हजार (११.४ प्रतिशत) बेरोजगार रहेका छन् । श्रमशक्तिमा सहभागिता दर शहरी क्षेत्रमा ४१.७ प्रतिशत र ग्रामीण श्रेत्रमा ३२.९ प्रतिशत रहेको र बेरोजगारी दर शहरी क्षेत्रमा ११.६ प्रतिशत र ग्रामीण श्रेत्रमा १०.९ प्रतिशत रहेको छ । रोजगारीमा रहेका जनसंख्या बागमती प्रदेशमा सबैभन्दा बढी ४३.८ प्रतिशत र सबैभन्दा कम सुदुरपश्चिममा रहेको छ । कुल बेरोजगारीमध्ये प्रदेश २ मा सबैभन्दा बढी २०.१ प्रतिशत र सबभन्दा कम बागमती प्रदेशमा रहेको छ । वैदेशिक रोजगारीमा जाने संख्या सबैभन्दा बढी धनुषामा रहेको, त्यसपछि बढी भएका जिल्लाहरुमा महोत्तरी, झापा, मोरङ्ग, सर्लाही, सिराहा आदि रहेको छ । परिषद्का प्रदेश कार्यालयले प्रशिक्षार्थी छनौट गर्दा बेरोजगारी, जनसंख्या, मानव विकास सूचकाङ्क, वैदेशिक रोजगारीलाई आधार नलिई प्रदेशगत रुपमा एकमुष्ठ संख्या तोकेको र स्थानीय तहबाट सीफारिस भै आएपछि प्रशिक्षार्थी छनौट गर्ने गरेको छ । परिषद्को ७ वटा प्रदेश कार्यालयहरुको लागि २०७५।७६ मा ४२ हजार र २०७६।७७ मा प्रदेशहरुमा ६ हजार देखि ७ हजारसम्मका दरले ४५ हजार तालिमको कोटा निर्धारण गरी बजेट निकासा गरेको थियो । प्रदेश कार्यालयहरुले प्रत्येक स्थानीय तहमा दामासाहीले कोटा निर्धारण गरी पठाएको र सम्बन्धित स्थानीय तहले प्रशिक्षार्थी छनौट गरी पठाएको छ । तालिमको लागि प्रशिक्षार्थी छनौट गर्दा स्थानीय आवश्यकता, श्रमबजारको माग तथा रोजगारीलाई आधार लिएको देखिएन ।

२०.२. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना(इभेन्ट)ले तालिम प्रदायक संस्थाहरुले प्रस्ताव गरेको आधारमा प्रशिक्षार्थी छनौट गर्ने गरेको छ । भौचरमा आधारित तालिम काठमाणडौ उपत्यकाभित्र र नतिजामा आधारित तालिम काठमाणडौ उपत्यकाका ३ जिल्ला बाहेक अन्य जिल्लालाई समेटिने गरी तालिमको व्वस्था गरिएको छ । २०७४।७५ र २०७५।७६ मा परियोजनाले नतिजामा आधारित तालिमबाट २४ हजार ६४० लाई छोटो अवधिको तालिम उपलब्ध गराएको थियो । सोमध्ये ४३ प्रतिशत महिला र ५७ प्रतिशत पुरुष रहेका छन्। परियोजना कार्यान्वयन पुस्तिकामा दुर्गमका १४ जिल्लामा तालिम प्रदान गरेमा १० प्रतिशत थप प्रोत्साहन समेत उपलब्ध गराउने व्यवस्था छ । तर प्रशिक्षार्थी छनौट गर्दा दुर्गम क्षेत्रको सहभागिता न्यून रहेको छ । परियोजनाले ७ प्रदेशको लागि तालिम दिने संख्याको कोटा निर्धारण गरे पनि जिल्लागत तालिम लिनेको संख्या र तालिमको बिषय नतोकी प्रस्ताव माग गरेको र तालिम प्रदायक संस्थाबाट पेश गरेको तालिमको बिषय, स्थान र प्रशिक्षार्थी संख्याको आधार वा उनीहरुको माग अनुसार सम्झौता गर्ने गरेको पाइयो । परियोजनाको तथ्यांक अनुसार २०७४।७५ मा दुर्गमका ४ जिल्लामा ३८० र २०७५।७६ मा दुर्गमका ५ जिल्लाका ६२६ जनालाई मात्र तालिम उपलब्ध गराएको देखिन्छ । यस वर्ष दुर्गमका ८ जिल्लामा ६८० जनालाई तालिम दिन सम्झौता गरेको देखिएपनि तालिम सम्पन्न भएको छैन ।

देशको दुर्गम क्षेत्र, बेरोजगारको संख्या बढी रहेको स्थान, स्थानीय तालिम लिने व्यक्तिहरुको माग तथा आवश्यकता, बढी रोजगार प्राप्त हुने बिषय र बिपन्न बर्ग बढी रहेको स्थान पहिचान गरी तालिमको बिषय, संख्या र स्थान यकिन गर्नु पर्नेमा परियोजनाले तालिम प्रदायक संस्थाको प्रस्ताव अनुसार सम्झौता गरेको हुँदा सम्बन्धित संस्थाहरुले कम लागतमा तालिम सञ्चालन गर्न सकिने, बढी रोजगार प्राप्त गर्न सकिने, यातायात तथा बजारको सुबिधा भएको सजिलो र सुविधा सम्पन्न स्थान

छनौट गर्ने गरेको पाइयो । परियोजनाले मागको आधारमा र दुर्गम क्षेत्रका बेरोजगार युवाहरुले तालिम प्राप्त गर्न सक्ने गरी प्रशिक्षार्थी छनौट गर्नुपर्दछ ।

परिषद्का प्रदेश कार्यालयहरुले व्यक्तिको चाहना, आवश्यकता, आर्थिक तथा सामाजिक अवस्थाको बिश्लेषण नगरी प्राप्त कोटा अनुसार स्थानीय तहका वडा कार्यालयहरुको सिफारिसको आधारमा प्रशिक्षार्थी छनौट गरिएको छ । यसरी माग र आपूर्तिको बिश्लेषण नगरी वडा कार्यालयको सिफारिसमा मात्र प्रशिक्षार्थी छनौट गर्दा लक्षित बर्ग वा समुदायले तालिम प्राप्त गर्न नसक्ने अवस्था रहन्छ । बिद्यमान सूचकाङ्क र बिगतको तालिमलाई समेत आधार लिई लक्षित बर्गमा पहुँच पुग्ने गरी तालिम सञ्चालन गर्नुपर्दछ ।

२१. **प्रशिक्षार्थीको शैक्षिक अवस्था** - परियोजनाको छोटो अवधिको व्यावसायिक तालिमका लागि प्रशिक्षार्थी छनौट गर्न मूल्याङ्कनको आधार तोकेको छ । उक्त पुस्तिका अनुसार अँकको भार साधारण लेखपढ गर्न जान्नेलाई ७, कक्षा ८ उत्तीर्णलाई १०, एसएलसी वा एसईई उत्तीर्णलाई ४ अँक तोकेको छ । छनौटको सूचनामा उमेरको हद १६ देखि ४० वर्ष र न्यूनतम कम्तिमा साक्षार हुनुपर्ने उल्लेख छ । परियोजनाले गत २ वर्षमा ३६ हजार ४५५ लाई छोटो अवधिको तह १ को तालिम दिएको छ। कुल तालिम लिएकामध्ये निरक्षर ०.५४ प्रतिशत, साक्षार १४.९५ प्रतिशत, कक्षा ८ पास ५६.१३ प्रतिशत, एसएलसी वा एसईई पास २४.७० प्रतिशत, कक्षा १२ पास ३.४७ प्रतिशत र स्नातक वा सोभन्दा माथि ०.२१ प्रतिशत रहेका छन् । तोकिएको मापदण्ड बिपरित कक्षा १२ पास र स्नातक गरेका १ हजार ३४० लाई र निरक्षर १९८ लाई छनौट गरी तालिम उपलब्ध गराएको देखिन्छ । यसरी उच्च शिक्षा हासिल गर्नेलाई समेत तह १ को तालिम सहभागी गराउँदा लक्षित बर्गले तालिम लिन नपाउने स्थिति देखियो। निर्देशिकाले तोकेको लक्षित बर्ग र प्रशिक्षार्थी छनौट मूल्याङ्कनका आधारमा तोकेभन्दा फरक शिक्षा प्राप्त गर्नेलाई छोटो अवधिको तालिममा छनौट गर्नु उपयुक्त देखिएन ।



निर्देशिकामा तालिमको लागि छनौट गर्दा साक्षारदेखि एसईई उत्तीर्णसम्मको प्रशिक्षार्थी छनौट गर्न सकिने व्यवस्था गरेकोले कक्षा १२ उत्तीर्ण तथा सोभन्दा माथिको शिक्षा प्राप्त गर्ने बिद्यार्थीले प्राविधिक शिक्षा र उच्च शिक्षाको अवसर प्राप्त गर्ने भएकोले साक्षारको लागि व्यवस्था गरिएको यस्तो तालिममा अवसर नदिई निर्देशिकाको पूर्ण पालना गर्नुपर्दछ।

२२. **तालिमको गुणस्तर** – प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ मा सीपको तहलाई अर्ध दक्ष (तह १), मध्यम दक्ष (तह २), दक्ष (तह ३) र उच्च दक्ष (तह ४) मा बर्गिकरण गरिएको छ । व्यावसायिक तालिम प्राप्त गरेपछि बर्गिकृत स्तर अनुसारको दक्षता प्रमाणित गर्न राष्ट्रिय सीप परीक्षण समितिबाट सीप परीक्षण गराई प्रमाणिकरण गर्नुपर्ने उल्लेख छ । तालिम प्रदायक संस्थासँग गरेको सम्झौता अनुसार सबै तालिम गुणस्तरीय हुनुपर्ने र सबै प्रशिक्षार्थीको सीप परीक्षण गराउनु पर्ने उल्लेख छ । राष्ट्रिय सीप परीक्षण समितिले हालसम्म २५ वटा क्षेत्रमा २९९ वटा पेशा व्यवसायको सीप प्रमाणीकरण गरेको छ । यस वर्षसम्म प्रारम्भिक तहदेखि तह ४ सम्मका

५ लाख १४ हजार ३१६ जना सीप परीक्षणमा सहभागी भएकोमा समितिले ३ लाख ८७ हजार ६९५ (७५.३८ प्रतिशत) लाई प्रमाणीकरण गरेको छ ।

सिन	तह	२०७५ असारसम्म		२०७५।७६		२०७६।७७		२०७६।७७ सम्म		उत्तीर्ण प्रतिशत
		सहभागी	उत्तीर्ण	सहभागी	उत्तीर्ण	सहभागी	उत्तीर्ण	सहभागी	उत्तीर्ण	
१	प्राम्भिक तह	८७२३	६७८८					८७२३	६७८८	७७.८२
२	तह १	३५५०५२	२८४६०३	४२०८१	३२०८४	४५९३४	३५४२७	४४३०६७	३५२१२४	७९.४८
३	तह २	३८६४९	१८८९७	११६३७	५२११	५४६९	२४२९	५५७५५	२६५३८	४७.६०
४	तह ३	४४५०	१८५३	१०५२	२९३	३१९	५७	६८२१	२२०३	३२.३०
५	तह ४	३९	३१	०	०	११	११	५०	४२	८४
	जम्मा	४०७८१३	३१२१८३	५४७७०	३७५८८	५१७३३	३७९२४	५१४३१६	३८७६९५	७५.३८
उत्तीर्ण प्रतिशत			७६.५५		६८.६३		७३.३०		७५.३८	

सीप परीक्षण सम्बन्धी देखिएका व्यहोरा देहाय अनुसार छन् ।

सीप परीक्षणमा सहभागी र उत्तीर्ण संख्या			
तालिमको विषय	सहभागी संख्या	उत्तीर्ण संख्या	उत्तीर्ण प्रतिशत
टेलरिङ्ग	४६८१	२८९८	६१.९१
ब्युटिसियन	४१११	२५५२	६२.०८
ब्रिक मेसन	५१०८	४२७३	८३.६५
बिल्डिङ्ग इलेक्ट्रिसियन	६९१४	४८९९	७०.८६
स्टोन मेसन	९२६७	६९२६	७४.७४

२२.१. सीप परीक्षणको लागि २०७४।७५ मा ६२ हजार २४ ले आवेदन गरेकोमा ५७ हजार ७७२ सहभागी भएको र ४१ हजार ३१८ (७१.५२ प्रतिशत) उत्तीर्ण भएका थिए । २०७५।७६ मा ५८ हजार ७८९ र २०७६।७७ मा ५६ हजार ६६० ले आवेदन गरेको थियो । बिगत ३ वर्षमा तालिम प्राप्त गरी सीप परीक्षणमा आवेदन गर्ने, सहभागी र उत्तीर्ण संख्या क्रमशः घटेको देखिन्छ । २०७४।७५ सम्म औसत उत्तीर्ण प्रतिशत ७६.५५ प्रतिशत रहेकोमा २०७५।७६ मा ६८.६३ प्रतिशत र २०७६।७७ मा ७३.३० प्रतिशत भई कुल संख्यामध्ये ७५.३८ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । नेपाल श्रम सर्वेक्षणले श्रम बजारमा वर्षमा करिव ५ लाख श्रमशक्ति थप हुने उल्लेख गरेको छ । तर व्यावसायिक तालिम प्रदान गरी सीप परीक्षणमा सहभागीको संख्या र उत्तीर्ण प्रतिशत घट्दो क्रममा रहेको देखिएकोले व्यावसायिक तालिमको गुणस्तरमा ह्रास आएको र तालिम उपलब्ध गराएको संख्या पनि घटेको देखियो । सीप परीक्षण गराएकामध्ये तह ३ को ३२.३० प्रतिशत र तह २ को ४७.६० प्रतिशत मात्र उत्तीर्ण देखिएको छ । व्यावसायिक तालिम प्राप्तमध्ये सबैभन्दा बढी रोजाईमा परेका पेशामा इँटा र ढुङ्गामा काम गर्ने कामदार, बिल्डिङ्ग इलेक्ट्रिसियन, टेलरिङ्ग र व्युटिसियन रहेका छन् । तर सीप परीक्षणमा सहभागीमध्ये टेलरिङ्गमा ६१.९१ प्रतिशत र व्युटिसियनमा ६२.०८ प्रतिशत मात्र सीप परीक्षणमा सफल भएका छन् । उक्त प्रतिशत सीप परीक्षणमा उत्तीर्ण औसत प्रतिशत ७५.३८ भन्दा निकै कम भएकोले ती तालिमहरु गुणस्तरीय भएको देखिएन ।

२२.२. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको कार्यान्वयन पुस्तिकामा परियोजनाले सञ्चालन गर्ने छोटो अवधिको व्यावसायिक तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले स्वीकृत गरेको पाठ्यक्रम अनुसार सञ्चालन गर्नुपर्ने र न्यूनतम ३९० घण्टा (९० दिन) को गुणस्तरीय तालिम प्रदान गर्नुपर्ने उल्लेख छ । २०७४।७५ मा तालिम प्राप्त १५ हजार ८४५ मध्ये १२ हजार ६२१ (७९.६५ प्रतिशत) र २०७५।७६ मा तालिम प्राप्त २० हजार ६०९ मध्ये १४ हजार ३४७ (७० प्रतिशत) सीप परीक्षणमा उत्तीर्ण भएका छन् । २०७६।७७ मा तालिम सम्पन्न नभएकोले सीप

परीक्षण भएको छैन । सीप परीक्षण गरिएका कुल संख्यामध्ये नतिजामा आधारित तालिममा सहभागीमध्ये ७६.५३ प्रतिशत, भौचरमा आधारित तालिममा सहभागीमध्ये ७१.८७ प्रतिशत र बिशेष महिला लक्षित तालिममा सहभागीमध्ये ६६.९७ प्रतिशत मात्र सफल भएका छन् । तालिमको कार्यक्रम अनुसारको सीप परीक्षणमा सहभागी र उत्तीर्ण भई प्रमाणिकरण भएको संख्या देहाय अनुसार छन् ।

तालिम कार्यतक्रम	२०७४।७५			२०७५।७६			कुल जम्मा		
	सहभागी	उत्तीर्ण	प्रतिशत	सहभागी	उत्तीर्ण	प्रतिशत	सहभागी	उत्तीर्ण	प्रतिशत
नतिजामा आधारित तह१	११६८५	९५३१	८१.५७	१२९५५	९३२६	७९.९९	२४६४०	१८८५७	७६.५३
भौचरमा आधारित	४१६०	३०९०	७४.२८	२९०७	१९८९	६८.४२	७०६७	५०७९	७१.८७
बिशेष महिला लक्षित				४१६९	२७९२	६६.९७	४१६९	२७९२	६६.९७
नतिजामा आधारित तह२				५७८	२४०	४१.५२	५७८	२४०	४१.५२
जम्मा	१५८४५	१२६२१	७९.६५	२०६०९	१४३४७	६९.६२	३६४५४	२६९६८	७३.९७

परियोजनाले तालिम प्रदान प्रशिक्षार्थीहरुको सीप परीक्षण गराउँदा औसतमा ७३.९७ प्रतिशत उत्तीर्ण भएका छन्। उक्त प्रतिशत राष्ट्रिय सीप समितिले हालसम्म प्रमाणिकरण गरेको औसत प्रतिशत ७५.३८ प्रतिशतभन्दा कम रहेको छ भने २०७४।७५ मा तालिम प्राप्तमध्ये ७९.६५ प्रतिशत उत्तीर्ण भएकोमा २०७५।७६ को तालिम लिएकाहरु ६९.६२ प्रतिशत मात्र उत्तीर्ण भएकोले समग्र तालिमको गुणस्तर खस्केको देखियो । काठमाण्डौ उपत्यकाभित्र सञ्चालित भौचरमा आधारित तालिममा ६८ प्रतिशत, बिशेष महिला लक्षित तालिममा ६७ प्रतिशत र तह २ को तालिममा ४२ प्रतिशत मात्र उत्तीर्ण भएका छन् । परियोजनाले उपलब्धीमूलक रोजगारी उपलब्ध गराए बापत समूह क, ख र ग लाई ६० देखि शतप्रतिशतसम्म प्रोत्साहन रकम उपलब्ध गराए पनि तालिमको गुणस्तर भने कमजोर नै देखिएको छ । नतिजामा आधारित तह १ को तालिम दिने ६५ मध्ये ८ वटा, भौचरमा आधारित ५१ मध्ये ४ वटा र बिशेष महिलातर्फ ५५ मध्ये १५ वटा तालिम प्रदायक संस्थाबाट सञ्चालित तालिममा सहभागी २ हजार ८५९ जना सीप परीक्षणमा सहभागी भएकोमा ५० प्रतिशत भन्दा कम मात्र सफल भएको देखियो । सामान्य किसिमका तालिमहरुमा नियमित हाजिरी भई तालिम लिंदा समेत उत्तिर्ण हुन सकेको देखिँदैन ।

२२.३. परिषद्को छोटो अवधिको सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०७६ र व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना पुस्तिकामा व्यावसायिक तालिम सञ्चालन गर्दा २० जना प्रशिक्षार्थी रहने प्रत्येक समूहमा एकजना मुख्य र एक जना सहायक प्रशिक्षक रहने व्यवस्था छ । तह १ को तालिमको मुख्य प्रशिक्षकको न्यूनतम योग्यता सम्बन्धित पेशामा न्यूनतम प्राविधिक एसएलसी वा तह २ को सीप परीक्षण उत्तीर्ण भई प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट प्रशिक्षक प्रशिक्षण तालिम (टिओटी) लिएको हुनुपर्ने रु सहायक प्रशिक्षकले कम्तिमा तह १ को सीप परीक्षण उत्तीर्ण गरी तालिमको अनुभव प्राप्त हुनुपर्ने र प्रशिक्षक प्रशिक्षण तालिम (टिओटी) लिएकोलाई प्राथमिकता दिइने उल्लेख छ । तह २ को सीप परीक्षणमा २०७४।७५ मा ३ हजार ४०७, २०७५।७६ मा ५ हजार २११ र २०७६।७७ मा २ हजार ४२९ समेत जम्मा २६ हजार ५३८ उत्तीर्ण भएको देखिन्छ । प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट २०७४।७५ मा १ हजार ३७९, २०७५।७६ मा २ हजार ६७१ र २०७६।७७ मा ५६० लाई विभिन्न प्रकारको तालिम उपलब्ध गराएकोमध्ये छोटो अवधिको तालिमको लागि प्रशिक्षक प्रशिक्षणसम्बन्धी तालिम क्रमशः १५४, १०५ र ७५ लाई मात्र उपलब्ध गराएको देखिन्छ । परिषद् र परियोजनाले गत वर्ष ६५ हजारलाई तालिम उपलब्ध गराएको थियो भने यस वर्ष ७९ हजारलाई तालिम उपलब्ध गराउने लक्ष्य राखेको छ । तालिमको एक समूहमा

२० जना प्रशिक्षार्थी रहने भएकोले कुल तालिमको संख्या ३ हजार ९५० हुन आउँछ । प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गर्ने संख्या कम भएकोले मुख्य प्रशिक्षक मात्र सो तालिम प्राप्त देखिएको र सहायक प्रशिक्षकले तालिम लिएको देखिएन । यसरी प्रशिक्षक तालिम प्राप्त नहुँदा तालिमको गुणस्तरमा ह्रास आएको देखिन्छ । परिषद्ले सञ्चालन गरेको व्यावसायिक तालिमका प्रशिक्षार्थीहरु सबैको सीप परीक्षण गराएको छैन । जसले गर्दा गत वर्ष तालिम प्राप्त ४० हजार ८१८ मध्ये कतिले सीप परीक्षण गराएको हो सोको बिवरण पेश हुन सकेन ।

परियोजनाले एउटै तालिम प्रदायक संस्थालाई परिषद्ले तोकेकोभन्दा बढि तालिम उपलब्ध गराएको, सहायक प्रशिक्षकलाई प्रशिक्षक प्रशिक्षण तालिमको अनिबार्यता हटाएको, सबै तालिमहरु समान अवधिमा सञ्चालन भएकोले पर्याप्त रुपमा अनुगमन तथा मूल्याङ्कन हुन नसकेको आदि कारणले तालिमको गुणस्तरमा सुधार हुन सकेको देखिएन । सीप परीक्षणको नतिजा बिश्लेषण गर्दा तालिम प्रदायक संस्थाको प्राविधिक मुल्याङ्कन, प्रशिक्षार्थीको संख्या बितरण, पाठ्यक्रम तथा प्रशिक्षकको व्यवस्था र अनुगमन तथा मुल्याङ्कनमा सुधार गरी तालिमको गुणस्तरमा सुधार गर्नुपर्ने देखिएको छ ।

२३. **सीप परीक्षणको नतिजा प्रकाशन** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ को नियम ८ मा सीपको बर्गिकरण, परीक्षण तथा प्रमाणिकरणको लागि सीप परीक्षण समितिको व्यवस्था गरेको छ । समितिले सीपको दक्षता भए नभएको परीक्षण गरी प्रमाणिकरण गर्नुपर्ने व्यवस्था भएको र त्यस्तो परीक्षाको नतिजा समयमा प्रकाशित गर्नुपर्दछ । प्राप्त विवरण अनुसार समितिले परीक्षा लिएको लामो अवधिसम्म पनि नतिजा प्रकाशन गरेको देखिएन । सीप परीक्षणको नतिजा प्रकाशनसम्बन्धी विवरण लिई बिश्लेषण गर्दा नतिजा प्रकाशन ढीला भएको व्यहोरा देहाय अनुसार छन् ।

संस्था संख्या	सिप परीक्षण मिति	आवेदन संख्या	सहभागी संख्या	उत्तीर्ण संख्या	नतिजा प्रकाशन मिति
२५४	२०७५/११/१९-२०७६/४/१७	५१२६	४९८९	३८११	२०७६/४/२८
३७४	२०७६/३/१३-२०७६/५/१०	७५५३	७३३२	५६६०	२०७६/५/३०
१२८	२०७६/३/६-२०७६/१२/४	२४७०	२२२६	१३२२	२०७६/६/१२
३२३	२०७६/१०/२०-२०७६/५/२१	६२७६	६०८५	४६९८	२०७६/७/२१
३३४	२०७६/२/२८-२०७६/६/१६	६३०९	६१९९	४७९१	२०७६/८/१९
३३५	२०७६/१/२६-२०७६/९/४	६४७४	६३३८	४७५६	२०७६/९/२०
३१८	२०७६/२/२२-२०७६/९/२६	६१३९	५८९६	४५२०	२०७६/१०/६
४३१	२०७६/२/२५-२०७६/१०/२४	८६३०	८३०२	६२५५	२०७६/१०/२७
५९२	२०७६/३/१३-२०७६/११/२४	११२०३	१०४८८	७४३६	२०७६/१२/५
५७१	२०७६/३/१७-२०७६/१२/३	१०९७४	९९५१	६४७४	२०७७/४/९
११३	२०७६/३//६-२०७६/४/१८	२१९४	२१०५	१६११	२०७७/९/२७
४५३	२०७६/३/१८-२०७७/१२/४	८६३५	८३७७	६४३२	२०७८/१/१५
	जम्मा	**८१९८३**	**७८२८८**	**५७७६६**	

तालिकामा उल्लेख भए अनुसार ८१ हजार ९८३ ले आवेदन दिएपनि ९५.४९ प्रतिशत मात्र उपस्थित भएको छ । सोमध्ये ७३.७९ प्रतिशत मात्र उत्तीर्ण भएको छ । समितिले लामो अवधिसम्म धेरै पटक सीप परीक्षणको परीक्षा लिई एकै पटक नतिजा प्रकाशन गर्ने गरेको पाइयो । जस्ले गर्दा नतिजा प्रकाशन गर्न १० महिना सम्म लागेको देखियो । तालिकामा देखाइए अनुसार २०७६ को जेष्ठ तथा आषाढमा सीप परीक्षण गरिएका व्यक्तिहरुको नतिजा प्रकाशन ९ देखि १० महिनापछि २०७६ माघ तथा फाल्गुणमा मात्र भएको देखियो ।

समयमा नतिजा प्रकाशन नगर्दा तालिम लिने प्रशिक्षार्थीहरुले लामो अवधि कुर्नुपर्ने, रोजगारीको लागि पेश गर्नुपर्ने प्रमाणपत्र समयमा पेश गर्न नपाई रोजगारीमा नै असर पर्ने, प्रशिक्षार्थीको आयश्रोतमा

समेत असर पर्ने हुन्छ । समितिले समयमै नतिजा प्रकाशन गरी प्रशिक्षार्थीलाई प्रमाणपत्र उपलब्ध गराउनु पर्दछ ।

२४. **तालिमको उपलब्धी मूल्याङ्कन** - नेपालमा प्राविधिक शिक्षाको शुरुआत २०३५ देखि शुरु भएको र लामो र छोटो अवधिको तालिम उपलब्ध गराउन २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्थापना भएको र परिषद् अन्तर्गतका आँगिक, सम्बन्धन प्राप्त शिक्षालय र ११४० छोटो व्यावसायिक तालिम सञ्चालन गर्न दर्ता भएका निजीस्तरको तालिम प्रदायक संस्था मार्फत विभिन्न प्रकारको छोटो अवधिको तालिम सञ्चालन गरेको छ । त्यस्तै मित्र राष्ट्र तथा दातृ संस्थाको सहयोगमा व्यावसायिक तालिम दिई रोजगारी सिर्जना गर्न विभिन्न परियोजना सञ्चालन हुँदै आएको छ । यसरी व्यावसायिक तालिम सञ्चालन पश्चात ती कार्यक्रमहरुको उपलब्धी मुल्याङ्कन गर्न विभिन्न समयमा ट्रेशर स्टडी गरेको छ । लेखापरीक्षणको क्रममा व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (इभेण्ट)ले २०७४।७५ र २०७५।७६ मा काठमाण्डौ उपत्यकाभित्र सञ्चालन गरेको तालिममा एसिस्टेण्ट ब्युटिसियन र टेलरिङ्गको तालिम प्राप्त गरी ६ महिनासम्म उपलब्धीमूलक रोजगारी प्राप्त १ हजार २३९ मध्ये १२४ नमूना छनौट गरी टेलिफोनबाट अन्तर्वार्ता लिइएको छ । बिगतको तालिमको ट्रेशर अध्ययनको प्रतिबेदन र अन्तरवार्ताको नतिजा मुल्याङ्कन गर्दा तालिमको उपलब्धी देहाय अनुसार रहेक छन् ।

२४.१. श्रम बजारमा आवश्यक जनशक्ति उत्पादन गर्न नेपाल सरकारको ५० लाख र एशियाली विकास बैंकको २ करोड सहयोग समेत २ करोड ५० लाख अमेरिकी डलरमा २०७० देखि २०७५ सम्म परिषद् अन्तर्गत सीप विकास परियोजना सञ्चालन भएको थियो । उक्त परियोजनाले १ करोड ७८ लाख ८९ हजार अमेरिकी डलर खर्च गरी ६८ जिल्लाका ४६ हजार ९७९ लाई ९९ प्रकारका तालिम उपलब्ध गराएको थियो । उक्त तालिम लिएकामध्ये ४६ हजार १५१ ले सीप परीक्षणमा सहभागी भएको र ३४ हजार ३८३ (७३ प्रतिशत) उत्तीर्ण भएको थियो । कुल तालिम प्राप्तमध्ये ४१ हजार ८७८ (८९.१४ प्रतिशत)ले उपलब्धीमूलक रोजगार प्राप्त गरेको देखाएको थियो। उक्त तालिम सम्पन्न पश्चात परियोजनाले तालिमको प्रभावकारीता अध्ययन गर्न ट्रेसर अध्ययन गरेको थियो। उक्त अध्ययनले ६४ प्रतिशत मात्र रोजगारीमा रहेको देखाएको छ । कार्यक्रम सञ्चालन भएको अवधिमा भुक्तानी प्रयोजनको लागि ६ महिनाको उपलब्धीमूलक रोजगारी प्रमाणिकरण गरेको भन्दा अध्ययन गरेको अवधिमा २५ प्रतिशतले रोजगारी घटेकोले उक्त तालिम प्रभावकारी भएको देखिदैन ।

२४.२. बजारको माग अनुसारको तालिममा युवाहरुको समतामूलक पहुँच बढाउन गरीब तथा बिपन्न युवाहरुलाई छोटो अवधिको तालिम प्रदान गरी रोजगार र सीपमूलक दक्ष जनशक्ति तयार गर्न विश्व बैंक र नेपाल सरकारबीच भएको सम्झौता अनुसार २०११ देखि २०१५ सम्म व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको प्रथम चरणको कार्यक्रम कार्यान्वयन भएको थियो । सो अवधिमा परियोजनाले २ करोड ५० लाख अमेरिकी डलर खर्च गरी ५७ हजार ५०० लाई तालिम उपलब्ध गराएको थियो । उक्त परियोजनाको ट्रेसर स्टडी गरेको प्रतिबेदन अनुसार ७९ प्रतिशतले उपलब्धीमूलक रोजगारी प्राप्त गरेको उल्लेख छ । उक्त रोजगारीमध्ये ३६.७ प्रतिशत स्वरोजगार, ३८.५ प्रतिशत दैनिक ज्यालादारी र ३२.९ प्रतिशत मासिक तलबमा कार्यरत रहेको उल्लेख छ । उक्त अध्ययनले ७० प्रतिशतले मात्र तालिमबाट सन्तुष्ट रहेको देखाएको छ ।

२४.३. नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्यूटले २०७४ मा सो इन्स्टिच्यूटबाट उत्पादित जनशक्तिको अवस्था मूल्याङ्कन गर्न २०७४ मा ट्रेसर अध्ययन गरेको थियो । उक्त अध्ययन प्रतिबेदन अनुसार २८ प्रतिशतले माथिल्लो तहको अध्ययन गरेको ३५ प्रतिशतले रोजगार प्राप्त गरेको र ३४ प्रतिशत

बेरोजगार रहेको उल्लेख गरेको छ । कुल बेरोजगारमध्ये २२ प्रतिशतले कम पारिश्रमिक भएकोले काम नगरेको र १७ प्रतिशतले कामसँग मिल्ने तालिम नभएकोले काम नपाएको उल्लेख गरेको देखिन्छ । रोजगार प्राप्तमध्ये २७ प्रतिशतले तालिम लिएको विषयभन्दा भिन्न प्रकारको काम पाएको अध्ययनले देखाएको छ ।

२४.४. नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्यूटले यस आर्थिक वर्षसम्म डिप्लोमा तहको इञ्जनियरिङ्ग, होटल व्यवस्थापन र सूचना प्रविधिको ८५१ जनशक्ति उत्पादन गरेको छ । इन्स्टिच्यूटले उत्पादित जनशक्तिको अवस्था मूल्याङ्कन गर्न २०७४।७५ मा ट्रेसर अध्ययन गरेको थियो । उक्त अध्ययन प्रतिबेदन अनुसार २८ प्रतिशतले माथिल्लो तहको अध्ययन गरेको ३५ प्रतिशतले रोजगार प्राप्त गरेको र ३४ प्रतिशत बेरोजगार रहेको उल्लेख गरेको छ । कुल बेरोजगारमध्ये २२ प्रतिशतले कम पारिश्रमिक भएकोले काम नगरेको र १७ प्रतिशतले कामसँग मिल्ने तालिम नभएकोले काम नपाएको उल्लेख गरेको देखिन्छ । रोजगार प्राप्तमध्ये २७ प्रतिशतले तालिम लिएको बिषयभन्दा भिन्न प्रकारको काम पाएको अध्ययनले देखाएको छ । इन्स्टिच्यूटले यस वर्षसम्म २ हजार २३८ लाई विभिन्न १६ प्रकारको छोटो अवधिको व्यावसायिक तालिम उपलब्ध गराएकोमा तालिम लिएपछि प्रशिक्षार्थीहरुले रोजगारी पाए नपाएको सम्बन्धमा अध्ययन गरेको छैन ।

२४.५. बालाजु स्कुल अफ इञ्जिनियरिङ्ग एण्ड टेक्नोलोजीले यस वर्षसम्म डिप्लोमातर्फ सिभिलमा १८८, मेकानिकलमा ८७, इलेक्ट्रिकलमा २४० र अप्थाल्मिक साइन्स बिषयमा ९५ समेत ६१० र जुनियर टेक्निसियनतर्फ मेकानिकलमा ४८८, स्यानिटेशनमा ३७८ र इलेक्ट्रिकलमा ४७० समेत १ हजार ३३६ जनशक्ति उत्पादन गरेको देखिन्छ । शिक्षालयले उत्पादन गरेको प्राविधिक जनशक्तिको हालको अवस्था यकिन गर्न एक परामर्शदाता मार्फत ट्रेसर स्टडी गरेको र परामर्शदाताले २०७७ आषाढमा प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदन अनुसार डिप्लोमातर्फ सिभिलमा २७ प्रतिशत, मेकानिकलमा १५ प्रतिशत र इलेक्ट्रिकलमा १७ प्रतिशत बेरोजगार देखिएको छ । त्यस्तै जुनियर टेक्निसियनतर्फ मेकानिकलमा ११ प्रतिशत, स्यानिटेशनमा १७ प्रतिशत र इलेक्ट्रिकलमा ७ प्रतिशत बेरोजगारी रहेको उल्लेख छ । शिक्षालयले स्थापनाकालदेखि यो वर्षसम्म प्रायोजित कार्यक्रमबाट समेत ९ हजार २३३ लाई छोटो अवधिको व्यावसायिक तालिम उपलब्ध गराएको छ । उक्त तालिम लिएका प्रशिक्षार्थीहरुले रोजगारी पाए नपाएको सम्बन्धमा अध्ययन गरेको छैन ।

नेपाल श्रमशक्ति सर्वेक्षणले विभिन्न पेशामा कार्यरत जनशक्तिमध्ये अधिकांश सीपयुक्त नभएको देखाएको छ । तालिम प्राप्त गर्ने कामदारको माग उच्च रहेको सो सर्वेक्षणबाट देखिन्छ । तर विभिन्न ट्रेसर अध्ययन र अन्तर्वार्ता समेतको आधारमा तालिम लिएका जनशक्ति निकै बेरोजगार रहेको पाईयो । बजारको माग अनुसारको तालिम नहुनु, तालिमको गुणस्तर कमजोर हुनु, पहिले काम गरिरहेरेको जनशक्तिलाई प्रतिस्थापन गर्न कठिनाई हुनु. सीपयुक्त पारिश्रमिक बढी भुक्तानी गर्नुपर्ने आदि कारणले गर्दा दक्ष जनशक्तिले पनि रोजगारी प्राप्त गर्न नसकेको देखिन्छ । अतः सीप नक्साङ्कन र सर्वेक्षण अनुसारको पेशा वा प्रकारको तालिम छनौट गरी गुणस्तरीय तालिम उपलब्ध गराउनु पर्दछ।

२५. **रोजगारीको अवस्था** - व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना कार्यान्वयन पुस्तिका र रोजगार प्रदायक संस्थासँग भएको सम्झौतामा लक्षित बर्गका युवाहरुलाई तालिम दिई उपलब्धीमूलक रोजगार प्रदान गरेमा तालिम तथा रोजगार प्रदायक संस्थालाई तालिमको लागतमा क बर्गलाई १०० प्रतिशत, ख बर्गलाई ८० प्रतिशत र ग बर्गलाई ६० प्रतिशत प्रोत्साहन भुक्तानी गरिने व्यवस्था छ । तालिम प्रदायक संस्थालाई तालिम प्रदान गर्पछि ६ महिनासम्म उपलव्धिमूलक रोजगारी उपलब्ध

गराएको प्रमाणीकरण भएपछि प्रोत्साहन रकम भुक्तानी हुने उल्लेख छ । विश्व बैंकसँग भएको सम्झौतामा परियोजना अवधिको अन्त (२०७९।८०) सम्म तालिम लिएकामध्ये ७० प्रतिशतले उपलब्धिमूलक रोजगारी प्राप्त गर्ने उल्लेख भएकोमा २०७४।७५ मा तालिम लिएकामध्ये ७५ प्रतिशत र २०७५।७६ मा तालिम लिएकामध्ये ७९ प्रतिशतले उपलब्धिमूलक रोजगारी पाएको प्रमाणिकरण गरिएको छ। यसरी २ वर्षमा सञ्चालित तालिम कार्यक्रममध्ये रोजगारीको प्रकार देहायअनुसार रहेको छ ।

वर्ष	रोजगारीको प्रकार					
	प्रतिष्ठान	मासिक तलब	स्वरोजगार	सबकन्ट्राक्ट	दैनिक ज्याला	जम्मा
२०७४	३४	५४६८	६४२३	९६	४४१५	१६४३६
२०७५	९१	५३४५	६७७२	३९३	५८६२	१८४६३
२०७६	४	८२	१४५	६६	६३	३६०
जम्मा	१२९	१०८९५	१३३४०	५५५	१०३४०	३५२५९

उपलब्धिमूलक रोजगारी प्राप्त गर्ने संख्यामध्ये ३७.८३ प्रतिशत स्वरोजगार, २९.३२ प्रतिशत दैनिक ज्यालामा, ३०.९० प्रतिशत मासिक तलबमा र १.५७ प्रतिशत सबकन्ट्राक्टमा रहेको उल्लेख छ । उक्त संख्याको बिश्लेषण गर्दा प्रतिष्ठानमा काम गर्ने संख्या १२९ (०.३७ प्रतिशत) मात्र रहेको छ । स्वरोजगारको संख्या धेरै भएपनि सम्बन्धित निकायमा व्यवसाय दर्ता गरेका छैनन् ।

लेखापरीक्षणको क्रममा भौचरमा आधारित तालिममध्ये एसिस्टेण्ट ब्युटिसियन र टेलरिङ्गको तालिम प्राप्त १२४ जनासंग टेलिफोन मार्फत अन्तर्वार्ता लिइएकोमा ५९ प्रतिशतले मात्र रोजगारीमा रहेको जवाफ दिएका छन् । सोमध्ये २७ प्रतिशतले पारिश्रमिक तथा ज्यालामा काम गरिरहेको र ७३ प्रतिशतले आफ्नै व्यवसाय तथा स्वरोजगारीमा रहेको जवाफ दिएका छन् । रोजगारीमा रहेकामध्ये ३१ प्रतिशतको मासिक रु.१० हजारभन्दा कम आम्दानी रहेको र ९ प्रतिशतले तालिम लिनुपूर्व पनि व्यवसाय गरिरहेको जवाफ दिएका छन् ।

तालिम प्रदायक संस्थालाई शत प्रतिशत प्रोत्साहन समेत भुक्तानी हुने भएकोले तालिममा सहभागी छनौट भएकै अवस्थामा आफ्नै व्यवसाय गरिरहेकालाई पनि छनौट गरेको, ६ महिनासम्म उपलब्धीमुलक रोजगारी प्राप्त गरे बापत ६० देखि शतप्रतिशतसम्म प्रोत्साहन भुक्तानी पाउने भएकोले तालिम प्रदायक संस्थाको पहलमा ७९ प्रतिशतसम्म रोजगारी प्राप्त भएको उल्लेख भएपनि सो अवधिपछि रोजगारी प्रतिशत २० प्रतिशतले घटेर ५९ प्रतिशत मात्र रहेको पाइयो । त्यस्तै स्वरोजगार वा आफ्नो व्यवसाय गर्ने प्रतिशत ३८ प्रतिशतबाट बढेर ७३ प्रतिशत पुगेको देखियो । तसर्थ तालिम पश्चातको उपलब्धी मूल्याङ्कन गर्दा सन्तोषजनक रहेको देखिएन ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम अन्तर्गतका ७ प्रदेश कार्यालयले गत वर्ष ४० हजार २५६ लाई तालिम उपलब्ध गराएको थियो । तर तालिम उपलब्ध गराएपछि तालिम प्राप्त जनशक्तिले रोजगार प्राप्त गरे नगरेको सम्बन्धमा अध्ययन नगरेको र रोजगारी सम्बन्धी अभिलेख राखेको छैन ।

तालिम प्रदायक शिक्षालय तथा निकायले माग बमोजिम तालिम प्रदान गरेपछि रोजगार प्राप्त गरे नगरेको, स्थानीय माग पूर्ति भए नभएको, आय आर्जनमा वृद्धि भए नभएको सम्बन्धमा अध्ययन गरी सूचना तथा बिवरण संकलन गरी तालिमको योजना निर्माण गर्नु पर्दछ । परियोजनाले सञ्चालन गरेको तालिममा रोजगारी बढी देखाएपनि ६ महिना पछि तालिम प्रदायक संस्थाको पहल नहुने भएकोले रोजगारीको निरन्तरता नहुन सक्छ । स्थानीय स्तरमा टायल तथा मार्बलको काम, गहना

बनाउने, बिशेष दक्षता आवश्यक पर्ने कामको लागि आवश्यक जनशक्ति छिमेकी मुलुकबाट आपूर्ति गर्नु पर्ने बिद्यमान अवस्थालाई ध्यानमा राखी स्थानीय आवश्यकता र मागको अध्ययन र बिश्लेषण गरी नियमित रोजगारी प्राप्त हुने तालिम सञ्चालन गर्नुपर्दछ ।

२६. **वैदेशिक रोजगारी र तालिम** - नेपालको बिदेशी मुद्रा आर्जन र आर्थिक विकासमा वैदेशिक रोजगारीको योगदान महत्वपूर्ण रहेको छ । नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार कुल सकृय श्रमशक्तिमध्ये ११.४ प्रतिशत बेरोजगार रहेको र काम गर्नसक्ने उमेर समूहमध्ये झण्डै ६२ प्रतिशत कामसँग संलग्न छैन । २०७६।७७ सम्म ४४ लाख ३३ हजार ८१२ श्रमशक्ति वैदेशिक रोजगारमा रहेका छन् । बिगत ३ वर्षमा नयाँ श्रम स्वीकृति प्राप्त ७ लाख १९ हजार ५५६ र पुनः रोजगारीमा फर्केके संख्या समेत जम्मा १४ लाख ८९ हजार ७४६ ले श्रम स्वीकृति लिएका छन् । नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत उत्पादित जनशक्ति र छोटो अवधिको तालिम लिई सीप परीक्षणमा आवेदन दिने संख्या ८ लाख ४५ हजार १०३ रहेको छ। उक्त तालिम प्राप्त संख्या कुल वैदेशिक रोजगारमा गएको संख्याको १९.०६ प्रतिशत मात्र रहेको छ । तालिम प्राप्तमध्ये सीप प्रमाणीकरण गरिएको संख्या ३ लाख ८७ हजार ६९५ (८.७५ प्रतिशत) मात्र रहेको छ। बिगत ३ वर्षको वैदेशिक रोजगारीमा जाने संख्या र सीप परीक्षण गरेको संख्या देहाय अनुसार रहेको छ ।

वर्ष	वैदेशिक रोजगारी		सीप परीक्षणमा सहभागी		तालिम प्राप्त प्रतिशत		प्रमाणीकरण प्रतिशत
	पुनःफर्केका समेत कुल श्रम स्वीकृति	नयाँ श्रम स्वीकृति प्राप्त संख्या	आवेदक	प्रमाणीकरण	कुलमध्ये	नयाँमध्ये	
२०७४।७५	६१२४८५	३३१६७९	६२०२४	४१३१८	१०	१९	७
२०७५।७६	५०८८२८	२१५६३०	५८७८९	३७५८८	१२	२७	७
२०७६।७७	३६८४३३	१७२२४७	५६६६०	३७९२४	१५	३३	१०
जम्मा	**१४८९७४६**	**७१९५५६**	**१७७४७३**	**११६८३०**			**७.८४**

वैदेशिक रोजगारीसम्बन्धी देखिएका व्यहोरा देहाय अनुसार छन् ।

२६.१. नेपालमा श्रम आप्रवासन प्रतिबेदन २०२० अनुसार नेपालबाट वैदेशिक रोजगारीमा जानेको संख्या विगत ८ वर्षदेखि क्रमशः घटेको छ । बिगत ३ बर्षाको अवधिमा अघिल्ला वर्षको तुलनामा २०७४।७५ मा १३.३७ प्रतिशत, २०७५।७६ मा ३४.९९ प्रतिशत र २०७६।७७ मा २०.१२ प्रतिशतले घटेको देखिन्छ । बिगत ३ वर्षमा वैदेशिक रोजगारमा गएका संख्याको अनुपातमा तालिम प्राप्त गरी सीप परीक्षणको लागि आवेदन गर्नेको संख्या १० देखि १५ प्रतिशत मात्र रहेको र सीप प्रमाणीकरण गरिएको संख्या ७ देखि १० प्रतिशत मात्र रहेको देखिन्छ । २०७५।७६ मा वैदेशिक रोजगारीमा गएको संख्यामध्ये दक्ष २५.६ प्रतिशत, अर्धदक्ष ८.३ प्रतिशत र अदक्ष ६६.१ प्रतिशत रहेका छन् भने २०७६।७७ मा गएकोमध्ये क्रमशः २८.९ प्रतिशत, ८.९ प्रतिशत र ६२ प्रतिशत रहेको छ। उक्त तथ्याङ्कको बिश्लेषण गर्दा दक्ष जनशक्ति न्यून रहेको र अदक्षको संख्या अत्यधिक रहेको देखिएको छ ।



२६.२. श्रम आप्रवासन प्रतिवेदन २०२० अनुसार वैदेशिक रोजगारीबाट ७ लाख ५६ हजार १२७ फर्किएका छन् । सोमध्ये १० प्रतिशतले कामबाट निकालिएको, १२ प्रतिशतले राम्रो काम नपाएको र ८

प्रतिशतले सीप अनुसारको काम नपाएको कारण नेपाल फर्किएको उल्लेख गरेका छन् । वैदेशिक रोजगारीबाट फर्किएका उक्त संख्यामध्ये ४४ प्रतिशतले रोजगार प्राप्त गरेको र बाँकी ५६ प्रतिशत रोजगारीमा नरहेको अवस्था छ । रोजगारी प्राप्तमध्ये पनि २३ प्रतिशत औपचारिक क्षेत्रमा र ७७ प्रतिशत अनौपचारिक श्रेत्रमा कार्यरत रहेको उल्लेख छ । वैदेशिक रोजगारमा जाने कुल संख्यामध्ये व्यावसायिक तालिम लिई सीप परीक्षणबाट प्रमाण लिएका दक्ष जनशक्तिको यथार्थ बिवरण प्राप्त नभएकोले सो संख्या यकिन भएन । तर सीपयुक्त जनशक्ति न्यून छ । यसरी तालिम प्राप्त जनशक्ति नभएको कारण रोजगारी प्राप्त नहुने वा रोजगार प्राप्त भएपनि कम आयमा काम गर्नुपर्ने अवस्था देखिएको छ । अन्तर्राष्ट्रिय श्रमबजार र रोजगारदाताको माग तथा मापदण्ड अनुसार सीपमुलक तालिम सुनिश्चत गर्नु र ती सीप तथा तालिमहरुलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त बनाउनु निकै चुनौतीपूर्ण रहेको छ ।

वैदेशिक रोजगारमा बढी माग भएको तालिम पहिचान गरी रोजगारीमा जाने श्रमिकहरुको आवश्यकता र माग अनुसारको तालिम सञ्चालन गर्नुपर्दछ । व्यावसायिक तालिम रोजगारदाताको माग अनुसार नहुन सक्ने भएकोले गन्तव्य मुलुकस्थित रोजगारदाता तथा उनीहरु आवद्ध भएका औद्योगिक प्रतिष्ठानसँग समन्वय गरी सीप तालिम सञ्चालन गर्नुपर्दछ । साथै तालिम प्रदान गर्ने सबै निकायहरु बिच समन्वय गरी तालिम सञ्चालन गर्नुपर्दछ ।

२७. **बजेट व्यवस्थापन** - नेपाल सरकारले शिक्षातर्फको बजेट कुल बजेटको २०७६।७७ मा १७ प्रतिशत र २०७९।८० (सन् २०२२।२३) सम्म २० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ र चौधौं तथा पन्ध्रौ आवधिक योजनाले सबै इच्छुक नागरिकहरुमा व्यावसायिक शिक्षा र तालिमको अवसर विस्तार गर्न पर्याप्त बजेट व्यवस्था गर्ने लक्ष्य राखेको छ । नेपाल सरकारले बिगत ३ वर्षमा शिक्षाको बिनियोजन गरेको बजेट बिश्लेषण गर्दा कुल राष्ट्रिय बजेटको २०७४।७५ मा ९.९१ प्रतिशत, २०७५।७६ मा १०.२३ प्रतिशत र २०७६।७७ मा १०.६८ प्रतिशत बिनियोजन गरेको छ । शिक्षातर्फ विनियोजित बजेटको तुलनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को लागि संघीय सरकार, प्रदेश सरकार र आन्तरिक श्रोत समेत गरी २०७४।७५ मा २.२३ प्रतिशत, २०७५।७६ मा ४.०८ प्रतिशत र २०७६।७७ मा ४.१५ प्रतिशत बजेट व्यवस्था गरेको छ । छोटो अवधिको व्यावसायिक तालिम सञ्चालनको लागि व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को ७ प्रदेश कार्यालयहरुबाट खर्च गर्ने गरी शिक्षातर्फको कुल बजेटमध्ये देहाय अनुसार रु.५६ लाख १० हजार (०.४४ प्रतिशत), रु.२ करोड २५ लाख ८४ हजार (१.६८ प्रतिशत) र रु.२ करोड ९७ लाख ५४ हजार (१.८२ प्रतिशत) बजेट बिनियोजित भएको छ ।

शिक्षा र तालिमको लागि बजेट विनियोजन

(रु. लाखमा)

आर्थिक वर्ष	शिक्षातर्फको बजेट	कुल बजेटको प्रतिशत	परिषद्तर्फको बजेट	शिक्षाको बजेटमध्ये परिषद्को बजेट प्रतिशत	व्यावसायिक तालिमको बजेट	शिक्षाको बजेटमध्ये तालिमको बजेट प्रतिशत
२०७४।७५	१२६७८००	९.९१	२८२२७	२.२३	५६१०	०.४४
२०७५।७६	१३४५०००	१०.२३	५४८३३	४.०८	२२५८४	१.६८
२०७६।७७	१६३७६००	१०.६८	६७९५९	४.१५	२९७५४	१.८२
जम्मा	४२५०४००	१०.३०	१५१०१९	३.५५	५७९४८	१.३६

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले २०७५।७६ मा रु.२ अर्ब ६६ करोड ८ लाख ८४ हजार र २०७६।७७ को लागि ३ अर्ब ६३ करोड ८५ लाख ३४ हजार बिनियोजन गरेकोले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र अन्तर्गत निकायको बजेट २०७४।७५ को बजेटको तुलनामा २०७५।७६ मा १९४ प्रतिशत र २०७६।७७ मा २४१ प्रतिशतले बढेको देखिन्छ । तर शिक्षातर्फको कुल बजेटमध्ये परिषद्को बजेट आन्तरिक आय समेत ३ वर्षको बजेट औसतमा ३.५५ प्रतिशत र व्यावसायिक तालिमको बजेट औसतमा १.३६ प्रतिशत मात्र रहेको छ । आधारभूत र मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादनको लागि सबै स्थानीय तहमा तालिम दिने संस्थागत संरचना पुर्याई दक्ष तथा सीपयुक्त जनशक्ति तयार गरी रोजगारी वृद्धि गर्ने नेपाल सरकारको उद्देश्य रहेपनि बजेट बिनियोजनको बिश्लेषण गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा न्यून बजेट बिनियोजन भएकोले कम प्राथमिकता दिएको देखिन्छ । तालिम प्राप्त नगरेको कारण स्वदेशी तथा वैदेशिक रोजगारीमा रोजगारी गुम्ने, जोखिमयुक्त काम गर्नुपर्ने, आयआर्जन कम हुने अवस्था देखिएको छ । आवश्यक स्रोत साधनको उपलब्धता बेगर दक्ष जनशक्ति उत्पादन हुन नसक्ने स्थिति छ ।

भौतिक संरचना, प्रशिक्षक, पाठ्यक्रम, तालिम सञ्चालन लगायतमा खर्च गर्नुपर्ने भएकोले साधारण शिक्षाको तुलनामा प्राविधिक शिक्षामा लगानी बढी गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको गुणस्तरयुक्त तालिमको लागि पर्याप्त स्रोतको आवश्यकता पर्ने भएकोले जनशक्तिको आवश्यकता र मागअनुसार प्राविधिक शिक्षा र व्यावसायिक तालिमको लागि आवश्यक बजेट व्यवस्था गर्नुपर्दछ ।

२८. **खर्चको स्थिति** - स्वीकृत बजेट खर्च गरी लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को लागि २०७४।७५ मा रु.२ अर्ब ८२ करोड २७ लाख, २०७५।७६ मा रु.५ अर्ब ४८ करोड ३३ लाख र २०७६।७७ मा रु.६ अर्ब ७९ करोड ५९ लाख बजेट व्यवस्था भएकोमा क्रमशः ७७.७८ प्रतिशत, ६१.४२ प्रतिशत र ५३.४७ प्रतिशत औसतमा ६०.९० प्रतिशत खर्च भएको छ भने विश्व बैंकको सहयोगमा सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको लागि २०७४।७५ मा रु.४८ करोड १० लाख, २०७५।७६ मा रु.१ अर्ब ४० करोड ७५ लाख र २०७६।७७ मा रु.१ अर्ब ८२ करोड ५८ लाख बजेट व्यवस्था भएकोमा क्रमशः ६१.०४ प्रतिशत, ४४.२० प्रतिशत र ५४.५० प्रतिशत औसतमा ५१.४४ प्रतिशत खर्च मात्र भएको छ । बजेट र खर्चको स्थिति चार्टमा प्रस्तुत गरिएको छ ।





विगत ३ वर्षको खर्च रकम बिश्लेषण गर्दा स्वीकृत बजेटमध्ये परियोजनाले औसतमा ५१.४४ प्रतिशत र परिषद्ले ६०. ९० प्रतिशत मात्र खर्च गरेको कारण लक्ष्यअनुसार तालिम कार्यक्रम सञ्चालन गर्न सकेको छैन ।

परिषद्को कुल बजेट खर्चमध्ये स्वीस सरकारको सहयोगमा सञ्चालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर)को लागि २०७४।७५ मा रु. ८ करोड, २०७५।७६ मा रु.२३ करोड १७ लाख र २०७६।७७ मा रु.२९ करोड ३६ लाख बजेट बिनियोजन भएकोमा १४.१३ प्रतिशत, २०७५।७६ मा ३४.५७ प्रतिशत र २०७६।७७ मा ५९.५१ प्रतिशत मात्र खर्च गर्न सकेको छ । प्रदेश सरकारले २०७५।७६ देखि सबै स्थानीय तहमा छोटो अवधिको तालिम सञ्चालन गर्न २०७५।७६ मा बिनियोजित रु.६१ करोड ९२ लाखमध्ये ९४.८८ प्रतिशत खर्च गरेपनि २०७५।७६ मा बिनियोजित रु. ८५ करोड ६० लाखमध्ये १६ प्रतिशत मात्र खर्च गरेको छ । सोमध्ये प्रदेश १ ले २४ प्रतिशत, प्रदेश २ ले ०.०६ प्रतिशत, बागमति प्रदेशले २० प्रतिशत, गण्डकी प्रदेशले १८ प्रतिशत, लुम्बिनी प्रदेशले २१ प्रतिशत, कर्णालीले ३२ प्रतिशत र सुदुरपश्चिम प्रदेशले १६ प्रतिशत मात्र खर्च गरेको छ । कोभिड १९ को कारण बन्दाबन्दी भएको हुँदा तालिम सञ्चालन कार्यक्रम शुरु भएपनि सम्पन्न गर्न नसकेकोले खर्च कम भएको सम्बन्धित निकायको भनाई छ ।

खर्च कम हुनुमा समयमा निकासा नभएको, खरिद र कार्यक्रम सञ्चालन गर्ने कर्मचारीको अभाव हुनु, खरिद व्यवस्थापन प्रथम चौमासिकमा नहुनु, अधिकांश तालिम कार्यक्रम तेस्रो चौमासिकमा मात्र सञ्चालन गर्नु आदि कारण रहेका छन् । साथै परिषद्ले शिक्षालयको संख्या बढेको कारण दरबन्दी पुनरावलोकन गरी पेश गरेकोमा मन्त्रिपरिषद्ले हालसम्म स्वीकृत गरेको छैन । तालिमको लागि बिनियोजित बजेटबाट तोकिए अनुरुप तालिम सम्पन्न गर्न नसकेको कारण लक्षित बर्गका युवाहरु तालिमबाट बञ्चित भएका छन् । जस्ले गर्दा स्वदेशी तथा वैदेशिक रोजगारीमा समेत असर पुगेको छ भने रोजगारी प्राप्त गर्नेले समेत दक्ष जनशक्तिले पाउने आय आर्जन गर्न नसक्ने स्थति देखिएको छ । सीपयुक्त जनशक्ति उत्पादनको लागि एकातिर बजेट कम विनियोजन हुनु र विनियोजन भएको बजेट पनि खर्च गर्न नसकेको कारण समग्र कार्यसम्पादनस्तर कमजोर देखिएको छ । केन्द्रियस्तरमा शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयले र प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालयले समयमै बजेट निकासा दिनुपर्ने, रिक्त दरबन्दी पदपूर्ति गरी आवश्क जनशक्तिको व्यवस्था गर्नुपर्ने र कार्यक्रम सञ्चालन गर्ने निकायले समयमै प्रशिक्षार्थी छनौटको गरी दोस्रो चौमासिकभित्र तालिम कार्यक्रम सञ्चालन गरी चौमासिक रुपमा खर्च गर्ने गरी बिनियोजित बजेट अनुपातिक रुपमा खर्च गर्नुपर्दछ ।

२९. **जनशक्ति व्यवस्थापन** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ र नियमावली, २०५१ मा परिषद्ले आवश्यकता अनुसार तालिम दिने शिक्षक तथा कर्मचारीहरुको नियुक्ति गर्ने व्यवस्था छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र अन्तर्गतका निकायहरुमा प्राविधिक ५५८ जना र प्रशासनिक ३७४ गरी ९३२ दरबन्दी रहेकोमा ८५६ कार्यरत छन् । परिषद्ले २०७८ आषाढ मसान्तसम्म रिक्त हुन आउने पदहरुको संख्या समेत गणना गरी २२५ जनाको लागि बिज्ञापन माग गरेपनि परीक्षा स्थगित भएको छ । मौजूदा दरबन्दी २०५२ सालमा स्वीकृत भएकोमा पुनरावलोकन नभएकोले हाल कायम रहेका केन्द्रीय निकायहरु ३, प्रदेश कार्यालय ७ र आंगिक शिक्षालय ६१ का लागि आवश्यक २ हजार ६६ नयाँ दरवन्दी कायम गरी स्वीकृतिको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गरेकोमा प्रस्तावित दरबन्दी स्वीकृत भएको छैन ।

आंगिक शिक्षालय बर्षेनी बढेको तर शिक्षकको दरबन्दी थप र नियुक्ति नभएबाट डिप्लोमा तथा प्रि-डिप्लोमाका कक्षा सञ्चालनमा असर पुगेको देखिन्छ । आंगिक शिक्षालयहरुमा कार्यक्रम सञ्चालनका लागि मौजूदा दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीहरुमध्येबाट काजमा खटाई व्यवस्थापन गरेको र नपुग शिक्षक करारमा शिक्षक नियुक्त गरी सञ्चालन गर्दै आएको देखिन्छ । गुणस्तरिय प्राविधिक शिक्षा तथा तालिम प्रदान गरी सीपयुक्त जनशक्ति उत्पादन गर्नको लागि शिक्षकको रिक्त दरबन्दी समयमै पूर्ति गर्नुपर्ने र काज खटाउने तथा करारमा नियुक्त गरी अस्थायी रुपमा सेवा लिने अभ्यासलाई न्यूनीकरण गर्नुपर्दछ ।

निष्कर्ष

नेपाल सरकारले सबै स्थानीय तहसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि संस्थागत पहुँच पुऱ्याउने र सबै बर्ग तथा समुदायका नागरिकलाई सीपयुक्त व्यावसायिक तालिम दिई रोजगारीमा वृद्धि गर्ने लक्ष्य लिई नीतिगत व्यवस्था गरी बर्षेनी कार्यक्रम सञ्चालन गर्दै आएको छ । सबै बर्ग, तह र क्षेत्रमा तालिमको पहुँच पुऱ्याई सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरी रोजगारी बढाउन बर्षेनी बजेट वृद्धि गरेको तथा जनशक्ति उत्पादन वृद्धि भएपनि बजारको माग अनुसार र रोजगारीको सुनिश्चतता हुने गरी तालिम सञ्चालन हुन सकेको छैन । व्यावसायिक तालिम सञ्चालनमा पहुँच वृद्धि भएपनि मागको आधारमा नभई तालिम दिने निकायले तोकेको आधारमा तालिम सञ्चालन भैरहेको छ । तालिम लिएका जनशक्तिले नवीनतम सीप र उद्यमशीलता जस्ता सीपको अभावमा प्रतिस्पर्धा गर्न नसकी रोजगार प्राप्त गर्न नसकेको अवस्था छ । आर्थिक स्रोतको अभावमा प्रभावकारी देखिएका तालिम कार्यक्रम सञ्चालन हुन सकेका छैनन् भने कतिपय निकायले प्राप्त श्रोतको उपयोग गर्न सकेको छैन । दातृ संस्थाबाट सञ्चालित तालिमको उपलब्धि संख्या र रकम खर्चमा मात्र प्रगति मूल्याङ्कन गर्ने गरिएकोले उत्पादित जनशक्तिको गुणस्तर र रोजगारी अपेक्षित छैन । धेरै मन्त्रालय अन्तर्गतका निकायहरु मार्फत कार्यक्रम सञ्चालन भएकोमा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बीच पर्याप्त समन्वय हुन सकेको छैन । सीपको अभावमा वैदेशिक रोजगारीमा जाने श्रमिकहरु समय अगावै कामबाट निस्कनु परेको, पर्याप्त आम्दानी गर्न नसकेको अवस्था छ । तालिम लिएका प्रशिक्षार्थीहरुले सीप परीक्षणमा सफल हुन सकेका छैनन् ।

सुरक्षित नागरिक आवास कार्यक्रम

परिचय

१. **पृष्ठभूमि** - नेपालको संविधानको धारा ३७(१) ले प्रत्येक नागरिकलाई आवासको हक हुने र उपधारा २ ले कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाईने वा अतिक्रमण गरिने छैन भन्ने व्यवस्था गरेको छ ।संविधानले आवासको हकलाई मौलिक हकको रूपमा अंगीकार गरी सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने तथा आवास विहीन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको

छ । साथै, संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत गरेको छ । सरकारले नीतिगत तथा कानुनी व्यवस्थाबाट सामाजिक सुरक्षा सँग आवद्ध गरी नागरिकको सुरक्षित आवासको हकको प्रत्याभूति गरेको छ । त्यस्तै विकट तथा बिपद्को उच्च जोखिमयुक्त स्थानमा छरिएर बसेका घरपरिवारलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रूपले सबल हुनेगरी एकीकृत बस्तीमा स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको छ

२. **निकायको परिचय** - आवासको अधिकारसम्बन्धी ऐन, २०७५ लागु भएपश्चात नेपाल सरकारबाट अति बिपन्न, लोपोन्मुख र सीमान्तकृत जनजातिका लागि सुरक्षित नागरिक आवास कार्यक्रम २०७५/७६ देखि सञ्चालनमा ल्याएकोछ।यो कार्यक्रम कार्यान्वयनको लागि बिभिन्न निकायबीच समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्न जिल्ला, स्थानीय तह र संख्या तोक्ने तथा कार्यक्रमको समीक्षा गर्न केन्द्रीय स्तरमा शहरी विकास मन्त्रीको संयोजकत्वमा केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति रहेको छ ।त्यसैगरी स्थानीय स्तरमा प्रत्येक निर्वाचन क्षेत्रमा प्रतक्ष्य निर्वाचित प्रतिनिधि सभाका सदस्यको संयोजकत्वमा वडा र स्थानीय तहगत लाभग्राहीको छनौट, कार्यक्रम कार्यान्वयन, गुनासो व्यवस्थापन लगायतका कामकोलागि संघीय आयोजना कार्यान्वयन ईकाई वा सघन शहरी तथा भवन निर्माण आयोजना र २०७७ देखि स्थानीय तहहरुको प्रतिनिधित्व रहेको सुरक्षित नागरिक आवास समन्वय समितिको व्यवस्था गरिएको छ ।

३. **नीतिगत तथा कानुनी व्यवस्था** - पन्ध्रौं आवधिक योजनामा सुरक्षित नागरिक आवास कार्यक्रमलाई व्यवस्थित गर्न निम्न रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलापहरुको व्यवस्था गरिएको छ ।

- संघीय, प्रादेशिक र स्थानीय तहको क्षेत्रगत भूमिका स्पष्ट पार्दै संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- कमजोर आर्थिक अवस्थामा रहेका दलित, मुस्लिम, लोपोन्मुख र सीमान्तकृत जातजाति तथा समुदाय एवं बिपद्को उच्च जोखिमबाट सुरक्षित किफायति र वातावरणमैत्री आवासको व्यवस्था गर्ने ।
- आवास तथा बस्ती विकास क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट पारी सुशासन कायम गरी सोको लागि आवश्यक नीति, ऐन, नियमावली, कार्यविधि तर्जुमा एवं परिमार्जन गर्दै स्थानीय तहको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ ।
- अव्यवस्थित पुराना घना बस्तीलाई पुनरुत्थान गरिने छ ।
- आवास तथा पूर्वाधार सेवाको विकास र विस्तारमा स्थानीय तह, निजी क्षेत्र तथा स्थानीय जनसहभागितालाई प्रोत्साहित गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिने छ ।

- ❖ अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाती समुदाय र शहरी गरिबको लागि सुरक्षित आवास उपलब्ध गराईने छ ।
- ❖ खर वा फुसको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्य अभियानका रुपमा सञ्चालन गरिने छ।

४. **कानुनी व्यवस्था** - सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनको लागि आवासको अधिकारसम्बन्धी ऐन, २०७५ र सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५ (२०७५।१०।०७) पहिलो संशोधन २०७७।१।८ तर्जुमा गरी लागु गरिएको छ ।

ऐनबमोजिम आवासको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई प्रचलित कानुनले निर्धारण गरेको मापदण्डको अधीनमा रही सुरक्षित, उपयुक्त र आफ्नो क्षमता अनुकूल आवास बनाउने, सो आवासमा बसोबास गर्ने र त्यसको प्रयोग गर्ने, आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने, प्रचलित कानुनबमोजिम आवास स्थलको छनौट गर्ने तथा बसाइ सराई गरी उपयुक्त स्थानमा व्यवस्था गर्न पाउने, धार्मिक, सामाजिक, तथा सांस्कृतिक पहिचानको सम्मान तथा संरक्षण गर्न पाउने, आवास स्थल र वरिपरिको तोकिएको खुला क्षेत्रमा भौतिक संरचना निर्माण नगरी संरक्षण गर्न पाउने लगायतका अधिकारको व्यवस्था गरिएको छ । कुनै पनि नागरिकलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा आवासको सुविधाबाट वञ्चित गर्न वा भेदभाव गर्न नपाइने, यस्ता अधिकारको सम्मान, सम्वर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुने र उपलब्ध स्रोत साधनको आधारमा देहायबमोजिमका आवास विहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी क्रमशः तोकिएबमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्नेछः

- ❖ नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहेको,
- ❖ प्राकृतिक विपत्तिका कारण स्थायी रूपमा विस्थापित भएको अवस्था विद्यमान भएको ।

आवास विहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउन तोकिएबमोजिमको सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराइने र आवासको व्यवस्था गर्न नसक्ने अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवास विहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा दोहोरो नपर्ने गरी तोकिएबमोजिम क्रमशः आवास सुविधा उपलब्ध गराइने लगायतका व्यवस्था गरिएको छ

५. **संगठन संरचना र जनशक्ति** - यो कार्यक्रम कार्यान्वयनको लागि संगठनात्मक संरचना निम्नानुसार रहे तापनि यसका लागि आवश्यक दरवन्दी तथा कर्मचारी यकिन नगरिएको अवस्था छ । सम्वद्ध निकायहरुमा कार्यरत कर्मचारीबाट नै यो कार्यक्रम सञ्चालन भएको छ ।



६. **कार्यक्रम र प्रगति** - सुरक्षितनागरिक आवास कार्यक्रम अन्तरगत १ लाख ६८ हजार २८१ लाभग्राही छनौट भएका छन । छनौट भएकामध्ये २०७७ अषाढ मसान्तसम्म १४ हजार १९ लाभाग्राहीसँग अनुदान सम्झौता भएको छ । सुरक्षित नागरिक आवास कार्यक्रममा निर्माणका लागि अनुदान रकम स्थानीय तहमा नै पठाउने गरी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ संशोधन गरिएको छ। २०७६/७७ मा १८ हजार ९०० सुरक्षित नागरिक आवास निर्माण गर्ने लक्ष्य रहेको भएता पनि ३ हजार २६९ ले मात्र सुरक्षित नागरिक आवास निर्माणको काम सम्पन्न भएको छ । आवासको हक अन्तर्गत वि.सं. २०८० सम्ममा करिब २० लाख आवास एकाइ निर्माण गर्नु पर्ने आवश्यकता रहेकोमा करिब ४ लाख आवास ईकाइ विपन्न, लोपोन्मुख तथा सीमान्तकृत बर्गकोलागि आवश्यक रहेको छ । २०७५/७६ सम्ममा जनता आवास कार्यक्रम अन्तर्गत विपन्न, लोपोन्मुख तथा सिमान्तकृत वर्गका लागि १७ हजार आवास ईकाइ निर्माण भएको तथा ७ हजार सुरक्षित नागरिक आवास निर्माणका लागि जस्तापाता र काठ खरिदका लागि अनुदान उपलब्ध गराइएको छ । यस कार्यक्रममा ३५ हजार सुरक्षित नागरिक आवास निर्माण हुने अनुमान गरिएको छ । आवासको अधिकारसम्बन्धी ऐन, २०७५ लागुभए पश्चात नेपाल सरकारबाट अति बिपन्न, लोपोन्मुख र सीमान्तकृत जनजातिका लागि सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

७. **वित्तीय व्यवस्था** - नागरिकको मौलिक हकको रुपमा रहेको सुरक्षित आवास सुनिश्चित गर्न जनता आवासका अतिरिक्त नयाँ सुरक्षित आवासको निर्माण कार्यक्रम सुरु गरिने व्यवस्था २०७५/७६ को बजेट वक्तव्यको बुदा १५४ ले गरेको छ । यस कार्यक्रममा आगामी आर्थिक बर्ष गरिवीको रेखामुनि रहेका घरपरिवारहरुले सुरक्षित आवासको निर्माण आफैले गर्न चाहेमा प्रतिपरिवार जस्तापाता सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि रु.५० हजार अनुदान दिने व्यवस्था गरेको छ ।त्यसैगरी बजेट वक्तव्यको बुँदा १५५ ले संघीय सरकार स्थानीय तह र सम्बन्धित परिवारको सहभागितामा पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईने तथा प्रदेश र स्थानीय तहको शहकार्यमा एक पटकका लागि सुकम्वासीको आवास समस्याको समाधान गरिने उल्लेख गरेको छ ।

समृद्ध नेपाल सुखी नेपाली बनाउने दीर्घकालीन उद्धेश्य अनुरुप सुरक्षित आवास लगायतका अत्यावश्यक आवश्यकताको परिपूर्ति गर्दैजाने लक्ष्य अनुरुप २०७६।०७७ को बजेट वक्तव्यको बुदा २०२ मा अति बिपन्न लोपोन्मुख र सिमान्त कृत बर्गका परिवारका लागि सुरक्षित किफायती र बातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत काठ र जस्तापातामा अनुदान दिई आगामी वर्ष करिब २० हजार भवनको खर तथा फुसको छाना फेर्न रु.७३ करोड बजेट बिनियोजन गरिएको छ ।

८. **विषय छनौटको औचित्य** - नेपालको संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनवद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत गरेको छ । पन्ध्रौं आवधिक योजना (२०७६/७७ देखि २०८० / ०८१) ले कमजोर आर्थिक अवस्थामा रहेका दलित, मुस्लिम, लोपोन्मुख र सिमान्तकृत जातजाति तथा समुदाय एवं बिपद्को उच्च जोखिमबाट जोगाउन सुरक्षित किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने रणनीति अगाडि सारेको छ ।यस कार्यक्रमको लागि २०७५/७६ र २०७६/७७ मा क्रमशः रु.१२ करोड ३४ लाख ३२ हजार र ४९ करोड बजेट व्यवस्था गरेको भए तापनि खर्च क्रमशः रु.९ करोड ७७ लाख ३ हजार र ४२ करोड २१ लाख ९० हजार खर्च भएको छ । जनताको आधारभूत आवश्यकतासँग जोडिएको विषय भएकोले कार्यमूलक लेखापरीक्षणकोलागि छनौट गरिएको हो ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उद्देश्य** - सुरक्षित नागरिक आवास कार्यक्रम तर्जुमा एवं कार्यान्वयन स्थितिको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको मूख्य उद्देश्य रहेको छ ।यस क्रममा देहायका बिषयमा लेखापरीक्षण केन्द्रित रहको छ ।

- ❖ लाभग्राही पहिचान र पहिचानका आधार तथा छनौट सम्बन्धमा विश्लेषण,
- ❖ वित्तीय व्यवस्था र कार्यान्वयन अवस्थाको अध्ययन तथा विश्लेक्षण,
- ❖ कार्यक्रमको हालसम्मको दक्षता र प्रभावकारिता मूल्याङ्कन गरी सुधारको लागि सुझाव प्रस्तुत।

१०. **लेखापरीक्षणको क्षेत्र** - केन्द्रीय स्तरमा केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति, शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत आवास महाशाखा, संघीय आयोजना कार्यान्वयन ईकाई वा सघन शहरी तथा भवन निर्माण आयोजना र स्थानीय तहहरुले गरेका सुरक्षित नागरिक आवाससम्बन्धी निर्णयहरु र यी निकायहरुद्वारा वितरण गरिएको विगत २ वर्षको वितरित अनुदान र क्रियाकलापहरु लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ ।

११. **लेखापरीक्षण पद्धति** - यो लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन ईन्टोसाईद्वारा जारी गरिएको कार्यमूलक लेखापरीक्षणका मानदण्डहरु इसाई ३००० र कार्यालयबाट जारी गरिएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ अनुसार सञ्चालन गरिएको थियो ।यस लेखापरीक्षणमा समस्यामूलक तथा नतिजामूलक दुवै पद्धतिलाई समानान्तर रुपमा प्रयोग गरिएको छ ।कार्यान्वयन इकाई तथा आयोजना र स्थानीय तहबाट सञ्चालित कार्यको गुणस्तर आस्वस्तता प्रदानमा सिर्जित समस्या समस्यामूलक पद्धति तथा कार्यक्रम सञ्चालनमा प्रभावकारिता र भएको प्रगति जस्ता विषय विश्लेषण गर्न नतिजामूलक पद्धति अङ्गिकार गरी प्राप्त तथ्यको विश्लेषणबाट प्रतिवेदन तयार गरिएको छ ।लेखापरीक्षणको उदेश्य हासिल गर्नका लागि शहरी विकास तथा भवन निर्माण विभाग र सो अन्तर्गतका इकाई तथा स्थानीय तहले सञ्चालन गरेका गतिविधि तथा क्रियाकलापसँग आवद्ध कागजात तथा तथ्याङ्क सङ्कलन र स्थलगत अवलोकन समेतगरी विस्तृत रुपमा समीक्षा गरिएको छ । समीक्षाबाट देखिएका आधारमा जोखिम मूल्याङ्कन गरी तात्विक महत्वका विषय पहिल्याउन सरोकारवाला समुहसँग छलफल तथा कार्यान्वयन निकायका पदाधिकारीसँग अन्तर्क्रिया गरिएको छ।

१२. **लेखापरीक्षणको सिमितता** - प्राप्त सूचना, अभिलेख, विवरण तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको लागि प्राप्त समयसिमा, संलग्न जनशक्ति, स्रोतसाधन र कोभिड-१९ का कारणले गर्दा लेखापरीक्षणको विधि प्रक्रिया र क्षेत्र सिमित गरेको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

१३. **लक्षित वर्ग पहिचान** - सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ३ ले लक्षित वर्गको पहिचानका लागि हाल बसोवास गरिआएको घरको छानोको अवस्था, घरपरिवार, जग्गाधनी प्रमाण पूर्जा, बसोवास गरिआएको अवधि, प्रकोपमा परेको भए सिफारिस र स्थानीय तहको सिफारिसका आधारमा लक्षित वर्गको पहिचान गरिने उल्लेख गरेको छ भने दफा १४ ले केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयन गर्ने जिल्लाका स्थानीय तह र संख्या निर्धारण गर्ने गरेको छ ।संख्या निर्धारण गर्दा समसामयिक तथ्याङ्क प्रयोग गरी लाभग्राहीको संख्या कायम भएको अवस्था छैन ।तथ्याङ्क विभागले २०६८ मा गरेको जनगणनाअनुसार कुल ५४ लाख २३ हजार २९३ घरधुरीमध्ये १९.०३ प्रतिशत घरधुरीहरु छाना खर तथा घाँस तथा परालले छाएको

उल्लेख छ ।यो हिसावले १० लाख ३२ हजार घरधुरीमा स्थायी प्रकारको छाना नरहेको अवस्था छ ।उक्त गणनाको १० वर्ष व्यतित हुँदा पनि यस्ता घरधुरीको अद्यावधिक तथ्याङ्क विना नै प्रति परिवार ३५.२ व.मि. २६ गेजको जस्ता पाता उपलव्ध गराउने प्रयोजनका लागि लाभग्राहीको नाउँमा २ किस्तामा रु.५० हजार अनुदान उपलव्ध गराउने गरी कार्यक्रमको शुरुवात गरेको छ ।तर वास्तविक लक्षित वर्ग पहिचान भएको अभिलेख तयार गरेको छैन । उदाहरणको लागि केन्द्रबाट विगत र बर्तमानको पर्याप्त र अद्यावधिक तथ्याङ्क बेगर नै कास्कीको अन्नपूर्ण गाँउपालिका, तनहुँको भिमाद, व्यास, ऋषिङ मा बास्तविक भन्दा बढी लाभग्राहीको छनौट गरेका कारण अन्नपूर्ण गाँउपालिका ६५ घरधुरीलाई लाभग्राहीको रुपमा स्वीकृत भएकोमा मात्र २१ ले सम्झौता गरेको, त्यस्तै अवस्था तनहुँको भिमाद, व्यास, ऋषिङमा पाईयो। यसबाट मागमा आधारित भन्दा केन्द्रबाट नै लाभग्राहीको संख्या कायम भएको देखियो । केन्द्रले अद्यावधिक तत्थ्याङ्क बिना नै लाभग्राहीको संख्या तोकिँदा कार्यक्रममा वास्तविक लक्षित समूहको जिल्ला र स्थानीय तहका बास्तविक लाभग्राहीको यकिन संख्या पहिचान गर्न सकेको देखिएन । कार्यक्रमको सुरुवाती चरणबाटै स्थानीय तहको संलग्नता नहुनुको कारण बास्तविक लाभग्राहीको संख्या पहिचान हुन नसकेकोले स्थानीय तहबाट अद्यावधिक सूचना लिई कार्यक्रमको कार्यन्वयन हुन उपयुक्त हुने देखियो ।

१४. **लाभग्राहीको पहिचानको अवस्था -** लक्षित वर्गको पहिचान गरी सो को आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जिल्लागत अवस्थाको नमुना परीक्षण गर्दा लक्षित वर्गको पहिचान नभएको, अति गरिब र सिमान्तकृत वर्गमा यो कार्यक्रमबारे जानकारी नै नभएको अवस्था छ । स्थानीय तहमा रहेका लाभान्वित संस्था र कार्यक्रमको लागि लाभग्राही छनौट गर्दा स्थानीय तहको लाभान्वित सरोकार वालाको विश्लेषण नगरी कोटा निर्धारण गरेको र निर्धारित कोटाअनुसार कार्यक्रम सञ्चालन नै नभएको, सञ्चालन भएकोमा पनि आंशिक रुपमा सञ्चालन भएको अवस्था देखियो ।

जिल्ला	स्थानीय तहको नाम	कार्यक्रमको अवस्था
काभ्रे	रोशी गाँउपालिका	यो पालिकामा रहेका ६२६२ घरधुरी मध्ये खर र परालको छाना भएका १३७, टायल र खपारीका ३१८ घरधुरी मध्ये २०७५/७६ र २०७६/७७ मा कुनै कार्यक्रम नभएको, २०७७/७८ मा जम्मा २० ओटा स्वीकृत भई रु. २ लाख २५ हजार बजेट स्वीकृत भए पनि २०७८।१।२० सम्म लाभग्राही छनौट तथा खर्च दुबै नभएको ।
सिन्धुली	सुनकोशी गाँउपालिका	यो गाँउपालिकामा ४५५७ घरधुरी मध्ये २११४ फुसको छाना , ११५० टायलको छाना रहेको गाँउ प्रोफाइल तयार गरेको, नागरिक आवासको लागि लाभग्राही सर्वेक्षण कार्य शुरु नगरेको कार्यक्रम तर्फ २०७५/७६ र २०७६/७७ मा कुनै कार्यक्रम शुरु नभएको, २०७७/७८ मा ४० कोटा स्वीकृत भएपनि लाभग्राही छनौट र विनियोजित बजेट रु. ५ लाख १० हजार खर्च नगरेको, लाभगाही को संख्या एकिन गर्न वडालाई पत्राचार बाहेक कुनै कार्य पालिकाबाट नभएको ।
सप्तरी	राजबिराज नगरपालिका	यो नगरपालिकाले नगरपालिकामा लाभग्राही छनौटको सर्वेक्षण नगरेको, २०७६/७७ मा प्राप्त भएको २०० कोटा मध्ये १६१ लाई प्रथम किस्ता वापत रु. ३० हजारले रकम भुक्तानी गरेकोमा कुनै लाभगाहीले निर्माण सम्पन्न गरी दाश्रो किस्ता नलिएको अवस्था छ । नगरपालिकाका १६ वटा वडा मध्ये २ नंम्बर निर्वाचन क्षेत्रका ९,११ र १२ का लाभग्राही मात्र छनौट भएको २०७७।७८ मा स्वीकृत भएको कोटा ३५४ को लागि लाभग्राही छनौटको प्रकृया नै २०७८।०१।२० सम्म शुरु नभएको, छनौट प्रकृया विश्लेषण गर्दा अति सिमान्तकृत र गरिबहरु छनौटको दायरामा नपरेको देखियो । सबै वडाहरुमा समानुपातिक किसिमले कोटा वितरण नगरेको अवस्था देखियो । 

सिराहा	सिराहा नगरपालिका	नगरपालिकाले २०७६/७७ मा प्राप्त २०० कोटा रहेकोमा २२ वडा मध्ये ७ वडाका १२२ लाभग्राहीसँग संझौता गरेर रु.३० हजारका दरले भुक्तानी गरेकोमा सम्वन्धितलाई रु.२५ हजार पेश्की जनाएको छ । बाकी रु.५ हजारका दरले खर्च लेखेकोमा यकनि हुन सकिएन । तर लाभग्राहीले निर्माण सम्पन्न पनि नगरेको र दोश्रो किस्ता पनि नलगेको अवस्था छ ।  २०७७/७८ को थप ४०१ कोटाको लागि २०७८।०१।२० सम्म लक्षित वर्ग नै छनौट भएको छैन । संझौता भएको लाभग्राही मध्ये वडा नं १९ का ६० घरहरु ११ मिटर चौडाईमा निर्माण हुने हुलाकी सडकको ७ मिटर क्षेत्रमा नै अस्थाई रुपमा फुसको छाना मुनि बसेका छन्।सडक निर्माणको ठेक्का व्यवस्थापन भई सकेको अवस्थामा सडक सिमामा बसोबास गर्नेसँग बैकल्पिक जमिनको व्यवस्थापन नगरी नगरपालिकाले संझौता गर्दा लक्षित कार्यक्रम कार्यन्वयन नहुने अवस्था छ। यस प्रकार लक्षित समुह, उनीहरुको बसोबासको अवस्था विश्लेषण, तयारी गरिएको सम्झौता र खर्चले सार्थक नतिजा दिने अवस्था छैन ।
रौतहट	गुल्जरा न पा	यो नगरपालिकाको लागि २ हजार ७ घरधुरीका यो कार्यक्रमका लागि ग्राह्य भएको प्रारम्भिक तथ्यांक प्राप्त भएकोमा २०७६/७७ मा ६० कोटा प्राप्त भएको मा कुनै लाभग्राही छनौट नभएको, २०७७/७८ मा १११ कोटा प्राप्त भएपनि सो जानकारी नगरपालिकालाई नभएको व्यहोरा छलफलमा पदाधिकारीले २०७८।०१।२० मा उल्लेख गरेका छन। लक्षित वर्गको एकिन पहिचान पनि नगरेको र प्राप्त कोटामा लाभग्राहीसँग संझौता नै नगरेबाट प्रक्षेपित कार्यक्रमले नतिजा दिएको छैन ।
रौतहट	मौला नगरपालिका	नगरपालिकामा जम्म घरधुरी ३ हजार ८३० रहेकोमा लाभग्राही यकिन भएको छैन । कार्यकम सचालनको लागि २०७५/७६ मा वडा नं ५ का २० लाभग्राहीसँग सझौता भएको र २०७६/७७ मा वडा नं २ का ५० र ४ का ४० समेत ९० लाई सम्झौता गरी प्रथम किस्ता भुक्तनी गरेकोमा कार्य सम्पन्न भएको छैन । जसको कारणले दोश्रो किस्ता भुत्तानी नभएको अवस्था छ ।   वडा नं १ देखि ९ सम्म (६ र ७ बाहेक) रौटहटको निर्वाचन क्षेत्रका नं ३ मा परेको र २०७७/७८ मा २०९ कोटा स्वीकृत भएकोमा कार्यक्रम शुरु नै गरेको छैन । गरिवीको अवस्था विश्लेषण गर्दा लाभग्राहीहरु वडा नं ६ र ७ मा भएतापनि उक्त वडा निर्वाचन क्षेत्र नं २ मा पर्ने भएकोले यी वडामा कार्यक्रम सञ्चालनको लागि कोटा बितरण नै भएको छैन जसबाट सञ्चालित कार्यक्रमले सबै सिमान्तकृत एंव गरिवीको रेखा मुनिका जनतालाई समेटेको छैन । कार्यक्रम सञ्चालनको लागि लक्षित वर्ग पहिचान गरी सम्झौता गर्दा फुस वा परालको छाना नभई पक्की घर भएका वडा न ४ का २ लाभग्राहीलाई रु.३० हजारले भुक्तानी गरेको, अर्को दुई व्यक्ति उक्त रकमबाट इट्टा खरिद गरेको समेत फिल्ड अवलोकनबाट देखियो । वास्तविक फुस र परालको छाना मुनि बसेका लाई लक्षित वर्गमा समेटेको छैन ।
बारा	कलैया उपमहानगर पालिका	उप महानगरपालिकामा रहेका १६ हजार २८५ घरधुरी मध्ये ५ हजार ८० घर कच्ची र १ हजार ५२० घरधुरी पराल वा खरले छाएका अभिलेखबाट देखिएकोमा २०७६।७७ मा प्राप्त कोटा २५० मध्ये १७० लाभग्राहीलाई रु.३० हजारका दरले प्रथम किस्ता उपलब्ध गराएकोमा लाभग्राहीले निर्माण सम्पन्न गरी दोश्रो किस्ता लगेको छैनन।२०७७।७८ मा ३५३ कोटा थप भएकोमा लाभग्राही पहिचान गरी संझौता भएको देखिएन । 

		संझौता भएको मध्ये वडा नं २४ का १३ लाभग्राहीको स्थीति अवलोकन गर्दा केहीले जस्ता खरिद गरको देखिएतापनि छाना छाउने कार्य भएको छैन । उत्तः वडाका अधिकांश फुस र परालको छाना भएको नागरिकहरुले कार्यक्रम बारे जानकारी नभएकोले यो कर्यक्रममा सहभागिता जनाएको अवस्था छैन । लक्षित वर्गको गरिबी , अशिक्षा र सहभागिताको पक्ष विश्लेषण गर्दा मागमा आधारित कार्यक्रमले प्राथमिकता पाउने अवस्था छैन ।
चितवन	माडी नगर पालिका	नगरपालिकामा रहेका ८ हजार ६४९ घरधुरीमध्ये खर र परालले छाएका घरधुरी ३हजार २३९ रहेकोमा यो कार्यक्रम सञ्चालन गर्न २०७५/७६ मा ३५ र २०७६/७७ मा प्राप्त कोटा ३०० मध्ये २३१ सँग संझौता भई प्रथम किस्ता वापत रु. ८६लाख ८० हजार भुक्तानी भएकोमा दोश्रो किस्ता भुक्तानी भएको छैन । २०७७/७८ मा ४५० कोटा प्राप्त भएकोमा लाभग्राही पहिचान भै संझौता हुन सकेको देखिएन । २०७६/७७ मा सम्झौता भएको केही लाभग्राहीको अवस्था विश्लेषण गर्दा केही अति विपन्न लाभग्राही छनौटमा नपरेको अवस्था छ । अपेक्षाकृत रुपमा लाभग्राहीहरुले जस्ताको माध्यमले छाना छाएको स्थिति देखियो । तसर्थ सबै लाभग्राही छनौट र उनिहरुलार्य कार्यक्रममा सहभागिता गराउनु पर्दछ। 
चितवन	भरतपुर महानगरपालिका	यस महानगरमा ६९हजार ३५ घरधुरी मध्ये ५ हजार ३९५ घरधुरी फुस तथा परालको छाना न्युन भएकोमा यो कार्यक्रमबाट २०७५/७६ मा ६५ तथा २०७६/७७ मा स्वीकृत २०० कोटा मध्ये १०९ सँग संझौता भई प्रथम किस्ता वापत भुक्तानी भएको र २०७७/७८ मा ६०० कोटा स्वीकृत भएकोमा लाभग्राही पहिचान गरी संझौता हुन बाँकी रहेको देखियो । महानगरले २०७५।७६ को कार्यक्रमबाट वडा नं २१ र २२ छनौट गरी अधिकांश निर्माण सम्पन्न गरेको देखियो । महानगरले २०७६।७७ मा छनौट भएका लाभग्राहीलाई प्रथम किस्ता भुक्तानी दिएपनि फिल्डको अवस्था विश्लेषण गर्दा सम्बन्धित लाभग्राही लाई रकम भुक्तानी नदिई लाभग्राहीबाट उपभेक्ता समिति गठन गरी समिति मार्फत २० वटा ९ फिटको जस्ता पाता, ९ वटा स्टिलको पाइप र ९ वटा सिमेन्टको पोल (१० फिटको ३ र ७ फिटको ६) लाभग्राहीको प्रस्तावित भवन निर्माण स्थलमा पुर्याएको र किला काटी खरिद गर्नका लागि उपभोक्ता समितिले सम्वन्धित वडाको रोहवरमा नगद रु.१ हजार ५००।— भुक्तानी गरेको र लाभग्राहीले निर्माण सम्पन्न गरेपछि रु.५००० नगद उपभोक्ता समितिले वडाको रोहवरमा बुझाउने गरी कार्य गरेको स्थिति वडा नं २३ र २४ को स्थलगत भ्रमणबाट देखियो । लाभग्राहीको खातामा रकम दाखिला नभएको अवस्थामा निर्माण सामाग्री उपभोक्ता समितिले खरिद गरी सम्वन्धित लाई उपलव्ध गराएकोमा सुरक्षित नागरिक आवास कार्यविधीको पालना भएको छैन । निर्माण सामाग्रीको लागतको आधार पेश नभएको अवस्था भएपनि तोकिएको अनुदानबाट लाभग्राही को घर निर्माण भएको सुनिश्चितता महानगर पालिकाले मिलाई बाँकी किस्ता भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ 

१५. **कार्यक्रम कार्यन्वयनको प्राथमिकीकरण** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ४ ले लाभग्राही छनौटका आधार, विधि तथा प्राथमिकताको व्यवस्था गरेको छ ।उक्त दफामा उल्लिखित विधिअनुसार मूल्याङ्कन गर्दा प्राथमिकता क्रम सहित लाभग्राहीको सूची तयार गरी पहिलो प्राथमिकतामा वृद्ध, एकल महिला, अनाथ, बालबालिका तथा अपाङ्ग र प्रकोपका कारण घरबार विहीनलाई प्राथमिकता दिई लाभग्राहीमा छनौट गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ११(२) ले निवेदन सङ्कलनको सुचना, घरधुरी सर्वेक्षण, लाभग्राही छनोट, सम्झौता र कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएकोमा संघीय आयोजना कार्यन्वयन इकाई र स्थानीय तहबीच समन्वय गरी समयमा नै सूचना प्राप्त नभएको, छनोट गर्ने कार्यका लागि प्रक्षेपण माग सङ्कलन र स्वीकृत गर्ने कार्यका लागि कोटा प्रणाली लागु भएकोले वास्तविक लाभग्राहीहरु छनौटको दायरामा नपरेको स्थिति देखियो । कोटा प्रणाली लागु गर्दा पनि लाभग्राहीको अवस्था विश्लेषण नगरी पटके

रुपमा कोटा व्यवस्थापन गर्दा भौगोलिक, क्षेत्रगत तथा लाभग्राहीको पहिचान वेगर नै निर्णय भएको उल्लेखित उदाहरणबाट देखियो ।अर्कोतर्फ कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको माग र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्राथमिकताको आधारमा सञ्चालन गर्नुपर्नेमा दुर्गम हिमाली जिल्लामा फुस वा परालको छाना नभई माटो वा अन्य स्थानीय सामाग्रा्ी प्रयोग गर्ने गरिवीको रेखा मुनी रहेका नागरिकहरुलाई सम्वोधन हुने गरी कार्यक्रम सञ्चालन गर्ने कार्यविधि तय गरको छैन । लक्षित वर्गको माग र आवश्यकता सम्वोधन हुने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१६. **कार्यान्वयन अवस्था** – २०७५/७६ को बजेट वक्तव्यको बुँदा १५५ ले संघीय सरकार स्थानीय तह र सम्वन्धित परिवारको सहभागितामा पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास घोषणा गरेको थियो । सोको कार्यान्वयनका लागि बनेको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ मा भएको पहिलो संसोधित व्यवस्थाअनुसार २०७७ देखि संघीय सरकारको समन्वयमा स्थानीय तह मार्फत यो कार्यक्रम सञ्चालन भएको छ । कार्यक्रममा भएको संरचना र रकमगत विवरण निम्न छः

(रु हजारमा)

आ.व	स्थनीय तह संख्या	क्रमागत आवास	नयाँ आवास संरचना	जम्मा	बजेट व्यवस्था	खर्च
२०७५/७६	२२२	-	१९२३०	१९२३०	१२३४३२	९७७०३
२०७६/७७	२५६	१९२३०	-	१९२३०	४९००००	४२२१९०
२०७७/७८	७३२	१५९६१	१५००००	१६५९६१	२२२६४०८	नखुलेको

माथिको तालिकाबाट २०७५/७६ मा १९ हजार २३० लाभग्राहीको छनौटको कार्यक्रम स्वीकृत भएकोमा ३ हजार २६९ ले मात्र निर्माण सम्पन्न गरेको र २०७६/७७ मा कुनै नयाँ लाभग्राही छनौट नगरी साविक वर्षकामध्येबाट १३ हजार ८३२ लाई प्रथम किस्ता रु.४१ करोड ४९ लाख ६० हजार दिएको छ । सम्झौता गरी प्रथम किस्ता लिएका सेवाग्राहीमध्ये ३ हजार ६६७ ले मात्र सुरक्षित आवास निर्माण गरेको प्रतिवेदन पेश भएको छ ।यसरी ६९३६ लाभग्राहीबाट मात्र सम्झौताअनुसार कार्य सम्पन्न प्रतिवेदन पेश गरेका छन्। समग्र पक्षको विश्लेषण गर्दा कार्यक्रम घोषणा भएको २ वर्ष व्यतित हुँदा कुल पराल तथा फुसको छाना भएकोमध्ये ०.६७ प्रतिशत लाभग्राहीले मात्र यो कार्यक्रमको लाभ प्राप्त गरेका छन । बाँकी ५० प्रतिशतले लिएको किस्ताको सम्बन्धित कार्यमा उपयोग गरेको सुनिश्चित हुनसक्ने अवस्था रहेन ।

प्रदेशगत रुपमा विश्लेषण गर्दा गरीवीको रेखामुनी रहेका तथा गरिबीको सूचकमा माथी रहेको प्रदेश नं २ मा रहेको ४७९४ लाभग्राहीले पहिलो किस्ता लिएकोमा कुनै लाभग्राहीले पनि दोश्रो किस्ता नलिएको, कर्णाली प्रदेशका ११३७ लाभग्राहीसँग सम्झौता भएकोमा ९३७ ले प्रथम किस्ता लिएकोमा कसैले पनि निर्माण सम्पन्न एंव दोश्रो किस्ता लिएका छैनन्।भौगोलिक रुपमा उच्च जोखिममा रहेका नागरिक समक्ष यो कार्यक्रम पूर्ण प्रभावकारी नभएको अवस्था छ ।निर्माण सम्पन्न गर्ने लाभग्राहीको हकमा सरकारले ३५.२ वर्गफिट २६ गेजको जस्ता खरिदको लागि अनुदान दिएको, जस्ताले छाना छाउनका लागि काठ, इटा ढुङ्गा लगायतका अन्य निर्माण सामाग्रीको व्यवस्थापन गर्ने विषय नसमेटिएको, जोखिम मा परेका विपन्न तथा गरिबीको रेखामुनीका नागरिकले आफैले अतिरिक्त रकम जगेर्ना गर्ने अवस्था नहुँदा यो कार्यक्रमको प्रभावकारि कार्यान्वयन भएको छैन ।त्यसैगरी उक्त बिषयलाई समेट्ने गरी न्युनतम निर्माण कार्य पुरा हुने गरी कार्यक्रममा पुनरावलोकन भएको छैन । खर्चगत अवस्था विश्लेषण गर्दा २०७५/७६ र २०७६/७७ मा भएको खर्च रु.५१ करोड ९८ लाख ६२ हजारमध्ये रु.३४ करोड ६८ लाख १ हजारको मात्र कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ भने

बाँकी रु.१७ करोड ३० लाख ६२ हजार सम्बन्धित काममा नै खर्च भएको सुनिश्चित भएको छैन। सो रकमको यथार्थ रुपमा लक्षित कार्यक्रममा खर्च भएको यकिन गर्नुपर्दछ

१७. **बजेट प्रक्षेपण र खर्च** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार शहरी विकास मन्त्रालयले घोषणा गरेको कार्य अनुसार केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रमको लागि बजेटको अनुमान तथा माग गरी स्थानीय तहलाई निधारित कोटाको अधारमा निकासाको व्यवस्था मिलाउनुपर्दछ । मन्त्रालय मातहतको भवन निर्माण विभागबाट प्राप्त तथ्याङ्कको आधारमा यो कार्यक्रममा प्रक्षेपित बजेट सोको लागि संघीय सरकारले विनियोजन गरेको रकम र खर्चको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

बिवरणक	कुल लागत	बिनियोजन	खर्च
नयाँ आवास निर्माण	७४५९२७०	१८६४१६०	नखुल्ने
क्रमागत आवास निर्माण	५७९५८१	२४४६३२	५१९८९३
बाडी पिडितकालागि थप	३५३२१४	११७६१६	नखुल्ने
जम्मा	**७८१३०६४**	**२२२६६४०८**	**५१९८९२**

विभागले तयार गरेको लाभग्राहीको संरचनामध्ये लागत अनुमानलाई आधार लिँदा १ लाख ५६ हजार २६१ मात्र रहेको छ । वास्तविक लाभग्राही आङ्कलन र तथ्याङ्क सङ्कलन नै हुन सकेको छैन । जनगणनाले निदृष्ट गरेको संरचनाको १५ प्रतिशतलाई मात्र समेटेर लागत अनुमान तयार गरेको स्थिति देखियो । आङ्कलन गरेको संरचना मध्येबाट पनि ४४ हजार ५२८ अर्थात ४.२६ प्रतिशत लाभान्वित समेटिने गरी बजेट विनियोजन भएको छ । विनियोजन बजेटमध्ये पनि १ अर्ब २९ करोड २३ लाख ९७ हजार अर्थात ५८.०४ प्रतिशत अवण्डा राखेको स्थितिले कार्यक्रम सम्पादनमा प्रभावकारिता आउन नसकेको अवस्था देखियो ।

खर्चतर्फ विश्लेषण गर्दा प्रक्षेपित बजेट रु.७ अर्ब ८१ करोड ३० लाखमध्ये रु.५१ करोड ९८ लाख अर्थात प्रक्षेपण गरेको ६.६५ प्रतिशत मात्र खर्च भएको विवरण पेश भएको छ। उक्त खर्चमध्ये पनि कार्य सम्पन्न भएको अंक ३४ करोड ६८ लाखसँग विश्लेषण गर्दा ४.४४ प्रतिशत लाभग्राहीले मात्र यो अभियानबाट लाभान्वित भएको अवस्था देखियो। यसो हुनको कारण लाभग्राहीको यकिन विवरण सुरु मै पहिचान गरी लागत अनुमान तयार नहुनु तथा भएकोमा पनि आवश्यकताअनुसारको बजेट विनियोजन नहुनुले कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुनसकेको छैन। वास्तविक लागत अनुमान र सो अनुसारको बजेटको सुनिश्चितता हुनुपर्दछ ।

१८. **कार्यक्रम सञ्चालनको मापदण्ड** - सुरक्षित नागरिक आवास कार्यविधिले फुस वा परालको छानालाई जस्ताले रुपान्तरण गरी गरिवीको रेखामुनी रहेका विपन्न नागरिकको लागि सुरक्षित नागरिक आवास निर्माण गर्ने उदेश्य राखेको छ । यस्तो आवास निर्माण गर्दा भौगोलिक अवस्था, निर्माण सामाग्रीको उपलव्धता र खरिद प्रकृयाको विश्लेषण नगरी कार्यक्रम अघि वढाएको छ । विपन्न नागरिकले प्रथम किस्ताको रकमबाट छाना छाउने सामाग्री खरिद गर्नसक्ने अवस्था एकातिर छैन भने अर्कोतिर छाना छाउन जस्ताको बैकल्पिक व्यवस्था र अन्य निर्माण सामाग्रीको प्रयोग समेत खुलाएको छैन । सबै लाभग्राहीको भवनको साइज र क्षेत्रफल समान नभएको अवस्थामा उपलव्ध अनुदानले सवै लाभग्राहीलाई सामाग्री खरिदको लागि स्रोत पुग्ने अवस्था छैन । यसमा देखिएका अन्य चुनौतीहरु देहायबमोजिम छन्

- ❖ कार्यक्रमले छानाको वैकल्पिक व्यवस्था गरेपनि सोलाई अङ्याउने, सुरक्षित बनाउने गाह्रो खम्बा र बेशमेन्ट लगायतको निर्माण सामाग्रीको व्यवस्थापनका लागि अन्य व्यवस्था गरेको छैन । स्थानीय तहले समेत साझेदारी नगरेकोले कार्यक्रमको नतिजामा प्रभावकारी देखिएको छैन । वातावरणीय पक्षको विश्लेषण गर्दा गर्मी समयमा तराई क्षेत्रको तापक्रम ४० डिग्री माथि हुँदा प्रचुर गर्मीले जस्ता तातेर बस्न नसकिने र चिसो सिजनमा जस्ताबाट आउने सित तथा ठण्डिले लक्षित लाभग्राही मैत्री भवनको परिकल्पनामा विश्लेषण भएको छैन ।
- ❖ हिमाली जिल्लामा अधिकांश छानामा स्थानीय माटो र निर्माण सामाग्री प्रयोग हुने, यी नागरिकको आर्थिक अवस्था अति गरिबीको रेखामुनी रहेको स्थितिले यिनीहरुलाई लक्षित वर्गमा समावेश गर्न सकिने विषयमा नितिगत रुपमा सम्वोधन भएको छैन । तसर्थ लक्षित वर्गको अवस्था र भौगोलिक अवस्था विश्लेषण बेगर एकीकृत रुपमा उदघोषित कार्यक्रमले सुचारु रुपमा सफलता प्राप्त गरेको नदेखिँदा नितिगत रुपमा सम्वोधन हुनु जरुरी छ ।

१९. **स्थानीय तहको भूमिका** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ले यो कार्यक्रम कार्यान्वयनको लागि केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति, शहरी विकास तथा भवन निर्माण विभाग, आवास व्यवस्थापन समन्वय इकाई (संघीय आयोजना कार्यान्वयन इकाई/सघन शहरी तथा भवन निर्माण आयोजना) र स्थानीय तहको व्यवस्था गरिएको छ । यस कार्यक्रमलाई सफल बनाउन सवैभन्दा महत्वपूर्ण भूमिका भनेको स्थानीय तहको हुन्छ, किनकी लाभग्राहीको यथार्थ आवश्यकता नजिकबाट चिन्ने र कार्यान्वयमा ल्याउने कार्य स्थानीय तहको हो । स्थानीय तह सक्रिय भएमा लाभग्राही छनौट कार्य छिटो छरितो हुने, स्थानीय तहबाट आवश्यकता महसुस गरी सहि विवरणअनुसार कार्य गरेका कोही पनि लाभग्राही नछुटने भइ समयमा कार्य सम्पादन गर्न र कार्य प्रगति गर्न सजिलो पर्दछ । हाल भएको व्यवस्थाअनुसार समन्वयकारी भूमिका संघीय आयोजना कार्यान्वयन इकाइको छ । लाभग्राही छनौटको लागि सूचना प्रकाशन गर्ने/सर्भेक्षणबाट आएका विवरणहरु तयार भएपछि सम्झौता गर्ने कार्य संघीय आयोजना कार्यान्वयन इकाईलाई दिइएको छ । कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई दिइएको छ । यसरी फरक फरक कार्यालयबाट कार्य सम्पादन हुँदा प्रशस्त समय लाग्नगई सेवामा बिलम्वता हुने हुँदा सो कार्य एउटै निकायलाई दिँदा कार्यसम्पादनमा छिटो छरितो र प्रभावकारी हुने देखिन्छ ।

निष्कर्ष

यो कार्यक्रम समाजमा व्याप्त गरिबी र निमुखा व्यक्तिहरुको लागि निकै उपयोगी छ । लाभग्राही को सर्वेक्षणमा स्थानीय तहले प्राथमिकता नदिएको कारण समयमा लाभग्राही छनौट नहुँदा कार्यक्रम सञ्चालन समयमा हुनसकेको छैन । अति बिपन्न, लोपोन्मुख र सीमान्तकृत जनजातिका लागि समयमा छिटो छरितो कार्य हुनसकेमा सानो रकमले पनि जीवन स्तर परिवर्तनमा सुधार ल्याउने तथा छिट्टै प्रतिफल प्राप्त गर्ने थिए । तसर्थ विभिन्न भूगोलअनुसार अनुदान रकममा पुनरावलोकन गर्नु जरुरी छ । कुनै स्थानीय निकायमा एकमुष्ट सामग्री खरिद गरेर जनतालाई दिदा सजिलो र सरल त हुन्छ तर कमसल सामग्री खरिद हुने जोखिम पनि त्यत्तिकै देखिन्छ । लाभग्राही पहिचान गरी ठेक्का प्रक्रियाबाट प्रतिस्पर्धा गराई गुणस्तरीय निर्माण कार्य गरेमा लाभग्राही लाभान्वित भई उचित प्रतिफल प्राप्त हुन्छ । लाभग्राही सिफारिस गर्दा जनताको मागअनुसार प्राथमिकरण गरेर नियम संगत कार्य हुनु नितान्त जरुरी हुन आउँछ । अति जिर्ण अवस्थाका घरहरु र बिपन्न, लोपोन्मुख र सिमान्तकृतलाई केवल जस्तापाता मात्र दिएर पुग्दैन अन्य भागहरु जस्तै गाह्रो पनि निर्माण गर्न आवश्यक पर्ने हुँदा कार्यविधिमा यस्ता विषयलाई सम्बोधन गरेर कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

घरबास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना

परिचय

१. **पृष्ठभूमि -** गण्डकी प्रदेशको समृद्धि र विकासका लागि पर्यटन क्षेत्र पहिलो प्राथमिकतामा रहेको छ । होमस्टेको प्रवर्द्धन मार्फत पर्यटन क्षेत्रबाट प्राप्त हुने प्रतिफल ग्रामीण समुदायसम्म पुऱ्याउने, ग्रामीण क्षेत्रका जनतालाई पर्यटन व्यवसायमा सहभागी गराई जीवनस्तर सुधार गर्ने एवं ग्रामीण क्षेत्रमा स्वरोजगारका अवसर सिर्जना गर्दै तथा आम्दानी वृद्धिमा सहयोग पुऱ्याउँदै ग्रामीण क्षेत्रमा रहेका सम्भाव्य गाउँ बस्तीलाई आर्थिक केन्द्रको रुपमा विकास गर्न प्रदेश सरकारले होमस्टे विस्तार र सुदृढीकरण आयोजनालाई प्रदेश गौरवको आयोजना घोषणा गरी होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजीगत अनुदान प्रदान गर्दै आएको छ ।



नेपालमा २०५४ देखि होमस्टेको अवधारणा आएको देखिन्छ । स्याङ्जा जिल्लाको सिरूवारीमा एक सेवानिवृत्त क्याप्टेनले पहिलोपल्ट होमस्टे व्यवसाय शुरु गरेको मानिन्छ । प्रदेश सरकार गठन हुनुभन्दा अघि होमस्टे केन्द्रीय पर्यटन विभाग र पर्यटन कार्यालयमा दर्ता हुने गरेकोमा प्रदेश सरकारले हाल आएर सम्बन्धित स्थानीय तहमा दर्ता हुने व्यवस्था रहेको छ ।

२. **निकायको परिचय -** पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर, समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सेवा नै होमस्टे हो । नेपालमा सामुदायिक र निजी रुपमा होमस्टे सञ्चालन भएका छन् । ग्रामीण क्षेत्रमा कम्तीमा पाँच घरधनीले सामुहिक रुपमा व्यवस्थापन गरी सामुदायिक र एकल रुपमा दर्ता गरी निजी होमस्टे सञ्चालन भएका छन् । होमस्टे पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने महत्वपूर्ण माध्यम हो । होमस्टे सञ्चालन मार्फत ग्रामीण क्षेत्रका जनताहरूलाई पर्यटनको सेवामा सहभागी गराउने अपेक्षा रहेको छ । प्रदेश सरकारले नीतिगत रुपमा पहिचान गरेका प्रदेश समृद्धिका लागि सात मुख्य संवाहकहरू मध्ये पर्यटन पहिलो स्थानमा रहेको सन्दर्भमा ग्रामीण पर्यटनलाई सुदृढीकरण गर्ने उद्देश्यका साथ आएको यो कार्यक्रमलाई प्रदेश सरकारले प्रदेश गौरवको कार्यक्रमको रुपमा सञ्चालन गरेको देखिन्छ । होमस्टेको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसार रहेका छन्:

- होमस्टे सञ्चालनका आधारभूत मापदण्ड घर कोठा शैया शौचालय स्नानघर भान्छा कोठा खाना खाने व्यवस्था स्वास्थ्य सरसफाइ सुरक्षाको व्यवस्था गर्ने,
- होमस्टे सञ्चालकले मनोरञ्जनका लागि पाहुनाको चाहना अनुसार स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने उपलब्ध हुने क्षेत्रमा जङ्गल ट्रेक

इकोट्रेक कृषि फार्म अवलोकन अध्ययन तथा सिकाइ केन्द्र सङ्ग्रहालय दृश्यवलोकन आदि मुख्य पर्यटकीय क्रियाकलाप कार्यक्रमको व्यवस्था गर्ने,

- स्थानीय कृषि उत्पादन प्रयोग गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्द्धन गर्ने, स्थानीय कृषि जैविक प्रविधिमा सहयोग पुऱ्याउने,
- होमस्टे विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन अवलोकन भ्रमण जस्ता कार्य गर्ने,
- होमस्टे जाने पथचिन्ह, लोकेशन म्याप तयार गर्ने,
- पर्यटक आवास गृहमा उपलव्ध हुने सेवा सुविधाको गुणस्तरका आधारमा मूल्य निर्धारणमा एक रुपता कायम गर्ने,

३. **नीतिगत व्यवस्था -** पर्यटन उद्योग र होमस्टेसँग सम्बन्धित नीतिगत व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

३.१. ऐतिहासिक, सास्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गर्ने,

३.२. पर्यटन नीति, २०६५ ले ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा बढाउने नीति र नेपालका पर्यटकीय गाऊँको छनौट तथा विकास गरी पर्यटकहरूका लागि खास अवधिको कार्यक्रमलाई प्रोत्साहन गर्ने कार्यनीति लिएको

३.३. गण्डकी प्रदेश सरकारको २०७५/७६ र २०७६/७७ सम्मको नीति तथा कार्यक्रममा उल्लेख भएका व्यहोरा निम्नानुसार रहेका छन्:

- अन्नपूर्ण संरक्षण क्षेत्र मनास्लु संरक्षण क्षेत्र ढोरपाटन शिकार आरक्ष विभिन्न ग्रामीण पर्यटन केन्द्र, होमस्टे पदयात्रा मार्गलाई सरक्षण सम्वर्द्धन सौन्दर्यीकरण र विकास पर्दै पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्ने,
- पर्यटन सेवाका लागि आवश्यक पर्ने अर्गानिक उत्पादन जडीबुटी खेती सङ्कलन र प्रशोधन उद्योगको स्थापना गरी ग्रामीण जीवन पद्धतिमा सुधार ल्याईने र कृषि फार्म होमस्टे र रेष्टुरेन्ट सहितको कृषि पर्यटन प्रवर्द्धन गर्ने,
- होमस्टे कार्यक्रमलाई अर्गानिक कृषि उत्पादन र साना तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रबर्द्धन गर्ने,
- होमस्टे लगायतका महत्वपूर्ण पर्यटकीय गन्तव्यमा आवश्यकता अनुसार हेलिप्याड निर्माण गर्ने,
- डिजिटल पर्यटन कार्यक्रम सञ्चालन गर्ने र वेब पोर्टल निर्माण गर्ने,

४. **कानूनी व्यवस्था -** होमस्टे सञ्चालनसँग सम्बन्धित कानुनी व्यवस्था निम्नानुसार रहेका छन्:

- होमस्टे सञ्चालन कार्यविधि, २०७५ (संघीय सरकार)
- होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ (गण्डकी प्रदेश)

- होमस्टे क्षमता अभिवृद्धि सशक्तीकरण तथा पूर्वाधार विकास कार्यसञ्चालन कार्यविधि, २०७६ (गण्डकी प्रदेश)

५. **संगठन संरचना र जनशक्ति -** होमस्टे अनुदान वितरण एवं अनुगमनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कास्की वन निर्देशनालय र प्रदेश अन्तर्गत ११ जिल्लामा रहेका डिभिजन वन कार्यालयहरू रहेका छन् । मन्त्रालय एवं कार्यालयहरूमा स्वीकृत दरवन्दीबमोजिम ३४६ कर्मचारी कार्यरत रहेका छन् ।

६. **कार्यक्रम र प्रगति -** होमस्टे अनुदान अन्तर्गत प्रदान गरेको अनुदानबाट २०७५/७६ मा देहायबमोजिमका ११ जिल्लामा रहेका होमस्टेमा सामुदायिक भवन १४०, स्वागतद्वार १६, साँस्कृतिक संग्रहालय ५, पदमार्ग ८४, अन्य कार्य १०१ समेत ३४६ कार्य भएको २०७६।७७ मा १३३ होमस्टे अनुदानको लागि छनौट भएकोमा कोभिड-१९ को कारण अनुदान वितरण भएको छैन ।

७. **वित्तीय व्यवस्था —** २०७५/७६ मा स्थानीय तहसँगको सहकार्यमा होमस्टे पर्यटन पूर्वाधार विकास पूँजीगत अनुदानमा रु.३० करोड विनियोजन भई रु.२८ करोड ८७ लाख ४२ हजार खर्च भएको छ । २०७६/७७ मा सञ्चालित होमस्टे सशक्तिकरण, क्षमता अभिवृद्धि र पूर्वाधार निर्माण सञ्चालन गर्न रु.२५ करोड विनियोजन भएकोमा कोभिड १९ को कारण कार्यक्रम सञ्चालन नभएकोले खर्च नभएको देखिन्छ । यसैगरी २०७७/७८ मा होमस्टे अनुगमन मूल्याङ्कन तथा रणनीति विकासमा रु.५ लाख, होमस्टे क्षमता अभिवृद्धि र सशक्तीकरणमा रु.५५ लाख र छनौट भएका १३३ होमस्टेमा पूर्वाधार विकास, होमस्टे क्षमता अभिवृद्धि र सशक्तीकरणमा रु.१३ करोड ३० लाख बजेट विनियोजन भएको देखिन्छ।

८. **कार्यमूलक लेखापरीक्षणको औचित्य** - प्रदेश सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकता दिई होमस्टे मार्फत ग्रामीण पर्यटनलाई सहयोग पुऱ्याई पर्यटन क्षेत्रको आय ग्रामीण क्षेत्रसम्म पुऱ्याउने लक्ष्य लिएको छ । यस सन्दर्भमा होमस्टेको पूर्वाधार विकासको लागि प्रदान गरेको अनुदानको उपयोग सही भए नभएको मूल्याङ्कन गर्न आवश्यक देखिएको एवं अनुदान उपयोग जनचासोको विषय समेत भएकोले कार्यमूलक लेखापरीक्षणको लागि छनौट गरिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उदेश्य -** यस लेखापरीक्षणको मुख्य उद्देश्य होमस्टे अनुदान वितरण र उपयोग तोकिएको प्रयोजनमा दक्षतापूर्ण तवरले भए नभएको परीक्षण गरी सुझाव सहितको प्रतिवेदन गर्नु रहेकोछ । यस उद्देश्य प्राप्तिको लागि देहायका विषय सुनिश्चित गर्नु लेखापरीक्षणको सहायक उद्देश्यहरू रहेका छन्:

- अनुदान वितरणको प्रस्ताव आह्वान र स्वीकृति व्यवस्थित भए नभएको ।
- होमस्टे दर्ता गर्नुपूर्व र दर्ता पश्चात पालना गर्नुपर्ने मापदण्ड पुरा भए नभएको ।
- होमस्टेको सञ्चालन र व्यवस्थापन ब्यवस्थित भए नभएको र यथार्थमा आन्तरिक पर्यटनको आगमन भए नभएको ।
- अनुदानको प्रयोग र कार्यक्रम सञ्चालन गर्दा सम्झौताको पालना गरे नगरेको र तोकिएको प्रयोजनमा खर्च भए नभएको ।
- सञ्चालित होमस्टेको दिगोपना सुनिश्चित भए नभएको ।
- अनुदान उपयोगको पर्याप्त रुपमा अनुगमन र मूल्याङ्कन भए नभएको ।

१०. **लेखापरीक्षणको क्षेत्र** - होमस्टे अनुदान वितरणको प्रस्ताव आह्वान र स्वीकृति, अनुदान वितरण एवं अनुगमन कार्यमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय र प्रदेश अन्तर्गतका ११ डिभिजन वन कार्यालयको संलग्नता रहेको छ । मन्त्रालय र डिभिजन वन कार्यालयहरूलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।कार्यक्रम शुरु भए देखिको अबधिलाई लेखापरीक्षणमा समेटिएको छ ।

११. **लेखापरीक्षण पद्धति -** लेखापरीक्षणको क्रममा प्रकृयामूलक र समस्यामूलक पद्धति अवलम्बन गरिएको छ । अनुदान वितरण कार्यविधि, प्रस्ताव आह्वान र स्वीकृति एवं अनुदान वितरणको सन्दर्भमा समस्या पहिचान एवं निराकरणमा केन्द्रित भई समस्यामूलक पद्धति प्रयोग भएको छ । अनुदानबाट सञ्चालित क्रियाकलापको दक्षताको मूल्याङ्कन गर्न प्रकृयामूलक पद्धति अवलम्बन हुनेछ । प्रस्तुत लेखापरीक्षणमा कार्यालयले अवलम्वन गरेका मानदण्ड, निर्देशिका र मार्गदर्शनमा उल्लेख भएका विधि र प्रकृया मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणको क्रममा सूचना एवं प्रमाण सङ्कलनको सिलसिलामा अनुदान वितरण भएका बागलुङ्ग, पर्वत, स्याङ्गजा लगायतका ६ जिल्ला स्थित २६ स्थानीय तह अन्तर्गत सञ्चालन भएका विभिन्न ४० होमस्टको स्थलगत भ्रमण गरी कागजातको पुनरावलोकन, छलफल र सम्पन्न काम भौतिक रुपमा अवलोकन गरिएको छ । यसबाहेक लेखापरीक्षणको क्षेत्रमा परेका निकायहरूबाट विभिन्न प्रश्नावली एवं फारमहरू मार्फत सूचना तथा जानकारी सङ्कलन गरिएको छ । विवरण एवं सूचना सङ्कलन प्रयोजनको लागि दूर लेखापरीक्षण (Remote Audit) विधिको समेत अवलम्बन गरिएको छ ।

१२. **लेखापरीक्षण सीमितता -** प्राप्त सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तरवार्ता, तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्यांकका आधारमा प्रतिवेदन तयार गरिएको छ । कोभिड १९ को संक्रमणको कारण योजनाबमोजिम स्थलगत भ्रमण गर्न सकिएको छैन । प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समय सीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान लगायतका सीमितता रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१३. **प्रदेश गौरवको आयोजना -** आयोजनाको क्षेत्र, भौगोलिक आवश्यकता, प्राविधिक आर्थिक, सामाजिक र वातावरणीय रुपमा संभाव्यता, लाभान्वित जनसंख्या, निर्माण अवधि, रोजगारी सिर्जना, लागत, लाभ लागत विश्लेषण लगायतका आधारमा प्रदेशमा कार्यान्वयन गर्ने गौरवका आयोजना पहिचान र छनौट गर्नेगरी मापदण्ड बनाई सोहि आधारमा उपयुक्त आयोजनाहरूलाई प्रदेश गौरवको आयोजनाको रुपमा पहिचान गर्ने व्यवस्था हुनुपर्दछ । गण्डकी प्रदेश सरकारले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कार्यान्वयन गर्ने गरी घरवास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना घोषणा भई प्रदेश भित्रका सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरूको पूर्वाधार विकासको लागि २०७५/७६ मा २७४ होमस्टेलाई रु.२८ करोड ८७ लाख ४२ हजार अनुदान प्रदान गरेको देखिन्छ । २०७६/७७ मा यस कार्यक्रमको लागि रु.२५ करोड बजेट व्यवस्था भएकोमा कोभिड १९ महामारीको कारण खर्च हुन सकेको पाइएन ।

प्रदेश सरकारले गौरवका आयोजना छनौटसम्बन्धी मापदण्ड लागू गर्न बाँकी रहेकोले के कुन आधारमा यस आयोजनाको छनौट गरियो भन्ने सम्बन्धमा स्पष्ट हुन सक्ने अवस्था देखिएन । उक्त कार्यक्रम कार्यान्वयन गर्दा सो कार्यक्रमको लाभ लागत विश्लेषण, कार्यक्रमको लागत, कार्यान्वयन गर्न अवधि लगायतका कुराहरू निश्चित नगरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ । २०७५/७६ मा सुरु

भएको यस कार्यक्रमको लक्ष्य र गन्तव्य सुनिश्चित भएको देखिएन । यसरी आयोजनाको लागत र अवधि नै निश्चित नगरी सञ्चालन भएको आयोजनाले कहिलेसम्म निरन्तरता पाउने भन्ने समेत अनिश्चिता रहेको देखिन्छ । तसर्थ प्रदेश गौरवका आयोजना छनौटसम्बन्धी मापदण्ड निर्धारण गरी गरी सोही आधारमा आयोजना छनौट एवं कार्यान्वयन गर्नुपर्दछ ।

१४. **होमस्टे प्रवर्द्धन -** प्रदेश सरकारले होमस्टेको माध्यमबाट पर्यटनको आगमन वृद्धि गर्दै ग्रामीण क्षेत्रको आर्थिक स्थितिमा सुधार गर्ने उदेश्यले होमस्टे प्रवर्द्धनलाई अत्यधिक महत्व दिँदै प्रदेश गौरवको आयोजनाको घोषणा गरी सञ्चालन गरेको देखिन्छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित उक्त कार्यक्रमको लागि २०७५/७६ मा यस मन्त्रालयले प्रस्ताव आह्वान र छनौट गरी मातहतका निकायबाट रु.२८ करोड ८७ लाख ४२ हजार अनुदान प्रदान भएको एवं २०७६/७७ मा सो प्रयोजनको लागि रु.२५ करोड बजेट व्यवस्था भई प्रस्ताव आह्वान गरेकोमा कोभिड १९ को कारण कार्यक्रम सञ्चालन नभएको नभएको देखिन्छ । उल्लिखित मन्त्रालय बाहेक २०७६/७७ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले होमस्टेमा अर्गानिक खेती गरी खानपीनको बन्दोबस्त गर्न कृषि कार्यका लागि स्याङजा तनहुँ लगायत ७ जिल्लाका २५ होमस्टेलाई रु.१ करोड ३५ लाख २ हजार अनुदान प्रदान गरेको देखिन्छ ।

क्र सं	जिल्ला	होमस्टे संख्या	अनुदान रु हजारमा
१.	स्याङजा	३	१८०१
२.	तनहुँ	२	९४४
३.	नवलपरासी	२	१०९६
४.	बाग्लुङ	३	१४५१
५.	कास्की	६	३४५८
६.	गोरखा	२	११०८
७.	लम्जुङ	७	३६४४
	जम्मा	**२५**	**१३५०२**

यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिदा पर्यटन कार्यविधि, २०७६ पारित गरी पर्यटन बिदामा जाने प्रदेश सरकारका १६१ कर्मचारीहरूलाई दैनिक तथा भ्रमण भत्ता र होटल खर्चको लागि एक महिनाको तलवले हुने रु.५९ लाख ३७ हजार प्रदान गरेको देखिन्छ । उक्त कार्यविधिमा यसरी पर्यटन बिदामा जाने कर्मचारीहरूले आफूले भ्रमणमा गएको गन्तव्यस्थल र सो वरपरको स्थानीय संस्कृति र सम्पदाहरूको उचित र अधिकतम प्रयोग गरी स्थानीय होटल तथा घरबास (होमस्टे) पर्यटनलाई सहयोग पुग्ने गरी खानपिन र बसोबासको प्रबन्ध गर्नुपर्ने उल्लेख छ । यसरी बिदा पर्यटनमा गएका कर्मचारीहरू होमस्टेमा खानपिन तथा बसोबास गरेको कुनै प्रतिवेदन वा अभिलेख देखिएन । प्रदेश सरकारले उच्च महत्व दिई प्रदेश गौरवको रुपमा सञ्चालन गरेको होमस्टे कार्यक्रमलाई सहयोग पुग्ने गरी यसरी विदा पर्यटनमा गएका कर्मचारीहरू भ्रमण अवधिको निश्चित दिन होमस्टेमै बसोबास गर्नुपर्ने गरी कार्यविधि संशोधन गर्न उपयुक्त हुने देखिन्छ । यसरी होमस्टे प्रवर्द्धनसम्बन्धी कार्य प्रदेशका तीन मन्त्रालयहरूबाट सञ्चालन भई रहको देखिन्छ । समन्वय र एक रुपताको लागि होमस्टे प्रवर्द्धनसम्बन्धी कार्यक्रम एकै निकायबाट सञ्चालन गर्नुपर्दछ ।

१५. **होमस्ट दर्ता र नवीकरण -** प्रदेश सरकारले जारी गरेको होमस्टे कार्यविधि २०७५ को बुँदा नं. ४ र १३ अनुसार होमस्टेको दर्ता र नवीकरण स्थानीय तहमा हुने व्यवस्था रहेको छ । होमस्टेहरू पर्यटन प्रवर्द्धनसँग सम्बन्धित व्यवसायीक संस्था हुन वा सामाजिक संस्था हुन स्पष्ट भएन । स्थानीय तहमा

दर्ता हुने तर व्यवसायको रुपमा सञ्चालन नगर्ने हो भने २०७५/७६ प्रदेशभित्रका ११ जिल्लाका २७४ होमस्टेलाई प्रदान गरेको रु.२८ करोड ८७ लाख ४२ हजार अनुदानबाट अपेक्षित नतिजा प्राप्त हुने अवस्था रहँदैन। मन्त्रालयसँग प्रदेशभित्र दर्ता र नवीकरण भएका निजी तथा सामुदायिक होमस्टेको संख्या खुलाउन अनुरोध गरेकोमा सोसम्बन्धी विवरण प्राप्त हुन सकेन । विवरणको अभावमा प्रदेशभित्र सञ्चालनमा रहेका होमस्टेको संख्या सम्बन्धमा जानकारी हुन सकेन । प्रदेशभित्र दर्ता र नवीकरण भएको होमस्टेसम्बन्धी जानकारी नराखी होमस्टेको सुधारको लागि गौरवको कार्यक्रम सञ्चालन गरेको उपयुक्त देखिएन । साथै अपेक्षा गरे अनुरुपको उपलब्धि हासील गर्नको लागि व्यवसायिक ढङ्गले सञ्चालन हुने व्यवस्था मिलाउनु पर्दछ ।

१६. **मापदण्डको पालना -** गण्डकी प्रदेश होमस्टे सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. ५ मा होमस्टे दर्ताका लागि पुरा गर्नुपर्ने न्यूनतम मापदण्डहरू र बुँदा नं. ८ मा होमस्टे दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरू उल्लेख छन् । लेखापरीक्षणको क्रममा २०७५/७६ मा अनुदान प्राप्त गर्ने २७४ मध्ये बाग्लुङ, पर्वत, स्याङ्जा, गोरखा लगायत ६ जिल्ला स्थित ४० होमस्टेको स्थलगत निरीक्षण गर्दा न्यूनतम मापदण्ड पालनाको अवस्था निम्नानुसार रहेको देखिन्छः

क्र.सं.	विवरण	पालना गर्नेको संख्या	पालना नगर्नेको संख्या
(क) होमस्टे दर्ताका लागि पुरा गर्नुपर्ने न्यूनतम मापदण्डहरू पालना अवस्था			
१	पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड हुनुपर्ने र बढीमा चार कोठा र आठ बेड मात्र राख्न पाइने	३८	१२
२	शौचालयको अनिवार्य व्यवस्था भएको हुनुपर्ने	३६	४
३	स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने	२९	११
४	घरायसी र वातावरणीय सरसफाइको राम्रो व्यवस्था हुनुपर्ने र फोहरमैला व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्ने	१८	११
५	सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरू र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने	१८	२२
६	संचारका न्यूनतम सुविधाहरू जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनुपर्ने	२१	१९
(ख) होमस्टे दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरू पालना अवस्था			
१	सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने	१३	२७
२	पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने	३२	८
३	सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनुपर्ने	२४	१६
४	हरेक वर्ष लेखापरीक्षण गराएने र पर्यटकको तथ्याङ्क व्यवस्थित गरी राख्नु पर्ने	२८	१२
५	प्रत्येक वर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व विभाग कार्यालयबाट कर चुक्ता गर्नुपर्ने	३०	१०
६	संघीय सरकारका विभिन्न निकायमा दर्ता भई संचालनमा रहेका होमस्टे स्थानीय तहमा दर्ता हुनुपर्ने	३८	२
७	होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्साका गतिविधिहरू संचालन गरी बसाई दन लम्ब्याउन पहल गर्नुपर्ने	२८	१२

उल्लिखित तालिकाको विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

१७.१. कार्यविधि अनुसार पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड हुनुपर्ने र बढीमा चार कोठा र आठ बेड मात्र राख्न पाइने उल्लेख छ । स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये १२ अर्थात् ३० प्रतिशत होमस्टेमा उक्त मापदण्डको पालना भएको देखिएन । कतिपय घरहरूमा ४ भन्दा बढी कोठाहरू रहेको एवं होमस्टेका कोठाहरूमा २ भन्दा बढी बेडहरू रहेको पाइयो । कोठाको सरसफाईमा ध्यान नदिएको कतिपय होमस्टेका कोठाहरूमा घरायसी प्रयोजनाका सरसामान राखेको एवं घरका सदस्यहरूको प्रयोग गर्ने गरेको समेत देखिएको छ । ती होमस्टेका सञ्चालकहरूले कोभिड १९ महामारीको कारण २०७६ चैत्र पश्चात पर्यटक नआएको कारण यस्तो अवस्था हुन गएको व्यहोरा जनाएका छन् ।





पहिलो तस्विर बेतेनी सामुदायिक होमस्ट शाहिद लखन २ गोरखा, दोस्रो तस्विर जयगाँउ सामुदायिक होमस्टे <u>मोदी गाउँपालिका ६ पर्वत र तेस्रो तस्विर काउलेपानी होमस्टे बेसीशहर ३ लम्जुङ</u>

१७.२. होमस्टेहरूमा शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्नेमा निरीक्षण गरिएका ४० होमस्टेमध्ये ४ मा शौचालय ११ मा स्नानगृहको उचित प्रवन्ध भएको देखिएन । कतिपय होमस्टेहरूले अनुदान रकमबाट होमस्टे र स्नानगृह निर्माण गरेको देखिन्छ । उदाहरणको लागि लमजुङको नवरुल मगर होमस्टे बेसीशहर २ चिसापानी लम्जुङमा १० घरमा अनुदान रकमबाट प्रत्येक होमस्टे सञ्चालन भएका घरहरूमा शौचालय र स्नानगृह निर्माण गरेको देखिन्छ । होमस्टे दर्ताका लागि पुरा गर्नुपर्ने न्यूनतम मापदण्ड भित्र पर्ने उक्त कार्यका लागि यसरी अनुदान प्रदान गरेको उचित देखिदैन ।




<u>नवरुल मगर होमस्टे बेसीशहर २ चिसापानी लम्जुङ</u>

१७.३. घरायसी र वातावरणीय सरसफाइको राम्रो व्यवस्था हुनुपर्ने र फोहरमैला व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्ने कार्यविधिको व्यवस्था रहेकोमा स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये २२ मा डस्टविनहरूको प्रयोग भएको देखिएन ।

१७.४. सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरू र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने हुनुपर्नेमा स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये २२ मा उल्लेख भएअनुसारको मेनु रहेको देखिएन । मेनुको अभावमा होमस्टेले प्रदान गर्ने सेवाको आधारमा लिने मूल्य औचित्यपूर्ण रहे नरहेको सम्बन्धमा यकिन गर्नसक्ने अवस्था देखिएन ।

१७.५. यसैगरी होमस्टे दर्ता पूर्व संचारका न्यूनतम सुविधाहरू जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनुपर्नेमा स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये १९ मा अर्थात् ४७.५० प्रतिशतमा यस्तो सुविधा रहेको देखिएन ।

१७.६. कार्यविधिअनुसार होमस्टे दर्ता पश्चात सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्नेमा ४० मध्ये २७ होमस्टेले सुरक्षा निकायसँग समन्वय नभएको एवं पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोहीबमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने ४० मध्ये ८ होमस्टेले सो बमोजिम नहुने व्यहोरा जनाएका छन् । यस अवस्था विद्यमान रहेबाट पर्यटकको स्वास्थ्य र सुरक्षामा पर्याप्त ध्यान पुग्न नसकेको अवस्था देखिन्छ ।

१७.७. सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनुपर्ने उल्लेख भएकोमा स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये २४ को आफ्नै सामुदायिक भवन रहेको र १६ होमस्टेको आफ्नै सामुदायिक भवन नभएको देखिन्छ । आफ्नै सामुदायकि भवन नहुने १६ मध्ये ७ होमस्टेले महिला समुह आमासमुह विद्यालय तथा एक्यापको नाममा रहेको सामुदायिक भवन प्रयोग गर्ने गरेको व्यहोरा जनाएका छन् । पाहुनाको संख्या उल्लेखनीय भएको अवस्थामा सामुदायिक भवनमा खानपिन तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने गरेको देखिन्छ । कतिपय होमस्टेहरूले अनुदान रकमबाट सामुदायिक भवनको स्तरोन्नति गरेको समेत देखिएको छ ।

१७.८. हरेक वर्ष लेखापरीक्षण गराएको र पर्यटकको तथ्याङ्क व्यवस्थित गरी राख्नुपर्ने एवं प्रत्येक वर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व विभाग कार्यालयबाट कर चुक्ता गर्नुपर्ने व्यवस्थाअनुसार अनुदान लिने प्रयोजनका लागि अघिल्ला बर्षहरूमा उक्त कार्य गरेको देखिएतापनि निरीक्षणको क्रममा ४० मध्ये १२ होमस्टेले २०७६/७७ को लेखापरीक्षण गराउन बाँकी रहेको र १० होमस्टेले कर चुक्ता प्रमाण प्राप्त नगरेको अवस्था देखिएको छ । साथै १२ होमस्टेले पर्यटकको तथ्याङ्क व्यवस्थित रुपमा राखेको समेत पाइएन ।

१७.९. होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्साका गतिविधिहरू सञ्चालन गरी बसाई दिन लम्ब्याउन पहल गर्नुपर्नेमा निरीक्षण गरिएका ४० होमस्टेमध्ये १२ ले यस्तो पहल नभएको र २८ ले केही पहल भएको जनाएका छन् । निरीक्षणको क्रममा पर्यटकको बसाई अवधि खुल्ने गरी विवरण नराखेको कारण बसाई लम्ब्याउने कार्य भए नभएको एवं भएकोमा समेत प्रभावकारी भए नभएको मूल्याङ्कन गर्न सक्ने अवस्था देखिएन ।

यसरी कार्यविधिबमोजिम होमस्टे दर्ता अघि र पश्चात पालना गर्नुपर्ने न्यूनतम मापदण्डहरू पूर्ण रुपमा पालना नभएको एवं सो कार्यको लागि समेत अनुदान प्रदान गरेको कारण होमस्टेहरू न्यूनतम मापदण्ड समेत पुरा नगरी दर्ता भएका र यसरी मापदण्ड पुरा नभई दर्ता भएका होमस्टेहरू अनुदानको लागि छनौट भएको देखिन्छ । तोकिएका मापदण्ड पुरा नभएका होमस्टेबाट गुणस्तरीय सेवा प्रदान

गर्न बाधा पर्ने भएकोले मापदण्ड पालनामा पर्याप्त ध्यान दिई मापदण्ड पुरा भएकाहरूलाई मात्र अनुदान प्रदान गर्नुपर्दछ ।

१८. **होमस्टे सञ्चालन र व्यवस्थापन -** गण्डकी प्रदेश होमस्टे संचालन कार्यविधि, २०७५ को बुदा नं. ९ मा सामुदायिक होमस्टे संचालन गर्नका लागि संचालकले साधारण सभा वा भेला गरी होमस्टे व्यवस्थापन तथा संचालन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यसरी गठन भएको समितिले सोही बुँदामा उल्लेख भएबमोजिम विभिन्न कार्य गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा २०७५/७६ मा अनुदान प्राप्त गर्ने २७४ मध्ये बाग्लुङ, पर्वत, स्याङ्जा, गोरखा लगायत ६ जिल्लास्थित ४० होमस्टेको स्थलगत निरीक्षण गर्दा कार्यविधिबमोजिम समिति गठन भएको देखिए तापनि कार्यविधि बमोजिमको होमस्टे व्यवस्थापन र सञ्चालन सम्बन्धमा गर्नुपर्ने कार्य सम्पादनको अवस्था निम्नानुसार रहेको देखिन्छः

क्र. स.	विवरण	पालना गर्नेको संख्या	पालना नगर्नेको संख्या
१	पर्यटकीय क्रियाकलापहरू र पर्यटक र संचालकहरूले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने	२५	१५
२	पाहुनाको दर्ता र रेकर्डको व्यवस्था गर्ने	२८	१२
३	आयव्ययको स्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने	३५	५
४	प्रत्येक होमस्टे र ग्रामीण क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने	३६	४
५	स्थानीय पर्यटक प्याकेजको निर्माण र प्रचार प्रसार गर्ने	१६	२४
६	होमस्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेशन म्याप तयार गरी आवश्यक स्थानमा राख्ने	१९	२१
७	पर्यटकीय आवास गृहमा उपलव्ध हुने सेवा सुविधाको गुणस्तरका आधारमा मेनु र मुल्य निर्धारणमा एकरुपता कायम गर्ने	२७	१३
८	प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र पाहुना, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन स्थानीय तहको कार्यालय, पर्यटन कार्यालय र प्रदेश मन्त्रालयमा पठाउनु पर्ने	१५	२५
९	होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरू गर्ने	२८	१२

उल्लिखित तालिकाको विश्लेषणबाट निम्नानुसार देखिएको छः

१८.१. समितिले पर्यटकीय क्रियाकलापहरू र पर्यटक एवं संचालकहरूले पालना गर्नुपर्ने आचार संहिताको बारेमा जानकारी गराउनको लागि आवश्यक व्यवस्था गर्नुपर्नेमा स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये १५ ले आचारसंहिता बनाएको पाइएन । आचारसंहिता बनाएकाहरूले प्रत्येक होमस्टे सञ्चालन भएको घरमा यस्तो आचारसंहिता टाँगेको देखिन्छ । आचारसंहिताको पालनाको अवस्था सम्बन्धमा जानकारी माग गर्दा अधिकांशको पालना हुने गरेको जनाएका छन् ।

१८.२. स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये होमस्टे सञ्चालन र व्यवस्थापन सूचकको मूल्याङ्कनको आधारमा औसत गणना गर्दा २५ सन्तोषजनक रुपमा र १५ आंशिक रुपमा सञ्चालन भएको देखिन्छ । प्रचार प्रसारको कमी एवं कोभिड-१९ महामारीको कारण पर्यटक आगमनमा कमी लगायतको कारण होमस्टे सञ्चालनमा असर परेको छ ।

१८.३. समितिले पाहुनाको दर्ता र रेकर्डको व्यवस्था गर्नुपर्नेमा स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये १२ ले यस्तो अभिलेख राखेको देखिएन । निरीक्षणको क्रममा होमस्टे सञ्चालन आएपश्चातको पर्यटक

आएको संख्या माग गरेकोमा अभिलेखको अभावमा यस्तो संख्या उपलव्ध गराउन सकेका छैनन् । यसैगरी समितिले आयव्ययको स्रेस्ता व्यवस्थित र दुरुस्त राख्नुपर्नेमा निरीक्षण गरिएकामध्ये ५ होमस्टेले आयव्ययको स्रेस्ता व्यवस्थित गरी राखेको समेत पाइएन । अभिलेख तथा स्रेस्ता व्यवस्थित नभएबाट समितिले तोकिएको कार्य गर्न पर्याप्त ध्यान नदिएको अवस्था देखिन्छ ।

१८.४. कार्यविधि बमोजिम प्रत्येक होमस्टे र ग्रामीण क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्नपर्नेमा निरीक्षण गिरएका होमस्टेमध्ये ३५ ले अनुगमन गर्ने गरेको जनाएका छन् भने ५ मा अनुगमन भएको देखिएन । अनुगमनको व्यवस्था गरी गाउँटोल र होमस्टेको सरसफाईमा प्रयाप्त ध्यान दिनुपर्दछ ।

१८.५. कार्यविधिले स्थानीय पर्यटक प्याकेजको निर्माण र प्रचार प्रसार गर्ने, होमस्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेशन म्याप तयार गरी आवश्यक स्थानमा राख्ने एवं पर्यटकीय आवास गृहमा उपलव्ध हुने सेवा सुविधाको गुणस्तरका आधारमा मेनु र मूल्य निर्धारणमा एक रुपता कायम गर्नुपर्ने व्यवस्था गरेको छ । स्थलगत निरीक्षण गरिएका ४० होमस्टेमध्ये २४ होमस्टेले प्रचार प्रसारको कार्य नगरेको एवं केही होमस्टेले प्रचार प्रसारको लागि ब्रोसियर छपाई गरेको भए तापनि प्रचार प्रसारको अन्य माध्यम अवलम्बन गरेको देखिएन । यसैगरी २१ होमस्टेले होमस्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेशन म्याप तयार गरी आवश्यक स्थानमा राखेको देखिएन। पथचिन्ह र लोकेशन म्यापको अभावमा पर्यटकहरूलाई होमस्टे पहिचान गर्न कठिनाई हुने अवस्था देखिएको छ । पथचिन्हको अभावमा स्थलगत निरीक्षणमा जाँदा समेत विभिन्न स्थानमा सोधखोज पश्चात मात्र उक्त स्थानमा पुग्न सकिएको थियो । यसैगरी स्थलगत निरीक्षण गरिएका होमस्टेहरूले स्थानीय उत्पादित वस्तुहरू खानपानको व्यवस्था वाहेक होमस्टेको विकास, प्रवध्दन तथा व्यवस्थापनको लागि आवश्यक कार्यहरू स्वस्फुर्त रुपमा सञ्चालन गरेको समेत देखिएन । पर्याप्त प्रचार प्रसार एवं पर्यटकको सुविधा र गुणस्तरीय सेवा प्रवाहको अभावमा दिगो रुपमा पर्यटन प्रवर्द्धनमा असर पर्ने देखिएकोले होमस्टेहरू व्यवसायिक रुपमा सञ्चालन हुने दिशामा अग्रसर हुनुपर्दछ ।

१८.६. कार्यविधिअनुसार समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र पाहुना, प्रमुख क्रियाकलाप एवं आय-व्यय देखिने वार्षिक प्रतिवेदन स्थानीय तहको कार्यालय, पर्यटन कार्यालय र प्रदेश मन्त्रालयमा पठाउनुपर्नेमा स्थलगत निरीक्षण गरिएका ४० मध्ये २५ होमस्टेले समयमै यस्तो प्रतिवेदन पठाएको देखिएन । ती कार्यालयहरूबाट प्रतिवेदन पठाउन तरताकेता भएको समेत पाइएन । अनुदान प्राप्तिको लागि आवश्यक कागजात उपलव्ध गराएका होमस्टेहरूले अनुदान प्राप्ति पश्चात पनि कार्यविधिबमोजिम बुझाउनुपर्ने प्रतिवेदन समयमै बुझाउनु पर्दछ । यसरी होमस्टेको सञ्चालन तथा व्यवस्थापनको लागि कार्यविधिले गरेको व्यवस्था नियमत रुपमा पालना भएको सुनिश्चित नभई अनुदान उपलव्ध गराउने एवं अनुदान प्राप्ति पश्चात पनि कार्यविधिको पालनामा पर्याप्त ध्यान नदिने स्थितिले होमस्टेको दिगो सञ्चालन र व्यवसायीकरणमा असर पर्ने देखिएकोले कार्यविधिमा तोकिएबमोजिम होमस्टेको व्यवस्थापन र सञ्चालनमा समितिहरू क्रियाशील रहनुपर्दछ।

१९. **होमस्टे छनौट -** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ६ भएसम्म प्रत्येक स्थानीय तहमा कम्तिमा एउटा परियोजना पर्नेगरी आयोजना छनौट गर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश भित्रका ८५ स्थानीय तहमध्ये ६४ स्थानीय तहमा दर्ता भएका २७४ होमस्टे अनुदानको लागि छनौट भई २०७५/७६ मा रु.२८ करोड ८७ लाख ४२ हजार अनुदान प्रदान गरेको देखिन्छ ।

(रु.हजारमा)

क्र. सं.	जिल्ला	स्थानीय तहको संख्या	अनुदान पाउने होमस्टे रहेको स्थानीय तहको संख्या	होमस्टे अनुदान पाउनेको संख्या	अनुदान रकम
१	कास्की	५	५	३६	३७२८२
२	गोरखा	१३	१०	२२	२२५००
३	तनहुँ	१०	९	४७	४८५९२
४	लमजुङ	८	६	२३	२७८३७
५	मनाङ	४	२	२	३०००
६	मुस्ताङ	५	३	३	३५००
७	म्याग्दी	६	४	११	९६६२
८	बागलुङ	१०	७	२८	२६६८४
९	पर्वत	७	७	४८	४७८३३
१०	स्याङजा	९	५	४४	५०८५२
११	नवलपुर	८	६	१०	११०००
	जम्मा	**८५**	**६४**	**२७४**	**२८८७४२**

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

१९.१. प्रस्ताव आह्वानको सूचनाअनुसार विभिन्न स्थानीय तहमा दर्ता भएका ३१६ होमस्टेले प्रस्ताव पेश गरेकोमा उल्लेख भएबमोजिम ६४ स्थानीय तहका २७४ प्रस्ताव छनौट भएको देखिन्छ । यसरी भएको छनौट विश्लेषण गर्दा कास्की र पर्वत जिल्लाका सबै स्थानीय तहमा दर्ता भएका होमस्टे छनौट भएकोमा अन्य जिल्लाका सबै स्थानीय तहमा दर्ता भएका होमस्टेको छनौट भएको देखिएन ।

१९.२. अनुदानको लागि होमस्टे छनौट गर्ने कार्यविधिले दर्ताअनुसार सबै स्थानीय तहको होमस्टे छनौट गर्ने व्यवस्था गरेको छ । स्थलगत निरीक्षण र सम्भाव्यताको आधारमा होमस्टे छनौट गर्ने व्यवस्था नगरेको अवस्थामा छनौट गरिएका सबै होमस्टे पहुँच लगायतका आधारमा संभाव्य रहे नरहेको विश्लेषण गरेको पाइएन । साथै केही स्थानीय तह भित्रका धेरै होमस्टे छनौट गर्दा क्षेत्रगत विविधतालाई ध्यान दिएको पाइएन । उदाहरणको लागि स्याङजाका ४४ होमस्टेले अनुदान पाएकोमध्ये गल्याङ नगरपालिका भित्रका १७ होमस्टे छनौट गरेको देखिन्छ । एक स्थानीय तहभित्र यति धेरै होमस्टे दिगो रुपमा सञ्चालन हुन सक्ने नसक्ने विश्लेषण नगरी छनौट गरेको देखिन्छ ।

१९.३. परियोजना प्रस्ताव आह्वान गरी प्रकाशित सूचनामा दर्ता भएका सामुदायिक होमस्टेले प्रस्ताव पेश गर्न पाउने उल्लेख छ । प्रस्ताव मूल्याङ्कनको अंकभारमा कार्य अनुभव शीर्षकमा नयाँ होमस्टेलाई ८ र पुरानोलाई १० अङ्क प्रदान गर्ने उल्लेख छ । मन्त्रालयबाट नयाँ र पुरानो होमस्टेको सम्बन्धमा कुनै जानकारी प्राप्त हुनसकेन । डिभिजन वन कार्यालयहरूसँग विवरण माग गरेकोमध्ये कास्की तनहुँ लम्जुङ बाग्लुङ र पर्वत समेत पाँच कार्यालायबाट विवरण प्राप्त भएकोमध्ये कास्कीका अनुदान प्राप्त गर्ने ३६ मध्ये २८, लम्जुङको २३ मध्ये २२ र पर्वतको ४८ मध्ये ४६ होमस्टे नयाँ दर्ता भएको उल्लेख छ । यसबाट नयाँ होमस्टेको प्रवर्द्धनमा सहयोग पुगेको देखिएको भए तापनि सम्भाव्यता अध्ययन नगरी नयाँ दर्ता भएका होमस्टेहरूको दिगो सञ्चालन सम्बन्धमा आश्वस्त हुन त्यस्ता होमस्टेको सञ्चालन र व्यवस्थापनको सम्बन्धमा कार्यविधि बमोजिमको प्रतिवेदनहरू समयमै प्राप्त गरी निरन्तर अनुगमन गर्नुपर्दछ ।

२०. **प्रस्ताव मूल्याङ्कन आधार -** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिने कार्यविधि, २०७५ अनुसार अनुदानको लागि प्राप्त प्रस्ताव, लागत सहभागिता, कार्य अनुभव, व्यवस्थापन क्षमता, समावेशिता र वातावरणमैत्री समेत पाँच आधारबाट अधिकतममा ९० अङ्कमा न्यूनतम ५० अङ्क प्राप्त भए छनौट हुने उल्लेख छ । पर्यटनको सेवा सुविधा विस्तारको लागि अनुदान प्रदान गर्ने कार्यक्रमको प्रस्ताव छनौट गर्दा पर्यटक आमगनलाई मूल्याङ्कनको आधारमा समावेश गरेको देखिएन । फलस्वरुप पर्यटक आगमनको तुलनात्मक रुपमा अत्यन्त न्यून भएका होमस्टेहरूमा बढी अनुदान प्रदान भएको छ । उदाहरणको लागि होमस्टे सञ्चालन भएका प्रतिघर वर्ष भरीमा २, ५ र ७ मात्र पर्यटक आएका पर्वत, गोरखा र बागलुङमा पर्यटक संख्याको आधारमा सबैभन्दा बढी अनुदान प्रदान भएको छ । पाहुना संख्या नगण्य भएका होमस्टेहरूमा अनुदानाबाट भएका कार्यक्रमहरू निजी प्रयोगमा मात्र आउने देखिएकोले अनुदान प्रदान गर्ने प्रस्ताव मूल्याङ्कन गर्ने आधारमा पर्यटनको आवागमनलाई समेत समावेश गरी उच्चतम भार दिनुपर्दछ ।

२१. **अनुदान वितरण र उपयोग -** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५ बमोजिम पर्यटन पूर्वाधार निर्माणको लागि २०७५/७६ मा देहायबमोजिम २७४ होमस्टेलाई रु.२८ करोड ८७ लाख ४२ हजार अनुदान प्रदान गरेको देखिन्छ ।

क्र. स.	जिल्ला	अनुदान प्राप्त गर्ने होमस्टे	अनुदान रकम रु हजारमा
१	कास्की	३६	३७२८२
२	गोरखा	२२	२२५००
३	तनहुँ	४७	४८५९२
४	लमजुङ	२३	२७८३७
५	मनाङ	२	३०००
६	मुस्ताङ	३	३५००
७	म्याग्दी	११	९६६२
८	बागलुङ	२८	२६६८४
९	पर्वत	४८	४७८३३
१०	स्याङजा	४४	५०८५२
११	नवलपुर	१०	११०००
	जम्मा	**२७४**	**२८८७४२**

मन्त्रालय र डिभिजन वन कार्यालयहरूबाट प्राप्त विवरण एवं लेखापरीक्षणको क्रममा अनुदान प्राप्त गर्ने ४० होमस्टेको स्थलगत निरीक्षण समेतको आधारमा अनुदान प्राप्ति र उपयोगको अवस्था **अनुसूची १** मा उल्लेख छ । उक्त अनुसूचीमा उल्लेख भएको तथ्य विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

२१.१. मारुनी सामुदायिक होमस्टे, जैमिनि नगरपालिका ३, बाग्लुङलाई सामुदायिक भवन निर्माणको लागि प्रदेश सरकारबाट रु.१० लाख अनुदान प्राप्त भएकोमा स्थानीय तहबाट रु.१ लाख ५० हजार र होमस्टे सञ्चालकबाट रु.१४ लाख लागत सहभागिता समेत रु.२५ लाख ५० हजार खर्च भएको देखिन्छ । यसरी प्राप्त अनुदानभन्दा निकै बढी खर्च हुँदाको अवस्थामा समेत सामुदायिक भवनको पहिलो तला ढलान र दोस्रो तलाको पिलर उठाउने कार्य मात्र भई



मारुनी सामुदायिक होमस्टे, जैमिनी नपा-३, बागलुङ

अनुदान प्रदान गरेको २ वर्षसम्म पनि अधुरो अवस्थामा रहेको देखिन्छ ।

२१.२. पिप्रहर सामुदायिक होमस्टे, देवचुली-१७, नवलपुरको सामुदायिक भवन निर्माण कार्यको लागी रु.१० लाख अनुदान प्रदान भएको र सोबाट साविकको सामुदायिक भवनमा तला थप गरेकोमा तला थप कार्य अनुदान प्रदान गरेको २ वर्षसम्म पनि निर्माणाधीन अवस्थामा रहेको देखिन्छ ।

२१.३. भमरकोट सामुदायिक होमस्टे, मोदी गाउँपालिका, पर्वतले रु.१२ लाख अनुदान र होमस्टे सञ्चालकको रु.२ लाख लागत सहभागिता समेत रु.१२ लाखबाट सामुदायिक भवन, सौचालय र भ्यू टावर निर्माण कार्य गरेको देखिन्छ । उल्लिखित कार्यमध्ये भ्यू टावरको निर्माण उपयुक्त स्थानमा नभएकोले दृश्यावलोकन हुन सक्ने देखिएन । निर्माण भएको उक्त टावर प्रयोगमा पनि आएको समेत पाइएन जसले गर्दा अनुदान रकमको उपादेयता रहेन ।



भमरकोट सामुदायिक होमस्टे, मोदी गाउँपालिका, पर्वत

२१.४. जयगाँउ सामुदायिक होमस्टे, मोदी गाउँपालिका-६, पर्वतले रु.१० लाख अनुदान र होमस्टे सञ्चालकको रु.२ लाख लागत सहभागित समेत रु.१२ लाखबाट सामुदायिक होमस्टे निर्माण, ईन्टरनेट जडान, पानी टंकी निर्माणसम्बन्धी कार्य गरेकोमा पानीको स्रोत अभावमा निर्माण गरेको पानीटंकी प्रयोगमा आएको देखिएन । यसरी पानीको श्रोत उपलब्धताको व्यवस्था नगरी टयाँकी मात्र बनाएको उपलब्धिमूलक देखिएन ।



जयगाँउ सामुदायिक होमस्टे, मोदी गाउँपालिका-६, पर्वत

२१.५. कार्यक्रम अनुसार अनुदान प्रदान गर्दा उपलब्ध रकमबाट गर्ने निर्माण कार्य सम्पन्न हुने कुराको सुनिश्चितता नभई अनुदान प्रदान गरेको कारण कतिपय निर्मित संरचना पुरा नभई अधुरो रहेको, निर्मित संरचनाहरू उपयुक्त स्थानमा नरहेको एवं प्रयोगमा नआएको अवस्था देखिएको छ । यसैगरी कतिपय सामुदायिक भवन लगायतका संरचनाहरू निजी जग्गामा निर्माण भएको लगायतका व्यहोरा देखिएका छन् । यस प्रकारको स्थिति देखिएबाट अनुदानको प्रभावकारी उपयोग हुन नसकेको देखिन्छ । तसर्थ अनुदान प्रदान गर्दा निर्माण कार्य सम्पन्न हुने एवं प्रयोगमा आउने कार्यमा प्रदान गर्नेगरी कार्यविधिमा सुधार गर्नुपर्दछ ।

२२. **निर्माण तथा अन्य कार्य -** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५ अनुसार पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, बहुउद्देश्यीय भवन, सार्वजनिक सभागृह, प्रदर्शनी स्थल, हस्तकला केन्द्र, कोसेली घर, सौगात गृह, सांस्कृतिक संग्रहालय, सार्वजनिक पुस्तकालय, इन्टरनेट, टेलिफोन, विद्युत सुविधा, लागायतका पूर्वाधार निर्माणका लागि अनुदान उपलब्ध गराउने उल्लेख छ । यसैगरी २०७५/७६ मा देहायबमोजिमका कार्यको लागि अनुदान प्रदान गरेको देखिन्छ ।

पूर्वाधारका क्षेत्र	संख्या	कुल संख्या मध्ये प्रतिशन	अनुदान रकम रु. हजारमा	कुल अनुदान मध्ये प्रतिशत
सामुदायिक भवन	१४०	४०.४६	७२५४५	२५.१२
स्वागत द्वार	१६	४.६२	१३५३४	४.६९
साँस्कृतिक संग्राहलय	५	१.४५	४५७४	१.५८

पदमार्ग	८४	२४.२८	८३६२५	२८.९६
अन्य	१०१	२९.१९	११४४६४	३९.६४
जम्मा	**३४६**	**१००.००**	**२८८७४२**	**१००.००**

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२२.१. उल्लिखित तालिका विश्लेषण गर्दा विभिन्न पूर्वाधारका क्षेत्रमध्ये सबैभन्दा बढी १४० सामुदियक भवन निर्माणको लागि रु.७ करोड २५ लाख ४५ हजार र रकम गतरुपमा सबैभन्दा बढी पदमार्ग निर्माणको लागि रु.८ करोड ३६ लाख २५ हजार अनुदान प्रदान भएको देखिन्छ । यसैगरी अन्य शीर्षकमा खर्च भएको रु.११ करोड ४४ लाख ६४ हजार होमस्टे सञ्चालनको लागि आवश्यक कुर्सि टेवल लगायतका फर्निचर, बेड बिस्तरा लगायत फर्निसिङ्गका सामग्री, सांस्कृतिक पोशाक खरिद, इन्टरनेट, सोलार र विद्युत जडान, होमस्टेका कोठा निर्माण एवं मर्मत, शौचालय र स्नानगृह निर्माण, आंगनमा ढुङ्गा छाप्ने लगाएको कार्यको लागि अनुदान प्रदान गरेको देखिन्छ । जसअनुसार सामुदायिक भवन, स्वागत द्वार, सांस्कृतिक संग्रहालय र पदमार्ग लगायतका निर्माण कार्यमा ६० प्रतिशत र बाँकी ४० प्रतिशत अन्य कार्यमा खर्च भएको देखिन्छ । निर्माण बाहेक अन्य क्षेत्रमा प्रदान गरेको अनुदानबाट सामुदायिक रुपमा लाभ नपुगी होमस्टे सञ्चालन गर्ने व्यक्तिलाई व्यक्तिगत रुपमा लाभ पुग्ने अवस्था देखिन्छ । होमस्टे सञ्चालन गर्दा पुरा गर्नुपर्ने मापदण्ड भित्रका कार्य गर्न २०७५।७६ को अनुदानमध्ये ४० प्रतिशत रकम प्रदान गरेको देखिन्छ । होमस्टे दर्ता गर्दा पुरा गर्नुपर्ने कार्यको लागि समेत अनुदान प्रदान गरेको र यस्तो अनुदानबाट सामुदायिक संरचनाभन्दा पनि व्यक्तिको घरमा निर्माण सुधार भएको अवस्था देखिएको छ । यसरी प्रदान हुने अनुदान सार्वजनिक पूर्वाधार निमार्णमा मात्र खर्च गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।



२२.२. तालिकमा उल्लेख भएअनुसार १४० होमस्टेहरूले सामुदायिक भवनको लागि प्रस्ताव गरी प्राप्त अनुदान रु.७ करोड २५ लाख ४५ हजारबाट सामुदायिक लगायतका भवन निर्माण गरेको देखिन्छ । यसरी भवन निर्माणको लागि आवश्यक जग्गा समुदायको नाममा हुनुपर्ने गरी कार्यविधिमा व्यवस्था नभएको कारण व्यक्तिको जग्गामा समेत भवन निर्माणको लागि अनुदान प्रदान गरेको देखिन्छ । उदाहरणको लागि स्थलगत निरीक्षणको क्रममा बेतनी सामुदायिक होमस्टे शहिद लखन गाउँपालिका गोरखाले अनुदान प्राप्त रु.१० लाखमा निर्माण गरेको सामुदायिक भवनको जग्गा समुदायको नाममा नभई व्यक्तिको नाममा रहेको देखियो । यसैगरी लम्जुङको राईनासकोट सामुदायिक होमस्टेले रु.१५ लाख अनुदानमा निर्माण गरेको सामुदायिक भवन, बाग्लुङको मारुनी सामुदायिक होमस्टे जैमिनी र बेलढुङ्गा सामुदायिक होमस्ट काठेखोलाले प्राप्त दश दश लाख अनुदानबाट निर्माण गरेको सामुदायिक भवन समेत निजी जग्गामा निर्माण भएको देखिन्छ । यसरी व्यक्तिको नाममा रहेको जग्गामा सरकारी कोषबाट सामुदायिक प्रयोजनको लागि भवन निर्माण गर्न अनुदान प्रदान गरेको उपयुक्त देखिएन ।

यसबाट भवनको भोगचलनमा समस्या आउन सक्ने अवस्था समेत रहेकोले यस प्रकार भवन निर्माणको लागि अनुदान प्रदान गर्न आवश्यक जग्गा समुदायको नाममा हुनुपर्ने व्यवस्था गर्नुपर्दछ ।

२२.३. पदमार्ग अन्तर्गत प्राप्त अनुदान रकमबाट होमस्टे सञ्चालन भएका घरहरूमा जान ढलान गरी सिँढी निर्माण एवं होमस्टे सञ्चालन भएको गाउँको बाटो ढलान गरेको देखिन्छ । होमस्टेको मौलिकता कायम राख्न होमस्टे सञ्चालन भएका एक घरबाट अर्को घरमा जाने सिँढी निर्माण गर्दा ढुङ्गा लगायतका स्थानीय सामग्री प्रयोगमा ध्यान नदिई ढलान गरेको देखिन्छ । यस्ता निर्माण कार्य गर्दा मौलिकतालाई समेत ध्यान दिन सकिएमा होमस्टेको पहिचान अभिवृद्धि गर्न सघाउ पुग्ने देखिन्छ ।

२२.४. सम्झौताअनुसार प्रदान गरेको रकमबाट तोकिएबमोजिमको कार्य समयमै सम्पन्न गरी निर्मित पूर्वाधार सञ्चालनमा ल्याउनुपर्दछ । मन्त्रालय एवं कार्यालयसँग अनुदानबाट निर्माण भएका पूर्वाधार कार्य सम्पन्न रकम र निर्मित पूर्वाधारको अवस्था खुलाई पठाउन अनुरोध गरेकोमा एकाध बाहेक सबैले निर्माण भएको पूर्वाधारको अवस्था नखुलाई विवरण उपलव्ध गराएकाले यस सम्बन्धमा जानकारी हुन सकेन । प्राप्त विवरणको आधारमा परियोजनको प्रस्ताव, अनुदान र कार्य सम्पन्न रकमको आधारमा देहायका कार्यहरू सम्पन्न नभई अधुरो अवस्थामा रहेको देखिन्छ । साथै केही परियोजनामा सम्झौताबमोजिमको रकमभन्दा घटीको कार्य सम्पन्न गरेको कारण त्यस्ता आयोजनाहरू समेत पुरा नभएको देखिन्छ ।

क्र. सं.	होमस्टेको नाम र ठेगाना	परियोजना	प्रस्ताव रकम	अनुदान रकम	कार्यसम्पन्न रकम	कैफियत
१	विमल नगर बन्दिपुर ४	घुमाउने घर निर्माण	१४२१	१०००	३७४	एउटा घुमाउने घर सम्पन्न
२	विन्धवासिनी बन्दिपुर ४	प्रवेशद्वार बाटो र शौचालय निर्माण	१५४९	१०००	५२४	केही मिटर बाटो निर्माण भएको
३	ढोर लामागाँउ शुक्लागण्डकी १२	सामुदायिक भवन निर्माण	१०५९	१०००	१०६९	भवन निर्माण कार्य जारी रहेको
४	नेपाल दर्रे समाज उत्थान समिति घिरिङ १	सामुदायिक भवन निर्माण	१३६०	१०००	१२५०	निर्माणाधीन
५	लामीचौर कावासोती ७	सामुदायिक भवन निर्माण	१३१२	१०००	१३१२	पुरा हुन नसकेको
६	दराई बौदीकाली २	सामुदायिक भवन निर्माण	१२२४	१०००	१२२४	पुरा हुन नसकेको
७	पूर्णगाउँ देउराली मोदी ४	पदमार्ग निर्माण	१७२३	१०००	४७७	
८	फलेवास होमस्टे फलेवास ५	सामुदायिक भवन निर्माण	१०९७	१०००	७८७	

सम्झौताबमोजिमको लागत सहभागिता समेत जुटाई तोकिएको कार्य सम्पन्न गर्न नसकेको एवं बढी लागत पर्ने आयोजना भएको कारण प्राप्त अनुदान रकम अपर्याप्त भएको कारण अधुरो रहेको देखिन्छ । अनुदानबाट सञ्चालित कार्य अधुरो रहेबाट संरचनाको उपयोग नहुने तथा अनुदानको प्रभावकारिता न्यून हुने देखिएकोले सम्झौताबमोजिमको कार्य सम्पन्न गर्नुपर्दछ ।

२३. **होमस्टे पाहुना संख्या -** गण्डकी प्रदेश होमस्टे सञ्चालन कार्यविधि, २०७५ को बुदा नं.९ बमोजिम गठन हुने समितिले होमस्टेमा आएका पाहुनको दर्ता र रेकर्डको अवस्था समेत अनुगमन गर्ने उल्लेख छ । मन्त्रालय तथा डिभिजन वन कार्यालयहरूसँग अनुदान प्राप्त गर्ने होमस्टेमा २०७४/७५ देखि २०७६/७७ सम्म आएका पाहुनाको संख्या खुलाउन अनुरोध गरेकोमा कार्यक्रम लागू भएको

२०७५/७६ मा आएका पाहुनाको संख्या प्राप्त भएको छ । उक्त वर्ष २७४ होमस्टेमा ८ हजार १५२ पाहुना आएको र सो मध्ये ५ हजार ९१० विदेशी पाहुना रहेका छन् । होमस्टे, पाहुना संख्या र अनुदानको तुलनात्मक स्थिति निम्नानुसार छः

जिल्ला	होमस्टे संख्या	होमस्टे सञ्चालन गर्ने घर संख्या	होमस्टेमा आएका पर्यटक संख्या	अनुदान रकम रु.	प्रति होमस्टे पर्यटक	प्रतिघर पर्यटक	पर्यटक संख्याको आधारमा औसत अनुदान रु.
कास्की	३६	३३९	२८४१०	३७२८२०००	७८९	८४	१३१२
गोरखा	२२	२२०	१०००	२२५०००००	४५	५	२२५००
तनहुँ	४७	३२९	१९९०१	४८५९२०००	४२३	६०	२४४२
लमजुङ	२३	२९२	८०००	२७८३७०००	३४८	२७	३४८०
मनाङ	२	४१	३८६	३०००००	१९३	९	७७७२
मुस्ताङ	३	२२	११००	३५०००००	३६७	५०	३१८२
म्यार्दी	११	९२	१०८१	९६६२०००	९८	१२	८९३८
बागलुङ	२८	१७४	१२७५	२६६८४०००	४६	७	२०९२९
पर्वत	४८	४०७	७७०	४७८३३०००	१६	२	६२१२१
स्याङजा	४४	५०४	७५७०	५०८५२०००	१७२	१५	६७१८
नवलपुर	१०	१२८	१५६५९	११०००००	१५६६	१२२	७०२
जम्मा	**२७४**	**२५४८**	**८५१५२**	**२८८७४२०००**	**३११**	**३३**	**३३९१**

उल्लिखित तालिका विश्लेषण गर्दा होमस्टे संख्या र होमस्टे सञ्चालन गर्ने घर संख्याको आधारमा सो वर्ष औसतमा ३११ र ३३ पाहुना आएको देखिन्छ । जिल्लागत रुपमा विश्लेषण गर्दा उक्त वर्ष कास्कीमा सबैभन्दा बढी प्रति होमस्टे ७८९ र होमस्टे सञ्चालन गर्ने प्रतिघर ८४ र सबैभन्दा कम पर्वतमा प्रति होमस्टे १६ र होमस्टे सञ्चालन गर्ने प्रतिघर २ मात्र आएको देखिन्छ । गोरखा, बागलुङ र मनाङमा वर्ष भरीमा प्रतिघर क्रमशः ५, ७ र ९ मात्र पाहुना आएका छन् । पाहुना संख्या र वितरित अनुदान तुलना गर्दा सो वर्ष प्रतिपाहुना औसमा रु.३ हजार ३९१ अनुदान प्रदान भएकोमा सबैभन्दा बढी पर्वतमा प्रतिपाहुना रु.६२ हजार १२१ र सबैभन्दा कम नवलपुरमा प्रतिपाहुना रु.७०२ अनुदान प्रदान भएको छ । पाहुना र अनुदान संख्या तुलना गर्दा कम पाहुना आउने पर्वत, गोरखा, बागलुङ लगायतका जिल्लाले बढी अनुदान प्राप्त गरेका छन् ।

२४. **होमस्टे र रोजगारी -** होमस्टेको माध्यमबाट आन्तरिक र बाह्य पर्यटकको आगमन भई स्थानीयस्तरमा रोजगारी र आय आर्जनको अवसर सिर्जना हुने देखिन्छ । यस कार्यक्रमको सञ्चालन पश्चात स्थानीयस्तरमा रोजगारीको अभिवृद्धि हुने अपेक्षा गरिएको छ । लेखापरीक्षणको सिलसिलामा मन्त्रालय तथा डिभिजन वन कार्यालयहरूसँग २०७४/७५ देखि २०७६/७७ को अवधिमा होमस्टेले सिर्जना गरेको रोजगारी संख्या खुलाई पठाउन अनुरोध गरेकोमा कार्यक्रम लागू भएको २०७५।७६ को अवस्था उपलव्ध गराएका छन् ।

क्र.सं.	जिल्ला	होमस्टेको संख्या	होमस्टेमा प्रयोग भएको घर संख्या	होमस्टेले प्रदान गरेको रोजगारी संख्या
१	कास्की	३६	३३९	५६६
२	गोरखा	२२	२२०	२३४
३	तनहुँ	४७	३२९	४७
४	लमजुङ	२३	२९२	८७६
५	मनाङ	२	४१	४१

६	मुस्ताङ	३	२२	३४
७	म्यार्दी	११	९२	५०
८	बागलुङ	२८	१७४	२८
९	पर्वत	४८	४०७	८३
१०	स्याङजा	४४	५०४	१२००
११	नवलपुर	१०	१२८	१२९
	जम्मा	**२७४**	**२५४८**	**३२८८**

उल्लिखित तालिकाअनुसार अनुदान प्राप्त गर्ने २७४ सामुदायिक होमस्टेमा २ हजार ५४८ घरमा होमस्टे सञ्चालन गरेको र होमस्टेको कारण ३ हजार २८८ रोजगारी सिर्जना भएको छ । सबै होमस्टेहरूमा आउने पाहुनाको आगमन समान नहुने र वर्षै भरी पर्यटन आउने स्थिति समेत नरहेकोले आंशिक रुपमा मात्र रोजगारी सिर्जना भएको अवस्था छ । ती निकायहरूले अनुदान वितरण भएको अघिल्लो र पछिल्लो वर्षको रोजगारी संख्या समेत माग गरेकोमा उपलव्ध नगराएको कारण अनुदानबाट परेको सकारात्मक असर विश्लेषण गर्न सकिएन ।

२५. **स्थानीय तहको लागत सहभागिता -** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिनेसम्बन्धी कार्यविधि २०७५ को बुँदा ७ मा परियोजना कार्यान्वयनसम्बन्धी सम्झौतामा होमस्टेमा पूर्वाधार विकाससम्बन्धी अनुदान प्राप्त गर्नका लागि होमस्टे व्यवस्थापन समितिले प्रस्ताव गरेको पर्यटन पूर्वाधारको लागतको कम्तिमा १० प्रतिशत बजेट सम्बन्धित स्थानीय तहले छुट्याएको वा व्यवस्था गरेको सिफरिस पत्र समावेश गर्नुपर्ने उल्लेख छ । परियोजनासम्बन्धी सम्झौता गर्दा स्थानीय तहको सिफारिस पत्र लिएको भए तापनि मन्त्रालयबाट प्राप्त विवरणअनुसार अनुदान प्राप्त गर्ने २७४ होमस्टेमध्ये ११२ मा मात्र स्थानीय तहले रु.१ करोड ५८ लाख ८८ हजार लागत सहभागिता गरेका छन् । अनुदान प्राप्त गर्ने विभिन्न १६२ होमस्टेमा स्थानीय तहको लागत सहभागिता रहेको छैन । स्थानीय तहबाट लागत सहभागिता भएका होमस्टेहरूले प्रदेश र स्थानीय तह दुवैबाट अनुदान प्राप्त गरेको स्थिति छ । यसरी सम्बन्धित स्थानीय तहभित्र सञ्चालन भएका होमस्टेहरूमा स्थानीय तहहरू प्रतिवद्धताअनुसार लागत सहभागिता नगरेको तर प्रदेशबाट अनुदान प्राप्त गर्ने प्रयोजनको लागि मात्र सिफारिस गरेको स्थिति समेत देखिएको छ । प्रतिवद्धताअनुसारको लागत सहभागिताको अभावमा परियोजना प्रस्तावबमोजिम कार्य सम्पन्न गर्न रकमको कमी हुने अवस्था समेत देखिएको छ । प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रुपमा कार्यान्वयन गरेको भए तापनि स्थानीय तहको प्राथमिकता अन्य क्षेत्रमा हुनसक्ने हुनाले प्रदेशले बनाएको कार्यविधिबमोजिम लागत सहभागिता गराउन बाध्य हुने अवस्था समेत नदेखिएकोले कार्यविधिको उक्त व्यवस्था पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

२६. **जनशक्ति व्यवस्थापन -** पूर्वधार निर्माण कार्यको लागत अनुमान कामको मूल्याङ्कन र नापजाँच कार्यसम्पन्न प्रतिवेदन गुणस्तर सुनिश्चितता लगायतका कार्यको लागि सम्बन्धित क्षेत्रका प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ । होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजीगत अनुदान उपलव्ध गराएको रकमबाट सामुदायिक भवन सांस्कृतिक संग्रहालय प्रवेशद्धार पदमार्ग लगायतका पूर्वाधारका कामहरू भएका छन् । कार्यक्रमबमोजिम अनुदान प्रदान गर्ने र प्राप्त अनुदानबाट सम्झौताबमोजिमको कार्य भए नभएको हेर्ने जिम्मेवारी डिभिजन वन कार्यालयबाट हुने गरेकोमा ती कार्यालयहरूमा निर्माण कार्यसँग सम्बन्धित जनशक्ति रहेको देखिदैन । ती कार्यालयहरूले जनशक्तिको अभावमा कार्यक्रम कार्यान्वयन गर्न कठिनाई भएको एवं अन्य निकायका प्राविधिक कर्मचारीहरूको सहयोग लिई कार्य सम्पन्न गराएको व्यहोरा जानकारी गराएका छन् । यसरी निर्माण कार्यसँग सम्बन्धित जनशक्ति

नभएको कार्यालयबाट कार्यक्रम कार्यान्वयन गराउँदा सम्बन्धित कार्यालयहरूलाई कार्यसम्पादनमा कठिनाई परेको देखिएकोले आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२७. **सुपरिवेक्षण अनुगमन तथा मूल्याङ्कन -** होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पूँजीगत अनुदान दिनेसम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ९ मा परियोजनाको सुपरिवेक्षण अनुगमन तथा मूल्याङ्कन मन्त्रालयको जिल्ला स्थित निकायका प्रमुख वा मन्त्रालयले तोकेको अधिकारी वा मन्त्रालयले बनाएको कार्यदल सम्बन्धित स्थानीय तहको प्रतिनिधि र होमस्टे महासंघ गण्डकी प्रदेशको प्रतिनिधिबाट हुने र सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने उल्लेख छ । उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयसँग अनुदान प्राप्त गरेको होमस्टेमध्ये उल्लेख भएबमोजिम सुपरिवेक्षण अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन प्राप्त भएको संख्या प्रतिवेदनबाट परियोजना कार्यान्वयन र सम्पन्न पश्चात देखिएका समस्या एवं समस्या समाधान गर्न गरिएका प्रयास सम्बन्धमा प्रश्नावली मार्फत खुलाई पठाउन अनुरोध गरेकोमा २०७५/७६ मा २७४ होमस्टेहरूलाई अनुदान प्रदान गरेकोमा होमस्टे कार्यविधिअनुसार हालसम्म मन्त्रालय तथा कार्यान्वयन गर्ने निकायबाट सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन हुन नसकेको भन्ने जवाफ प्राप्त भएको छ । कुनैपनि आयोजना कार्यान्वयनमा देखिएका समस्याको समयमै पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कनको आवश्यकता हुनेमा सोको अभावमा अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा रहेका कमी कमजोरी एवं समस्याको समयमै जानकारी प्राप्त गरी सुधार गर्नसक्ने अवस्था रहेको देखिएन ।साथै प्रदान गरिएको अनुदान तोकिएको प्रयोजनमा नै उपयोग भएको आश्वस्तता हुने अबस्था छैन । यस स्थितिले प्रदेश गौरव घोषणा गरी सञ्चालन गरेको कार्यक्रमको सफलतामा नै असर पर्ने देखिएकोले नियमित रुपमा सुपरिवेक्षण अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन लिने व्यवस्था गर्नुपर्दछ ।

२८. **कार्यक्रमको निरन्तरता र दिगोपना -** प्रदेश गौरव आयोजना घोषणा भएको होमस्टे कार्यक्रम निश्चित अवधिसम्म निरन्तर रुपमा सञ्चालन भई कार्यक्रमबाट सिर्जित सम्पत्तिको दिगो व्यवस्थापन हुनुपर्दछ । २०७५/७६ मा सञ्चालित यस कार्यक्रममा सो वर्ष रु २८ करोड ८७ लाख ४२ हजार खर्च भएको देखिन्छ । २०७६/७७ को लागि रु.२५ करोड बजेट व्यवस्था भएकोमा उक्त रकम खर्च भएको देखिएन । कार्यक्रम कार्यान्वयनको लागि होमस्टे क्षमता अभिबृध्दि सशक्तिकरण तथा पूर्वाधार विकास कार्य सञ्चालन कार्यविधि, २०७६ पुष महिनामा मन्त्रिपरिषदबाट पारित भएको र तत्पश्चात प्रस्ताव आह्वान र मूल्याङ्कनमा समय लागेको एवं प्रस्ताव मूल्याङ्कन पश्चात अख्तियारी दिने समयमा नेपाल सरकारबाट घोषणा भएको देशव्यापी लकडाउनको कारण कार्यान्वयन हुन नसकेको व्यहोरा मन्त्रालयले जानकारी गराएको छ । मन्त्रालयकाअनुसार सोही कार्यक्रमलाई चालू आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ । कार्यक्रम कार्यान्वयन कार्यविधि पारित हुन समय लागेको कारण २०७६/७७ मा बजेट व्यवस्था भएको अवस्थामा समेत कार्यक्रमले निरन्तरता पाउन नसकेको देखिन्छ। यसैगरी अनुदानबाट सिर्जित सम्पत्तिको उपयोग र संरक्षणमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिलाई जिम्मेवार बनाएको भए तापनि निर्मित संरचनाहरूको संरक्षण र मर्मत संभारको लागि कोषको व्यवस्था नगरेको कारण समयमै मर्मत संभार गर्न समस्या पर्ने देखिएको छ । प्रदेश गौरव घोषित यस कार्यक्रमबाट केही वर्षसम्म होमस्टेको पूर्वाधार निर्माण र क्षमता विकासमा लगानी हुने भए तापनि यसको दिगोपनाको लागि स्थानीय तहको साझेदारी वृद्धि एवं कालान्तरमा होमस्टे आफैले सक्षम बनाउने दिशातर्फ अग्रसर हुनुपर्ने देखिन्छ । यस अलावा होमस्टे सञ्चालन र व्यवस्थापन कार्यलाई आधुनिक एवं सुविधा सम्पन्न बनाउन र व्यवसायिक हिसाबले सफल मानिएका होमस्टेहरूको पहिचान एवं वर्गीकरण गरी थप प्रोत्साहन गर्नुपर्दछ ।

निष्कर्ष

होमस्टे अनुदान कार्यक्रमबाट स्थानीयस्तरमा होमस्टेको पूर्वाधारको निर्माण, होमस्टेको क्षमता अभिवृद्धि, स्थानीय स्तरमा रोजगारी तथा आय आर्जनको सिर्जना, स्थानीय उत्पादनमा वृद्धि, होमस्ट सञ्चालना उत्साह एवं होमस्टेको गुणस्तरमा अभिवृद्धिमा सघाउ पुग्ने देखिन्छ । आन्तरिक पर्यटकको संख्यामा हुँदै गएको वृद्धि, स्थानीय पर्यटकीय गन्तव्यहरूको पहिचान र प्रचार प्रसार, समुदायमा सहकार्य र समन्वय गर्ने संस्कारमा बढोत्तरी, स्थानीय समुदायहरूको जागरुकता एवं प्रदेश गौरव आयोजनाको रुपमा होमस्टे पूर्वाधार विकास कार्यक्रमको सञ्चालनले होमस्टेको विकास र प्रवर्द्धनमा अवसरको सिर्जना भएको देखिन्छ । वितरण भएको केही अनुदान सामुदायिक संरचनामा प्रयोग नगरी होमस्टे सञ्चालकको घरमा संरचना निर्माण र मर्मतमा खर्च भएको, अनुदान उपयोगसम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन नभएको, अनुदान रकमको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषणको अभाव रहेको अवस्था समेत देखिएको छ । यसैगरी प्रदेश सरकारले कहिलेसम्म होमस्टेमा लगानी गर्ने भन्ने कुराको निर्धारण, होमस्टेको संख्या र गुणस्तर, पाहुनाको स्वास्थ्य सुरक्षा र सहज पहुँच, होमस्टेको अन्य क्षेत्रसँगको अन्तर सम्बन्ध एवं महामारी तथा आपतकालीन अवस्थामा होमस्टेको व्यवस्थित सञ्चालन चुनौतीपूर्ण रहेको देखिन्छ । यिनै सवल र दुर्वल पक्ष एवं अवसर र चुनौतीकाबीचबाट देखिएका कमी कमजोरीमा सुधार सहित कार्यक्रम कार्यान्वयन गरी होमस्टेको माध्यमबाट गुणस्तरीय पर्यटन सेवा प्रदान गरी स्थानीय स्तर रोजगारीको अभिवृद्धि र आय आर्जनको अवसर सिर्जना आयोजनाको लागत र सञ्चालन अवधि निश्चित गरी कार्यक्रमलाई थप व्यवस्थित गर्नुपर्दछ ।

अनुसूची १

अनुदान प्राप्ति र उपयोगको अवस्था

क्र. सं.	जिल्ला	होमस्टेको नाम र ठेगाना	परियोजनाको नाम	प्राप्त अनुदान रकम	अनुदानबाट गरेको कार्य	निरीक्षणबाट देखिएका व्यहोराहरू
१	पर्वत	वासखर्क सा .हो., जलजला, पर्वत	पदमार्ग तथा पूर्वाधार निर्माण	१००००००	पदमार्ग निर्माण, वेडहरू खरिद, कोठा थप कार्य	पदमार्ग निर्माण, वेडहरू खरिद, कोठा थप कार्य भएको, पदमार्ग पूर्ण नभएको, खानेपानीमा समस्या रहेको
२	पर्वत	चित्रे ग्रामीण पर्यटन होमस्टे विकास समिति, मोदी गा पा चित्रे,पर्वत	पर्यटन पूर्वाधार विकास	१००००००	सोलार, नौमति बाजा, सूचना पाटी, साउण्ड सिस्टम, फर्निचर खरिद	पूर्वाधार बाटो निर्माण, खानेपानीको सदुपयोग, सोलारबत्ती निर्माण को आवश्यकता देखिएको ।
३	पर्वत	पञ्चकोशी सामुदायिक होमस्टे, कुश्मा न.पा., आर्थर, पर्वत	पदमार्ग निर्माण	१००००००	पदमार्ग निर्माण, लोवेड, फलामे कुर्ची,वेडका सामान खरिद	बाटो पुर्ण नभएको, सामुदायिक भवन पूर्ण नभएको, निर्मित सम्पति (लो वेड) निजी स्वामित्वमा रहेको
४	पर्वत	भमरकोट सामुदायिक होमस्टे,मोदी गा पा-२,पर्वत	सामुदायिक भवन निर्माण	१००००००	सामुदायिक भवन, चर्पी, भ्यू टावर निर्माण	भ्यू टावर पूर्ण नभएको, भवन समुदायको स्वामित्वमा रहेको, प्रयोगमा आउन नसक्ने स्थानमा टावर निर्माण गरेको
५	पर्वत	जयगाँउ सामुदायिक होमस्टे, मोदी गा.पा.-६, तिलाहार,पर्वत	पदमार्ग निर्माण तथा ईन्टरनेट जडान	१००००००	पदमार्ग निर्माण,सामुदायिक होमस्टे निर्माण, ईन्टरनेट जडान, पानी टंकी निर्माण	पाहुनाको लागी आफैखाना वनाएर खाना खाने वातावरण, ध्यानकेन्द्रको व्यवस्था भएको, हाईकिङ्गको व्यवस्था गरेको, शौचालय र वाथरुममा सर्वसुलभ पानीको व्यवस्था नभएको, पानी गाग्रीमा बोक्नुपर्ने भएको, निर्माण भएको टंकीमा पानीको श्रोत प्राप्त नभएको, एउटा कोठामा ५ वटा वेड रहेको।
६	पर्वत	भुक देउराली नमुना गाँउ सामुदायिक होमस्टे,मोदी-१,पर्वत	पदमार्ग निर्माण र ईन्टरनेट	१५०००००	पदमार्ग निर्माण र ईन्टरनेट	पर्यटकीय स्थल घोरेपानी पुग्नको लागी पदमार्ग निर्माण गरेको, वाईफाई ईन्टरनेट जडान गरेको, एउटा कोठामा ६ वटा वेड रहेको
७	पर्वत	पैंयु गोल्र्याङ्ग सामुदायिक होमस्टे महाशिला गापा १	गोरेटो बाटो निर्माण	१००००००	गोरेटो बाटो निर्माण	व्यहोरा नरहेको
८	पर्वत	बच्छेश्वर सामुदायिक होमस्टे विहादी गा पा १	सामुदायिक भवन निर्माण	१००००००	सामुदायिक भवन निर्माण	निर्माण सम्पन्न नभएको
९	पर्वत	सेन्टर पईन्ट सामुदायिक होमस्टे पैयु गापा ४ पर्वत	सामुदायिक भवन निर्माण	१००००००	सामुदायिक भवन निर्माण	कार्यसम्पन्न भएको
१०	नवलपुर	पिप्रहर सामुदायिक होमस्टे,देवचुली-१७,नवलपुर	सामुदायिक भवन निर्माण	१००००००	सामुदायिक भवन निर्माण	तारागाँउ विकास समितिबाट पुरस्कार प्राप्त गरेको, सामुदायिक होमस्टे

क्र. सं.	जिल्ला	होमस्टेको नाम र ठेगाना	परियोजनाको नाम	प्राप्त अनुदान रकम	अनुदानबाट गरेको कार्य	निरीक्षणबाट देखिएका व्यहोराहरू
						संचालनमा रहेको
११	नवलपुर	शिसवार बोटे माझी सामुदायिक होमस्टे, देवचुली न.पा.-१,नवलपुर	सामुदायिक भवन निर्माण	१५०००००	पाहुना घर निर्माण	सामुदायिक भवन (पाहुना घर) निर्माण कार्य पूर्ण नभएको,
१२	लमजुङ्ग	राईनासकोट सामुदायिक होमस्टे व्यवस्थापन समिति,राईनास न.पा.-९,लमजुङ्ग	सामुदायिक भवन निर्माण	१५०००००	सामुदायिक भवन निर्माण	सामुदायिक भवन (पाहुना घर) निर्माण कार्य पूर्ण नभएको, भवन रहेको जग्गा व्यक्तीको नाममा रहेको
१३	लमजुङ्ग	तुर्लुङ्गकोट होमस्टे व्यवस्थापन समिति, सुन्दरबजार न.पा.-११,लमजुङ्ग	पदमार्ग तथा पूर्वाधार निर्माण	१००००००	पदमार्ग, शौचालय, वाथरुम निर्माण	भ्यू टावर आवश्यकता भएको, सामुदायिक भवन नभएको,निर्मित सम्पति (शौचालय र वाथरुम) निजी स्वामित्वमा रहेको
१४	लमजुङ्ग	भुजुङ्ग सामुदायिक होमस्टे पर्यटन समिति क्होलासोथार गा.पा.-४, लमजुङ्ग	सास्कृतिक संग्रहालय निर्माण	१००००००	सास्कृतिक संग्रहालय निर्माण	गोलघरमा रहेको सास्कृतिक संग्रहालय पूर्ण नभएको, सूचना केन्द्र, झरनाको संरक्षण गर्नुपर्ने
१५	लमजुङ्ग	घले गाँउ ग्रामीण पर्यटन व्यवस्थापन समिति, क्होलासोथार गा पा -३, लमजुङ्ग	पर्यटन पूर्वाधार निर्माण	१००००००	घरको छाना छाउने कार्य	निजी स्वामित्वमा रहेका घरहरूको छाना निर्माण गरेको,
१६	गोरखा	पस्लाङ्ग सामुदायिक होमस्टे, गोरखा न पा-५, गोरखा	बाटो निर्माण	१००००००	होमस्टे घरमा आवतजावतको लागी बाटो ढलान कार्य	व्यहोरा नरहेको
१७	गोरखा	वेतेनि सामुदायिक होमस्टे,शहिदलखन गा पा -२,गोरखा	सामुदायिक भवन र चर्पी निर्माण	१००००००	सास्कृतिक भवन र गेट निर्माण	सास्कृतिक भवन रहेको जग्गा नीजि स्वामित्वमा रहेको, शौचालयको उपर्युक्त प्रवन्ध नभएको
१८	गोरखा	क्होला आरुवोट सामुदायी होमस्टे,सिरानचोक गा.पा.-७,गोरखा	सामुदायिक भवन निर्माण	१५०००००	सामुदायिक भवन, कम्पाउण्ड वाल, गेट, चर्पी निर्माण	निर्मित सामुदायिक भवनको भुईतला चर्किएको ।
१९	गोरखा	विरिञ्चोक सामुदायी होमस्टे,सिरानचोक गा.पा.-७,गोरखा	पूर्वाधार निर्माण	१५०००००	सामुदायिक भवन, फर्निचर, ड्रेस, प्रचारप्रसार सामाग्री खरिद	व्यहोरा नरहेको
२०	तनहु	आपस्वारा सामुदायिक दलित होमस्टे,व्यास न पा-१३, तनहु	सिढी बाटो निर्माण	१००००००	लोबेड खरिद, स्नानघर निर्माण, सिढिबाटो निर्माण,आँगन निर्माण, सोलार बत्ती जडान कार्य	निर्माण भएका सिढी भत्केको, शौचालय वाथरुम मर्मत गर्नुपर्ने,निजी प्रयोगमा हुने (लोबेड खरिद, आँगन निर्माण, वाईफाई जडान) कार्य भएको
२१	तनहु	केशवटार सामुदायिक होमस्टे, व्यास न पा-४, तनहु	सामुदायिक भवन र पूर्वाधार निर्माण	१५०००००	सामुदायिक भवन निर्माण र कार्पेट, भाडाकुडा, फर्निचर खरिद कार्य	निजी प्रयोगमा हुने (कार्पेट, भाडाकुडा) खरिद कार्य भएको
२२	तनहु	गोपिटार सामुदायिक होमस्टे,देवघाट गा पा-१, तनहु	सास्कृतिक भवन र सामाग्री	१५०००००	सामुदायिक भवन निर्माण, सास्कृतिक सामाग्री खरिद,	पर्खाल निर्माण र पार्क निर्माण कार्य पूर्ण नभएको,

क्र. सं.	जिल्ला	होमस्टेको नाम र ठेगाना	परियोजनाको नाम	प्राप्त अनुदान रकम	अनुदानबाट गरेको कार्य	निरीक्षणबाट देखिएका व्यहोराहरू
					सास्कृतिक घुमाउने घर मर्मत र पार्क निर्माण	
२३	तनहु	देवपुर सामुदायिक होमस्टे, देवघाट गा पा-५, तनहु	पार्क निर्माण	१००००००	चक्रवर्ति पार्क र चौतारी निर्माण कार्य	पार्क र चौतारीको मर्मत सम्भार तथा संरक्षण नभएको
२४	तनहु	मिछलुङ्ग सामुदायिक होमस्टे, भिमाद न पा-५, तनहु	सामुदायिक भवन निर्माण र पूर्वाधार निर्माण	१००००००	मिछलुङ्ग सामुदायिक भवन निर्माण, सिढी निर्माण	सामुदायिक भवन एकतला निर्माण कार्य पुरा भएको र दोस्रो तलामा ढलान मात्र गरेर अपूर्ण भएको । बजेट अनुसार निर्माण कार्य हुन नसकेको ।
२५	तनहु	पाथर्दी सामुदायिक होमस्टे, भिमाद नपा-९, तनहु	सामुदायिक भवन र अन्य पूर्वाधार	१५०००००	सामुदायिक भवन निर्माण र भाडाकुडा लगायतका सामाग्री खरिद कार्य	निजी प्रयोगमा हुने सामान(भाडाकुडा) खरिद कार्य भएको
२६	स्याङ्गजा	ग्वादी सामुदायिक होमस्टे, गल्याङ् नपा-४, स्याङ्गजा	पूर्वाधार निर्माण	१५०००००	सामुदायिक भवन निर्माण कार्य	व्यहोरा नरहेको
२७	स्याङ्गजा	भाल्थुम सामुदायिक होमस्टे,गल्याङ् नपा-६, स्याङ्गजा	माल्थुम सामुदायिक भवन निर्माण	१५०००००	माल्थुम सामुदायिक भवन निर्माण कार्य	व्यहोरा नरहेको
२८	स्याङ्गजा	प्रगति मैदान चोहानथोक होमस्टे, कालिगण्डकी गा पा-६, स्याङ्गजा	सामुदायिक र बाटो निर्माण	१००००००	भवन र बाटो निर्माण गरिएको	भवन निर्माण सञ्चालनमा नरहेको
२९	स्याङ्गजा	आलमदेवी सामुदायी होमस्टे,कालीगण्डकी गापा-३, स्याङ्गजा	भौतिक पूर्वाधार निर्माण	१००००००	शौचालय,स्नानगृह, वाल निर्माण बाटो सुधार कार्य	व्यहोरा नरहेको
३०	स्याङ्गजा	लालीगुरास होमस्टे, कालीगण्डकी गापा-७, स्याङ्गजा	भौतिक पूर्वाधार निर्माण	१००००००	सामुदायिक भवन, शौचालय, र बाटो निर्माण	निर्मित संरचना प्रयोगमा नरहेको ।
३१	स्याङ्गजा	लामडाँडा सामुदायिक होमस्टे, अर्जुचौपारी गापा-२, स्याङ्गजा	अन्य पूर्वाधार निर्माण	१५०००००	होमस्टेको झ्याल ढोकाको फ्रेम निर्माण र बाटो मर्मत कार्य	होमस्टे (निजी घर) हरूको ढोका र झ्यालको फ्रेम निर्माण गरेको
३२	स्याङ्गजा	हुनीकोट सामुदायिक होमस्टे,पुतलिबजार नपा-२, स्याङ्गजा	अन्य पूर्वाधार निर्माण	१००००००	स्वागतद्धार, पिकनिक स्पट,भ्यूटावर निर्माण	व्यहोरा नरहेको
३३	स्याङ्गजा	रामकोट सामुदायिक होमस्टे, फेदीखोला गापा-१, स्याङ्गजा	होमस्टे पूर्वाधार निर्माण	१००००००	निलो टिनका पाँचवटा कटेज निर्माण	व्यहोरा नरहेको
३४	बाग्लुङ्ग	मारुनी सामुदायिक होमस्टे, जैमिनि नपा-३,बाग्लुङ्ग	मारुनि सामुदायिक भवन निर्माण	१००००००	सामुदायिक भवन निर्माण	सामुदायिक भवन नीजि जग्गामा निर्मित, निर्मित भवन अपूर्ण रहेको, पाहुनाको आगमन नहुनाले होमस्टे संचालनमा नरहेको
३५	बाग्लुङ्ग	शिवधुरी सामुदायिक होमस्टे, काठेखोला गापा-५, बाग्लुङ्ग	शिवधुरी पदमार्ग निर्माण	१००००००	पदमार्ग निर्माण	पदमार्ग निर्माण भएको,समुदायमा रहेको र समुदायले संरक्षण र उपयोग गरेको
३६	बाग्लुङ्ग	फापरखेत झुलेनी सामुदायिक होमस्टे,	फापरखेत झुलेनी पदमार्ग	१००००००	पदमार्ग निर्माण	होमस्टे चर्पीको ढोका नभएको, पदमार्ग निर्माण

क्र. सं.	जिल्ला	होमस्टेको नाम र ठेगाना	परियोजनाको नाम	प्राप्त अनुदान रकम	अनुदानबाट गरेको कार्य	निरीक्षणबाट देखिएका व्यहोराहरू
		काठेखोला गापा-४, बाग्लुङ्ग				भएको,समुदायमा रहेको र समुदायले संरक्षण र उपयोग गरेको
३७	बाग्लुङ्ग	बेलढुङ्गा सामुदायिक होमस्टे, काठेखोला गापा-३,बाग्लुङ्ग	बेलढुङ्गा सामुदायिक भवन निमाण	१००००००	सामुदायिक भवन निमाण	सामुदायिक भवन नीजि जग्गामा निर्मित, भवन निर्माण अपूर्ण रहेको, सामुदायिक भवनमा वाथरुम/ चर्पीको व्यवस्था नभएको,
३८	बाग्लुङ्ग	अतिथी सत्कार सामुदायिक होमस्टे, बाग्लुङ्ग न.पा.-११,बाग्लुङ्ग	अन्य पूर्वाधार निर्माण	१००००००	भ्यू टावर निर्माण, परम्परागत बाजा, पोशाक खरिद, ईन्टरनेट जडान	पाहुनाको सुविधाको लागी परम्परागत बाजा र पोशाक खरिद गरको
३९	बाग्लुङ्ग	सिग्दी सामुदायिक होमस्टे,बरेङ गापा-२, बाग्लुङ्ग	सामुदायिक भवन र अन्य निर्माण	१००००००	सामुदायिक भवन, पदमार्ग, घेरावार, शौचालय निर्माण, खानी व्यवस्थापन कार्य	बाटोको असहजता रहेको, प्रयोगयोग्य शौचालय नभएको
४०	बाग्लुङ्ग	तोरीखोला सामुदायिक होमस्टे, गलकोट न.पा.-२,बाग्लुङ्ग	तोरीखोला सामुदायिक भवन	१००००००	शौचालय, सोलार र वाईफाईको व्यवस्था	व्यहोरा नरहेको

वातावरणीय लेखापरीक्षण

राष्ट्रिय निकुञ्जको व्यवस्थापन
(चितवन र बर्दिया)

परिचय

१. **पृष्ठभूमि** - नेपाल जैविक विविधताको दृष्टिले विश्वमै सम्पन्न मुलुकको रुपमा चिनिन्छ । यसको कुल भुभागको ४४.७४ प्रतिशत क्षेत्र वनले ओगटेको छ । यहाँ ११८ प्रकारका पारिस्थितिकीय प्रणाली, ७५ प्रकारका वनस्पति वर्ग, ५५ प्रकारका वन, १३०६७ प्रजातीका वनस्पति र १७०९७ प्रजातीका प्राणी रहेका छन्।नेपालमा पाईने ११८ प्रकारका पारिस्थितिकीय प्रणालीमध्ये ८० किसिमका पारिस्थितिकीय प्रणाली संरक्षित क्षेत्रभित्र पर्दछन। यिनिहरुको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गर्ने उद्धेश्यले नेपालमा सन् १९७३ मा सबैभन्दा पहिले चितवन राष्ट्रिय निकुञ्जको स्थापना गरिएकोमा तत्पश्चात् क्रमश सगरमाथा, रारा, बर्दिया र लामटाङ्ग, से फोक्सुन्डो, खप्तड, मकालु वरुण, शिवपुरी, बाँके राष्ट्रिय निकुञ्जको स्थापना गरिएको थियो । त्यसैगरी सन् २०१७ मा शुक्लाफाँटा र पर्सा राष्ट्रिय निकुञ्जको स्थापना पश्चात नेपालमा राष्ट्रिय निकुञ्जको संख्या १२ पुगेको छ । हालसम्म १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ सिकार आरक्ष, ६ संरक्षण क्षेत्र, २ प्राणी उद्यान र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरु सञ्चालन हुँदै आएका छन । संरक्षित क्षेत्रले नेपालको कुल भू भागको २३.३९ प्रतिशत अर्थात ३४,४१९.७५ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। संरक्षित क्षेत्रको व्यवस्थापन र नियमन गर्नको लागि वि.सं.२०३७ मा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भई कार्यरत रहेको छ ।

२. **निकायको परिचय** - नेपालमा पाईने वन्यजन्तु, वनस्पति र भू-दृष्यको साथै समग्र पारिस्थितिकीय प्रणालीलाई संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरी देशको समृद्धिमा सहयोग पुऱ्याउने उद्धेश्यको साथ वि.स. २०३७ मा वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत एक छुट्टै विभागको रुपमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भएको हो । यस विभाग अन्तर्गत राष्ट्रिय निकुञ्ज व्यवस्थापनको वातावरणीय लेखापरीक्षणको लागि नेपालका १२ राष्ट्रिय निकुञ्जमध्ये अध्ययनका लागि चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज लाई समेटीएको छ । यि दुई निकुञ्जहरूको सामान्य परिचय देहायमा उल्लेख गरिएको छः

विवरण	चितवन राष्ट्रिय निकुञ्ज	बर्दिया राष्ट्रिय निकुञ्ज
स्थापना	सन् १९७३ सेप्टेम्बर २०	सन १९७६
क्षेत्रफल	९५२.६३ वर्ग कि.मी.	९६८ वर्ग कि.मी
मध्यवर्ति क्षेत्र	७२९.३७ वर्ग कि.मी.	५०७ वर्ग कि.मी
प्रमुख संरक्षित जन्तु	बाघ, एकसिंगे गैडा, घडियाल गोही, हात्ती, गौरी गाई	बाघ, वाहसिंहा, एकसिंगे गैडा, हात्ती, घडीयाल गोही
जिल्ला	चितवन, पर्सा ,मकवानपुर, नवलपरासी (बर्दघाट सुस्तापुर्व) जिल्लाका भु-भाग	बर्दिया, बाँके र सुर्खेत जिल्लाका भु-भाग

३. **नीतिगत व्यवस्था** - नेपालको संविधानको धारा ५१ मा जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पशुपन्छी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने नीति रहेको छ । राष्ट्रिय निकुञ्ज व्यवस्थापनका विषयलाई राष्ट्रिय सिमसार नीति, २०६९, राष्ट्रिय वन नीति,

२०७५ ले समेटेका छन। आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रमहरु मार्फत सरकारले राष्ट्रिय निकुञ्ज व्यवस्थापन सम्बन्धमा लिएको नीतिहरु देहायबमोजिम रहेका छन्:

३.१. विभागका नीतिहरु - प्राकृतिक वातावरण, वन्यजन्तु र वनस्पतिको संरक्षण, सदुपयोग र व्यवस्थापन गर्ने सम्बन्धमा विभागका नीतिहरु यसप्रकार रहेका छन् :

- संरक्षित क्षेत्रहरुको जैविक विविधताको संरक्षणको लागि व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने ।
- सङ्कटापन्न, दुर्लभ र महत्वपूर्ण प्रजातीको संरक्षणको लागि प्रजाती वासस्थानको संरक्षण र सुधार गर्ने ।
- जैविक विविधता संरक्षणलाई निरन्तरता दिन र वन्यजन्तुको विचरणलाई सहज गर्न जैविक तथा सम्पर्क मार्गहरुको पहिचान, संरक्षण र व्यवस्थापन गर्ने ।
- पारिस्थितिकीय प्रक्रियालाई व्यवस्थित गर्दै वातावरणीय सेवाहरुलाई मानव उपयोगी बनाउदै लैजाने ।
- अध्ययन, अनुसन्धानको माध्यमबाट जैविक विविधता र प्राकृतिक श्रोतहरुको दिगो उपयोगमा बढावा दिँदै संरक्षणमा जनसहभागिता अभिवृद्धि गर्दै लैजाने ।

३.२. पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) योजनामा उल्लेखित नीति तथा रणनीतिहरु

- सबै संरक्षित क्षेत्र, सामुदायिक वन र समुदायमा आधारित वनहरुलाई प्रकृतिमा आधारित पर्यटनको गन्तव्य बनाउदै गुणस्तरीय पर्यटकको संख्यामा उल्लेख्य वृद्धि गर्ने ।
- संरक्षणका कार्यहरुलाई भू-परिधि स्तर र चरनक्षेत्र समेतमा रणनीतिक योजना निर्माण र संरक्षित क्षेत्रहरुको महिला, दलित, आदिवासी सहित स्थानीय समुदायको सहभागितामा एकीकृत व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- वन्यजन्तु र तीनको वासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनको लागि विद्यमान संरक्षित क्षेत्रलाई कायम राख्दै संवेदनशील जैविक विविधता क्षेत्रको पहिचान र विस्तार गर्नेगरी परस्थानीय एवं स्थानीय स्तरमा सम्भाव्यता र आवश्यकताको आधारमा जैविक श्रोत संरक्षणलाई निरन्तरता दिईनेछ ।
- वन क्षेत्र भएर जाने पूर्वाधार विकासका लागि निश्चित क्षेत्र (corridor) को व्यवस्था गरिनेछ ।
- संरक्षित क्षेत्रहरु तथा महत्वपूर्ण जैविक मार्गहरुमा भौतिक पूर्वाधार निर्माण गर्दा संरक्षणमैत्री संरचना निर्माण गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- मानव—वन्यजन्तु द्धन्द्ध न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम, उचित क्षतिपूर्तिको व्यवस्था र आवश्यक भौतिक संरचना निर्माण गरिनेछ ।

३.३. वजेट वक्तव्य २०७७।७८ मा उल्लेख भएका नीति तथा कार्यक्रम

- राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित तथा मध्यवर्ती क्षेत्र, वनस्पति उद्यान र सम्भाव्य सामुदायिक वनलाई प्रकृतिमा आधारित पर्यटन गन्तव्यको रुपमा विकास गर्ने ।
- लोपोन्मुख तथा दुर्लभ वन्यजन्तुको प्रजाती संरक्षण गर्ने ।
- मानव वन्यजन्तु द्धन्द न्यूनीकरण गर्न वन्यजन्तुको वासस्थान व्यवस्थित गर्ने ।

- मध्यवर्ती क्षेत्रका वासिन्दालाई वन्यजन्तुको आक्रमणबाट जोगाउन भरपर्दो सुरक्षा व्यवस्था मिलाउनुका साथै क्षतिपूर्तिको व्यवस्था गर्ने ।
- संघ, प्रदेश र स्थानीय तह एवं वन उपभोक्ता समुहको सहकार्य र समन्वयमा वनको सुरक्षा, वृक्षारोपण र विविधिकरण गर्दै चरन क्षेत्र, सिमसार, तालतलैया, जैविक विविधता र वातावरण संरक्षण गर्ने ।

४. **कानूनी व्यवस्था** - राष्ट्रिय निकुञ्जहरु व्यवस्थापनसँग सम्बन्धित ऐन, नियम, कार्यविधिहरु देहायबमोजिम रहेका छन्

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३०
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने ऐन, २०७३ र नियमावली, २०७६
- वन ऐन, २०७६ र वन नियमावली, २०५१
- वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२
- संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधि, २०७३
- वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३
- वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६०
- संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधार निर्माण तथा सञ्चालनसम्बन्धी कार्यनीति, २०६५
- राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक ढाँचा तथा काम, कर्तव्य र अधिकार, २०६७

५. **संगठन संरचना र जनशक्ति** - वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको मातहत चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज रहेका छन । यि दुई निकुञ्जहरुको संगठन संरचना देहायबमोजिम रहको छः

विवरण	चितवन राष्ट्रिय निकुञ्ज	बर्दिया राष्ट्रिय निकुञ्ज
मुख्य कार्यालय	कसरा, चितवन	ठाकुरद्धारा, बर्दिया
शाखा	योजना, मध्यवर्ती तथा अनुगमन, मुद्दा, प्रशासन, लेखा तथा हात्तिसार	योजना, मध्यवर्ती तथा अनुगमन, मुद्दा, प्रशासन, लेखा तथा हात्तिसार

सेक्टर	४ सेक्टर (सौरहा, कसरा, अमल्टारी र वगउर्माडी)	३ सेक्टर (ठाकुरद्धारा, रम्भापुर र गुठी)
पोष्ट	५७	३२
स्वीकृत दरवन्दी	**३७६**	**२२४**
• पदपूर्ति	३००	१९५
• स्थायी	१९६	१६३
• करार	१०४	३२

६. **कार्यक्रम र प्रगति** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को पाँचौ संशोधनले जैविक मार्गको संरक्षण र सम्वर्द्धनसम्बन्धी थप कानुनी व्यवस्थाले संरक्षण कार्यलाई सस्थांगत बनाएको छ । चौथो संसोधन मार्फत मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम लागू गरिएको छ ।यस कार्यक्रमबाट मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने स्थानीय वासिन्दा लाभान्वित भएका छन् ।संरक्षित कार्यलाई प्रभावकारी बनाउन र चोरी निकासीलाई पूर्ण निरुत्साहित गर्न वि.स. २०३२ सालदेखि नै संरक्षित क्षेत्रमा सेनाको उपस्थिति रहँदै आएको छ ।२०७६।७७ र २०७५।७६ मा आयोजनागत रुपमा चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा देहायका क्षेत्रमा सञ्चालित कार्यक्रमको प्रगति प्रतिशत निम्नबमोजिम रहेको छ :

आयोजना	२०७६।७७ (प्रतिशत)		२०७५।७६(प्रतिशत)	
	चितवन	बर्दिया	चितवन	बर्दिया
राष्ट्रिय निकुञ्ज तथा आरक्षण योजना	७९	९९	८५	९७
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग	८२	९५	९९	९५
हात्तिसार	८८	८८	८४	९८
सिमसार व्यवस्थापन कार्यक्रम	९१	१००	-	-
वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना	-	-	८८	१००

७. **वित्तीय स्थिति** - निकुञ्जहरुको विगत २ वर्षको वजेट र खर्चको अवस्था देहायबमोजिम रहेको छः

(रु.लाखमा)

आयोजनाको नाम	२०७६।७७				२०७५।७६			
	चितवन		बर्दिया		चितवन		बर्दिया	
	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना	२२०३	१७४६	१६६६	१६५१	१४४०	१२३४	११२१	१०८८
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग	१३४७	१११९	१५३	१४६	७७४	७६४	१४४	१३६
हात्तिसार	७७६	६८४	२०५	१८१	६३८	५३७	१५२	१४९
सिमसार व्यवस्थापन आयोजना	२६	२४	१६	१६	.	.	.	.
वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना	.	.	.	.	१२२	१०८	१०९	१०९
निकुञ्जतर्फको जम्मा	**४३५२**	**३५६५**	**२०४०**	**१९९४**	**२९७४**	**२६४३**	**१५२६**	**१४८२**
नेपाली सेनातर्फ	३४८८	३४६३	३६०१	३५७६	२८२६	२८१७	२९६५	२९४१

८. **लेखापरीक्षणको औचित्य** - नेपालमा ११८ प्रकारका पारिस्थितिकीय प्रणाली, ७५ प्रकारका वनस्पति वर्ग, ५५ प्रकारका वन, १३ हजार ६७ प्रजातीका वनस्पति र १७ हजार ९७ प्रजातीका प्राणी रहेका छन् । नेपालमा पाइने ११८ प्रकारका पारिस्थितिकीय प्रणालीमध्ये ८० किसिमका पारिस्थितिकीय प्रणाली संरक्षित क्षेत्रभित्र पर्दछन । संरक्षित क्षेत्रले नेपालको कुल क्षेत्रफलको २३.३९ प्रतिशत भुभाग ओगटेको छ । राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वनमा आधारित उद्योग र पर्या पर्यटन प्रवर्द्धन,

वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको असर अनुकुलन र वनको संरक्षण एवं विकास मार्फत कार्वन संरक्षण र सञ्चितिबाट अन्तर्राष्ट्रिय भुक्तानीमा पहुँच पुऱ्याउन सक्ने देखिन्छ । नेपाल भित्रिने पर्यटकहरुमध्ये अधिकाँशले राष्ट्रिय निकुञ्ज भ्रमण गरेको पाईन्छ । राष्ट्रिय निकुञ्ज पर्यावरण, बनक्षेत्र, सिमसार क्षेत्र, वन्यजन्तु संरक्षण, आर्थिक क्रियाकलाप र जनताको जिविकोपार्जनसँग जोडिएको विषय भएकोले वातावरणीय लेखापरीक्षणका लागि छनौट गरीएको छ ।

लेखापरीक्षणको उद्धेश्य, क्षेत्र एवं पद्धति

९. **लेखापरीक्षणको उद्धेश्य** - जैविक विविधताको संरक्षण, पारस्थितिकिय (इको सिस्टम) वातावरणको दिगो सम्वर्द्धन सम्बन्धमा निकुञ्ज कार्यालयहरुबाट सञ्चालित क्रियाकलापहरु र त्यसको नतिजा मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य रहेको छ । लेखापरीक्षणको उद्धेश्य प्राप्तिका लागि लेखापरीक्षण देहायका विषयहरुमा केन्द्रित रहने छः

- राष्ट्रिय निकुञ्जले वन्यजन्तु, वन, चरण, सिमसार र वन्यजन्तु वासस्थान संरक्षण कार्य,
- मध्यवर्ती क्षेत्र व्यवस्थापन र वन्यजन्तु र मानवीय क्रियाकलापबीचको सम्बन्धको दिगो व्यवस्थापन,
- जैविक विविधताको संरक्षण अवस्था,
- पर्यावरणमैत्री पर्यटन व्यवस्थापन ।

१०. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको लागि चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जको सामान्यतया विगत ५ वर्षसम्मको कार्यलाई समेटिएको छ। राष्ट्रिय निकुञ्जभित्रका वन्यजन्तुको वासस्थान व्यवस्थापन, जैविक विविधताको संरक्षण, पर्यावरणमैत्री पर्यटन र मानव-वन्यजन्तुबीचको सम्बन्ध, निकुञ्जको सुरक्षा एवं संरक्षणका विषयहरुलाई अध्ययन र विश्लेषण गरिएको छ।

११. **लेखापरीक्षणको पद्धति** - यो लेखापरीक्षण कार्यान्वयमा देहायका बिधि एवं पद्धति अवलम्बन गरिएको छः

११.१. यो लेखापरीक्षण लेखापरीक्षण ऐन, २०७५, वातावरण लेखापरीक्षण मार्गदर्शन, महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०७७ ले निर्दिष्ट गरेका विधि प्रक्रियाहरु अवलम्बन गरी सञ्चालन गरिएको छ । साथै लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन इन्टोसाईले जारी गरेको वातावरणीय लेखापरीक्षणसम्बन्धी निर्देशिकाहरु इसाई ५२०० र ५२०१ को समेत सन्दर्भ लिइएको छ।

११.२. लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर समस्यामूलक तथा नतिजामूलक पद्धति अवलम्बन गरी सम्बन्धित कागजात र स्रेस्ता परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तरवार्ता, सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ । उपर्युक्तअनुसार प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट तात्विक महत्वका विषयहरु पहिचान गरी स्थलगत अवलोकन, प्रश्नावली, सोधपुछ, सरोकारवालासँग छलफल, अन्तरवार्ता समेतको आधारमा निकायको प्रमुख कार्य सम्पादन सूचकहरुको जाचँ परीक्षण गरी सुधार ल्याउन गर्नुपर्ने कामका सम्बन्धमा सुझावहरू प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

१२. **लेखापरीक्षणको सीमितता** - प्राप्त सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तरवार्ता तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ ।लेखापरीक्षणको लागि उपलव्ध समयसीमा, जनशक्ति, अन्यन्त छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन, कोभिड १९ को महामारी समेतले लेखापरीक्षणको दायरालाई सिमित गरेको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

१३. **वासस्थान व्यवस्थापन** - राष्ट्रिय निकुञ्जहरूको प्रमुख जिम्मेवारी आफ्ने क्षेत्रभित्र वन्यजन्तु पशुपन्छीहरूको वासस्थान संरक्षण व्यवस्थापन गर्नु रहेको छ । यस अन्तर्गत घाँसेमैदान निर्माण तथा व्यवस्थापन र सिमसार निर्माण तथा व्यवस्थापन कार्यहरु पर्दछन । राष्ट्रिय निकुञ्ज कार्यालयहरुले घाँसेमैदान र पानीका श्रोत, सिमसार संरक्षणका कार्यहरु नियमित रुपमा गरी वन्यजन्तु, पन्छी र जलचरहरुलाई प्राकृतीक वासस्थानको उपलव्ध गराउनुपर्दछ । निकुञ्जहरुमा वन्यजन्तुको प्राकृतिक वासस्थानको लागि घाँसेमैदान, सिमसार संरक्षण र निर्माण सम्बन्धमा देखिएका व्यहोराहरु यसप्रकार छन्

१३.१. **घाँसेमैदान व्यबस्थापन** - घाँसेमैदान व्यवस्थापन अन्तर्गत अग्लो घाँस ढड्डी काट्ने, नियन्त्रित आगो लगाएर जलाउने, अत्यावश्यक रुखहरु जरा सहित हटाउने, स-साना पोथ्रा हटाउने, रुखको मुनाहरू हटाउने तथा मिचाहा प्रजाति नियन्त्रण तथा हटाउने आदि कार्यहरू पर्दछन । पारिस्थितिकीय प्रणालीमा (इको सिस्टम) घाँसेमैदान प्राथमिक उत्पादकको रुपमा रहेको हुन्छ । घाँसेमैदान गैडा, हात्ति तथा विभिन्न प्रजातीहरुको आहारको प्रमुख श्रोत तथा छोटो सिरु घाँस खरमयुर लगायतका दुर्लभ पन्छीहरु र साना स्तनधारी तथा अन्य वन्यजन्तुलाई आश्रयस्थलको काम गर्दछ । घाँसेमैदानको संरक्षणबाट वन्यजन्तुको आहारा र वास स्थान उपलव्ध हुन गई वन्यजन्तु तथा पन्छीको सख्या बढ्ने हुन्छ । चितवन राष्ट्रिय निकुञ्जमा घाँसेमैदान ८९५५.२ हेक्टर रहेको छ भने बर्दिया राष्ट्रिय निकुञ्जमा २४२७ हेक्टर रहेको छ । यि दुवै निकुञ्जले बिगत ४ वर्षमा घाँसे मैदानको संरक्षणको लागि रुख र जराहरु हटाउने, झाडी फाड्ने, ढड्डी काट्ने, पोथ्राहरु उखेल्ने, नियन्त्रित आगो लगाउने लगायतका कार्यहरु गर्दै आएका छन । उल्लेखित कार्यमा देहायबमोजिम बजेट खर्च गरेको पाईयोः

वर्ष	चितवन		बर्दिया	
	सरक्षण, निर्माण (हे.)	खर्च रू.हजारमा	सरक्षण, निर्माण (हे.)	खर्च रू.हजारमा
२०७६।७७	११००	१८२२४	१००४।५८	१६५००
२०७५।७६	१६५	६४२०	९५	४६००
२०७४।७५	५२	२४८०	८८।८२	१२४४
२०७३।७४	६७	१७९४	१७०	२९९१
२०७२।७३	१०२	३८३६	२४१	३५५५

निकुञ्ज कार्यालयहरुले वार्षिक स्वीकृत कार्यक्रमअनुसार प्रत्येक वर्ष अतिक्रमणकारी रुख हटाउने तथा घाँस काट्ने र जरा हटाउने घाँसेमैदान निर्माण तथा व्यवस्थापनको कार्य गर्ने गरेको भए तापनि उक्त कर्यहरु यथेष्ट हुन सकेको छैन। आवश्यक कार्यक्रम र बजेटको अभावमा आवश्यकतानुसार घाँसे मैदानको संरक्षण हुनसकेको छैन । चितवन राष्ट्रिय निकुञ्जमा सन् १९७० को दशकमा निकुञ्जको क्षेत्रफलको करिव २० प्रतिशत घाँसेमैदान रहेकोमा सन २०१५ को तथ्याङ्कअनुसार घटेर कूल क्षेत्रफलको ९.६१ प्रतिशत मात्र बाँकी रहेको छ । बर्दिया राष्ट्रिय निकुञ्जले यो वर्ष निर्माण गरेको घाँसेमैदान १००५ हेक्टर समेत जम्मा २४२७ हेक्टर मात्र घाँसे मैदान

रहेकोछ । जुन कुल क्षेत्रफलको २.५० प्रतिशत मात्र रहेको छ। घाँसेमैदान घटनुका प्रमुख कारणहरुमा भेल्लर, क्यामुना जस्ता नदीतटीय रुख प्रजातिहरु तथा खर, ढड्डी जस्ता अग्ला घाँस प्रजातिहरुको तीव्र विस्तार रहेको छ । त्यसैगरी माइकेनिया माइक्रान्था (राक्षसी झार) लहराको रुपमा घाँस, वुट्यान एवं रुखहरुमा जेलिएर अति तीव्ररुपमा फैलने वनस्पतिको विस्तार पनि समस्याको रुपमा रहेको छ । यसले भुई घाँस, रुख, वुट्यानहरु समेत ढाकी वन्यजन्तुले चर्ने घाँस उम्रन नदिइ घाँसको अभाव गराई दिने गरेबाट गैंडा तथा मृग प्रजाति लगायत हात्तीलाई समेत घाँसको अभाव हुन गएको एवं जंगली जनावरको आवागमनमा समेत असर पुऱ्याएको छ । घाँसेमैदान व्यवस्थापन एवं वार्षिक न्यूनतम २ पटक गर्नुपर्नेमा सार्वजनिक खरिद ऐनबमोजिम बोलपत्रको प्रक्रियामा जाँदा एक आर्थिक वर्षमा एक स्थानमा एक पटक मात्र गरिरहेको अवस्था छ । यसबाट घाँसेमैदान प्रभावकारी रुपमा व्यवस्थापन हुन नसकेको अवस्था छ । फलस्वरुप स्तनधारी, घस्रने प्रजाति एवं पन्छीको वासस्थानमा प्रत्यक्ष प्रभाव पर्ने, चरन क्षेत्रको अभाव हुने, प्रजनन एवं विचरण गर्ने क्षेत्रको अभाव हुने, उपयुक्त घाँसजन्य वनस्पतिको लोप हुनगई यस्ता प्रजातिहरुको बंशाणु विकासमा प्रत्यक्ष प्रभाव पर्ने र कतिपय वन्यजन्तुहरु लोप हुने देखिन्छ ।



राष्ट्रिय जिकुञ्ज बनमा फैलिएको मिचाहा प्रजाती माईकेनिया (चितवन)

१३.२. **सिमसार संरक्षण** - विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई वासस्थान प्रदान गर्ने भएकाले जैविक विविधताको संरक्षणमा सिमसारको महत्वपूर्ण भुमिका रहेको हुन्छ । सिमसार क्षेत्रमा अन्य क्षेत्रहरुको तुलनामा बढी आहार र उपयुक्त वास पाईने भएकोले अधिकांश वन्यजन्तुहरु सिमसार क्षेत्र वरिपरी बस्न रुचाउँछन । चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहरुका, सिमसारहरुमा विश्वमै लोपोन्मुख एकसिंगे गैडा, घडियाल गोही आश्रित र संरक्षित छन् । निकुञ्ज भित्रको जैविक विविधताको संरक्षणका लागि निकुञ्जले सिमसार क्षेत्रको संरक्षण र निर्माण गरेको हुनुपर्दछ । चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा सन् २०१३ मा गरिएको अध्ययनअनुसार ५८ साना ठुला घोल र तालहरु रहेका थिए । निकुञ्ज बाहिर मध्यवर्ति क्षेत्रमा बीस हजारी ताल र वरिपरी थुप्रै तालहरु रहेका छन् । बीसहजारी ताल वि.स. २०६० श्रावण १८ मा अन्तर्राष्ट्रिय महत्वको सिमसार रामसार सूचीमा भएको छ । त्यस्तै यस निकुञ्ज क्षेत्रबाट नारायणी, राप्ती नदी र चुरे श्रृङ्खलाबाट निस्कने स साना खोल्साहरू बग्ने गर्दछन् ।

बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा बबई र कर्णाली नदी, चुरे क्षेत्रमा बाह्रै महिना बग्ने साना खोला तथा सिमसार क्षेत्र रहेको छन् । बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत सतखलुवा, वेलौली र च्यामामा सिमसार क्षेत्र रहेका छन । निकुञ्ज क्षेत्रभित्र प्राकृतिक र मानवनिर्मित गरी जम्मा १५२ पोखरी रहेका छन् । सोमध्ये करिब ३६ पानी पोखरीमा सोलार सहितको वोरिङ्ग जडान गरिएको छ । विगत ४ वर्षमा निकुञ्जहरुले सिमसार क्षेत्रको सरसफाई र निर्माण गरेको अवस्था देहायबमोजिम छः

आर्थिक वर्ष	ईकाइ	चितवन			बर्दिया	
		लक्ष्य	प्रगती	खर्च (रु)	प्रगती	खर्च (रु)
२०७६।७७	गोटा	४५	४५	७००२	४२	९०६०
२०७५।७६	गोटा	७६	७६	११८७	७३	३५९८

२०७४।७५	गोटा	२६	१२	५३११	८	१९५३
२०७३।७४	गोटा	३०	२८	१४९७	७	१६४५
२०७२।७३	गोटा		१९	३८११	२२	१९०३

निकुञ्जहरुले प्रत्येक वर्ष नियमितरुपमा ताल तथा घोलहरुमा संरक्षणको काम गर्ने गरेको भए तापनि सिलिगंमा आधारित बजेट तर्जूमा व्यवस्थाको कारण यथोचित बजेट व्यवस्था गर्न नसक्दा आवश्यकता अनुरुप सरसफाई गर्न सकेको छैन । निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा रहेका ताल तथा घोलहरुमा क्रमिकरुपमा जलकुम्भीहरु जस्ता मिचाहा प्रजातीका वनस्पतिहरुको विकास, वरपरबाट वर्षाको भेलबाट तालमा थुप्रिने ढुङ्गा, माटो, बालुवा तथा तालमा जम्मा हुने जैविक तत्व लगायतबाट सिमसार क्षेत्रको आकार तथा गुणस्तरमा ह्रास आईरहेको छ । यसले गर्दा परम्परागत सिमसार क्षेत्र र पानीका मुहानहरु र पुराना पोखरीहरु सुक्दै गएको अवस्था सिर्जना भएको छ । बर्दिया राष्ट्रिय निकुञ्जमा पर्ने गेरुवा कर्णालीमा हिउँदको समयमा पानीको वहाव घटन गई त्यस आसपासको साना खोल्सा तथा पोखरीहरु सुक्दै गएका छन । बर्दिया राष्ट्रिय निकुञ्जको पश्चिमतर्फ रहेको कैलाली जिल्लातर्फ नदीजन्य पद्धार्थको अत्याधिक उत्खननको कारणले नदी त्यसतर्फ ढल्कन गई हिउँद याममा निकुञ्जतर्फ पानीको अभाव हुने गरेको छ । हरेक वर्ष निकुञ्जले अस्थायी नहर बनाई खोलाबाट पानी निकुञ्जतर्फ ल्याउने गरे तापनि यो अल्पकालीन समाधान मात्र भएको छ । वर्षायाममा आउने बाढीसँगै नहर पुरिन गई पुनः अर्को हिँउदमा पुरानै समस्या दोहोरिन गरेको छ । यसले सिमसार व्यवस्थापन लागत बढाएको छ।



चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रबाट बग्ने नारायणी र राप्ती नदी र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रभएर बग्ने बबई र कर्णाली नदी प्रणाली धेरै लामो दुरी तय गरेर निकुञ्ज क्षेत्रमा आई पुग्दछन । उक्त नदीहरूको अप स्टिममा औद्योगिक जन्य फोहोर, खेतीपातिमा गरिएको बढ्दो किटनासक र रसायनिक मलको प्रयोग समेत अन्ततः नदी प्रणालीमा मिसिने भएको हुँदा वन्यजन्तु र पन्छी, जलचरहरूलाई प्रदुषित पानीले असर गर्ने देखिन्छ । बजेटको अभावमा निकुञ्ज क्षेत्र भित्रका सबै सिमसार र घाँसेमैदानको संरक्षण हुनसकेको छैन । निकुञ्ज क्षेत्र भित्र वर्षाको भेल बाढीले कतिपय ताल तलैया र चुरे क्षेत्रबाट बग्ने नदी लाई पुरेकोमा बजेटको अभावमा पुनः निर्माण हुनसकेको छैन ।

चितवन राष्ट्रिय निकुञ्ज भित्र गैंडा, गौरी गाई र बर्दिया निकुञ्जमा बाघको सख्या वृद्धि भएको छ। तर घाँसेमैदान र सिमसार क्षेत्रमा कमी आएको छ । वन्यजन्तुको संख्याको वृद्धिको तुलनामा निकुञ्ज क्षेत्रमा घाँसेमैदान र सिमसार क्षेत्रको व्यवस्थापन यथोचित गर्न नसक्दा वन्य जन्तुहरू परम्परागत क्षेत्र छोडी आहार र पानीको खोजीमा अन्य क्षेत्रमा सर्ने, निकुञ्ज क्षेत्र बाहिर निस्की बस्ती, बालीनाली नोक्सानी र मानबीय क्षती समेत हुने गरेको छ । आहार र स्वच्छ पानीको खोजिमा चितवनमा गैडाहरू पूर्वी क्षेत्रबाट पश्चिमि क्षेत्रमा केन्द्रीत हुन थालेका छन । यसबाट नजिकै भारतको जंगल तिर सर्ने खतरा बढाएको छ । २०७७ को गणनाले निकुञ्जमा रहेका कूल ६९४ गैडामध्ये

४५३ गैडा निकुञ्जको पश्चिमि क्षेत्रमा पाईएको छ । साथै सौरहा लगायत पूर्वी क्षेत्रको पर्यटक र आर्थिक गतिविधिमा समेत असर गर्ने देखिएको छ । निकुञ्ज क्षेत्र भित्रका नदी सिमसार र घाँसेमैदानको अवस्था वारे निकुञ्जले प्रत्येक वर्ष अनुगमन गरी लगत तयार गर्ने गरेको छैन । यसले गर्दा कति तालतलैया, घोल, घाँसेमैदान चालु छन, मर्मत सम्भार गर्नुपर्ने, पुनः निर्माण गर्नुपर्ने र नयाँ निर्माण गर्नुपर्ने आवश्यकता पहिचान यथार्थ रुपमा हुनसकेको छैन । यसले गर्दा बजेट प्रस्ताव गर्ने कार्य आवश्यकतामा आधारित नभई परम्परागत हुन पुगेको छ ।

निकुञ्जले आफ्नो क्षेत्र भित्रका परम्परागत घाँसेमैदान र सिमसार क्षेत्रको संरक्षण गर्न र वर्तमान र भविष्यको आवश्यकता समेतलाई धान्ने संरक्षण र विकासको कार्य योजना बनाई आवश्यक श्रोतको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४. **वन्यवन्तु संरक्षण** - नेपालमा राष्ट्रिय निकुञ्जहरुको स्थापना पश्चात जैविक विविधता संरक्षणको संस्थागत शुरुवात भएको हो । चितवन र बर्दिया राष्ट्रिय निकुञ्ज जैविक विविधतामा सम्वृद्ध रहेका छन् । नेपालमा पाईने वन्यजन्तुको प्रकारमा यी राष्ट्रिय निकुञ्जहरूको योगदान देहायबमोजिम रहेको छः

प्रकार (प्रजाती)	नेपालमा पाईने प्रकार	चितवन राष्ट्रिय निकुञ्ज	बर्दिया राष्ट्रिय निकुञ्ज
स्तनधारी	२१२	७०	६१
पंक्षि	८८६	५४६	५१३
घस्रने वन्यजन्तु	१२३	४७	४२
उभयचर	११७	५५	नखुलेको
माछा	२३२	१२०	१२०

उपरोक्त तथ्यले नेपालमा पाईने जीवजन्तुका कुल प्रकारहरूमध्ये चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहमा करिब ३३ स्तनधारी, ६१ पन्छी, ३८ घस्रने जनावर, ४७ उभयचर र ५१ प्रतिशत माछा रहेको देखाउँछ । त्यस्तै कछुवाहरुमध्ये नेपालमा पाईने १७ प्रजातीका कछुवामध्ये चितवनमा मात्र ९ प्रजातीका कछुवाहरु पाइन्छ ।निकुञ्जहरुमा संरक्षित केही प्रमुख वन्यजन्तुहरूको संख्या यसप्रकार रहेको छः

वन्यजन्तु	चितवन			बर्दिया		
	२०७२।७३	२०७४।७५	२०७६।७७	२०७२।७३	२०७४।७५	२०७६।७७
गैंडा	६०५	६०५	६०५	२९	२९	२९
हात्ति	४०.५०	४०.५०	४०.५०	१००	१२०	१२०
सिम पंक्षी	१६८५२	१७२१३	१६३४२	.	.	.
गौरी गाई	३६८	३६८	३६८	.	.	.
बाघ	१२०	९३	९३	५०	ड०	८७
घडियाल गोही	१६६	२१९	१६६	२५	३३	३३
काठे भालु	२७१	२७१	२७१	.	.	.
डल्फिन	२	२	२	.	.	.
सरिसृप	४९	५५	५५	.	.	.
चरा	५७६	५७६	५७६	.	.	.
बाह्रसिंहा	.	.	.	७९	७९	७९

पन्ध्रौं योजना (२०७६।७७ —२०८०।८१) ले वन्यजन्तु र तीनको वासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनको लागि विद्यमान संरक्षित क्षेत्रलाई कायम राख्दै संवेदनशील जैविक विविधता क्षेत्रको पहिचान र विस्तार गर्नेगरी परस्थानीय एवं स्वस्थानीय स्तरमा सम्भाव्यता र आवश्यकताको आधारमा जैविक श्रोत संरक्षणलाई निरन्तरता दिने नीति रहेको छ । चितवन र

बर्दिया राष्ट्रिय निकुञ्ज जैविक विविधता संरक्षणको दृष्टिले विश्वमा नेपालको गौरवको रुपमा रहेका छन् । चितवन राष्ट्रिय निकुञ्ज एकसिंगे गैंडा, पाटे बाघ, गौरीगाई, जंगली हात्ति तथा घडियाल गोही र बर्दिया राष्ट्रिय निकुञ्जमा पाटे बाघ, वाह्रसिंहा संरक्षित प्रमुख जनावरहरु हुन । उपरोक्त दुवै निकुञ्जहरुमा संरक्षित प्रमुख वन्यजन्तुहरुको अवस्था देहायबमोजिम रहेको छः

१४.१. बाघ संरक्षण : नेपालमा बाघको गणना शुरू गरिएदेखि राष्ट्रिय निकुञ्जहरुमा प्रत्येक ४ वर्षमा बाघको गणना गर्ने गरिएको छ । सन २०१८ को गणनाअनुसार नेपालमा कूल बाघको संख्या २३५ रहेकोमध्ये चितवनमा ९३ र बर्दिया राष्ट्रिय निकुञ्जमा ८७ रहेकोले कुल संख्यामा यी २ निकुञ्जहरूको योगदान ७६ प्रतिशत रहेको छ ।

विगतको ३ गणनामा बर्दिया राष्ट्रिय निकुञ्जमा बाघको संख्या निरन्तर बढेको छ भने चितवन राष्ट्रिय निकुञ्जमा घट्दो क्रममा रहेको देखिन्छ। चितवन राष्ट्रिय निकुञ्जमा सन् २०१३ को गणनामा १२० को संख्यामा रहेको पाटे बाघहरु सन २०१८ को गणनामा ९३ मात्र देखिएको छ । यही अवधिमा बर्दियामा भने पाटे बाघको संख्या १८ बाट वृद्धि भई ८७ पुगेको छ । यसरी हेर्दा चितवनमा विगत ९ वर्षमा बाघको संख्या करिब ३२ ओटाले घटेको छ । बाघको संख्या घट्नुमा चोरी सिकारी, सडक दुर्घटना र मृत्यू प्रमुख कारण रहेका छन् । चितवन राष्ट्रिय निकुञ्जमा २०७५।७६ मा ८ र २०७४।७५ मा ६ बाघको मृत्यू भएको थियो । यदी बर्दिया राष्ट्रिय निकुञ्जमा बाघको वृदि दरलाई आधार मान्दा चितवन राष्ट्रिय निकुञ्जमा सन् २०१८ मा बाघको संख्या ३०० भन्दा बढी हुनुपर्नेमा घटदो क्रममा रहनुले निकुञ्जको पारीस्थिकीय प्रणाली सम्बन्धमा र बाघको बसाई सराई सम्बन्धमा अध्ययनको आवश्यकतालाई इङ्गित गर्दछ ।



बाघ पाइने देशका राष्ट्र प्रमुखहरूको सन् २०१० मा रुसको पिटर्सबर्गमा भएको पहिलो सम्मेलनले बाघ दिवस मनाउने घोषणासँगै सन् २०२२ सम्म ती देशमा बाघको संख्या दोब्बर बनाउने निर्णय गरेको थियो । सन् २०१० मा नेपालमा १२१ रहेको बाघको संख्या २०१८ मा २३५ पुगेकोले २०२२ सम्ममा २४२ पुऱ्याउने लक्ष्यको नजिक पुगेको छ । राष्ट्रिय तथा वन्यजन्तु संरक्षण विभागले चितवन-पर्सा क्षेत्रमा गरेको इकोलोजिकल नजिक क्यारिङ्ग क्यापासिटी अफ रोयल बेंगोल टाइगर (पाटे बाघको पारिस्थितिक बहन क्षमताको मूल्याङ्कन) अध्ययनमा चितवन राष्ट्रिय निकुञ्जको बहन क्षमता १३६ देखि १३८ बाघको लागि उपयुक्त हुने देखाएको छ । चितवन राष्ट्रिय निकुञ्जमा प्रति १० वर्ग किलोमिटर र बर्दिया राष्ट्रिय निकुञ्जमा प्रति ११ वर्ग किलोमिटरमा एक बाघ रहेको तथ्यले देखाउँछ । जुन बाघको आहार आवश्यकताको दृष्टिले समेत कम हुन्छ । राष्ट्रिय निकुञ्जको बहन क्षमताको अलावा बाघ संरक्षणको लागि चोरी सिकारी, वन विनास, मिचाहा प्रकतिको झार, भौतिक पूर्वाधार, जैविक मार्गमा सडक आदि प्रमुख समस्याको रूपमा रहेका छन । यसले गर्दा भविष्यमा बाघको संख्यालाई यही अवस्थामा राखी राख्न चुनौती रहेको देखिन्छ ।

१४.२. गैंडा संरक्षण : चितवन राष्ट्रिय निकुञ्ज भारतको असमस्थित काजिरङ्गा राष्ट्रिय निकुञ्ज पछी दूर्लभ एकसिङ्गे गैंडाको लागि संसारकै दोस्रो ठूलो वासस्थान हो। नेपालमा गैंडा गणना प्रत्येक ५/५ वर्षमा गर्ने गरीएको छ। सन २०२० मा गर्नुपर्ने गैंडा गणना विश्वव्यापीरुपमा फैलिएको कोभिड १९ महामारीको कारणले २०७७ (सन् २०२१) मा सम्पन्न गरीएको छ । उक्त गणनाबाट नेपालमा गैंडाको कूल संख्या ७५२ देखिएकोमध्ये चितवनमा ६९४ र बर्दिया राष्ट्रिय निकुञ्जमा ३८ रहेको छ । कुल संख्यामा यि दुई निकुञ्जहरूको योगदान ९७ प्रतिशत रहेको छ ।



विगत ३ वटा गणनाअनुसार गैंडाको संख्या चितवन र बर्दिया दुवै राष्ट्रिय निकुञ्जमा वृद्धि भएको छ । तथापि चितवनमा सन् २००८ देखि २०१५ सम्म गैंडाको वृद्धिदर पाँच प्रतिशत रहेकोमा २०२० गणानामा तीन प्रतिशत रहेको छ । त्यस्तै गरी सन १९८६ मा चितवन राष्ट्रिय निकुञ्जबाट बर्दिया राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गरिएको ९१ गैंडामध्ये द्वन्द्वकालमा चोरी सिकारीबाट ३६ र प्राकृतिक कारणले २४ मरेका थिए । सन २००८ मा गैंडाको संख्या घटेर २२ मा झरेको थियो । तर सन २०१० देखि गैंडाको संरक्षण सुधारउन्मुख देखिएको छ । सन् २००८ बाट बिस्तारै उकालोलाग्दै ३८ पुगेको छ । तरपनि अझै बर्दियामा स्थान्तरण गरिएको संख्या भन्दा धेरै कम गैंडा रहेका छन ।

वर्ष	चितवन	बर्दिया
२००८	४०८	२२
२०१०	५०३	२४
२०१५	६०५	२९
२०२०	६९४	३८

पूर्वी क्षेत्रमा राप्ती नदीको पानी सिंचाइ प्रयोग बढेकोले पानीको श्रोत कम हुँदा नदी आसपासको घाँसे मैदान सुख्खा भएर घाँस नउम्रिने र निकुञ्ज भित्रको घोलमा गैंडा अहाल बस्न पानीको मात्रामा कमी आएको छ । त्यस्तै राप्ती नदीले बगाएर ल्याएका बालुवा तथा कन्क्रिटले घाँसे मैदान मासिएको छ । पूर्विक्षेत्रमा उचित वासस्थानमा कमी हुन थालेपछि उचित घाँसेमैदान र पानीको श्रोत खोजि गर्दै गैंडा पश्चिमि क्षेत्रमा केन्द्रीत हुन थालेका छन । उक्त सानो क्षेत्रमा धेरै गैंडा एकीकृत हुँदा जुधेर घाइते हुने तथा मर्ने सम्भावना बढी भएको छ। साथै पश्चिमि क्षेत्रबाट भारतको वाल्मीकी टाईगर रिजर्व सर्ने खतरा पनि बढाएको छ ।

१४.३. गोही संरक्षण : घडियाल गोहीको संरक्षणको लागि चितवन राष्ट्रिय निकुञ्जमा घडियाल प्रजनन केन्द्र वि.सं. २०३५ मा स्थापना गरिएको छ । यस केन्द्रमा ६ इकोल्जर भित्र ३२ पोखरीमा फरक फरक उमेरका गोहीहरु राखे गरिएको छ। वि.स.२०३५ सालमा नारायणीबाट अण्डा ल्याई कोरलिएका मध्ये १३ माउ बनि हालसम्म पनि बच्चा कोरली रहेका छन् । प्रजनन केन्द्रले राप्ती तथा नारायणी नदीको जोखिमयुक्त ठाँउमा रहेका घडियालका गुँडबाट अण्डा सङ्कलन गरी यसबाट बच्चा उत्पादन गर्ने ह्याचरीमा झन्डै



५ बर्ष राखी १५ देखि २० किलो तौल भएपछि घडियाललाई नदीमा छोडिने गरिएको छ । घडियाल गोही लाई ५ वर्षसम्म ह्याचरीमा तीनको उमेरअनुसार बच्चा गोहीको लागि साना माछा, माउ गोहीको लागि ठुला माछा आहाराकोरुपमा दिने गरिएको छ । हरेक वर्ष ह्याचरीको मर्मत संभार बाहेक ५० लाख हाराहारीमा खर्च हुने गरेको छ। एउटा घडियाललाई ५ वर्षको बनाउन करिब रु.१० लाख खर्च हुन्छ । २०७५।७६ मा मात्र यस प्रजनन केन्द्रमा माउ र बच्चा गरेर कुल ६३२ घडियाल पालन गरिएको थियो । तर यस प्रजनन केन्द्रमा भाले गोहीको संख्या १ मात्र रहेकोले कमै मात्र बच्चा कोरलेको अवस्था छ ।

निकुञ्जको तथ्याङ्कअनुसार वि.सं. २०३९ देखि वि.स.२०७६ सालसम्म यस प्रजनन केन्द्रबाट कुल १ हजार ४६५ घडियाल राप्ती, नारायणी, वबई नदीहरुमा छोडिएको छ ।तर हाल ति नदीहरूमा माथि तालिकामा उल्लेख भएअनुसार २०० को हाराहारीमा मात्र घडियाल भेटिन्छन् । घडियालले अण्डा पार्नेदेखि बच्चा जन्माउने काममा बालुवाकै प्रयोग गर्ने भएकाले गोही पाइने क्षेत्रमा नदीजन्य पदार्थको उत्खनन, नदीहरूमा बढेको प्रदूषण, नदीमा हुने अवैध माछा मार्ने कार्य र माझीको तियारी जालमा परेर गोही मर्ने आदि कारणले गर्दा वर्षेनी १०० भन्दा बढी गोहीलाई नदीमा छाड्ने गरे पनि त्यस अनुपातमा सङ्ख्यामा भने वृद्धि भएको छैन । २०७६।७७ मा मात्र राप्तीमा १२ घडियाल गोहीको अप्राकृतिक कारणबाट मृत्यू भएको थियो । यस अलावा नदीमा छाडीएका गोहीहरू आहारको खोजीमा तल्लोतट तर्फ लाग्दै भारत पुग्ने तर फर्कन नसक्ने अवस्था रहेको, चितवन र बर्दियामा मात्र पाइने घडियाल गोही भालेको अभावमा संरक्षणमा थप चुनौती देखिएको छ । घडियाल संरक्षणका लागि चितवन राष्ट्रिय निकुञ्जमा स्थापना गरिएको संरक्षण केन्द्रमा रहेका दुई भालेमध्ये एउटा मरेपछि भाले घडियाल गोहीको अभाव भएको छ । राप्ती नदीमा रहेको एउटा भाले घडियाल मरेपछि राप्ती र नारायणीमा रहेका १ सय ६२ पोथी प्रजननमा समस्या भएको छ ।

१४.४. जटायु संरक्षण : सन् १९८० को दशकमा अनुमानित १० देखि १६ लाखको सङ्ख्यामा रहेका गिद्ध तिव्ररूपमा घटेर २० हजारभन्दा कममा सीमित भएपछि यसको संरक्षणका कार्यक्रम शुरू गरिएको छ। गिद्धलाई शुद्ध आहार उपलब्ध गराई संरक्षण गर्ने उद्देश्यले २०७४ मा स्थानीय समुदायको सक्रियतामा नवलपरासीको पिठौलीमा विश्वकै पहिलो समुदायस्तरको जटायु (गिद्ध) रेष्टुरेन्ट खोलियो । जटायु रेष्टुरेन्टमा वृद्ध अशक्त घरपालुवा जनावरहरु सङ्कलन गरी तिनीहरूको प्राकृतिक मृत्यु पश्चात् निश्चित स्थानमा गिद्धको आहाराका लागि राखिन्छ । रूपन्देही, दाङ, कैलाली, सुनसरी जिल्लाका ६ स्थानमा यस्ता जटायु रेष्टुरेन्टको व्यवस्था गरिएको छ । साथै चितवन राष्ट्रिय निकुञ्जको प्रजनन केन्द्रमा हुर्काइएको गिद्धहरुलाई निकुञ्ज अन्तर्गतको नवलपरासीको नमुना मध्यवर्ती सामुदायिक वनमा रहेको जटायु रेष्टुँराको तार जालीले घेरिएको खोरमा लगेर छोडिन्छ । गिद्ध संरक्षण तथा प्रजनन केन्द्रमा हुर्केका डंगर गिद्धहरूमध्ये २०७४ सालमा ६, २०७५ मा १२ र २०७६ मा १३ गरी जम्मा ३१ गिद्ध प्राकृतिक वासस्थानमा छोडिएको छ । तर वाहिर वातावरणमा छोडेका गिद्धहरु वाहिरको बिष खुवाई मारेको जनावरको विषाक्त सिनोको सेवनले मृत्यु हुने घटनाले संरक्षण कार्यमा थप चुनौती देखिएको छ । वि.स. २०७८ वैशाख ७ गतेमात्र नवलपुरमा एकैदिन ६७ गिद्ध मृत अवस्थामा भेटिनुले गिद्ध संरक्षण चुनौतीपूर्ण छ भन्ने दर्शाउछ । राष्ट्रिय निकुञ्ज तथा वन्जयन्तु संरक्षण विभागका महानिर्देशकको संयोजकत्वमा रहेको नेपाल भल्चर रिकभरी कमिटीले एसिक्लोफेनेक र कि-टोप्रोफेनको पशु उपचारमा प्रतिबन्धका लागि २०७६ वैशाख २५ गते औषधि व्यवस्था विभाग समक्ष अनुरोध गरेकोमा औषधि व्यवस्था विभागले निर्णय गरेको छैन । साथै नासिँदै गएको यसको प्राकृतिक वासस्थान, आहारामा ह्रास र मानव निर्मित विद्युतीय तारबार समेत गिद्ध संरक्षणमा थप

जोखिम बढाएको छ । गिद्ध संरक्षणका लागि नेपाल सरकारले २०६३ जेठ २३ देखि पशु उपचारमा डाइक्लोफेनेकको प्रयोग, उत्पादन, आयात र विक्रीमा प्रतिबन्ध लगाएको छ । डाइक्लोफेनेक सहित निमुसलाइड, एसिक्लोफेनेक र किटोप्रोफिन जस्ता औषधि पनि गिद्धका लागि हानिकारक देखिन्छ । यी औषधिको अधिक प्रयोग रोक्न नियमित बजार अनुगमन आवश्यक छ ।

१४.५. कछुवा संरक्षणः घडियाल प्रजनन केन्द्रको हाताभित्र कछुवा संरक्षण कार्यक्रम पनि सञ्चालन गरिएको छ । एउटा इन्कोल्जरमा (वासस्थान) जमिनमा वस्ने र अर्कोमा सिमसारमा वस्ने प्रजाती राखिएको छ। इन्कोल्जरभित्रै राम्रो प्राकृतिक वातावरण सिर्जना गरेर कछुवा प्रजातीलाई हुर्काउने, बढाउने एवं तिनीहरुबाट प्रजनन समेत गराउने र ठुलो भईसकेपछि पुन प्राकृतिक वातावरणमा छोडने उद्धेश्य राखी घडियाल संरक्षण प्रजनन केन्द्रको हाताभित्र कछुवा संरक्षण कार्यक्रम संरक्षण गरिएको छ । यसमा २ ओटा जमिनमा वस्ने प्रजाती र ३ सिमसारमा बस्ने प्रजाती गरी ५ प्रजातीका कछुवालाई पालन गरिएको छ । तर यिनको संरक्षणमा उल्लेख्य प्रगति देखिएन ।

१४.६. प्रत्येक वर्ष दुर्लभ वन्यजन्तु सिकारीहरूबाट मारिनुले चोरी सिकारीको नियन्त्रणको पर्याप्त व्यवस्था हुन नसकेको स्पष्ट गर्दछ । दुवै निकुञ्जमा विगत केही वर्षदेखि शुन्य सिकारीको अवस्था रहेकोमा २०७६।७७ मा चितवन राष्ट्रिय निकुञ्जमा ३ र बर्दिया राष्ट्रिय निकुञ्जमा २ चोरी सिकारीका घटना भएका छन । चितवन राष्ट्रिय निकुञ्जमा २०७७ मा ४ गैंडाको चोरी सिकारीले मारेका छन्। यसले गर्दा दुर्लभ एवं लोपोन्मुख वन्यजन्तुको संरक्षण कार्य चुनौतीपूर्ण बनेको छ । गैडा र बाघ जस्ता दुर्लभ वन्य जन्तुको अस्तित्व समेत संकटमा परेको छ ।

१४.७. दुवै निकुञ्जहरू जैविक विविधतामा धनी रहेका छन । नेपालमा पाईने जिवजन्तुका कुल प्रकारहरू मध्ये चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहरूमा करिब ३३ स्तनधारी, ६१ पन्छी, ३८ घस्रने जनावर र ४७ प्रतिशत उभयचर पाइन्छ । यि निकुञ्जहरूले बाघ, गैडा, गोहीको संरक्षणमा नै मुख्य क्रियाकलापहरू केन्द्रित गरेको पाईन्छ ।निकञ्ज क्षेत्रमा पाईने विभिन्न प्रकारका पन्छीहरू, पुतलीहरू र उभयचर लगायतका सम्पदाहरूलाई जलवायु परिवर्तन, निकुञ्को वातावरण, मानवीय गतिविधिहरूले वासस्थान र तिनको आहारमा पुऱ्याएको असर बरे ध्यान दिएको पाईएन । आ.यु.सि.एनले (**IUCN**, International Union for Conservation of Nature) सन् २०१४ मा जारी गरेको प्रतिवेदनले चितवन राष्ट्रिय निकुञ्जबाट जंगली भैसी ,दलदल हरिण लोप भएका उल्लेख गरेको छ । त्यसैगरी स्तनधारी १, पन्छी ५, घस्रने जनावर १ गरी ७ प्रकारका वन्यजन्तुलाई संकटापन्न वन्यजन्तुको सूचीमा राखेकोमा यस सम्बन्धमा प्रगति गरेको पाइर्एन ।यसले गर्दा दूर्लभ जनावर, पन्छी, पुतलीहरू, उभयचरहरूको संख्यामा समेत कमी भई लोप हुने जोखिम बढेको छ ।

मानव—वन्यजन्तु द्वन्द्वको उदाहरण

- २०७६ भाद्र पहिलो साता बारीमा सुगूर चराउन गएका एक पुरुषको बाघको आक्रमणबाट मृत्यू,
- २०७७ फागुन २० गौडाको आक्रमणमा परी पूर्वी नवलपरासीमा एक महिलाको मृत्यू ,
- २०७७ चैत्र ८, जंगली हातिको आक्रमणले चितवन गंगा नगरमा एक महिलाको मृत्यू र ४ घर पूर्णरुपमा क्षती,
- २०७७ चैत्र २९ बर्दियामा हात्तीको आक्रमणबाट बाखा चराउन गएकी महिलाको मृत्यू,
- २०७७ फागुन १५ ,बर्दिया निकुञ्जबाट बाहिर निस्केको बाघको आक्रमणमा परी एक वृद्धाको मृत्यु,
- २०७७ फागुन २७, बर्दिया सामुदायिक बनमा घाँस काटी रहेकी महिलालाई बाघले घिसारेर लग्यो।

समग्रमा माथि उल्लेखित तथ्यहरू बिश्लेषण गर्दा वन्यजन्तुहरूको प्राकृतिक वासस्थानमा पुगेको खलल, वासस्थानको कमी, स्वच्छ पानीको श्रोतको कमी, आहारको कमी, मानवीय

अतिक्रमणका गतिविधिहरू, चोरी सिकारी, बिचरणमा अवरोध आदि प्रमुख कारणहरूले निकुञ्जको जैविक विविधता संरक्षणमा चुनौती देखिन्छ ।राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग र राष्ट्रिय निकुञ्ज कार्यालयहरूबाट सालवसाली बजेटमा निर्भर रहनुभन्दा संरक्षणका मध्यकालीन एवं दीर्घकालीन लक्ष्यहरू निर्धारण तथा श्रोत व्यवस्था गरी सचेतना लगायत वासस्थान र प्राकृतिक आहार संरक्षण तथा सडक तथा नहरहरूमा वन्यजन्तुमैत्री संरचनाको व्यवस्था गर्नुपर्दछ ।

१५. **मानव—वन्यजन्तु द्वन्द्व** - प्राकृतिक वासस्थानमा खलल पुग्दा, प्रयाप्त वासस्थान र आहार नहुँदा वन्यजन्तुहरू वास र आहारको खोजिमा आफ्नो क्षेत्रभन्दा बाहिर निस्कन्छन । वन्यजन्तुहरू बाहिर निस्कँदा बालीनालीको नोक्सानी, घर झोपडीहरु भत्काउने, मानवीय क्षती गर्दा मानव—वन्यजन्तु द्वन्द्व हुनेगरेको छ। स्थानीय जनतामा वन्यजन्तु प्रति अपनत्वको भावना विकास गरी मानव—वन्यजन्तुबीच द्वन्द्व न्यूनीकरण गरी सह—अस्तित्व कायम गर्ने उपायहरु सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । निकुञ्जहरुमा गरिएका संरक्षण प्रयासले धेरैजसो संरक्षित वन्यजन्तुको संख्या बढ्न गएको छ । तर निकुञ्ज क्षेत्रमा वन्यजन्तुका लागि बास, खाना र पानीको श्रोत कमी भएकोले वन्यजन्तुहरु आहारको खोजिमा मानव वस्ती र खेत चउरमा बिचरण गर्नाले मानव—वन्यजन्तु द्वन्द्व वृद्धि भएको देखिन्छ । विगत ५ वर्षमा चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा वन्यजन्तुका कारण भएका मानवीय तथा अन्य क्षतिहरु देहायबमोजिम छन्

क्षतिको बिषय	चितवन राष्ट्रिय निकुञ्ज					बर्दिया राष्ट्रिय निकुञ्ज				
	७२।७३	७३।७४	७४।७५	७५।७६	७६।७७	७२।७३	७३।७४	७४।७५	७५।७६	७६।७७
मानवीय मृत्यु	५	१३	५	१२	९	२	५	-	१	६
घाईते	४६	२८	३२	४५	२४	८	६	-	१	१४
वाली क्षति	२१३	३२४-	७६६	१००	५८५	२३१	२	-	४६२	१३६७
पशु क्षति	७६	९७	१२०	८७	७४	३०४	०	-	२६१	६९४
घरगोठ क्षति	३२	१५	९२	१२	४४	१५०	२९	-	२६	८२
अन्न क्षती	४	४८	१९	७	१९	०	३	-	०	३५

बाघ, हात्ति, चितुवा, गैंडा जस्ता जंगली जनावरहरु निकुञ्ज आसपासका निस्कँदा मध्यवर्ती क्षेत्र र आसपासका सामुदायिक वनमा स्थानीयहरु आक्रमणमा पर्ने गरेका छन् । वन्यजन्तुले मानिसलाई आक्रमण गर्नुको अलवा घरपालुवा पशुमाथि आक्रमण गर्ने, मकै, गहुँ एवं धानलगायतका बालीनाली विनाश गर्ने साथै भण्डारन गरिएको अन्न नष्ट गरिदिने गरेका छन । यसवाट संरक्षण कार्य र निकुञ्जप्रति स्थानीय जनताको आक्रोस बढने स्थिति सिर्जना हुने गरेको छ।यस्तो द्वन्द्वलाई कम गर्न निकुञ्जहरूले मध्यवर्ति क्षेत्र व्यवस्थापनका कार्यक्रमबाट राहत र क्षतिपूर्ति प्रदान गर्ने गरेको छ ।



जंगली हात्तिको आक्रमणवाट बर्दियाको गेरुवा गाउँपा लकामा भएको घर क्षति

१५.१. संरक्षणमा स्थानीयलाई साझेदार बनाई संरक्षण कार्यलाई सहज र द्वन्द्व कम गर्न तथा मध्यबर्ती क्षेत्रमा वन पैदावार उत्पादन गरी निकुञ्ज भित्र पर्ने चापमा कमी ल्याउन र स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गरी निकुञ्ज माथिको निर्भरतामा कमी ल्याउन वन्यजन्तुहरु नियमित बिचरण गर्ने सम्भावना भएको निकुञ्ज वरिपरीका मानव बस्तीहरु, आबादी जमिन, वन, सिमसार र खोला नालाहरुलाई समेटेर मध्यबर्ती क्षेत्र छुट्ट्याईएको छ । चितवन र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यबर्ती क्षेत्र देहायबमोजिम रहेको छः

विवरण	ईकाइ	चितवन राष्ट्रिय निकुञ्ज	बर्दिया राष्ट्रिय निकुञ्ज
कूल क्षेत्रफल	वर्ग कि.मि.	७२९	५०७
उपभोक्ता समिति	संख्या	२२	१९
उपभोक्ता समुह	संख्या	१७८१	२६२
घरधुरी	संख्या	४५३२०	२७७७२
वन क्षेत्रफल	(हेक्टर)	१४२५०	२१३१३

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २५ (क) बमोजिम निकुञ्जले सङ्कलन गरेको आम्दानीको तीसदेखि पचास प्रतिशतसम्म रकम स्थानीय तहसँग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिने व्यवस्था छ । यसै व्यवस्थाबमोजिम मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले स्वीकृत गरेबमोजिमको क्षमता विकास, आयआर्जन, संरक्षण, सचेतनामूलक कार्यक्रम र समुदायको विकासका कार्यक्रमहरू कार्यन्वयन गरिएका छन् । राजश्वबाट प्राप्त रकमबाट विगत ३ वर्षमा मध्यबर्ती क्षेत्रले देहायका क्षेत्रहरूमा बजेट व्यवस्था गरी खर्च गरेको छः

कार्यक्रम	चितवन राष्ट्रिय निकुञ्ज			बर्दिया राष्ट्रिय निकुञ्ज		
	७४।७५	७५।७६	७६।७७	७४।७५	७५।७६	७६।७७
कुल बजेट	**१३२०६७०**	**७६६३६**	१११११००	**११२००**	**९१९०**	**१४३५०**
संरक्षण कार्यक्रम	३४३८६	२१५५१		३३६०	२७५७	४३१०
सामुदायिक विकास	३४४०५	२१०२६		३३६०	२७५७	४३७५
आयआर्जन	४०३४४	१४४३७		२२४०	१८३८	२८६२
संरक्षण शिक्षा	११४३५	११९३९		११२०	९१९	१३३३
कार्य संञ्चालन	११४९६	७६८३		११२०	९१९	१४७०

मध्यवर्ती क्षेत्रको सामुदायिक वनमा सुधार आएसँगै मध्यवर्ती क्षेत्रको वनमा वन्यजन्तुको सङ्ख्यामा वृद्धि भएकोले पर्यापर्यटनका गतिविधि सञ्चालन गरेर स्थानीय लाभान्वित हुन थालेकाले निकुञ्ज संरक्षणमा सकारात्मक प्रभाव परेको छ।त्यसैले विगत केही वर्षदेखि निकुञ्ज भित्र हुने चोरी सिकारका घटनामा पनि कमी आएको छ ।तर सचेतनाको कमीले गर्दा स्थानियबासीहरू निकुञ्ज तथा आसपासको क्षेत्रमा घाँस दाउरा तथा च्याउ, निगुरो जस्ता जंगली तरकारीको खोजिमा प्रवेश गर्नाले वन्यजन्तुको आक्रमणमा परेका छन । वन्यजन्तुबाट हुने नोक्सानी लाई कम गर्न दुवै निकुञ्जमा मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम अन्तर्गत ठाउँठाउँमा तारबार, पर्खाल, ट्रेन्च लाइन निर्माण तथा सोलार फेन्सिङ गरे तापनि माथि तालिकामा उल्लेखित तथ्यले वन्यजन्तुबाट हुने क्षतीका घटनाहरूमा कमी नआएको ग्राफले देखाएको छ। यसैगरी व्यवस्थापन कार्यक्रमले परम्परागत रूपमा राप्ति नदीमा माछा मार्दै आएका माझीहरूले जिवनयापनको लागि अन्य आय आर्जनका व्यवस्था गर्न नसक्दा अन्य पेशा नअगाली अवैध रूपमा नदीमा माछा मार्दा जालमा बेरियर घडियाल गोहीहरू मर्ने गरेका छन । २०७६।७७ मा ४ घडियाल गोही जालमा बेरियर मरेका थिए ।२०७५।७६ मा चितवन मध्यवर्ति क्षेत्रमा ३२५ उद्योगको दर्ता सिफारिस गरिएको छ । तर अनुमति लिएर मध्यवर्ती क्षेत्रमा सञ्चलित उद्योगहरु, विकास निर्माणका कार्यहरू र मध्यवर्ती क्षेत्र



भित्रको प्राकृतिक श्रोतको स्थानीय समुदायबाट हुने उपयोगको माथिल्लो निकायबाट नियमित अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था नभएकोले मध्यवर्ती क्षेत्रका गतिविधिहरू वातावरण र वन्यजन्तुमैत्री नहुने, निकुञ्जको इकोशिस्टममा प्रभाव पार्ने जोखिम बढाएको छ ।

मध्यवर्ती क्षेत्र व्यवस्थापनका कार्यक्रमहरूले जिवनयापनका लागि प्रकृतिमा निर्भर रहेका स्थानीय समुदायहरूको लागि वैकल्पिक आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने र सचेतनाका कार्यक्रमहरू सञ्चालन गरी निकुञ्ज क्षेत्र माथिको निर्भरता कम गर्नुका साथै वन्यजन्तु संरक्षण विभागबाट मध्यवर्ती क्षेत्रमा सञ्चालित क्रियाकलापहरूको नियमित अनुगमन गरी मानव-वन्यजन्तुको द्धन्द्ध कम गरी संरक्षणलाई दिगो बनाउनुपर्दछ ।

१५.२. वन तथा भू—संरक्षण मन्त्रालयले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ जारी गरी राहत प्राप्त गर्ने क्षेत्र र राहतको रकमसमेत निर्देशिकामा उल्लेख गरेको छ । वन्यजन्तुले स्थानीय समुदायमा पुऱ्याएको क्षतिको राहत निर्देशिकामा उल्लेख भएबमोजिम समयमै उपलव्ध गराई मानब वन्यजन्तुबीचको द्धन्द्धको प्रभाव न्यूनीकरण गर्नुपर्दछ । निकुञ्जले निर्देशिकामा वन्यजन्तुबाट हुने क्षतिलाई मानवीय क्षति, पशुधनको क्षति, भण्डारन गरेको अन्नको क्षति, घर/गोठ क्षति र खाद्यान्न वाली क्षति गरी ५ भागमा वर्गीकरण गरिएको छ । निर्देशिकाले हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, अजिंगर, गौरी गाई अदिबाट हुने क्षति स्थानीयलाई उपलव्ध गराउने व्यवस्था गरेको छ । वन्यजन्तुबाट भएको क्षतिको संख्यामा भएको वृद्धि अनुसार नेपाल सरकारले प्रदान गर्ने राहत रकम पनि बढ्दै गएको छ । विगत ५ वर्षमा निकुञ्जहरुले राहत बापत वितरण गरेको रकम यसप्रकार छः

आर्थिक वर्ष	चितवन राष्ट्रिय निकुञ्ज		बर्दिया राष्ट्रिय निकुञ्ज	
	संख्या	स्वीकृत राहत रकम	संख्या	स्वीकृत राहत रकम
२०७२।७३	३७६	६४८४८०५	७०६	२११०२००
२०७३।७४	५२५	१७९६९१३६	८०९	४१६८२१५
२०७४।७५	१०३४	१४८०१९६५	१२५४	९११९४३०
२०७४।७५	२६३	१७८५३१६३	४६२	६५२४०५७
२०७६।७७	७६५	१७८४६९२३	२१६३	१२१६१०२४
जम्मा		७४९५५९९२		३४०८२९२७
औषत वार्षिक रु		१४९९११९८।४		६८१६५८५

राहत रकम प्राप्त गर्नको लागि पीडित/हकवालाको निवेदन, सम्भव भएसम्म मृतकको/पिडितको फोटो, मृत्यु दर्ता प्रमाणपत्र, घटनास्थल सजिर्मिन मुचुल्का, स्वास्थ्य संस्थाको सिफारिस, प्रहरी प्रतिवेदन, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सिफारिस वा सामुदायिक वन उपभोक्ता समितिको सिफारिस, सम्बन्धित स्थानीय तहको सिफारिस, नाता प्रमाणित, पशु वा कृषि प्राविधिकको मूल्याङ्कन, जग्गाधनी प्रमाण पूर्जा आदि आवश्यकता पर्दछ । घटनाको प्रकृतिअनुसार प्रमाण जुटाउनु पर्दछ । प्रमाणको लागि धेरै निकायबाट विभिन्न प्रकारका सिफारिसहरु जुटाउनुपर्ने हुनाले कतिपय अवस्थामा राहत प्राप्त गर्न ६ महिनाभन्दा लामो समय लाग्ने गरेको छ । घटनाको संख्यामा वृद्धि भएसंगै बजेटको अभाव समेत देखिएको छ । चितवन राष्ट्रिय निकुञ्जमा २०७३।७४ मा बजेटको अपर्याप्तताको कारणले रु.२० लाख ८० हजार अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी भुक्तानी गरिएको थियो । त्यसैगरी बर्दिया राष्ट्रिय निकुञ्जमा २०७४।७५ मा बजेट अभाव हुन गई रु.२८ लाख २३ हजार २०७५।७६ मा भुक्तानी गरिएको थियो । प्रक्रियागत ढीलाई र बजेटको कमीका कारणले गर्दा राहत रकम समयमै उपलव्ध हुनसकेको छैन ।

वन्यजन्तुबाट हुने क्षतिवापतको राहत रकम पिडितलाई समयमै उपलव्ध हुने व्यवस्था गरी मानव वन्यजन्तु द्धन्द्धको प्रभाव न्यूनीकरण गर्नुपर्दछ ।

१६. **पर्यापर्यटन (ईको टुरीज्म)** - नेपालको राष्ट्रिय निकुञ्जहरु पर्यटकको प्रमुख गन्तव्यको रुपमा रही आएको छ । चितवन राष्ट्रिय निकुञ्ज नेपालको तेश्रो पर्यटकीय गन्तव्यको रूपमा रहेको छ । चितवन र बर्दिया राष्ट्रिय निकुञ्जको राजस्वको प्रमुख श्रोत पर्यटन रहेको छ । राष्ट्रिय निकुञ्जहरुभित्र आन्तरिक तथा विदेशी पर्यटकहरुको भ्रमण र संरक्षित वन्यजन्तुको अवलोकनको लागि अनुमति प्रदान गर्ने काम निकुञ्ज व्यवस्थापनले गर्दै आएको छ । निकुञ्जहरुमा होटेल, होमस्टे, जीप सफारी, हात्ति सफारी, क्याम्पिङ्ग, ऱ्याफ्टिङ्ग, डुङ्गा सयर आदिजस्ता गतिविधिहरु सञ्चालित छन । विगत ५ वर्षमा राष्ट्रिय निकुञ्जको भ्रमण गर्ने पर्यटकको संख्या देहायबमोजिम छः

आर्थिक वर्ष	चितवन राष्ट्रिय निकुञ्ज				बर्दिया राष्ट्रिय निकुञ्ज			
	नेपाली	सार्क	बिदेशी	जम्मा	नेपाली	सार्क	बिदेशी	जम्मा
२०७२।७३	३०५९२	६६०६	५०१९३	८७३९१	७२४७	३२५	३०६९	१०६४१
२०७३।७४	३६०५३	१५९०६	८८०१९	१३९९७८	११६०९	५२३	५८७७	१८००९
२०७४।७५	३४०५०	१९६९६	९८९२५	१५२६७१	१३५११	८१६	५९५७	२०२८४
२०७५।७६	४४६२३	२४७७९	११७७०७	१८७१०९	१६२९८	८०५	७४५५	२४५५८
२०७६।७७	८९४४१	१४२३९	७८७५५	१८२४३५	९७५४	५३४	४९७२	१५२६०

कोभिड १९ को विश्वव्यापी महामारीभन्दा अगाडि २०७५।७६ सम्म निकुञ्जहरूमा पर्यटकहरुको आगमन बढदै गएको देखिन्छ । संरक्षित क्षेत्रमा हुने पर्यटकीय गतिविधिले जैविक विविधताको संरक्षण,, स्थानीय जनताको जिवनस्तर सुधार्न सहयोग, स्थानीय समुदायको संस्कृतिको सम्वर्द्धन, स्थानीय उत्पादनको उपयोग भएको हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छः

१६.१. होटलसम्बन्धी मापदण्ड, २०७० अनुसार पर्यटकीय रिसोर्टहरु घना आवादी भएको क्षेत्रबाट टाढा, अनुपम स्थानमा र मनोरम वातावरणमा हुनुपर्ने, वातावरणसम्बन्धी नियमको पालना गर्नुपर्ने, ढल निकास र पानि आपूर्तिसम्बन्धी प्रचलित कानुनी प्रावधान पुऱ्याउनु पर्ने व्यवस्था छ ।

मध्यवर्ती क्षेत्रमा पर्यटकको लागि सेवा सुविधा उपलब्ध गराउन विभिन्न होटल, रिसोर्ट तथा होमस्टेहरु सञ्चालनमा रहेका छन् । त्यस्तै निकुञ्ज र मध्यवर्ती क्षेत्रमा पर्यटकहरुको भ्रमण कार्यलाई सहजीकरण गर्न तथा निकुञ्जबारे जानकारी प्रदान गर्न पथप्रदर्शकहरु निकुञ्जमा दर्ता भई सेवा प्रदान गरी रहेका छन । निकुञ्ज क्षेत्रमा पर्यापर्यटनको पूर्वाधार देहायबमोजिम रहेको छः

सि.नं	विवरण	चितवन राष्ट्रिय निकुञ्ज		बर्दिया राष्ट्रिय निकुञ्ज	
		संख्या	क्षमता (बेड)	संख्या	क्षमता (बेड)
१	होमस्टे	८५	३८९	६७	२९३
२	नेचर गाईड	१७१	—	७६	—
३	होटल	१६९	५४०४	२६	५११

लेखापरीक्षणको सिलसिलामा स्थानीय मध्यवर्ती क्षेत्रका वासिन्दासँग गरिएको छलफल एवं चितवनको सौरहा, जगतपुर, पटिहानी र बर्दियाको ठाकुरद्वारा क्षेत्रमा गरिएको स्थलगत अवलोकनमा स्थानीय वस्तिसँगै जोडिएर होटल तथा रिसोर्टहरु सञ्चालन गरेको देखिएको छ।

१६.२. स्थानीय तहहरुले मध्यवर्ती क्षेत्रमा प्रभावकारी रुपले फोहोर व्यवस्थापन गर्न नसक्दा होटल तथा रिसोर्टहरुबाट उत्सर्जन हुने ढल नजिकका खोलाहरुमा मिसाईएको, प्लाष्टिकजन्य फोहोरहरु खोला

किनारमा यत्रतत्र छरिएका, एवं ठुलो ठुलो आवाजमा डिजेहरु बजाएको अवस्था छ । अव्यवस्थित ढल र प्लाष्टिकजन्य फोहोरको कारणले पानीको श्रोतहरु प्रदुषित भएका छन् । जसको कारणले पानीमा रहेका जलचरहरु घट्दै जानुका साथै प्राकृतिक सुन्दरतामा समेत ह्रास हुँदै गएको छ । यसबाट पर्यटकीय आकर्षणमा समेत ह्रास आई पर्यटकीय गतिविधिमा समेत नकरात्मक असर पर्ने सम्भावना रहेको छ ।

१६.३. होमस्टे सञ्चालन कार्यविधि, २०६७ ले पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण क्षेत्रमा पुऱ्याउने, ग्रामीण जनतालाई पर्यटन सेवामा सहभागी गराउने एवं पर्यटकलाई स्थानीय रीतिरिवाज, कला संस्कृति एवं रहनसहनको वारेमा जानकारी दिने होमस्टे सञ्चालनको उद्धेश्य राखेको छ । होमस्टेहरुले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप सञ्चालन गर्ने, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको व्यवस्था गर्नसक्ने, स्थानीय खानाको परिकारलाई प्राथमिकता दिनुपर्ने, आगन्तुकहरुको स्वागत तथा पाहुना आवास व्यवस्था मिलाउने जस्ता कार्यहरु गर्नुपर्ने व्यवस्था समेत सो कार्यविधिले गरेको छ । स्थलगत अवलोकनको क्रममा निकुञ्ज व्यवस्थापन र स्थानीय उपभोक्ताहरुसँग अन्तरक्रिया गर्दा होमस्टेहरुले कार्यविधिबमोजिम स्थानीय खानालाई प्रोत्साहन गर्न सकेका छैनन् । बर्दियाको डल्ला होमस्टेले स्थानीय लठ्ठि नाँचद्धारा आगन्तुकलाई स्वागत गर्ने गरे तापनि सबै होमस्टेहरुले साँस्कृतिक कार्यक्रम सञ्चालन गर्नसकेका छैनन्। आगन्तुकको औपचारिक स्वागत तथा विदाई पनि सब होमस्टेहरुमा हुने गरेको छैन । स्थानीय पहिचान र संस्कृति झल्काउने खालका सामान तथा खानाको परिकार पनि उपलब्ध छैनन् । धेरै होमस्टेहरु व्यवसायिक रुपले सञ्चालित होटलहरुभन्दा खासै फरक हुनसकेका छैनन् । स्थानीय समुदायमा नै स्थानीय संस्कृति प्रतिको आकर्षण हराउदै जानु, संस्कृति संरक्षणमा सामुदायिक प्रयत्नको अभाव हुनु तथा स्थानीय अन्नवाली एवं खानाको परिकारको उपलब्धता कम हुनले पनि होमस्टेहरुले कार्यविधिबमोजिम स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नसकेका छैनन् । यसबाट स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना गरी आम्दानी वृद्धिको माध्यमबाट जिवनस्तरमा सुधार ल्याई दिगो पर्यापर्यटनको अवधारणा पुरा हुने देखिएन।

१६.४. चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को नियम २० तथा बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ को नियम २१ बमोजिम तालिमप्राप्त पञ्जिकृत गाइडले वार्षिक तोकिएको दस्तुर बुझाएर निकुञ्जभित्र गाइड सेवा उपलब्ध गराउन सक्छन । निकुञ्जहरुमा भ्रमण गर्न आउने स्वदेशी तथा विदेशी आगन्तुकहरुलाई निकुञ्ज भ्रमणमा मार्गनिर्देशन गर्ने, निकुञ्ज, संरक्षण कार्य तथा संरक्षित वन्यजन्तुको बारेमा जानकारी दिने कार्यहरु गाइडहरुले गर्दै आएका छन । विदेशी पर्यटकहरुलाई सहजीकरण गर्ने कार्यमा भाषागत समस्या समेत गाइडहरुमा रहेको छ । त्यस्तै गाइड शुल्कमा एकरुपता छैन । कतिपय गाइडहरुमा सुरक्षा र संरक्षणवारे पर्याप्त ज्ञानको पनि अभाव छ । विदेशी पर्यटकलाई निकुञ्ज र संरक्षण कार्यवारे यथेष्ट जानकारी प्रवाह गर्नसकेको छैन ।

१६.५. मध्यवर्ति क्षेत्रमा भएका पर्यटनका गतिविधिहरूले पर्यापर्यटनका अवधारणालाई आत्मसाथ गरेको सम्बन्धमा अनुसूची १ मा संलग्न सूचकहरू तयार गरी होटेल व्यवसायी, निकुञ्ज पदाधिकारी र मध्यवर्ति समितिहरूसँग अन्तरवार्ता मार्फत जानकारी लिदाँ देहायबमोजिम देखिएको छः

- **पूर्वाधार** - दिगो तथा पर्यावरणमैत्री पर्यटकीय क्रियाकलाप अभिवृद्धिका लागि पर्यटन तथा संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको पाईएन, पर्यटकीय क्रियाकलापहरू निजी क्षेत्रबाट स्वतन्त्ररूपमा गरिएको छ । यसले पर्यावरण संरक्षणलाई यथोचित ध्यान दिएको पाईएन ।

- **फोहोर व्यवस्थापन** - ठोस फोहोर व्यवस्थापन गर्न नदी किनारमा प्रयाप्त बकेटहरू नराखिएको, स्वदेशी पर्यटकहरूमा सचेतनाको कमीका कारण प्लाष्टिक जन्य फोहोरहरू यत्र तत्र फालिएका, नदिको प्रदुषण नियन्त्रणमा समुदायिक स्तरको प्रयासहरु कमी रहेको देखियो ।
- **स्थानीय प्रवर्द्धन** - स्थानीय खाना, स्थानीय भेषभुषा तथा भाषाको प्रयोग, बर्दियामा विदेशी पर्यटकको आकर्षण कम रहेको, स्थानीय स्तरमा खाद्यान्न तथा तरकारीको उत्पादनको प्रयोग, स्थानीय खाना तथा सामानहरुको उपलब्धतामा कमी रहेको, स्थानीय पोशाक, खेलहरु, सामानहरु आदिको प्रयोग न्यून हुने गरेको र व्यवसायमा स्थानीयको संलग्नता कम रहेको देखियो ।
- **आर्थिक क्रियाकलाप** - प्याकेज भ्रमणको अभावमा पर्यटकहरुको बसाई अवधि लम्ब्याउन नसकेको, स्थानीय समुदायमा रोजगारी सिर्जनाको कमी रहेको, पर्यटकीय क्रियाकलापहरुबाट स्थानीयको आम्दानी कम रहेको पाईयो ।
- **सूचना एवं सचेतना** - निकुञ्ज तथा आसपासका वातावरणवारे जानकारी दिने सूचना केन्द्रको उपलब्धता नभएको, पर्यटकीय क्षेत्रमा भ्रमण गर्दा अपनाउनुपर्ने सावधानीवारे पर्याप्त साईनबोर्डहरुको व्यवस्था नगरेको, पर्यटक, गाईड र स्थानीय सेवा प्रदायकहरुलाई निकुञ्ज भ्रमण गर्दा अपनाउनुपर्ने सावधानीका उपायहरुवारे जानकारी दिने व्यवस्था नभएको ।
- **अनुगमन** - पर्यटकले पालन गर्नुपर्ने आचारसंहिता नभएको, निकुञ्ज भ्रमण गरेका पर्यटकहरुको सन्तुष्टिको अवस्थावारे सर्वेक्षण गर्ने व्यवस्था नरहेको, पर्यावरणमैत्री पर्यटकीय गतिविधि र विकास कार्यहरुको अनुगमन नभएको, मध्यवर्ती क्षेत्रमा पर्यावरणमैत्री पर्यटन, स्वस्थ पारिस्थितिक प्रणाली कायम राख्नको लागि सहभागितात्मक अनुगमन पद्धतिको संस्थागत संरचनाको कमी रहेको दिखयो ।

निकुञ्जहरूमा पर्यटकको आगमन बढेको छ । तर आवश्यक श्रोत र अनुगमनको कमीका कारण संरक्षणमा असर गर्ने सम्भावना पनि प्रवल रहेको छ । त्यस्तै बढ्दो पर्यटकीय गतिविधिको लाभ अपेक्षाकृत रूपमा स्थानीय समुदायमा पुग्नसकेको छैन। निकुञ्ज व्यवस्थापनले पर्यापर्यटनको अवधारणा अनुरुप पर्यटकीय गतिविधिहरु व्यवस्थित गर्ने क्रियाकलापहरू सञ्चालन गर्नुका साथै निजिक्षेत्रको पर्यटकीय गतिविधिहरुको नियमित रुपमा अनुगमन गरी संरक्षण र पर्यापर्यटनलाई दिगो बनाउनुपर्दछ ।

१७. **पूर्वाधार निर्माण** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(ख) र (ग) ले राष्ट्रिय निकुञ्जभित्र जुनसुकै प्रकारका निर्माण कार्य निषेध गरेको छ । निकुञ्ज क्षेत्र भित्र हुने सडक, नहर लगायतका पूर्वाधार निर्माण कार्यहरूले वन्यजन्तुको प्राकृतिक विचरण र संरक्षणमा असर गर्नुका साथै मानव वन्यजन्तुबीचको द्धन्द्ध बढाउने भए तापनि निकुञ्ज क्षेत्रमा पूर्वाधार निर्माण कार्य भएको र हुनलागेको अवस्था देहायबमोजिम छः

१७.१. चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने वरण्डाभार वन हुँदै जानेगरी पूर्व पश्चिम विद्युतीय रेलमार्गको प्रारम्भिक रेखाङ्कन गरिएको छ । यसै क्षेत्रमा रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्र विसहजारी तालपनि पर्दछ । त्यसैले राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागले उक्त खण्डमा पूर्व पश्चिम राजमार्गको उत्तरतर्फबाट रेखाङ्कनको लागि रेल विभागमा अनुरोध गरेकोमा हालसम्म निर्णय भएको छैन ।

१७.२. हुलाकी राजमार्गको ७ किलोमिटर खण्ड चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको ठोरी-माडी खण्डमा पर्ने भए तापनि प्रारम्भिक वातावरणीय परीक्षणको क्रममा निकुञ्जलाई औपचारिक जानकारी गराईएन । निर्माणको क्रममा उक्त जानकारी पाएसँगै निकुञ्ज व्यवस्थापनले आयोजना प्रमुखलाई जानकारी गराई

२०७७ फाल्गुन ८ मा वन तथा वातावरण मन्त्रालयमा सरोकारवालाहरुबीच छलफल गरी निर्माण कार्य बन्द गरिएको छ ।

१७.३. राष्ट्रिय निकुञ्ज क्षेत्र भएर जाने सडक तथा नहरमा पासिङ्ग वे, क्रसिङ्ग, ओभर पास र अन्डरपास नहुँदा बन्य जन्तुहरू नहरमा डुबेर तथा सडक दुर्घटनामा परेर मर्ने गरेका छन्। चितवन राष्ट्रिय निकुञ्जको कसरा पुलदेखि वनकट्टासम्म ८ किलोमिटर बर्दिया निकुञ्जको अम्रेनीदेखि चिसापानीसम्म १४ किलोमिटर र सैनावार देखि बनियाभारसम्मको झण्डै १२ किलोमिटर लामो राजमार्ग क्षेत्र निकुञ्जको जंगलले ढाकेको छ। त्यसैले पनि हरेक वर्ष अन्य निकुञ्जको तुलनामा बर्दिया राष्ट्रिय निकुञ्जमा धेरै वन्यजन्तु सडक दुर्घटनामा मर्ने गरेका छन्। २०७६।७७ मा बर्दिया राष्ट्रिय निकुञ्जमा ३५ वन्यजन्तुको सडक दुर्घटनामा मृत्यू भएको छ।

विश्वसम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्तीमा हुने निर्माण कार्यमा यूनेस्कोले समेत चासो राखी निकुञ्जसँग यस सम्बन्धमा पत्राचार गरेको छ । वन्यजन्तुको प्राकृतिक वास र विचरणमा असर गर्ने भएकोले निकुञ्ज र मध्यवर्ती क्षेत्रमा पूर्वाधार निर्माणबाट अलग गर्नुपर्दछ । निर्मित सडक तथा नहरहरूमा वन्यजन्तुमैत्री संरचनाको व्यवस्था गर्नुपर्दछ ।

१८. **अतिक्रमण व्यवस्थापन** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(ख) र (ग) अनुसार राष्ट्रिय निकुञ्जभित्र जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न र कुनै भू—भाग कब्जा गर्न, सफा गर्न, आबादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न निषेधित गरिएको छ । संरक्षित क्षेत्रमा हुनसक्ने अतिक्रमणलाई खाली गरी पुनः वन क्षेत्र कायम गर्न नेपाल सरकारले वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यन्वयनमा ल्याएको छ । निकुञ्जहरुको सुरक्षा व्यवस्थाको लागि नेपाली सेनासंगको समन्वयमा नियमित रुपमा गस्ति तथा अनुगमन गरिन्छ । निकुञ्जको सुरक्षाको लागि नेपाली सेना सहितको सेक्टर र पोष्टहरुको व्यवस्था गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा नै निकुञ्जभित्र संरचना बनाउन र आबादी गर्न रोक लगाएको भए तापनि चितवन र बर्दिया राष्ट्रिय निकुञ्जको विभिन्न स्थानमा अतिक्रमण भएको छ । राष्ट्रिय निकुञ्जहरुले वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ अनुसार सुरक्षा निकाय, राजनीतिक दल र समुदायसँग निरन्तर छलफल र समन्वय गरिरहे तापनि सम्पूर्ण अतिक्रमण हटाई पुनः वन क्षेत्र कायम गर्न सकिएको छैन ।

चितवन राष्ट्रिय निकुञ्जको गजग्राह, सानो काउलेनी, नँया वेलाहानी, तमासपुर, लामिचौर, जनर्कीली, थुम्सी, बादरझुला र माडी लगायतका क्षेत्र गरी १२१७.४६ हेक्टर क्षेत्रफल अतिक्रमण भएको छ भने बर्दिया राष्ट्रिय निकुञ्जको ठाकुरबाबा, बारबर्दिया, बाँसगढी, मधुवन, चेपाङ्ग लगायतका क्षेत्रमा ४०१.२४ हेक्टर क्षेत्रफल अतिक्रमण भएको छ । चितवन राष्ट्रिय निकुञ्जको अतिक्रमण हटाउनसकेको छैन भने बर्दिया राष्ट्रिय निकुञ्जको अतिक्रमित ४०१.२४ हेक्टरमध्ये २०७५।७६ मा १२.९२ हेक्टर र २०७६।७७ मा १३.९५ हेक्टर गरी जम्मा २६.८७ हेक्टर जमिनबाट अतिक्रमण हटाएको छ । निकुञ्जहरुमा सुकुम्बासीका नाममा वनक्षेत्रमा हुने संगठित अतिक्रमण, धार्मिक संस्था, मन्दिर र धामको नाममा हुने अतिक्रमण, स्थानीय तहका भवन निर्माण, सामुदायिक समूह आदिका नाममा हुने सार्वजनिक अतिक्रमणको जोखिम बढी छ । संरक्षित क्षेत्र अतिक्रमण हुँदा वन क्षेत्र मासिने, जैविक विविधतामा ह्रास आउने, मानव—वन्यजन्तु द्धन्द्ध बढ्ने लगायतका समस्याहरु बढदै गईरहेका छन ।

निकुञ्ज व्यवस्थापनले नियमित रुपमा सुरक्षा गस्ती बढाई निकुञ्ज अतिक्रमण नै हुन नदिने वातावरण तयार गर्नुपर्दछ । साथै स्थानीय तह, सुरक्षा निकाय र स्थानीय समुदायसँग छलफल र समन्वय गरी विद्यमान अतिक्रमण हटाउनुपर्दछ ।

निष्कर्ष

विगतमा गरिएको संरक्षणको प्रयासले संरक्षित वन्यजन्तुको संख्यामा वृद्धि भएको छ । तर वन्यजन्तुलाई आवश्यक बासस्थान, घाँसे मैदान, सिमसार, घोलहरुको संरक्षण हुन नसक्दा वन्जन्तुहरुको वृद्धि दरमा कमी देखिएको छ । साथै वन्यजन्तुहरु आहार तथा पानी र बासको खोजीमा परम्परागत बासस्थानबाट बाहिर निस्कँदा मानव वन्यजन्तु द्धन्द्ध बढेको छ । साथै बाघ, गैडा जस्ता दुर्लभ जन्तुहरु सीमावर्ती जंगलमा बसाई सर्ने जोखिम समेत बढेको छ । यसले निकुञ्ज क्षेत्रको पर्यापर्यटन र आर्थिक गतिविधिमा समेत असर गर्ने देखिन्छ । मध्यवर्ति क्षेत्रमा हुने विकास निर्माणका कार्यहरुबाट निकुञ्ज क्षेत्रको इको सिस्टम जोगाई राख्न थप वातावरण संरक्षणका उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ । संरक्षणको वर्तमान र भविष्यको आवश्यकतालाई दृष्टिगत गरी कार्यक्रमहरु तर्जुमा गरी निकुञ्जहरुले जैविक विविधताको दीगो संरक्षण गर्नुपर्दछ ।

अनुसूची –१

अवलोकन सूची

निकुञ्ज, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति र पर्यटन व्यवसायी

(अति राम्रो-१, राम्रो-२, ठिकै-३ र कमजोर-४)

सूचकहरु	चितवन राष्ट्रिय निकुञ्ज(१०)				बर्दिया राष्ट्रिय निकुञ्ज(२१)			
	१	२	३	४	१	२	३	४
वासस्थान व्यवस्थापन								
निकुञ्जभित्र जनावरहरुको लागि स्वच्छ पानिको व्यवस्था	२	४	२	१	६	८	७	०
निकुञ्जभन्दा वाहिर जनावरहरुको लागि स्वच्छ पानिको व्यवस्था	२	१	४	३	०	३	६	१०
स्वस्थ्य पारिस्थितिक प्रणालीको लागि स्वच्छ पानिको संरक्षणको लागि भएका अध्ययन अनुसन्धानको पर्याप्तता	४	०	३	१	२	२	७	८
वन्यजन्तुको वासस्थान संरक्षण	३	३	१	१	६	९	४	०
जलाशयहरुको संरक्षण	१	३	५	१	७	४	६	३
चरन क्षेत्र संरक्षण र प्रयाप्तता	२	२	३	१	३	२	११	४
नदि, ताल र पोखरीहरुमा जलीय प्रणालीको व्यवस्थापन	२	३	५	०	४	७	५	३
निकुञ्जभित्र ताल तथा खोल्साहरुमा थुप्रिएको बालुवा, माटो आदि नियमितरुपमा सफा गर्ने पद्धति	१	४	४	०	१	४	४	९
जलवायु परिवर्तवाट पारिस्थतिक प्रणाली र वन्यजन्तु जीवन पद्धतिमा परेका असरवारे निकुञ्जबाट भएका अध्ययन तथा अनुसन्धानको अवस्था	२	४	४	०	२	५	८	३
जलवायु परिवर्तनका प्रभावहरु र यसको न्युनीकरणका लागि निकुञ्जहरुको प्रयासको अवस्था	२	४	३	१	२	७	६	३
मध्यवर्ती क्षेत्र व्यवस्थापन								
मध्यवर्ती क्षेत्रको प्रभावकारिता मापनको लागि वैज्ञानिक आधारको प्रयोगको अवस्था	२	४	३	०	१	७	६	४
ठोस फोहोर व्यवस्थापन	२	५	१	०	३	४	१	११
मानव वन्यजन्तु द्धन्द्ध न्यूनीकरणका उपायहरुको अवलम्बन	३	३	३	०	३	८	५	३
वन्यजन्तुबाट पशु तथा वाली क्षतिको अवस्था	२	४	४	०	१	५	८	६
वन्यजन्तुबाट पीडितलाई क्षतिपुर्ति प्रदान गर्ने संयन्त्र	२	२	२	४	४	३	९	३
वन्यजन्तुबाट पिडित जनतालाई राहत तथा जीवन निर्वाहको लागि थप प्रोत्साहनको अवस्था	२	७	१	०	१	७	९	२
राहतसम्बन्धी निर्णय प्रक्रियमा स्थानीयहरुको सहभागिताको अवस्था	१	३	४	१	३	७	६	२
लाभ बाँडफाँडको अवस्था	१	५	४	०	१	४	९	७
मध्यवर्ती क्षेत्र व्यवस्थापन योजनावारे स्थानीयलाई जानकारी	२	४	४	०	२	५	८	३
मध्यवर्ती क्षेत्र व्यवस्थापन योजनाको प्रभावकारीता	४	३	१	०	४	५	७	२
होटल व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता वारेको निर्देशिका निर्माण तथा कार्यान्वयनको अवस्था	१	६	२	०	६	२	७	३
मध्यवर्ती क्षेत्रका उपभोक्ता समितिवाट भएका कार्यहरुको प्रभावकारिता	४	४	१	०	२	८	७	१
पर्यावरणमैत्री पर्यटकिय गतिविधि प्रवर्द्धनमा उपभोक्ता समितिहरुको योगदान	२	६	१	०	२	६	५	५
मध्यवर्ती क्षेत्रमा पर्यावरणमैत्री पर्यटन, स्वस्थ पारिस्थितिक	३	३	३	१	१	५	७	५

सूचकहरु	चितवन राष्ट्रिय निकुञ्ज(१०)				बर्दिया राष्ट्रिय निकुञ्ज(२१)			
	१	२	३	४	१	२	३	४
प्रणाली कायम राख्नको लागि सहभागितात्मक अनुगमन पद्धतिको संस्थागत संरचना								
मध्यवर्ती क्षेत्रको महत्व र आवश्यकतावारे स्थानीय जनतामा सूचना प्रवाहको अवस्था	४	४	१	०	२	५	८	४
जैविक विविधता संरक्षण								
लोपोन्मुख वनस्पतिको संरक्षण	५	१	२	०	५	५	४	५
लोपोन्मुख प्रजातीको उपलब्धता	५	२	१	१	३	९	६	३
वन्यजन्तुको वृद्धिदर	२	४	२	१	१२	७	१	०
वन्यजन्तुको वसाईसराई	२	२	४	१	२	८	७	२
पर्या पर्यटन								
पर्यटकीय पूर्वाधारको उपलब्धता	२	८	०	०	३	३	९	४
पर्यावरणमैत्री पर्यटकिय क्रियाकलाप अभिवृद्धिको लागि भएका क्रियाकलापहरु	२	५	३	०	२	५	९	१
पर्यटन तथा संरक्षणसम्बन्धी परियोजनाहरु	१	५	३	०	३	२	८	६
स्थानीय खाना, स्थानीय भेषभुषा तथा भाषाको प्रयोगको अवस्था	१	३	६	०	२	४	४	९
स्थानीय स्तरमा खाद्यान्न तथा तरकारी उत्पादनको अवस्था	२	७	०	०	३	४	१२	१
होटलहरुमा स्थानीय रुपमा उत्पादित मासुको खपतको अवस्था	१	८	०	१	७	६	६	०
होटलहरुमा स्थानीय स्तरमा उत्पादित खाद्यान्न र तरकारीको प्रयोगको अवस्था	२	७	१	०	६	४	७	२
स्थानीय समुदायमा रोजगारी सिर्जनाको अवस्था	५	२	१	०	४	२	९	३
स्थानीयस्तरमा उद्यमशिलता विकासको अवस्था	०	३	६	०	१	५	५	७
पर्यटकिय क्रियाकलापहरुवाट स्थानीयको आम्दानी	१	७	२	०	२	७	७	२
पर्यटन व्यवसायको सहयोगले स्थानीयस्तरमा गरिवि घटाउन पुगेको योगदान	३	७	०	०	३	६	८	२
स्थानीय खाना तथा सामानहरुको उपलब्धता	०	७	१	१	२	३	९	३
पर्यटकहरुद्वारा स्थानीय सामानहरु खरिद तथा प्रयोगको अवस्था	०	७	२	०	२	३	९	३
पर्यटकहरुको संख्या वसाई अविधमा भएको वृद्धि	०	८	०	१	२	६	८	१
निकुञ्जको भ्रमण गरेका पर्यटकहरुको सन्तुष्टिको अवस्था	५	५	०	०	४	१२	१	१
स्थानीय संस्कृति र धार्मिक क्षेत्रहरुप्रति पर्यटकको आकर्षण	०	८	२	०	३	६	७	२
स्थानीय पोशाक, खेलहरु, सामानहरु आदिको प्रयोगको अवस्था	०	३	७	०	०	२	८	८
आर्थिक क्रियाकलापहरुसंग पर्यटकिय क्रियाकलापको तादम्यता	०	८	१	०	१	६	७	४
पर्यावरणमैत्री पर्यटकिय गतिविधि र विकास कार्यहरुको अनुगमन अवस्था	१	३	५	१	२	५	६	५
निकुञ्ज र यँहाको वातावरणवारे जानकारी दिने सूचना केन्द्रको उपलब्धता	३	२	३	१	०	८	६	४
पर्यटक, गाईड र स्थानीय सेवा प्रदायकहरुलाई निकुञ्ज भ्रमण गर्दा अपनाउनु पर्ने सावधानीको उपायहरुको जानकारी र तीनको कार्यान्वयन अवस्था	३	३	४	०	७	७	३	१
पर्यटकिय क्षेत्रमा भ्रमण गर्दा अपनाउनु पर्ने सावधानीवारे पर्याप्त साईनबोर्डहरुको व्यवस्था	२	३	३	१	२	८	६	२
दिगो पर्यटन प्रबर्द्धनमा भएका प्रयासहरु	१	७	२	०	२	७	७	२
निकुञ्ज संरक्षण र समन्वय								

सूचकहरु	चितवन राष्ट्रिय निकुञ्ज(१०)				बर्दिया राष्ट्रिय निकुञ्ज(२१)			
	१	२	३	४	१	२	३	४
वन्यजन्तु चोरी शिकारी नियन्त्रणका प्रयासहरु	२	५	१	१	१०	७	१	१
वन्यजन्तुको आनिवानी परिवर्तनसम्बन्धी अध्ययन र अनुसन्धानको अवस्था	२	५	२	०	१	४	७	५
वन्यजन्तु पूनर्स्थापनासम्बन्धी रणनीति	१	४	४	०	४	३	८	३
संरक्षणसम्बन्धी विकासका कार्यहरु	३	४	४	०	२	५	९	३
पर्यावरणीय प्रक्रियासम्बन्धी विस्तृत वैज्ञानिक सुचनाहरु	२	४	३	०	१	३	८	६
पर्यावरणीय प्रक्रिया तथा सुचकहरुसम्बन्धी सूचक प्रवाहको व्यवस्था	५	१	३	१	१	४	१०	३
स्थानीयको सहभागिता								
स्थानीय मूल्यहरुको सहिताकरण र प्रभावकारी संरक्षणको लागि ज्ञानको प्रयोग	२	३	४	०	१	६	८	४
सामाजिक परिचालन र पर्यावरणीय प्रक्रियाको ज्ञान	३	२	२	२	१	४	१२	२
सहभागितात्मक अनुगमन प्रणाली	२	४	३	१	३	६	६	३
नदि प्रदुषण नियन्त्रणमा समुदायको प्रयासहरु	१	७	७	१	१	४	९	६
नदिको प्रदुषण नियन्त्रणमा होटल व्यवसायीको प्रयासहरु	२	४	४	०	१	४	९	५

सूचना प्रविधि लेखापरीक्षण

भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली

परिचय

१. **पृष्ठभूमि** - जग्गा प्रशासनसम्बन्धी सेवाहरुलाई समय सापेक्ष रुपमा परिवर्तन गरी सूचना प्रविधिमा आधारित गराउन आवश्यकता महशुस गरी एसियाली विकास बैंकको अनुदानमा सूचना तथा सञ्चार प्रविधि विकास आयोजना (ICT Development Project) अन्तर्गत Web Based Application को रुपमा विकास गरी नेपाल सरकारले भूमिसुधार तथा मालपोत कार्यालयहरुमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली Land Records Information Management System (LRIMS) कार्यान्वयनमा ल्याएको छ । प्रारम्भिक चरणमा १४ मालपोत कार्यालयमा लागु गर्ने कार्यक्रम अन्तर्गत २०७२।०४।२५ गते मालपोत कार्यालय, कलंकीबाट शुभारम्भ गरेर आयोजनाको कार्यक्षेत्र भित्र परेका १४ मालपोत कार्यालयमा सफल परीक्षण भए पश्चात नेपाल सरकारको नियमित बजेट कार्यक्रमबाट हाल यो प्रणालीको प्रयोग विस्तार गरी १०८ कार्यालयमा प्रणाली सञ्चालनमा ल्याईएको छ । यस प्रणालीबाट मालपोत ऐन, २०३४ र भू-सूचना प्रणाली सञ्चालन निर्देशिका, २०७१ तथा अन्य कानुनअनुसार आम नागरिकको सेवा, सुविधा र आर्थिक हित कायम राख्न भू-अभिलेख तथा श्रेस्ता व्यवस्थित गरी जग्गाधनी तथा मोहीको हक संरक्षण गर्ने, भूमि व्यवस्थापन कार्यलाई सेवामुखी एवं सूचनामूलक बनाउने, भू-राजस्व परिचालन गर्न सहयोग पुऱ्याउने र आधुनिक, विश्वसनीय, गुणस्तरयुक्त र वस्तुपरक भू-सूचना प्रणालीको विकास गरिनेछ । यस प्रणालीबाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत रहेको भूमि व्यवस्थापन तथा अभिलेख विभाग र भूमिसुधार तथा मालपोत कार्यालयहरुले भू-अभिलेख तथा श्रेस्ता व्यवस्थित गर्ने, नक्शा संशोधन, क्षेत्रफल सुधार, निर्णय बदर, नेपाल सरकारको नामको जग्गा संरक्षण र व्यवस्थापन, भोगाधिकार रिलिज, हालसाविक, रोक्का फुकुवाका साथै सो कार्यबाट प्राप्त हुने कर, शुल्क र महशुलको सङ्कलनसम्बन्धी कार्यहरु हुने गर्दछ ।

२. **नीतिगत व्यवस्था** - विद्युतीय भू-अभिलेख सूचना व्यवस्थापन सम्बन्धमा भएका नीतिगत व्यवस्थाहरु देहायबमोजिम रहेका छन्:

२.१. **पन्ध्रौ आवधिक योजना (२०७६/७७-२०८०/२०८१)**: पन्ध्रौं योजनाले डिजिटाइजेशन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने रणनीति लिइएको छ । यसका लागि भू-उपयोग नीतिअनुसार भूमिको वर्गीकरण गरी आवश्यकताअनुसार नक्शा तथ्याङ्क तयार गर्ने, डिजिटल फ्रेमवर्क कार्यान्वयन गर्ने; सार्वजनिक तथा निजी सेवाहरु क्रमशः अनलाइन मार्फत प्रदान गर्ने; डिजिटल नेपाल, सूचना महामार्ग, डाटा सेन्टर, इन्टरनेट एक्सचेन्ज सेन्टर, आधुनिक प्रविधिमा आधारित टेलिफोन, अनलाइन सेवा र विद्युतीय भुक्तानी लगायतका सञ्चार तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधार विकासमा जोड दिने; सरकारी विद्युतीय प्रणालीलाई एकीकृत र अन्तर आबद्ध गर्ने; साइबर सुरक्षा तथा गोपनीयतासम्बन्धी कार्य गर्न साइबर सुरक्षा अनुगमन केन्द्र स्थापना गर्ने प्रमुख कार्यक्रमहरु रहेका छन् ।

२.२. **सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ :** यसमा सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहुँच र क्रयशक्ति योग्य बनाउने; नीति मार्फत दिगो, फराकिलो र समावेशी आर्थिक सामाजिक विकास गर्ने; सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास र विस्तार गर्ने; सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा मानव संशाधनको विकास गर्ने र सूचना तथा सञ्चार प्रविधि मार्फत मानव संसाधन विकासका अवसरहरु सृजना गर्ने; सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सुशासन प्रवर्द्धन गर्ने नीति लिएको ।

२.३. वार्षिक बजेट (२०७६/७७): बजेट वक्तव्य २०७६/७७ ले जग्गा प्रशासनसँग सम्बन्धित श्रेस्तालाई भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिने, आर्थिक वर्षभित्र ६० मालपोत र नापी कार्यालयलाई स्थानीय तहमा अभिलेख सहित हस्तान्तरण गर्ने, सूचना प्रविधिमा आधारित घर जग्गा रजिष्ट्रेशन प्रणाली कार्यान्वयनमा ल्याई सबै जिल्लामा मालपोतसम्बन्धी सेवालाई अनलाइन प्रणाली मार्फत प्रवाह गर्ने नीति लिएको छ ।

३. **कानुनी व्यवस्थाहरु** - विद्युतीय प्रणालीको माध्यमबाट भू-अभिलेख प्रणाली तथा मालपोत कर भुक्तानीको परीक्षणसम्बन्धी कार्यहरु व्यवस्थित गर्न देहायबमोजिम कानुनी व्यवस्था गरिएका छन्

- अनलाइन विद्युतीय कारोबार ऐन, २०६३,
- विद्युतीय कारोबार नियमावली, २०६४,
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१,
- भू-सूचना प्रणाली सञ्चालन निर्देशिका, २०७१,
- डिजिटल डाटाको वितरण, प्रयोग र नियमन निर्देशिका, २०६९,
- भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६

४. **संगठन संरचना र जनशक्ति** - यो प्रणालीको सञ्चालन भूमि व्यवस्था तथा अभिलेख विभाग र यस मातहतमा १०८ मालपोत कार्यालयमा गरीएको छ । प्रणालीको व्यवस्थापनको लागि विभागमा भू-सूचना प्रविधि शाखा र योजना तथा अभिलेख शाखा रहेको र प्रणाली सञ्चालनमा रहेका १०८ कार्यालयमा छुट्टै सूचना प्रविधि फाँट वा शाखाको व्यवस्था गरिएको छैन । विभागमा सूचना प्रविधि निर्देशक पद -१, कम्प्युटर इञ्जिनियर पद-३, कम्प्युटर अधिकृत पद-३, कम्प्युटर अपरेटर/टेक्निसियन पद-६ रहेको छ । काठमाडौस्थितका केही कार्यालय तथा पर्सा, चितवन, भक्तपुर, ललितपुर, कास्की लगायतका कार्यालयहरुमा कम्प्युटर अधिकृतको दरबन्दी संख्या-९ रहेको र सबै कार्यालयमा कम्प्युटर अपरेटरको जम्मा दरबन्दी संख्या-२२३ मध्ये अधिकांश पद रिक्त रहेको करण ती कार्यालयहरुमा करारमा कर्मचारी नियुक्ति गरी कामकाज गरिएको पाइयो । भूमि व्यवस्था तथा अभिलेख विभागको संगठन संरचना तथा जनशक्तिको अवस्था देहायबमोजिम रहेको छ :



५. **कार्यक्रम र प्रगति** - विभागको २०७६।०७७ को सूचना प्रविधि प्रणालीसम्बन्धी कार्यक्रमको लक्ष्य तथा प्रगतिको अवस्था देहायबमोजिम रहेको छ :

सि.नं.	कार्यक्रम	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	भूमिसुधार तथा मालपोत कार्यालयहरुको श्रेस्ता अभिलेख व्यवस्थापन (स्क्यानिङ) — १ पटक	१९ कार्यालय	६ कार्यालय	३१.५८
२	LRMIS सेवा पुऱ्याउने कार्यालय संख्या	१०८ बाट ११५	१०८	०.००
३	LRMIS Orientation Training, IT Application User And Technical Training	३५	२१	६०

६. **सूचना प्रविधि लेखापरीक्षणको औचित्यता** - लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले सूचना प्रविधि लेखापरीक्षण गर्न सक्ने व्यवस्था गरेको छ ।मुलुकभरका नीजी तथा सार्वजनिक जग्गाको लगत, जग्गाको कारोवार र राजस्व सङ्कलनमा सूचना प्रविधिको प्रयोग भईरहेको अवस्थामा सूचनाको विश्वसनियता, एप्लिकेशन प्रणालीको उपयुक्तता तथा सुरक्षा, प्रविधिको उपयोग, सूचना प्रविधि पूर्वाधार, जनशक्ति व्यवस्थापन, सफ्टवेयरको प्रभावकारीता लगायत डाटा, सूचना प्रणालीको गोप्यता, सूचनाको निष्पक्षता आदि विषयहरुमा स्वतन्त्र परीक्षण गर्न सान्दर्भिक रहेकोले यो लेखापरीक्षण गरिएको थियो ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

७. **लेखापरीक्षणको उद्देश्य** - भूमि व्यवस्थापन तथा अभिलेख विभाग तथा मातहतका निकायहरुमा प्रयोग भएको सूचना प्रविधि प्रणालीको पूर्वाधार र यसको सुरक्षा जोखिम, सूचना प्रविधि सफ्टवेयरको पर्याप्तता र उपयुक्तता, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्कको विश्वसनियता एवं सोको व्यवस्थापन प्रकृया परीक्षण एवं मूल्याङ्कन गरी देखिएका जोखिम न्यूनीकरण गर्ने उपायहरु सुझाउनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

८. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभाग तथा मातहतका निकायहरुमा कार्यान्वयनमा ल्याईएको भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीको देहायका क्षेत्रलाई लेखापरीक्षणमा समेटिएको थियो :

- एप्लिकेशन प्रणालीको उपयुक्तता (Appropriateness of System),
- प्रविधिको प्रयोग (Use of Technology),
- सूचना प्रविधि पूर्वाधार (IT Infrastructure),
- जनशक्ति व्यवस्थापन (Human Resource Management),
- सफ्टवेयरको प्रभाकारिता (Effectiveness of Software),
- उपयोग प्रणालीको दक्षता (Efficiency of Utilized System),
- सूचना प्रणालीको गोप्यता (Confidentiality of Information System),
- नियमितता (Compliance),

लेखापरीक्षणमा विशेष गरी प्रणाली विकास भएदेखि लेखापरीक्षण अवधिसम्मका सूचना र तथ्याङ्कहरु समेटिएको छ ।

९. **लेखापरीक्षण पद्धति** - यो लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (ईन्टोसाई) ले जारी गरेको मानदण्ड एवंम् निर्देशिका र कार्यालयले जारी गरेको सरकारी लेखापरीक्षण मानदण्ड र सम्बन्धित लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित विधि र पद्धति अनुरुप सूचना प्रविधि लेखापरीक्षण सञ्चालन गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५(१) मा महालेखापरीक्षकले छनौटको आधारमा लेखापरीक्षण गर्नसक्ने व्यवस्था रहेको र सोही ऐनमा आर्थिक कारोबार र सोसँग सम्बन्धित कृयाकलापको एक-एक गरी बा बीच-बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त तथ्य दर्शाउने व्यवस्था छ । लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर नतिजामूलक, समस्यामूलक तथा प्रकृयामूलक पद्धति अवलम्बन गरी सम्बन्धित सफ्टवेयर र प्रणाली परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तर्वार्ता, सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ। यसरी प्राप्त तथ्याङ्क तथा सूचना प्रणालीको प्रमुख कार्य सम्पादन सूचकहरुको सेरोफेरोमा कार्य सम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्याङ्कन गरी सोही आधारमा सुधारको क्षेत्रहरु पहिल्याउन, मूल्याङ्कन गरेका विषयमा सुधार ल्याउन गर्नुपर्ने कामका सम्बन्धमा सुभाव प्रस्तुत गरिएको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग र मातहतका १०८ कार्यालयमध्ये लेखापरीक्षणका क्रममा समयको अनुकूलता अनुसार भूमि व्यवस्थापन तथा अभिलेख विभाग र मातहतका मोरङ, झापा, पर्सा र चितवन जिल्लाका कार्यालयहरुमा स्थलगत रुपमा गई भू-अभिलेख सूचना प्रणाली कार्यान्वयनको अवस्था बारे परीक्षण एवं अवलोकन गरिएको थियो ।लेखापरीक्षण समापन गर्नु अगाडि परीक्षणबाट देखिएका प्रमुख व्यहोरा उपर व्यवस्थापनसँग २०७८/०२/३१ मा बहिर्गमन बैठक गरिएको थियो ।

यो लेखापरीक्षण सञ्चालन गर्न लेखापरीक्षण टोलीमा निर्देशक (सूचना प्रविधि) श्री रमेशराज सुवेदी, कम्प्युटर अधिकृत श्री दिपक पौडेल, कम्प्युटर अधिकृत श्री सुवास अधिकारी, लेखापरीक्षण अधिकारी श्री विष्णु प्रसाद पौड्याल, परामर्शदाता श्री शैलेन्द्र उप्रेती र परामर्शदाता श्री हेमन्तराज बरालको संलग्नता रहेको थियो ।

१०. **लेखापरीक्षणका सीमाहरु** - लेखापरीक्षणका अन्तरनिहीत जोखिम, नमुना छनौट, कारोबार र प्रणालीको जटिलता, समयको कमी, समयमै सूचना प्राप्त नहुने लगायतका विषयहरु लेखापरीक्षणका सीमाका रुपमा रहेका छन्।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

नेपाल सरकारले भूमि व्यवस्थापन तथा अभिलेख विभाग र मातहतका कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई सूचना प्रविधिको माध्यमबाट प्रयोग गर्न सकिने गरी केन्द्रीकृत तथा वेभमा आधारित भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (Land Record Information Management System, LRIMS) सञ्चालनमा ल्याएको छ । ईन्टरनेट र ईन्ट्रानेट मार्फत मातहतका कार्यालय र सेवाग्राहीलाई अनलाईन सेवा प्रदान गर्ने उद्देश्यका साथ यो प्रणाली हालसम्म १०८ कार्यालयमा प्रयोग भईरहेको छ ।

प्रत्येक कार्यालयलाई विभाग/सरकारी एकीकृत डाटा केन्द्रसँग Intranet Link मार्फत Link गरी ती कार्यालयको डाटा विभाग/सरकारी एकीकृत डाटा केन्द्रमा रहेको एउटै सर्भरमा भण्डारण हुने व्यवस्था गरिएको छ । प्रणालीको Primary Server सरकारी एकीकृत डाटा केन्द्र, सिंहदरबारमा रहेको र विभागमा रहेको Standby Server मा Regular Realtime डाटा व्याकअप हुने व्यवस्था गरिएको छ । प्रत्येक कार्यालयको डाटाको लागि छुट्टाछुट्टै कार्यालय कोड प्रयोग गर्ने र सोही कोडको आधारमा तोकिएको प्रयोगकर्तालाई मात्र पहुँच हुने व्यवस्था रहेको छ। कार्यालयका कर्मचारीले Intranet Link र सेवाग्राहीले Internet Link मार्फत प्रणालीमा पहुँच प्राप्त गर्न सक्दछन् । सर्भर तथा डाटावेससँग सम्बन्धित सबै प्राविधिक कार्य विभागमा मात्र केन्द्रीकृत हुने गरी देश भरिका जग्गा तथा जग्गाधनीको विवरण सर्भरमा केन्द्रीकृत रूपमा भण्डारण हुने र प्रणालीमा आवद्ध भएका कार्यालयमा असुल भएको दैनिक राजस्व तथा कारोवार संख्या विभागबाटै हेर्न सकिने व्यवस्था रहेको छ । यस प्रणालीको सूचना प्रविधि लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :

११. **सूचना प्रविधि व्यवस्थापन** - भूमि व्यवस्थापन तथा अभिलेख विभाग र मातहतका कार्यालयहरुले स्थापित भू-अभिलेख सूचना प्रविधि प्रणालीलाई सुव्यवस्थितरुपमा सञ्चालन गर्नुपर्दछ । भू-अभिलेख सूचना प्रविधि प्रणालीलाई सुव्यवस्थितरुपमा सञ्चालनका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभाग र मातहतका कार्यालयहरुमा भू-अभिलेख सूचना प्रविधिसँग सम्बन्धित नवीनतम सुधारका आवश्यकताहरुको पहिचान गर्न स्पष्ट विधि र प्रकृया, सूचना प्रविधि रणनीतिक योजना, प्रविधिको माध्यमबाट सम्पादन गरिने कार्यहरु परिभाषित गर्ने, सूचना प्रविधि नीति तथा कार्यविधिहरु लागु गर्ने वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने जनशक्ति विकास नीति, योजना (Human Resource Development Plan) र समय समयमा जोखिम विश्लेषणको सुव्यवस्था हुनुपर्दछ । तर भू-अभिलेख सूचना प्रविधि प्रणालीलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभाग र मातहतका कार्यालयहरुले उपरोक्त व्यवस्था गर्न नसकेको अवस्था देहाय बमोजिम छ :

११.१. विभाग र मातहतका कार्यालयले प्रयोग गर्दै आएको भू-अभिलेख सूचना प्रविधि प्रणालीलाई नवीनतम प्रविधिको विकास र विस्तारका आधारमा सुधार गर्दै जानुपर्दछ । प्रणालीलाई सुधार गर्न सूचना प्रविधिसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन रणनीतिक योजना तयार गर्नुका साथै सूचना प्रविधि पूर्वाधारमा लगानी गर्न वा आवश्यक पर्ने उपकरण, सफ्टवेयर, डाटावेश, जनशक्ति आदिको आवश्यकता पहिचान गर्नुपर्दछ । यसरी पहिचान गरिएका सुधारसँग सम्बन्धित सबै विषयहरु प्राथमिकीकरण गरेको पाइएन भने प्रणालीलाई सुव्यवस्थित गर्न सूचना प्रविधि रणनितिक योजना तयार गरेको पाईएन । निकायसँग स्वीकृत नीति, रणनितिक योजना तथा कार्यविधिहरु नहुँदा सूचना प्रविधि प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्क, डाटा सेन्टर, जनशक्ति लगायतका पूर्वाधारहरुको प्रभावकारीरुपमा व्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यदिशाको अभावले भू-सूचना प्रविधि नीति, योजना र उद्देश्यबीच सामन्जश्यताको कमी हुने र दिगो विकास कायम गर्न कठिन हुने देखिन्छ। विभागको व्यवसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकताहरु सम्बोधन गर्ने सूचना प्रविधि जनशक्ति व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । सूचना प्रविधि जनशक्तिको दरबन्दीअनुसार पदपूर्ति सुनिश्चित गर्न जनशक्ति व्यवस्थापन योजना तर्जुमा गरिएको पाइएन । विभागको सूचना प्रविधि शाखामा कम्प्युटर इन्जिनियर-३ को स्वीकृत दरबन्दी रहेकोमा २ ईञ्जिनियरको स्थायी पदपूर्ति नभएको र मातहत कार्यालयमा कम्प्युटर अपरेटरको दरबन्दीअनुसार पूर्ति नभएको कारण कार्यालयमा कारारमा कर्मचारी भर्ना गरी कामकाज गरेको पाइयो ।

भू-सूचना प्रणाली सञ्चालन निर्देशिका, २०७१ को बुँदा नम्बर ९.१. मा Main System Administrator, Local System Administrator, Assistant System Administrator गरी तीन प्रकारका भू-सूचना प्रणाली व्यवस्थापक रहने उल्लेख छ । संगठनको कार्य प्रकृति, सांगठनिक संरचना, पदको प्रकृतिअनुसार स्पष्ट रुपमा किटान गरी कार्य विभाजन गरेर सोहीअनुसार कार्य विवरण समेत तयार गर्नु पर्दछ । विभाग र कार्यालयमा सूचना प्रविधि कर्मचारी नियुक्ति गरिँदा नै कार्य विभाजनअनुसार विषय विज्ञताको आधारमा गरेको पाइएन भने सोबमोजिम स्पष्टरुपमा कामको बाँडफाँड समेत गरेको पाइएन । उदाहरणको लागि विभागमा कम्प्युटर इन्जिनियर र अधिकृतको जम्मा दरबन्दी ६ रहेकोमा System Administrator, Data Center Expert, Network Administrator, Database Administrator कुन इन्जिनियर वा अधिकृत हो भनी किटान गरिएको पाइएन । कुनै एक कर्मचारीले नै नेटवर्क, सेक्युरिटि, डाटावेश, एप्लिकेशन लगायतका कार्यहरु समेत गरेको पाइयो । यसरी स्पष्ट कार्य विभाजन नहुँदा र एकै कर्मचारीले धेरै प्रकृतिको काम गर्नुपर्दा न्यून विषय विज्ञता भई अभिलेखको असुरक्षा हुने, पहुँचमा नियन्त्रण नहुने तथा श्रोत साधनको दुरुपयोग समेत हुने जस्ता जोखिम रहन सक्दछन् । साथै यन्त्र उपकरण तथा सर्भरको क्षमता र विद्युत प्रवाहको अनुपातबीच तालमेल हुन नसकेमा जुनसुकै बेला दुर्घटना समेत हुन सक्नेमा विभागमा हालसम्म विद्युतसम्बन्धी विषय अध्ययन गरेको कर्मचारीको दरबन्दी रहेको पाइएन ।

सूचना प्रविधिमा दक्षता हाँसिल गरेका जनशक्ति अन्यत्र सरुवा भई गएमा वा अवकाश भएमा निजको कार्यभार सम्हाल्ने गरी जनशक्ति तयार (Succession Plan) गर्ने तथा कार्यालयबाट अन्यत्र सरुवा भई जाने अनुपात (Employee Turnover Ratio) कम गर्न र कार्यालयमा जनशक्ति टिकाई राख्र (Employee Retention) समेत कुनै संयन्त्र तयार गरी लागु गरिएको पाइएन । कर्मचारीहरूको दरबन्दीअनुसार पदपूर्ति नहुँदा अत्याधिक कामको बोझले त्रुटि हुनसक्ने तथा सेवाको गुणस्तरमा समेत कमी आउन सक्दछ ।

विभागले सूचना प्रविधिमा नवीनतम सुधारका आवश्यकताहरूलाई पूरा गर्न र सूचना प्रविधि प्रणालीसँग सम्बन्धित सबै किसिमका साधन श्रोतहरूको सुरक्षित प्रयोगको लागि सूचना प्रविधि सम्बन्धी छुट्टै रणनीतिक योजनाहरू तर्जुमा गरी आवश्यकताको पहिचान गर्नुपर्दछ । विभागको व्यवसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकताहरु सम्बोधन गर्ने सूचना प्रविधि जनशक्ति व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । सूचना प्रविधि जनशक्तिको दरबन्दीअनुसार पदपूर्ति सुनिश्चित गर्न, जनशक्ति टिकाई राख्र (Manpower Retention) विभागले जनशक्ति व्यवस्थापन योजना समेत तर्जुमा गर्नुपर्दछ ।

११.२. **जोखिम विश्लेषण र न्यूनीकरण** - विभागले सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्दा आफ्नो व्यवसायसँग सम्बन्धित सबै किसिमका कानुन, नीति, नियम एवं विधि प्रकृयाहरुको पूर्णरुपमा पालना भएको छ भन्ने सम्बन्धमा विश्वस्त हुनका लागि उपयुक्त संयन्त्रहरु मार्फत परीक्षण गर्नुपर्दछ । तर सूचना प्रविधिसम्बन्धी जोखिमहरुको स्वतन्त्ररुपमा विश्लेषण र मूल्याङ्कन गरी सोको प्रतिवेदन व्यवस्थापन समक्ष पेश गर्ने गरेको पाइएन । सूचना प्रविधिसम्बन्धी कानुन, नीति, नियमको अनुपालना भए/नभएको सम्बन्धमा छुट्टै गुणस्तर आश्वस्तता परीक्षण गर्ने गरेको पाइएन। यसले गर्दा सूचना प्रविधि प्रणालीका विभिन्न किसिमका सम्भावित जोखिमहरुको सामना गर्नुपर्ने अवस्था देहायबमोजिम रहेको छ :

- कम्प्युटर सर्भर रुम तथा डाटा सेन्टरमा मापदण्ड अनुसारको तामक्रमको व्यवस्था नहुँदा उपकरणहरु छिट्टै बिग्रने, प्रणाली सुरक्षाका लागि भरपर्दो फायरवाल, एन्टिभाइरस तथा पहुँचमा नियन्त्रण नभएमा डाटा ह्याकिङ, फेरबदल तथा नष्ट हुनसक्ने, इन्टरनेट सेवा तथा नेटवर्किङ भरपर्दो नभएमा सर्भरमा रियलटाइम डाटा भण्डारण नहुने, भरपर्दो अग्नी निवारक उपकरण नभएमा आगलागीबाट क्षति हुनसक्ने, कर्मचारीहरुमा कामको प्रकृतिअनुसारको प्राविधिक ज्ञान तथा योग्यता नभएमा स्रोत साधनको दुरुपयोग हुनसक्ने, निरन्तर रुपमा विद्युत प्रवाहको लागि भरपर्दो वैकल्पिक व्यवस्था (पावर व्याकअप) नहुँदा अकस्मात विद्युत विच्छेद भएमा सेवा बन्द हुनसक्ने, अभिलेख भण्डारण गर्ने डाटावेश प्रणाली भरपर्दो नभएमा र वैकल्पिक व्यवस्था नभएमा चाहेको बखतमा सूचना प्राप्त गर्न नसकिने जस्ता जोखिम आईपर्न सक्दछन् ।

- विभागले प्रयोगमा ल्याएको विद्युतीय भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा कतिपय अवस्थामा एकजनाको कित्ता नम्बर राख्दा अर्कै व्यक्तिको जग्गाको विवरण देखिने जस्ता समस्या समेत रहेको पाइएको छ । यस प्रकारका समस्या प्रणालिको कारण नभै गलत Data Entry र पुरानो DLIS System बाट LRIMS System मा Data Migration हुँदा भएको समस्याको कारण सीमित मात्रामा यस्तो समस्या रेहको विभागको भनाई रहेको छ ।

- विभागले अभिलेख भण्डारण गर्नको लागि प्राइमरी सर्भर सरकारी एकीकृत डाटा केन्द्र, सिंहदरबारमा र सेकेण्डरी डाटा सर्भर विभाग परिसर, बबरमहलमा राखेको छ । प्राइमरी र सेकेण्डरी दुबै डाटा सर्भर नजिकको स्थानमा रहेको र उपत्यका बाहिर वैकल्पिक डाटा सर्भरको व्यवस्था नभएकोले सम्भावित दैवी प्रकोपबाट कुनै क्षति हुन गएमा डाटा रिकभर हुन नसक्ने जोखिम देखिएको छ ।

विभागले प्रणाली सञ्चालनको जोखिमहरु पहिचान र न्यूनीकरणको लागी नियमितरुपमा दक्ष प्राविधिकबाट समग्र सूचना प्रणालीको गुणस्तर आश्वस्तता प्राविधिक जाँच गराउने, समग्र प्रणालीको सिस्टम अडिट गराउने, उपत्यका बाहिर उपयुक्त स्थानमा बैकल्पिक डाटा सर्भर राख्ने तथा सम्बेदनशील उपकरणहरुको बिमा समेत गराउनुपर्दछ ।

१२. **पहुँच नियन्त्रण** - विद्युतीय भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीको संचालन र व्यवस्थापन गर्ने भूमि व्यवस्थापन तथा अभिलेख विभाग र प्रणालीको कार्यान्वयन गर्ने मालपोत कार्यालयहरुमा सरकार तथा व्यक्तिको घर जग्गाको अभिलेख रहने भएकाले वैयक्तिक सम्पत्तिको गोपनियता समेतका लागि प्रणाली र अभिलेखको उच्चतम साईबर सुरक्षा र सोसम्बन्धी भौतिक पूर्वाधार तथा पहुँचमा समेत उच्चतम नियन्त्रण हुनुपर्दछ । यस सम्बन्धमा देहायबमोजिमका व्यहोरा देखिएका छन् :

१२.१. विभागको डाटा सेन्टरमा बहु-आयामिक प्रमाणीकरण (Multi Factor Authentication) युक्त विद्युतीय गेटपासको व्यवस्था गर्नुपर्ने र मातहतका कार्यालयहरुमा, आगन्तुक पुस्तिकामा अनिवार्यरूपमा प्रविष्टि गरेपश्चात मात्र आगन्तुकहरुलाई प्रवेश दिनुपर्ने, आगन्तुकहरुको कार्यालय भ्रमणलाई पनि विद्युतीय माध्यमबाट व्यवस्थापन गर्नुपर्नेमा विभाग र मातहत कार्यालयहरुमा पहुँच नियन्त्रण प्रभावकारीरुपमा भएको पाईएन । पहुँच नियन्त्रण नभएको कारण अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने वा आधिकारिक व्यक्तिले पनि आवश्यकभन्दा बढी पहुँच पाउने हुनाले तथ्याङ्कको गोपनीयता जोखिममा पर्ने अवस्था छ ।

१२.२. विभाग परिसरलाई केवल एउटा सुरक्षा गार्डबाट सुरक्षा प्रदान गरेको पाइयो र प्रवेश पासको व्यवस्था गरेको पाइएन ।साथै मालपोत कार्यालयहरुमा सूचना प्रविधिको पहुँचमा कुनै भरपर्दो नियन्त्रण रहेको पाईएन भने कार्यालय समयपछि सर्भर कोठाको सुरक्षा गर्ने व्यवस्था मिलाईएको देखिएन। विभागले मातहतका कार्यालयहरुको सि.सि.टि.भि.भिडियो (सिसिटिभी फुटेज) मन्त्रालयमा मन्त्रीज्यू, सचिवज्यू, महानिर्देशक कक्ष र अधिकृतले आफ्नो कार्यकक्षबाटै हेर्न सकिने ब्यवस्था रहेको पाईयो ।

१२.३. विभाग र मातहतका ४० कार्यालयमा सि.सि.टि.भि. जडान गरिएको पाइयो । सि.सि.टि.भि. जडान तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७२ अनुसार सि.सि.टि.भि. को भिडियो कम्तिमा ९० दिनसम्म भण्डारण गर्नुपर्नेमा, कार्यालयमा जडान गरेको उपकरणको क्षमताअनुसार भण्डारण गरिने हुँदा, कम समय भण्डारण गरेको पाइयो । सि.सि.टि.भि. को मोनिटरिङ्ग गर्न दक्ष जनशक्तिको अभाव रहेको देखियो ।

विभागमा वहु-आयामिक प्रमाणीकरण (Multi Factor Authentication) युक्त विद्युतीय प्रणालीको अवलम्बन गर्नुका साथै मातहत कार्यालयहरूले आगन्तुकहरूको लगलाई व्यवस्थित गर्न आवश्यकता अनुसार पहुँच सुनिश्चित गर्नको लागि स्पष्ट नीति एवं कार्यविधि बनाई सोहीबमोजिम प्रणालीको भौतिक सुरक्षा र पहुँच नियन्त्रण गर्नुपर्दछ ।

१३. **सर्भर जडान र व्यवस्थापन** - सूचना प्रविधि प्रणाली कार्यान्वयन गर्ने निकायहरुमा सर्भरको जडान र व्यवस्थापनले ठूलो महत्व राख्दछ । विभागमा विद्युतीय भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीको संचालन गर्न सर्भर, स्टोरेज डिभाइस, स्वीच, राउटर, युपिएस जस्ता उपकरणहरु व्यवस्थित तरीकाले जडान गरेको हुनुपर्दछ । यससम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् :

१३.१. एप्लिकेशन प्रणालीमा डाटाको भोल्युम, प्रयोगकर्ताको संख्या, कामको प्रकृति, सञ्जालीकरणको दायरा अनुसार क्षमता मिलान हुने गरी एप्लिकेशन सर्भर, डाटावेश सर्भर तथा रिकभरी सर्भर समेत जडान गर्नुपर्दछ । यसरी जडान भएका सर्भरहरु सधै तयारी अवस्था (High Availability, HA Mode) मा हुनुपर्दछ । सर्भरहरु HA Mode मा हुनको लागि सर्भर जडान भएको स्थानमा मुख्य सर्भरसँगै वैकल्पिक सर्भर पनि राखेर कुनै एकमा समस्या आएमा स्वचालितरुपमा सोसँगैको अर्को सर्भर आफै चल्ने गरी व्यवस्था गरिएको हुनुपर्दछ । विभागले एप्लिकेशन सर्भर र डाटाबेस सर्भर GIDC सिंहदरबार र डाटाको ब्याकअप आफ्नै विभाग परिसरमा राखेकोमा सोसँगै विकल्पको रुपमा अर्कोपनि सर्भर जडान गरेर वैकल्पिकरुपमा काम गर्ने व्यवस्था गरेको पाईएन । जसले गर्दा जडान गरिएको एकल सर्भरमा कुनै समस्या आईपरेमा कुनैपनि बेला सेवा अवरुद्ध हुने अवस्था देखियो । विभागले प्रयोगमा ल्याएका तीनवटा एप्लिकेशनहरु (LRIMS, Public Access Module, Document Management System) को लागि फरक-फरक सर्भर प्रयोग गरेमा गति द्रुत हुनेमा तीनवटै एप्लिकेशनको लागि एउटै सर्भरको प्रयोग गरेको छ । जसले गर्दा डाटाको लोड मिलान हुन नसकी गति ढिलो हुने देखिन्छ ।

१३.२. विभागमा सर्भर कक्षको व्यवस्था गरिएको भए तापनि सर्भर तथा उपकरणहरु व्यवस्थितरुपमा राखेको पाइएन । सर्भर कक्षमा विद्युत प्रवाह, कुलिङ्ग सिस्टम, सर्भर र्‍याक, वायरिङ्ग आदिको उचित व्यवस्था भएको पाईएन । सर्भर कक्षमा अग्नि नियान्त्रण प्रणाली, भित्तामा पानी रसाएको तथा धुवाँ पत्ता लगाउने यन्त्र नरहेको तथा चौविसै घण्टा निगरानी प्रणाली तथा कुनै घटना घटेमा सूचना दिने प्रणाली समेत व्यवस्था गरेको पाईएन । सर्भर कक्षमा अत्याधिक धुलो भएको, मुसा धपाउने उपकरण नभएको तथा रियलटाईम मोनिटरिङ्ग सिस्टम समेत जडान गरेको पाईएन । सर्भरलाई कुलिङ्ग गर्ने व्यवस्था

नरहेको र सर्भर ऱ्याकलाई सिधै भुईमा राखिएको छ । सर्भर कक्षमा सर्भर तथा उपकरणहरुको उचित व्यवस्थापन नहुँदा जुनसकै समयमा दुर्घटना भै प्रणालीमा क्षति हुन सक्ने जोखिम देखिएको ।

सर्भर कक्ष सञ्चालनका लागि न्यूनत्तम मापदण्डको पालना गरी व्यवस्थित र वातानुकूलित बनाई राख्नुपर्दछ । समग्र प्रणालीको निरन्तर चेकजाँच तथा निगरानी गरी सूचना दिने र सतर्क गराउने मोनिटरिङ्ग सिस्टम जडान गर्नुपर्दछ । साथै विभागले सर्भरहरु HA Mode मा राखी डाटाको लोड मिलान हुनेगरी सर्भर व्यवस्थापन गर्नुपर्दछ ।

१४. **ईन्टरनेट सेवा र कनेक्टिभिटि** - निकायहरुले सञ्चालन गरेको ईन्टरनेटमा आधारित सूचना प्रविधि प्रणालीबाट निरन्तररुपमा सेवा प्रवाह गर्नको लागी भरपर्दो ईन्टरनेट सेवाप्रदायकबाट ईन्टरनेट सेवा लिनुपर्दछ । सूचना प्रविधि प्रणालीको प्रकृति, डाटाको भोल्यूम तथा प्रयोगकर्ताको संख्याअनुसारको भार मिलान हुनेगरी ब्याण्डविथ क्षमताको समेत तालमेल हुनुपर्दछ । विभागको प्राईमरी सर्भर (एप्लिकेशन सर्भर र डाटा सर्भर) जी.आई.डि.सी. मा र डाटा सर्भरको वैकल्पिक (ब्याकअप) सर्भर विभागमा रहेको छ र जसलाई डार्क फाईवर र अपटिकल फाईवर मार्फत जोडिएको छ । विभाग र मातहतका कार्यालयहरुबीच वैकल्पिक व्यवस्था हुनेगरी दुई निजी सेवाप्रदायक कम्पनी सुविसु केवलनेट प्रा.लि. बाट (५/५ एमबिपिएस क्षमताको) र वर्लडलिङ्क कम्युनिकेशन लि. बाट (३/३ एमबिपिएस क्षमताको) ईन्ट्रानेट मार्फत जोडिएको छ । एउटै सेवाको विकल्पकोरुपमा दुई कम्पानीसँग सेवा लिएकोमा एउटा कम क्षमताको र अर्को बढी क्षमताको सेवा लिएको पाईयो । कम क्षमताको सेवाले काम गर्न सक्ने हो भने बढी मूल्य खर्च गरेर बढी क्षमताको सेवा लिनु मनासिव हुँदैन भने बढी क्षमताकै सेवा आवश्यक पर्ने हो भने त्यसको विकल्पको रुपमा कम क्षमताको सेवाले कसरी विकल्पको रुपमा काम गरेको छ सोसम्बन्धमा विभागको ध्यान जानु जरुरी छ । विभागले सञ्चालन गरेको प्रणालीमा विभिन्न समयमा सेवा अवरुद्ध समेत हुने गरेको पाईयो । फाल्गुण १, २०७७ मा विभागमा ईन्टरनेट सेवा ठप्प रहेको थियो भने सूचना प्रविधि लेखापरीक्षणको क्रममा २०७७।११।२३ गते मालपोत कार्यालय चितवन पुग्दा सो दिन दिनभरी नैं सेवा अवरुद्ध भएको र सेवाग्राहीको व्यापक असन्तुष्टि र जनगुनासो रहेको पाईयो । स्थालगत निरीक्षण गरिएका पाँच मालपोत कार्यालयहरुमाध्ये प्रायः सबै कार्यालयहरुमा विभिन्न समयमा सेवा अवरुद्ध हुनेगरेको पाईयो । विभागको प्रणालीमा सेवा अवरुद्ध भएको सम्बन्धमा परीक्षण गर्दा २०७७।९।१७ देखि २०७७।१२।६ सम्मको अवधिमा देहायबमोजिम सेवा अवरुद्ध भएको पाईएको छ :

कार्यालयको नाम	सेवा ठप्प भएको दिन	कार्यालयको नाम	सेवा ठप्प भएको दिन
भू. मा. का.तौलिहवा, कपिलबस्तु	२०७७।११।३	मा. का.माडी, चितवन	२०७७।१०।२३
भू. मा. का.महेन्द्रनगर, कन्चनपुर	२०७७।१०।२२	मा. का.मेहेलकुना, सुर्खेत	२०७७।११।७
भू. मा. का.राजविराज, सप्तरी	२०७७।१०।२१	मा. का.रामपुर, पाल्पा	२०७७।११।१४
भू. मा. का.राजविराज, सप्तरी	२०७७।१२।६	मा. का.रामपुर, पाल्पा	२०७७।११।२१
मा. का.खोटाङ	२०७७।९।२९	मा. का.रामपुर, पाल्पा	२०७७।११।२६
मा. का.खोटाङ	२०७७।१०।९	मा. का.रामपुर, पाल्पा	२०७७।११।२८
मा. का.गुल्मी	२०७७।१०।२२	मा. का.रामेछाप	२०७७।११।२८
मा. का.गुल्मी	२०७७।१०।२३	मा. का.रोल्पा	२०७७।१०।२२
मा. का.ताप्लेजुङ	२०७७।११।४	मा. का.लमजुङ	२०७७।१०।२
मा. का.तुलसीपुर, दाङ	२०७७।११।३	मा. का.वालिङ्ग, स्याङ्जा	२०७७।११।१४
मा. का.धनकुटा	२०७७।१२।६	मा. का.वालिङ्ग, स्याङ्जा	२०७७।१०।२२

मा. का.पर्वत	२०७७।१०।९	मा. का.वालिङ्ग, स्याङ्जा	२०७७।११।७
मा. का.बर्दिवास, महोत्तरी	२०७७।१०।२२	मा. का.शिखरकोट, मकवानपुर	२०७७।११।१४
मा. का.बुर्तीवाङ, बाग्लुङ	२०७७।११।७	मा. का.शिखरकोट, मकवानपुर	२०७७।११।२८
मा. का.बुर्तीवाङ, बाग्लुङ	२०७७।१२।६	मा. का.सिन्धुपाल्चोक	२०७७।१०।२
मा. का.बेलौरी, कन्चनपुर	२०७७।१२।६	मा. का.स्याङजा	२०७७।१०।२२
मा. का.माडी, चितवन	२०७७।९।२४	मा. का.स्याङजा	२०७७।१०।२३
मा. का.माडी, चितवन	२०७७।१०।९	मा. का.स्याङजा	२०७७।१०।१३

ईन्टरनेट सेवाप्रदायकसँग गरिएको सम्झौताअनुसार नेटवर्क डाउनटाईम रिपोर्ट लिने गरेको देखिएन । के-कति कारणले सेवा ठप्प भएको भन्ने सम्बन्धमा कार्यालयहरुले विभागको सर्भर डाउन भएका कारण सेवा अवरुद्ध भएको भन्ने गरेको र विभागले भने यस सम्बन्धमा अध्ययन भैरहेको जनाएको छ । लेखापरीक्षणको क्रममा कार्यालयमा कुन कुन आई.एस.पि.बाट सेवा लिएको भन्नेबारे कुनै सेवाप्रदायकसँगको करार/सम्झौता अभिलेख भेट्टिएन। मातहत कार्यालयमा सुविसु केबलनेट प्रा.लि.सँग भएको करार सम्झौताको बुदा नं 1b मा अपटाईम ९९.९% हुनुपर्ने उल्लेख भएकोमा रिपोर्ट माग गरिए तापनि उपलब्ध नभएको कारण अपटाइम सम्बन्धमा विभागले अनुगमन गरेको देखिएन ।

मालपोत कार्यालय पर्सामा दुईवटा ईन्टरनेट सेवाप्रदायक कम्पनी सुविसु र वर्लडलिङ्कबाट वैकल्पिक व्यवस्था हुनेगरी ईन्टरनेट सेवा लिने सम्झौता भए तापनि वर्लडलिङ्कबाट सेवा प्रदान गर्ने राउटर बन्द गरिएको पाइएकोमा सो सेवा लामो समयदेखी बन्द गरेको कार्यालयको भनाई रहेको तर सो बापत सम्झौताबमोजिमको वार्षिक शुल्क रु.१,३५,९००/- भुक्तानी भैरहेको पाईयो । विभागमा रहेको NAGIOS नामको सफ्टवेर मार्फत नेटवर्क कनेक्टिभिटीको मनिटरिङ्ग गर्ने गरेको भए तापनि सोको प्रतिवेदन लिएर नेटवर्कमा आउने समस्याको सम्बन्धमा सुधार गर्ने गरेको पाईएन ।

मालपोत कार्यालय चितवनमा सेवाप्रदायक कम्पनीसँगको सम्झौतामा खरिद गरिने सेवाको किसिम, परिमाण, गुणस्तर तथा स्पेशिफिकेशन सम्बन्धमा उल्लेख गरिएको देखिएन । इन्टरनेट सेवाप्रदायक कम्पनी सुविसुसँग भएको करार सम्झौतामा पनि अपटाइम बारे केही उल्लेख गरिएको देखिएन । संझौताको बुँदा नं. ८ मा सेवा ठप्प भएको ८ घण्टाभित्र सेवा सुचारु गर्नुपर्ने शर्त रहे तापनि कार्यालय खुल्ला रहने कुनै कुनै दिन कार्यालय समय सहित ८ घण्टाभन्दा बढी सेवा ठप्प हुँदा समेत कुनै कारवाही गरेको पाइएन ।

विभाग तथा मातहतका कार्यालयमा सञ्चालनमा रहेको प्रणालीको प्रकृति, डाटाको भोल्यूम तथा प्रयोगकर्ताको संख्याअनुसार तालमेल मिल्नेगरी ईन्टरनेट ब्याण्डविथको भार मिलान गर्नुपर्दछ । विभाग र मातहत कार्यालयबीच अनवरत सेवा प्रावह र कार्यालयहरुको कनेक्टिभिटिको नियमित अनुगमन तथा परीक्षणको व्यवस्था हुनुपर्दछ ।

१५. **सेवाको डिजिटाईजेशन** - आम नागरिकलाई सूचना प्रविधि मार्फत गुणस्तरीय सेवा प्रदान गर्ने निकायले नवीनतम प्रविधिको प्रयोग गर्दै प्रणाली सञ्चालन गर्नुपर्दछ । प्रणालीमा आम जनताको पहुँच र भण्डारण क्षमतालाई समेत विस्तार गर्दै जानुपर्दछ । प्रणालीले भण्डारण गर्ने विवरण, कागजात, ध्वनी, संकेत, फोटोलाई डिजिटलरुपमा अभिलेख तयार गरी राख्नुपर्दछ । यसरी डिजिटाईजेशन पद्धति मार्फत गरिने सेवा प्रवाहले समग्र प्रणाली र आम जनताको पहुँचलाई छिटो छरितो र पारदर्शी बनाउन

सहयोग गर्दछ । मालपोत कार्यालयमा पुराना मोठ तथा श्रेस्ता र लिखत तथा मिसिलका साथ रहने कागजातहरु डिजिटाईजेशन गर्ने व्यवस्थाले भविष्यमा तामेली व्यवस्थापनलाई सहयोग पुग्ने देखिन्छ । गत आर्थिक वर्षदेखि विभागले मातहत कार्यालयहरुमा भौतिकरुपमा रहेका सम्पूर्ण मोठ तथा रोक्का श्रेस्ताको अभिलेख तयार गर्ने कार्य (Document Management System, DMS) शुरु गरेको थियो । ३९ कार्यालयको श्रेस्तालाई डिजिटाईजेशन गर्नको लागि तीनवटा परामर्शदातासँग सम्झौता गरेको पाइयो । यससम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :

१५.१. सूचना प्रविधि लेखापरीक्षण टोलीले स्थलगतरुपमा अवलोकलन गर्दा बेलबारी, मोरङ, दमक, भद्रपुर, चितवन कार्यालयमा डिजिटाईजेशन कार्य भई रहेकोमा पर्सा कार्यालयमा तीन महिनादेखि सो कार्य ठप्प रहेको पाईएकोले पुराना मोठ तथा श्रेस्तालाई पूर्णरुपमा डिजिटाईजेशन भएको भन्न सकिने अवस्था देखिएन ।

१५.२. यस प्रणालीमा घरजग्गाको स्वामित्व हस्तान्तरण हुँदा कार्यालयले उठाउने रजिष्ट्रेशन दस्तुर, पूँजीगत लाभकर तथा सेवा शुल्क लगायत अन्य राजस्वसम्बन्धी विवरण प्रणालीमा स्वचालितरुपमा गणना हुने व्यवस्था गरेको छ । प्रणालीले देखाएको राजस्व विवरणअनुसार बैंकमा रकम जम्मा गरी भौचर पेश गर्ने गरेको पाईयो । प्रणालीले देखाउने राजश्व र बैंकमा दाखिला भएको रकमबीच स्वचालितरुपमा भिडान हुने व्यवस्था नरहेको पाईयो । प्रणालीमा रिकन्सिलिएसन मोड्युल राखिएको भए तापनि सोको प्रयोग नगरेका कारण बैंक र प्रणालीबीच रकम स्वत: भिडान हुनसकेको छैन । जसले गर्दा सबै राजस्वको यथार्थ विवरण गणना गर्न सकिने अवस्था देखिएन ।

१५.३. विभाग र कार्यालयबीच ईन्ट्रानेट लिङ्कको व्यवस्था गरी प्रणाली सञ्चालन रहेकोमा स्थालगत भ्रमण गरिएको समयमा मालपोत कार्यालय, बेलबारी, मोरङमा केही समय र भूमि व्यवस्था तथा मालपोत कार्यालय, चितवनमा पुग्दा नेटवर्कको कारण पुरै सेवा ठप्प रहेको पाईयो । बेलाबेलामा भईरहने सेवा आवरुद्ध तथा प्रणाली ह्याङ हुने जस्ता कारणबाट सेवा प्रवाह छिटो छरितो भएको भन्ने अवस्था रहेन।

१५.४. मोठ तथा श्रेस्तालाई डिजिटाइजेशन गरिएका कार्यालयहरुमा पनि रजिष्टरमा समेत लिखितरुपमा अभिलेख राख्ने गरेको पाईयो । तसर्थ, सबै मोठ तथा श्रेस्तालाई डिजिटाइजेशन गरी पूर्णरुपमा प्रणाली मार्फत सेवा प्रवाह गर्नुपर्ने देखिन्छ । यदि भौतिकरुपमा समेत अभिलेख राख्नुपर्ने आवश्यकता र अनिवार्यता भएमा प्रणालीबाटै प्रिण्ट गरी व्यवस्थित अभिलेख राख्ने गरिएमा प्रणाली र अभिलेखमा एकरुपता कायम हुने देखिन्छ ।

विभाग मातहतका कार्यालयहरुमा रहेको पुरानो मोठ तथा श्रेस्तालाई पूर्णरुपमा डिजिटाइजेशन गर्ने व्यवस्था मिलाउनुपर्दछ । ठेक्का सम्झौता अनुरुप भई रहेको डिजिटाईजेशन कार्यको नियमित अनुगमन र डिजिटल गरिएको विवरण गुणस्तरवारे शुद्धता जाँच गर्नुपर्दछ ।

१६. **एप्लिकेशन जडान र अद्यावधिक** - सूचना प्रविधि प्रणालीको एप्लिकेशनमा प्रयोग भएको सफ्टवेयर र प्रोग्रामिङ्ग ल्याङ्गवेजलाई सूचना प्रविधिको क्षेत्रमा भएको नवीनतम विकास अनुरुपको कोड तथा भाषाको प्रयोग गरी निरन्तर रुपमा अद्यावधिक गरिरहनु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

१६.१. विभागले सञ्चालनमा ल्याएको एप्लिकेशन पुरानो प्रोग्रामिङ्ग ल्याङ्गवेजमा कोडिङ्ग गरी सन् २०१३ मा तयार गरेकोमा हालसम्म सोको पुनर्लेखन **(Re-write)** गरी अद्यावधिक गरिएको छैन। यसरी पुरानै प्रोग्रामिङ्ग ल्याङ्गवेजमा कोडिङ्ग गरिएको एप्लिकेशन प्रयोगमा ल्याउँदा हाल १२ कोरको डाटाबेश सर्भर लाईसेन्स प्रयोग भएको छ । १२ कोरको डाटाबेश लाईसेन्स प्रयोग गर्दा डाटाबेश र एप्लिकेशनको तालमेल नमिलेको र डाटाको लोड अनुसारको गति कम भएका कारण प्रयोगकर्ताले एप्लिकेसनबाट कुनै डाटा खोज्दा ढिलो हुने समस्या देखा परेको छ । विभागले हालकै अवस्थामा पुरानै प्रोग्रामिङ्ग ल्याङ्गवेजमा कोडिङ्ग गरिएको एप्लिकेशन प्रयोगमा ल्याईरहने हो भने हालको १२ कोरमा कम्तीमा ४ कोर थप गरी क्षमतालाई १६ कोर बनाएमा डाटा फ्लो हुने गती छिटो हुने देखिन्छ । अथवा पुरानो प्रोग्रामिङ्ग ल्याङ्गवेजमा कोडिङ्ग गरिएको एप्लिकेशनलाई नयाँ प्रोग्रामिङ्ग ल्याङ्गवेजमा पुनर्लेखन **(Re-write)** गर्नसकेमा हालको १२ कोर वा सोभन्दा कम क्षमताको डाटाबेस सर्भर भएपनि हालकोभन्दा तिव्र गतीमा सर्भर चल्नसक्ने हुँदा नयाँ प्रोग्रामिङ्ग ल्याङ्गवेज प्रयोग गरी एप्लिकेशनलाई अद्यावधिक गर्ने विकल्प समेत अपनाउन सक्ने देखियो ।

१६.२. सन् २०१३ मा भारतीय कम्पनी RIMS ले LRIMS प्रणाली निर्माण गरी विभागलाई हस्तान्तरण गरेकोमा सेवा सम्झौता समाप्त भए पश्चात सफ्टवेयरको स्तरोन्नती र अद्यावधिक कार्य नेपाली कम्पनीले नै गर्दै आएको देखियो । सो सफ्टवेयर जाभा १.७ संस्करणमा निर्माण भएको देखियो । सन् २०१५ पश्चात जाभा १.७ को अध्यावधिक र सुरक्षा स्तरोन्नती (public updates and security enhancements) गर्ने कार्य ओराकलले बन्द गरेको कारण जाभा १.७ भरपर्दो सफ्टवेयर रहेको देखिएन । पुरानो संस्करणको जाभा १.७ चलाउन पुरानो संस्करणकै ब्राउजर चाहिने कारणले SSL (Secure Socket Layer) सुरक्षा जोखिम समेत रहेको देखिन्छ । पुरानो जाभा संस्करणका कारण पुरानो Tomcat को सर्भर प्रयोग गरेको देखियो जसबाट झन बढी सुरक्षा जोखिम उत्पन्न हुने खतरा देखियो। एप्लिकेशनमा परिवर्तन गर्नुपर्दा पहिले टेस्ट वातावरणमा प्रयोग गरी प्रयोगकर्ताहरुबाट स्वीकारोक्ति (यु.ए.टि.) लिएपछि मात्रै लाईभ वातावरणमा रिलिज गर्नुपर्दछ। टेस्ट वातावरण र प्रोडक्सन वातावरणमा सामञ्जस्यता (सिन्क्रोनाईजेसन) कायम नरहेको देखियो । टेस्ट वातावरणमा सञ्चालन गर्दा एप्लिकेशनमा समस्या नदेखाउने तर लाईभमा भने सोही कोड रिलिज गर्दा समस्या आउने गरेको देखियो । जस्तैः रोक्का राखिएको जग्गा बारे प्रथम दृष्टि मै कम्प्यूटर अपरेटरहरुले जानकारी पाउने हेतुले रातो रङ्गमा देखाउने गरिन्छ तर सबै बेला रोक्का राखिएको जग्गालाई रातो रङ्गमा देखाउने गरेको पाइएन । सर्भिस डेस्कका कर्मचारीले कित्ता काटमा महिला छुट छानेर LRO(Land Revenue Officer) को अनुमोदनको लागि पठाउदा सो छुट हराउने गरेको र फेरी छुटको विवरण हाल्नुपर्ने समेत अवस्था रहेको पाइयो । परीक्षण वातावरणमा यस किसिमको समस्या नदेखिने तर लाईभ वातावरणमा समस्या देखिने गरेको पाइयो।

पुरानो प्रणालीको डाटावेशमा रहेको डाटालाई नयाँ प्रणालीमा माईग्रेशन गर्दा डाटा माईग्रेशनमा केही समस्या भएका कारण कुनै कुनै संस्थाको रोक्का गर्दा अर्कै संस्थामा रोक्का देखाउने गरेको पाईयो। त्यसैगरी अशंबण्डाको लिखत तयार गर्दा यदि सगोलको अंशियारको नाममा घर जग्गा भएमा बण्डा गर्दा सम्पत्ति दिने व्यक्तिको नाममा मूल अंशियारको नाम हुनुपर्नेमा सम्पत्ति हुने अंशियारको नाम उल्लेख हुने गरेको देखियो ।

१६.३. प्रणालीको विद्यमान क्षमता अपुग भएमा सेवाग्राहीलाई छिटोछरितो र भरपर्दो सेवा प्रदान गर्न समस्या आउन सक्दछ । जस्तैः जडान गरिएको मेमोरी (RAM) मा बढी चाप (Over Utilization) परेको बेला

९४ प्रतिशतसम्म प्रयोग हुने गरेको कारण प्रणाली ढिला हुने गरेको देखियो । औसत Round-Trip Time (RTT) ४९६.२४१ मिलिसेकेन्ड र औसतरुपमा ४९.५२८ प्रतिशत सम्म प्याकेट नस्ट (Packet Loss) हुने गरेको देखियो । धेरै प्रयोगकर्ताले एकै समयमा प्रणालीको बढी प्रयोग गर्ने कारण पनि सेवा प्रवाह ढिला भएको देखियो । पाम मोडयुलको डाटावेस ८२.५ प्रतिशत प्रयोग भएको कारण थप डाटा भण्डारण हुन कठिनाई हुने र स्याचुरेसनको कारण सेवा प्रवाहमा समेत असर पर्न सक्दछ । उक्त प्रणालीमा भण्डारण हुने नागरिकता, परिचयपत्र, फोटो लगायतका अन्य कागजातहरु (Supporting Documents) समेत स्क्यान गरेर डाटाबेसमै भण्डारण गरिने भएकोले ठूलो स्पेस (Space) ओगट्ने कारण ती विवरणहरुलाई छुट्टै मोड्युल बनाई भण्डारण गर्न सकिने गरी विकास गरिए तापनि प्रयोगमा आईसकेको पाईएन। जग्गा फुकुवा गर्दा कागजात अपलोडमा २ देखि ३ मिनेट समय लाग्ने कारण सेवा प्रवाहमा ढिलाई हुने गरेको देखियो ।

१६.४. प्रणालीमा एकै किसिमको समस्या बारम्बार दोहोरिने गरेको देखियो । जस्तै- कुनै—कुनै बेला केही कारोबारको रोक्का नम्बर दोहोरो देखिने, कारोबार गर्ने व्यक्ति "महिला" छनौट भएको बेला आफै छुटको गणना हुनुपर्नेमा कुनै—कुनै कारोबारमा त्यस्तो छुट आफै नआउने गरेको पाईयो । पुरानो प्रणालीबाट Migration भएको Data मा रोक्का नम्बर दोहोरो हुने समस्या रहेको तथा Service Desk बाट महिला छुटको व्यहोरा नआउने गरेको विभागको भनाई रहेको छ ।

विभागले प्रणालीको डाटाबेश र एप्लिकेशनमा तालमेल हुने गरी भारमिलान गर्नुपर्दछ ।सुरक्षा जोखिमहरुलाई न्यूनीकरण गर्न सफ्टवेयरको स्तरोन्नती गर्नुपर्दछ । टेष्ट वातावरण र प्रोडक्शन वातावरमा सामञ्जस्यता (सिन्क्रोनाइजेशन) कायम गर्नुपर्दछ । प्रविधिको नवीनतम विकास र भविष्यका आवश्यकताहरुको सम्बोधन हुनसक्ने गरी प्रणालीको समग्र सुधार **(Business Process Re-Engineering)** गरिनु उपयुक्त हुने देखिन्छ । पाम मोडयूल थप गर्दा प्रणालीमा अझै बढी चाप पर्ने कारण ब्यान्डविथको भार मिलान गर्नुपर्दछ ।

१७. **प्रणाली तथा तथ्याङ्कको सुरक्षा** - विभाग र मातहतका निकायहरुले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीलाई भाइरस, ह्याकिङ्ग, पाईरेसी, फिसिङ्ग, मालवेयर आदि जस्ता बाह्य तत्वबाट हुने जोखिमहरुको पहिचान गरी न्यूनीकरण गर्न र सुरक्षा प्रदान गर्न उपयुक्त एन्टि-मालवेयर/भाइरस, इन्टरनेट सेक्युरिटी, नेटवर्क सेक्युरिटी, फायरवाल जस्ता सफ्टवेयर तथा अन्य सावधानीहरुको उचित प्रयोग गर्नुपर्दछ । साथै अनधिकृत ब्यक्ति तथा प्रयोगकर्ताबाट डाटाको प्रयोग, फेरबदल, मेटाउने जस्ता जोखिम हुनसक्ने भएकोले सोको सुरक्षाका लागि पहुँचमा उपयुक्त नियन्त्रणको व्यवस्था हुनुपर्दछ । यसैगरी प्रणाली सुरक्षाका लागी बायोमेट्रिक उपकरण, बलियो पासवर्ड, कार्ड रिडर, रिमोट लक, लगबुक, डोरलक जस्ता सिस्टम जडान गर्न सकिन्छ । विभाग तथा कार्यालयमा ३०० Bit Defender Gravity Zone Business एन्टिभाइरस खरिद गरेकोमा सबै कार्यलयमा एन्टिभाइरस जडान गरेको पाईएन भने एन्टि-मालवेयर, इन्टरनेट सेक्युरिटी, नेटवर्क सेक्युरिटी, फायरवालको प्रयोग तथा पहुँच नियन्त्रण सम्बन्धमा विभागको कुनै स्पष्ट नीति रहेको पाईएन । जसले गर्दा विभागले सञ्चालन गरेको प्रणाली पूर्णरुपमा सुरक्षित छ भन्ने कुरामा आश्वस्त हुन सकिएन ।

विभागले प्रणालीलाई वाह्य अवरोध तथा बाधाहरुबाट सुरक्षा प्रदान गर्नको लागी कम्प्युटर, सर्भर, नेटवर्क तथा ईन्टरनेट समेतलाई सुरक्षा प्रदान गर्न सक्ने **User Access Control, MAC Binding, IP Address Tracking** गरी निरन्तररुपमा स्वचालितरुपमा अपडेट हुने गरी

एन्टीभाइरस प्रयोग गर्नुपर्दछ । साथै पहुँच नियन्त्रण र सुरक्षाका अन्य तरिकाहरुलाई कडाईका साथ लागु गरी प्रणाली सुरक्षाको आश्वस्तता प्रदान गर्नुपर्दछ ।

१८. **पासवर्ड** - सञ्चालित प्रणालीलाई प्रयोगकर्ताको तहअनुसार सिस्टम एड्मिनिस्ट्रेटर, एड्मिनिस्ट्रेटर, तथा सामान्य प्रयोगकर्ताअनुसार फरक-फरक सुरक्षित पासवर्ड उपलब्ध गराएर सोअनुसारको कामको विभाजन तथा प्रणाली लगइनको अधिकार प्रदान गर्नुपर्दछ । प्रणाली सुरक्षाको पासवर्ड तयार गर्दा ह्याकरहरु तथा अन्य वाह्य पक्षले सजिलै अनुमान गर्न नसकिने गरी अक्षर, चिन्ह तथा अङ्कको संयोजनबाट पासवर्डलाई जटिल बनाउने गरी सर्वोत्तम पासवर्ड नीति बनाएर लागु गर्नुपर्दछ र सो नीतिलाई सरोकारवाला समक्ष समयमै सञ्चार गर्नुपर्दछ । विभाग तथा मालपोत कार्यालयहरुमा प्रणालीको पहुँच नियन्त्रणका लागि पासवर्ड प्रदान गर्ने सम्बन्धमा कुनै भरपर्दो नीति रहेको पाईएन । नयाँ प्रयोगकर्ता बनाउँदा, प्रयोगकर्ताका लागि पासवर्ड प्रविष्टि गर्नु परेपनि मजबुत पासवर्ड ढाँचा लागू भएको पाइएन । एकपटक प्रविष्टि गरेको पासवर्ड पुनःकन्फर्म गर्ने कुनै विकल्प छैन। प्रयोगकर्ताले पहिलो पटक सिष्टममा लग इन गर्दा, पासवर्ड परिवर्तन गर्न अनुरोध गरिएको तर अनिवार्य गरिएको पाईएन । विशेषाधिकार प्राप्त युजरलाई बहुकारक (Multi Factor Authentication) (कम्तीमा दुई-कारक) प्रमाणिकरण अनिवार्य गरिएको पाइएन ।

सूचना प्रविधि प्रणालीलाई आधिकारिक पक्षको मात्र पहुँच हुने गरी मल्टि-फ्याक्टर अथेन्टिकेसन (एम.एफ.ए.) सहितको सुरक्षित पासवर्ड नियन्त्रण नीति बनाई लागू गर्नुपर्दछ ।

१९. **सेवाको आउटसोर्सिङ र गोपनियता** - निकायहरुले वाह्य पक्षबाट कुनै काम गर्नु पर्दा वा सेवा लिनु पर्दा आउटसोर्सिङसम्बन्धी नीतिको आवश्यकता पर्दछ । आउटसोर्सिङ गरिने वाह्य निकायसँग कामको प्रकृति, गुणस्तर, मापदण्ड तथा सर्त सहितको करार सम्झौता गर्नुका साथै सेवाप्रदायकद्वारा दिइएको सेवाहरूको अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ । सेवाको प्रकृति, डाटा सुरक्षा, गोपनीयता र पहुँच अधिकारहरू सम्झौतामा समावेश हुनुपर्दछ। सेवाको आउटसोर्सिङ तथा गोपनियता सम्बन्धमा देहायबमोजिमका व्यहोरा देखिएका छन् :

१९.१. मोठ तथा रोक्का श्रेस्ताको डिजिटाईजेसन तथा अद्यावधिक गर्ने कामको सम्झौताको बुदाँ नं २३.१ मा करारको अवधि र करार अन्त्य भएको दुई वर्षसम्म गोपनियता/जानकारी प्रकट गर्न बन्देज लगाएको भएपनि दुई वर्षपछि के गर्ने भन्नेमा सम्झौता मौन रहेको पाइयो । यसले गर्दा सम्झौताको म्याद समाप्त भएको दुई वर्षपछि गोपनीयता भङ्ग हुने जोखिम कायमै रहेको पाईयो। सोही सम्झौताको बुँदा नं.२७ मा अनुसूचि **"A"** मा तोकिएको ढाँचामा रिपोटिङ गर्नुपर्ने उल्लेख गरिएको भए तापनि अनुसूची "**A**" मा रिपोर्टिङ्गको कुनै ढाँचा उल्लेख गरेको पाईएन ।

१९.२. सेवा करारको बुँदा नं २८ मा परामर्शदाता कम्पनीले करार समाप्त भएको दुई वर्षसम्म कागजात, डाटा, सफ्टवेयर आफूसँग राख्न पाउने उल्लेख भएकोमा यसबाट पनि विभागको गोपनियता भङ्ग हुनसक्ने जोखिम रहेको देखियो । विभागले दुईजना विज्ञहरुसँग डाटावेश र नेटवर्कसम्बन्धी कामको लागी गरेको करार सम्झौतामा गोपनीयता तथा सुरक्षा जोखिम सम्बन्धमा मौन रहेको देखियो।

१९.३. मालपोत कार्यालय चितवनले ईन्टरनेट सेवाका लागि ईन्टरनेट सेवाप्रदायक कम्पनी वर्लडलिङ्कसँग गरेको करार सम्झौतामा मालपोत कार्यालयको मात्र बढी दायित्व उल्लेख गरिएको तर सेवाप्रदायक कम्पनीको कुनै दायित्व उल्लेख गरिएको पाईएन ।

१९.४. विभागमा आउटसोर्स नीति तयार नभएको तथा सेवाप्रदायकहरुसँग सेवा सम्झौता भए तापनि KPI (Key Performance Indicator) को अनुगमन भएको पाइएन । जस्तैः यसै आर्थिक वर्षमा पर्सा कार्यालयमा डिजिटाईजेशन कार्य सम्पन्न गर्ने ठेक्का योजना रहेकोमा विगत तीन महिनादेखि सो कार्य ठप्प रहेको पाइयो । विभागले १२६ कार्यालयको पुरानो श्रेस्ता डिजिजल फर्ममा राख्ने योजना रहेकोमा हालसम्म करीब ३०-३५ कार्यालयको मात्र डिजिटाईजेसन कार्य गरिएको । सम्झौताको शर्तमा सेवाप्रदायकले तोकिएबमोजिमको सेवा प्रदान गर्न असमर्थ भएको खण्डमा सेवा प्रवाह निरन्तर हुने व्यवस्था भएको पाईएन ।

विभागले अत्यावश्यक पर्ने र आफ्नै जनशक्तिबाट सम्पादन गर्न सम्भव हुन नसक्ने कामको लागि मात्र आउटसोर्सिङ्ग गर्ने तथा प्रणाली सञ्चालनका लागि आवश्यक नेटवर्क, डाटाबेश, सिष्टम, सपोर्टमध्ये कुन विषयमा कुन हदसम्म आउटसोर्सिङ्ग गर्ने नीति तयार गरी लागू गर्नुपर्दछ । अति सम्बेदनशील डाटा तथा सूचनामा पहुँच हुनेगरी Core Business Function लाई आउटसोर्सिङ्ग गर्नुहुँदैन । आउटसोर्सिङ्ग गरिएका कामहरु सम्झौताबमोजिम भए नभएको बारे परीक्षण गर्ने र सम्झौतामा रहेको गोपनीयता तथा सुरक्षा जोखिम समेतलाई सम्बोधन हुनेगरी सर्तहरु तोक्नुपर्दछ।

२०. **पूर्वाधार तथा श्रोत साधनको व्यवस्थापन** - निकायहरुमा सूचना प्रविधि प्रणाली सञ्चालन गर्नको लागि बैकल्पिक व्यवस्था सहितको विद्युत आपूर्ति तथा ईन्टरनेट सेवा उपलब्ध हुन सक्ने स्थान, सुरक्षित र सुविधायुक्त भवन, कार्य वातावरण सहितको वातानुकुलित कोठा, कार्यप्रकृति अनुसारको फर्निचर, सेवाग्राहीमैत्री कार्यकक्ष र कार्य वातावरण, नवीनतम प्रविधि मैत्री उपकरण आदि न्यूनतम पूर्वाधारको आवश्यकता पर्दछ । विभाग र अधिकांश मालपोत कार्यालयहरुमा आधारभूत पूर्वाधारको कमी रहेको र भएका भवन तथा पूर्वाधार समेत जीर्ण रहेको देखियो । मालपोत कार्यालय पर्सामा कार्यालय भवन ज्यादै पुरानो भएका कारण भत्केको छत झर्ने त्रासमा रहेर नैं कर्मचारीले काम गर्नुपर्ने अवस्था देखियो । मोठ तथा कागजातहरुको भण्डारण उचित तवरमा नहुँदा मुसाले खाएर नष्ट गरेको, च्यातिएको र मक्किएको अवस्थामा रहेको पाईयो। जसका कारण कागजातहरु डिजिटाईजेशनमा समेत समस्या आउने देखियो । सेवा प्राप्त गर्ने प्रकृया कष्टकर भएको कारण सेवाग्राहीको सन्तुष्टिमा कमी रहेको पाइयो । जस्तैः कार्यालयमा सेवाग्राहीको लाइन व्यवस्थापन गर्न टोकन प्रणाली लागु गरेको पाइएन । मोरङ्गको बेलबारी मालपोत कार्यालयमा २०७७।११।१२ गते सूचना प्रविधि लेखापरीक्षण अवधिमा एउटा औँठा छाप लगाउने मेशिन बिग्रेको र सो मेशिनको अतिरिक्त मौज्दात समेत जिन्सीमा नभएका कारण कार्यालय समयमा सेवा अवरुद्ध भएको पाईयो ।यस्ता उपकरणहरु विभागले नैं खरिद गरेर उपलब्ध गराउने गरेको र सोका लागि कार्यालयमा बजेट विनियोजन नहुने हुँदा खरिद गर्न नसकिएको कार्यालयको भनाई रहेको छ ।

लेखापरीक्षणको क्रममा भ्रमण गरिएका चितवन, बेलबारी, दमक, भद्रपुर र पर्सा कार्यालयहरुमा ईन्भर्टर र ब्याट्रीको अवस्था जीर्ण भएको पाईयो । ब्याट्रीमा पानी कम भई काम नगर्ने अवस्थामा पुगेको देखियो । विद्युत प्रवाहको बिकल्पको लागि जडान गरेको जेनेरेटरको पनि नियमित मर्मत नहुने गरेको पाईयो जसका कारण कार्यालयमा जेनेरेटर हुँदाहुँदै पनि विद्युत लाईन अबरुद्ध हुँदा प्रणाली निरन्तर सञ्चालन हुनसक्ने अवस्था देखिएन । सर्भर कोठामा धुलो, फाइल पोकाहरु, नेटर्वकिङ तारहरुको प्रभावकारी व्यवस्थापन नभएको, उपकरणहरुको ट्यागिङ्ग नगरिएको तथा अग्नी निवारक यन्त्र समेत जडान भएको पाईएन । यसरी कार्य वातावरण सहितको पूर्वाधार नहुँदा तथा श्रोत साधनको समेत अभाव रहँदा सूचना प्रविधि प्रणाली प्रभावकारीरुपमा सञ्चालन हुन

सक्दैन भने कर्मचारीहरुको मनोबल कम हुने र सेवा प्रवाह प्रभावकारी नभई सेवा प्रति आम नागरिकको गुनासो तथा असन्तुष्टि समेत बढ्न जाने देखिन्छ ।

विभाग तथा मातहतका कार्यालयहरूमा उचित पूर्वाधार तथा आवश्यक उपकरणहरु चुस्त दुरुस्त अवस्थामा राख्नुपर्दछ ।

२१. **आर्थिक कारोवारको अभिलेख** - सूचना प्रविधिमा आधारित प्रणाली मार्फत गरिएको काम कारबाही पारदर्शी र जवाफदेही हुनुपर्दछ। LRIMS प्रणालीले कार्यालयको Real Time मा वित्तीय अवस्था समेट्ने गरेको पाईएन भने प्रणालीमा रिकन्सिलिएसन मोड्युल भए तापनि सो उपयोग गरेको पाइएन । RIMS मा भएको रकम दाखिलालाई नैं आम्दानी मानी वित्तीय विवरण तयार गर्ने गरेको पाइयो । LRIMS र RIMS प्रणाली बीच Interface कायम गराउने सम्बन्धमा पहल भए तापनि हाल दुबै प्रणालीबीच Interface कायम रहेको पाइएन । सङ्कलन भएको राजस्वको दैनिक तथा आवधिकरुपमा बैङ्क हिसाब मिलान गर्नुपर्नेमा सो गरेको पाईएन । पर्सा कार्यालयमा रजिष्ट्रेशन शाखाले लेखा शाखालाई रेकर्ड उपलब्ध नगराएको कारण आम्दानीको लेखाङ्कन गरिएको देखिएन । यसले गर्दा कार्यालयले सङ्कलन गरेको राजश्व र सोको हिसाव सही छ र वित्तीय विवरणले वित्तीय अवस्थाको सही र यथार्थ चित्रण गरेको छ भन्न सक्ने अवस्था रहेन ।

सबै आर्थिक कारोवारलाई LRIMS मा समेटी रियल टाईम मै वित्तीय विवरण तयार गर्ने गरी LRIMS मा व्यवस्था गर्नुपर्दछ र अनिवार्यरुपमा बैंकसँग हिसाब भिडान तथा मिलान गर्नुपर्दछ । प्रणाली मार्फत गरिएको आर्थिक कारोबारलाई अधिकारप्राप्त पक्षबाट सिष्टम अडिट, सेक्युरिटी अडिट तथा भेरिफिकेसन गराई दाखिला भएको राजस्व, दस्तुर, दण्ड, जरिवाना जस्ता आम्दानी कानुनसम्मत रुपमा सङ्कलन तथा दाखिला भएको छ भनि प्रमाणीकरण गराउनुपर्दछ ।

२२. **प्राविधिक कर्मचारीको क्षमता अभिवृद्धि** - सूचना प्रविधिको क्षेत्रमा भएका नवीनतम आयामहरुमा अभ्यस्त बनाउन र कार्यालयमा प्रयोग गरिएको एप्लिकेशन तथा सूचना प्रविधि उपकरणहरु सञ्चालनमा समेत दक्षता अभिवृद्धि गर्नका लागि कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्नुपर्दछ । विभाग र अन्तर्गतका मालपोत कार्यालयहरुमा करार तथा स्थायी सेवा गरी जम्मा २३३ कर्मचारी सूचना प्रविधि प्राविधिकका रुपमा कार्यरत रहेकोमा यो वर्ष प्राविधिक र अप्राविधिक गरी जम्मा २११४ कर्मचारीले मात्र क्षमता अभिवृद्धि तालिमको अवसर प्राप्त गरेको पाईयो । बजेट शीर्षक नं २.७.२५.८१ मा PAM को तालिम र बजेट शीर्षक नं २.७.२५.८२ मा LRIMS को तालिमको लागि रु. ५३,००,०००।– बजेट व्यवस्था भएअनुसार विभागले तालिम सञ्चालन गरे तापनि सबै कर्मचारीहरुले तालिम लिन नपाएकोले प्राविधिक कर्मचारीहरुको क्षमता विकासलाई प्राथमिकता दिएको पाईएन । तालिमको अवसर प्राप्त गरेका कर्मचारीहरु पनि तालिम पश्चात कतिपय कर्मचारीहरु अन्यत्र सरुवा भै जाने गरेका छन् । कतिपय कर्मचारीहरुले काम गर्दै सिक्दै गरेको अवस्था रहेको पाइयो भने कतिपय कर्मचारीहरुमा तोकिएको विशेष प्राविधिक जिम्मेबारी पुरा गर्नको लागी न्यून दक्षता रहेको पाईयो । कार्यालयहरुमा धेरैजसो सूचना प्रविधि प्राविधिक कर्मचारीहरु करारमा रहेका र कतिपयलाई सूचना प्रविधिका यन्त्र उपकरण, ईन्टरनेट तथा नेटवर्किङ्ग, विद्युत प्रवाहसम्बन्धी सामान्य भन्दा सामान्य कुराहरुको समेत ज्ञान नहुँदा सानोतिनो समस्या आईपर्दा कार्यालय भित्रैका कर्मचारीबाट तत्काल समाधान हुन नसकी सेवा सम्झौता गरेका निजी प्राविधिकहरुलाई कुरेर बस्नुपर्दा सेवा अवरुद्ध समेत हुने गरेको पाईयो । कर्मचारीहरुको क्षमता

विकासका लागि डाटाबेस, सिष्टम, नेटवर्किङ्ग एडमिनिष्ट्रेसन तथा डाटा सेन्टरसम्बन्धी तालिम तथा सर्टिफिकेसन कोर्सहरु समेतको अध्ययन गर्ने अवसर उपलब्ध गराउनुको साथै सूचना प्रविधिसम्बन्धी सेमिनार, कार्यशाला गोष्ठी, अवलोकलन, भ्रमण लगायतका कार्यक्रमहरु सञ्चालन गरेर नवीनतम प्रविधिसँग अभ्यस्त र अद्यावधिक गर्नु उपयुक्त हुने देखिन्छ । कर्मचारीहरुको क्षमता विकासका लागि निरन्तररुपमा तालिमको व्यवस्था नगर्दा सूचना प्रविधिको क्षेत्रमा भएका नवीनतम विषयहरुको जानकारी नहुनाले सेवा प्रवाह समेत प्रभावकारी हुन सक्दैन ।

विभागले नयाँ तथा कार्यरत प्राविधिक कर्मचारीहरुको सीप विकासको लागि अल्पकालीन तथा दीर्घकालीन क्षमता अभिवृद्धि योजना बनाई तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२३. **लिलाम विक्री र मिन्हा** - सूचना प्रविधि यन्त्र तथा उपकरणहरुले भण्डारण गर्ने तथ्याङ्क, विवरण तथा अभिलेख सुरक्षित र व्यवस्थित तरिकाले राख्नुपर्दछ । विद्युतीय यन्त्र तथा उपकरणहरुको लिलाम विक्री वा मिन्हा गर्नुपूर्व उपकरणहरुमा रहेको डाटा एवं सूचनालाई पूर्णरुपमा नष्ट गरिए पश्चात लिलाम वा मिन्हा गर्नुपर्दछ । विभागमा सूचना प्रविधि उपकरणमा भण्डारण गरिएको सूचना लिलाम विक्री गर्नुपूर्व नष्ट गर्ने नीति रहेको पाइएन । विभागले उपलब्ध गराएको २०७६/७७ जिन्सी निरीक्षण प्रतिवेदनअनुसार क्यामेरा - ४, सर्भर - २, मोबाईलसेट - ५, ल्यापटप - ३५, फायरवाल - १, कम्प्युटर - ३१, युएसबि सपोर्ट एक्सटर्नल हार्डडिस्क - ७ लिलाम विक्री गर्नुपर्ने तथा माई एस.क्यु.एल. सर्भर - १, जिन्सी सफ्ट्वयेर- १, विभागको बृत्तचित्र – १ मिन्हा गर्नुपर्ने भनि उल्लेख गरेको छ । यस किसिमका सूचना प्रविधि उपकरणहरुमा लामो समयसम्म सूचना भण्डारण गर्ने हार्ड डिस्क, सिडी, म्याग्नेटिक टेप, म्याग्नेटिक डिस्क, माईक्रो फिल्म, चिप्स, मेमोरी कार्ड, फ्ल्यास स्टोरेज, फ्लपी डिस्क, जिप डिस्क, अप्टिकल डिस्क, डिभिडि, म्याग्नेटो अप्टिकल डिस्क, सिम कार्ड, पेन ड्राईभ जस्ता डिभाईसहरु जडान भएका हुन्छन् । सूचना प्रविधिसम्बन्धी यन्त्र उपकरणहरु लिलाम विक्री वा मिन्हा गर्दा सोमा जडान भएका सूचना भण्डारण गर्ने डिभाईसहरु पनि सँगै लिलाम हुने र भण्डारण भएका सूचनाहरु पनि सँगै जाने भएकाले अति सम्बेदनशील र गोप्य सरकारी सूचना बाहिरिने र दुरुपयोग हुनसक्ने जोखिम रहन्छ । त्यस्ता डिभाईसहरुमा भण्डारण भएका सूचनाहरु साधारण तरिकाले मेटाउँदा **(Delete)** पनि विभिन्न टुल्सहरु प्रयोग गरेर पछि रिकभरी समेत गर्न सकिने हुन्छ ।यस्ता उपकरण तथा मेशिनरीहरुमा जडान भएको भण्डारण डिभाईसहरुलाई चुम्बकीय तथा विद्युतीय पद्धति प्रयोग गरेर निस्तेज गर्न सकिने प्रविधि समेत अन्तर्राष्ट्रिय अभ्यासकोरुपमा रहेको पाईएको छ । साथै यस्ता सूचना भण्डारण गर्ने डिभाईसहरुलाई लिलाम विक्री तथा मिन्हा गर्नुपूर्व सोमा जडान भएका सूचना भण्डारण डिभाइसलाई चुम्बकीय वा विद्युतीय पद्धतिले निस्तेज वा नष्ट गरेर गोप्य तथा अति सम्बेदनशील सरकारी सूचना बाहिरिने जोखिम छैन भन्ने कुरामा सुनिश्चित हुनुपर्दछ ।

सूचना प्रविधि यन्त्र तथा उपकरणहरुको लिलाम विक्री गर्नुपूर्व भण्डारण गरिएका सूचनाको वैकल्पिक सुरक्षित व्यबस्था गरेर लिलाम विक्री तथा मिन्हा गर्नुपूर्व भण्डारण डिभाइसलाई चुम्बकीय वा विद्युतीय पद्धतिले निस्तेज वा नष्ट गरेर गोप्य तथा अति सम्बेदनशील सरकारी सूचना बाहिरिने जोखिम छैन भन्ने कुरामा सुनिश्चित हुनुपर्दछ ।

२४. **परीक्षण तथा जडान** - निकायहरुमा खरिद गरेर ल्याएका, अनुदानमा प्राप्त भएका, अन्यत्रबाट मर्मत सम्भार गरि ल्याएका वा अन्य कुनै तरिकाबाट प्राप्त भएका सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरण तथा सफ्टवेयर सोझै जडान नगरी मूख्य प्रणालीभन्दा बाहिर परीक्षण गर्ने संयन्त्र खडा गरेर सोमा

परीक्षण पश्चात प्रतिवेदनका आधारमा कुनै जोखिम छैन भन्ने विश्वस्त भएपछि मात्र मूख्य प्रणालीमा जडान गर्नुपर्दछ । परीक्षण गर्दा प्राप्त नतिजाका आधारमा ती उपकरणको प्रयोग विधि तथा प्रयोग तरिका, लाइसेन्स अवधि, वारेन्टी तथा ग्यारेन्टी अवधि, उपकरण उपलब्धता अवधि, फेज आउट अवधि, प्रयोग अवधि जस्ता विषयको समेत यकीन गर्नुपर्दछ । विभागले यो वर्ष देहायबमोजिमका यन्त्र उपकरण तथा सफ्टवेर खरिद गरी प्रणालीमा जडान गरेकोमा जडान गर्नुपूर्व यस किसिमको परीक्षण गरेको पाईएन ।

सि.नं.	कार्यक्रम	खरिद भएका यन्त्र उपकरण	संख्या	खरिद रकम
१	Supply & delivery of application server, database server, san storage	Application server Database Server San Storage	१ १ १	३९४६१४१
२	Supply & delivery of branded desktop computer	Desktop computer	७५	४००१८१०
३	Supply & Delivery of Printer, Scanner, Signature Capture device, finger print capture device & web Camera	Printer Scanner Thumb device Signature device Web cam	५० ६० ६० ६० ६०	२२१०२८०
४	Supply & delivery of VPN Router/Firewall & manageable switch	VPN Router Manageable switch	३० ३०	१०१७०००
५	Supply & delivery of IP camaras	IP camera	२०	६९१८५००
		जम्मा		१८०९३७३१

यन्त्र उपकरण तथा सफ्टवेयरलाई परीक्षण नगरी जडान गर्दा भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा रहेका निजी सरकारी तथा गुठीका घरजग्गाको महत्वपूर्ण र मूल्यबान अभिलेखहरुमा भाईरस तथा अन्य प्राविधिक समस्याहरु आई जोखिम सिर्जना हुन सक्दछ ।

विभाग र मातहतका कार्यालयले यन्त्र उपकरण तथा सफ्टवेयरलाई तोकिएको विधि तथा मापदण्ड अपनाएर परीक्षण पश्चात प्राप्त प्रतिवेदनका आधारमा मात्र सम्बन्धित प्रणालीमा जडान गर्नुपर्दछ ।

२५. **पृष्ठपोषण तथा गुनासो व्यवस्थापन** - सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीमा प्रयोगकर्ता, सरोकारपक्ष तथा आम नागरिककाबाट गुनासो तथा सुझाव सहितको पृष्ठपोषण लिने व्यवस्था गरेर प्रणालीलाई थप सुधार तथा अद्यावधिक गर्ने व्यवस्था हुनुपर्दछ । प्रणालीमा गुनासो व्यवस्थापनका लागि टोल फ्री नम्बर, अनलाईन च्याट, कल सेन्टर, सुझाव फारम, सुझावको लागि ईमेल, वेवसाईटमा अनलाईन फिडब्याक फर्म, एसएमएस, उजुरी पेटिका, टेलिफोन तथा मोबाईल नम्बरको व्यवस्था गरेर सोका लागि Quick Response Team बाट प्रतिउत्तर दिने जस्ता तरिकाहरुमध्ये उपयुक्त व्यवस्थाको कार्यान्वयन गरिनुपर्दछ । विभागले सञ्चालनमा ल्याएको प्रणालीमा बारम्बार सर्भर डाउन हुने, ईन्टरनेट सेवा धेरैपटक विच्छेद भैरहने, प्राविधिक कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नहुने र भएकोमा पनि न्यून प्राविधिक ज्ञान हुने, काममा ढिलासुस्ती हुने लगायतका आम नागरिकका यावत गुनासोहरु आउने गरेका साथै सूचना प्रविधि लेखापरीक्षणको क्रममा केही मालपोत कार्यालयमा स्थलगत उपस्थित भएको समयमा समेत कार्यालय समयमा दिनभर नै सेवा अवरुद्ध हुँदा कार्यालय परिसरमा आम सेवाग्राहीको गुनासो रहेको पाईएको थियो । तर सेवाग्राहीबाट आउने गुनासोलाई

पृष्ठपोषणकोरुपमा लिएर प्रवाह गरिने सेवाको गुणस्तरमा सुधार हुनेगरी कुनै संयन्त्र तयार गरेर लागू गरेको पाईएन । त्रुटिलाई गुगल सिटमा (एक्सेल) अभिलेख गर्ने गरिएको भए तापनि त्रुटि सुनुवाइको लागि ग्राहक सेवा केन्द्रको व्यवस्था भएको देखिएन।

यसले गर्दा कार्यसञ्चालनस्तरमा देखिएका गुनासाहरु विभागसम्म नपुग्नाले गुनासो सम्बोधन नहुने र प्रणालीमा समेत थप सुधार तथा अद्यावधिक नहुने सम्भावना रहन्छ । प्रणालीमा देखापर्ने त्रुटीको पहिचान, व्यवस्थापन तथा न्यूनीकरणका लागी टोल फ्री नम्बर, डिजिटल नोटिस बोर्ड, हेल्प डेस्क, गुनासो तथा सुझाव पेटिकाको व्यवस्था गरी प्रयोगकर्ता, सेवाग्राही तथा आमनागरिकको गुनासो तथा सुझाबलाई पृष्ठपोषणकारुपमा लिएर सोलाई समेत सम्बोधन हुनेगरी प्रणालीमा सुधार तथा अद्यावधिक हुने प्रभावकारी संयन्त्रको व्यवस्था गर्नुपर्दछ ।

२६. **अनुगमन र निगरानी** - विभाग तथा कार्यालयहरुमा प्रयोगमा रहेको प्रणालीको नियमित अनुगमन तथा निगरानी गर्नुपर्दछ भने प्रणालीको दैनिक सञ्चालनमा कुनै समस्या नपरोस भन्ने उद्देश्यले कार्यसञ्चालन स्तरका निकायले समेत निरन्तररुपमा निगरानी गर्ने व्यवस्था हुनुपर्दछ । अनुगमन तथा निगरानी सम्बन्धमा देहायबमोजिमका व्यहोरा रहेका छन् :

२६.१. विभागले मालपोत कार्यालयहरुमा सम्पादन हुने अन्य कार्यक्रमहरुको नियमित अनुगमन गर्ने गरेको भए तापनि विभागका प्राविधिकहरुबाट सूचना प्रविधिसम्बन्धी कार्यक्रमको अनुगमन गर्ने गरेको पाईएन । मालपोत कार्यालयहरुमा प्रयोग भएको सर्भर कक्ष अव्यवस्थित रहेको, सम्झौताबमोजिमको भन्दा ईन्टरनेट सेवाको गति कम हुँदा पनि निगरानी नगरेको, भरपर्दो बैकल्पिक विद्युत प्रवाहको व्यवस्था नभएको, नेटवर्किङ्ग तथा प्रणाली सुरक्षा भरपर्दो नहुँदा समेत कार्यालय प्रमुखले निरन्तर सुपरीवेक्षण नगरेको र समस्या समाधानमा समेत प्राथमिकता दिएको पाईएन ।

२६.२. अडिट ट्रेलले महत्वपूर्ण कारोबारको सम्पादन, ओभरराईड र प्रमाणीकरणका लगहरू क्याप्चर गर्नुपर्दछ। त्यस्तै अनाधिकृत गतिविधि निगरानीको लागि समेत अडिट ट्रेलको आवधिक समीक्षा हुनुपर्दछ । विभागले नियमितरुपमा अडिट ट्रेलको समिक्षा गर्ने गरेको पाईएन।

विभागले वार्षिक कार्यक्रम बनाएर प्राविधिक जनशक्तिहरुबाट सूचना प्रविधिको छुट्टै अनुगमन हुने व्यवस्था गर्ने र प्रतिवेदनको आधारमा सुधारको लागि उपयुक्त संयन्त्र बनाउनुपर्दछ भने कार्यालय प्रमुखको कार्य विवरणमा स्पष्ट किटान गरी प्रणाली निरन्तर सञ्चालन भए-नभएको निगरानी गर्ने र सामान्य समस्या सम्बन्धित कार्यालयबाट तुरुन्त समाधान हुने व्यवस्था गर्नुपर्दछ ।

निष्कर्ष

जग्गा प्रशासनसम्बन्धी सेवाहरुलाई Web Based Application मार्फत व्यवस्थापन गर्न नेपाल सरकारले भूमिसुधार तथा मालपोत कार्यालयहरुमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली Land Records Information Management System (LRIMS) कार्यान्वयनमा ल्याएको छ। २०७२।०४।२५ गते मालपोत कार्यालय, कलंकीबाट शुभारम्भ भएको यो प्रणाली हाल १०८ कार्यालयमा सञ्चालनमा रहेको छ । यस प्रणालीबाट भू-अभिलेख तथा श्रेस्ताको व्यवस्थापन, नक्शा संशोधन, क्षेत्रफल सुधार, निर्णय बदर, सरकारको नामको जग्गा संरक्षण र व्यवस्थापन, भोगाधिकार रिलिज, हालसाविक, रोक्का फुकुवा लगायतका सेवाहरु प्रदान गर्नुका साथै यस किसिमका कारोबारबाट

प्राप्त हुने कर, शुल्क, दण्ड, जरिवाना लगायतका महशुल निर्धारण हुने गरेको छ । नेपाल सरकारले जारी गरेको सूचना प्रविधि नीति, भू-सूचना प्रणाली सञ्चालन निर्देशिका लगायतका अन्य कानुनी व्यवस्थाको परिधिमा रहेर यो प्रणाली सञ्चालित छ ।

भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीको पूर्वाधार व्यवस्थापन, सूचना प्रविधिजन्य सम्पत्तिको सुरक्षा, प्रणालीको पर्याप्तता, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्कको गोपनीयता, प्रणालीको सञ्चालनमा प्रचलित कानुन पालनाको परीक्षण एवंम मूल्याङ्कन गरी व्यवस्थापन तथा सञ्चालनमा रहेका जोखिम न्यूनीकरण गर्ने उपायहरु सुझाउने यस लेखापरीक्षणको उद्देश्य रहेकोले विभाग र केही कार्यालयहरुको स्थलगत निरीक्षण समेत गरिएको थियो ।

लेखापरीक्षणको क्रममा देखिएका व्यहोरालाई दफागत रुपमा प्रस्तुत गरी प्रणाली सञ्चालनको जोखिम, तथा न्यूनीकरणका उपाय, सूचना तथा तथ्याङ्कको भण्डारण, गोपनीयता, पहुँच नियन्त्रका उपाय, उपकरणहरुको सुरक्षा, कनेक्टिभिटि, नेटवर्किङ, प्राविधिक जनशक्ति व्यवस्थापन, प्रणाली सञ्चालन तथा व्यवस्थापनका अन्य विषयहरुको अध्ययन तथा विश्लेषणका आधारमा सम्बन्धित व्यहोरामा सुझाब समेत समावेश गरिएको छ । उपरोक्त सुझाबहरूको कार्यान्वयनबाट प्रणालीको सुव्यवस्थापन र सञ्चालनमा कार्यदक्षता र प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क सुरक्षा प्रणाली

परिचय

१. **पृष्ठभूमि** - वि.सं. २०२८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क प्रशोधनमा कम्प्युटरको प्रयोगबाट नेपालमा सरकारी क्षेत्रमा सूचना प्रविधिको उपयोगको थालनी भएकोमा यसको प्रयोग र पहुँचमा वृद्धि भई २०७५/०७६ सम्म ६५.९ प्रतिशत जनसंख्याले ईन्टरनेट सेवामा पहुँच प्राप्त गरेको १४ औं आवधिक योजनाको उपलब्धिले देखाएको छ । त्यस्तै १५ औं आवधिक योजना (२०७६/७७-२०८०/८१) को अन्तसम्म ८० प्रतिशत र वि.सं.२१०० सम्म शत प्रतिशत जनसंख्यामा ईन्टरनेट सेवा पुऱ्याउने लक्ष्य रहेको छ । नेपालमा सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सार्वजनिक सेवा प्रवाहमा समेत यसको उपयोगमा बढोत्तरी हुन थालेको छ । विद्युतीय तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण तथा भण्डारणमा यसको बढी मात्रामा उपयोग हुने गरेको छ भने कागजी माध्यमबाट हुने गरेका दैनिक प्रशासनिक क्रियाकलापहरु समेत डिजिटल माध्यमबाट सम्पादन हुन थालेका छन् । सूचना प्रविधिको उपयोगको क्षेत्र विस्तार भएसँगै वृद्धि हुँदै गएका विद्युतीय तथ्याङ्क तथा सूचनालाई भविष्यमा पनि दीगो तरिकाले उपयोग गर्न सकिने गरी भरपर्दो भण्डारण तथा उच्च सुरक्षाको आवश्यकता पर्ने भएकोले नेपालमा विद्युतीय तथ्याङ्कको भण्डारण तथा सुरक्षा प्रदान गर्नका लागि निजी तथा सरकारी क्षेत्रमा विभिन्न निकायहरुले डाटा सेन्टर सञ्चालन गर्दै आएका छन् । यसरी सञ्चालित डाटा सेन्टरहरुमध्ये नेपालका अधिकांश सरकारी निकायहरुलाई सूचना प्रविधि प्रणाली सञ्चालनमा सहायता गर्न तथा सकारी तथ्याङ्कको दीर्घकालीन भण्डारण र सुरक्षा प्रदान गर्नका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रले एकीकृत डाटा केन्द्र र सूचनाको वैकल्पिक भण्डारण तथा पुनर्स्थापनाको लागि डिजाष्टर रिकभरी केन्द्रको सञ्चालन तथा व्यवस्थपन गरेको छ ।

२. **निकायको परिचय** -सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोग, निरन्तर विकास र यसको गतिशिलताबाट प्राप्त अवसरको उपयोगसँगै नीतिगत तथा संस्थागत चुनौतीहरुको सम्बोधन गर्न र नेपाल सरकारको सूचना प्रविधि क्षेत्रको विकास र प्रवर्द्धन गर्ने उद्देश्यका साथ सन् २००१ मा राष्ट्रिय सूचना प्रविधि केन्द्र (National Information Technology Centre, NITC) को स्थापना भएको हो। यस केन्द्रले मूख्य रुपमा सूचनाको डाटा बैंकको रूपमा काम गर्नुका अलावा सरकारी निकायहरुले सूचना प्रविधिको माध्यमबाट गर्ने काम कारवाहीलाई सूचना प्रविधि सञ्जालमा आवद्ध गरी सूचना आदान प्रदान गर्न र सूचना प्रविधिसम्बन्धी सामग्रीहरूको विकास र विस्तार गर्नमा मद्धत गर्दछ। केन्द्रले सिंहदरवार परिसर भित्र रहेको कार्यालयबाट सेवा सञ्चालन तथा प्रवाह गरिरहेको छ। केन्द्रले हाल परामर्श सेवा, सरकारी डोमेन दर्ता, इमेल सर्भर, सरकारी नेटवर्क व्यवस्थापन, जनशक्ति तालिम, कोलोकेशन सेवा, भर्चुअलाइजेशन र क्लाउड सेवा, वेब होष्टिङ्ग, सफ्टवेयर विकास, डाटा केन्द्र सञ्चालन लगायतका सेवाहरु प्रवाह गर्दै आएको छ ।

सरकारी एकीकृत डाटा केन्द्र (Government Integrated Data Centre, GIDC) राष्ट्रिय सूचना प्रविधि केन्द्रले प्रवाह गर्ने सेवाहरु मध्ये सरकारी एकीकृत डाटा केन्द्रको (Government Integrated Data Centre, GIDC) सञ्चालन मूख्य कार्य हो। राष्ट्रिय सूचना प्रविधि केन्द्रले सिंहदरवार स्थित आफ्नो मूख्य कार्यालय परिसरमा सरकारी एकीकृत डाटा केन्द्र सञ्चालनमा ल्याएको छ। सूचनाको डाटा बैंकको रुपमा कार्य गर्न सरकारी एकीकृत डाटा केन्द्र सन् २००९ मा कोरियाली सरकारको अनुदान सहयोगमा निर्माण भै सञ्चालनमा रहेको छ। डाटा केन्द्रले डाटा भण्डारण, व्यवस्थापन, प्रशोधन तथा सुरक्षण, साझा कम्प्यटिङ्ग स्रोतहरु, ईमेल/इन्टरनेट र वेभसाइट होस्टिङ्ग, सरकारी नेटवर्क

व्यवस्थापन, कोलोकेशन सेवा, भर्चुअलाइजेशन र क्लाउड सेवाका लागि मन्त्रालय, विभाग र अन्य सरकारी एवं सार्वजनिक निकायहरुको एकमात्र आधिकारिक सरकारी डाटा केन्द्रको रुपमा रही सेवाहरु प्रदान गर्दै अएको छ । केन्द्रले पहिलो चरणमा सरकारी निकायको लागि डाटा सेन्टर र इन्टरनेट सेवा प्रदान गर्ने योजना बनाएकोमा पछि यसलाई भण्डारण सञ्जाल (SAN) को रूपमा विकास गरिएको हो।हाल मन्त्रालय, विभाग र अन्तर्गतका निकायले डाटा केन्द्रसँग नेटवर्कद्वारा आवद्ध भएर आफ्नै पिरसरबाट सर्भर, वेभसाईट/इमेल, एप्लिकेशन तथा डाटाबेस सुरक्षित तरिकाले सञ्चालन तथा व्यववस्थापन गर्नसक्ने व्यवस्था गरिएकोछ ।

डिजाष्टर रिकभरी केन्द्र (Disaster Recovery Centre, (DRC) कुनै प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण सिंहदरवार स्थित डाटा केन्द्रले सेवा सुचारु गर्न नसक्ने अवस्था सिर्जना भएमा प्रकोप पुनःप्राप्ति (Disaster Recovery) र सिंहदरवार स्थित डाटा केन्द्रको वैकल्पिक भण्डारण (Backup) को रुपमा सञ्चालन गर्न मकवानपुर जिल्लाको हेटौंडामा डिजास्टर रिकभरी केन्द्रको स्थापना गरिएको छ । कोरियाली सरकारको सहयोग निकाय Korea International Cooperation Agency, KOICA द्वारा नेपाल सरकारका लागि निर्माण गरिदिएको यो रिकभरी केन्द्र २०७६ बैशाख ३१ बाट सञ्चालनमा आएको छ ।

३. **नीतिगत व्यवस्था** - सूचना प्रविधि वातावरणको काम कारवाहीसँग सम्बन्धित नीतिगत व्यवस्थाहरु देहायबमोजिम रहेका छन् :

३.१ आवधिक योजना (२०७६/७७-२०८०/२०८१) ले डिजिटाइजेशन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने रणनीति लिइएको छ । यसका लागि डिजिटल फ्रेमवर्क कार्यान्वयन गर्ने, सार्वजनिक तथा निजी सेवाहरु क्रमशः अनलाइन मार्फत प्रदान गर्ने, डिजिटल नेपाल, सूचना महामार्ग, डाटा सेन्टर, इन्टरनेट एक्सचेन्ज सेन्टर, आधुनिक प्रविधिमा आधारित टेलीफोन, अनलाइन सेवा र विद्युतीय भुक्तानी लगायतका सञ्चार तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधार विकासमा जोड दिने, सरकारी विद्युतीय प्रणालीलाई एकीकृत र अन्तर आवद्ध गर्ने, साइबर सुरक्षा तथा गोपनीयतासम्बन्धी कार्य गर्न साइबर सुरक्षा अनुगमन केन्द्र स्थापना गर्ने प्रमुख कार्यक्रमहरु रहेका छन् ।

३.२ वार्षिक बजेट २०७६/७७ मा सरकारी सेवामा प्रयोग हुने विद्युतीय सूचना र विवरण डिजाष्टर रिकभरी केन्द्र मार्फत सुरक्षित गरिने, विद्युतीय प्रणालीको विश्वसनीयता तथा तथ्याङ्कको सदुपयोग र गोपनीयतामा विशेष ध्यान दिइने, साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न साइबर सुरक्षा प्रणाली सञ्चालन गरिने, डिजिटल नेपाल निर्माण गर्न नागरिक सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक सेवालाई क्रमशः विद्युतीय माध्यमबाट उपलब्ध गराउने प्रणालीको विकास गरिने, आगामी पाँच वर्षभित्र सम्भाव्य सबै नागरिक सेवा र सरकारी आर्थिक कारोवार विद्युतीय माध्यमबाट सम्पन्न गर्न डिजिटल नेपाल फ्रेमवर्कको अवधारणालाई कार्यान्वयनमा ल्याइने, केन्द्रदेखि स्थानीय तहसम्म सर्वसाधारणले मोबाइल एप्सका माध्यमबाट सरल र सहज रुपमा सेवा, सूचना, जानकारी लिन सक्ने र आफ्ना गुनासा प्रकट गर्नसक्ने व्यवस्था गरिने, ज्ञानमा आधारित अर्थतन्त्र विकासका लागि सूचना प्रविधिमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्न ललितपुरको खुमलटारमा राष्ट्रिय ज्ञानपार्क स्थापना गरिने व्यवस्था उल्लेख छ ।

४. **कानुनी व्यवस्थाहरु** - सूचना प्रविधि वातावरणको काम कारवाहीसँग सम्बन्धित कानुनी व्यवस्थाहरु देहायबमोजिम रहेका छन्:

- विद्युतीय कारोवार ऐन, २०६३,

- विद्युतीय कारोवार नियमावली, २०६४,
- सार्वजनिक खरिद ऐन, २०६३,
- सार्वजनिक खरिद नियमावली, २०६४,
- सरकारी निकायको वेवसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०६८,
- सरकारी निकायका मोबाईल एप्सहरुको मापदण्ड, २०७५,
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१,
- ब्रोडव्याण्ड नीति, २०७१,
- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- डिजिटल डाटाको वितरण, प्रयोग र नियमन निर्देशिका, २०६९,

५. **सङ्गठन संरचना र जनशक्ति** - राष्ट्रिय सूचना प्रविधि केन्द्रको सङ्गठन संरचना तथा जनशक्तिको अवस्था देहायबमोजिम रहेको छ :



सिंहदरवारस्थित सरकारी एकीकृत डाटा केन्द्र र हेटौंडा स्थित रिकभरी केन्द्रमा एउटै कार्यकारी निर्देशक सहित जम्मा ४३ दरबन्दी रहेको छ । डिजाष्टर रिकभरी केन्द्रको सँगठन संरचना तथा जनशक्तिको अवस्था देहायबमोजिम रहेको छ :



६. **सूचना प्रविधि लेखापरीक्षणको औचित्यता** - वर्तमान समयमा सार्वजनिक निकायमा सूचना प्रविधिको बढ्दो प्रयोग तथा लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले सूचना प्रविधि लेखापरीक्षण गर्नसक्ने व्यवस्था गरेको छ । साथै नेपालमा सरकारी निकायहरुमा समेत कागज रहित विद्युतीय प्रणालीबाट गरिने काम कारवाहीले प्राथमिकता पाउन थालेको र विद्युतीय तथ्याङ्क तथा सूचना भण्डारण तथा सञ्चालिकरणमा समेत जोखिम बढ्न थालेकाले राष्ट्रिय महत्वका अति सम्बेदनशील तथा गोप्य तथ्याङ्कको भण्डारण तथा सुरक्षाको जिम्मेवारी पाएको एकमात्र आधिकारिक निकाय सरकारी एकीकृत डाटा केन्द्रले व्यवस्थापन गरेको विद्युतीय सूचनाको प्राप्ति, प्रशोधन, विश्लेषण, भण्डारण र सुरक्षाको अवस्थासँग सम्बन्धित समग्र प्रणालीको अध्ययन एवं परीक्षण गर्न आवश्यक देखिएकोले यो लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

७. **लेखापरीक्षणको उद्देश्य** - राष्ट्रिय सूचना प्रविधि केन्द्रद्वारा सञ्चालित सरकारी एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्रमा सूचना प्रविधि पूर्वाधार, प्रणाली, तथ्याङ्क, सूचना लगायतका प्रविधिजन्य तथा विद्युतीय सम्पत्तिको सुरक्षा, प्रयोगमा रहेका सफ्टवेयरहरुको पर्याप्तता तथा उपयुक्तता, सूचना प्रविधि सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाको परिपालना, नियन्त्रण वातावरण र सरकारी सूचना प्रविधि प्रणाली सञ्चालन तथा व्यवस्थापन परीक्षण एवम् मूल्याङ्कन गरी जोखिम न्यूनीकरण गर्ने उपायहरु सुझाउनु सूचना प्रविधि लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ।

८. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि सरकारी एकीकृत डाटा केन्द्र तथा डिजाष्टर रिकभरी केन्द्रलाई लेखापरीक्षणको क्षेत्रमा समावेस गरिएको छ । विगत वर्षमा सञ्चालित क्रियाकलापहरु लेखापरीक्षणको क्रममा परीक्षण मूल्याङ्कन गरिनेछ। सो प्रयोजनको लागि देहायका क्षेत्रलाई लेखापरीक्षणमा समेटिएको छ ।

- एप्लिकेशन प्रणालीको उपयुक्तता (Appropriateness of System),
- प्रविधिको प्रयोग (Use of Technology),
- सूचना प्रविधि पूर्वाधार (IT Infrastructure) एवं सोको उपयोग,
- जनशक्ति व्यवस्थापन (Human Resource Management),
- सफ्टवेयरको प्रभाकारिता (Effectiveness of Software),

- सूचना प्रणालीको गोपनियता (Confidentiality of Information System),
- विद्युतीय तथ्याङ्कको सुरक्षा (Security of Electronic Data),
- नियमितता (Compliance),
- सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान,

९. **लेखापरीक्षण पद्धति** - यो लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय सङ्गठन (ईन्टोसाई) ले जारी गरेको मानदण्ड एवं निर्देशिका र कार्यालयले जारी गरेको सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित विधि र पद्धति अनुरुप सूचना प्रविधि लेखापरीक्षण सञ्चालन गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५(१) मा महालेखापरीक्षकले छनौटको आधारमा सूचना प्रविधि लेखापरीक्षण गर्नसक्ने व्यवस्था रहेको र सोही ऐनमा आर्थिक कारोबार र सोसँग सम्बन्धित कृयाकलापको एक-एक गरी बा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त तथ्य दर्शाउने व्यवस्था छ । लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर समस्यामूलक तथा प्रकृयामूलक पद्धति अवलम्बन गरी सम्बन्धित सफ्टवेयर र प्रणाली परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तर्वार्ता, सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ। यसरी प्राप्त तथ्याङ्क तथा सूचना प्रणालीको प्रमुख कार्य सम्पादन सूचकहरुको सेरोफेरोमा कार्य सम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवम् मूल्याङ्कन गरी सोही आधारमा सुधारको क्षेत्रहरु पहिल्याई मूल्याङ्कन गरेका विषयमा सुधार ल्याउन गर्नुपर्ने कामका सम्बन्धमा सुझाव प्रस्तुत गरिएको छ । लेखापरीक्षणका क्रममा डाटा केन्द्र, सिंहदरवार र डिजाष्टर रिकभरी केन्द्र, हेटौंडाको स्थलगतरुपमा व्यवस्थापन तथा सञ्चालन प्रणाली कार्यान्वयनको अवस्था बारे अवलोकन एवम् परीक्षण गरिएको थियो ।

लेखापरीक्षण समापन गर्नु अगाडि परीक्षणबाट देखिएका प्रमुख व्यहोरा उपर व्यवस्थापनसँग मिति २०७८/०३/२७ मा बहिर्गमन बैठक गरिएको थियो ।

यो लेखापरीक्षण सञ्चालन गर्न लेखापरीक्षण टोलीमा निर्देशक (सूचना प्रविधि) श्री रमेश राज सुवेदी, कम्प्युटर अधिकृत श्री दिपक पौडेल, कम्प्युटर अधिकृत श्री सुवास अधिकारी, लेखापरीक्षण अधिकारी श्री विष्णु प्रसाद पौड्याल, परामर्शदाता श्री शैलेन्द्र उप्रेती र परामर्शदाता श्री हेमन्तराज बरालको संलग्नता रहेको थियो ।

१०. **लेखापरीक्षणका सीमाहरु** - लेखापरीक्षणका अन्तरनिहीत जोखिम, नमुना छनौट, कारोबार र प्रणालीको जटिलता, समयको कमी, कोभिड-१९ को महामारी, स्रोत साधनको अपर्याप्तता जस्ता कारणले प्रमाण संकलन, छलफल तथा विश्लेषण लगायतका विषयहरु सीमित गरेको छ । लेखापरीक्षणले सरकारी एकीकृत डाटा केन्द्रको सञ्चालन तथा व्यवस्थापनको क्षेत्र मात्र समेटेको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

उपलब्ध भएका विवरण, सूचना तथा कागजातका आधारमा नमूना छनौट गरी लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन्:

११. **सूचना प्रविधि सुशासन** - सूचना प्रविधि सुशासनको प्रभावकारी अवलम्बनले मात्र अपेक्षित सेवा प्रवाहको सुनिश्चतता प्रदान गर्ने भएकाले निकायहरुमा सूचना प्रविधि सुशासनको परिपालना भए नभएको सम्बन्धमा अनुगमन गर्न सूचना प्रविधि निर्देशक समिति गठन गर्नु पर्दछ । निर्देशक समितिले आवधिक समिक्षा गर्ने र कार्यसम्पादन मापनको स्थितिबारे माथिल्लो व्यवस्थापनलाई प्रतिवेदन पेश गरी स्वीकृत, सुधारात्मक कार्यहरूको लागि सुझाव समेत पेश गर्नुपर्दछ। केन्द्रमा सूचना प्रविधि निर्देशक समिति गठन भएको पाईएन । जसले गर्दा सूचना प्रविधि सुशासन कायम गर्न कठिनाई पर्ने देखिन्छ ।

सूचना प्रविधिको अवलम्बन र कार्य सम्पादनको नियमित समीक्षा गरी व्यवस्थापनलाई प्रतिवेदन पेश गर्न, थप सुधारात्मक कार्यको लागि सिफारिस गर्न तथा कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन गर्न सूचना प्रविधि निर्देशक समिति गठन गरी प्रविधिको प्रयोगमा सुशासन कायम गर्नुपर्दछ ।

१२. **सूचना प्रविधि नीति तथा कार्यविधि** - निकायहरुले सूचना प्रविधिको अवलम्बन गरी सेवा प्रवाह गर्दा पूर्वाधारको निर्माण, प्रणालीको स्थापना, सञ्चालन, सम्भार लगायतमा बजेट, जनशक्ति व्यवस्थापन र समयका हिसाबले ठूलो लगानी व्यहोर्नुपर्ने हुँदा यस्तो प्रणाली दीगो, भरपर्दो र उच्च गुणस्तरको सेवा प्रवाहको लागि सक्षम हुनुपर्दछ। यसका लागि निकायले सूचना प्रविधि सम्बन्धी आवश्यक नीति बनाई लागू गर्नुपर्दछ । यस किसिमका नीतिहरुमा सूचना प्रविधि नीति, सुरक्षा नीति, व्यापार निरन्तरता योजना, प्रकोप पुनर्स्थापना योजना, हार्डवेयर नीति, सफ्टवेयर नीति, डाटाको व्याकअप, गोपनीयता र पहुँच सम्बन्धी नीति, परिवर्तन व्यवस्थापन नीति, सूचना तथा सञ्चार प्रविधि प्रशिक्षण नीति, तेस्रो पक्ष उपयोग नीति, घटना प्रतिक्रिया लगायतका नीतिहरु पर्दछन्। निकायले सञ्चालन गरेको प्रणाली कति भरपर्दो, सुरक्षित र गुणस्तरीय छ भन्ने कुरा अवलम्बन गरिएका नीति तथा कार्यविधिका आधारमा मूल्याङ्कन हुने गर्दछ। नीतिको अभावमा सूचना प्रविधि प्रणाली र सम्वद्ध पूर्वाधारहरुको प्रभावकारी रुपमा व्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा कार्यदिशा स्पष्ट हुन सक्दैन। यस सरकारी एकीकृत डाटा केन्द्रले उल्लेखनीय रुपमा सूचना प्रविधि सम्बन्धी आवश्यक नीति तथा कार्यविधिहरु तयार गरेको पाईएन । डाटा केन्द्र सञ्चालनमा पहुँच नीति नहुँदा सुरक्षा तथा गोपनीयता भङ्ग हुन सक्ने जोखिम, व्यापार निरन्तरता सम्बन्धी नीति नहुँदा भविष्य गर्नुपर्ने कामको योजना हुन नसकेको जस्ता समस्याहरु समेत रहेका छन् ।

केन्द्रले प्रवाह गर्ने सेवाको प्रकृति तथा सूचना प्रविधि प्रणालीको प्रकृति अनुसार आवश्यक पर्ने नीतिहरु बनाएर अवलम्बन गर्नुपर्दछ । साथै यस्ता नीतिहरुको कार्यान्वयनको लागि कार्यविधि समेत बनाएर लागू गर्नुपर्दछ ।

१३. **महत्वपूर्ण सूचनाको अभिलेख** - सूचना प्रविधि प्रणाली सञ्चालन गरेका निकायहरुले सूचना प्रविधि सम्बन्धी सबै दस्ताबेज, कागजात र महत्वपूर्ण सूचना आवश्यक परेको बेला हेर्न, पढ्न र प्रयोग गर्न मिल्ने गरी लिखित रुपमा वा सफ्टवेयरमा व्यवस्थित अभिलेख राख्नुपर्दछ । यो केन्द्र सरकारी निकायहरुको डाटा केन्द्रको रुपमा सञ्चालित भएको हुनाले कतिपय सूचना आकस्मिक रुपमा प्रयोग गर्नुपर्ने र अधिकांश सूचना लामो समयसम्म अभिलेख गरी राख्नुपर्ने हुनसक्दछ । यस्ता अभिलेखहरुमा यन्त्र उपकरण जस्ता सम्पत्तिहरुको अभिलेख, खरिद गरिएको सफ्टवेयर र यसको नियमित रुपमा अद्यावधिक गर्नुपर्ने अवधि, हार्डवेयरको प्रयोग गर्न मिल्ने आयु, लाईसेन्स अवधि र अवधि बाँकी रहेको लाईसेन्स, ईमेल सर्भरको लाईसेन्स अवधि, विद्युत आपूर्तिको वैकल्पिक श्रोतकोरुपमा प्रयोग भएका ब्याट्रीमा पानी फेर्ने अवधि, अग्नि निवारक यन्त्रको ग्याँस फेर्ने समय जस्ता विषयहरु पर्दछन् । सर्भर ऱ्याकमा रहेको सर्भरहरुको एकमुष्ट विवरणका साथै कार्यालयहरुमा जडान भएको ईन्टरनेट लाईनमा

कुनै समस्या भएमा सम्पर्क व्यक्तिको विवरण समेत अभिलेख गरेको पाइएन। यस्ता सूचना केन्द्रका निश्चित कर्मचारी तथा पदाधिकारीहरुलाई मात्र थाहा हुने र उनीहरु केन्द्रमा उपस्थित हुन नसकेको अवस्थामा कुनै समस्या आईपरेमा तुरुन्तै समाधान हुन नसकी सेवा प्रवाहमा असर पर्न सक्ने जोखिम देखियो । सेवा सञ्चालनसँग सम्बन्धित विवरण, तथ्याङ्क, कागजात व्यवस्थित तवरले अभिलेखीकरण नगर्दा निकायको लेखा-हिसाब तथा जिन्सी भण्डारण व्यवस्थापनमा समेत असर पर्दछ। त्यसैगरी लाइसेन्स नवीकरण हुने अवधि, अपडेट गर्ने अवधि, प्रयोग आयु सकिने मिति, सम्झौता समाप्त हुने अवधि जस्ता विषयमा जानकारी नहुने र खरिद, मर्मत सम्भार, व्यवसाय निरन्तरता, आदि विषयमा भावि योजना बनाउन समेत सूचना उपलब्ध नहुने देखिन्छ ।

केन्द्रले कार्यालयका कुनै कर्मचारीलाई जिम्मेबारी तोकेर नै सेवा सञ्चालनसम्बन्धी सम्पूर्ण दस्तावेज, प्रमाण, कागजात, सम्झौता, तथ्याङ्क आदिको सुरक्षित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

१४. **डाटा सेन्टरको गुणस्तर परीक्षण र स्तर निर्धारण (स्तर / रेटिङ्गस्)** - कुनै निकायले सञ्चालन गरेको डाटा सेन्टर तोकिएको मापदण्ड अनुसारको छ वा छैन भन्ने निश्चित र विश्वस्त हुनको लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त स्वतन्त्र निकायबाट परीक्षण गराएर प्रमाणपत्र प्राप्त गरेको हुनुपर्दछ र प्रमाणपत्र प्रदान गर्ने निकायको मापदण्ड तथा मार्गदर्शनअनुसार नियमित रुपमा आन्तरिक तथा वाह्य परीक्षण समेत गराउने गर्नु पर्दछ। विश्वव्यापी मान्यता र असल अभ्यास अनुसार डाटा सेन्टर सञ्चालन गर्न ISO (Quality Management Systems 9001:2015, IT Service Management20000, Information Security Management 27001) अनुसार मान्यता प्राप्त गर्नुपर्दछ। साथै, क्रेडिट कार्ड वा विद्युतीय भुक्तानी प्रणालीमा आवद्ध हुन Payment Card Industry Data Security Standard, PCI/DSS को मान्यता प्राप्त गर्नुपर्दछ। विश्वका अधिकांश मुलुकहरुमा सञ्चालित र नेपालकै पनि निजी संस्थाहरुले सञ्चालन गरेका सबैजसो डाटा सेन्टरहरुले मान्यता प्राप्त स्वतन्त्र निकायबाट गुणस्तर परीक्षण गराई मानक पुरा भएको प्रमाण पत्र प्राप्त गरेका र नियमितरुपमा आन्तरिक तथा वाह्य परीक्षण समेत गराउने गरेका छन् ।यस सरकारी एकीकृत डाटा केन्द्र र हेटौंडास्थित डिजाष्टर रिकभरी केन्द्रले हालसम्म आफ्नो डाटा सेन्टरको मान्यताप्राप्त स्वतन्त्र निकायबाट गुणस्तर परीक्षण गराई प्रमाणपत्र प्राप्त गरेको छैन ।यसरी हालसम्म बाह्य निकायबाट प्राविधिक परीक्षण नगराएको हुनाले संचालित डाटा सेन्टर पूर्वाधार, वातावरण, सुरक्षा, पहुँच, प्रकोप व्यवस्थापन आदि दृष्टीकोणबाट तोकिएको मापदण्ड अनुसारको र प्राविधिक रुपमा सुरक्षित छ भन्ने आधार रहेन । साथै डाटा सेन्टरमा रहेको सरकारी सूचना दिगोरुपमा र सुरक्षित तरिकाले भण्डारण भएको छ भनि विश्वस्त हुने अवस्था रहेन । केन्द्रले हालसम्म पनि त्यस्तो मान्यता प्राप्त नियकाबाट परीक्षण गराएर गुणस्तर प्रमाणपत्र लिने तर्फ कुनै योजना समेत बनाएको पाईएन ।

सरकारी एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्रको मान्यता प्राप्त स्वतन्त्र निकायबाट गुणस्तर परीक्षण गराई डाटा केन्द्रको समग्र अवस्था तोकिएको मानदण्ड अनुसारको छ भनि प्रमाणपत्र लिएर र त्यस्ता निकायहरुका मापदण्ड तथा मान्यताहरुको पालना गरी नियमित रुपमा आन्तरिक तथा वाह्य परीक्षण गराई सेवा प्रवाहका सम्बन्धमा आश्वस्तता प्रदान गर्नुपर्दछ । साथै एकीकृत डाटा केन्द्रको स्तर निर्धारण समेत गराउनुपर्दछ ।

१५. **जनशक्ति व्यवस्थापन** - डाटा केन्द्रको व्यवसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकताहरू सम्बोधन हुनेगरी जनशक्ति व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । केन्द्र र डिजास्टर रिकभरी केन्द्र हेटौंडाको सँगठनात्मक संरचना अनुसार कार्यकारी निर्देशक -१, उप-निर्देशक -१, निर्देशक -१, सहायक निर्देशक-१, कम्प्युटर इन्जिनियर-१०, इलेक्ट्रिकल इन्जिनियर-२,

सिष्टम एडमिनिष्टेटर-२, प्रशासकीय अधिकृत-२, लेखा अधिकृत—१ (नेपाल सरकारको स्थायी दरबन्दी), सूचना संरक्षण अधिकृत-१ र अन्य सहायक स्तरका कर्मचारीहरु-२२ जना गरी जम्मा-४३ (केन्द्रमा-२७ र हेटौंडामा १६) कर्मचारी को करार दरबन्दी स्वीकृत रहेको छ। डाटा सेन्टर सञ्चालनमा संलग्न जनशक्तिले कामको प्रकृति अनुसारको विशिष्ट योग्यता, विज्ञता, सीप र दक्षता हासिल गरेको हुनुपर्दछ। डाटा सेन्टर अविच्छन्न (२४X७X३६५) सुचारू राख्नुपर्ने भएकोले विशेष दक्षता प्राप्त जनशक्ति डाटा सेन्टरमा जुनसुकै बखत निरन्तर उपस्थित हुनुपर्दछ ।सोका लागि नेटवर्क, डाटाबेस, कुलिङ्ग, पावर, नेटवर्किङ्ग तथा अन्य पूर्वाधार बारे विज्ञ र सम्बन्धित विषयमा प्रमाणपत्र प्राप्त दक्ष जनशक्ति व्यवस्था गर्नु पर्दछ। जस्तैः डेटा सेन्टर पूर्वाधार तर्फ CDCP/ CDCS/ CDCE, नेटवर्क र सेक्युरिटी तर्फ CCNA/ CCNP (Cisco), JNCIA, JNCIS, JNCIP, JNCIE (Juniper), डाटावेस तर्फ IBM (System Administrator), Oracle (Database Administrator) योग्यता भएका कर्मचारीहरुको आवश्यकता पर्नेमा सोअनुसारको व्यवस्था हुन सकेको छैन । जनशक्ति व्यवस्थापन सम्वन्धमा देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छन्:

१५.१ यस डाटा केन्द्रमा कामको प्रकृति अनुसार फरक-फरक र विशिष्टिकृत योग्यता भएका जनशक्तिको अभाब रहेका कारण सीमित व्यक्तिलाई धेरै क्षेत्रको र धेरै प्रकारको कामको जिम्मेबारी दिईएको पाईयो। इन्जिनियर पद अन्तर्गत डाटाबेश इन्जिनियर, सिष्टम इन्जिनियर, नेटवर्क इन्जिनियर, डाटा सेन्टर इन्जिनियर जस्ता पद सिर्जना नभएको कारण कम्प्युटर इन्जिनियरलाई नैं उपरोक्त विषयहरू हेर्ने गरी जिम्मेवारी दिइएको छ । जसका कारण विशिष्टिकृत कामको लागि बाह्यपक्षसँग निर्भर हुनुपर्ने स्थिति सृजना भएको देखियो । डाटा सेन्टरमा दक्षता हाँसिल गरेका जनशक्ति स्थायी सेवाका नभई करार सेवा अन्तर्गत रहेकाले जुनसुकै बेला केन्द्र छाडी अन्यत्र काम गर्न जान सक्ने जोखिम रहेको पाइयो । करार सेवामा कार्यरत जनशक्तिको लामो समयसम्म रोजगारीमा रहने सुनिश्चितता तथा बृत्ति विकास र पदोन्नतिको समेत निश्चित नहुने हुँदा अनुभव र तालिम प्राप्त गरी दक्षता हाँसिल गरेपश्चात डाटा केन्द्रको काम छोडेर अन्यत्रै जाने अनुपात बढ्दो क्रममा रहेको समेत पाईयो । त्यसैगरी सूचना प्रविधिमा दक्षता हाँसिल गरेका जनशक्ति अन्यत्र गएमा वा अवकाश भएमा निजको कार्यभार सम्हाल्ने गरी जनशक्ति तयार (Succession Plan) गर्ने तथा डाटा केन्द्रको काम छोडेर अन्यत्र जाने अनुपात (Employee Turnover Ratio) कम गर्न र केन्द्रमा जनशक्ति टिकाईराख्न (Employee Retention) समेत कुनै योजना तयार गरी लागू गरिएको पाईएन ।

१५.२ डिजाष्टर रिकभरी केन्द्र हेटौंडाको लागि जिम्मेबारी तोकिएको कर्मचारी लामो समयसम्म डाटा केन्द्र मै कार्यरत रहने गरेको र काठमाडौंमा दरबन्दी भएको कर्मचारी समेत लामो समयसम्म हेटौंडमा खटाईएको साथै पटक-पटक जिम्मेबारी परिवर्तन भैरहने कारण कार्य सम्पादनमा समेत असर पर्ने देखियो । अधिकांश सरकारी मन्त्रालय तथा निकायहरुको अति महत्वपूर्ण र गोप्य सूचना भण्डारण हुने तथा अत्यावश्यक सेवा प्रदान गर्ने डाटा सेन्टर जस्तो सम्वेदनशिल निकायमा नेपाल सरकारका स्थायी पदका कुनै कर्मचारीको दरबन्दी नभएकाले उत्तरदायित्व तथा जिम्मेवारी बहनको दृष्टिकोणबाट समेत सुनिश्चतता हुन नसकेको देखिन्छ ।

१५.३ सूचना प्रविधिको क्षेत्रमा भएका नवीनतम आयामहरुमा अभ्यस्त बनाउन र केन्द्रमा प्रयोग गरिएको एप्लिकेशन तथा सूचना प्रविधि उपकरण तथा प्रणाली सञ्चालनमा समेत दक्षता अभिवृद्धि गर्नका लागि कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्नु पर्दछ। सरकारी एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्रमा गरी जम्मा ४३ (केन्द्रमा-२७ र हेटौंडामा १६) जना कर्मचारीहरु कार्यरत रहेकोमा यो वर्ष प्राविधिक र अप्राविधिक गरी जम्मा ८ कर्मचारीले मात्र

क्षमता अभिवृद्धि तालिमको अवसर प्राप्त गरेको पाईयो । सो बापत रू.१३ लाख खर्च भएको देखियो । तालिमको अवसर प्राप्त गरेका कर्मचारीहरु पनि तालिम पश्चात कतिपय कर्मचारीहरुको सरुवा हुने र कतिपयले रोजगारी छोडेर समेत जाने गरेको पाईयो। कतिपय कर्मचारीहरुले काम गर्दै सिक्दै गरेको अवस्था रहेको पाइयो भने कतिपय कर्मचारीहरुमा तोकिएको विशेष प्राविधिक जिम्मेवारी पुरा गर्नको लागि न्यून दक्षता रहेको पाईयो। केन्द्रमा एक लेखा अधिकृत बाहेक सबै कर्मचारीहरु करार सेवामा रहेका र कतिपय कर्मचारीलाई सूचना प्रविधिका यन्त्र उपकरण, ईन्टरनेट तथा नेटवर्किङ्ग, विद्युत प्रवाहसम्बन्धी विशिष्ट ज्ञानको कमीले कुनै जटिल समस्या आईपर्दा केन्द्रका आफ्नै जनशक्तिबाट तत्काल समाधान हुन नसकी सेवा सम्झौता गरेका निजी सेवाप्रदायकमा भर पर्नुपर्ने देखियो ।

डाटा सेन्टरले जनशक्ति पहिचान, भर्ना, तालिम, Succession Plan, Employee Retention Plan सहितको जनशक्ति व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१६. **कनेक्टिभिटी (इन्टरनेट / ईन्ट्रानेट)** - डाटा केन्द्र, निकाय, प्रयोगकर्ता, डिजाष्टर रिकभरी केन्द्र तथा आम सरोकारपक्षहरुबीच सम्बन्ध स्थापित गराउने काम कनेक्टिभिटीबाट मात्र सम्भव हुने गर्दछ । यी पक्षहरुबीच निरन्तर रुपमा सञ्चार सम्बन्ध स्थापित गर्नको लागि भरपर्दो ईन्टरनेट/ईन्ट्रानेट कनेक्टिभिटी हुनुपर्दछ । सेवाप्रदायकले प्रदान गर्ने ईन्टरनेटको गुणस्तर, वैकल्पिक व्यवस्था, सूचना प्रणालीको आकार अनुसारको ईन्टरनेटको क्षमता तथा उपयुक्त नेटवर्किङ्ग संरचना भएमा मात्र कनेक्टिभिटी भरपर्दो हुन्छ । केन्द्रमा सधैं नेटवर्क उपलब्धता बनाई राख्न (Continuous Availability of Network) तथा एकल अवरोध बिन्दु (Single Point Failure) लाई न्यून गर्न वैकल्पिक व्यवस्था सहितको इन्टरनेट तथा इन्ट्रानेट कनेक्टिभिटीको व्यवस्था हुनु पर्दछ । एउटा सेवाप्रदायक कम्पनीको ईन्टरनेट सेवामा समस्या आएमा तुरुन्तै र स्वचालित रुपमा वैकल्पिक सेवाप्रदायक कम्पनीको ईन्टरनेट प्रयोग हुनसक्ने गरी व्यवस्था मिलाईएको हुनुपर्दछ । यो केन्द्र एकमात्र सरकारी डाटा सेन्टरको रुपमा रहेकोले केन्द्रलाई उच्च उपलब्धता (High Availability) को अवस्थामा रहन आवश्यक हुन्छ । यस डाटा केन्द्रमा कनेक्टिभिटीको लागि हाल नेपाल टेलिकमबाट २ जीबीपीएस बराबरको इन्टरनेट जोडिएको छ र कनेक्टेभिटीको वैकल्पिक व्यवस्थाका लागि अर्को कुनै सेवा प्रदायकबाट इन्टरनेट सेवा लिएको छैन । नेपाल विद्युत प्राधिकरणसँग करार सम्झौता गरी डार्क फाईबर मार्फत डाटा केन्द्र र हेटौडास्थित डिजाष्टर रिकभरी केन्द्रबीच कनेक्सन स्थापित गरिएको छ। ईन्टरनेटको वैकल्पिक व्यवस्था समेत नगरी एउटैमात्र सेवा प्रदायकमा भर परिरहँदा ईन्टरनेट लाईनमा कुनै समस्या आईपरेमा जुनसुकैबेला ईन्टरनेट ठप्प हुनगई सेवा प्रवाहमा समस्या आउने जोखिम रहेको छ । कुनै कारणबस यो कनेक्टिभिटीमा समस्या आएमा सोको वैकल्पिक व्यवस्था नभएको कारण डाटा सेन्टरको कार्य प्रणालीमा अवरोध आउनेछ ।

डाटा केन्द्र, प्रयोगकर्ता, डिजाष्टर रिकभरी केन्द्र तथा आम सरोकारपक्षहरुबीच भरपर्दो सम्बन्ध स्थापित हुनेगरी वैकल्पिक व्यवस्था र उच्च उपलब्धता सहितको भरपर्दो कनेक्टिभिटीको प्रबन्ध गर्नुपर्दछ ।

१६.१ ईन्टरनेट सेवा - ईन्टरनेट सेवाप्रदायकले ईन्टरनेटको माग, आपूर्ति क्षमता तथा भार मिलान हुनेगरी सेवा उपलब्ध गराउनुपर्दछ र सेवाको निरन्तरतामा सुनिश्चत हुनुपर्दछ । प्रवाह भएको ईन्टरनेट सेवाको गुणस्तर प्रभावकारी भए-नभएको सम्बन्धमा निरन्तर परीक्षण गरी ईन्टरनेट कटअफ र गतिको उतार-चढावलाई कम गर्नेतर्फ सजग रहनुपर्दछ । जि.आई.डि.सी. ले ईन्टरनेट सेवा पनि उपलब्ध गराउने भएकाले सिंहदरवार भित्र र वरिपरि रहेका सरकारी निकायहरूले जि.आई.डि.सी.बाट कनेक्टिभिटि (ईन्टरनेट) सेवा समेत लिने गरेका छन् । यसको लागि जि.आई.डि.सी.ले नेपाल

टेलिकमबाट २ जि.बि. क्षमताको ईन्टरनेट सेवा लिई सोको ब्याण्डविथ आफ्नो सेवाग्राही सरकारी निकायहरुलाई प्रदान गर्ने गरेको छ । ब्यान्डविथ व्यवस्थापन गर्दा माग र आपूर्तिको सन्तुलन मापन नगरी सरकारी निकायको माग अनुसार ईन्टरनेट सेवा प्रदान गर्ने गरेको देखियो । यसबाट सरकारी निकायहरूमा ईन्टरनेटको सेवा ढिलो भई परफरमेन्समा कमी आउने गरेको देखियो । ०१-फेब्रुअरी-२०२१ देखि २८- फेब्रुअरी -२०२१ सम्मको नोड उपलब्धताको रिपोर्ट अनुसार उपलब्धता ९९.९ प्रतिशत हुनुपर्नेमा NITC-DC-CORE-SW-०१, Bigyan-L2-SW1, PA-२२०, MOCTCA-L२, Sansad-L२, MOPIT-L३, MOPIT-L२, Sansad-L३, MOCTCA-L३, MOALD-L२, MOALD-L३, OPMCM को उपलब्धता औषतमा ९९ प्रतिशतभन्दा कम (न्युनतम ६८.१३ प्रतिशत सम्म) भएको देखियो ।

ब्याण्डविथ, माग र आपूर्तिको अनुपात मिलान हुनेगरी इन्टरनेट सेवा उपलब्ध गराउनु पर्दछ ।

१७. **ईन्टरप्राइज इ-मेल सेवा** - राष्ट्रिय सूचना प्रविधि केन्द्रले उपलब्ध गराउने सेवाहरु मध्ये माग गर्ने सरकारी निकायहरुको इमेल होष्टिङ्ग कार्य समेत पर्दछ। केन्द्रले सरकारी निकायमा कार्यरत कर्मचारीहरुलाई आधिकारिक सरकारी ई-मेल आईडी उपलब्ध गराउन (Free and Open Source) iRedMail र Postfixmail प्रयोग गर्दै आएकोमा २०७६ बैशाखदेखि Zimbra को Enterprise Email System प्रयोग गर्न शुरु गरेकोमा २०७५/७६ मा १०००० ईमेलको लाईसेन्स, सपोर्ट र सेक्युरिटीको लागि रु.९ करोड ९० लाख ४४ हजार खर्च भएको छ । गत वर्ष खरिद भएको उक्त १० हजार ईमेलको सपोर्ट सेवाका लागि रु.१ करोड ६८ लाख ३७ हजार र सेक्युरिटीका लागि रु.६६ लाख ६७ हजार गरी जम्मा रु.२ करोड ३५ लाख ४ हजार यो वर्ष (२०७६/७७ मा) खर्च भएको छ । २०७६/७७ मा Next Generation/Sastra J.V. सँग खरिद सम्झौता गरेर Zimbra Enterprise को थप १० हजार ईमेलको लाईसेन्स, सपोर्ट, सेक्युरिटी, जडान र तालिमका लागि रू.९ करोड ८७ लाख ६ हजार भुक्तानी गरेको छ । ईमेल लाईसेन्सको लागि प्रतिईमेल रु.५ हजार, सपोर्ट सेवाको लागि प्रतिईमेल रु.१ हजार ६८३/७०, ईमेल सेक्युरिटिको लागि प्रतिईमेल रु.२ हजार ०३४/-, ईमेल सेक्युरिटीको सपोर्ट सेवाको लागि प्रतिईमेल वार्षिक रु.६६६/७० ईमेल सर्भर र सेक्युरिटी सफ्ट्वेरको जडान र तालिम खर्च प्रति ईमेल रु.४१२/४५ गरी यो वर्षको नयाँ खरिदको प्रतिईमेल रु.९ हजार ८७०/५५ खर्च भएको छ भने हालसम्म २० हजार ईमेलको लागि प्रतिईमेल रु.११ हजार ०६२/७० खर्च भएको छ । खरिद भएका ईमेल लाइसेन्सको सेक्यूरिटी, सपोर्ट लगायतमा वार्षिक खर्च व्यहोर्नु पर्दछ । उपरोक्त सम्बन्धमा देखिएको व्यहोराहरु देहायबमोजिम छन्:

१७.१ लेखापरीक्षणको क्रममा केन्द्रले उपलब्ध गराएको ईमेल सिस्टमको विवरणअनुसार गत वर्ष खरिद भएको लाईसेन्सबाट १० हजार र यो वर्ष थप खरिद गरेको लाईसेन्सबाट २ हजार १७८ गरी हालसम्म जम्मा १२ हजार १७८ प्रयोगकर्ताको मात्र इमेल एकाउन्ट बनाएर केन्द्रले प्रतिईमेल न्यूनतम 2GB स्पेश उपलब्ध गराएको देखियो भने ७ हजार ८२२ ईमेल एकाउण्ट खोल्न सकिने क्षमता बाँकी नैं रहेको पाईयो । यसरी खरिद गरेको तर प्रयोग नैं नभएको ईमेल लाईसेन्सका लागि प्रतिएकाउण्ट रु.११ हजार ०६२/७० का दरले रु.८ करोड ६५ लाख ३२ हजार खर्च भएको छ । केन्द्रले २०७७/७८ मा रु.३ करोड ७७ लाख ९८ हजार खर्च गरेर १५ हजार ईमेलको Support and Subscription Renew गरेको छ भने बाँकी ५००० ईमेल हाल आवश्यक नपर्ने भनि सोका लागि सपोर्ट सेवा खरिद गरेको छैन ।

खरिद भएको ईमेल एकाउण्टको पूर्णक्षमताको प्रयोग भएपछिमात्र थप खरिद गर्नुपर्दछ । थप व्ययभार हुनेगरी आवश्यकताभन्दा बढी क्षमताको लाईसेन्स खरिद गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ ।

१७.२ बनाईएका १२१७८ ईमेल मध्ये पनि हाल करिब २५% मात्र एक्टिभ रहेको र बाँकी ७५% ईमेल आईडी बनिसकेपछि लामो समयदेखि प्रयोग नगरेको पाईयो । उक्त १२ हजार १७८ ईमेलमध्ये अवकाश प्राप्त कर्मचारी र सेवामा नरहेको कर्मचारीको खाता समेत बन्द गरिएको देखिएन जसले गर्दा सेवा छोडेपछि पनि सरकारी ईमेल प्रयोग गरेर सरकारी सूचनाको दुरुपयोग हुनसक्ने जोखिम देखियो । केन्द्रको ईमेल सिस्टम अवलोकन र सम्बन्धित शाखाले उपलब्ध गराएको विवरणअनुसार हालसम्म २१० निकायले यस केन्द्रबाट केन्द्रीकृत ईमेल सेवा (Centralized Email Service) लिएका छन् भने १३२ एड्मिनिष्ट्रेटिभ ईमेल एकाउण्ट (Administrative Email Account) बनाईएका छन् । हालसम्म जम्मा ४२ एकाउण्ट हटाईएका छन् । प्रत्येक ईमेल युजरलाई २ देखि २० जिबिसम्मको स्पेस उपलब्ध गराईएको छ ।१ हजार ८८ प्रयोगकर्ताले पछिल्लो १ वर्षदेखि, २ हजार ९६० ले ९० दिनदेखि र ३ हजार ७९३ ले ३० दिनदेखि ईमेल लगिन गरेका छैनन् । एउटै कर्मचारीको पनि user@nepal.gov.np मा र सम्बन्धित कार्यालयको user@office.gov.np मा गरी २ वटा ईमेल एकाण्ट बनाउने र एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भै गएमा सरुवा भै गएको सरकारी कार्यालयमा थप अर्को पनि ईमेल एकाउण्ट बनाउन सक्ने तर पुरानो एकाउण्ट मेटाउने गरेको पाईएन । केन्द्रले परीक्षणको लागि खोलिएका एकाउन्टहरुलाई हालसम्म हटाएको छैन ।त्यसैले सेवा खरिद गरिए तापनि लक्षित प्रयोगकर्तासम्म ई-मेल सेवा पुग्न नसकेको र ईमेल सेवा पुगेका वर्गले उचित व्यवस्थापन एवं उपयोग नगरेका कारण खर्च भएको रकमको मुल्य सार्थकता (Value for Money) प्राप्त हुन सकेको देखिएन । आधिकारीक पत्रको आधारमा ईमेल खाता बनाउने गरिएको भएतापनि मेटाउने अधिकार केन्द्रसंग नरहेको र निजामती किताबखानालाई एकीकृत ईमेल प्रणालीको Admin Account उपलब्ध गराएको भन्ने केन्द्रको भनाई रहेको छ ।

१७.३ सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०६८ को नियम १२ अनुसार प्रत्येक सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नेम सहितको सरकारी इमेलको व्यवस्था गर्नुपर्ने र सरकारी इ-मेल सरकारी कामको लागि अनिवार्य रुपमा प्रयोग गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । हाल नेपालमा करीब ६ हजार सरकारी निकाय र करिब ८८ हजार सरकारी कर्मचारी रहेको तथा केन्द्रले ईमेल सेवाको लागि लाईसेन्स खरिद गरे तापनि सार्वजनिक सूचना जारी गरेर सरकारी निकायलाई ईमेल सेवा लिन आव्हान गर्ने गरेको पाईएन । जसले गर्दा खरिद भएका सबै ईमेल लाईसेन्सको प्रयोग भएको देखिएन । यस केन्द्रबाट ईमेल सेवा नलिएका सरकारी निकायहरुले अन्य क्षेत्रबाट ईमेल सेवा लिने गरेको देखिंदा सुरक्षा, लागत, गोपनियताका हिसावले केन्द्रकै पूर्वाधार र क्षमताको उपयोग हुने गरी यस केन्द्रबाटै ईमेल सेवा लिनु उपयुक्त हुने देखिन्छ ।

यस केन्द्रले ई-मेल प्रयोगकर्ताको आवश्यकता पहिचान गरी सम्बन्धित सरकारी निकायसँग समन्वय गरेर आवश्यकताको आधारमा यस सेवामा समावेश हुने व्यवस्था गर्नुपर्दछ। ईमेल एकाउण्ट बनाईसकेपछि निश्चित अबधिसम्म प्रयोग नगरेमा आफै निस्कृय हुने नीति बनाएर लागू गर्नुपर्दछ । निजामती किताबखानाको सूचना प्रणालीसँग आवद्धता स्थापित गरी सेवामा नरहेका कर्मचारीको ईमेल आफै हट्नेगरी संयन्त्र बनाउनुपर्दछ । प्रयोगमा नआएका र त्रुटि भएका ईमेल मेटाएर वा त्रुटि सच्याएर ईमेल सर्भरलाई नियमित रुपमा अद्यावधिक गर्नुपर्दछ ।

१८. **ब्याकअप र रिकभरी** - डाटा सेन्टरमा भण्डारण भएका सूचनालाई आधार मानेर विभिन्न सरकारी आधिकारिक तथ्याङ्कहरु प्रकाशन हुने र डाटाबेसका तथ्याङ्कहरुलाई भविष्य पनि उपयोग गर्नुपर्ने हुनाले

सूचनाको वैकल्पिक भण्डारण (Backup) र कुनै दुर्घटना वा प्रकोपबाट क्षति हुन पुगेमा सूचनाको पुनर्स्थापना (Recovery) गर्न सकिने व्यवस्था हुनुपर्दछ । सूचनाको वैकल्पिक भण्डारण (Backup) तथा पुनर्स्थापना (Recovery) डाटा सेन्टर रहेको नजिकको स्थान तथा शहरभन्दा फरक स्थानमा राख्नु उपयुक्त हुन्छ । बिश्वका अधिकांश मुलुकहरु तथा धेरै क्षमताको र बढी संख्यामा डाटा हुने निकायहरुले अन्य देशहरुमा समेत सूचना भण्डारणको वैकल्पिक व्यवस्था गरेको पाईन्छ । यसरी सूचनाको वैकल्पिक भण्डारणको व्यवस्था गर्दा डाटा सेन्टरमा रहेको भौतिक तथा सूचना प्रविधिका पूर्वाधारलाई सामञ्जश्यता कायम हुने गरी ब्याकअप साइट स्थापना गर्नु पर्दछ । डाटा सेन्टरले रिकभरी सेन्टर सञ्चालन गर्दा डाटा सेन्टरमा कुनै समस्या आएमा रिकभरी सेन्टर र रिकभरी सेन्टरमा समस्या आएमा डाटा सेन्टरबाट एकै समयमा सिस्टम र तथ्याङ्क अद्यावधिक हुनेगरी (Realtime) सूचना प्रविधि पूर्वाधार तथा कनेक्टिभिटीको व्यवस्था भएको हुनुपर्दछ ।तर जि.आई.डि.सी. को हकमा यस किसिमको Realtime डाटा व्याकअप एण्ड रिकभरी भएको पाईएन ।

१८.१ प्राकृतिक प्रकोप वा दैवी विपत्तिको अवस्थामा काठमाडौ स्थित डाटा केन्द्रमा अवरोध आउँदा सेवा सुचारू गर्ने उद्देश्यले हेटौडामा डिजाष्टर रिकभरी सेन्टरको स्थापना गरिएको हो । यसको लागि हेटौंडास्थित रिकभरी केन्द्र र काठमाडौ स्थित केन्द्रमा रहेका डाटा, सूचना तथा सम्पूर्ण प्रणालीहरुको एकआपसमा रियलटाईम अद्यावधिक (Realtime Synchronous-Mirror Copy) हुनुपर्दछ । तर हेटौंडास्थित रिकभरी केन्द्र र काठमाडौ केन्द्रबीच एकआपसमा रियलटाईम अद्यावधिक (Realtime Synchronous-Mirror Copy) भएको छैन । केन्द्रले यस आर्थिक वर्षमा रू.५१,८६,७०,०००/- को DELL EMC UNITY भण्डारण उपकरण खरिद गरेकोमा कार्यालयमा रहेको उपकरणको भर्सन ४.५.०.०.०९६ रहेको र हेटौडा कार्यालयमा रहेको उपकरणको भर्सन ५.०.१.०.५०११ रहेको छ। उपकरणको भर्सन एउटै नहुँदा भर्सन कम्प्याटिबल नभएको कारण रियलटाईम सिन्क्रोनश व्याकअप नभई ६० मिनेटको अन्तरालमा एसिन्क्रोनस ब्याकअप हुने गरेको पाइयो। सिन्क्रोनश ब्याकअप हुन नसकेको अवस्थामा डाटाको उपयोग, अद्यावधिक र भण्डारणमा विभिन्न जोखिमहरु रहन्छन् ।

यसले गर्दा कुनै निश्चित समयलाई आधार मानेर लिनुपर्ने तथ्याङ्कहरुले दिने नतिजा फरक पर्न जाने देखिन्छ । तसर्थ हेटौंडामा रहेको पूर्वाधार, रिकभरी केन्द्र नभई ब्याकअप केन्द्रको रुपमा मात्र रहेको पाईयो । हेटौडाको पूर्वाधारलाई हालसम्म रिकभरी सेन्टरको रुपमा सञ्चालनमा ल्याउन नसक्दा अन्य विभाग तथा कार्यलयले आफ्नो डाटासेन्टरको व्याकअपको रुपमा अन्य विकल्प अपनाउनुपर्ने अवस्था आएकोले एउटै कामको लागि अन्य सरकारी निकाय र केन्द्रबाट गरी दोहोरो खर्च हुने गरेको देखिन्छ। डाटा केन्द्र काठमाडौ र हेटौडामा भएका कतिपय उपकरणहरु बीच पर्याप्तता र सामन्जस्यता हुन नसकेको कारणले केन्द्रबाट हुनेगरेका सबै सेवाहरु हेटौडाबाट सुचारू भएको देखिएन।

डिजाष्टर रिकभरी केन्द्रको रुपमा विकास गर्न दुवैतर्फका यन्त्र तथा उपकरणहरु कम्प्याटिबल हुनेगरी रियल टाईम व्याकअपको व्यवस्था गर्नुपर्दछ।

१९. **सुरक्षा व्यवस्था तथा पहुँच नियन्त्रण** - यस केन्द्रमा नेपाल सरकार र अन्तर्गतका सरकारी निकायहरुको महत्वपूर्ण तथा संवेदनशील यन्त्र उपकरण रहने तथा तथ्याङ्कको भण्डारण गरिने हुँदा यन्त्र उपकरण, प्रणाली र अभिलेखको उच्चतम साईबर सुरक्षा र सोसम्बन्धी भौतिक पूर्वाधार तथा पहुँचमा समेत उच्चतम नियन्त्रण हुनु पर्दछ । सिंहदरवार स्थित गृह मन्त्रालयको परिसरभित्र अवस्थित भएका

कारण स्थानको सुरक्षा भए तापनि जि.आई.डि.सी. को कार्यालय परिसर भित्र समेत उच्च पहुँच नियन्त्रण नरहेको अवस्था देहायबमोजिम छ :

१९.१ पहुँच नियन्त्रणको लागि बहु-आयामिक प्रमाणीकरण (Multi Factor Authentication) युक्त विद्युतीय गेटपासको व्यवस्था र भौतिक नियन्त्रणको लागि विद्युतीय गेटपास, कार्ड, बायोमेट्रिक उपकरणको व्यवस्थाका साथै आगन्तुक पुस्तिकामा प्रविष्टि गरेपश्चात मात्र आगन्तुकहरुलाई प्रवेश दिने व्यवस्था गरेको देखिएन। डाटा सेन्टरमा कर्मचारीहरुको कार्डबाट खुल्ने ढोका रहेकोमा एकजनाको कार्ड अरुले पनि प्रयोग गर्न मिल्ने र एउटा कार्ड प्रयोग गरी एकपटक ढोका खुल्दा धेरैजना प्रवेश गर्न मिल्ने देखियो । जसले गर्दा कार्ड फेला परेमा अनधिकृत व्यक्ति पनि भित्र प्रवेश गर्न सक्ने जोखिम रहन्छ ।

१९.२ डाटा सेन्टरमा ईमेल सेवा, डाटाबेस सेवा, प्रणाली सुरक्षा सेवा, तथा धेरै मूल्य र ठूलो क्षमताका विभिन्न यन्त्र उपकरणहरु बाह्य निकायबाट खरिद गर्दा ती सेवा र यन्त्र उपकरणहरु निश्चित अवधिसम्म सप्लायर्सले डाटा सेन्टरमै बसेर सञ्चालनमा सहजीकरण गरिदिने सर्त तथा सम्झौता हुनेगरेकोमा तोकिएकोभन्दा बढी अवधिसम्म पनि सप्लायर्सका कर्मचारी डाटा सेन्टरमा कार्यरत रहेको पाईयो । सप्लायर्सका कर्मचारीलाई डाटा सेन्टरमा रहेका सबै सूचना, ईमेल सर्भरको कन्ट्रोल प्यानेल तथा वेबसाईटको मुख्य नियन्त्रण तथा यन्त्र उपकरणहरु खोल्ने, जोड्ने, बन्द गर्ने लगायतका काममा पहुँच दिएको पाईयो ।यो निकाय देशकै एकमात्र सरकारी डाटा सेन्टर भएकोले अवलोकन, अध्ययन, भिजिट, अनुसन्धान गर्ने विभिन्न सरकारी तथा बाह्य निकायका व्यक्तिहरु तथा डाटा सेन्टरको सुविधा लिएका निकायका कर्मचारीहरु समेत बारम्बार आईरहने गर्दछन् । यसरी वाहिरबाट आउने व्यक्तिहरुलाई डाटा सेन्टरकै कर्मचारीको कार्ड प्रयोग गरी एकैपटक धेरैजना भित्र प्रवेश गराउने गरिएको पाईयो भने कुनै सफ्टवेयरमा नाम दर्ता गरेर सो सफ्ट्वेयरले व्यक्ति पहिचान गरेपछिमात्र प्रवेश दिनेगरी पहुँच नियन्त्रणको व्यवस्था गरिएको पाईएन । डाटा सेन्टर भित्र प्रवेश गरेपछि यन्त्र उपकरणहरु छुन तथा नजिक जानमा समेत रोक लगाउने संयन्त्र रहेको पाईएन । कोलोकेसन सुविधा लिएका अन्य निकायका कर्मचारीहरु यन्त्र उपकरण जडान गर्न, फेर्न, मर्मत गर्न, बाहिर लैजानमा समेत उच्च तहको नियन्त्रण नभई पूर्ण पहुँच रहेको पाईयो । बाह्य नियकायले यन्त्र उपकरण खरिद गरेर डाटा सेन्टरको भण्डारमा राख्न तथा लैजानमा समेत स्वतन्त्रता रहेको पाईयो । डाटा सेन्टरको भण्डारमा रहेका बाह्य निकायका कतिपय यन्त्र उपकरणहरु कसको हो र कहिलेदेखि राखेको सोको जानकारी हुने गरी कुनै अभिलेख राख्ने गरेको पाईएन। पहुँच नियन्त्रणको व्यवस्था फितलो रहेका कारण अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्दछ वा आधिकारिक व्यक्तिले पनि चाहिनेभन्दा बढी पहुँच पाउन सक्छन्। जसले डाटाको गोपनीयता र सुरक्षा जोखिममा पर्ने, यन्त्र उपकरण बिग्रने, हराउने, कनेक्सन बिच्छेद हुने तथा रेडियसन, तापक्रम, विद्युत प्रवाहका कारण यन्त्र उपकरण अस्थिर भई दुर्घटना हुनसक्ने जोखिम रहन्छ।

डाटा सेन्टरमा भौतिक सुरक्षा तथा पहुँच नियन्त्रणका लागि नीति बनाई स्वचालित नियन्त्रण संयन्त्र लागू गर्नुपर्दछ। साथै बहु-आयामिक प्रमाणीकरण (Multi Factor Authentication) युक्त विद्युतीय प्रणालीको अवलम्बन गरेर डाटा सेन्टरलाई भौतिक रुपमा सुरक्षित बनाई पहुँचमा नियन्त्रण गर्नुपर्दछ।

२०. **आउटसोर्सिङ्ग** - निकायले आफूले सम्पादन गर्न सम्भब नभएका कामका लागि बाह्य सेवाप्रदायकबाट आउटसोर्सिङ्ग गर्नुपर्ने अवस्थामा आउटसोर्सिङ्गको आवश्यकता पहिचान, औचित्यता, कामको प्रकृति एवम् समय सीमाको सम्बन्धमा निकायको आउटसोर्सिङ्ग सम्बन्धी स्पष्ट नीति हुनुपर्दछ । नीतिमा कस्तो प्रकृतिका कार्यहरु निकाय आफैले गर्ने र कस्तो प्रकारका कार्यहरु आउटसोर्स गर्न सकिने भन्ने सम्बन्धमा पर्याप्त विवरण सहितका प्रावधानहरु समावेश गर्नुपर्दछ । आउटसोर्सिङ्ग गरिने वाह्य

निकायसँग कामको प्रकृति, गुणस्तर, मापदण्ड तथा शर्त सहितको करार सम्झौता गर्नुपर्दछ । कुनै कारणले बाह्य सेवाप्रदायक सेवा प्रदान गर्न असमर्थ भएमा महत्वपूर्ण एवं सम्वेदनशील सेवाहरू (Business Continuity) कार्यालय भित्रै (In-House) बाट सुचारु हुने व्यवस्था गर्नुपर्दछ। निकायबाट आफ्ना जनशक्तिलाई सिकाएर (Knowledge Transfer) दक्ष बनाई आन्तरिक रुपमै कार्यसम्पादनको व्यवस्था मिलाएपछि आउटसोर्सिङ्ग बन्द गर्नुपर्नेमा केन्द्रले लामो समयदेखि बाह्य सेवाप्रदायकबाट निरन्तर रुपमा आउटसोर्सिङ्ग सेवा लिएको पाईयो ।

२०.१ केन्द्रले ईमेल सर्भरको सपोर्ट, सेक्युरिटी सिस्टमको सपोर्ट, डाटाबेस/ कनेक्टिभिटी (Dense Wavelength Division Multiplexing, DWDM), नेटवर्क सेक्युरिटी, डि.एन.एस. (Domain Name System, DNS) लगायतका महत्वपूर्ण काम (Core Business) को लागि आउटसोर्स गरिरहेको तर आउटसोर्सिङ्गसम्बन्धी कुनै नीति बनाएर लागू गरेको पाईएन । नीति नबनेको कारण कुन र कस्ता प्रकृतिका काम केन्द्रकै जनशक्तिबाट सम्पादन गर्न सकिने/गर्नुपर्ने, कस्तो काम आउटसोर्सिङ्गबाट गर्न नमिल्ने, कुन कामको लागि कति अवधिको आउटसोर्स गर्न सकिने, आउटसोर्स हुँदा गोपनियता, सुरक्षा, पहुँचका प्रावधान के हुने, आउटसोर्सको लागत कति लाग्ने, आउटसोर्स गरिएको निकायले कुनै कारणबस सेवा दिन नसकेमा तत्काल सेवा निरन्तर गर्न केन्द्रसँग के कस्तो पूर्वतयारी तथा प्राबधान रहेको छ आदि सम्बन्धमा स्पष्ट हुने आधार देखिएन । केन्द्रले यस्ता विषयमा पर्याप्त मात्रामा अध्ययन र विश्लेषण नै नगरी आउटसोर्स गर्ने गरेको पाईयो । सेवाप्रदायकहरुसँग सेवा सम्झौता भए तापनि प्रमुख कार्य सम्पादन मापकहरु विस्तृत रुपमा उल्लेख नभएको र सेवाप्रदायकहरुको कार्यको प्रभावकारी अनुगमन समेत भएको पाइएन।

केन्द्रमा अत्यावश्यक पर्ने र केन्द्र आफैले सम्पादन गर्न नसक्ने तथा संवेदनशील डाटा एवम् सूचना बाहेकका कामको लागि मात्र आउटसोर्सिङ्ग गर्नुपर्दछ । केन्द्रको आफ्नै दरबन्दीका जनशक्तिलाई दक्ष, सीपयुक्त बनाई आउटसोर्सिङ्गबाट हुने परनिर्भरतालाई कम गर्ने संयन्त्र बनाई लागू गर्नुपर्दछ ।

२१. **पूर्वाधार तथा श्रोत साधनको व्यवस्थापन** - डाटा सेन्टर सञ्चालन गर्नको लागि वैकल्पिक व्यवस्था सहितको विद्युत आपूर्ति, सुरक्षित र सुविधायुक्त भवन, वातानुकूलित कोठा, कार्यप्रकृति अनुसारको फर्निचर, सेवाग्राही मैत्री कार्यकक्ष र कार्य वातावरण, नवीनतम प्रविधिमैत्री उपकरण आदि न्यूनतम पूर्वाधारको आवश्यकता पर्दछ । तर यस अनुरुप पूर्वाधार व्यवस्थापन गर्न नसकेको अवस्था देहायबमोजिम छ :

२१.१ डाटा सेन्टरमा प्रयोग हुने कम्प्युटिङ्ग उपकरणहरु जस्तैः सर्भर, स्टोरेज, स्विच, राउटर, फायरवाल, आदि र गैर-कम्प्युटिङ्ग उपकरणहरु जस्तैः जेनरेटर, ए.सी., विजुली प्रसारणका उपकरण, ऱ्याक, वायरिङ्ग आदिको उचित र प्रभावकारी व्यवस्थापन हुनुपर्दछ। यी दुबैखाले उपकरणहरु चलायमान छन् वा छैनन् र के-कस्तो स्थितिमा रहेका छन् वा मर्मत सुधार कहिले गर्नुपर्ने भनि सधैं भौतिक रुपमा अवलोकन गर्न र अभिलेख राख्न असम्भव प्रायः हुने भएकोले यो प्रकृयालाई सेवा व्यवस्थापन प्रणाली (Facility Management System) जडान गरी व्यवस्थित गर्नुपर्दछ।केन्द्रमा यु.पि.एस. कोठामा रहेको Cascade Ac(1 ton), Emersion Ac (4 ton) बिग्रिएको आवस्थामा रहेको पाइयो । साथै, ए.सी. मा ग्यासको अत्याधिक चाप भएको कारण HP (High Pressure) भनि मेसेज आएको देखियो । Power Control Room मा ए.सी. उपकरण चालू अवस्थामा नरहेको र लेखापरीक्षणको दौरानमा पावर कन्ट्रोल उपकरणको तापक्रम ६६ डिग्री सेल्सियस रहेको थियो।डाटा सेन्टरमा उपकरणहरू अत्याधिक तातो भई कार्यक्षमतामा ह्रास आउनसक्ने कारणले डाटा सेन्टरको तापक्रम २२°C देखि २६°C सम्म

कायम राख्नुपर्दछ। तर, लेखापरीक्षणको दौरानमा सर्भर कोठाको तापक्रम मापडण्ड अनुरुप नभई सोभन्दा बढी २८°C भएको देखियो । डाटा सेन्टरमा प्रयोग भएका यन्त्र उपकरणलाई निश्चित तापक्रममा राख्नको लागि यन्त्र उपकरण जडान भएको च्याक राखेको सतहमा छिद्र भएको टायल (Perforated Tile) जडान गरी सतहभन्दा तलबाट कुलिङ्ग मेशिन राखेर तापमान कायम गरिनुपर्नेमा छिद्र नभएको टायल जडान गरी चिसो हावा प्रवाह गर्न भुईमा सेट गरेको टाईललाई नै हटाएर राखेको पाईयो।

२१.२ जि.आई.डि.सी.लाई पारम्परिक (कन्भेन्सनल) डाटा सेन्टरको रुपमा निर्माण गरिएको छ। पारम्परिक (कन्भेन्सनल) डाटा सेन्टरमा सर्भर च्याक, विद्युतीय स्रोतका उपकरण, आदिको लागि छुट्टा छुट्टै कोठाहरुको व्यवस्था गरिएको हुन्छ भने मोडुलर डाटा सेन्टर स्वनिहित (Self Contained) तथा पूर्ण हुन्छ र एकै सेटमा च्याक, ए.सी., विद्युतीय स्रोत, अग्नि नियन्त्रण यन्त्र आदि एउटा पूर्ण डाटा सेन्टरको लागि आवश्यक पर्ने यन्त्र उपकरण जडान गरिएको संयन्त्रको व्यवस्था भएको हुन्छ। जि.आई.डि.सी. पारम्परिक (कन्भेन्सनल) डाटा सेन्टर भए तापनि मोडुलर सेट पनि जडान गरिएको छ। मोडयुलर डाटा च्याकको आयातन ठुलो भएको कारणले सर्भर कोठा भित्र धेरै ठाउँ ओगटेको र कुलिङ्गको पनि दोहोरो प्रयोग भएको कारण विद्युतको खपत बढी भएको देखियो। साथै, सर्भर कक्षको च्याक ३ मा भएको मोडुलर डाटा सेन्टर (Emerson [Vertiv]) को सिसा फुटेको कारण भित्रको चिसो हावा बाहिर निस्किएको र मोडुलर डाटा सेन्टरको सही उपयोग भएको पाईएन। एउटा मोडुलर डाटा सेन्टरको अग्नि नियन्त्रण स्विच (म्यानुवल ग्यास रिलिज) नै बिग्रिएर मर्मत नगरी राखेको पाईयो।

२१.३ सर्भर कोठमा स्वचालित अग्नि नियन्त्रण प्रणाली जडान गरिएतापनि सोलाई स्वचालित नबनाई म्यानुअल नै राखेको पाईयो।चौविसै घण्टा सर्भर कोठाको निगरानी नहुने र आगलागी भएमा ठूलो क्षति हुने हुँदा यस तर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ । सर्भर कोठामा स्वचालित अग्नि नियन्त्रण ग्याँस सिलिन्डरको क्षमता विस्तार गर्नुपर्ने देखियो । साथै, अग्नि नियन्त्रण गर्दा अत्याधुनिक ग्याँस भएको अग्नि नियन्त्रण प्रणाली प्रयोग गर्नु उपयुक्त हुने देखिन्छ ।

२१.४ जि.आई.डि.सी. भवन परिसर को भूई तल्लाको सतहको उचाई कम भएको कारणले अत्याधिक वर्षा भएको बेला जेनरेटर कोठा भित्र पानी छिर्ने सम्भावना रहेको देखियो । पछिल्लो चरणमा मर्मत गर्दा सर्भर कोठा र ईलेक्ट्रिकल कोठाबीचको भित्तामा प्वाल पारेका कारण जेनरेटर कोठा, र ईलेक्ट्रिकल कोठा भई सर्भर कोठा समेतमा पानी छिर्नसक्ने जोखिम रहेको छ । जेनरेटर कोठा र ईलेक्ट्रिकल कोठामा सर्किट सर्ट हुनसक्ने तथा सर्भर कोठाका उपकरणहरू बिग्रनसक्ने जोखिम समेत रहेको देखियो । डाटा सेन्टरमा मुसा धपाउने उपकरण राखिएको भए तापनि सो उपकरणले प्रभावकारी रुपमा काम नगरेको कारण डाटा सेन्टरमा मुसा छिरेर तार काट्ने समस्या समेत रहेको देखियो ।

२१.५ डाटा सेन्टरको क्षमता र उपलब्ध पूर्वाधारअनुसार कुन किसिमको राउटर, सर्भर, तथा अन्य उपकरण जडान गरिने हो सोको मापदण्ड तयार नभएको देखियो भने कति क्षमताको सर्भरको लागि कुन आकार र कति क्षमताको यन्त्र उपकरणहरु जोड्न मिल्छ सोको अनुपात विश्लेषण गरी मानदण्ड तयार गरेको छैन । कोलोकेसनका उपकरणहरू डाटा सेन्टरमा ल्याउदा माउन्टेड गर्न मिल्ने उपकरणहरु मात्र जडान गर्नुपर्नेमा सो नगरेकाले माउन्ट गर्न नमिल्ने स्ट्यान्ड अलोन उपकरणहरु समेत जडान भएको देखियो । यसबाट डाटा सेन्टरमा स्पेश व्यवस्थापनमा समस्या रहेको देखियो ।

जि.आई.डि.सी. मा जडान भएको CRAC (Computer Room Air Conditioning) को फिल्टरलाई निश्चित अवधिमा सफा, मर्मत सम्भार तथा चेकजाँच गर्ने गरेको पाईएन भने सोको लागि

कुनै योजना बनाएको समेत पाइएन र समस्या आएको बेलामा मात्र मर्मत सम्भार गर्ने गरेको देखियो।

केन्द्रले सर्भर, पावर, कुलिङ्ग, राउटर आदि पूर्वाधार तथा यन्त्र उपकरणको नियमित मर्मत सम्भार, चेकजाँच, परीक्षण, सफाई तथा पार्टपुर्जा फेरबदल गर्नुपर्ने कार्यका लागि योजना तथा तालिका बनाएर लागू गर्नु पर्दछ। साथै केन्द्रमा सेवा व्यवस्थापन प्रणाली (Facility Management System) जडान गरी नियमित अवलोकन गरी सुधारात्मक कदम चालिनु पर्दछ।

२२. **श्रोत साधनको उपयोग** - निकायहरुले मागको लेखाजोखा गरी वास्तविक रुपमा आवश्यक र उपयोग हुने निश्चित भएपछि मात्र श्रोत साधनको व्यवस्था र खरिद गर्नुपर्दछ । दूई वा बढी निकायबाट संयुक्त रुपमा खरिद गर्नुपर्ने अवस्थामा सबै निकायसँग समन्वय गरी दोहोरो र दुरुपयोग नहुने गरी श्रोत साधनको व्यवस्था एवं उपयोग गरिनुपर्दछ । श्रोत साधनको प्रयोगबाट उच्चतम प्रतिफल लिन सकिने र प्राविधिक रुपमा कम्प्याटिबल हुनेभए मात्र माग र खरिद गरिनुपर्दछ । श्रोत साधनको वर्तमान र भविष्यमा समेत उपयोग गर्न सकिने अवस्थालाई प्राथमिकता दिएर माग र खरिद गरिनुपर्दछ। जि.आई.डि.सी. मा कोलोकेसन मार्फत जडान भएका र जि.आई.डि.सी. ले नै खरिद गरेका कतिपय उपकरणहरुमा पावर जडान तथा सेटअप समेत नभएर निष्कृय अवस्थामा रहेका छन् भने कतिपय उपकरणहरुको क्षमताको पूर्ण प्रयोग नभई सार्वजनिक स्रोत-साधनको सदुपयोग भएको पाइएन। यससम्बन्धी उदाहरण देहायबमोजिम रहेका छन:

२२.१ डि.आर.सि., हेटौडामा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत Agriculture Management Information System, AIMS प्रोजेक्टको नाममा रहेको एउटा च्याकमा Dell Server : Make: 2012, Model:5445SDS### S/N: 123456789ABCDE को सेटमा भएका विभिन्न किसिमका १४ थान यन्त्र उपकरण गत वर्षदेखि प्रयोग विहीन अवस्थामा रहेको तथा यो वर्ष जि.आई.डि.सी. केन्द्रले नैं खरिद गरेका २० थान Dell Emc Unity Storage Device मध्ये १४ थान मात्र प्रयोग भएको र बाँकी ६ थान प्रयोग विहीन अवस्थामा रहेको छ।

२२.२ यसैगरी सिंहदरवारस्थित केन्द्रले रु.९ करोड ८९ लाख ८९ हजार खर्च गरी सेक्युरिटी अपरेसन कन्ट्रोल (SOC) जडान गरेको छ । तर सो प्रणालीले केवल सिंहदरवार स्थित केन्द्रमा जडान भएको प्रणालीको मात्र निगरानी गर्ने गरेको र हेटौडा कार्यालयको निगरानी गर्ने गरेको पाइएन। सिंहदरवार केन्द्रमा पनि सबै सेवा सो प्रणालीमा आवद्ध नगरेको कारण आंशिकको मात्र अवस्था हेर्न मिल्ने देखियो । उक्त Security Operation Control (SOC) खरिद को लागि OBCI Pvt. Ltd. सँग २०७७/२/२४ मा मू.अ.कर सहित रु.९ करोड ८९ लाख ८९ हजारमा खरिद सम्झौता गरेकोमा SOC मात्र उल्लेख गरी एकै सेट (Upgrading of Security Operation Center (SOC) Equipment) मा ४ आईटम (Vulnerability Assessment Tool रु.१ करोड ३४ लाख ४५ हजार, Penetration Testing Tool रु.७ लाख ८८ हजार, Web Application Scanner रु.१ करोड ९० लाख १८ हजार, and Upgradation of Security रु.५ करोड ८६ लाख ४६ हजार) खरिद भएका छन् । सोमध्ये Vulnerability Assessment Tool रु.१ करोड ३४ लाख ४५ हजार र Penetration Testing Tool रु.७ लाख ८८ हजार गरी जम्मा रु.१ करोड ४२ लाख ३३ हजार खरिद भएदेखि हालसम्म प्रयोग गरेको छैन । खरिद भएका ४ वटै आईटमको वारेण्टी पिरियड १ वर्षमात्र रहेको छ ।

२२.३ **राष्ट्रिय भुक्तानी द्धार (National Payment Gateway)** - मुलुकभित्र र बाहिरबाट हुने कुनैपनि प्रकारको भुक्तानीलाई पूर्णरुपमा विद्युतीय माध्यमबाट गर्ने/गराउने उद्देश्यले सञ्चालन गर्न लागिएको नेशनल

पेमेन्ट गेटवे अनलाईन भुक्तानीको महत्वपूर्ण पूर्वाधार हो। यसको खरिदको लागि मू.अ.कर सहित रु.२४ करोड ७५ लाख २३ हजार लागत अनुमान रहेकोमा ठेक्का नं. NITC/C/ICB-1-074/75 बाट Supply Delivery, Installation And Customization of National Payment Gateway System को लागि २०७५/३/२९ (13 July 2018) भित्र कार्य सम्पन्न गर्ने गरी २०७५/०३/१९ (3 July, 2018) मा आपूर्तिकर्ता CMA Small System AB Sweden सँग रु.२४ करोड २७ लाख ८१ हजारको सम्झौता गरी खरिद भएकोमा हालसम्म मू.अ.कर सहित रु.२३ करोड २७ लाख ५८ हजार भुक्तानी भैसकेको छ । पेमेन्ट गेटवे सञ्चालनको लागि सबैभन्दा महत्वपूर्ण निकायको रुपमा रहेको नेपाल राष्ट्र बैंकसँगको समन्वयमा परियोजना अगाडि बढाईएको भनिए तापनि त्यसअनुसार समन्वय, सहकार्य र कार्य प्रगति नभएको कारणले हालसम्म सञ्चालनमा आउन सकेको देखिएन । कार्य अगाडि बढाउनुपूर्व आन्तरिक रुपमा सम्बन्धित निकायहरुबीच पर्याप्त सल्लाह र समन्वय गरी National Payment Gateway तुरुन्त जडान गर्ने वातावरण बनाउनुपर्नेमा खरिदको लागि सम्झौता गरेको करीब ३ वर्ष बितिसकेको र सम्झौता अंकको ९५.८७% भुक्तानी भैसकेको अवस्थामा पनि गेटवे सञ्चालन हुन नसक्दा एकातिर खरिदमा ठूलो रकम खर्च भएको छ भने अर्कोतिर खरिद भएको Gateway System को वारेण्टी, ग्यारेण्टी तथा लाईसेन्स अबधि र प्रयोग मिति समेत सकिने जोखिम देखिएको छ । तसर्थ कार्यान्वयनको लागि तयार (Readiness) नैं नभएको प्रणाली तीन वर्ष पहिला नै खरिद गरेकोले उपयोग नभएको स्थिति छ ।

२२.४ **ओराकल डाटावेस व्यवस्थापन प्रणाली (Oracle Database Management System)** - राष्ट्रिय सूचना प्रविधि केन्द्रले Relational Database Management System, RDBMS- Oracle को देहायबमोजिम लाईसेन्स खरिद, अपग्रेडेसन, नवीकरण तथा सपोर्टको लागि २०७३/७४ देखि २०७६/७७ सम्म रु.४७ करोड ९८ लाख १६ हजार भुक्तानी गरेको छ । यसरी खरिद गरेको RDBMS- Oracle लोकसेवा आयोगले सञ्चालन गरेको Online Recruit Management System, भूमि व्यवस्थापन तथा अभिलेख विभागले सञ्चालन गरेको Land Records Information Management System, यातायात व्यवस्था विभागले सञ्चालन गरेको Electronic Driving License System लगायत सरकारी निकायहरुलाई उपलव्ध गराएको पाईयो ।

Oracle System को प्रयोगमा शुरु खरिद मूल्य र प्रत्येक वर्ष नवीकरण तथा सेवा शुल्क गरी निरन्तर रुपमा ठूलो रकम खर्च हुनेगर्छ । निकायले सञ्चालन गर्ने एप्लिकेशनको माग र आवश्यकतालाई विस्तृत अध्ययन एवम् विश्लेषण (Detailed need assesment) गरी Technically Fully Compatible/Supportive हुनुका साथै Underutilized वा Overutilized नहुने गरी खरिद गर्नुपर्दछ। तर NITC ले देहायबमोजिम खरिद गर्दा त्यस किसिमको Need Assessment गरेको देखिएन ।

S.No.	Year	Particular	Supplier	Payment
1.	2073/74	Upgradation of Enterprise RDBMS (32 Core)	Subisu Cablenet Pvt. Ltd (NITC/G/NCB-7-2073/74)	19,85,00,320/-
2.	2074/75	Renewal of Licence Update and Support for Oracle RDBMS (32 Core)	World Distribution Nepal Pvt. Ltd. (NITC/G/NCB-10-2074/75)	7,09,60,384/-
3.	2075/76	Supply Delivery and Installation of Enterprise RDBMS (24 Core)	World Distribution Nepal Pvt. Ltd. (NITC/G/NCB-9-2075/76)	14,84,00,640/-
4.	2076/77	Supply and Delivery of Renewal of License Update and Support for RDBMS (56 Core)	World Distribution Nepal Pvt. Ltd. (NITC/G/NCB-9-2076/77)	6,19,54,284/-
			Total	**47,98,15,628/-**

राष्ट्रिय सूचना प्रविधि केन्द्रजस्तो सूचना प्रविधिसम्बन्धी विषयमा उच्च प्राविधिक ज्ञानयुक्त (Technical Competency and Expertise) आफ्नै जनशक्ति भएको सरकारको आधिकारिक निकायले

बिस्तृत अध्ययन तथा अनुसन्धान नगरिकन माग हुनासाथ तुरुन्त खरिद गरेको देखिन्छ । केन्द्रको काम कर्तव्य र अधिकार अन्तर्गत सरकारी निकायहरुलाई सूचना प्रविधिको क्षेत्रमा आवश्यक प्राविधिक परामर्श सेवा उपलव्ध गराउनु समेत रहेकोमा सरकारी निकायहरुले माग गरेका स्रोत साधन भन्दा अन्य किफायति तथा भरपर्दो विकल्प उपलव्ध भएमा उत्तम विकल्पको खोजी गर्नुपर्नेमा RDBMS - Oracle माग भई आउनासाथ सोकै खरिद गरेको पाईयो । जसले गर्दा आवश्यकताभन्दा बढी र महँगो स्रोत साधनको खरिदमा राज्यलाई ठूलो आर्थिक भार परेको र भविष्यमा निरन्तर परिरहने देखिन्छ ।

डाटा सेन्टरको क्षमता अनुसार निकायहरुबाट समयमै सेवाको माग गरी मागका आधारमा आवश्यकता पहिचान र अनुपात विश्लेषण गरेर मात्र खरिद गर्नुपर्दछ । उपलब्ध भएका यन्त्र उपकरण तथा सेवाको उपयोग अबधि समेतलाई ध्यानमा राख्दै प्रयोग गर्न सकिने हदसम्म मर्मत सम्भार समेत गरेर क्षमताको उच्चतम प्रयोजन हुनेगरी श्रोत साधनको उपयोग गरेर मूल्य सार्थकता सिर्जना गर्नुपर्दछ। आश्यकताभन्दा बढी संख्या र बढी क्षमता खरिद तथा जडान गरेर श्रोत साधन निस्क्रिय राख्ने परिपाटीको अन्त्य गर्नुपर्दछ साथै खर्चको दोहोरोपना हुने अवस्थाको सिर्जना हुनदिनु हुँदैन ।

२३. **डाटा केन्द्र सञ्चालन** - नेपाल सरकारले कोरियाली सरकारको सहयोगमा सन् २००९ मा जि.आई.डि.सी. स्थापना गरी हस्तान्तरण प्राप्त भएपछि हालसम्म सञ्चालनमा आईरहेको छ । सो पश्चात यस केन्द्रको व्यवस्थापन तथा सञ्चालन नेपाल सरकारको श्रोत साधनबाट भैरहेकोमा अन्य सरकारी निकायहरुले पनि आफ्नै कार्यालय परिसरमा डाटा सेन्टर सञ्चालन गरिरहेका छन् । उदाहरणको लागि अर्थ मन्त्रालय, महालेखानियन्त्रक कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, आन्तरिक राजश्व विभाग, भन्सार विभाग, नागरिक उड्डययन प्राधिकरण, कर्मचारी संचय कोष, सर्वोच्च अदालत, नेपाल प्रहरी, त्रिभुवन विश्वविद्यालय लगायतका निकायहरुले आफ्नै डाटा सेन्टर स्थापना गरेका छन् भने केही संघिय निकायहरु, अधिकांश प्रदेश स्तरीय निकाय र कतिपय स्थानीय तहले समेत आफ्नै डाटा सेन्टर स्थापनाको तयारी गरिरहेका छन् । आफ्नै डाटा सेन्टर सञ्चालन गरेका अधिकांश सरकारी निकायहरुको यन्त्र उपकरणहरु जि.आई.डि.सि. मा पनि जडान भैरहेकै छन् । सरकारी निकायले छुट्टै आफ्नै डाटा सेन्टर स्थापना गर्ने परिपाटीले एकै प्रकृतिको काममा सरकारको खर्चमा दोहोरोपना भएको देखिन्छ । डाटा सेन्टर आँफैमा ठूलो, खर्चिलो, सुरक्षाको दृष्टिकोणले अत्यन्तै संवेदनशील संयन्त्र भएको र व्यवस्थापन तथा सञ्चालनको लागि प्राविधिक रुपमा उच्च तहको दक्ष जनशक्ति (Technical Expert) आवश्यक पर्ने भएकोले बिभिन्न निकायले छुट्टै डाटा सेन्टर स्थापना गरी पूर्णरुपमा सञ्चालन गर्ने कार्य निकै खर्चिलो र चुनौतीपूर्ण हुने देखिन्छ । एकै प्रकृतिको काम जि.आई.डि.सि. ले गर्दै आएकोमा यस डाटा सेन्टरलाई नै थप सबल, सक्षम, विश्वसनिय र नवीनतम प्रविधियुक्त बनाउन नसकिएको अवस्था विद्यमान हुँदा हुँदै निकायहरुले आफ्नै छुट्टै डाटा सेन्टर स्थापना गर्ने र जि.आई.डि.सि. मा समेत यन्त्र उपकरण जडान भैरहने हुँदा खर्चमा समेत दोहोरोपना आएको र आईरहने देखिन्छ ।

२३.१ केन्द्रमा जडान भएका सर्भरहरुको कति कोर प्रयोगमा ल्याईएको छ र कति बाँकी छ भन्ने सम्बन्धमा अभिलेख राखेको पाइएन । यसले सर्भर, एप्लिकेशन र स्टोरेज डिभाईस बीच क्षमताको अनुपात मिलान गर्न कठिन हुने अवस्था देखियो । निकायले आफुले प्रयोगमा ल्याएका उपकरण तथा एप्लिकेशन विस्थापित गर्नुपूर्व वा स्तर वृद्धि गर्नुपूर्व विस्थापित वा स्तर वृद्धि गर्न आवश्यक छ, छैन भन्ने विषयमा कुनै मापदण्ड बनाई सोबमोजिम माग पहिचान गर्ने गरेको पाईएन। केन्द्रले खरिद गर्ने सबैजसो यन्त्र,

उपकरण, एप्लिकेशन तथा लाईसेन्सको खरिद गर्नु पुर्व पर्याप्त मात्रामा आवश्यकता पहिचानका प्रकृया अपनाईएको पाइएन ।

२३.२ न्यूनतम मापदण्ड भएको डाटा सेन्टर सञ्चालन गर्नको लागि सार्वजनिक सुबिधाले युक्त स्थान, बलियो पूर्वाधार भएको भवन, वातानुकुलित कोठा, वैकल्पिक व्यवस्था सहितको विद्युत प्रवाह, भरपर्दो ईन्टरनेट सेवा, भौतिक तथा विद्युतीय उच्च सुरक्षा व्यवस्था, सूचना प्रविधिको क्षेत्रमा उच्च दक्षता भएको जनशक्ति जस्ता पूर्वाधारहरु भविष्यसम्म निरन्तर रुपमा उपलब्ध भैरहनुपर्ने भएकोले हाल निकायहरुले सञ्चालन गरेका छुट्टै डाटा सेन्टरहरुमा दीर्घकालसम्म सो बमोजिमको पूर्वाधार तथा सुबिधाहरु उपलब्ध भैरहन सम्भव नभएमा त्यस्ता डाटा सेन्टरमा गरिएको लगानी खेर जानेछ भने त्यस्ता डाटा सेन्टरमा भण्डारण भएको अति महत्वपूर्ण र गोप्य अभिलेख हराउने, चोरी हुने तथा दुरुपयोग हुने समेत सम्भावना रहन्छ। डाटा सेन्टर स्थापना गर्न मात्र नभएर डाटा सेन्टरको अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको गुणस्तर कायम राख्न, तालिम सञ्चालन गर्न, विज्ञहरुको परामर्श सेवा तथा मर्मत सम्भार लगायतमा निरन्तर रुपमा थप सञ्चालन खर्च व्यहोरि रहनु पर्ने हुँदा सरकारलाई दीर्घकालसम्म थप व्ययभार परिरहने देखिन्छ ।

सरकारी डाटा सेन्टरलाई प्रभावकारी बनाउन विभिन्न निकायमा डाटा सेन्टर स्थापनाको लागि बिनियोजन भएको बजेटलाई समेत नियन्त्रण गरी यस सरकारी डाटा सेन्टरको पूर्वाधारलाई मजबुत बनाएर उच्चतम उपयोग गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ। आ-आफ्नो कार्यालयमा डाटा सेन्टर स्थापना गर्ने परिपाटी अन्त्य गरी मजबुत र प्रभावकारी साझा डाटा सेन्टरबाट सेवा लिने व्यवस्था गरिनुपर्दछ। डाटा सेन्टर सञ्चालनकै लागि निकायहरुले छुट्टै पूर्वाधारमा लगानी गर्नु भन्दा भएकै डाटा सेन्टरलाई सुविधा सम्पन्न तथा प्रविधियुक्त बनाएर आवश्यक भएमा शाखाहरु समेत खोलि एउटै डाटा सेन्टरबाट सुविधा लिनु उपयुक्त हुने देखिन्छ ।

२४. **क्लाउड कम्प्युटिङ्ग आर्किटेक्चर** - सरकारी डाटा सेन्टर सञ्चालन गरिनुको मूख्य उदेश्य सेवा प्रवाहका लागि सूचना प्रविधि प्रणाली जडान गरी डाटा सेन्टरसँग आबद्ध भएका सरकारी निकायहरुलाई दीगो तथा भरपर्दो तरिकाले पूर्वाधार, सर्भर, डाटाबेस, ईन्टरनेट, नेटवर्किङ्ग, कोलोकेशन, वेब होस्टिङ्ग, परामर्श सेवा, ईमेल आदी सेवा उपलब्ध गराउनु हो । राष्ट्रिय सूचना प्रविधि केन्द्रले सञ्चालनमा ल्याएका डाटा सेन्टरहरु (सिंहदरवार स्थित जि.आई.डि.सी.र हेटौंडा स्थित डि.आर.सि.) डिस्ट्रीव्युटेड आर्किटेक्चर (Distributed Architecture) संरचना अनुसार निर्माण भएका छन्। यस आर्किटेक्चरको डाटा सेन्टर सञ्चालनगर्दा भौतिक पूर्वाधारमा बढी खर्च गर्नुपर्ने, ठूलो आकार र बढी खर्चिला यन्त्र उपकरण जडान गर्नुपर्ने, केबल (Cable) को प्रयोग गरी नेटवर्किङ्ग गर्नुपर्ने र जसका लागि बढी स्रोत र साधनको खपत हुने साथै नेटवर्किङ्गको दूरी बढी भएमा डाटा प्रवाह ढिलो हुने, डाटा लस समेत हुने जोखिम रहन्छ । यस किसिमको डाटा सेन्टर सञ्चालनमा सम्बन्धित क्षेत्रमा दक्षता हासिल गरेका धेरै जनशक्ति आवश्यक पर्दछ । जसले गर्दा यस प्रकारको डाटा सेन्टर सञ्चालनमा सरकारलाई बढी आर्थिक भार पर्न जान्छ।

जि.आई.डि.सी.को विद्यमान क्षमताको लगभग उच्चतम उपयोग भैसकेकोले हालकै अवस्थाको पूर्वाधारबाट थप सुविधा दिन सक्ने सम्भावना न्यून देखिन्छ । साथै भवन तथा कोठाको व्यवस्थापन गर्नसके तापनि च्याक, पावर, चिस्यान तथा अग्निनियन्त्रक उपकरण जस्ता बढी मूल्य पर्ने यन्त्र उपकरणहरु थप खरिद गर्नुपर्ने देखिन्छ । स्थान, भवन तथा कोठा नपुग भएमा छुट्टै स्थानमा डाटासेन्टर बनाउनुपर्ने आवश्यकता समेत देखिन्छ । पछिल्ला वर्षहरुमा विश्वका अधिकांश मुलुकहरुले डिस्ट्रीव्युटेड आर्किटेक्चर (Distributed Architecture) संरचनाको सट्टा सेन्ट्रलाईज्ड क्लाउड कम्प्युटिङ्ग

आर्किटेक्चर (Cloud Computing Architecture) अपनाईसकेको अवस्थामा जि.आई.डि.सी.ले पनि थप भौतिक डाटासेन्टर बनाउनुको सट्टा उक्त सोलुसनमा अग्रसर हुनु उपयुक्त हुने देखिन्छ । जि.आई.डि.सी. समानको फिजिकल डिस्ट्रीव्युटेड आर्किटेक्चरको डाटासेन्टर बनाउन जति खर्च लाग्छ सेन्ट्रलाईज्ड क्लाउड कम्प्युटिङ्ग आर्किटेक्चर जाने हो भने लगभग आधा खर्चमै र हाल विद्यमान डाटासेन्टर बाटै उक्त कार्य गर्न सकिन्छ र थप जनशक्ति तथा अपरेशन खर्चमा समेत बचत हुनेछ ।

प्रविधिमा भएको नवीनतम परिवर्तनसँगै डाटा सेन्टरहरु क्लाउड कम्प्युटिङ्ग आर्किटेक्चर (Cloud Computing Architecture) तर्फ रुपान्तरण भईरहेको परिप्रेक्षमा यो आर्किटेक्चर बढी सुरक्षित र प्रभावकारी रहेको देखिन्छ । क्लाउड आर्किटेक्चर सञ्चालन तथा व्यवस्थापन गर्दा मितव्ययी र न्यून जनशक्ति खपत हुने कारण जि.आई.डि.सी. ले पनि क्लाउड मार्फत सेवा सञ्चालन गर्नेतर्फ अग्रसर हुनुपर्ने देखिन्छ ।

२५. **सेवा सम्झौता र सेवा प्रवाह** - जि.आई.डि.सी. ले निकायहरुलाई ईमेल सर्भर, वेबहोस्टिङ्ग तथा डाटा सेन्टरबाट निकायहरुको सूचना प्रविधि प्रणालीसँग नेटवर्किङ्गबाट आबद्ध भएर सूचना भण्डारण, वेब होस्टिङ्ग, ईमेल आदि सेवा सञ्चालन गर्नको लागि कुलिङ्ग, विद्युत आपूर्ति, नेटवर्किङ्ग, ईन्टरनेट, जनशक्ति आदि सुविधाहरु भएको भौतिक तथा विद्युतीय सुरक्षा सहितको सर्भर तथा यन्त्र उपकरण जडान गर्ने पूर्वाधार उपलब्ध गराउने (को-लोकेशन) सेवा पनि प्रदान गर्दै आएको छ । जि.आई.डि.सी. ले प्रदान गर्ने सेवा र श्रोत साधनको प्रयोग बापत केन्द्र र सेवाग्राही निकायबीच कुनै प्रकारको सेवा सम्झौता गर्ने गरेको पाइएन । सेवा सम्झौता नगर्नाले डाटा सेन्टरमा पहुँच, आचारसंहिता, यन्त्र उपकरणको ह्याण्डलिङ्ग तरिका आदिको पालना नहुने र सुरक्षा, गोपनियताको उल्लङ्घन र यन्त्र उपकरण हराउने, टुटफूट तथा साटफेर समेत हुनसक्ने जोखिम रहन्छ । साथै जडान भएका यन्त्र उपकरणको संख्या तथा मूल्य एकिन नहुने र दुरुपयोग भएमा कारवाही गर्ने समेत आधार रहँदैन । सेवा सम्झौता गरेमा मात्र सेवा सम्झौताको शर्त पुरा नभएको खण्डमा तोकिएबमोजिमको दण्ड सजाय गर्न सक्ने अवस्था रहन्छ र सम्झौता बमोजिम डाटा सुरक्षाका संयन्त्रहरु कार्यान्वयन भइरहेको छ भनि निश्चित हुन सकिन्छ ।

डाटा सेन्टरबाट सञ्चालन गरिएका प्रणाली/वेबसाईटको सञ्चालनमा अवरोध (System/Server Down) हुँदा, केन्द्रबाट लिईएको ईन्टरनेट सेवा बन्द हुँदा, केन्द्रमा भण्डारण (Store) गरिएका डाटा नष्ट हुँदा तथा अन्य कुनैपनि समस्या आईपर्दा के कति कारणले समस्या भएको हो ? कति समयमा समाधान हुने हो ? सिस्टम/वेबसाईट/डाटा रिकभरी पूर्णरुपमा हुन कति समय लाग्ने हो ? लगायतका विषयहरुको भरपर्दो र स्पष्ट जबाफ उपलव्ध हुने गरेको पाईदैन । कतिपय संवेदनशील समस्याहरु समेत समाधान हुन धेरै समय (दिनहरु) लाग्ने गरेको पाईयो भने जि.आई.डि.सी.ले प्रदान गरेको सेवामा पटक- पटक समस्या आईरहने भनि सेवा लिएका निकाय र आम सरोकारपक्षबाट समेत गुनासाहरु आउने गरेको पाईयो ।

जि.आई.डि.सी. र सेवाग्राहीको काम, कर्तव्य, अधिकार एवं जिम्मेवारी स्पष्ट हुने गरी सेवा सम्झौता गर्ने व्यवस्था हुनुपर्दछ ।

२६. **बीमा व्यवस्था** - निकायहरुले सेवा प्रवाहका लागि खरिद गरेको यन्त्र, उपकरण, एप्लिकेशन, प्रणालीको उपयोगका क्रममा चोरी, आगलागी, दुर्घटना तथा प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण जुनसुकै बखत क्षति तथा नोक्सानी हुने सम्भावना रहन्छ । डाटा सेन्टर सञ्चालनमा हाई भोल्टेजको विद्युत निरन्तर प्रवाह हुने, ठूलो क्षमताका मेशिनहरु निरन्तर सञ्चालनमा रहने, कुलिङ्ग

मोनिटरिङ्ग लगायतका उच्च जोखिम युक्त उपकरण प्रयोग भैरहने कारण जुनसुकै बखत दुर्घटना हुने जोखिम रहन्छ । निरन्तररुपमा हाई भोल्टेजको विद्युत र बढी क्षमताको ईन्टरनेटको नजिक रहेर पूर्णरुपमा रेखदेख र मर्मत सम्भार गर्नुपर्ने कारण मानव स्वास्थ्यमा समेत गम्भीर असर पर्ने देखिन्छ । ठूलो रकम खर्चेर खरिद गरिएका ती उपकरणहरुलाई आकस्मिक रुपमा घट्ने दुर्घटना तथा प्राकृतिक प्रकोपबाट हुने क्षति र मानव स्वास्थ्यमा हुनसक्ने गम्भीर असरको समेत पूर्ति हुनेगरी बीमा गरिनु पर्दछ। जि.आई.डि.सी. मा कार्यरत जनशक्ति र डाटा सेन्टरको हालसम्म कुनै बीमा गरेको पाईएन । अकस्मात कुनै दुर्घटना भै यन्त्र उपकरण बिग्रेमा र पूर्वाधार नैं नष्ट भएमा वा जनशक्तिको अंग भंग वा गम्भीर चोटपटक वा घाईते भएमा सोवाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न उचित बीमा गर्न आवश्यक देखिन्छ । साथै, जि.आई.डि.सी. मा कार्यरत कर्मचारी र प्रवेश गर्ने सेवाग्रहीहरु समेतको जीवन र स्वास्थ्यमा ईलेक्ट्रो म्यागनेट उपकरणहरुको सानिध्यमा रही काम गर्नुपर्ने कारण जोखिम हुने हुनाले, उचित बीमा गर्न आवश्यक छ । केन्द्रले खरिद गरेको वा प्रयोग गरेको सामाग्रीको बीमा नगरिएमा दुर्घटनाबाट हुन सक्ने सम्भाबित क्षतिको पूर्ति गर्नुपर्दा सरकारलाई ठूलो व्ययभार पर्ने देखिन्छ।

डाटा सेन्टरमा चोरी आगलागी दुर्घटना तथा प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण जुनसुकै बखत हुनसक्ने क्षति तथा नोक्सानीबाट सुरक्षित रहन पूर्वाधार यन्त्र उपकरण र जनशक्तिको बीमा गर्नु पर्दछ।

२७. **सम्झौता र गोपनीयता** - सेवाप्रदायकका रुपमा काम गर्ने निकायले आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित सूचना तथा तथ्याङ्कलाई सुरक्षित राख्न र गोपनीयता कायम गर्न सक्नुपर्दछ । गोपनीयताको सुनिश्चितता र विश्वासनियताका लागि सेवाप्रदायक र सेवा लिने निकायबीच सेवाका शर्त सहित करार सम्झौता हुनुपर्दछ । जि.आई.डि.सी. ले सेवाप्रदायक, विशेषज्ञ, आपूर्तिकर्ता लगायतका सबै जसो बाह्य पक्षसँग एकै किसिमको सूचनाको गोपनीयता भङ्ग नगर्ने सम्झौता (Non-Disclosure Agreement) गर्ने गरेको पाइयो । सम्झौताको बुँदा नं ४ मा डाटाको सुरक्षाका सर्तहरु उल्लेख भए तापनि जि.आई.डि.सी.ले सेवाप्रदायकलाई गोपनीयताको सर्त उल्लङ्घन गर्न नहुने र उल्लङ्घन गरेमा के कस्ता कारवाही तथा सजाय हुने भनि लिखित रुपमा स्पष्टसँग "गोपनीय" भनी उल्लेख गरेको पाईएन। आउटसोर्स मार्फत खटिएका कर्मचारीहरुको चालचलन (Background Check) प्रमाणपत्र प्राप्त गरेको देखिएन। डाटा सेन्टर जस्तो संवेदनशील निकायमा संलग्न निकाय र कार्यरत कर्मचारीहरुको आचरण खराब भएमा कुनैपनि समयमा तथ्याङ्कको दुरुपयोग, हिनामिना हुने जोखिम रहन्छ।

करारमा हुने गोपनीयताका शर्तहरुलाई पूर्णरुपमा लागु गरिनुपर्दछ। जि.आई.डि.सी. मा संवेदनशील सूचना रहने र यसले सरकारी ईमेल, सरकारी साईटको सुरक्षा प्रदान गर्ने परिप्रेक्षमा जि.आई.डि.सी मा आउटसोर्स मार्फत खटिने कर्मचारीहरुको चालचलन (Background Checks) प्रमाणपत्र प्राप्त गरे पश्चात मात्र करार सम्झौता गर्नुपर्दछ ।

२८. **डिजाष्टर रिकभरी साईट हस्तान्तरण** - कोरियन सरकारको सहयोगमा कोईकाद्वारा हेटौडा स्थित डिजाष्टर रिकभरी केन्द्रको निर्माण भई मिति २०७६ बैशाख ३१ बाट सञ्चालनमा आएको छ। पूर्णरुपमा कोइकाद्वारा हन्तान्तरण नभई सञ्चालनमा ल्याइएको उक्त केन्द्रमा उपकरण सञ्चालन, व्यवस्थापनमा समस्या देखापर्ने गरेको पाइयो । कोईकाद्वारा जडान गरिएका नेटवर्क अनुगमन सफ्टवेयरका क्रिडेन्सियल हस्तानतरण नगरेको कारण नेटवर्कको अनुगमनमा कठीनाई उत्पन्न भएको छ । फ्यासिलिटी म्यानेजमेन्टको लागि बायोस्टार जडान गरिएको छ, तर सो पूर्ण प्रयोगमा ल्याईएको देखिएन । साथै, केही उपकरणहरुका लाईसेन्स समेत समाप्त भइसकेको, दक्ष कोरियन जनशक्तिले

बीचैमा काम छाडि गएको कारण उपकरण सञ्चालनमा समस्या आएको देखियो । जडान भएको सफ्टवेयरले केवल एउटा यु.पि.एस्.को अनुगमन (मोनिटरिङ्ग) गर्ने गरेको छ, भने प्राविधिक समस्याका कारण दोस्रो यु.पि.एस्.को अनुगमन (मोनिटरिङ्ग) भौतिक रुपमै गर्नुपर्ने बाध्यता रहेको देखियो ।

२८.१ कोईकाद्वारा जडान गरिएका प्रायः उपकरण र सफ्टवेयर कोरियन भाषामा मै भएको कारण सञ्चालनमा कठिनाई समेत भएको देखियो । साथै, केन्द्रमा अग्नी नियन्त्रणसम्बन्धी उपकरणहरु जडान भएको छ, तर सो सम्बन्धमा तालिम र पूर्ण ज्ञानको अभाव रहेको कारण सञ्चालन गर्न कठिनाइ रहेको पाइयो। रिकभरी केन्द्रमा रहेको ट्रान्सफर्मर बिग्रिएर उपयोग बिहीन भई रहेको पाइयो । ट्रान्सफर्मरको स्पेयर पार्टस हेटौडामा उपलब्ध नहुने र काठमाडौँ बाटै लग्नुपर्ने बाध्यता रहेको कारण, कथमकदाचित सो ट्रान्सफर्मरमा समस्या आएमा विद्युतको लोड व्यवस्थापन गर्न कठिनाई हुने देखियो। रिकभरी केन्द्रमा रहेको पि.टि.जेड. क्यामेरामा पानी छिरेर बिग्रिएको पाइयो । यसबाट केन्द्रको पहुँच नियन्त्रणमा समेत असर पुग्न सक्ने जोखिम रहेको पाईयो ।हालसम्म हस्तान्तरण प्राप्त नगर्दा कुन र कति परिमाणका यन्त्र उपकरण कोईकाको र के कति केन्द्रले खरिद गरेको हो भनि जिन्सी व्यवस्थापनमा समेत समस्या परेको देखिएको छ ।

कोरियन सरकारसँग समन्वय गरी यथासिघ्र डिजाष्टर रिकभरी साईटलाई पूर्णरुपमा हस्तान्तरण प्राप्त गरी सञ्चालनमा ल्याउनुपर्छ। रिकभरी केन्द्रमा फ्यासिलिटी म्यानेजमेनट सफ्टवेयर जडान गरी पूर्वाधारहरुको व्यवस्थापन गर्नु पर्दछ। जडान गरिएको विभिन्न उपकरण सञ्चालनमा तालिमको व्यवस्था गर्नुपर्दछ ।

२९. **कोलोकेशन सेवा** - जि.आई.डि.सी. ले प्रवाह गर्ने विभिन्न सेवा अन्तर्गत निकायहरुको सूचना प्रविधि प्रणालीसँग नेटवर्किङ्गबाट आवद्ध भएर सूचना भण्डारण, वेब होस्टिङ्ग, ईमेल आदि सेवा सञ्चालन गर्नको लागि कुलिङ्ग, विद्युत आपूर्ति, नेटवर्किङ्ग, ईन्टरनेट, जनशक्ति आदि सुविधाहरु भएको भौतिक तथा विद्युतीय सुरक्षा सहितको सर्भर तथा यन्त्र उपकरण जडान गर्ने पूर्वाधार उपलब्ध गराउने (को-लोकेशन) सेवा पनि पर्दछ । जि.आई.डि.सी.को कोलोकेसन सेवामा अधिकांश नेपाल सरकारका संघ अन्तर्गतका सरकारी निकाय, केही सरकारी बैंक, केही सार्वजनिक संस्थानहरु, केही युनिभर्सिटीहरु, प्रदेश सरकारका नियकायहरु, केही स्थानीय तह, केही निजी निकायहरु र केही एनजिओ तथा आई.एन.जि.ओ समेत आवद्ध रहेका छन् । केन्द्रले उपलब्ध गराएको कोलोकेशनको विवरणअनुसार केन्द्रमा हालसम्म ३५ सरकारी र १० अन्य निकाय गरी जम्मा ४५ निकायले कोलोकेसन सेवा लिएका छन् भने डिजास्टर रिकभरी केन्द्र हेटौंडामा हालसम्म ४ सरकारी र ३ अन्य निकाय गरी जम्मा ७ निकायले कोलोकेसन सेवा लिएका छन् ।

२९.१ केन्द्रले कोलोकेशन सेवा उपलब्ध गराउँदा सरकारी, निजी, सार्वजनिक संस्थान, गैर सरकारी संस्थाहरुमध्ये सबै वा केही, कुन र कस्ता प्रकृतिका निकायहरुलाई सेवा दिने भन्ने स्पष्ट नीति बनाएर सोअनुसार कोलोकेशन सेवा दिनुपर्दछ । केन्द्रले उपलब्ध गराएको विवरणअनुसार देहायका निकायहरुलाई कोलोकेशन सेवा उपलब्ध गराएको पाईयो:

क्र.सं.	मन्त्रालय/विभाग/कार्यालय तथा अन्य निकाय		संख्या
१	मन्त्रालय	अर्थ, परराष्ट्र, गृह, संघीय मामिला, कृषि, शिक्षा, भौतिक पूर्वाधार, भूमि व्यवस्था, वन	९
२	विभाग	वन, श्रम, सूचना प्रविधि, सर्भे, औषधि व्यवस्था, जल तथा मौसम विज्ञान, अध्यागमन, आन्तरिक राजस्व, वैदेशिक रोजगार, महालेखा परीक्षकको कार्यालय	९
३	आयोग, कार्यालय तथा अन्य	निर्वाचन आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद, राष्ट्रिय योजना	१७

	सरकारी निकाय	आयोग, राष्ट्रिय सूचना आयोग, सार्वजनिक खरिद अनुगमन, महालेखा नियन्त्रक, कम्पनी रजिष्टार, रेडियो नेपाल, नेपाली सेना, नेपाल प्रहरी, काठमाण्डौं, ललितपुर, पोखरा महानगरपालिका, विश्व विद्यालय अनुदान आयोग, वेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग, नेपाल स्वास्थ्य अनुसन्धान परिषद	
४	बैंक	राष्ट्रिय वाणिज्य बैंक	१
५	अन्य निकाय	एशियाली विकास बैंक, सिडिएस एण्ड क्लियरिङ्ग लि., कर्जा सुरक्षा केन्द्र, सामाजिक सुरक्षा कोष, नेपाल स्टकएक्सचेन्ज, Sahana, SEAM Nepal, SAQUE, CTEVT अन्तर्गत Skill Development Project	९
	जम्मा		**४५**

डिजाष्टर रिकभरी केन्द्रले उपलब्ध गराएको विवरणअनुसार देहाय अनुसारका नियकायहरुलाई हेटौंडाबाट कोलोकेशन सेवा उपलब्ध गराएको पाईयो :

क्र.सं.	**मन्त्रालय, विभाग, कार्यालय तथा निकाय**	**कार्यालयको नाम**	**संख्या**
१	मन्त्रालय	कृषि मन्त्रालय अन्तर्गत Building Resilience to climate related Hazards Project	१
२	अदालत	सर्वोच्च अदालत	१
३	आयोग, कार्यालय तथा अन्य निकाय	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय क्षयरोग केन्द्र	२
४	बैंक	राष्ट्रिय वाणिज्य बैंक	१
५	अन्य निकाय	सामाजिक सुरक्षा कोष, चलचित्र विकास बोर्ड	२

केन्द्रले सरकारी निकायहरुलाई मात्र कोलोकेशन सेवा दिने हो वा अन्य निकायहरुलाई पनि दिने हो सोको स्पष्ट नीति बनाईनु पर्दछ। यदि सरकारी निकायलाई मात्र यो सेवा उपलब्ध गराउनुपर्ने हो भने सरकारी बाहेक निकायलाई यो सेवा दिन नमिल्नेमा अन्य निकायहरुलाई पनि यो सेवा दिएकोले सरकारी बाहेकका निकायले स्थान ओगटेका कारण सरकारी निकायले सेवा नपाउने स्थिति देखिएको छ ।

कोलोकेशन सम्बन्धमा जि.आई.डि.सी. र सेवाग्राहीको काम, कर्तव्य, अधिकार एवं जिम्मेवारी स्पष्ट हुने गरी सेवा सम्झौता गर्ने र सो बमोजिम समन्वयको व्यवस्था हुनुपर्दछ । साथै, कोलोकेशनसम्बन्धी नीति बनाई लागू गर्नुपर्दछ ।

२९.२ केन्द्रले अन्य सरकारी निकायलाई डाटा सेन्टर, वेब होस्टिङ्ग तथा ईमेल सेवा उपलब्ध गराउने क्रममा निकायको मागबमोजिम सर्भर, स्टोरेज डिभाईस, राउटर जस्ता यन्त्र उपकरणहरु पनि खरिद गरेर सेवा दिने गरेको छ । जसमा कुन निकायको लागि कुन समयमा कस्तो यन्त्र उपकरण चाहिने हो सोको विवरण समयमै माग गरी आवश्यकता पहिचानका आधारमा खरिद गर्ने गरेको पाईएन। लोकसेवा आयोग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग आदि निकायहरुले IBM AIX/DB2 उपकरण प्रयोग गरिरहेको अवस्थामा जि.आई.डि.सि.ले उक्त निकायहरुसँग समन्वय नगरी High Computing Oracle Sparc Servers (RISC) and Nutanix Hyper Converged Infrastructure रु.३० करोड ६५ लाख ५६ हजारमा खरिद गरेकाले डाटा माईग्रेशन गर्नुपर्ने तथा एप्लिकेशन नै अपग्रेड गर्नुपर्ने बाध्यता आई परेको देखियो । लोकसेवा आयोग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग लगायतका निकायहरुले IBM AIX/DB2 मा स्टोर भएका डाटा एवम् सूचना हालसम्म पनि माईग्रेशन हुन सकेकोमा हाल भूमि व्यवस्थापन तथा अभिलेख विभागको मात्र डाटा केन्द्रकै ईन्टेल ब्लेड सर्भरमा माईग्रेसन भएको केन्द्रको भनाई रहेको छ। जसले गर्दा एकातिर यस्ता यन्त्र उपकरण खरिदमा ठूलो

रकम खर्च भएको छ भने अर्कातिर दुवै पक्षको प्रविधि नमिलेका (Technically Compatible) कारण अति महत्वपूर्ण सरकारी सूचना माईग्रेशन हुन नसकी प्रयोजन बिहीन अवस्थामा पुग्दा नोक्सानी ब्यहोर्नुपर्ने अवस्था छ । यसरी दुई निकायबीच मौजुदा सूचना प्रविधि उपकरण तथा एप्लिकेशनमा सामञ्जस्यता नभएका कारण खरिदमा थप आर्थिक व्ययभार पर्ने र कतिपय एप्लिकेशनलाई स्तर वृद्धि गर्नुपर्ने देखिएकोले सोको लागि थप खर्च व्यहोर्नुपर्ने अवस्था छ । भारतीय कम्पनीले निर्माण गरेको लोकसेवा आयोगको सफ्टवेयर हाल स्थानीय कम्पनीले सम्भार गर्दै आएकोमा उक्त स्थानीय कम्पनीले IBM Power 7/AIX सर्भरमा सञ्चालन भइरहेको प्रणाली (जुन End of Life भइसकेको छ) लाई यस केन्द्रले नै उपलब्ध गराएको IBM Power 9 सर्भरमा माईग्रेशन गर्न गरेको प्रयास असफल भएको केन्द्रको भनाई रहेको छ ।

कोलोकेशन सेवा लिएका सरकारी निकायसँग प्रयास समन्वय गरेर जि.आई.डि.सी.ले नै खरिद गर्नुपर्ने हो भने त्यस्ता यन्त्र उपकरणको बास्तविक माग के हो सोको पहिचान गरी दुवै पक्षको प्रविधि विश्लेषण गरेर कम्प्याटिबल हुने यन्त्र उपकरण मात्र खरिद गर्नुपर्दछ ।

२९.३ **लगत नरहेको** - कोलोकेशन सेवा अन्तर्गत निकायहरुले खरिद गरेर डाटा सेन्टरमा जडान गरेका यन्त्र, उपकरण तथा प्रविधिको ब्राण्ड, मोडल, स्पेशिफिकेशन, परिमाण, मूल्य, वारेण्टी, ग्यारेण्टी सहित जडान गर्ने निकायको जिन्सीमा र डाटा सेन्टरमा दुरुस्त भिडान हुनेगरी डाटा सेन्टरले लगत खडा गरेर राख्नुपर्नेमा त्यस्तो लगत राखे गरेको छैन । जसले गर्दा कुन निकायको के कति परिमाणमा कुन कुन प्रकृतिका र कति मूल्यका यन्त्र उपकरण तथा प्राविधि डाटा सेन्टरमा जडान भएका छन् ? कुन प्रयोगमा आएका छन् ? कुन प्रयोग नगरी डाटा सेन्टरमा ल्याएर राखेका छन् ? कुनको लाईसेन्स अवधि कति छ ? कुनको वारेण्टी कति अवधि बाँकी छ भनि जि.आई.डि.सी. आफैले भन्न सक्ने अवस्था नभएको कारण जडान भएका यन्त्र उपकरण हराउने, साटिने, निष्क्रिय रहने जस्ता जोखिमहरु रहन्छन् । जडान गरेका यन्त्र उपकरण निकायले फिर्ता गर्दा, मर्मतको लागि बाहिर लैजाँदा कुनै अनुमति लिन नपर्ने र बाहिर लैजाँदा लगत काट्ने र आउट गोईङ्ग रेकर्ड समेत राख्ने गरेको पाईएन।

२९.४ जि.आई.डि.सी.को प्रमुख कार्य अन्य सरकारी निकायहरुलाई आफ्नो हार्डवेयर, नेटवर्क तथा स्टोरेज सम्बन्धित रिसोर्सेजहरु राख्नको लागि यथेष्ट स्पेस, पावर, चिस्यान, सुरक्षा, ईन्टरनेट आदिले सुसज्जित भएको कोलोकेशन सेवा उपलब्ध गराउनुपर्ने हो । तर अन्य सरकारी निकायहरुलाई आवश्यक पर्ने हार्डवेयर, सफ्टवेयर तथा लाईसेन्सहरु उपलब्ध गराउने कार्य समेत जि.आई.डि.सी. ले गर्ने गरेको पाईयो भने कतिपय सरकारी निकायले आफै पनि खरिद गरेर जि.आई.डि.सी.मा जडान गर्ने गरेको पाईयो । एउटै निकायको एउटै सेवाको लागि पनि केहि जि.आई.डि.सी. र केही कोलोकेसन सेवा लिने सरकारी निकायले खरिद गरेर जि.आई.डि.सी. मा जडान गर्ने गरेको पाईयो । उदाहरणको लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागले सञ्चालन गरेको विद्युतीय भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीको एप्लिकेशन सर्भरको लागि दुवै निकायले देहायबमोजिमका यन्त्र उपकरण खरिद गरेर जि.आई.डि.सी.मा जडान गरेको देखियो ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागले खरिद गरेर GIDC मा जडान गरेका यन्त्र उपकरणहरु

SN	Model	Type	Qty.	Location	Owner
1	ProLiant DL380p Gen8	Server	1	GIDC	DoLMA
2	Sophos XG-210	Firewall	1	GIDC	DoLMA
3	Fortigate FG500d	Firewall	1	GIDC	DoLMA
4	Huawei 2288H V5	Server	1	GIDC	DoLMA
5	Huawei 2288H V5	Server	1	GIDC	DoLMA
6	Infortrend	Storage	1	GIDC	DoLMA
7	Cisco SG220	Switch	1	GIDC	DoLMA

GIDC ले खरिद गरेर उपलब्ध गराएका र भूमि व्यवस्थापन तथा अभिलेख विभागको लागि GIDC मा जडान भएका यन्त्र उपकरणहरु:

SN	Model	Type	Qty.	Location	Owner
1	Huawei AR3260	Router	1	GIDC	GIDC
2	Lenovo Flex System x240 Compute Node	Blade	1	GIDC	GIDC
3	Juniper	Switch	1	GIDC	GIDC
4	EMC Unity	Storage	1	GIDC	GIDC

यसैगरी डाटा सेन्टरमा भरपर्दो ईन्टरनेट सेवा सहितको कोलोकेशन सेवा उपलब्ध हुँदा हुँदै कोलोकेसन सेवा लिएका सरकारी निकायहरुले डाटा सेन्टरको (नेपाल टेलिकम) भन्दा अन्य सेवा प्रदायकबाट ईन्टरनेट सेवा लिएर डाटा सेन्टरमा छुट्टै जडान गरेको पाईयो । उदाहरणको लागि देहायका निकायहरुले काठमाडौ र हेटौंडा केन्द्रमा फरक ईन्टरनेट सेवाप्रदायकबाट छुट्टै ईन्टरनेट सेवा लिएर डाटा सेन्टरमा जडान गरेका छन् :

सि.नं.	निकायको नाम	सेवा प्रदायक	स्थान
१.	सामाजिक सुरक्षा कोष	SUBISU	DRC
२.	राष्ट्रिय बाणिज्य बैंक	Webserfer	DRC
३.	महालेखा नियन्त्रक कार्यालय	Worldlink	DRC
४.	निजामती कितावखाना	SUBISU, Vianet	GIDC
५.	सार्वजनिक खरिद अनुगमन कार्यालय	SUBISU	GIDC
६.	भन्सार विभाग	SUBISU	GIDC
७.	राष्ट्रिय परिचय पत्र	SUBISU	GIDC
८.	नेपाल स्टक ईक्स्चेन्ज	SUBISU	GIDC
९.	चलचित्र वकास बोर्ड	Webserfer	GIDC
१०.	यातायात व्यवस्था विभाग	SUBISU	GIDC

एउटै कामको लागि फरक फरक निकायहरु खरिदमा संलग्न हुँदा खर्चमा दोहोरोपना आएको छ भने आवश्यकता नैं पहिचान नभई खरिद हुने तथा आवश्यक पर्ने भन्दा फरक र कम्प्याटिबल नहुने सामान खरिद हुने जोखिम समेत रहन्छ । फरक ईन्टरनेट सेवा प्रदायकबाट छुट्टै ईन्टरनेट सेवा लिएर डाटा सेन्टरमा जडान गर्दा समग्र डाटा सेन्टरको डाटा सुरक्षामा भाईरस, मालवेयर लगायतबाट सुरक्षाका चुनौतीहरु आईपर्न सक्दछ । त्यसैगरी जिन्सी व्यवस्थापन, मर्मत सम्भार, वारेण्टी, ग्यारेण्टी तथा पार्टपूर्जा फेरबदलको व्यवस्थापन कसले गर्ने भन्ने अन्यौलता सृजना हुन्छ । यदि यस्तो खरिद कार्य जि.आई.डि.सी.ले नैं गर्ने हो भने सरकारी निकायले समयमै माग पठाएर जि.आई.डि.सी.को वार्षिक खरिद योजनामा समावेस गरेर मात्र खरिद हुने व्यवस्था मिलाईनु पर्दछ ।

२९.५ **मागको व्यवस्थापन** - जि.आई.डि.सी.ले उपलब्ध गराउने सरकारी डोमेन दर्ता, इमेल सर्भर, वेब होस्टिङ्ग, कोलोकेशन जस्ता सेवाहरुको लागि निकायहरुले आवश्यकताअनुसार विभिन्न समयमा निवेदन दिएर सेवा माग गरे अनुसार केन्द्रले सेवा उपलब्ध गराउँदै आएको छ । यसरी आवश्यक सेवाको लागि माग गर्ने कुनै समय सीमा/अवधि तोक्ने गरेको पाईएन । जसले गर्दा बर्षभरी नैं जुनसुकै बेला माग आउने सक्ने र माग बमोजिमको पूर्वाधार तथा यन्त्र उपकरण केन्द्रमा अपर्याप्त भएमा तुरुन्तै खरिद गर्नु पर्ने र जुनसुकै बखत माग आउन सक्छ भनि अनुमानका आधारमा समेत शुरुमै खरिद गरी स्टक राखुपर्ने अवस्था सृजना भएको देखियो । अचानक माग आएमा श्रोत साधनको अभाव भई माग गरेकै बखत तुरुन्त मागको सम्बोधन हुन नसकी सेवा प्रवाहमा ढिलासुस्ती समेत हुने देखियो । यसरी जुनसुकै बखत सेवा माग गर्न मिल्ने परिपाटीले गर्दा केन्द्रले आवश्यकता आँकलन गर्न नसकि वार्षिक खरिद योजनामा समावेश गर्न नसकेका कारण खरिद प्रकृयाका सबै सर्तहरु पुरा हुन नसक्ने देखियो ।

केन्द्रले समयमै सूचना जारी गरी सेवा आवश्यक पर्ने निकायले तोकिएको अवधिभित्र सेवा माग गरिसक्नु पर्ने नीति बनाई कार्यान्वयन गर्नुपर्दछ ।

केन्द्रले सेवा उपलब्ध गराउँदा निकायहरुबाट जे जस्तो सेवा, प्रविधिको माग आयो सोही बमोजिमको सेवा तथा प्रविधि र माग बमोजिमकै परिमाणमा उपलब्ध गराउने गरेको पाईयो । यसरी निकायले माग गरेको सेवा तथा प्रविधि माग गर्ने निकायलाई आवश्यक पर्ने हो होईन, कम्प्याटिबल छ छैन, माग भएको प्रविधि उक्त निकायमा उपयोग हुने हो वा होईन, माग भएको सेवा तथा प्रविधि केन्द्रले उपलब्ध गराउन सक्ने अवस्था छ छैन ? निकायहरुलाई आवश्यक पर्ने नैं हो भने माग भए बमोजिमको परिमाण/क्षमता नैं चाहिने हो होईन, सोको पहिचान र विश्लेषण नगरी माग भए अनुसारको स्टक नभएमा बाहिरबाट खरिद वा आउटसोर्सिङ्ग गरेर भएपनि उपलब्ध गराउने गरेको पाईयो ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र सरकारलाई सूचना प्रविधिसम्बन्धी परामर्श सेवा उपलब्ध गराउने समेत जिम्मेवारी पाएको निकाय भएकोले सरकारी कार्यालयहरुले यस केन्द्रसँग माग गरेको सूचना प्रविधिसम्बन्धी सेवा आवश्यक हो होईन विश्लेषण गर्नुपर्नेमा आवश्यकता पहिचान र विश्लेषण नगरी सेवा उपलब्ध गराउने गरेको पाईयो । जसले गर्दा कतिपय निकायको नाममा होस्टिङ्ग गरिएको वेबसाईट वर्षौंदेखि नचलाएको र खरिद गरेर डाटा सेन्टरमा राखेका धेरै यन्त्र उपकरण समेत प्रयोग बिहीन अवस्थामा रहेको पाईयो । केन्द्रले माग अपूर्ति अवस्थाको विश्लेषण गरेरमात्र सेवा प्रवाह गर्नुपर्दछ । केन्द्रले प्रवाह गर्ने सेवाको लागि जुनसुकै बेला निवेदन दिएर माग हुन सक्ने र प्राप्त निवेदनलाई दर्ता पश्चात सेवा प्रवाहको लागि प्राथमिकीकरण गरेर पहिले निवेदन दिनेलाई पहिले सेवा दिने गरेको पाईएन। ढिला निवेदन दिनेले तुरुन्तै सेवा पाउने र छिटो निवेदन दिनेले लामो समयसम्म कुर्नुपरेको गुनासो समेत हुने गरेको पाईयो । साथै निकायहरुको माग उचित भएमा मात्र सेवा उपलब्ध गराउनु पर्दछ ।

केन्द्रले प्रदान गर्ने सेवा लिन चाहने निकायले निश्चत समय अगावै माग गरिसक्नुपर्ने र प्राप्त माग निवेदनको रोलक्रम अनुसार सरल र सहज ढंगले पारदर्शी रुपमा सेवा प्रवाह हुने प्रबन्ध मिलाईनुपर्दछ।

२९.६ **सूचना प्रविधिजन्य उपकरण तथा सफ्टवेयर खरिद** - निकायहरुले कोलोकेसन सेवाको लागि डाटा सेन्टरमा जडानका लागि पठाएका यन्त्र उपकरणको डाटा सेन्टरमा र सम्बन्धित निकायको जिन्सी खातामा दुरुस्त हुनेगरी जिन्सी अभिलेख राख्नुपर्नेमा अधिकांश निकायहरुको डाटा सेन्टरमा कुन कुन र कति परिमाणमा यन्त्र उपकरण ल्याईएका हुन, कति जडान भएका छन् , कति जडान नभई राखिएका छन्, सोसम्बन्धमा स्पष्ट जानकारी हुनेगरी सरकारी निकाय अनुसारको विवरण तयार गरेको छैन । साथै, कोलोकेशनको लागि प्राप्त यन्त्र उपकरणको एउटा छुट्टै जिन्सी अभिलेख रजिस्टर खडा गरेर राख्नुपर्नेमा त्यस्तो अभिलेख राखेको पाईएन । यस्तो जिन्सी नराख्नाले जडान गर्न पठाउने निकाय र केन्द्रको मालवस्तुको जिन्सी मौज्दात भिडान नभई फरक पर्ने गरेको पाईयो । कतिपय निकायहरुले केही यन्त्र उपकरण खरिद गरेर केन्द्रको स्टोरमा लामो समयदेखि राखेकोमा त्यस्ता यन्त्र उपकरण कसले खरिद गरेको हो र कहिले देखि राखेको छ, सोको समेत कुनै रेकर्ड राख्ने गरेको पाईएन । लेखापरीक्षणको क्रममा केन्द्रको स्टोरमा रहेको यन्त्र उपकरणको अवस्था बारेमा नमूना परीक्षण गर्दा केन्द्रको Before Machine Test (BMT) Room मा देहायका यन्त्र उपकरणहरु प्रयोग बिहीन अवस्थामा राखेकोमा कुन निकायले खरिद गरेर राखेको हो, केन्द्रसँग कुनै लिखित रेकर्ड नरहेको र कुन निकायको हो सोको जानकारी नरहेको जवाफ प्राप्त भएको छ ।

List of Equipments in Before Machine Test(BMT) Room

सि.नं.	सामानको विवरण	संख्या
1	Juniper switch ex 9251	4
2	Huawei switch S6500	8
3	Samsung UHDTV 7 series 95 Inch (new)	1
4	Samsung HDTV Full HD 5 series 100 cm (new)	8
5	Juniper network switch	16
6	Sun oracle PDU	2
7	Xerox printer- Heavy Large Size	1
8	Lenovo 4619 HC2 2.4 TB HDD	1
9	Huawei ECC 500	1
10	Huawei charnel airers	6
Nepal Telecom Authority का भनिएको तर लिखित रेकर्ड नरहेको:		
1	Huawei LAN switches S6700	5
2	Optical trans receiver	1 box
3	Cords	8 boxes
4	AC power model	3

जसले गर्दा कुन-कुन निकायले कोलोकेशन सेवा लिएका छन् र ती निकायहरुका के कति परिमाणमा कुन -कुन यन्त्र उपकरण खरिद गरेर केन्द्रको स्टोरमा राखेका छन् र कति जडान भएका छन् भनि यकिन हुने अभिलेख पाईएन ।

२९.७ **यन्त्र उपकरणको व्यवस्थापन** - केन्द्रले डाटा सेन्टरका लागि खरिद गरेका र अन्य निकायहरुले कोलोकेशन सेवाको लागि खरिद गरेर जडान गर्न ल्याएका यन्त्र उपकरणहरुलाई जडान गर्नु पूर्व नैं कुन कोठामा कुन र्‍याकमा राख्ने भनि निश्चित गरेर कोठा नम्बर/कोड, र्‍याक नम्बर/कोड, डिभाईस नम्बर/ कोड र कुन निकायले जडान गरेको हो सो समेत जानकारी हुनेगरी कोड राखेर सम्बन्धित यन्त्र उपकरणमा लेबल टाँस्ने, सो कोडअनुसार नैं जिन्सी सफ्टवेयर बनाएर प्रविष्टि गर्ने र सो कोड सहितको विवरण सम्बन्धित निकायलाई उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । केन्द्रमा कोलोकेशन सेवा र डाटा सेन्टरका लागि २ वटा सर्भर कोठामा मोडुलर ३ र अन्य ५२ गरी जम्मा ५५ वटा र्‍याक जडान गरेको र यन्त्र उपकरणको उपलब्ध गराएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कोलोकेसन तथा डाटा सेन्टरको लागि आवश्यक पर्ने सर्भर, स्टोरेज डिभाईस, फायरवाल, डेसक्टप कम्प्युटर, ल्यापटप, एसि मेशिन लगायतका जम्मा २९४ थान यन्त्र उपकरणहरु (२९४ थान मध्ये ४९ थान लिलाम विक्री गर्नुपर्ने जनाएको) रहेकोमा कुनै नम्बरिङ्ग, ट्यागिङ्ग, लेबलिङ्ग गरेको छैन । जसले गर्दा कुन निकायको कुन-कुन र कति परिमाणमा यन्त्र उपकरण कहाँ जडान भएको छ भनि सजिलै भेट्न सक्ने अवस्था छैन । जडान भएका यन्त्र उपकरण सम्बन्धमा केन्द्रका सीमित कर्मचारीलाई मात्र जानकारी रहेको तर लिखित रेकर्ड नुहँदा जानकार कर्मचारी उपस्थित हुन नसकेको अवस्थामा अन्यले जडान भएका यन्त्र उपकरण भेटाउने अवस्था देखिएन । कतिपय यन्त्र उपकरण कोलोकेसन सेवा लिएका निकायका प्राविधिक कर्मचारीलाई मात्र जानकारी रहेको तर जि.आई.डि.सी.लाई समेत जानकारी नभएको पाईयो । केन्द्रमा प्राप्त भएका यन्त्र उपकरणहरुको नम्बरिङ्ग तथा ट्यागिङ्ग नगर्नाले कुन निकायको कति परिमाणको कुन यन्त्र उपकरण छ र हो भनि सजिलै थाहा पाउने अवस्था छैन भने यसले गर्दा यन्त्र उपकरण हराउने, साटफेर हुने, प्रयोग मिति वारेण्टी, ग्यारेण्टी तथा लाईसेन्स पिरियड समाप्त भएको समेत थाहा नहुने जस्ता जोखिमहरु रहन्छन् ।

कोलोकेशन सेवा र डाटा सेन्टरका लागि खरिद भएका र अन्य निकायहरुले खरिद गरेर जडान गर्न ल्याएका यन्त्र उपकरणहरुलाई जडान गर्नुपूर्व नैं कुन कोठामा कुन र्‍याकमा राख्ने भनी निश्चित गरेर कोठा नम्बर/कोड, र्‍याक नम्बर/कोड, डिभाईस नम्बर/ कोड र कुन निकायले जडान

गरेको हो सो समेत बुझिने गरी कोड राखेर सम्बन्धित यन्त्र उपकरणमा लेबल टाँस्ने र सो कोड अनुसार नैं सफ्टवेयर बनाएर प्रविष्टि गर्ने, सोसँग भिडान हुनेगरी जिन्सी व्यवस्थापन गर्ने र कोड सहितको विवरण सम्बन्धित निकायलाई उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ ।

३०. **आन्तरीक नियन्त्रण तथा परीक्षण** - डाटा सेन्टरमा जडान भएका यन्त्र, उपकरण, प्रविधि, सफ्टवेयर, नेटवर्किङ्ग, ईन्टरनेट, डाटाबेस, पावर ब्याकअप, विद्युत प्रवाह, अग्नी निवारक यन्त्र, कुलिङ्ग सिस्टम, मोनिटरिङ्ग कन्ट्रोल, सेक्युरिटी आदि सूचना प्रविधि संयन्त्रले प्रभावकारी रुपमा काम गरेको छ वा छैन भनि नियमितरुपमा प्राविधिक पक्षबाट जाँच तथा परीक्षण गराई सोको प्रतिवेदन लिएर प्रतिवेदनले औंल्याएका व्यहोराहरुको निरन्तर रुपमा कार्यान्वयन गर्दै जाने व्यवस्था गरिएको हुनुपर्दछ । यस्ता जाँच तथा परीक्षणमा प्रमाणपत्र प्राप्त व्यक्ति/ निकायबाट System Audit, निकाय भित्रैको प्राविधिक जनशक्ति वा संयन्त्रबाट Internal Audit/Control, दक्षता प्राप्त प्राविधिकबाट Regular Technical Test, माथिल्लो निकायका प्राविधिक टोलीबाट अनुगमन, कार्यालयमा जिम्मेबारी तोकिएका कर्मचारीबाट प्रमाणीकरण तथा सुपरीवेक्षण आदि मध्ये आवश्यकता तथा अनुकूलता अनुसार सबै वा कुनै तरिकाको अवलम्बन गर्नुपर्दछ। निश्चित समयको अन्तरालमा नियमित रुपमा यस्तो परीक्षण नगराउनाले समग्र प्रणालीको प्रभावकारिता बारे थाहा पाउन सकिदैन भने भविष्यमा आउन सक्ने जोखिम आङ्कलन गर्न र सचेत हुन सकिदैन । साथै यस्ता परीक्षणले प्रणालीमा भएका त्रुटि, कमजोरी तथा यन्त्र उपकरण लगायत समग्र संयन्त्रमा कुनै समस्या देखिएमा सोको निराकरणको लागि सुझाव दिने गर्दछ । नियमित परीक्षण गराएर साना तिना त्रुटी कमजोरीलाई समाधान नगरेमा पछि झन ठूला समस्या आउन सक्ने जोखिम रहन्छ । केन्द्रले प्रणालीमा समस्या आईपरेपछि सोको निराकरणको लागि मात्र जाँच गर्ने गरेको पाईयो तर हालसम्म डाटा सेन्टरको System Audit गराएको छैन भने निश्चित समयको अन्तरालमा नियमित रुपमा Technical Audit समेत गराउने गरेको पाईएन । निकाय भित्रैका विज्ञ टोलीबाट नियमित रुपमा प्राणालीको प्राविधिक परीक्षण गर्ने गरेको पाईएन । नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नम्बर १८ मा सरकारी निकायमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको सम्परीक्षण सूचना प्रविधि विभागले गर्ने व्यवस्था रहे तापनि सो परीक्षण हुने गरेको छ वा छैन सोको जनाकारी हुन सकेन भने गरेको भएमा सोको प्रतिवेदन प्राप्त भएको छैन । त्यसैगरी विभाग तथा मन्त्रालयका प्राविधिक टोलीले नियमित प्राविधिक अनुगमन गरेको सम्बन्धमा कुनै जानकारी प्राप्त हुन सकेन ।

केन्द्रले प्रमाणपत्र प्राप्त व्यक्ति/निकायबाट डाटा सेन्टरको समग्र प्रणालीको System Audit गराउनुपर्दछ। निकाय भित्रैका प्राविधिक जनशक्ति वा संयन्त्रबाट नियमितरुपमा Internal Audit/Control गर्ने व्यवस्था गरिनुपर्दछ। समस्या आईपरेमा समाधान गर्न मात्र नभई प्रणालीको प्रभावकारिता थाहा पाउन प्राविधिक टोलीबाट नियमितरुपमा जाँच, परीक्षण, अनुमगन तथा निरीक्षण गर्ने व्यवस्था मिलाईनु पर्दछ।

३१. **वेब साईट व्यवस्थापन (डोमेन नाम दर्ता र होस्टिङ्ग)** - राष्ट्रिय सूचना प्रविधि केन्द्रले उपलब्ध गराउने सेवाहरु मध्ये माग गर्ने सरकारी निकायहरुको वेबसाईटको व्यवस्थापन लगायत वेबसाईट दर्ता र होस्टिङ्गको कार्य समेत पर्दछन् । हाल नेपालमा करिब ६ हजार सरकारी कार्यालय रहेको र अधिकांशले वेबसाईट बनाई सञ्चालनमा ल्याएका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छ :

३१.१ नेपालका सरकारी नियकाहरुको लागि वेब होस्टिङ्गको सेवा यस केन्द्रले उपलब्ध गराउँदै आएकोमा सोही सेवा Virtual machine (VM) मार्फत सूचना प्रविधि विभागले पनि उपलब्ध गराउने गरेको छ । यसरी एउटै प्रकृतिको कामको लागि दुवै सरकारी निकायको संलग्नता रहँदा काममा दोहोरोपना आउने तथा भूमिकामा अन्यौलता सिर्जना हुन सक्दछ साथै श्रोत, साधन, जनशक्ति र समयको व्यवस्थापनमा समेत असमझदारी सृजना हुन सक्दछ । त्यसैगरी सेवाग्राहीलाई समेत कहाँबाट सेवा लिने भन्ने अन्यौल सिर्जना हुने देखिएको छ ।

३१.२ यस केद्रले C-Panel र Virtual Machine (VM) मार्फत नेपालका सरकारी निकाय, शैक्षिक संस्था तथा अन्य संगठनहरुलाई वेब होस्टिङ्ग सेवा उपलब्ध गराएको पाईयो । वेबहोस्टिङ्ग सेवा अन्तर्गत वेबसाईट रजिस्ट्रेसन र सोका लागि आवश्यक पर्ने स्पेस उपलब्ध गराउँदै आएको छ । केन्द्रले Virtual Machine मार्फत सरकारी निकाय ३५ र अन्य २२ गरी जम्मा ५७ निकायलाई वेबहोस्टिङ्ग सेवा उपलब्ध गराएको छ भने C-Panel मार्फत हालसम्म नेपाल सरकारका सरकारी निकाय (.gov.np)-११४६, शैक्षिक संस्था (.edu.np)-४९ तथा अन्य सँगठनहरु (.org.np)-१५ र निजी (.com)-२ (parbatgurung.com & gorkhapatradaily.com) गरी जम्मा १ हजार २१२ वेबसाईट रजिष्ट्रेसन गरी आवश्यक स्पेस उपलब्ध गराएको छ । केन्द्रबाट Virtual Machine (VM) र C-Panel मार्फत गरी जम्मा १ हजार २६९ वेबसाईट दर्ता भएका छन् ।वेबहोस्टिङ्ग सेवा उपलब्ध गराउन स्पेशका लागि स्टोरेज डिभाईस्, सपोर्ट सेवा, सेक्युरिटी सेवा, ईन्टरनेट सेवा, लाईसेन्स, आईपि एड्रेस आदि सेवाका लागि खर्च हुनेगर्दछ। केन्द्रले C-Panel मार्फत वेब होस्टिङ्ग अन्तर्गत एकवर्षको सपोर्ट सेवाको लागि २०७७/२/३२ मा रु.४ लाख ९५ हजार, लाईसेन्स नवीकरणको लागि २०७६/११/२ मा रु.४ लाख ७९ हजार, १५०० आईपि एड्रेसका लागि अष्ट्रेलियन डलर १ हजार १२६ भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिमा सेक्युरिटी (एन्टी भाईरस) लागि रु.४ लाख ९७ हजार भुक्तानी गरेको छ । स्पेशका लागि स्टोरेज डिभाईस्, ईन्टरनेट सेवा, लाईसेन्स एकपटक खरिद भएपछि वार्षिक रुपमा सधैं खर्च नहुने तर आवश्यक परेमा जुनसुकै बेला थप खर्च हुने कारण शुरुमा र हालसम्म के कति खर्च भएको छ सोको यकिन हुन सकेन । Virtual Machine (VM) को लागि एकपटक खरिद हुने र वार्षिक भुक्तानी गर्नु नपर्ने केन्द्रले जनाएको छ । Virtual Machine (VM) का लागि यस आ.व.मा कुनै खर्च नभएको जनाएको छ भने विगतमा कुन आ.व.मा के कति भुक्तानी भएको थियो सोको जानकारी प्राप्त हुनसकेन।

३१.३ C-Panel मार्फत वेब होस्टिङ्ग सेवाका लागि केन्द्रसँग ५ वटा सि-प्यानेल रहेका छन् । पाँच वटै सि-प्यानेलमा हालसम्म जम्मा १ हजार २१२ वेबसाईट होस्टिङ्ग भएका छन् । पाँचवटै C-Panel को कुल क्षमता, प्रयोग भएको र बाँकी क्षमताको अवस्था देहाय बमोजिम रहेको छ:

सि.नं.	सि-प्यानेल	जम्मा क्षमता (TB)	प्रयोग भएको क्षमता (TB)		प्रयोग बाँकी क्षमता (TB)	
१.	Web Cpanel-1	3.3	1.1	33%	2.2	67%
२.	Web Cpanel-2	3.9	0.9	23%	3.0	77%
३.	Web Cpanel-3	3.8	1.5	39%	2.3	61%
४.	Web Cpanel-4	3.4	2.9	85%	0.5	15%
५.	Web Cpanel-5	1.8	0.8	44%	1.0	56%
Total		**16.2**	**7.2**	**44%**	**9.0**	**56%**





केद्रको ५ C-Panel मा जम्मा 16.2 TB स्पेश रहेकोमा वेबहोस्टिङ्गमा 7.2 TB अर्थात ४४ प्रतिशत मात्र खपत भएर 9 TB अर्थात ५६ प्रतिशत प्रयोग नभई बाँकी रहेको छ । C-Panel को राम्ररी व्यवस्थापन गर्ने सकेमा प्रयोग बाँकी क्षमता ५६ प्रतिशतबाट अझ बढ्न सक्ने देखिन्छ ।प्रयोग नभई बाँकी रहेको क्षमताको वैकल्पिक उपयोग गर्ने तर्फ केन्द्रको ध्यान जानुपर्दछ । हालसम्म केन्द्रको C-Panel मा दर्ता भएका वेबसाईट संख्या १ हजार २१२ मध्ये २२२ वेबसाईट चालु हालतमा रहेका छैनन् (विवरण अनुसूची -१ मा संलग्न छ) । अर्थात् दर्ता भएका वेबसाईट खुल्छन् वा खुल्दैनन् भनी परीक्षण गर्दा २२२ वेबसाईट खुल्दैनन् । दर्ता भएकामध्ये यति ठूलो संख्यामा वेबसाईटहरु के कारणले नखुलेका हुन् भन्न सकिने अवस्था रहेन । यस सम्वन्धमा केन्द्रबाट कुनै जवाफ प्राप्त भएको छैन ।

वेबसाईट दर्ता भएपछि ती वेबसाईट भएका कार्यालयहरु बन्द भैसकेका हुन भने C-Panel बाट वेबसाईट मेटाएर स्पेस खाली गर्नुपर्ने हो। प्रयोग नभएका वेबसाईटहरु C-Panel मा रहिरहँदा प्रयोजन विहीन वेबसाईटको लागि C-Panel Manager र Webhost Manager, स्टोरेज डिभाईस लगायतको लागि शुल्क भुक्तानी भईरहनाले सञ्चालन खर्च बढेको छ भने C-Panel को स्पेस समेत खपत भैरहने देखिन्छ जसले गर्दा अन्य काममा प्रयोग गर्न खोज्दा C-Panel भरिएको देखिन्छ । बन्द भएका वेबसाईटमा अनलाईन फारम मार्फत प्राप्त भएका डाटा तथा सूचना अति महत्वपूर्ण हुने देखिंदा त्यस्ता सूचना कहाँ र कुन हालतमा रहेका छन त्यसबारेमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

एकपटक वेबसाईट सञ्चालन गर्दा वेबसाईट निर्माण, सेक्युरिटी, जनशक्ति, सपोर्ट सेवा, ईन्टरनेट, ईमेल, अपडेट, मेन्टीनेन्स बापत थप ठूलो रकम खर्च हुने र एकपटक बनाईएको वेबसाईट बन्द गरी पुन: अर्को वेबसाईट संञ्चालन गर्न ठूलो रकम खर्च हुने देखिन्छ । हाल चालु अवस्थामा रहेका मात्र वेबसाईटको लागि जम्मा २ वटा मात्र C-Panel भए पुग्नेमा थप ३ वटा C-Panel को लागि किन खर्च गरिएको हो ? सो सम्बन्धमा केन्द्रको ध्यान जानुपर्ने देखिन्छ । चालु अवस्था रहेका

भनिएका वेबसाईटहरु पनि कतिपय बन्द भैसकेका कार्यालयका वेबसाईटहरु समेत हुन सक्ने देखिंदा सो को एकिन गरी C-Panel लाई अद्यावधिक गर्पर्दछ ।

दर्ता भएका वेबसाईटको तथ्याङ्क भेरिफाई गर्दा ६ वटा वेबसाईट तेहेरो र ५४ वटा वेबसाईट दोहोरो परेको देखिन्छ (विवरण अनुसूची -२ मा संलग्न छ) । जसले गर्दा एउटै वेबसाईटको लागि सञ्चालन खर्च र स्पेश दोहोरो र तेहेरो समेत पर्न गएको छ । एक वेबसाईट १०१२ देखि, २ वटा २०१३ देखि,२ वटा २०१४ देखि, २ वटा २०१५ देखि, ४ वटा २०१६ देखि र १३ वटा २०१७ देखि सञ्चालनमा आएका छैनन् ।यसरी दोहोरो तेहेरो परेका र लामो समयदेखी सञ्चालनमा नआएका वेबसाईटको लागि समेत वार्षिक रुपमा सञ्चालन खर्च व्यहोर्नु परिरहेको अवस्था छ ।

३१.४ वेबसाईट दर्ता भैसकेपछि कति स्पेस उपलब्ध गराउने भन्ने सम्बन्धमा स्पष्ट नीति बनाई लागू गर्नु पर्दछ । यस सम्बन्धमा केन्द्रको कुनै नीति रहेको पाईएन । स्पेश उपलब्ध गराउने मापदण्ड नबनाई कुनैलाई अनलिमिटेड स्पेश, कुनैलाई उपयोगमा आउने भन्दा बढी स्पेश उपलब्ध गराएको पाईयो भने कतिपय वेबसाईटले केन्द्रले उपलब्ध गराएको कोटा भन्दा पनि बढी स्पेस प्रयोग गरेका छन् । सबैजसो वेबसाईटलाई न्यूनतम १०२४ किलोबाईट अर्थात १ मेगाबाईट स्पेस उपलब्ध गराएकोमा २८९ वेबसाईटले १०० किलोबाईट भन्दा कम स्पेस उपयोग गरेको पाईयो । यसरी ज्यादै कम क्षमता प्रयोग गर्ने वेबसाईटको लागि आवश्यक भन्दा बढी वेब स्पेस उपलब्ध गराएकोले ज्यादै कम स्पेश भए पुग्ने वेबसाईटले बढी स्पेश ओगटेको देखियो । त्यसैगरी १९७ वेबसाईटलाई अनलिमिटेड स्पेस उपलब्ध गराएको छ (विवरण अनुसूची -३ मा संलग्न छ) भने ९ वटा वेबसाईटले उपलब्ध गराएको कोटा भन्दा बढी स्पेश उपयोग गरेको समेत पाईएको छ (विवरण अनुसूची -४ मा संलग्न छ) । तोकिएको कोटा भन्दा बढी स्पेश प्रयोग गर्न मिल्ने अवस्था कसरी आएको हो ? र के कारणले अनलिमिटेड स्पेश उपलब्ध गराईएको हो सो सम्बन्धमा केन्द्रको ध्यान जानुपर्ने देखिएको छ । स्पेश उपलब्ध गराउने सम्बन्धमा स्पष्ट नीति बनाई कार्यान्वयन गर्नु पर्दछ ।

वेबसाईट रजिष्टर भएपछि सोको Backend/C-Panel को व्यवस्थापन गर्ने काम Consultant or Vendor ले गर्ने भएकोले वेबसाईटमा पहुँच तथा डाटाबेसमा रहेको वेबसाईटको सूचनामा गोपनीयता कायम नरहने देखिएकाले पहुँच नियन्त्रण गर्ने तथा गोपनीयता कायम राख्ने सम्बन्धमा केन्द्रको ध्यान जानुपर्ने देखिन्छ ।

३२. **मोबाईल एप सञ्चालन सेवा** - केन्द्रले Government of Nepal नामको Playstore बाट सरकारी निकायहरुलाई मोबाईल एप सञ्चालन सेवा पनि प्रदान गर्दै आएको छ । यस अन्तर्गत Nagarik App, Department of Immigration, Nepal Law App, Covid Np, Ministry of Labour Employment and Social Security को Callcenter App, Department of Commerce Supplies and Consumer Protection को App र GoN Citizen App गरी जम्मा ७ वटा निकायलाई मोबाईल एप सेवा उपलब्ध गराएको छ । यसैगरी सूचना प्रविधि विभागले पनि सरकारी निकायहरुलाई मोबाईल एप सञ्चालन सेवा उपलब्ध गराउँदै आएको पाईयो। सरकारी निकायको मोबाईल एप सँगै सो एपसँग सम्बन्धित डाटाको भण्डारण पनि हुने भएकोले त्यस्तो सूचनाको सुरक्षा, पहुँच र गोपनियताको हिसाबले जोखिम हुन सक्ने देखिन्छ। एउटै निकायको मोबाईल एप र वेबसाईटमा रहेका सूचना तथा डाटामा एकरुपता कायम हुनु पर्दछ । कतिपय सरकारी निकायका मोबाईल एपहरु सञ्चालनमा आएपछि नखुल्ने तथा एउटै निकायको मोबाईल एप र वेबसाईटको डाटा फरक पर्ने गरेको तथा एकपटक मोबाईल एप बनाईसकेपछि सो एपलाई निरन्तर अपडेट नगर्ने जस्ता आम जनगुनासो समेत आउने गरेका छन्।

सरकारी निकायलाई धेरै ठाउँबाट मोबाईल एप सञ्चालन सेवा दिँदा एउटै निकायले धेरैवटा मोबाईल एप बनाउन सक्ने र खर्चमा दोहोरोपना आउने तथा डाटाबेस फरक परेमा डाटा हराउने तथा दुरुपयोग समेत हुन सक्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित निकायले समयमै ध्यान दिएर यस केन्द्रले, विभागले वा अन्य निकाय कसले यो सेवा सञ्चालन गर्ने हो, कुनै एक निकाय तोकेर मोबाईल एप सेवा सञ्चालन सम्बन्धमा स्पष्ट नीति बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३३. **तथ्याङ्कको सुरक्षा** - डाटा सेन्टरमा भण्डारण भएको तथ्याङ्क बहुपक्षीय दृष्टिकोणबाट सुरक्षित छ भनि पूर्णरुपमा आश्वस्त हुनको लागि डाटा सेन्टर ISO 27001 (Information Security Management) Certified भएको, भरपर्दो सुरक्षा र पहुँच नीति लागू गरिएको, 24x7x367 Security Operation Centre (SOC) को प्रभावकारी रुपमा प्रयोग गरिएको, बहुतह सुरक्षा प्रणाली लागू गरिएको, Data Centre Security Technicians को व्यवस्था गरिएको तथा IT Assets Tracking (Radio Frequency Identification Device, RFID) र बहुकारक प्रमाणिकरणको जडान सेटअप लगायतका सुरक्षा व्यबस्थाहरु प्रभावकारीरुपमा कार्यान्वयन भएको हुनुपर्दछ। यसका साथै एन्टिमालवेयर, फायरवाल, पहुँच नियन्त्रण, भौतिक सुरक्षा तथा नियन्त्रण लगायतका सुरक्षा उपायहरु अबलम्बन गरिएको हुनुपर्दछ। यस केन्द्रमा सरकारका अति गोप्य तथा संवेदनशील तथ्याङ्क रहने र त्यस्ता तथ्याङ्क भविश्यमा समेत उपयोगी हुने कारणले गर्दा दीर्घकालसम्म सुरक्षित रुपमा भण्डारण हुने व्यवस्था हुनुपर्दछ ।

केन्द्रले मिति २०७७/२/२४ मा ठूलो बजेट खर्च गरेर Security Operation Center (SOC) खरिद गरी जडान गरेकोमा SOC मा भएका ४ वटा Tools मध्ये Vulnerability Assessment and Penetration Testing (VAPT) Tool खरिद भएदेखि हालसम्म प्रयोगमा ल्याईएको छैन भने अन्य Tools को पनि अधिकतम उपयोग गरिएको छैन। VAPT र अन्य SOC Tools को अधिकतम प्रयोग मार्फत सम्भावित जोखिमहरु (Security Threats) को पहिले नै पहिचान गरी सुरक्षासँग सम्बन्धित खतरा एवं चुनौतीहरुलाई समाधान गर्न आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सुरक्षा जोखिमहरुको पहिचान र न्यूनीकरण नहुँदा तथ्याङ्क सुरक्षाको अवस्था कमजोर रहन्छ । हाल जडान गरिएको SOC ले केन्द्रको प्रणालीलाई मात्र Monitor गर्ने गरेको छ, डिजास्टर रिकभरी केन्द्र हेटौंडाको प्रणालीलाई SOC मा आवद्ध गरिएको छैन। दुवै केन्द्रले डाटा सेन्टरको अन्तराष्ट्रिय स्तरको सुरक्षा मापदण्ड पुरा गर्ने ISO 27001 Certification लिएका छैनन् ।

केन्द्रमा प्रयोग भएका सूचना प्रविधिजन्य यन्त्र उपकरणहरुलाई ट्र्याकिङ्ग गर्ने प्रणाली र बहुतह सुरक्षा तथा बहुकारक प्रमाणिकरणको पनि व्यवस्था भएको पाईएन । डाटा सेन्टरमा भण्डारण हुने राष्ट्रिय महत्वका अति संवेदनशील तथ्याङ्कको सुरक्षासम्बन्धी विशेषज्ञता हाँसिल गरेका कर्मचारीको व्यवस्था हुनुपर्ने वा तथ्याङ्क सुरक्षासम्बन्धी विशेष तालिम प्रदान गरेर केन्द्रका कर्मचारीको दक्षता अभिवृद्धि गर्नुपर्नेमा केन्द्रमा यससम्बन्धी विशेषज्ञता भएको कर्मचारीको अभाव रहेको पाईयो । केन्द्रले भरपर्दो सुरक्षा र पहुँच नीति समेत तयार गरी लागू गरेको पाईएन ।

तथ्याङ्कको सुरक्षा सम्बन्धमा बहुपक्षीय विश्लेषण र समाधानको उपयुक्त संयन्त्र नहुँदा डाटा सेन्टरमा रहेका तथ्याङ्कको पाईरेसी, ह्याकिङ्ग, भाईरस, फिसिङ्ग, मालवेयर जस्ता साईबर थ्रेटको जोखिम रहन्छ। तसर्थ केन्द्रमा रहेको तथ्याङ्क सुरक्षा प्रणाली डाटा सेन्टरको अन्तराष्ट्रिय मापदण्ड बमोजिम सुरक्षित र भरपर्दो छ भनी आश्वस्त हुने आधार रहेन ।

३३.१ सूचना प्रविधि उपकरणहरुमा लामो समयसम्म सूचना भण्डारण गर्ने हार्ड डिस्क, सिडी, म्याग्नेटिक टेप, म्याग्नेटिक डिस्क, माईक्रो फिल्म, चिप्स, मेमोरी कार्ड, फ्ल्यास स्टोरेज, फ्लपी डिस्क, जिप डिस्क, अप्टिकल डिस्क, डिभिडि, म्याग्नेटो अप्टिकल डिस्क, सिम कार्ड, पेन ड्राईभ जस्ता डिभाईसहरु जडान भएका हुन्छन् । सूचना प्रविधि सम्बन्धी यन्त्र उपकरण लिलाम बिक्री गर्दा सोमा जडान भएका सूचना भण्डारण गर्ने डिभाईसहरु पनि संगै लिलाम हुने र भण्डारण भएका सूचना पनि संगै जाने भएकाले अति सम्बेदनशील र गोप्य सरकारी सूचना बाहिरिने र दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । त्यस्ता डिभाईसहरुमा भण्डारण भएका सूचना साधारण तरिकाले मेटाउँदा (Delete गर्दा) पनि विभिन्न टुल्सहरु प्रयोग गरेर पछि रिकभरी समेत गर्न सकिने हुनाले लिलाम विक्री पश्चात वाह्यपक्षले रिकभर गरी दुरुपयोग गर्नसक्ने जोखिम रहन्छ ।यस्ता उपकरणहरुमा जडान भएको भण्डारण डिभाईसहरुलाई विद्युतीय तथा चुम्बकीय प्रविधिबाट निस्तेज गर्ने अभ्यास समेत रहेको पाईन्छ । लिलाम विक्री गर्नु भन्दा पहिला सूचना प्रविधि यन्त्र तथा उपकरणहरुमा भण्डारण भएका तथ्याङ्क, विवरण तथा अभिलेख सुरक्षित र व्यवस्थित तरिकाले राख्नु पर्दछ । लिलाम विक्री गर्नुपूर्व उपकरणहरुमा रहेको डाटा एवं सूचनालाई पूर्णरुपमा नष्ट गरिए पश्चात लिलाम गर्नुपर्दछ ।

यो वर्ष केन्द्रले उपलब्ध गराएको विवरण अनुसार अनुसूची-५ मा संलग्न स्टोरेज डिभाईस जडान हुने प्रकृतिका रु. ४ करोड १२ लाख ५१ हजार बराबरको यन्त्र उपकरण लिलाम विक्री गर्नुपर्ने भनि उल्लेख गरेको छ । केन्द्रमा सूचना प्रविधि उपकरणमा भण्डारण गरिएको सूचना लिलाम विक्री गर्नुपूर्व नष्ट गर्ने नीति रहेको पाइएन । जसले गर्दा सूचना प्रविधिसम्बन्धी यन्त्र उपकरण लिलाम विक्री गर्नु पूर्व भण्डारण डिभाइसलाई झिकेर राख्ने वा सोमा भण्डारण भएका सूचनालाई नष्ट गर्ने गरेको छैन। सूचना प्रविधि यन्त्र तथा उपकरणहरुको लिलाम विक्री गर्नुपूर्व भण्डारण गरिएका सूचनाको वैकल्पिक सुरक्षित व्यवस्था गरेर लिलाम बिक्री गर्नुपूर्व भण्डारण डिभाइसलाई चुम्बकीय वा विद्युतीय पद्धतिले निस्तेज वा नष्ट गरेर गोप्य तथा अतिसम्बेदनशिल सरकारी सूचना बाहिरिने जोखिम छैन भन्ने कुरामा सुनिश्चित हुनुपर्दछ ।

केन्द्रले डाटा सेन्टरको अन्तराष्ट्रिय स्तरको सुरक्षा मापदण्ड पुरा हुनेगरी गरी बहुपक्षीय तथा बहुतहको तथ्याङ्क सुरक्षाको व्यवस्था गर्नुपर्दछ । भरपर्दो तथ्याङ्क सुरक्षा र पहुँच नीति तयार गरी लागू गरेर राष्ट्रिय तथ्याङ्क पूर्ण रुपमा सुरक्षित र भरपर्दो रूपमा भण्डारण भएको आश्वस्तता प्रदान गर्नुपर्दछ।

३४. **परीक्षण तथा जडान** - निकायहरुमा खरिद गरेर ल्याएका, अनुदानमा प्राप्त भएका, अन्यत्रबाट मर्मत सम्भार गरि ल्याएका, कोलोकेसन सेवा अन्तर्गत निकायहरुले जडानको लागि ल्याएका वा अन्य कुनै तरिकाबाट प्राप्त भएका सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरण, प्रविधि तथा सफ्टवेयरलाई डाटा सेन्टरमा सोझै जडान नगरी मूख्य प्रणाली भन्दा बाहिर परीक्षण गर्ने संयन्त्र खडा गरेर सोमा परीक्षण पश्चात प्रतिवेदन नतिजाका आधारमा कुनै जोखिम छैन भन्ने विश्वस्त भएपछि मात्र मूख्य प्रणालीमा जडान गर्नु पर्दछ । परीक्षण गर्दा प्राप्त नतिजाका आधारमा ती उपकरणको प्रयोग विधि तथा प्रयोग तरिका, लाइसेन्स अवधि, वारेन्टी तथा ग्यारेन्टी अवधि, उपकरण उपलब्धता अवधि, फेज आउट अवधि, प्रयोग अवधि जस्ता विषयको समेत एकीन गर्नु पर्दछ । केन्द्रले यो वर्ष धेरै संख्यामा यन्त्र उपकरण तथा सफ्टवेयर खरिद गरको र धेरै निकायहरुका यन्त्रउपकरण तथा सफ्टवेयर कोलोकेसनका लागि जडान भएकोमा जडान गर्नु भन्दा पहिला परीक्षण नगरी जडान गरेको पाईयो । जडान भन्दा पहिला परीक्षण गर्ने कुनै संयन्त्र समेत खडा गरेको पाईएन । कतिपय नयाँ खरिद गरेका यन्त्र उपकरणमा पनि विद्युतीय खराबी हुनसक्ने, अन्यत्र मर्मत गरेर ल्याएकोमा मर्मत केन्द्रमा भाईरस प्रवेश हुनसक्ने तथा कोलोकेसनमा जडान हुने कतिपय उपकरण पुरान तथा अन्यत्र प्रयोग समेत भैसकेका हुनसक्ने देखिंदा परीक्षण नगरी जडान गरेको खण्डमा विद्युतीय समस्या आई कुनै वा

सबै उपकरणलाई असर गर्ने सक्ने, भाईरस, मालवेयर जस्ता सुरक्षा चुनौतीहरुले डाटाबेस, नेटवर्क, सफ्टवेयर तथा डाटासेन्टरको समग्र प्रणालीमा असर पुऱ्याउन सक्ने, कतिपय उपकरण तथा पार्टस्हरु टेक्नोलोजि वा सफ्टवेयरको भर्सन फरक परि कम्पाटिबल नभएर समस्या आउने जस्ता जोखिमहरु रहन्छन् ।

यन्त्र उपकरण तथा सफ्टवेयरलाई डाटा सेन्टरको मूख्य प्रणाली भन्दा बाहिर परीक्षण गर्ने संयन्त्र खडा गरेर सोमा परीक्षण पश्चात प्रतिवेदन नतिजाका आधारमा कुनै जोखिम छैन भन्ने विश्वस्त भएपछि मात्र मूख्य प्रणालीमा जडान गर्नु पर्दछ । तोकिएको विधि तथा मापदण्ड अपनाएर परीक्षण पश्चात प्राप्त नतिजाको आधारमा मात्र सम्बन्धित डाटा सेन्टरमा जडान गर्नु पर्दछ ।

३५. **पृष्ठपोषण तथा गुनासो व्यवस्थापन** - सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीमा प्रयोगकर्ता, सरोकारपक्ष तथा आम नागरिककाबाट गुनासो तथा सुझाव सहितको पृष्ठपोषण लिएर प्रणालीलाई थप सुधार तथा अद्यावधिक गर्ने व्यवस्था हुनुपर्दछ । प्रणालीमा गुनासो व्यवस्थापनका लागि उजुरी पेटिका, गुनासो तथा सुझाव बाकस, टोल फ्री नम्बर, अनलाईन च्याट, कल सेन्टर, सुझाव फारम, सुझावको लागि ईमेल, वेवसाईटमा अनलाईन फिडब्याक फर्म, एसएमएस, उजुरी पेटिका, गुनासोसँग सम्बन्धित भ्याईस अटो रेकर्ड, टेलिफोन तथा मोबाईल नम्बरको व्यवस्था गरेर सोका लागि Quick Response Team बाट प्रतिउत्तर दिने जस्ता तरिकाहरुमध्ये उपयुक्त व्यवस्थाको कार्यान्वयन गरिनु पर्दछ । केन्द्रले सञ्चालनमा ल्याएको प्रणालीमा बारम्बार सर्भर डाउन हुने, ईन्टरनेट सेवा धेरैपटक विच्छेद भैरहने, ईमेलमा विभिन्न समस्या आईरहने, होस्टिङ भएका वेभसाइट नखुल्ने र ढिला गरी खुल्ने, प्राविधिक कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नहुने र भएकोमा पनि न्यून प्राविधिक ज्ञान हुने, काममा ढिलासुस्ती हुने लगायतका आमनागरिकका यावत गुनासोहरु आउने गरेका विषयहरु आम सञ्चार माध्यम तथा सरोकार पक्षहरुबाट सुनिने गरेको छ । केन्द्रले सरोकारपक्षबाट आउने व्यापक गुनासोलाई पृष्ठपोषणको रुपमा लिएर प्रवाह गरिने सेवाको गुणस्तरमा सुधार हुनेगरी कुनै संयन्त्र तयार गरेर लागू गरेको पाईएन । यसरी पृष्ठपोषण तथा गुनासो व्यावस्थापनको प्रभावकारी संयन्त्र नहुँदा सेवा प्रति आम नागरिकको नकारात्मक धारणाको विकास हुने, सेवा प्रति आमनागरिक वितृष्ण हुने देखिन्छ । यसका साथै कार्यसञ्चालनस्तरमा देखिएका गुनासाहरु केन्द्रसम्म आईनपुग्नाले गुनासो सम्बोधन नहुने र प्रणालीमा समेत थप सुधार तथा अद्यावधिक गर्न सकिदैन । त्रुटि सुनुवाइको लागि ग्राहक सेवाकेन्द्रको व्यवस्था नभएको देखियो । गुनासो व्यवस्थापनका लागि केन्द्रले गरेका व्यवस्था पर्याप्त र प्रभावकारी हुन सकेको पाईएन ।

३५.१ यस केन्द्रले व्यवस्थापन गर्ने ईमेल सेवाका सम्बन्धमा ईमेल सेवा लिने पक्षहरुको ईमेल पठाएपछि तुरुन्त ईमेल डेलिभर नहुने, ईमेलको कनेक्टीभिटी राम्रो नभएको, प्राप्त ईमेल तुरुन्तै नखुल्ने, ईमेलमा विभिन्न व्यापारिक निकायहरुको विज्ञापन आउने, ईमेलमा एट्याच भएका डकुमेण्टहरु निश्चित समयपछी मेटिएर जाने, ईमेलमा विभिन्न प्रतिवन्धित र असम्बन्धित वेबसाईटहरुको लिंक आउने, ईमेलमा डकुमेण्ट एट्याच गर्दा क्षमता नपुग हुने जस्ता आम गुनासाहरु तथा जोखिम रहेका छन् । जसले गर्दा सरकारीको सट्टा निजी ईमेलको प्रयोग घटाउन सकिएको छैन । यसरी केन्द्रले व्यवस्थापन गरेको ईमेल सेवा भरपर्दो नभएका कारण सेवा लिने पक्ष असन्तुष्ट रहँदा पनि सेवाग्राहीसँग पृष्ठपोषण लिएर गुणस्तर सुधार गर्ने पहल भएको पाईएन ।

गुनासो व्यवस्थापनका लागि उजुरी पेटिका, गुनासो तथा सुझाव बाकस, टोल फ्री नम्बर, अनलाईन च्याट, कल सेन्टर, सुझाव फारम, सुझावको लागि ईमेल, वेवसाईटमा अनलाईन फिडब्याक फर्म, एसएमएस, उजुरी पेटिका, गुनासो सँग सम्बन्धित भ्याईस अटो रेकर्ड, टेलिफोन तथा मोबाईल

नम्बरको व्यवस्था गरेर सोका लागि Quick Response Team बाट प्रतिउत्तर दिने जस्ता तरिका हरुमध्ये उपयुक्त व्यवस्थाको कार्यान्वयन गरिनु पर्दछ । प्रयोगकर्ता, सेवाग्राही तथा आमनागरिकको गुनासो तथा सुझाबलाई पृष्ठपोषणका रुपमा लिएर सो लाई समेत सम्बोधन हुनेगरी प्रणालीमा सुधार तथा अद्यावधिक हुने प्रभावकारी संयन्त्र बनाई लागू गरिनु पर्दछ ।

निष्कर्ष

सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोग, निरन्तर विकास र गतिशिलताबाट प्राप्त अवसर सँगै नीतिगत तथा संस्थागत चुनौतीहरुको सम्बोधन गर्नका लागि सूचना प्रविधि क्षेत्रको विकास र प्रवर्द्धन गर्ने उद्देश्यकाले सन् २००१ मा राष्ट्रिय सूचना प्रविधि केन्द्रको स्थापना भएको हो। केन्द्रले परामर्श सेवा, सरकारी डोमेन दर्ता, इमेल सर्भर, सरकारी नेटवर्क व्यवस्थापन, जनशक्ति तालिम, कोलोकेशन सेवा, भर्चुअलाइजेशन र क्लाउड सेवा, वेब होष्टिङ्ग, सफ्टवेयर विकास, सरकारी एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्र सञ्चालन लगायतका सेवाहरु प्रवाह गर्दै आएको छ ।

सूचनाको डाटा बैंकको रुपमा कार्य गर्न सरकारी एकीकृत डाटा केन्द्र सन् २००९ मा कोरियाली सरकारको अनुदानमा निर्माण भै सञ्चालनमा रहेको छ। डाटा केन्द्रले डाटा भण्डारण, प्रशोधन तथा सुरक्षण, व्यवस्थापन, साझा कम्प्युटिङ स्रोतहरु, ईमेल इन्टरनेट र वेभसाइट होस्टिङ्ग, सरकारी नेटवर्क व्यवस्थापन, कोलोकेशन सेवा, भर्चुअलाइजेशन र क्लाउड सेवाका लागि मन्त्राल, विभाग र अन्य सरकारी एवं सार्वजनिक निकायहरुको आधिकारिक डाटा केन्द्रको रुपमा रही सेवाहरु प्रदान गर्दै आएको छ । त्यसैगरी कुनै प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण सिंहदरवारस्थित डाटा केन्द्रले सेवा सुचारु रुपमा सञ्चालन गर्न नसक्ने अवस्था सिर्जना भएमा प्रकोप पुनःप्राप्ति (Disaster Recovery) र वैकल्पिक भण्डारण (Backup) को रुपमा सञ्चालन गर्न कोरियाली सरकारद्वारा मकवानपुर जिल्लाको हेटौंडामा सन् २०१९ मा डाटा रिकभरी केन्द्रको स्थापना भएकोमा KOICA द्वारा लिखित रुपमा हस्तान्तरण प्राप्त भएको छैन।

नेपालमा सरकारी निकायहरुमा सूचना प्रविधिको प्रयोगबाट गरिने काम कारवाहीले प्राथमिकता पाउन थालेको र विद्युतीय तथ्याङ्क तथा सूचना भण्डारण तथा सञ्चालिकरणमा समेत जोखिम बढ्न थालेकाले राष्ट्रिय महत्वका अति सम्बेदनशिल तथा गोप्य तथ्याङ्कको भण्डारण तथा सुरक्षाको जिम्मेबारी पाएको एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्रले विद्युतीय सूचनाको प्राप्ति, प्रशोधन, भण्डारण र सुरक्षाको लागि व्यवस्था गरेको पूर्वाधारको अवस्था, पर्याप्तता, प्रणालीको उपयुक्तता, नियन्त्रण वातावरण, सूचना तथा तथ्याङ्कको गोपनीयता, प्रणाली सञ्चालनमा प्रचलित कानुन पालनाको अवस्था अध्ययन तथा परीक्षण गरी व्यवस्थापन तथा सञ्चालनमा रहेका जोखिम न्यूनीकरण गर्ने उपायहरु सुझाउनु आवश्यक देखिएकोले यो लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणका क्रममा एकीकृत डाटा केन्द्र, सिंहदरवार र डिजाष्टर रिकभरी केन्द्र, हेटौडाको स्थलगत निरीक्षण समेत गरिएको थियो ।

लेखापरीक्षणको क्रममा देखिएका व्यहोराहरुलाई दफागत रुपमा प्रस्तुत गरी प्रणाली सञ्चालनको सुरक्षा तथा जोखिम न्यूनीकरणका उपाय सूचना तथा तथ्याङ्कको सुरक्षा, भण्डारण, वेभसाइट व्यवस्थापन, कनेक्टिभिटि, उपकरणहरुको सुरक्षा, पहुँच नियन्त्रणका उपाय, गोपनियता प्रणाली सञ्चालन, प्राविधिक जनशक्ति व्यवस्थापन, नेटवर्किङ्ग, व्याकअप र रिकभरी, ईमेल सेवा, होष्टिङ्ग तथा व्यवस्थापनका अन्य विषयहरुको अध्ययन एवं परीक्षण गर्दा देखिएका व्यहोरा औंल्याई सुझाब समेत समावेश गरिएको छ । उपरोक्त सुझाबहरूको कार्यान्वयनबाट प्रणालीको व्यवस्थापन र सञ्चालनमा कार्यदक्षता र प्रभावकारिता अभिवृद्धि हुने र राष्ट्रिय तथ्याङ्क सुरक्षाको आश्वस्तता प्रदान हुने अपेक्षा गरिएको छ ।

अनुसूची --१

प्रयोगमा नरहेका वेबसाईटहरुको विवरण

क्र.सं.	वेबसाईटहरु	क्र.सं.	वेबसाईटहरु
1.	http://mope.gov.np	2.	http://mbnp.gov.np
3.	http://dip.mof.gov.np	4.	http://dlsobaitadi.gov.np
5.	http://deosap.gov.np	6.	http://fslsc.dof.gov.np
7.	http://holamjung.gov.np	8.	http://hetauda.leo.gov.np
9.	http://emis.pncampus.edu.np	10.	http://bnp.bhimeshwormun.gov.np
11.	http://revenue.aiselukharkamun.gov.np	12.	http://mustangapple.pmamp.gov.np
13.	http://kirtipur.gov.np	14.	http://pmisfansep.moald.gov.np
15.	http://mbm.gov.np	16.	http://sindhulihospital.bagamati.gov.np
17.	http://nlkimo.gov.np	18.	http://hvapmis.asdp.gov.np
19.	http://terhathun.akc.gov.np	20.	http://dhodadeldhura.gov.np
21.	http://nepalacademy.gov.np	22.	http://dphojhapa.gov.np
23.	http://mpss.ddc.gov.np	24.	http://application.edd.bagamati.gov
25.	http://ncsmc.mocit.gov.np	26.	http://dhopyuthan.gov.np
27.	http://rukum.akc.gov.np	28.	http://demo.ptomb.bagamati.gov
29.	http://taplejung.akc.gov.np	30.	http://rolpaayurveda.p5.gov.np
31.	http://doad.p7.gov.np	32.	http://shukalaphantanationalpark.gov.np
33.	http://kailali.akc.gov.np	34.	http://volunteer.karnali.gov.np
35.	http://mugu.akc.gov.np	36.	http://nationalartmuseum.gov.np
37.	http://mustang.akc.gov.np	38.	http://fepb.gov.np
39.	http://rupandehi.akc.gov.np	40.	http://moenv.gov.np
41.	http://saptari.akc.gov.np	42.	http://new.dnpwc.gov.np
43.	http://spnp.gov.np	44.	http://old.nepalimmigiration.gov.np
45.	http://plmbis.p5.gov.np	46.	http://app.molcpa.gov.np
47.	http://bmss.ddc.gov.np	48.	http://apps.ampis.gov.np
49.	http://cattlefeed.ddc.gov.np	50.	http://bhumi.molcpa.gov.np
51.	http://dmss.ddc.gov.np	52.	http://kamalairrigation.gov.np
53.	http://hmss.ddc.gov.np	54.	http://old.tourismdepartment.gov.np
55.	http://kmss.ddc.gov.np	56.	http://bagwanijanakpur.p2.gov.np
57.	http://radc.gov.np	58.	http://moltm.gov.np
59.	http://fdcfattepur.gov.np	60.	http://dtcomak.gov.np
61.	http://pmbis.p5.gov.np	62.	http://cro.moial.bagamati.gov
63.	http://vhalsecsindhuli.bagamati.gov.np	64.	http://beg.dpr.gov.np
65.	http://wiedojkt.survey.karnali.gov	66.	http://sectt.ncrc.gov.np
67.	http://fdclahan.gov.np	68.	http://dolia.gov.np
69.	http://bbss.edu.np	70.	http://demo.moitfe.bagamati.gov
71.	http://dlsodolpa.gov.np	72.	http://dof.gov.np
73.	http://hin.gov.np	74.	http://aicc.gov.np
75.	http://nwpstatus.dhm.gov.np	76.	http://old.tourism.gov.np
77.	http://newsroom.molmac.gandaki.gov	78.	http://dicp.gov.np
79.	http://onlineform.muexam.edu.np	80.	http://lalitpur.nepalpost.gov.np
81.	http://ap.akc.gov.np	82.	http://oicp.gov.np
83.	http://mis.naflqml.gov.np	84.	http://p1ocmcm.gov.np
85.	http://csiokavre.gov.np	86.	http://datotaplejung.gov.np

क्र.सं.	वेबसाईटहरु	क्र.सं.	वेबसाईटहरु
87.	http://csiosindhupalchok.gov.np	88.	http://dforupandehi.gov.np
89.	http://hrp.gov.np	90.	http://mfsc-nfims.gov.np
91.	http://mbm.edu.np	92.	http://nrrpnarc.gov.np
93.	http://rolpa.akc.gov.np	94.	http://cib.gov.np
95.	http://madheshicomission.gov.np	96.	http://dlsomakwanpur.gov.np
97.	http://nepaltrace.p5.gov.np	98.	http://seanep.org.np
99.	http://pmsc.karnali.gov.np	100.	http://shibau.gov.np
101.	http://bardiya.akc.gov.np	102.	http://mbm.edu.np
103.	http://dailekh.akc.gov.np	104.	http://slcresult.soce.gov.np
105.	http://kathmandu.akc.gov.np	106.	http://patancampus.edu.np
107.	http://mahottari.akc.gov.np	108.	http://lob.gov.np
109.	http://makwanpur.akc.gov.np	110.	http://dlsorukum.gov.np
111.	http://nuwakot.akc.gov.np	112.	http://dhodadeldhura.gov.np
113.	http://rasuwa.akc.gov.np	114.	http://dlsobajura.gov.np
115.	http://sindhupalchok.akc.gov.np	116.	http://dlsosarlahi.gov.np
117.	http://bhaktapur.akc.gov.np	118.	http://dlsokalikot.gov.np
119.	http://darchula.akc.gov.np	120.	http://dhdjiri.gov.np
121.	http://kanchanpur.akc.gov.np	122.	http://dadoarghakhanchi.gov.np
123.	http://bajhang.akc.gov.np	124.	http://dhokapilvastu.gov.np
125.	http://baitadi.akc.gov.np	126.	http://mwrhd.gov.np
127.	http://dhanusha.akc.gov.np	128.	http://nlkimo.mopid.p3.gov
129.	http://dolakha.akc.gov.np	130.	http://digitalboard.barjumun.gov.np
131.	http://dhading.akc.gov.np	132.	http://mdc.gov.np
133.	http://kavrepalanchok.akc.gov.np	134.	http://oirs.dcsi.gov.np
135.	http://rautahat.akc.gov.np	136.	http://dhobajhang.gov.np
137.	http://sindhuli.akc.gov.np	138.	http://dlsodoti.gov.np
139.	http://lamjung.akc.gov.np	140.	http://ims.bhimeshwormun.gov.np
141.	http://jajarkot.akc.gov.np	142.	http://nayabazar.kathmandu.gov.np
143.	http://surkhet.akc.gov.np	144.	http://dlsopyuthan.gov.np
145.	http://nirttp.moics.gov.np	146.	http://caqo.gov.np
147.	http://mobile.shankerdevcampus.edu.np	148.	http://nscdp.gov.np
149.	http://old.docr.gov.np	150.	http://nyc.gov.np
151.	http://dadeldhura.akc.gov.np	152.	http://dhosalyan.gov.np
153.	http://bajura.akc.gov.np	154.	http://ictday.gov.np
155.	http://pphljanakpur.p2.gov.np	156.	http://dlsosirha.gov.np
157.	http://sankhuwasabha.akc.gov.np	158.	http://fwred.gov.np
159.	http://humla.akc.gov.np	160.	http://csm.gov.np
161.	http://khotang.akc.gov.np	162.	http://dadodhankuta.gov.np
163.	http://okhaldhunga.akc.gov.np	164.	http://arsskt.gov.np
165.	http://siraha.akc.gov.np	166.	http://crhd.gov.np
167.	http://solukhumbu.akc.gov.np	168.	http://dolakhadistrictcourt.gov.np
169.	http://sunsari.akc.gov.np	170.	http://fwrhd.gov.np
171.	http://jhapa.akc.gov.np	172.	http://oshp.gov.np
173.	http://cag.p3.gov.np	174.	http://vsdao.gov.np
175.	http://noc.org.np	176.	http://pppc.p3.gov.np

क्र.सं.	वेबसाईटहरु	क्र.सं.	वेबसाईटहरु
177.	http://doasoil.gov.np	178.	http://gulmimaize.pmamp.gov.np
179.	http://mold.gov.np	180.	http://dadoparbat.gov.np
181.	http://etraining.hib.gov.np	182.	http://ratc.gov.np
183.	http://noc.org.np	184.	http://ramgram.gov.np
185.	http://nugip.dudbc.gov.np	186.	http://sddsbrp.gov.np
187.	http://p3.ag.gov.np	188.	http://dlsomakawanpur.gov.np
189.	http://praksahjyoti.edu.np	190.	http://nepalpost.gov.np
191.	http://dforupandehi.gov.np	192.	http://dlsogulmi.gov.np
193.	http://gorkhapatradaily.com.	194.	http://pis.ocmcm.p5.gov
195.	http://cmis.cro.bagamati.gov	196.	http://stateassembly.p4.gov.np
197.	http://covid.madhyapurthimimun.gov.np	198.	http://old.tourism.gov.np
199.	http://cro.bagamati.gov.np	200.	http://ppcr.moste.gov.np
201.	http://piumanang.pmamp.gov.np	202.	http://dolidar.gov.np
203.	http://board.khairahanimun.gov.np	204.	http://molmac.p4.gov.np
205.	http://childhelpline.ncrc.gov.np	206.	http://old.mod.gov.np
207.	http://dp.jahadamun.gov.np	208.	http://trafficpolice.gov.np
209.	http://hrp.moest.gov.np	210.	http://revenue.kirtipurmun.gov.np
211.	http://revenue.jahadamun.gov.np	212.	http://icc.org.np
213.	http://store.jahadamun.gov.np	214.	http://dcokavre.gov.np
215.	http://chitwan.akc.gov.np	216.	http://dlsorautahat.gov.np
217.	http://start-up.moi.gov.np	218.	http://dcokavre.gov.np
219.	http://pokhara.neb.gov.np	220.	http://dlsorautahat.gov.np
221.	http://san.gov.np	222.	http://lok.gov.np

अनुसूची --२

दोहोरिएका वेबसाईटहरुको विवरण

क्र.सं.	वेबसाईटहरु	क्र.सं.	वेबसाईटहरु
1.	apidc.gov.np	2.	moewri.gov.np
3.	apidc.gov.np	4.	moewri.gov.np
5.	cbps.gov.np	6.	mofe.gov.np
7.	cbps.gov.np	8.	mofe.gov.np
9.	crvh.gov.np	10.	mohp.gov.np
11.	crvh.gov.np	12.	mohp.gov.np
13.	dfokanchanpur.gov.np	14.	moic.gov.np
15.	dfokanchanpur.gov.np	16.	moic.gov.np
17.	dforupandehi.gov.np	18.	moics.gov.np
19.	dforupandehi.gov.np	20.	moics.gov.np
21.	dharan.gov.np	22.	molcpa.gov.np
23.	dharan.gov.np	24.	molcpa.gov.np
25.	dhodadeldhura.gov.np	26.	moljpa.gov.np
27.	dhodadeldhura.gov.np	28.	moljpa.gov.np
29.	dlpiukathmandu.gov.np	30.	molmac.bagamati.gov.np
31.	dlpiukathmandu.gov.np	32.	molmac.bagamati.gov.np
33.	dnpwc.gov.np	34.	molmac.gandaki.gov.np
35.	dnpwc.gov.np	36.	molmac.gandaki.gov.np
37.	dnpwc.gov.np	38.	monastery.gov.np
39.	doenv.gov.np	40.	monastery.gov.np
41.	doenv.gov.np	42.	mosd.gandaki.gov.np
43.	dohsbipanna.gov.np	44.	mosd.gandaki.gov.np
45.	dohsbipanna.gov.np	46.	mosd.gandaki.gov.np
47.	dtcodailekh.gov.np	48.	moud.gov.np
49.	dtcodailekh.gov.np	50.	moud.gov.np
51.	eddmos.p5.gov.np	52.	moud.gov.np
53.	eddmos.p5.gov.np	54.	mowcsc.gov.np
55.	erc.gov.np	56.	mowcsc.gov.np
57.	erc.gov.np	58.	mowcsc.gov.np
59.	ero.gov.np	60.	mows.gov.np
61.	ero.gov.np	62.	mows.gov.np
63.	hd.gandaki.gov.np	64.	mowss.gov.np
65.	hd.gandaki.gov.np	66.	mowss.gov.np
67.	holamjung.gandaki.gov.np	68.	moys.gov.np
69.	holamjung.gandaki.gov.np	70.	moys.gov.np
71.	ibn.gov.np	72.	nheicc.gov.np
73.	ibn.gov.np	74.	nheicc.gov.np
75.	icc.gov.np	76.	ocr.gov.np
77.	icc.gov.np	78.	ocr.gov.np
79.	ioetcjournal.edu.np	80.	old.tourism.gov.np
81.	ioetcjournal.edu.np	82.	old.tourism.gov.np
83.	kath.gov.np	84.	p7ocmcm.gov.np

क्र.सं.	वेबसाईटहरु	क्र.सं.	वेबसाईटहरु
85.	kath.gov.np	86.	p7ocmcm.gov.np
87.	lirc.gov.np	88.	pmc.edu.np
89.	lirc.gov.np	90.	pmc.edu.np
91.	lmtc.gov.np	92.	pmc.edu.np
93.	lmtc.gov.np	94.	pmp.gov.np
95.	lola.gov.np	96.	pmp.gov.np
97.	lola.gov.np	98.	ppsmo.gov.np
99.	mbm.edu.np	100.	ppsmo.gov.np
101.	mbm.edu.np	102.	psdc.p3.gov.np
103.	mddohs.gov.np	104.	psdc.p3.gov.np
105.	mddohs.gov.np	106.	rbcl.gov.np
107.	mec.gov.np	108.	rbcl.gov.np
109.	mec.gov.np	110.	shs.gov.np
111.	melamchiwater.gov.np	112.	shs.gov.np
113.	melamchiwater.gov.np	114.	shs.gov.np
115.	mod.gov.np	116.	soce.gov.np
117.	mod.gov.np	118.	soce.gov.np
119.	moe.gov.np	120.	thcsarlahi.gov.np
121.	moe.gov.np	122.	thcsarlahi.gov.np
123.	moestys.gov.np	124.	wrrdc.gov.np
125.	moestys.gov.np	126.	wrrdc.gov.np

अनुसूची --३

असिमित स्पेश उपलब्ध गराएका वेबसाईटको विवरण

sno	Domain	Start Date	Quota	Disk Space Used	Space Used (bytes)	Quota (bytes)
1.	hin.gov.np	2/6/2021 23:14	unlimited	1	1608	unlimited
2.	president.gov.np	11/1/2020 10:50	unlimited	1	1752	unlimited
3.	ap.akc.gov.np	1/22/2021 11:58	unlimited	1	1612	unlimited
4.	hlmcbagmati.gov.np	3/14/2021 11:29	unlimited	1	1788	unlimited
5.	lmis.naflqml.gov.np	2/23/2021 10:29	unlimited	1	1996	unlimited
6.	janakedu.org.np	3/25/2021 16:11	unlimited	1	1992	unlimited
7.	deosap.gov.np	2/28/2021 12:15	unlimited	1	1764	unlimited
8.	trishulihospital.gov.np	3/9/2021 13:16	unlimited	1	1936	unlimited
9.	nwpstatus.dhm.gov.np	1/3/2021 13:25	unlimited	2	2576	unlimited
10.	dhapdam.gov.np	3/14/2021 11:24	unlimited	2	2236	unlimited
11.	idokkt.gov.np	12/8/2020 11:22	unlimited	2	2120	unlimited
12.	mis.naflqml.gov.np	2/11/2021 11:50	unlimited	2	2352	unlimited
13.	oab.gov.np	2/1/2021 12:33	unlimited	2	3064	unlimited
14.	sdosalyan.gov.np	12/8/2020 11:12	unlimited	2	2252	unlimited
15.	nirttp.moics.gov.np	2/18/2021 10:58	unlimited	2	2248	unlimited
16.	rcidp.gov.np	2/18/2021 11:16	unlimited	2	2356	unlimited
17.	wsdokailali.gov.np	3/18/2021 10:15	unlimited	2	2224	unlimited
18.	narayanihospital.gov.np	11/22/2020 11:33	unlimited	3	3348	unlimited
19.	karmahawamavi.edu.np	8/12/2020 12:02	unlimited	3	4060	unlimited
20.	csiokavre.gov.np	7/31/2019 14:28	unlimited	3	3688	unlimited
21.	csiosindhupalchok.gov.np	7/31/2019 14:23	unlimited	3	3540	unlimited
22.	ento.narc.gov.np	5/5/2019 11:23	unlimited	3	3252	unlimited
23.	hrp.gov.np	2/5/2019 16:59	unlimited	3	3456	unlimited
24.	mbm.edu.np	9/13/2019 8:51	unlimited	3	3516	unlimited
25.	ninc.gov.np	4/10/2019 12:37	unlimited	3	3768	unlimited
26.	plantdatabase.kath.gov.np	6/28/2019 11:24	unlimited	3	3324	unlimited
27.	rolpa.akc.gov.np	6/14/2019 13:10	unlimited	3	3196	unlimited
28.	spsc.bagamati.gov.np	4/27/2020 12:00	unlimited	3	3888	unlimited
29.	amis.doanepal.gov.np	11/18/2019 11:40	unlimited	3	3672	unlimited
30.	ioetcjournal.edu.np	11/19/2019 11:16	unlimited	3	3932	unlimited
31.	p7ocmcm.gov.np	4/2/2019 21:25	unlimited	3	3276	unlimited
32.	thcsarlahi.gov.np	12/20/2019 14:09	unlimited	3	3452	unlimited
33.	kaski.akc.gov.np	5/22/2019 12:22	unlimited	4	4828	unlimited
34.	madheshicomission.gov.np	4/22/2019 13:06	unlimited	4	4224	unlimited
35.	onlineradionepal.gov.np	4/10/2019 13:53	unlimited	4	4116	unlimited
36.	dharan.gov.np	1/6/2020 12:09	unlimited	4	4120	unlimited
37.	nepaltrace.p5.gov.np	4/24/2020 13:52	unlimited	5	5608	unlimited
38.	pmsc.karnali.gov.np	3/15/2020 14:01	unlimited	5	5648	unlimited
39.	mobile.shankerdevcampus.edu.np	12/2/2019 10:43	unlimited	5	5984	unlimited
40.	bardiya.akc.gov.np	5/22/2019 9:03	unlimited	6	6984	unlimited
41.	dailekh.akc.gov.np	5/22/2019 9:04	unlimited	6	7000	unlimited
42.	kathmandu.akc.gov.np	5/22/2019 12:31	unlimited	6	7088	unlimited
43.	mahottari.akc.gov.np	5/22/2019 8:59	unlimited	6	6832	unlimited
44.	makwanpur.akc.gov.np	5/22/2019 12:23	unlimited	6	6664	unlimited
45.	manang.akc.gov.np	5/22/2019 12:34	unlimited	6	6904	unlimited
46.	nuwakot.akc.gov.np	5/22/2019 12:28	unlimited	6	6972	unlimited
47.	ramechhap.akc.gov.np	5/22/2019 9:00	unlimited	6	6908	unlimited
48.	rasuwa.akc.gov.np	5/22/2019 12:28	unlimited	6	6716	unlimited
49.	sindhupalchok.akc.gov.np	5/22/2019 12:27	unlimited	6	6672	unlimited
50.	bbss.edu.np	4/22/2019 13:02	unlimited	7	7404	unlimited
51.	bhaktapur.akc.gov.np	5/22/2019 12:32	unlimited	7	7240	unlimited
52.	darchula.akc.gov.np	5/22/2019 9:06	unlimited	7	7184	unlimited
53.	report.p5.gov.np	4/26/2020 12:49	unlimited	8	8392	unlimited
54.	monastery.gov.np	2/14/2017 11:39	unlimited	12	13084	unlimited
55.	ictp.p5.gov.np	3/18/2020 16:39	unlimited	15	15724	unlimited

sno	Domain	Start Date	Quota	Disk Space Used	Space Used (bytes)	Quota (bytes)
56.	dfodadeldhura.gov.np	7/21/2020 12:56	unlimited	16	16768	unlimited
57.	revenue.kirtipurmun.gov.np	8/9/2016 12:15	unlimited	25	26380	unlimited
58.	vetdolakha.gov.np	10/16/2019 14:02	unlimited	45	46540	unlimited
59.	profile.sakelamun.gov.np	5/13/2020 12:58	unlimited	46	47184	unlimited
60.	cdcpalpa.gov.np	2/24/2021 11:07	unlimited	46	47496	unlimited
61.	aqobhw.gov.np	3/18/2021 10:19	unlimited	57	58632	unlimited
62.	apidc.gov.np	7/19/2019 10:13	unlimited	65	66803	unlimited
63.	dfokanchanpur.gov.np	3/27/2017 15:14	unlimited	71	73231	unlimited
64.	ioetcjournal.edu.np	10/21/2019 12:31	unlimited	73	75084	unlimited
65.	vethospalpa.gov.np	4/26/2019 13:45	unlimited	74	76132	unlimited
66.	kanchanpur.akc.gov.np	5/22/2019 9:07	unlimited	78	80198	unlimited
67.	prcilam.gov.np	12/25/2019 10:37	unlimited	80	82324	unlimited
68.	molmac.bagamati.gov.np	1/26/2021 21:56	unlimited	85	87620	unlimited
69.	swmopalpa.gov.np	10/16/2019 13:01	unlimited	87	89800	unlimited
70.	janatakojalavidhyut.gov.np	4/10/2019 13:01	unlimited	104	106524	unlimited
71.	edcumyagdi.gov.np	3/15/2021 11:55	unlimited	110	112976	unlimited
72.	mcicdc.gov.np	5/27/2020 12:13	unlimited	111	113684	unlimited
73.	dlsodolpa.gov.np	4/6/2017 14:17	unlimited	120	123289	unlimited
74.	pmc.edu.np	4/26/2019 12:55	unlimited	120	123724	unlimited
75.	newsroom.molmac.gandaki.gov.np	3/1/2021 11:26	unlimited	128	131636	unlimited
76.	wriddobardiya.gov.np	3/19/2021 14:33	unlimited	132	135444	unlimited
77.	dfobara.p2.gov.np	3/25/2021 16:58	unlimited	162	166766	unlimited
78.	dhorupandehi.gov.np	2/21/2017 15:23	unlimited	164	168200	unlimited
79.	mbtu.edu.np	11/3/2020 12:29	unlimited	166	170732	unlimited
80.	csiodadeldhura.gov.np	11/22/2020 12:01	unlimited	170	174351	unlimited
81.	vftchetauda.gov.np	11/1/2020 11:04	unlimited	174	179156	unlimited
82.	nuwakot.cbs.gov.np	11/26/2018 15:24	unlimited	174	178723	unlimited
83.	dccjhapa.gov.np	8/24/2020 15:37	unlimited	175	180189	unlimited
84.	ridodang.gov.np	2/15/2021 12:18	unlimited	187	191864	unlimited
85.	idoramechhap.p3.gov.np	6/18/2019 14:22	unlimited	188	192627	unlimited
86.	bajhang.akc.gov.np	5/22/2019 9:08	unlimited	189	194357	unlimited
87.	licenseportal.gov.np	1/18/2020 17:59	unlimited	203	208882	unlimited
88.	csioparbat.gov.np	11/22/2020 11:28	unlimited	209	214196	unlimited
89.	skpch.gov.np	12/1/2020 10:16	unlimited	213	218888	unlimited
90.	see.gov.np	6/21/2019 11:28	unlimited	238	244013	unlimited
91.	janakshikshya.org.np	6/10/2020 16:41	unlimited	240	246412	unlimited
92.	nfmd.gov.np	8/3/2016 13:46	unlimited	241	247174	unlimited
93.	dang.postalservice.gov.np	6/25/2020 16:39	unlimited	242	248388	unlimited
94.	hokapilvastu.lumbini.gov.np	2/16/2021 11:00	unlimited	252	258914	unlimited
95.	doi.p3.gov.np	11/21/2019 12:38	unlimited	253	259663	unlimited
96.	dhokavre.gov.np	2/21/2017 15:21	unlimited	255	261336	unlimited
97.	schoolpragati.edu.np	5/6/2020 15:37	unlimited	264	271041	unlimited
98.	htc.p3.gov.np	11/10/2019 11:14	unlimited	272	279200	unlimited
99.	dfojhapa.gov.np	12/8/2015 11:25	unlimited	276	283447	unlimited
100.	phlmc.p1.gov.np	5/6/2020 16:03	unlimited	277	284376	unlimited
101.	vhlgorkha.gov.np	11/11/2019 12:55	unlimited	283	290050	unlimited
102.	edcurukumwest.gov.np	2/19/2020 13:59	unlimited	294	301293	unlimited
103.	leobiratnagar.gov.np	7/3/2020 10:02	unlimited	304	311988	unlimited
104.	pmep.gov.np	1/10/2019 12:26	unlimited	328	336169	unlimited
105.	bmcgandaki.gov.np	2/24/2021 12:34	unlimited	329	337203	unlimited
106.	old.docr.gov.np	7/11/2017 10:52	unlimited	337	345116	unlimited
107.	dfobaitadi.gov.np	2/28/2021 12:21	unlimited	345	354156	unlimited
108.	bardiyahospital.gov.np	2/24/2021 11:17	unlimited	347	355672	unlimited
109.	dtcorupandehi.gov.np	7/24/2016 14:37	unlimited	356	365244	unlimited
110.	salyan.oicp.gov.np	2/1/2021 9:12	unlimited	363	372224	unlimited
111.	pphl.lumbini.gov.np	2/25/2021 11:04	unlimited	364	373572	unlimited
112.	dailekh.oicp.gov.np	2/1/2021 9:09	unlimited	365	374740	unlimited
113.	humla.oicp.gov.np	2/1/2021 9:14	unlimited	376	385204	unlimited

sno	Domain	Start Date	Quota	Disk Space Used	Space Used (bytes)	Quota (bytes)
114.	jumla.oicp.gov.np	2/1/2021 9:17	unlimited	376	385212	unlimited
115.	kalikot.oicp.gov.np	2/1/2021 9:15	unlimited	376	385176	unlimited
116.	rukumpaschim.oicp.gov.np	2/1/2021 9:13	unlimited	376	385240	unlimited
117.	jajarkot.oicp.gov.np	2/1/2021 9:14	unlimited	378	387216	unlimited
118.	dolpa.oicp.gov.np	2/1/2021 9:16	unlimited	379	388676	unlimited
119.	ppsc.gandaki.gov.np	10/7/2020 20:37	unlimited	398	408528	unlimited
120.	nirttp.gov.np	2/11/2021 11:33	unlimited	405	415484	unlimited
121.	nepaltrust.gov.np	2/16/2017 12:55	unlimited	409	419660	unlimited
122.	lmtc.gov.np	2/21/2017 15:25	unlimited	421	431644	unlimited
123.	fwssmplamjung.gov.np	12/8/2020 11:22	unlimited	432	443228	unlimited
124.	kumarichowk.gov.np	11/22/2020 11:44	unlimited	440	451508	unlimited
125.	ppsc.p2.gov.np	12/30/2019 12:11	unlimited	440	450640	unlimited
126.	pradeshsabha.gandaki.gov.np	6/10/2020 11:55	unlimited	443	453820	unlimited
127.	karnali.dicp.gov.np	2/1/2021 9:07	unlimited	495	507736	unlimited
128.	kapilvastuhospital.p5.gov.np	5/13/2020 11:37	unlimited	497	509700	unlimited
129.	dfogorkha.gov.np	3/16/2021 12:29	unlimited	539	552428	unlimited
130.	vhalecmak.bagamati.gov.np	3/4/2020 16:16	unlimited	559	573208	unlimited
131.	tmokaski.gandaki.gov.np	12/22/2019 14:05	unlimited	571	584892	unlimited
132.	hd.bagamati.gov.np	5/4/2020 15:15	unlimited	583	597201	unlimited
133.	mugu.oicp.gov.np	2/1/2021 9:10	unlimited	608	623216	unlimited
134.	baitadi.akc.gov.np	5/22/2019 9:06	unlimited	608	623496	unlimited
135.	abpstc.bagamati.gov.np	2/19/2020 11:38	unlimited	622	636944	unlimited
136.	pncampus.edu.np	12/6/2019 16:06	unlimited	658	674756	unlimited
137.	dhanusha.akc.gov.np	5/22/2019 8:58	unlimited	696	713176	unlimited
138.	dolakha.akc.gov.np	5/22/2019 9:01	unlimited	696	713064	unlimited
139.	bara.akc.gov.np	5/22/2019 12:26	unlimited	697	714328	unlimited
140.	panchthar.akc.gov.np	5/22/2019 12:33	unlimited	698	715448	unlimited
141.	dhading.akc.gov.np	5/22/2019 12:32	unlimited	700	717140	unlimited
142.	kavrepalanchok.akc.gov.np	5/22/2019 12:30	unlimited	700	716896	unlimited
143.	rautahat.akc.gov.np	5/22/2019 12:25	unlimited	700	716944	unlimited
144.	sindhuli.akc.gov.np	5/22/2019 9:02	unlimited	700	716804	unlimited
145.	lamjung.akc.gov.np	5/22/2019 12:21	unlimited	701	717840	unlimited
146.	jajarkot.akc.gov.np	5/22/2019 9:05	unlimited	767	786300	unlimited
147.	hcwm.mddohs.gov.np	11/22/2019 12:15	unlimited	775	794261	unlimited
148.	bajurahospital.sudurpashchim.gov.np	3/7/2021 13:44	unlimited	884	905340	unlimited
149.	holamjung.gov.np	10/23/2020 18:40	unlimited	920	942528	unlimited
150.	lirc.gov.np	5/10/2020 13:33	unlimited	929	951735	unlimited
151.	surkhet.akc.gov.np	5/22/2019 9:04	unlimited	954	977912	unlimited
152.	moitfe.bagamati.gov.np	1/27/2021 10:45	unlimited	958	981892	unlimited
153.	nml.gov.np	4/22/2019 13:14	unlimited	1023	1048424	unlimited
154.	mows.gov.np	11/7/2019 15:55	unlimited	1069	1095112	unlimited
155.	mddohs.gov.np	11/22/2019 12:12	unlimited	1076	1102351	unlimited
156.	gorkha.akc.gov.np	5/22/2019 12:22	unlimited	1078	1104668	unlimited
157.	inaruwahospital.gov.np	12/10/2020 15:56	unlimited	1121	1148410	unlimited
158.	parsa.akc.gov.np	5/22/2019 12:25	unlimited	1137	1165104	unlimited
159.	languagecommission.gov.np	1/27/2017 10:17	unlimited	1213	1243032	unlimited
160.	npqpnepal.gov.np	3/24/2017 15:38	unlimited	1308	1340319	unlimited
161.	covid19.mohp.gov.np	3/24/2020 14:13	unlimited	1372	1405544	unlimited
162.	moud.gov.np	3/10/2017 15:48	unlimited	1470	1505623	unlimited
163.	sarlahi.akc.gov.np	5/22/2019 8:59	unlimited	1524	1560784	unlimited
164.	banke.akc.gov.np	5/22/2019 9:02	unlimited	1527	1564100	unlimited
165.	moecdc.gov.np	2/10/2017 11:44	unlimited	1552	1589961	unlimited
166.	nathm.gov.np	5/5/2020 12:08	unlimited	2024	2073330	unlimited
167.	nfdin.gov.np	3/15/2017 15:18	unlimited	2319	2375197	unlimited
168.	drtribunal.gov.np	6/27/2018 15:03	unlimited	2589	2651167	unlimited
169.	trc.gov.np	7/8/2015 12:37	unlimited	2795	2862257	unlimited
170.	molcpa.gov.np	3/3/2020 14:54	unlimited	3136	3211909	unlimited
171.	p7ocmcm.gov.np	4/3/2019 8:33	unlimited	3320	3400348	unlimited

sno	Domain	Start Date	Quota	Disk Space Used	Space Used (bytes)	Quota (bytes)
172.	pphl.p2.gov.np	11/5/2020 10:37	unlimited	3522	3607013	unlimited
173.	mofe.gov.np	7/30/2019 12:28	unlimited	3632	3719453	unlimited
174.	molmac.p5.gov.np	3/14/2019 12:47	unlimited	3633	3720310	unlimited
175.	moc.gov.np	12/27/2017 13:35	unlimited	3967	4062506	unlimited
176.	mope.gov.np	2/23/2016 12:41	unlimited	4241	4343685	unlimited
177.	dlpiurasuwa.gov.np	12/21/2017 11:55	unlimited	4504	4612516	unlimited
178.	onlineform.muexam.edu.np	10/7/2020 19:29	unlimited	4632	4744004	unlimited
179.	dhm.gov.np	6/27/2016 12:19	unlimited	5682	5818591	unlimited
180.	mohp.gov.np	6/17/2016 13:30	unlimited	5772	5911037	unlimited
181.	ciedp.gov.np	7/20/2017 12:31	unlimited	9169	9389586	unlimited
182.	teacoffee.gov.np	1/16/2015 12:16	unlimited	10589	10843800	unlimited
183.	dip.mof.gov.np	5/3/2015 11:36	unlimited	12128	12419678	unlimited
184.	gorkhapatra.org.np	1/2/2019 21:08	unlimited	13245	13563627	unlimited
185.	etbregister.nepalntp.gov.np	2/22/2017 11:52	unlimited	13894	14227486	unlimited
186.	pis.gov.np	12/26/2016 12:00	unlimited	17705	18130767	unlimited
187.	heoc.mohp.gov.np	9/3/2018 15:19	unlimited	21077	21582889	unlimited
188.	trafficpolice.gov.np	4/25/2016 9:39	unlimited	47684	48828460	unlimited
189.	fcgo.gov.np	1/9/2019 16:39	unlimited	50875	52096771	unlimited
190.	oagnep.gov.np	11/2/2010 11:47	unlimited	79656	81568040	unlimited
191.	dohsbipanna.gov.np	8/9/2016 12:11	unlimited	229791	235306745	unlimited
192.	mof.gov.np	5/24/2012 13:25	unlimited	63600	65126456	unlimited
193.	mohp.gov.np	6/17/2016 13:30	unlimited	6856	7020690	unlimited
194.	molcpa.gov.np	3/3/2020 14:54	unlimited	23261	23820029	unlimited
195.	moljpa.gov.np	9/20/2010 11:09	unlimited	5545	5678218	unlimited
196.	mows.gov.np	11/7/2019 15:55	unlimited	1617	1656492	unlimited
197.	new.mof.gov.np	5/18/2021 12:11	unlimited	7653	7837360	unlimited

अनुसूची --४

उपलब्ध गराईएको भन्दा बढी स्पेश प्रयोग गरेका वेबसाईटहरुको विवरण

S.NO.	Domain	Start Date	Quota	Disk Space Used	Space Used (bytes)	Quota (bytes)
1	ramgram.gov.np	10/13/2018 23:57	9000	9005	9221438	9216000
2	moeap.p3.gov.np	2/19/2019 13:51	5024	8320	8520311	5144576
3	attorneygeneral.gov.np	6/28/2016 13:17	7500	7645	7828850	7680000
4	dcsi.gov.np	12/4/2016 12:45	2500	2653	2717608	2560000
5	add.gandaki.gov.np	11/7/2019 11:14	1024	1998	2046420	1048576
6	dlsogulmi.gov.np	7/6/2016 16:26	1500	1533	1570259	1536000
7	lcd.gov.np	9/20/2016 9:53	1024	1473	1509158	1048576
8	dlsomakawanpur.gov.np	2/26/2017 11:38	1024	1322	1354646	1048576
9	beta.ocr.gov.np	6/3/2020 11:52	1024	1027	1051684	1048576

अनुसूची -५

लिलाम विक्री भएका स्टोरेज डिभाईस जडान हुने प्रकृतिका यन्त्र उपकरणहरु

सि.नं	सामानको नाम	संख्या	खरिद मिति	खरिद रकम
१	Desktop Computer Pentium 1GB RAM	१५	३/१०/२०६७	४१२००
२	Desktop Computer Assembled Computer 2GB RAM	१	३/२१/२०६७	३५३५०
३	Desktop Computer Levo Core 2duo 2GB RAM	२	१/८/२०६८	५२०००
४	Desktop Computer Lenovo core 2 duo 2GB RAM	२	२/६/२०६८	५१८५०
५	Desktop Computer core2 duo 2GB RAM	६	११/२८/२०६८	४२०००
६	Server with rack	१	३/२५/२०६३	८३००००
७	860 Rack Mount Server(2 GB RAM 2.4GHZ)	५	९/३०/२०६४	७३०००
८	Rack Mount Server	१	३/२०/२०६७	२५५०००
९	Low in Server	१	०३/२५/२०६३	२८५०००
१०	NAS Storage Server	१	०३/२५/२०६३	२९५०००
११	Dell Power Edge 2950 Server 2GB RAM	५	१२/२७/२०६५	२६८४८८
१२	Dell Branded laptop computer	४	२/६/२०७०	३७५५०
१३	Dell Intel cone i5 4 GB DDR3RAM	१	३/२०/२०७१	६४४७५
१४	Dell Intel cone i5 4 GB DDR3RAM HDMI port DVDRW, wifiblutooth	४	३/२३/२०७१	६६२००
१५	lenovoThinkpad 250 NoteBook i5 Laptop with Ms win 8.1 with bag	१	८/३/२०७२	१६००००
१६	Asus laptop	४	३/२२/२०६६	८७९००
१७	laptop Apple macbook pro Intel process 8GB RAM	१	९/२९/२०७०	१९००००
१८	Spam/VirusMail Management server	१	४/४/२०६६	३८५०००
१९	Storage Server	१	४/४/२०६६	४५००००
२०	Backup System (Tape Type)	१	४/४/२०६६	३२५०००
२१	NoteBook- Intel Core 2duoT5500 1GB RAM	१०	४/४/२०६६	१२००००
२२	Spare Server	२	४/४/२०६६	३५००००
२३	DVR System	१	४/४/२०६६	६५००००
२४	KOICA बाट प्राप्त जिन्सी सामानहरुको मुल्य जिन्सी खातामा नखुलेको। तथापि अन्य खरिदसामानको मुल्यमा तुलना गरी अनुमानित मुल्य राखिएको ।			४१२५१९६८